हिमालयो नाम नगाधिराजः

नेपाली पृष्ठभूमिमा कालिदासविषयक अध्ययन

विष्णुराज आत्रेय

हिमालयो नाम नगाधिराजः

[नेपाली पृष्ठभूमिमा कालिदासविषयक अध्ययन]

विष्णुराज आत्रेय

सहप्राध्यापक

त्रिभुवन विश्वविद्यालय नेपाल

अतिथि प्राध्यापक

काशी हिन्दू विश्वविद्यालय वाराणसी

प्रकाशक

बाबू माधव प्रसाद शर्मा वाराणसी-१

© प्रकाशक :

बाबू माधव प्रसाद शर्मा

वाराणसी १

•

प्रथम संस्करण १०००

•

मकरसंक्रान्ति २०३९

•

मूल्य : सजिल्द ४१/-
अजिल्द ३५/-

•

मुद्रक :

अजन्ता कम्पोजिंग वर्क्स

भूतभैरव, वाराणसी ।

HIMALAYO NAMA NAGADHIRAJAH

A Study of Kalidasa WITH SPECIAL REFERENCE TO NEPAL

V. R. ATREYA
Reader
Tribhuvan University Nepal
Guest Professor
Banaras Hindu University India

Publisher
Babu Madhav Prasad Sharma, Varanasi.
1983

- © Babu Madhav Prasad Sharma
  K. 23/119, P.B. 6, 221001, India.
- First Edition–1000.
- January 1983
- Rs. 35/-
  41/-(With Cover)

विषय-सूची

संख्या	विषय	पृष्ठ
	[i] विशुद्धिः श्यामिकापि वा	१
	[ii] पुष्पैः शंसत्यादरं त्वत्प्रयत्ने	७
	[iii] प्राप्ता शरन्नववधूरिव रूपरम्या	१०
	[iv] सरस्वती श्रुतिमहती महीयताम्	१२
	[v] "मीठो लाग्छ मलाई ता···"	१५
१.	मा स्म भूरुज्जयिन्या	१–२८
२.	यशः शरीरे भव मे दयालुः	२९–३८
३.	आख्यातवाल्मीकिनिकेतमार्गः	३८–४८
४.	वागर्थप्रतिपत्तये	४९–६७
५.	अस्ति कश्चित् वाग्विशेषः	६८–८३
६.	बुद्धमिवात्मानम्	८४–१२१
७.	निमज्जतीन्दोः किरणेष्विवाङ्कः	१२२–१४४
८.	मधुरात्तरया च वाचा	१४५–१७६
९.	क्रियामिमां कालिदासस्य	१७७–१९८
१०.	सूत्रस्येवास्ति मे गतिः	१९९–२११
११.	नवावतारः	२१२–२१४
	[क] ज्ञातास्वादो विवृतजघनां को विहातुं समर्थः	२१४–२२०
	[ख] सर्वं प्रिये चारुतरं वसन्ते	२२०–२३८
	[ग] सन्देशं मे सुतनु जलद ! श्रोष्यसि श्रोत्रपेयम्	२३८–२६९
	[घ] १—रघूणामन्वयं वक्ष्ये	२६९–२७९
	२—स्थानान्तरस्वर्ग इवाबभासे	२७९–२८५
	[ङ] नाट्यं भिन्नरुचेर्जनस्य बहुधाऽप्येकं समाराधनम्	२८५–३२६
१२.	नीपान्वयः पार्थिव एष यज्वा	३२७–३३३
१३.	आशास्यमन्यत् पुनरुक्तभूतम्	३३४–३५१

संख्या	विषय	पृष्ठ
[i]	कालिदासीय कृतिहरूका केहि नेपाली अवतारहरू	३५१-३५३
[ii]	कालिदासीय कृतिहरूका केहि यूरोपीय अवतारहरू	३५४-३५६
[iii]	केहि सन्दर्भ ग्रन्थ र पत्र-पत्रिकाहरू	३५७ ३६१
[iv]	सौजन्य र सहयोगका लागि कृतज्ञता ज्ञापन गर्नु पर्ने महानुभावहरू	३६२-३६३
[v]	शीर्षकका लागि उद्धृत अंशका कालिदासीय पद्यहरू	३६४-३६६
[vi]	घटकर्परकाव्यम्	३६७-३६८
[vii]	ज्योतिर्विदाभरणम्को बाइसौं अध्याय	३६९-३७१
[viii]	राक्षसकाव्यम्	३७२-३७३
[ix]	श्यामलादण्डकम्	३७४-३७६
[x]	समुद्रगुप्तको प्रयाग स्तम्भ लेख	३७७-३७९

•

पुरोवाक्

विशुद्धिः श्यामिकापि वा

प्रस्तुत कृतिको लेखकले जे जस्तो लेख्ने अठोट गरेको थियो आगामी परिच्छेद-हरूमा लेखि सकेको छ। आफ्ना अन्तर भावनाहरूलाई तत्तत् पृष्ठहरूमा रूपाङ्कित गरि सकेको छ। आफ्ना शोध-खोज एवं तर्क र तथ्यहरूलाई आफ्नै क-खरामा कोरि सकेको छ। गुणग्राही विद्वज्जन, सहृदय हृदय पाठक तथा नीर-क्षीरविवेकी समीक्षक हरूका सामु मनन र मनोरञ्जनका लागि स्वयं प्रस्तुत हुन थालेको यस कृति बारे बढी भन्नु लेख्नु केहि छैन। प्रकाशकको हातमा पाण्डुलिपि गए देखि नै यस पंक्तिको लेखकले आफूलाई मूकदर्शक ठानेको थियो, मात्र लाटोसाथी। तर लेखकीय मन्तव्य विना कृतिको प्रकाशन अधुरो रहने भयो भनेर यसका लागि प्राप्त घच्घच्याई र तागिता अनुसार प्रचलित परम्पराको अनुसरण गर्दै आफ्नो अपुरो कामलाई पुरोवाक् का दुई शब्दले पूर्णता तिर लै जानु परेको छ।

रघुवंशको द्वितीय सर्ग यसले कुलविद्याको रूपमा पढेको छ। आफ्ना पितामहका स्नेहिल सान्निध्यमा रही घोके-फट्कारेका कालिदासीय पद्य र त्यस बेलाका बाल हृदयमा प्रतिरोपित भाव-बीजहरू नै अंकुरित हुदैं आज यस रूपमा पल्लवित भएका हुन्। कृतिलेखन वा एतद्विषयक गवेषणमा लेखकीय प्रवृत्ति कसरी भयो ? यस प्रश्नको चोखो उत्तर यहि नै हुन सक्ने लागेको छ।

"मा स्म भूरुज्जयिन्याः" यस कृतिको पहिलो परिच्छेद हो। यसले कालिदासीय जन्मस्थान बारे छलफल गरेको छ। उज्जयिनी, काश्मीर, गढ़वाल र बङ्गाल आदि स्थल विशेषहरूलाई कालिदासको जन्मक्षेत्र मान्ने पक्षहरूको उपस्थापना तथा समीक्षा गर्दै निष्कर्षमा इनको जन्मस्थान हिमवद्देश नेपालमा हुनु पर्ने कुराको यसमा संकेत गरिएको छ।

यसै गरी कालिदासीय समय निर्धारण सम्बन्धमा प्राप्त ई०पू० द्वितीय शतक देखि छैठौं ईशवीय शतक सम्मका विसंवादी तर्कहरूको विवरण र समीक्षा प्रस्तुत गर्ने द्वितीय परिच्छेदको शीर्षक हो—'यशः शरीरे भव मे दयालुः'। यस परिच्छेदले उपलब्ध तथ्य र सामग्रीहरूका आधारमा महाकविको वास्तविक समय चतुर्थ ईसवीय शतक अर्थात् गुप्तकाल हुनु पर्ने कुरा ठम्याएको छ।

कृतिको तेस्रो परिच्छेद हो 'आख्यातवाल्मीकिनिकेतमार्गः'। यो कृष्णागण्डकी/तमसाको पावन तट तथा रामदी/रामगिरिका स्निग्धच्छायामा आफ्ना पाठकहरूको मनोरंजनका लागि प्रतीक्षारत देखिन्छ। यसै पावन क्षेत्रलाई केन्द्रवर्ती मानेर यसकै सेरो फेरोमा विश्वका आदिकवि महर्षि वाल्मीकिको रामायण र विश्वको आदिवाङ्मय संस्कृतका यशस्वी कवि कालिदासका कृतिहरूको यसले अध्ययन गरेको छ।

नेपाली भूमिमा तपस्या गरी भगवान् आशुतोषबाट ज्ञान प्राप्त गरेका विश्वका जेठा वैज्ञानिक महर्षि पाणिनिले हिमवद्देशकै वाक्प्रवृत्तिलाई आधार मानेर व्याकरण रचना गरेको कुरा कसैबाट तिरोहित छैन। "वागर्थप्रतिपत्तये" नामक यस चतुर्थ परिच्छेदले पाणिनीय महाकाव्य जाम्बवतीजय/पताल विजय तथा कालिदासीय काव्य कृतिहरूका तुलनात्मक अध्ययनको झ-झल्को देखाउने प्रयास गरेको छ। यति मात्र होइन, पाणिनीय व्याकरणका प्रयोग विशेष तथा व्याकरण शास्त्रका कतिपय सिद्धान्त-हरूको साहित्यीकरण कि वा कालीदासीयकरण भएका उदाहरण प्रस्तुत गर्न प्रयासरत यस परिच्छेदले कालिदास र पाणिनिका सम्बन्धमा नया आलोक थप्ने तर्फ आफूलाई आशान्वित पारेको छ।

कालिदासीय कृतिहरूको बीज चिन्तन गर्ने परिच्छेद हो—"अस्ति कश्चिद् वाग्वि-शेषः"। यस पाँचौं परिच्छेदले आफ्ना तत्त्वानुसन्धान द्वारा मेघदूतको थालनीका पहिला दुई-चरणमा नै समस्त कालिदासीय साहित्यको सारतत्त्व समाहित भएको देखाउन चुरि-फुरी गरीरहेको-छ।

महाकवि कालिदास र उनका कृतिहरूमा बुद्ध र बौद्ध दर्शन एवं साहित्यको सन्ध-गन्ध सम्म पनि पर्न न दिने केहि विसंवादी प्रवृत्तिहरूबाट आफूलाई जोगाउँदै यस छैठौं परिच्छेदले धर्म समन्वयको सनातन परम्परा भएको हिमवद्देशमा जन्मे हुर्केका यी महाकविका कृतिहरूमा पनि बुद्ध पैल्याएको छ, बौद्ध दर्शन औंल्याएको छ। मारजित् र कामजित् दुवैलाई समान दृष्टिले हेर्ने हिमवद्देशको यशस्वी परम्परा वहन

गर्ने कालिदासीय कृतिहरूले महाकवि अश्वघोषलाई पनि पच्छ्याएको सङ्केत गर्ने यस परिच्छेदको नाउँ हो—"बुद्धमिवात्मानम् ।"

विश्ववन्द्य महाकवि कालिदासका कृतिहरूमा कर्द र करौंती उध्याउँदै दोष खोज्ने काम यद्यपि उचित होईन, तथापि 'निमज्जतीन्दोः किरणेष्विवाङ्कः' नामक यस सातौं परिच्छेदले यस्तै खालका विषय वस्तुहरू उप्काएर आफूलाई नैं छुच्चो र दुर्जनको रूपमा कलङ्कित पारेको छ । तर इनका गुणसन्निपात कृतिहरूमा खोतै थाप्न भैं गरी उठाइएका दुई-एक दोषहरू मृगलान्छन जस्तै दोषाधायक हुनुको साटो उल्टो गुणप्रकर्षक नै हुन पुगेका छन् ।

कालिदासीय कृतिहरूका माध्यमले भाषिक अध्ययन गर्ने शीर्षक "मधुराक्षरया च वाचा" आफ्नो क्रम अनुसार आठौं परिच्छेदको रूपमा उभिन पुगेको छ । यसले शुक्ल यजुर्वेदलाई हिमवद्देश नेपालको राष्ट्रिय वेदको रूपमा अध्ययन गरेको छ । उपलब्ध प्रमाणहरूको आधारमा त्यसको माध्यन्दिन शाखालाई जातीय शाखा र तदनुप्राणित उदीचां संस्कृत तथा तत्प्रभान्वित हिमवद्देशज प्राकृतका विषयमा यसले लामो छलफल गरेको छ । भाषा विषयक यस परिच्छेदले आफूले सङ्कलन गरेका वैदिक, संस्कृत एवं प्राकृतको व्याकरण तथा शिक्षा ग्रन्थहरूका आधारमा कालिदासीयं संस्कृत र प्राकृतलाई हिमवद्देशको उदीचां संस्कृत र प्राकृत संग सम्बद्ध भएको स्वीकारेको छ ।

एक दर्जन कालिदास र तिनका अन्दाजी चार दर्जन कृतिहरूको विवरण प्रस्तुत गर्ने यस कृतिका नवौं परिच्छेदको नाउ हो–'क्रियामिमां कालिदासस्य'। यसले प्रसंगतः आई परेका विषयहरूमा पुर्पक्ष गर्दै निष्कर्षमा उपयु क्त कालिदासहरू मध्ये दीपशिखा कालिदास नै हिमवद्देशका हुन् र उनका ऋतु संहारम् देखि अभिज्ञान शाकुन्तलम् सम्मका सात कृतिहरूलाई नै प्रामाणिक र वास्तविक मान्दै यसमा आफ्नो दश औंलीको सहीछाप ठोकेको छ ।

"सूत्रस्येवास्ति मे गतिः" यो दशौं परिच्छेद हो । यसले वैदिक वाङ्मय देखि आफ्ना समय सम्मका क-कसका कुन-कुन कृतिहरूबाट प्रत्यक्ष वा परोक्ष रूपमा महाकवि प्रभावित थिए भन्ने विषयमा आफूले भेटेका वेद,पुराण तथा साहित्य गत उद्धरण साथ गवाक्ष विवेचन गरेको छ ।

आफ्ना पाँच उप शीर्षकहरू सँगै "नवावतारः" नामक यस एघारौं परिच्छेदले आफूलाई यस कृतिको सबै भन्दा लामो परिच्छेदको रूपमा औंल्याएको छ । यसले कालिदासीय कृतिहरूले फेरेका नया चोलाहरूको दिग्दर्शन गर्ने क्रममा यदा कदा प्रसङ्गतः यूरोपेली अवतारहरूको संकेत गरे पनि विशेषतः यसले नेपाली प्रतिभाप्रसूत संस्कृत, नेपाली र हिन्दी अवतारहरूको परिचय प्रस्तुत गरेको छ । आफूलाई नेपाल

केन्द्रित पारेको छ। नेपाली साहित्यको इतिहासमा अन्धकार युग भनिने माध्यमिक युगलाई कालिदासीय दीपशिखा द्वारा उजिल्याउने स्वाभिमान यस परिच्छेदको छ।

सर्वप्रथम कालिदासीय कृतिहरू संग नेपाली साहित्यिक कृतिहरूको तुलनात्मक अध्ययन गर्ने आधारहरूको उल्लेख गरे पछि "ज्ञातास्वादो विवृतजघनां को विहातुं समर्थः" नामक पहिलो उपशीर्षकले नेपाली शाहित्यमा मोतीराम भट्टबाट प्रारम्भ मानिने शृङ्गार युगमा कालिदासीय शृङ्गारको प्रभाव परेको ठम्याएको छ।

दोस्रो उपशीर्षकको नाउँ हो—"सर्वं प्रिये चारुतरं वसन्ते"। यसले केन्द्रवर्ती रूपमा कालिदासीय काव्य ऋतुसंहारम्‌लाई अघि सार्दै त्यसकै सेरो-फेरोमा नेपाली साहित्यका ऋतुकवि र उनका ऋतुकाव्य कि वा प्रकृतिकाव्यहरूले फन्का मारेको देखाएको छ।

"सन्देशं मे तदनु जलद ! श्रोष्यसि श्रोत्रपेयम्" यो तेस्रो उपशीर्षक हो। यसले कालिदासीय सन्देश काव्य मेघदूतबाट नै नेपाली सन्देश काव्यले प्रभावग्रहण गरेको छ भन्दै उपलब्ध सामग्रीका आधारमा हाल सम्मका प्रकाशित तथा अप्रकाशित मेघदूतका नवावतारहरूको विवरण दिएको छ।

महाकाव्यको विषयमा संक्षिप्त दिग्दर्शन प्रस्तुत गर्ने चतुर्थ उपपरिच्छेदद्वयले कालिदासीय महाकाव्य रघुवंशम् तथा कुमारसम्भवम्‌का नेपाली नवावतारहरूको छोटो परिचय प्रस्तुत भएको छ। यी मध्ये कुमारसम्भवम् विषयक कुराहरू "स्थानान्तर-स्वर्ग इवाबभासे" शीर्षक अन्तर्गत परेका छन् भने रघुवंशम् विषयक कुराहरू 'रघूणा-मन्वयं वक्ष्ये" अन्तर्गत।

नवावतारः अन्तर्गत पाचौं उपपरिच्छेद हो—"नाट्यं भिन्नरुचेर्जनस्य बहुधाप्येकं समाराधनम्।" यसमा कालिदासीय रूपककृतिहरूका नेपाली अवतारहरूको दिग्दर्शन छ। अभिज्ञान शाकुन्तलम्‌को तत्र श्लोकचतुष्टयम् अन्तर्गत (यास्यत्यद्य) पद्यको नेपाली रूपान्तरणहरू पनि यस परिच्छेदले प्रस्तुत गरेको छ। समवृत्तात्मक रूपान्तरण भएका ती उद्धृत पद्यहरू मध्ये केहि नाटकबाट लिइएका छन् भने केहि स्वतन्त्र रूपान्तरण भएका पनि परेका छन्।

हिमवद्देश नेपालमा कालिदास र उनका पद चिह्न खोज्ने माथिल्ला परिच्छेदहरूको ठीक विपरीत बाह्रौं परिच्छेदले कालिदासीय कृतिहरूमा नेपाल खोज्ने वामन प्रयास गरेको छ। नीप/नेप नामक पूर्वज द्वारा पालित भएको आधारमा नेपाल नाम-करण हुने तथ्य अनुसार इनै नीप/नेपवंशी शासकहरूको एउटा हाँगा नै आफ्नो बोली भाषा लिंदै शूरसेन मथुरामा आएर राज्य गरेको संकेत तथा तिनै नेपवंशीहरूले ल्याएको तात्कालिक बोली भाषा नै पछि आएर शौरसेनी हुन पुगेको हो भन्ने यस-परिच्छेदका स्थापनाको शल्यपरीक्षा एतद् विषयक जानिफकार हरूबाटै हुने-गरिने

दह्रो विश्वास पनि यस परिच्छेदको छ। यसको नाउँ हो—"नीपान्वयः पार्थिव एष यज्वा।"

संस्कृत र प्राकृत गरी छत्तीस हजार पाँच शय पैंतीस शाब्दी खजना भएका कालिदासीय कृतिहरूका पौनरुक्त स्थलको विवरण दिने तेह्रौं परिच्छेद हो—'आशास्य-मन्यत् पुनरुक्तभूतम्'। कालिदास बारे यसभन्दा बढी भन्नु-लेख्नु पुनरुक्ति गर्नु नै हो भन्ने झझल्को दिन खोज्ने यस अन्तिम शीर्षकले देशकालातिशायी कालिदास विषयक आफ्नो सीमित ज्ञानको असीमित परिचय दिन खोजेको पनि कता कता आभास हुन्छ। यतिमात्र होइन, कालिदासीय कृतिहरूमा देखे-भेटेका पदावृत्ति, पादावृत्ति, पद्यावृत्ति र विषयावृत्तिगत स्थलको दिग्दर्शन गराउने क्रममा अन्त्यमा आएर कालिदासका ऐश्वर्य सम्पन्न प्रमुखपात्रहरू कुलदीपक सन्ततिको लागि साधनारत देखिन्छन् भन्ने कुराको पनि यहाँ संकेत भएको छ। पौनरुक्त्य र पुत्रप्राप्तिको प्रसङ्गमा परिच्छेदान्त कि वा कृत्यन्तमा उद्धृतशीर्षक पद्यले भरतवाक्यम्को स्वरूप लिएको समेत प्रतीति हुन्छ।

कनखल (हरिद्वार) केदारनाथ तथा बदरिकाश्रम क्षेत्रको प्रत्यक्ष भौगोलिक अध्ययन न गरे सम्म कृति अधुरै रहने चेतावनी कमलमणि दीक्षित बाट पाएर नै लेखक त्यस तर्फको अध्ययन-भ्रमणमा प्रवृत्त भएको हो। फलतः कालिदासीय रघुवंशको वशिष्ठाश्रम अर्घाखाँची र कपिलवस्तु भेक की गङ्गा (वाण गङ्गा) कै सेरो फेरोमा कतै हुनुपर्ने तथ्य तर्फ यो कृति दहरिएको छ।

पं० कृष्ण प्रसाद ढुङ्गाना बाट निरन्तर 'जा… कि जा…' को घचेटो पाएर नै अनुसन्धित्सुले द्वारकाधाम तर्फ जान आफ्ना पोका-पन्त्यौरा कसेको हो। फलतः भगवान् द्वारकाधीशको भव्य दर्शन तथा त्यस भेकका अन्य तीर्थ स्थलका भ्रमणबाट कृत-कृत्य पारेको छ यसले आफूलाई, यो एउटा कुरा। साथै कालिदासीय महाकाव्य कुमारसम्भवम्को प्रथम पद्य र पाणिनीय महाकाव्य जाम्बवतीजय/पाताल विजयका प्रथम पद्यको तुलनात्मक दिग्दर्शन यस कृतिले पाएको छ। यो अर्को महत्त्वपूर्ण कुरा।

हिमवद्देशका महाकवि कालिदासको कर्मभूमि तथा शिप्राका पावन तटमा मृत्यु-ञ्जय महाकालेश्वर सनाथित विशाल उज्जयिनीको दर्शनबाट लोचनलाभ तथा मनः प्रसाद दुवै पाउने सौभाग्य प्राप्त भएको छ यस लेखकलाई। यसमा प्रमुख भूमिका डा० कमलेश दत्त त्रिपाठी डाइरेक्टर कालिदास अकादमीको स्नेह-सौहार्दका नै छ।

यस प्रसङ्गले स्वसर्गको एउटा खण्ड वा अंशका रूपमा मात्र संकेत गरेको उज्ज-यिनीलाई इनको जन्मस्थान मान्ने पक्षधरहरूको विसंवादी रूपमा उभिएर स्वयं महा-कवि द्वारा पूर्णतःस्थानान्तरित स्वर्ग, देवभूमि तथा पार्वतीको पितृःप्रदेशव्याजेन आफ्नै अभिजनको रूपमा पदे पदे वर्णित हिमाली अधिराज्य नै हाम्रा दीपशिखा

कालिदासको वास्तविक जन्मभूमि हो, भनेर वकालत गर्न मात्र होइन 'हिमालय-स्यालयमाससाद'को रूपमा सफाई दिलाउन समेत यस कृतिले आफूलाई सफल भएको मानेको छ ।

अन्त्यमा सपार्ने माया र सुधार्ने ताडनाका साथै यस कृतिमा रहेको विशुद्धिले आस्वदित हुन र यसमा भेटिने श्यामिकालाई टाढै मिल्काई कृतकृत्य पारिदिनु हुन यो लेखक आफ्ना सहृदय पाठक, श्रद्धेय विद्वज्जन तथा विवेकी समीक्षकहरूको एक पल्ट पुनः आवाहन गर्दछ । साथै हिमवद्देशका महाकवि कालिदास प्रति आफ्नो आदर प्रकट गर्दै उनकै उद्धृत श्लोक संगै यस पुरोवाक्लाई यहिं नै टुङ्ग्याउने अनुमति चाहन्छ—

तं सन्तः श्रोतुमर्हन्ति
सदसद्-व्यक्तिहेतवः ।
हेम्नः संलक्ष्यते ह्यग्नौ
विशुद्धिः श्यामिकापि वा ॥

नमोवाक्

पुष्पैः शंसत्यादरं त्वत्प्रयत्ने

बहुश्रुत एवं समर्थ व्यक्तिहरूलाई त यस्ता कृति तयार पार्न केहि भैं पनि लाग्दैन होला तर यसलाई त यत्तिकै पनि अजङ्गको भारी भयो। अनुसन्धाता भन्ने नाउँ एउटाको हुन्छ र प्रारम्भमा त्यो एक्लै पनि हुन सक्तछ तर उसले आफ्नो श्रम र साधना अनुसार यस अभियानमा अनेकौं सहयोगी तथा निर्देशक र तिनीहरूबाट निर्दिष्ट उपकरणहरू जुटाउँछ र अन्त्यमा सफल हुन्छ।

यो पनि आरम्भमा एक्लै थियो। अगाध र असीमित ज्ञानवारिधिमा 'उडुपे-नास्मि सागरम्' हुन पुगेका यस अल्पमतिलाई पनि दत्तात्रेयका २४ गुरुबाट भैं आफ्ना श्रद्धेय गुरुजन, प्रेरणास्पद सहकर्मी तथा सहृदय मित्र एवं हृदयालु सहयोगीहरूको आशीर्वाद, निर्देशन, सहयोग तथा सौजन्य चाहिंदो प्राप्त भएको छ। यदा कदा निराश हताश एवं दिग्भ्रान्त भएका वेला-बखतमा होस्टेमा हैंसे थपिदिने कसैलाई पनि यसले बिर्सन सक्तैन। सहयोग र सौजन्यको लामो विवरण दिन थाल्दा फेरि यस्तै र यत्रै किताप सजीलै सँग तयार हुन सक्तछ। अतः यस प्रसङ्गमा ती महानुभावहरूको नामनिर्देश द्वारा नै यथायोग्य अभिवादन धन्यवाद तथा साधुवाद टक्र्याएर आफू कृतघ्नहुनुबाट जोगिने प्रयास यसले गरेको छ। विवरण परिशिष्टमा द्रष्टव्य छ।

तर आ-आफ्ना मन्तव्य, शुभकामना तथा भूमिका द्वारा यस कृतिलाई सुनमा सुगन्ध पारेर कृतिकारलाई स्नेह र आत्मीयताको संवर्धन दिनु हुने प्रो० तोयनाथ पाण्डेय अध्यक्ष संस्कृत अध्ययन संस्थान त्रिभुवन विश्वविद्यालय नेपाल, आचार्य शेष-राज रेग्मी ब्रह्माघाट वाराणसी, कमल दीक्षित सचिव, मदन पुरस्कार गुठी श्री दर्बार टोल ललितपुर नेपाल तथा सौजन्य एवं सहयोगविशेषका लागि डा० डिल्लीराम तिमसिना नेपाली प्राध्यापक काशी हिन्दू विश्व विद्यालय प्रति पनि आदर-सुरभित अक्षरसुमन द्वारा विनम्र आभार प्रदर्शन गर्नु लेखकले आफ्नो पहिलो कर्तव्य ठानेको छ।

यस्तो गरौंला उस्तो गरौंला भन्दा भन्दै कति दिन यसै बिते, निरर्थक भएर। यस्तै चिन्तनानुचिन्तनक्रममा कति कति रातहरू निष्काम कर्मयोगी झैं समाधिस्थ भएर बिताइए प्रणयविमुख भएर। कति पल्ट घर मैं बसेको बसै अपराह्न हुदाँ सम्म पूर्वाह्नको भान्सा रुँघाइयो। तातेको चिस्याउनु र पाकेको टङ्ग्याउनुका यस दैनन्दिन कार्यक्रममा कति दिन आफू भोकै पनि रहियो। आफ्नी र आफ्नालाई पनि भोकै राखियो। कहिले काहिं तिउन किन्ने पैसालाई बगलीमा समाधि वसाली निस्तै भाग बसियो। त्यै पनि न रुच्ता टक्ऱ्याउनेलाई नै उल्टो छासियो, हप्काइयो र रिसाइयो। रीसलाई त के उठिदिए पुग्ने रहेछ। तर यो सपै एउटी अपराधिनी जस्तै भएर सहने निरपराध सुवासिनीको सहनशीलताले रीस उठ्नेको भन्दा वढता महत्त्व राख्ने कुरा लेख्नै परेको छ।

अर्थ सञ्चरण कि वा अर्थ संक्रमणको यस परिवर्तनशीलतामा लेख्नुको अर्थ छाप्नु हुने रहेछ र छाप्नुको अर्थ अत्यधिक सङ्ख्यामा पाठकहरूका कोमल कर-कमलको माया पाउनु लेखकीय दृष्टिले, बिक्नु प्रकाशकीय दृष्टिले। कुनै पनि कृतिमा लेखक र प्रकाशकको स्वार्थ यसै पछिल्लो बिन्दुमा आएर साझा जस्तै हुने रहेछ। त्यसै हुनाले यस अकिञ्चन लेखकले आफ्नो सर्वाधिकार बिर्सेर भए पनि बाबू माधव प्रसाद शर्मा दूध विनायक वाराणसी–१ लाई यसको प्रकाशक बन्ने अभिभारा सुम्पेको छ। यति मात्र होइन, आफ्ना प्रकाशकको यस औदार्य प्रति यो आभारी पनि छ।

कृतिका पहिला परिच्छेदहरूमा टिप्पणी राख्ने प्रयास पनि गरियो तर पछि प्रकाशन र मुद्रण सम्बन्धी के कस्तो कठिनाई पऱ्यो कुन्नि यसलाई बीच मैं रोकियो। मुद्राराक्षसको आतङ्कले यसलाई पनि न छोएको छैन। अक्षर केलाएर तथा तिनको यथास्थान संयोजन गरेर मात्र मुद्रण गर्नु पर्ने परिपाटीमा झुल्केका यस कृतिले प्रथम संस्करण मैं सर्वशुद्ध निस्कने आशा गरिहाल्नु चाहिं आशा मात्रै हुने रहेछ। तर जे भए पनि नेपाली मातृभाषा न भएका र प्रायः नेपाली काम नगरेका मुद्राक्षरसंयोजक तथा संशोधकहरूको त्यो भगीरथ प्रयासको सह्रनी गर्नु पर्ने छ जसका भरमा यो

पुस्तक यस रूपमा पनि निस्कन सकेको छ । यस प्रसङ्गमा आफ्नो अध्ययनको समेत कुनै वास्ता न गरी कालिदासलाई नेपाली देख्ने धुनमा प्रकाशन सम्बन्धी आई परेका सबै काम उत्साहपूर्वक गरिदिने लक्ष्मीडाँडा, नुवाकोट्, अर्घाखाँचीका बाबूराम शर्मा आचार्यको लगन र श्रमको जति वर्णन गरे पनि थोरै छ । इनको सहयोग न पाएको भए यसको प्रकाशन निकै पछि पर्ने थियो ।

"जस्तो भो शिशुले पढुन् कनि-कुथी कस्तो कथा हो भनी
रेखातीन हुने विचार गहिरा दाढी बढारुन् यहाँ ।
घुम्टो आधि झिकेर स्त्रीहरू पढुन् टाढ़ा चिहाईकन
काँढाबाट बची सबै रसिकले पत्ती गुलाफी सुघुँनू ॥"

अतिथि प्राध्यापक
नेपाल चेयर
११–मल्टी फ्लैट गेस्ट हाउस
काशी हिन्दू विश्वविद्यालय वाराणसी ५
मकर संक्रान्ति वि०सं० २०३९

विदुषां वशंवदः

विष्णुराज आत्रेय
सह प्राध्यापक
त्रिभुवन विश्वविद्यालय नेपाल

यथास्वदितम्

प्राप्ता शरन्नववधूरिव रूपरम्या

यस संस्कृत अध्ययन संस्थानका सहप्राध्यापक तथा हाल भारतमा काशी हिन्दू विश्वविद्यालयीय नेपाल आसन्दीमा अतिथिप्राध्यापक विष्णुराज आत्रेय द्वारा प्रस्तुत शोध कृति 'हिमालयो नाम नगाधिराजः' नेपाली पृष्ठभूमिमा कालिदासविषयक अध्ययनको पहिले पाण्डुलिपि तथा पछि केहि प्रकाशित पृष्ठहरू पनि मैले हेरें ।

यस कृतिमा कालिदास, उनका कृति र नेपाल यी विषयको त्रैभुज अध्ययन भएको छ । यी तीनैको तुलना, समीक्षा र विश्लेषणात्मक अध्ययनबाट जे जस्तो निष्कर्ष निस्कन्छ, त्यसैलाई विद्वान् अनुसन्धाताले आफ्नो सिद्धान्त पक्ष स्वीकार गरेको कुरा यसका 'मा स्म भूरुज्जयिन्याः देखि आशास्यमन्यत् पुनरुक्तभूतम्' सम्मका तेह्र परिच्छेदहरूको अवलोकनबाट स्वतः स्पष्ट हुन्छ ।

मेरो जानकारीमा विद्वान् आत्रेय द्वारा प्रस्तुत यो कृति कतिपय कारणहरूबाट विशिष्ट र नितान्त नया छ । कालिदासीय कृतिहरूबाटै लिइएका यसका परिच्छेद शीर्षकहरूले विद्वान् लेखक द्वारा दिइएका तर्क, खोजिएका तथ्य र प्रतिपादित गरिएका सिद्धान्तहरूमा स्वयं कालिदास नै आफै साक्षी बसेको पनि कता कता अनुभूति हुन्छ ।

त्यसै हुनाले कालिदासलाई नेपाली सिद्ध गर्ने लेखकको यसमा सुनियोजित योजना छ, भन्नु अथवा कालिदासलाई नेपाली बनाउने पूर्वाग्रह लिएर यो कृति तयार पारिए-

को हो भन्नु भन्दा "हिमालयस्यालयमाससाद" (कुमार ७।६९) का कवि कालिदास यस शोध कृतिका माध्यमले स्वतः हिमवद्देशका देखिन पुगेका छन् भन्दा नै कृति र कृतिकार दुवैको अभीष्टका नजीक पुगिएला जस्तो मैले ठानेको छु— भिन्नरुचिर्हि लोक :

अनुसन्धानको दिशा तर्फ हामीहरूले विशेष सचेष्ट रहनु पर्ने आजको स्थितिमा हाम्रा एकजना विद्वानबाट आफ्नो नियमित अध्यापन उत्तरदायित्व कायम राख्दै तयार पारिएको यस कृतिले कृतिकारको अथकपरिश्रम, अनवरत उत्साह तथा लगनशीलताको प्रत्यक्ष प्रमाण प्रस्तुत गरेको छ, यसमा संशय छैन ।

'हिमालयो नाम नगाधिराजः' का कालिदास र उनका कृतिहरू बारे नेपाली विद्वान्का नेपाली लेखनीले नेपाली राष्ट्रभाषा कै माध्यमले प्रस्तुत यस कृतिबाट पहिलो परितृप्ति पनि नेपालीलाई नै हुनेछ, त्यस पछि मात्र अरूलाई ।

कालिदास र उनका साहित्यको अध्ययन बारे नया दिशा दिएको मात्र होइन संस्कृत र नेपाली दुवै क्षेत्रमा समान रूपमा उपयोगी यस कृतिले नेपाली भाषा र साहित्यको विकासमा कालिदासीय कृतिहरूको महत्त्वपूर्ण योगदानको समेत प्रत्यक्ष दिग्दर्शन गरेको कुरा तिरोहित छैन ।

यस गवेषणात्मक कृति बारे संक्षेपमा केहि भन्नु पर्दा मलाई पनि कालिदासीय ऋतुसंहारगत शरद् वर्णनको पहिलो पद्य नै उद्धृत गर्न मन लाग्दछ—

काशांशुका विकचपद्ममनोज्ञवक्त्रा
सोन्माद-हंसरवनूपुरनाद-रम्या ।
आपक्वशालिरुचिरानतगात्रयष्टिः
प्राप्ता शरन्नवधूरिव रूपरम्या ॥

तोयनाथ पाण्डेय
अध्यक्ष
संस्कृत अध्ययन संस्थान
त्रिभुवन विश्वविद्यालय, नेपाल

सम्मति

"सरस्वती श्रुतिमहती महीयताम्"

महाकवि कालिदासले भारतवर्षमा मात्र होइन निखिल भूमण्डलमा काव्यकलामा आफ्नो अप्रतिम स्थान राखेका छन्। उनले आफ्नो प्रतिभा कूर्चिकाले के खण्डकाव्य, के महाकाव्य, के रूपक, सबैमा आफ्नो कमनीय कल्पनाचित्र उतारेका छन् । महाकविले आफ्नो रचनामा के अन्तर्जगत्, के बहिर्जगत्, के भावपक्ष, के कलापक्ष सर्वत्र आफ्नो अप्रतिहत गतिको प्रसार गरेका छन् । इनका कृतिहरूमा केवल सत्य, शिव र सुन्दर स्वरूप प्रदर्शित छन् । उनमा असत्य, अशिव र असुन्दर स्वरूपको लेशको पनि प्रवेश देखिँदैन ।

यति हुँदाहुँदै पनि कविकुलगुरुका देश-काल आदि विषयहरू निर्दिष्ट नहुँदा अतिशय विवादास्पद भइ रहेका छन् ।

भारतवर्षमा अन्य महापुरुषहरू जसरी आफ्नो व्यक्तित्वको उल्लेखमा उदासीन देखिन्छन् त्यस्तै महाकवि कालिदास पनि प्रतीत हुन्छन् । किं बहुना विश्ववन्द्य अनुकरणीय वैयाकरण-मूर्धन्य अष्टाध्यायी रचयिताले आफ्नो नामको पनि उल्लेख गरेका छैनन् । "पाणिनि" यो उनको नाम होइन, सामान्य परिचयको लागि तद्धितप्रत्ययान्त शब्द मात्र हो । यस स्थितिमा हामी जगद्वन्द्य "अभिज्ञान शाकुन्तलम्" आदि कमनीय

कृतिका कर्ताको "कालिदास" भन्ने नामको ज्ञानबाट त वञ्चित छैनौं यो पनि हाम्रो सौभाग्यको कुरा हो ।

कविकुलगुरुजीले देश, काल र तत्तत्सम्बन्धका संकुचित सीमाको अतिक्रमण गरी निरतिशय लोकप्रियताको कारण सार्वदेशिक, सार्वकालिक र सर्वसम्बद्धस्वरूप प्राप्त गरेका छन्, भारतीय प्रत्येक व्यक्तिको लागि यो नितान्त गौरवको विषय हो ।

तर अन्वेषक विद्वान्हरू पनि अद्भुत प्रयास भएका देखिन्छन् । उनीहरूले महाकविको विषयमा अश्रान्त परिश्रम गरी आफ्नो कल्पनाको उड़ानबाट महाकविको ग्रन्थहरूमा अनेक तत्त्वको उपलब्धिको दावा गरेका छन् ।

यस दिशामा हाम्रो राष्ट्र नेपालका प्राध्यापक श्री विष्णुराज आत्रेयजीको पनि अद्भुत कल्पना कौशल दृष्टिगोचर भएको छ ।

आत्रेयजीको कालिदास परिचायक प्रस्तुत ग्रन्थ अतिसूक्ष्माक्षरगुम्फित सोरह पेजी फार्ममा ३५९ पृष्ठको कलेवरमा रहेको छ ।

यस ग्रन्थको आरम्भमा १ मगध २ उज्जयिनी ३ कश्मीर ४ बङ्गाल ५ मिथिला ६ विदिशा ७ विदर्भ र ८ गढ़वाल यी ८ देशलाई महाकविको निवासस्थान मान्ने विद्वान्हरूको मत देखाई क्रमसाथ यिनको खण्डन भएको छ । अन्तमा नवम पक्ष जसमा कालिदास "नेपालाऽभिजन" थिए यस विषयमा अनेक तर्क गरी लेखक महाशयले आफ्नो पक्ष विद्वान्हरूको समक्ष राखेका छन् ।

यो ग्रन्थ आरम्भमा 'मा स्म भूरुज्जयिन्याः' यो कविको उक्तिलाई शीर्षक बनाई क्रमतः 'यशः शरीरे भव मे दयालुः" आख्यातवाल्मीकिनिकेतमार्गः" 'वागर्थप्रतिपत्तये" "अस्ति कश्चिद्वाग्विशेषः" "बुद्धमिवात्मानम्" निमज्जतीन्दोः किरणेष्विवाङ्कः' "मधुराऽक्षरया च वाचा" क्रियामिमां कालिदासस्य" नवावतारः" "सूत्रस्येवास्ति मे गतिः" "नीपाऽन्वयः पार्थिव एष यज्वा" "आशास्यमन्यत्पुनरुक्तम्" प्रायः कवि कै उक्तिस्थित यति शीर्षकमा आफ्नो अभिमत पक्षको सिद्धिको लागि लेखक महाशयले विपुल विचारको प्रसार गरेका छन् । यस प्रसङ्गमा कतिपय स्थलमा लेखकको तर्कमा उत्कण्ठाको साथ अद्भुत रस जन्य आनन्दको पनि उपलब्धि हुन्छ ।

प्रस्तुत ग्रन्थमा लेखकजीले तत्तत्प्रसङ्गमा वाल्मीकि रामायण आदि अनेक ग्रन्थहरूको र महाकविका समग्र रचनाको आलोडन गरी संस्कृत भाषा, प्राकृत भाषा, नेपाली भाषा आदि धेरै विषयहरूमा अश्रान्त परिश्रमपूर्वक आफ्नो स्वपक्ष स्थापनको लागि ऊहाऽपोह कुशलता देखाएका छन् । एवम् यहाँ कालिदाशलाई खृ० चतुर्थ शतकमा भएका एवम् बौद्ध अश्वघोषका पश्चाद्वर्ती भनेर अनेक दावा गरेका छन् । स्वास्थ्य र अवकाशको अनुकूल नहुनाले पूर्ण ग्रन्थका विषयको साकल्येन निरीक्षण गर्न न सकेको हुँदा स्थालीपुलाकन्यायले कतिपय तथ्यको मैले चर्चा गरेको छु ।

एउटाका मतको समीक्षा गर्दै स्वाभिमत मतको स्थापना गर्ने क्रममा नै कालिदास विषयक अध्ययनले यति विस्तृत क्षेत्र लिन सकेको छ । त्यसै हुनाले यस पछि पनि कालिदासाभिजनविषयक दशौं मतको स्थापना न होला अथवा एघारौं व्यक्तिले आत्रेय महोदय द्वारा यस कृतिमा प्रतिपादित सिद्धान्त कै समर्थन न गर्ला भन्ने पनि कुनै राजाज्ञा छैन । किन भने भनिएको पनि छ—

"यत्नेनाऽनुमितोऽप्यर्थः कुशलैरनुमातृभिः ।
अभियुक्ततरैरन्यैरन्यथैवोपपद्यते ॥"

लेखक महोदयको यो प्रयास अतिश्लाघनीय छ । कालिदासको विषयमा यस्तो विस्तृत प्रबन्ध मेरो जानकारीमा हिन्दीमा पनि भएको जस्तो लाग्दैन । यसमा अन्वेषणको विषयमा यौटा अपूर्व र नया दिशाको संकेत गरिएको छ । नवीन अन्वेषकलाई प्रस्तुत ग्रन्थले नूतन मार्गको प्रदर्शन गर्नेछ भन्ने कुरामा म आश्वस्त भई यसको प्रचुर प्रचारको कामना गर्दछु ।

—आशंसा—

अत्रैवास्ते कविकलगुरोः कालिदासस्य काले
देशे सम्यग् बुधमतचयः स्थापितो दर्शनीयः ।
नैपालोऽयं कविवर इति ख्यापको विष्णुराज-
आत्रेयः स्तात् प्रथिततयशसाऽनारतं वर्धमानः ॥

शेषराज शर्मा रेग्मी
ब्रह्माघाट, वाराणसी

शुभकामना

"मीठो लाग्छ मलाइ ता..."

संबत् २०–सालमा मैले 'लाटोसाथी'को 'ढाक्रे' लाई भेटेको हूँ। त्यस बेला के बुझेर हो कुन्नि ? मैले 'ढाक्रे'को साथी 'लाटो' नै हुन्छ भनेको रहेछु। उइले का कुरा खुइले। मेरो त्यस बेलाको भनाइलाई अहिले अलि-अलि होइन, राम्रै संग फेर्न पर्ने देखें। 'ढाक्रे'को मेरो लाटो साथी त अब कहां 'लाटो' रहेछ र ? कस्तो बाठो भै सके छ, कस्तो विद्वान् भै सके छ।

कवि हुन विद्वान् भै रहनु पर्दैनथ्यो। प्रतिभावान्, कल्पनाशील मेरा लाटा साथी त्यसैले भद्रो न हेरी कवि भएका थिए। तर विद्वान् भन्ने शब्दको अधिकारी हुन उनलाई प्रतिभा र कल्पनाले मात्र पुगेन, पढ्नु पर्‍यो गुन्नु पर्‍यो। उनले पढे, उनले गुने। धेरै पढे, धेरै गुने, खारिए। पसीना बगाउन उनले कन्जुस्याईं गरेनन्। माना-माना होइन, पाथी-पाथी पसीना बगाएका छन् लाटो साथीले कालिदास माथि। विद्यावारिधि नाघ्न लाग्ने शक्ति उनले यसमा लगाएका छन्। कालिदासको 'क' परेका कुनै चीज उनले छाड़ेका छैनन्—संस्कृत र नेपालीको मात्र होईन, आफूले जानेका अरू भारतीय भाषाका पनि। (काशीमा नपाईने र नामै न सुनेका बाहेक) नेपाली कालिदासीय साहित्यको यत्रो सन्दर्भ लाटा साथीले कसरी जम्मा गर्न सके, अचम्म लाग्छ। त्यसैले 'बाठासाथी' भनेर मे इनको अभिनन्दन गर्दछु।

तर 'लाटो साथी', बाठो भए पनि, विद्वान् भए पनि छट्टु चाहिं भएको रहेन छ, यही किताप हेरे पछि खुल्यो मलाई । अरुका तर्क खण्डन गर्ने लाटोले आफ्ना तर्क पनि खण्डन हुन सक्ने ठाउँहरू छोडेको रहेछ कतै कतै । कवि भै सकेकोले होला तर्क भन्दा पनि भावनाले बगाएको रहेछ उसलाई ठाउँ ठाउँमा । कालिदासलाई नेपाली बनाउन गरेका तर्कहरू विशेषतः यस वर्गमा पर्छन् कि ? जस्तो मलाई लाग्यो । तर त्यसले पनि केही भएको छैन । मगध देखि शुरू गरेर आठमा गढवाल पुगेको कालिदास-जन्मथलो-लगतमा नेपाललाई नौ नवम्बरमा मात्र पार्न सके पनि तारीख त थामियो कि ? हक सफा गर्ने जिरह-बहस त गर्दै गरूँला, पछि पछि पनि, यस्तो लाग्यो मलाई ।

नत्र भने ''आज कालिदासको जन्म-स्थान पत्ता लाउनु साँचै नै सगरमाथा शिखर चढ्नु जस्तै भएको छ । यसमा पहिलो सफलता नेपालीले नै पाउने कुरामा विश्वास गर्न सकिन्छ ।'' (पृ० ७) भन्ने 'लाटो साथी' को गर्विलो उक्तिमा म पनि सहि थाप्छु र त्यो पहिलो व्यक्ति पनि मेरा लाटो साथी विष्णुराज आत्रेय नै हुन् भन्ने शुभकामना गर्दछु ।

२९-१२-१९८२ कमल दीक्षित
वाराणसी

मा स्म भूरुज्जयिन्याः

राम्रो मन पर्नु र मीठोमा लोभिनु मानवीय प्रवृत्ति हो। त्यसैले राम्रो र मीठो कुरा जे जसरी भए पनि मानव आफ्नो बनाउनचाहन्छ आत्मसात् गर्न चाहन्छ। यसैमा उसले आनन्दको अनुभूति गर्दछ। कालिदास का सम्बन्धमा पनि यही कुरा चरितार्थ छ। इनका कृतिहरूको लोकप्रियता र इनका अभिव्यक्ति हरूमा पाइने सार्वलौकिक तथ्य-हरूले गर्दा यसबाट सम्पूर्ण विश्व साहित्य नै प्रभावित छ भन्दा अत्युक्ति हुदैन। आफूले सकेर र गरेर हुनेसम्म आफ्ना तर्कहरूले भ्याए र भेटे सम्म सबै कालि-दासलाई आफ्ना बनाउन चाहन्छन्। यसबारे कालिदासीय वाङ्मयका समालोचक हरूमा तँ छाड़-मछाड़ भएको छ।

आज कालिदासको जन्ममिति र जन्म स्थानवारे गवेषक र विश्लेषकहरूले आ-आफ्ना विविध तर्क र साक्ष्य प्रस्तुत गरेका छन्। यस प्रसङ्गमा कसैले इन लाई २।४ सय वर्ष माथि तानेका छन् भने कसैले २।४ सय वर्ष तल तिर झारेका छन्। यसैगरी कसैले इनलाई मगधमा राखे, कसैले उज्जयिनी पुर्याए। कसैले काश्मीर लगे त कसैले गढ़वाल ल्याए। विभिन्न किंवदन्तीहरूका आधारमा कसैले इनलाई मूर्ख बनाए, कसैले बलिको पशु बनाए, कसैले वेश्यागामी बनाए तर अझैपनि कालिदासको जन्म स्थान र तिथि मितिवारे इदमित्थं हुन सकेको छैन।

कालिदासीय जन्ममिति र जन्मस्थानबारे यस विषयका विद्वानहरूले अन्तः साक्ष्य र बहिः साक्ष्यका आधारहरू जे जति र जसरी प्रस्तुत गरेका छन् ती सबैमा मात्र त्यस्ता तर्क र आधारहरूलाई तथ्यपूर्ण मान्न सकिन्छ, जो कालिदासीय साहित्यलाई नै आधार मानेर दिइएका छन्। अर्को अर्थमा भनौं भने यस सम्बन्धमा कालिदासीय साहित्यमा उपलब्ध स्थान विशेष, वस्तु विशेष तथा परम्परा विशेष आदिका आधारमा नै भएका चर्चालाई नै खास गरी केलाइनु उपयुक्त हुन्छ। यस प्रसङ्गमा कालिदासका जन्म स्थानबारे वकालत गर्ने हरूका मत र खण्डनका प्रसङ्ग कोट्याउनु यहाँ अप्रासङ्गिक हुने छैन। हालसम्म कालिदास-को जन्म स्थानवारे चर्चित स्थान निम्नलिखित छन् :—

१—मगध

२—उज्जयिनी

३—काश्मीर

४—बङ्गाल

५—मिथिला

६—विदिशा

७—विदर्भ

८—गढ़वाल

मगध—

विद्वान् हरूको एक पक्ष कालिदासको जन्मस्थान मगध प्रदेशमा मान्द छ। यसका पक्षधरहरू कालिदासले मगधलाई श्रद्धा र सम्मान पूर्वक हेरेको कुरालाई औंल्याउछन्। रघुवंशकी सुदक्षिणालाई मगध वंशजा[१] र मागधी[२] जस्ता नाउको कालिदासले प्रयोग गरेका छन्। राजा दिलीप स्वयं पनि मागधीपति[३] छन्। महाकाव्यको छेठौं सर्गको वीसौं श्लोक अनुसार पतिवरा इन्दुमती को स्वयंवरका अवसरमा राजकुमारीको सर्वप्रथम[४] मगधेश्वर संग परिचय दिइन्छ। सुमित्रा कहाँकी हुन्? बारे आदिकवि वाल्मीकि सम्म मौन छन् तर कालिदास इनलाई पनि "मगध दुहिता"[५] भन्न चुक्तैनन्। यसको अतिरिक्त रघुको दिग्विजयका प्रसङ्गमा कविले मगध विजयको उल्लेख गरेका छैनन्। उपर्युक्त तथ्यका आधारमा समालोचकहरू कालिदासको जन्म स्थान मगध प्रदेश हो भन्दछन्।

उज्जयिनी—

कालिदासीय साहित्यमा उल्लिखित स्थान विशेषका आधारमा इनलाई उज्जैनका[६] निवासी मान्नेको पनि केही खाँचो छैन। मेघदूतमा उज्जयिनीका महाकालेश्वरको[७] मन्दिरमा सभक्तिप्रणाम गर्न यक्षलाई अह्राउने कालिदास निश्चयपनि उज्जयिनी का हुन् भन्ने यसमतका प्रतिपादकहरूको दावी छ। उज्जयिनीलाई स्वर्गको एक अंश मान्ने कालिदासको जन्म स्थान मात्र यहीं हुन सक्तछ भन्ने पक्षधरहरूको दृढ़ विश्वास छ।

काश्मीर—

काश्मीर भारतको उत्तर तर्फ पर्नु र मेघदूतको यक्षले आफ्नो सन्देश वाहक मेघलाई पनि उत्तर[८] दिशातिर नै पठाउने तथ्यलाई आधार मानेर पक्षधर हरू कालिदासको जन्मस्थान काश्मीर मान्दछन्। केसर (काश्मीरज) धान[९] तथा सूर्यपूजा[१०] को परम्परा काश्मीर मै बहुलतया पाइने हुनाले पनि इनीहरूलाई आफ्नो मत पुष्ट पार्ने प्रमाण भएको छ। कालिदासको हिमालय वर्णन काश्मीरी हिमालय संग सम्बद्ध भएको इनीहरू दावी गर्दछन्।

बंगाल—

बंगाली हरू विशेषत: कालीका उपासक हुनु, किंवदन्ती अनुसार कालिदासले पनि कालीको आराधनाद्वारा कवित्व शक्ति प्राप्त गर्नु बंगालमा धानको बिउराखेर रोपाइँ गर्ने चलन हुनु,[११] धानका खेत प्रशस्त हुनु आदि तथ्यका आधारमा कालिदासको जन्मस्थान बंगाल हो भन्ने पक्षधरहरूको विचार छ।

मिथिला—

कालिदासको जन्मस्थान मिथिला हो भन्नेहरूको सार्वभौम प्रमाण दरभङ्गा जिल्लाको 'उचैठ' नामक गाउँ हो। यहा एउटा पुरानो ढिस्को छ। यसलाई किंवदन्ती अनुसार कालिदास-विद्यापीठ भन्ने चलन छ। पटवारीहरूले यस ठाउलाई आफ्ना बहीमा "कालिदासकी चौपड़ी" भनेर दर्ता गरेका छन्।

विदर्भ—

मालविकाग्निमित्रम् की नायिका वैदर्भी हुन्। कालिदासको रामगिरि विदर्भमा छ। कालिदासको आफ्नो रीति वैदर्भी हो। रघुवंश महाकाव्यमा उत्तरकोशलानां[१२] [१४]उत्तर कोशलेश्वर: जस्ता शब्द प्रयोग भएको हुनाले इनी स्वत: दक्षिण (विदर्भ)का निवासी हुन जान्छन् भन्ने यसमत का प्रतिपादक हरूको भनाई छ।[१४]

विदिशा—

मेघदूतमा विदिशा निर्विन्ध्या र सिन्धुको उल्लेख र उपर्युक्त उत्तर कोशल जस्ता शब्द प्रयोग का आधारमा पनि कालिदास विदिशा का हुन सक्ने तर्क यस का पक्षधर हरूले दिएका छन्।

गढ़वाल—

मेघदूतको कनखल हरिद्वारमा पर्ने हुनाले गढ़वालका पक्षधर हरूलाई कालिदास गढ़वालो हुन् भन्न सजिलो छ। यसका साथै गंगा हरिद्वार कनखलमै पहाड छोड़ेर सम्ममा ओर्लिने हुनाले मेघदूत को उक्ति त्यही मात्र चरितार्थ हुने हुँदा यस मतका प्रतिपादकहरूलाई आफ्नो मत पुष्टि गर्न सजिलो भएको छ।[१५]

समीक्षा—

यसरी कालिदास का प्रिय भक्त हरूले इनलाई लगभग १ दर्जन ठाउमा जन्मेको मानेका छन्। यति मात्र होइन कालिदासलाईनै–प्रणव एव एक स्त्रेधा विभज्यत, भने जस्तै एउटा कालिदास वाट ३।३ वटा कालिदास सिर्जना गरिदिएका छन्। यति मात्र होइन कालिदासरचित ग्रन्थ हरूमा ३ नाटक २ महा काव्य र २ खण्ड काव्य वाहेक पनि अरु विभिन्न कृतिहरू जो डिएका छन्।

कालिदासको जस्तै यूरोपमा शेक्सपीयरको स्थिति भयो। कालिदास लाई मूर्ख बनाए जस्तै शेक्स पीयर लाई पनि कुकुरा चोर बनाइयो इनका नाउँवाट पनि विभिन्न कृतिहरू जोडिए। शेक्सपीयरका नाममा पाइने सम्पूर्ण कृतिहरू उउटै सेक्स पीयरका हुनसक्दैनन् भन्ने पनि तर्क गरियो। हिज्जे लेख्दा पनि SHAKESPEARE लाई विभिन्न तरीकाले लेख्न थालियो। शेक्स पीयर कुनै एउटा व्यक्ति विशेषको नाउँ होइन भनेर इनलाई शून्यमा पनि पुर्याई दिइयो। कालिदासको वारेया पनि यही स्थिति छ।

कालिदास कुनै व्यक्ति विशेषको नाउ होइन, कालिदास सामान्य कवि को संज्ञा हो भन्ने आलोचकको पनि कमी छैन। यस्तै आलोचक मध्ये एक जना यमुना दत्त पङ्कज पनि छन् जसको मत अनुसार—कालिदास कुनै व्यक्ति विशेष को नाउँ होइन। 'कलिपयो' ग्रीकेली पौराणिक गाथाकी नौ सरस्वती मध्ये महाकाव्यकी सरस्वतो हुन्। महाकाव्यका रचयितालाइ कलिपयोको दास भनिन्थ्यो त्यसै को भारतीय अनुकरण कालिदास हो।

उपर्युक्त मत अनुसार जति महाकाव्य उति कालिदास हुने स्थिति स्पष्टै छ।

माथिका विवेचन अनुसार कालिदासलाई मगध, उज्जयिनी, काश्मीर र बंगाल का भन्दै आखिर कालिदास कुनै खास व्यक्ति होइनन् भन्ने कुरा को सम्म जानकारी हामीले पायौं। यी त भए कालिदास वारेका अन्य समालोचकहरूका मत।

वस्तुतः कालिदास जसलाई हामी रघुवंशादि महाकाव्यद्वय ऋतुसंहार आदि खण्ड-काव्यद्वय तथा अभिज्ञान शाकुन्तल प्रभृति रूपकत्रय का रचयिता भन्दछौं निश्चयपनि एक व्यक्ति विशेषहुन्। इनकों जन्म मिति छ, जन्म स्थान छ, इनका पनि हम्रा जस्तै पार्थिवशरीर को जन्म मृत्यु भएको हुनु पर्दछ, जसको निर्णय पूर्वाग्रह रहित भएर कालिदासीय कृतिकै आधारमा गर्नु पर्ने छ। यस प्रसङ्ग मा माथि उल्लिखित जन्म स्थान विषयक मत मतान्तर हरूको समीक्षा गरे पछि मात्र कुनै ठोस निष्कर्ष मा पुग्न सजिलो हुनेछ।

महाकवि कालिदासले आफ्नो रघुवंशमहाकाव्यम् मा राजा र रानीहरू लाई मागधी, मागधी पति, मागधी पतेः मगध वंशजा, मगध दुहिता आदि भनिएको तथ्य लाई लिएर कालिदासले मगधवंशलाई वढो मान्यता दिएको र रघुले मगध मा विजय गर्नु पर्ने कुराको उल्लेख न गर्नु ले आफ्नो जन्मस्थानको गौरव राखेको भन्ने तर्कका आधारमा कालिदासको जन्म स्थान मगध हो भन्नु उचित छैन।

रघुवंशको प्रथम सर्गमा सुदक्षिणा लाई मागधीं र तृतीय सर्गमा दिलीपलाई मागधी पति भनी सके पछि पुनः चतुर्थ सर्गमा आएर रघुद्वारा मगध विजय देखाउनु उपउयुक्त न हुने हुनाले नै रघुद्वारा कालिदासले मगध विजय देखाएनन्। सुमित्रा लाई मगधदुहिता भन्नु कालिदास को कल्पना मात्र हुन सक्त छ कारण यिनी मगध राजकन्या हुनुमा कुनै साक्ष्य फेला पर्दैन। साथै पुत्रेष्टि यज्ञको यज्ञीय पायस दशरथले स्वयं आफ्ना हातबाट सुमित्रा लाई न दिएर कौशल्या र कैकेयी बाट अफ्ना भागको आधा आधा दिलाउनु ले सुमित्रा मगध राजकन्या मात्र नभएकी होइनन् अपितु क्षत्रिय कन्या समेत न भएर निम्न जातीया कन्या हुन् भन्ने आशङ्का पनि समालोचक-हरूले गरेका छन्।

कालिदास उज्जयिनी संग अवश्य परिचित थिए। त्यहाको जनजीवन वारे उनलाई निकै ज्ञान पनि थियो होला। कालिदास उज्जयिनीको प्रसिद्ध शिव मन्दिर महाकालेश्वर मा विश्राम गर्ने मेघलाई पनि सल्लाह दिन्छन्। यी सवै तथ्य हुदा हुदै पनि इनको घर वा जन्म स्थान उज्जयिनी भन्न कतिपय कारणले गर्दा न मिल्ने देखिन्छ। कालिदासको घर वा जन्म स्थान उज्जयिनी भएको भए उनको प्रिय मेघदूत खण्डकाव्य, मेघ उज्जयिनी पुगे पछि टुङ्गिने थियो। पुनः यक्षिणी भेट्न हिमालय तिर लाग्नु पर्ने थिएन। यक्षिणी त्यहि नै भेटिने थिइन्। प्रतीकात्मक शैलीमा काव्यरचना का शिल्पी कालिदास स्वयं यक्ष हुन् र तिनकी पत्नी नै यक्षिणी हुन् भन्ने वारे कुनै आशङ्का छैन। हर प्रसाद शास्त्री र प्रो० वासुदेव मिराशी जस्ता विद्वान् हरूलाई समेत कालिदासको जन्म स्थान उज्जयिनी हो भन्ने भ्रम हुन गएको कुरा यहां उल्लेख्य छ। त्यसैले नै भारतका विद्वान् रामशङ्कर तिवारी आदिले उज्जयिनी लाई कालिदासको जन्म स्थान न मानेर कर्म स्थान मानेको कुरा पनि यस सम्बन्धमा अविस्मरणीय छ।

कालिदासीय काव्यका हिमालय वर्णनमा काश्मीरका ठूलठूला तालहरूको कुनै उल्लेख छैन। त्यहाँ पाइने अङ्गूर आदि फल र लताहरूको विशिष्ट वर्णन कविले गरेका छैनन्। रक्ताशोक र मौलश्रीका वृक्षहरू जो कालिदास का अत्यन्त प्रिय छन् काश्मीरमा पाइदैनन्। मेघदूतको अलका काश्मीर मा कति सम्म घट्छ विवेच्य छ। चीनां शुक जस्ता पदको प्रयोग गर्ने कालिदास आफ्नो काव्यमा काश्मीरज वा काश्मीर शब्द को कतै प्रयोग गर्दैनन्। कालिदासीय काव्यको केसर काश्मीरज न भएर कुम्कुम हो भन्ने पनि आलोचकहरूको भनाई छ। अतः कालिदासलाई काश्मीरमा जन्मेका वा उनको घर काश्मीर हो भन्नु रमाइलो कुरा मात्र हुन जान्छ।

बंगालका पक्षधरहरूले कवि को नाउँ कालिदास भएको हुनाले कालीको भक्त का नाताले इनलाई कालिदास मान्दछन्। कालिदासीय काव्य प्रवृत्तिले कविलाई शाक्त मात्र होइन शैव मतमा आस्थावान् पनि मान्द छ। घेरै जसो समीक्षक कविलाई कट्टर शैव मान्दछन्। बंगालीहरू ओदन प्रिय हुन्छन्। बंगालमा धानका खेत प्रशस्त हुन्छन् बंगालमा पहिले धानको विउराखेर पछि रोपाई गरिन्छ, जस्ता कुराको आधारमा कालिदासको जन्म बंगालमा हो भन्नु पनि एकछिनको रमाइलो मात्र हुनजान्छ।

माथि रघुले मगध विजय गरेको उल्लेख रघुवंशमा नहुनु लाई लिएर मगध कालिदासको जन्मस्थल हो भन्ने तर्क मगधका पक्षधरले जस्तो प्रस्तुत गरे, त्यसै तर्कका आधारमा पनि कालिदास बंगाली हुन सक्तैनन्, कारण रघुवंशको चतुर्थ सर्गमा बंगालको नराम्रो रूपले पराजय भएको बताइएको छ।

दरभङ्गा जिल्ला (भारत को उचैठ गाउँलाई) कालिदास को अध्ययन स्थल बताएर उनको जन्मस्थान मिथिलामा हो भन्ने तर्क दिने डा० आदित्य नाथ झा आदि विद्वानको मत प्रस्तुत गरिएको छ। वस्तुतः यत्तिले मात्र कालिदास लाई मिथिला वासी - भन्न मिल्दैन । वरु यसका पक्षधर हरूले संकेत गरेको उचैठ गाउँ पहिले कुनै समयमा कालिदासीय साहित्य को चर्चा परिचर्चा गर्ने ठाउँ अवश्य थियो होला । यति चाहिं निर्धक्क भन्न सकिन्छ ।

विदर्भपक्षका समर्थकहरूको मूर्धाभिषिक्त प्रमाण रामगिरि हो तर यति मात्रले कालिदास को जन्मस्थान सिद्ध हुन सक्दैन । रामगिरि कालिदासको घर होइन, प्रवास हो। अर्को कुरा रामगिरि कुन हो भन्ने वारे मल्लिनाथदेखि कालिदासीय वाङ्मण का सभालोचक्र वासुदेव शरण अग्रवाल सम्भ का मत एकैनास छैनन् । हुन त चन्द्रबली पाण्डेय र पीटर्सन आदि बिद्वान् मालविका वैदर्मी भएकी ले तथा कालिदासले वैदर्मी रीतिमा काव्य में लेखेका हुनाले पनि कविलाई विदर्भ का मान्द छन् । तर यस्ता यस्ता तर्क कालिदासलाई विदर्भवासी सिद्ध गर्न पर्याप्त छैनन् ।

मेघदूतमा विदिशा, निर्विन्ध्या र सिन्धुको उल्लेख का आधारमा प्रो० राजप्पे तथा हरप्रसाद शास्त्रीहरू कालिदासलाई विदिशाका भन्दछन् । इनी हरूको तर्क रघुवंशमा उल्लिखित'' उत्तर कोशल'' ले पनि गर्दछ जसको आधारमा इनी कालिदासको जन्मस्थान दक्षिणतिर हुनु पर्दछ भन्दछन् । विदिशाको वर्णन भन्दा कहि बढी वर्णन उज्जयिनी को छ, अतः वर्णन लाई आधार मान्दा विदिशा भन्दा बढी उज्जयिनी पक्ष बलियो हुन्छ। विदिशाभेक को सिन्धु र कश्मीरभेक को सिन्धु मध्ये कुन चाहि सिन्धु कालिदास को अभीष्ट थियो अझ विवादग्रस्त नै छ। उत्तर कोशल पदले दाक्षेण लाई नै संकेत गर्ने कुरामा राजाज्ञा छैन ।

वागीश्वर विद्यालङ्कार गढवाल लाई नै कालिदास को जन्म स्थान मान्छन् तर यो कुरा पनि पूर्ण संगत छैन । इनको पहिलो आधार हो—मेघदूत मा पाइने कनखल, जसलाई इनी हरिद्वार कै कनखल हो भन्दछन् । ज्ञातव्य के छ भने काश्मीर मतका पक्षधरहरूको कनखल हरिद्वार मा न भएर काश्मीरमा छ यसवारे दुवै आ—आफ्ना तर्क दिन्छन् ।

अयोध्यावाट एकै दिन मा पुगिने वशिष्ठाश्रम समीपवर्ती गंगा प्रपात खोज्न गढवालीलाई निकै गाह्रो पर्न जान्छ ।

गढवाली हिमालय शृखला मा गंगा प्रपात त भेटिएला कोशी महाकोशी प्रपात, ओषधिप्रस्थ र गौरी शिखर सगरमाथा खोज्न अवधि ब्राह्मणो वयः लगाएर पनि सकि एला जस्तो छैन । अतः गढवाल नै कालिदास को जन्म स्थान हो भन्न पनि मात्र

एक छिन लाई रमाइलो गरेको हुन जान्छ । तर विशाल हिमवत्खण्डका दृष्टि ले भने कालिदासको जन्म स्थानका निकट गढवाल पनि पर्न सक्छ भन्न सकिन्छ ।

आज कालिदासको जन्मस्थान पत्तो लाउनु साचै नै सगरमाथा शिखर चढनु जस्तै भएको छ । यसमा पहिलो सफलता नेपालीले नै पांउने कुरामा विश्वास गर्न सकिन्छ ।

कालिदास हिमालयबाट निकै प्रभावित छन् । हिमालय उनका कृति हरूको महत्वपूर्ण विषय हो । हिमालय र हिमाली भेक को वर्णनमा इनको कवि व्यक्तित्व विशेष चमत्कृत र प्रतिबिम्बित भएको छ । कालिदासका ती कृति हरू जसलाई दीप शिखा कालिदास का नै हुन् भनेर सबैले ठोकुवा गरेका छन्, सबैमा हिमालय ले स्थान पाएको छ । के मेघदूत; के विक्रमोर्वशीयम् के रघुवंशम् के आभिज्ञान शकुन्तलम्; सबैमा हिमालय, यसका सेरो फेरो मा उपलब्ध हुने वस्तु र परिवेश को प्रत्यक्ष झलक मिल्द छ। अरू कुनैं स्थानविशेष वा वस्तु विशेष को वर्णन मा भन्दा हिमाली सेरो फेरो कै वर्णननमा कवि को तल्लीनता र तीव्रता स्पष्टतया परिलक्षित हुन्छ । यसको पराकाष्ठा त्यहा पुगेर हुन्छ जहाँ कवि स्वयं हिमालयलाई नै चरित नायक बनाएर सिङ्गै महाकाव्य लेख्न कसिन्छन् । सफल पाने हुन्छन् ।

हिमालय जस्तो विषयलाई पुरुषाकारित गरेर त्यसमा देवतात्व आरोपित गर्दै वर्णन गरिएका वा लेखिएका काव्य वा महाकाव्य विश्व वाङ्मयमै कति छन् ? छन् वा छैनन् ? गवेषणाकै विषय छ । काल्पनिक अलकामा विचरण गर्नु कवि को स्वभाव हो । यस प्रसङ्गमा कालिदासीय कल्पना जगत् पनि कम महत्व राख्दैन । ज़हाँसम्म हिमालय को प्रश्न छ, त्यहा को परम्परा संस्कार रहन-सहन र जीवन का विधा हरूका वर्णन मात्र कल्पित वा सुनेभनेका आधारमा मात्र वर्णित न भएर सत्य र तथ्य संग एकदमै नजीक भएका देखिन्छम् । अतः यो सनिश्चय भन्न सकिन्छ–कालिदास पर्वतीय कवि हुन् हिमाली भेकका कवि हुन्, खास गरी हिमवत्खण्ड का कविहुन् । साहित्यिक समालोचना का फांट मा कालिदास काश्मीरी कविहुन् तथा कालिदास गढवाली कविहुन् भन्ने हरूको बोली टड्कारो सुनिनु मा पनि यहि नै कारण छ। त्यसैले पार्थिव शरीर भन्दा यशः शरीरमा निष्ठा राख्ने देशकाल सापेक्ष हुनुभन्दा तन्निरपेक्ष किंवा विश्ववर्चस्व मन पराउने कवि ले यहाको हुँ र यो हूँ भनेर प्रत्यक्ष न भने पनि वा भन्न न मिले पनि उनको लेखनी ले उनलाइ थाहै नपाई हिमाली कवि बनाइ दिएको छ। उनका पात्र हरू ले इनको जन्म भूमि हिमवत्खण्ड नै हो भनी दिएका छन् । पाणिनि पतञ्जलि आदि का परम्परामा जसले आफु लाई देश र काल मा सीमित गर्न चाहेनन्, हुर्केका महाकवि कालिदास जसलाई विश्वसाहित्यका आदिकवि वाल्मीकि झैं विश्व कवि हुने धुन चढ़ेको थियो

आफ्नो जन्म भूमि कै विषयमा कुमार सम्भवम् महाकाव्य लेख्तछन् । रघुवंशको प्रारम्भमा जसरी महाकवि रघुवंशीय चरितनायक का उदात्त गुणहरूको वर्णन गर्दछन् ठीक उसै गरी वा त्यो भन्दा अझ बढ़ीरूपमा हिमवत्खण्ड को विशद वर्णन गर्दछन् । कालिदासीय साहित्यमा प्रसङ्गवश आई पर्ने हिमालयको वर्णन त छंदैं छ । कवि कुमार सम्भवन् महाकाव्यको थाल्नी भै लगातार बीस-बीस श्लोक सम्म हिमालयको वर्णन गर्दछन् । ज्ञातव्य छ – रघुवंश महाकाव्यमा रघुवंशी राजा हरु को वर्णन मात्र कुलक पाँच श्लोक) ले गरेका छन् । महाकवि कालिदासको कुमार सम्भव को हिमालय वर्णन का प्रसङ्ग को प्रारम्भिक पद्य जो यस महाकाव्य कै आदिम पद्य हो उल्लेख्य छ —

अस्त्युत्तरस्यां दिशि देवतात्मा
हिमालयो नाम नगाधिराजः
पूर्वापरौ तोयनिधी वगाह्य
स्थितः पृथिव्या इव मानदण्डः । कुमा° १।१

पृथ्वी का मानदण्ड झै भएर पूर्वी र पश्चिमी दुवै समुद्र छिचल्ने हिमालय नामक नगाधिराज देवतात्माको रूपमा उत्तरदिशा तर्फ अवस्थित छन् । उपर्युक्त श्लोक को "अस्त्युत्तरां दिशि यो पादांशले उत्तर दिशा तर्फ को हिमालय प्रति निकै बल दिएको छ । कालिदास बोल्नु भन्दा पहिले नै उनका शब्द हरु बोल्दछन् उत्तरी हिमालयको कि वा उत्तर दिशामा अवस्थित नगाधिराजको वैशिष्ट्य वर्णन गर्दछन् ।

जसलाई हामी हिमवत्खण्ड भन्द छौं, त्यहींनै कालिदासको पूर्वापर समुद्रावगाढ देवतात्मा हिमालय र यसका श्रृंखला पर्द छन् । यो नै मूल आर्यावर्त हो । देवभूमि हो वेदभूमि हो । विश्वमा सनातन धर्म र सभ्यता को स्वर्णिम विहान यही झुल्केको हो त्यसैले यस को प्रभाव पूर्वी समुद्र देखि पश्चिमी समुद्र र यसका समीपवर्ती प्रदेशमा पनि परेको छ । त्यसैले हिमवत्खण्डका यी कालिदासले लेखेका ग्रन्थमा काश्मीर देखि बंगाल सम्म सबैले आ आफ्नो प्रतिबिम्ब भेट्दछन् । कालिदास लाई त्यसै हुनाले नै विद्वान्हरू मैथिली गढ़वाली काश्मीरी वैदर्भी वङ्गीय आदि संज्ञाले अभिहित गर्दछन् । यो त्यस्तै हो जस्तो श्रीकृष्ण मथुरामा आउँदा त्यहाका नगरवासी हरूले उनलाई सखा, प्रियतम, काल आदिरूपमा देखे । यसरी देख्नु मा देख्नेको मनोभावना को प्रमुख भूमिका रहन्छ । वस्तुतः कृष्ण उस्तै छन् एउटै छन् । त्यस्तै कालिदास लाई पनि भन्न सकिन्छ । कालिदास यथार्थतः हिमवत्खण्ड का नै हुन् तर विद्वान् तथा समालोचक हरू इनलाई आ आफ्ना आंखाले हेर्द छन् ।

अस्त्युत्तरस्यां दिशि भनेर उत्तर दिशामा आफ्नो जन्म भूमि भएको गर्वमा कालिदासले रघुवंशी राजा हरूलाई पनि कोशलेश्वर मात्र न भनेर उत्तर कोशलेश्वर भन्न

मन पराउँछन्। कालिदासको उत्तरीभेक प्यारो लाग्ने यो मनोवृत्ति न बुझेर उत्तर कोशलेश्वर:, उत्तरकोशलानां अस्त्युत्तरस्यां जस्ता शब्दहरूले कालिदास स्वयं दक्षिण का हुन् भनेर कल्पना गर्दै इनलाई विदिशा र उज्जयिनी को बनाउने प्रयास जो गरेकाछन् त्यो मात्र प्रयास हो भन्न सकिने स्थिति छ।

उत्तर दिशाको र उत्तर तर्फ अवस्थित नगाधिराज हिमालयको वर्णन र चित्रणले कहिल्यै न थाक्ने कालिदास मेघदूतमा दक्षिणतिर लागेको मेघलाई, मेरो घरको वाटो यो होइन मेरी प्रिया यस तर्फ छैनन् तथापि "उज्जयिनी को रमाइलो हेरि हाल न" त भनेर तिमीलाई मैले उल्टो वाटो लगाई दिदैं छु भन्द छन् —

वक्र: पन्था: यदपि भवत: प्रस्थितस्योत्तराशां
सौधोत्सङ्गप्रणय विमुखो मा स्म भू रुज्जयिन्या:
विद्युद्दामस्फुरितचकितैस्तत्र पौराङ्गनानां
लोलापाङ्गैर्यदि न रमसे लोचनैर्वञ्चितोऽसि।

मैले मेघलाई रामगिरिवाट झै उत्तर न पठाएर दक्षिण तर्फ पठाएँ। यो उल्टो बाटो लागे को मेघ को कलिलो र वैंशालु मन बाटैमा भुल्ने त होइन ? भन्ने तर्क सदैव यक्ष को मनमा उठी रहन्छ। त्यसैले उनी समय-समयमा मेघलाई आफ्नो लक्ष्य प्रति सचेत गराई रहन्छन्—विहान उज्यालो हुने वित्तिकै, त्यो ठाउँ छोडेर आफ्ना वाटा लागी हाल्नु जसरी पनि त्यो ठाउँ छोडी हाल्नु। त्यहा न अलमलिनु।

रघुवंशमा कुलगुरु वशिष्ठ को आश्रम उत्तरतिरै पर्दछ। कारण नन्दिनी को सेवा गर्ने राजा दिलीप पहाड़ी भेकमा गाइ चराउन जान्छन्। सर्वस्व दान गरेर रित्तिएका रघुलाई कौत्सका निम्ति गुरुदक्षिणा खोज्न उत्तर कै शरणलिनु पर्दछ। राम लक्ष्मण लाई लिएर कौशिक विश्वामित्र पनि उत्तरै दिशा तर्फ लाग्दछन्। यसरी कालिदासीय साहित्य उत्तर दिशातर्फ पूर्व देखि पश्चिम सम्म फैलिए को विशाल हिमवत्प्रदेश लाई केन्द्र विन्दु मानेर त्यस मै वरि परि फन्को मारि रहेको स्पष्ट छ। यस तथ्यले एकातिर नगाधिराज हिमालयको वैशिष्ट्य झल्किन्छ भने अर्कोतिर कालिदास को जन्म स्थान कि वा अभिजन यसै हिमाली पाखामा छ भन्ने कुरा को प्रतीति पनि हुन जान्छ।

रघुवंशमा रघुको दिग्विजय को प्रसंग उठाएर जहाँ-जहाँ उनले विजय गरेको उल्लेख काव्य मा भएको छैन त्यस त्यस ठाउँलाई कालिदास को जन्मस्थान मान्ने समीक्षकहरूको केही खाँचो छैन। अयोध्या देखि पूर्व तर्फ लाग्दा सबै भन्दा पहिले रघुले मगध विजय गर्नु पर्ने थियो। त्यसको उल्लेख कालिदासले पट्टै गरेनन्। यसवाट कालिदासले आफ्नो जन्म भूमि लाई अजेय र अविजित राखे भन्ने तर्क दिएर कालिदास लाई मगध का हुन् भन्ने र कालिदासीय काव्यमा त्यसै प्रसंगमा रघुले बंग प्रदेशको विजय गरी त्यसलाइ पराधीन गराएको उल्लेख गरेको आधारमा बंगाललाई इनको

जन्म स्थान न मान्ने समीक्षकका सोचाई को उल्लेख माथि भै सकेको छ। यसमा दुःख को कुरा के भने रघुले हिमाली अधिराज्यमा पुगेर त्यहाका राजा संग उपहार आदान-प्रदान गर्दै मितेरी गासेको तथ्यलाई भारतीय वा पाश्चात्या कुनै पनि विद्वानले निष्पक्ष भएर उल्लेख गरेरन्। त्यो प्रसंग निश्चयनै कालिदासीय समीक्षा क्षेत्र मा आनाघ्रात र अनास्वादित छ त्यसलाई यहा सबैका सामु प्रस्तुत गर्नु उपयुक्त हुने छ।

कालिदास चाहदैन थे—आफ्नू जन्म भूमि सपनामा पनि अरूबाट विजित होस। उनी यो पनि चाहदैन थे दिग्विजयको घमण्ड गर्ने रघुलाई हिमाली वीरता को परिचय प्राप्त नहोस्। त्यसैले अजेय र जन्मना स्वतन्त्र हिमवत्खण्ड को वीरता र पौरुष वरे ज्ञान गराउने उद्देश्यले फारस हूण कम्बोज पञ्चनद यात्रा गराइ सके पछि कवि रघुलाई सोझै पूर्व ल्याएर वाणगङ्गा किनारबाट हिमवत्प्रदेशमा प्रवेश गराउछन् तराई प्रदेशको गर्मीले वाक्क-व्याक्क भएका रघु सैन्य वाणगंगाको शीतल जल स्पर्शी हावाले आनन्द अनुभव गर्दछन्।

गंगा शीकरिणो मार्गे मरुतस्तं सिषेविरे। रघु० ४।७३

यो बाणगङ्गा लुम्बिनी अंचलको अर्घाखाची तिरवाट वग्दै कपिलवस्तु हुँदै उत्तर भारत को शोहरन गढ निर निस्कन्छ। अयोध्यावाट श्रोत्रा भिरामध्वनिना रथेन दिनैकगम्य स्थान पनि यही हुन सक्द छ। यतै कतै कुलगुरु वशिष्ठको आश्रम छ, जहा नन्दिनी छन्। वागीश्वर विद्यालङ्कार गंगा नाम भेटिना साथ पूर्वाग्रह पीड़ित भएर रघुलाई सोझै कनखल हरिद्वार तिर लान खोज्द छन्। त्यहा उनकी जान्हवी गंगा त छन् तर अयोध्यावाट दिनैकगम्य वशिष्ठाश्रम र त्यसको नजीकै खस्ने गंगा प्रपात उनलाई अवश्य भेटिने छैनन्, भन्न केहि संकोच मान्नु पर्ने स्थिति छैन अस्तु।

हिमाली वीर पुरुषसिंह हरू जो आफ्ना गुफा कन्दरामा निश्चिन्त पल्टे का हुन्छन् रघु सैन्यको शब्द सुनेर यसो त्यतातिर मुन्टो फर्काएर मात्र हेर्छन् र पुनः आफ्नो काम थाल्छन्। मघिसे सम्म वाटामा हिड्ने वानी भएका सिपाही सैनिकहरू घोड़ाका भर मा पहाड़ चढ़ेर आएका थिए। यस्तालाई हिमाली वीर के टेद थे?

रघुसैन्य पनि आफूलाई कम ठान्दैन थे। विश्व विजय भएको अभिमान उनलाई पनि थियो। अतः असम्भव छैन उनी हरूले पनि हिमाली वीर संग जोरी खोजे होलान् भन्नु। अब के थियो। खेलखेलैमा सेल पल्ट्यो। दुवै मा घमासान युद्ध भयो—तत्र जन्यं रघो घोरं पर्वतीयै र्गणैरभूत्।

यहा स्मरणीय छ "पर्वतीयै र्गणै" को गण शब्दले कपिलवस्तु को सेरो फेरो को गण राज्य तर्फ संकेत गर्दछ जो एउटा विशाल हिमाली

अधिराज्यको शासन संचालन मा सुविधाको लागि (अहिले सम्पूर्ण अधि राज्यलाई अञ्चलीय क्षेत्रमा विभाजित गरे जस्तै) गणक्षेत्र मा विभाजन गर्ने प्रक्रियाको बोधक छ ।

हिमाली वीर रघुसैन्य को घोर युद्ध जय र पराजय को दृष्टिले भएको युद्ध थिएन मात्र वीरता प्रदर्शन को लागि भएको युद्ध थियो । अतः यो प्रदर्शन युद्ध कुनै हारजीत न भै कन नै शान्त हुन्छ । दुवै राजा अवधनरेश र नगाधिराज परस्पर मितेरी लाउँछन् उपहार अदान प्रदान गर्दछन । हिमाली नगाधिराज संग मित्रता गर्ने अवसर पाएर रघुले आफुलाई कृतकृत्य मान्द छन् । त्यस्तै आफ्ना अतिथि अवध-नरेश संग सम्पर्क हुँदा हिमाली राजा पनि कम प्रसन्न हुदैनन् । यस प्रसङ्गलाई महाकवि यसरी व्यक्त गर्दछन्—

परस्परेण विज्ञातस्तेषूपायनपाणिषु
राज्ञा हिमवतः सारो राज्ञः सारो हिमाद्रिणा ॥ रघु० ४।७९

रघु द्वारा हिमाली अधिराज्य को विजय गराउन न चाहनु ले एकातिर आफ्नो साहित्यका मध्यमले हिमाली वीरता को विश्वमा प्रतिष्ठापन गराउनु नै कविको उद्देश्य थियो भन्न सकिन्छ । अर्को अर्थमा आफ्नो जन्मभूमिलाई कुनै पनि विपक्षीवाट आक्रान्त देखाउन न चाहनु पनि हुन सक्तछ । यसको अतिरिक्त हिमाली अधिराज्य लाई विजित देखाउँदा काव्यात्मक दृष्टि ले पनि आफू कलंकित हुनेस्थिति कालिदासले न बुझे का थिएनन्—

रघुका पिता दिलीप ले यसै हिमाली भेकमा गो सेवा गरेका हुन् । अतः आफ्नो जन्म को लागि कारण स्वरूप तथा आफ्नो पिताको तपस्थली र आफ्ना कुलगुरुको आश्रम जस्तो पवित्र ठाउमा पुग्दा रघुको हृदय मा विजयैषणा को साटो कृतज्ञता ज्ञापनको भावना यस पावन एवं वीर भूमि प्रति हुनु पर्ने स्वाभाविक छ र कालिदासले यसै तथ्य लाई आफ्ना शब्द द्वारा अभिव्यक्त गरेका छन् । यसबाट आफ्नो जन्मभूमि को महत्व वर्णन गर्न समेत कविलाई सजीलो भएको छ ।

उपर्युक्त विवरण का आधारमा रघुवंश को द्वितीय सर्गको (गंगा प्रपातान्त विरूढशष्यं) र त्यसका लगत्तै पछि चतुर्थ सर्गको, गङ्गा शीकरिणो मार्गे मरुतस्तं सिषेविरे जस्ता पद्यांशले अयोध्या नजीकको वाण गंगा र त्यसका समीपवर्ती गौरी गुरु गह्वर-लाई संकेत गर्दछन् भन्ने कुरामा लेशमात्र पनि सन्देह रहदैन ।

कालिदासीय काव्यजगत्का कला, सौन्दर्य, चरित्र, शिल्प, ग्राम नगर वेश्म अरण्य जे जति पनि विषय छन् सबै हिमाली अधिराज्य मा पाइन्छन् । कविले इनका वर्णनमा आफ्नै जन्म भूमिको प्रत्यक्ष वा परोक्षरूपमा हामीलाई झझल्को दिएका हुन्छन् । जस्तै—

[16]कालिदासलाई मनपर्ने राती गाई हिमाली पाखा हुँदो नै पाइन्छिन् ।[17]गाईहेर्दा वा लेख वेसी गर्दा वैशालु कान्छा कान्छी ओडार को ओत लागेर ठट्ठा-रमाइलो गरेको दृश्य पर्वतीय जीवनको एउटा विशेषता हो ।[18] हिमाली हावापानी मा जन्मे हुर्केका कालिदासलाई बाँसका घारी देख्दा साथै आफ्नो पुर्ख्यौली लोकगीत बासुरी मा गाउन मनलाई हाल्छ ।[19] गण्डकी-र सुनकोशीका सुन भेटिने वालुवा मा गट्टा वा गुच्चा लुकाएर खेल्ने ठिटी हरूलाई इनले मनज्ञे देखेका छन् ।[20] एकातिर वनमा गाइलाई दिएर आफू पारी पखेरी को रमाईलो हेर्दै मख्ख पर्नु इनको सानै देखिको वानी हो[21] पारी पंट्टि सल्लेरीवनमा लागेको डढेलोले सर्ल्लक्कै वन दन्केको दृश्य कविले आफ्नै गाउँ घरका छिडी पीढी वाटै देखेका छन् ।[22] हिउँदमा मधेसतिर गाई झार्दा अथवा लेख मा डिगो लाँदा छाप्रो हालेर वस्ने रमाइलो र आउने जाने मानिसलाई समेत नौनीघ्यू को कोसेली पात पठाउने आफ्ना बाबू बाजे संग कालिदास पनि अवश्यै थिए । तिनी हरूले आगन्तुक व्यक्तिलाई जंगली रूखका नाउ चिनाइ दिदा कविले पनि तिनका नाउ जान्ने अवसर पाएका थिए ।

आफ्रा गाउँघर का घासे रुख, फलफूल रुख र दलिन ढोका खाँमा बनाउन हुने सल्ला सालका रुखहरूलाई आफ्ना आमा वावुले आफुलाई जस्तै गराए र हुर्काए वढ़ाएको कविलाइ थाहा छ । त्यसैले कवि जथाभावी वन जंगल मास्ने मात्रै होइन जथा भावी गाइ वस्तु वनमा छोड्नेर वे काममा रानी वन हुदो पस्ने हरूको पनि हुमंत लिइ छोड्छन् ।

विहामा व्यौली लाइ लावादिने, व्यौला व्यौली सात पल्ट यज्ञ घुम्ने गरेको पनि कालिदासले विर्सिन सकेका छैनन । पन्छिएका आईमाईले लोग्ने मानिसको मुख न हेर्ने चलन पनि कवि जान्दछन् मूलढोकामा र भित्तामा शङ्ख पद्म मानिसका चित्र लेखिएका घरहरू र कहिले काहि धेरै कुइरो लागेका बेला त्यस्ता चित्र धमिला देखिनु आदिको ज्ञान कविलाई छ ।

हिमाली भेकका मानिस उत्सव (जात्रा) औधि रुचाउछन् भन्ने कुरा कवि राम्ररी जान्दछन् । इनलाइ इन्द्रजात्रामा इन्द्रको ध्वजा (लिङ्गो) ठड्याएको औधि मन पर्छ । इनलाई आफ्रा शहरका भित्रवाट आइमाइ र तन्नेरी तरुनी ले भुलक्याउने ठूला ठूला आँखिझ्याल भएका घरहरू निकै मन पर्छन् । शहरमा मक्ख परेर जात्रा हेर्दा तिनै घरहरूवाट कहिले काहि एउटा पाखातिर चोला को तनो बाध् न विर्सेक र कोही पेटीकोट बाध्न पनि अवेर भएर इजार समात्दै आएका र कोही धोती फेरी सक्न पनि न भ्याएर हातले फरियाको मुजा समात्तै आखि झ्याल वाट वाहिर च्याउने तरुनी आईमाई देख्दा वस्ने लाई भन्दा देख्ने लाइ लाज भए जस्तो हुने कुरा पनि कालिदास लाई थाहा नभएको छैन ।

हिमाली भेकमा बिना तेल मट्टी तेलै बल्ने झार ले कोठी उज्यालो पारेर रात भरि भरि तन्नेरी तरुनी ठट्टागर्दै वातमार्दै रमाइलो गरेको, महाभारत डाडाका सेरो फेरोका आश्रमहरूमा चिउरीको घिउवालेको र चिउरी का बिजुला ढुङ्गामा फोर्दा ढुङ्गै चिल्लो भएको पनि कविले आफ्नो देशमा देखेका छन् ।

सधैं विहान अबेर उठने छोरो लाई "ए वावु ? उज्यालो भयो ओछेन छोड़ तेरा वावु गोरु जुवा लिएर मेलामा गै सक्नु भयो । अब त तै पनि वालख छैन स बुझकी तन्नेरी भै सकिस, वावुको मेलो सगाउन जा" आफू समान भा को छोरो रिसाउँ छ कि भनेर डराई-डराई उसलाई उठाएको कुरा कालिदास झल्झल्ति संझन्छन् ।

शाली धानको भात कविलाई औधि मीठो हुन्छ । मधेसमा धान वाला झुल्ने फाँट देख्दा उनी मक्ख हुन्छन् । श्रीखण्ड चन्दन भन्दा कालिदास मलयगिरि घोटेर लाउन मन पराउँछन् । त्यस भन्दा पनि वढी दहिमा मुछेका अक्षता । विहावर्तमन, जात्रा, सप्ताह, एकाह, दशै, सक्रान्ति जहिले पनि दहि अक्षता लाउने चलन हिमाली अधिराज्य मा छ भन्ने कुरा कवि विर्संदैनन् । धेरै भात रुचाउने र दहि अक्षता लाउन मन पराउने भएर पनि इनलाई बंगाली हरू आफुतिर तान्न खोज्छन भन्ने कुरा यहा स्मरणीय छ ।

कालिदासका हिमाली अधिराज्यमा परेवा द्वितीया अनुसार को शुक्ल र कृष्ण पक्षको महिना पनि चले को छ, त्यस्तै एकगते दुइगते भन्ने संक्रान्ति अनुसार महिनापनि । तिथि अनुसारको हरिबोधिनी (ठूली) एकादशीमा इनलाई जाति रमाइलो हुन्छ असार १ गते को दिन पहिलो पल्ट अकाशमा देखिने बादल का खेलामा पनि कवि उतिकै रमाएका हुन्छन् । हिमवत्खण्ड जस्तो कृषि प्रधान देशकालागि आषाढ़को पहिलो दिनको विशेष महत्व छ भन्ने कुरा कविले बुझेका छन् । देउरालीकी माई लाई कालिदास पनि वनदेवता भन्छन् ।[२२] मधेस तिर र शहर हुदो केटीका वावुले आफ्ना छोरी बेटी लाई केटो खोज्न हिड्ने चलन भए पनि कालिदास का हिमाली गाउँमा आज भोलि पनि केटा पट्टि वाटै वन्द वस्त संग अनिखर्चं वाँधेर केटी खोज्न जाने चलन छ । कुलकी कन्या मूल को पानी ले कहि ल्यै धोखा हुन्न । स्वास्नी अधकलसी भए घर द्वार विग्रन्छ भन्ने कुरा कविले राम्रै गरी वुझेका छन् ।[२४] यहा कोशी प्रपातका तराई भागमा एक महिना गजक्कै ससुराली वस्ने चलन छ भन्ने कुरा कालिदास ले राम्ररी जानेका छन् ।

[२५]हिमाली अधिराज्य का लोक भाषामा दुध पानी र मही जस्तो पदार्थ पनि सातू र भात जस्तै खाइन्छ (जाँड़ रक्सी मात्रै पिइन्छ) भन्ने कुरा कविले आफ्नै

गाउँघरमा सिकेका छन् ।[२४] यस भेकमा दुइथरि वोली संस्कृत र प्राकृत (नेपाली) बोलिन्छ भन्ने कुरा पनि कालिदास ले बुझेकाछन् । संस्कृत भन्दा भाषा सुखग्राह्य (सजीलो) हुन्छ भन्ने कुरामा कविको आफ्नै अनुभव छ ।

[२५]कोशी किनारको वराहक्षेत्रको मेलामा टाढाटाढा का इष्ट मित्र भेट्न पाइने हुनाले त्यहा मेला भर्न जाने रहर कालिदास मा पनि छ । रामगिरि (रामदी) घाटमा ठूली एकादसीको स्नान मेला इनले देखे का छन् । त्यहि नजीकै तमसा तीरमा वाल्मीकि आश्रम छ भन्ने कुरा पनि कविलाई थाहा छ । त्यसै को सेरो फेरो मा राजा दशरथले श्रवण कुमार लाई झुक्किएर वाण हान्नु परेको, पुत्र वियोगमा विकल तिनका आमावावुका बलीन्द्र धारा आँसूवाट अन्धा अन्धी को कुण्ड वनेको र त्यसै अन्धा अन्धीको कुण्डबाट आधी खोला निस्केको भन्ने किम्बदन्तो कालिदास ले पनि गाउँका दुढ़ापाका हरू वाट सुनेका छन् ।

हिमाली लेखमा एक थरि बुटीको हावा जिउमा पर्दा लेक लाग्ने र अर्को थरि बुटीले भोक रोगदुवै मार्ने ओखती हुने कुरा कालिदासले सुनेका मात्र होइनन् चिनेका पनिछन् । पहाड़ी खोला किनारमा पानी घट्ट (जातो) मा आटो पिठो पिन्ने गरेको कवि कहिल्यै बिर्सन सक्दैनन् । कहिले काहि चरक्क घाम लागे र रनकक पिठ्यू तात्दा त्यही घट्टे छाप्राका फराकिला ढुङ्गामा मसक्क निदाइ दिन पनि कविले बेर लाएका छैनन् ।

दक्षप्रजापतिले भगवान् शिवको अपमान गर्दा लोग्नेको अपमान सहन नसकी झ्वाम्मै अग्निकुण्डमा फाल हाल्ने सती देवी र तिनै सती देवी अर्को जन्ममा पार्वती भएर आफ्नै देशमा जन्मेकी भन्ने कथा कविलाई मुखाखरै छ । गौरी शिखर सगरमाथा संसारको सर्वोच्च शिखर हो । यो समस्त भू मण्डलको मान दण्ड हो । यसै पर्वतराज हिमालयले आफू स्वयं वाछो जस्तो भएर गोरुप पृथ्वी को थन पगारि दिंदा तिनवाट संसारका समस्त हीरा मोती महौषधी जस्ता अमूल्य रत्न हरू निस्केका हुन भन्ने कथा पनि कवि राम्रै गरि जान्दछन् । आफ्नै देशमा रहे पनि अथवा कहिले काहि विदेश जानु परे पनि मादल र मुरलीमा गम्काइने भगवान् पशुपतिको आरती भजन कवि विर्सन सक्दैनन् ।

आइमाइहरूको सिंगार आफ्नो पतिलाई देखाउन मात्र हुन्छ । त्यसैले कालिदास का देशका पतिव्रता नारी हरू लोग्ने परदेश छ भने सिंगार पनि पार्दैनन् । परदेशी कहिले आउला भनेर लाउन खान र सिंगार पटार गर्न सबै छोड़ी लाहुरेनी हरू दुब्ला पातला मलिना हुन्छन् । खाली सिउँधो मा मात्रै तिनीहरूका सौभाग्य चिह्न सिन्दूर सिम्रिक हुन्छन् ।

कविलाई पनि (लाहुर) प्रवासमामा बस्नु परेको छ। उनले पनि अरू लाहुरे जस्तै दशैंमा घर पुगी आमा बाबू को टिको थप्ने र आफ्नी जहानलाई दशैंका राती अक्षता र पहेला जमराले सिगारे र आसीक दिने इच्छा राखेका हुन्छन। तर विचरा असौजको बडादशैंमा उनी घर जान पाउदैनन्। उनको मेलो सकिदैन। त्यसैले आफ्ना गाउका अरु भाई पर्नेका हात—म कार्तिकै ठूली एकादशीमा आइ पुग्छु भाउजुलाई भनि दिन्नु-भन्दै खबर पठाउछन्।

राजालाई प्रजाले नारायणको औतार ठान्न-पर्छ र प्रजालाई पनि राजाले जनता जनार्दन ठान्नु पर्दछ। राजाको शक्ति प्रजा हो र प्रजाको शक्ति राजा हो। यो आदर्श आफ्नो हिमाली अधिराज्य मा सृष्टिको आदिकाल देखि नै छ भन्ने कुरा कालिदास जान्दछन्। त्यसैले गाईलाई पशु भनेर हेला गर्नाले नै दिलीपले निःसन्तान हुनु पर्ने स्थिति आइ सकेको र रूप र ऐश्वर्य को अभिमानमा मद मत्त राजा अग्नि वर्णले एक पल्ट आफ्ना दर्शनार्थी प्रजालाई दरबार को झ्याल वाट खुट्टा झुण्ड्याइ दिएकोले उनले राज रोग भएर अकाल मृत्यु मा दण्डित हुनु परेको कथा कालिदासले राम्ररी बुझेका छन्। यति मात्र होइन कालिदासीय काव्यका पात्र हरू पनि प्रायः उनले आफ्नै देशका राखेका छन्। – कौशिक विश्वामित्र कोशी तीर कै हुन्। जुन देशमा कृष्ण रुरु पाइन्छ मैले त्यसै देशको धर्म व्याख्यान गर्दछु भन्ने स्वाभिमान भएका महर्षि याज्ञवल्क्य जो स्वयं जनकपुर का हुन्, महर्षि कण्व इनकै शिष्य हुन्। याज्ञवल्क्य लाई "कण्व गुरवे नमः" भनिन्छ। इनै कण्व का आश्रम की पालिता कन्या शकुन्तला हुन्। शकुन्तला स्वयं हिमवत्खण्ड की कन्या हुन्। कौशिक विश्वामित्र इनका पिता हुन्। दौष्यन्ति भरत शकुन्तला का छोरा हुन्। इनको जन्म पनि हिमाली अधिराज्य मै भएको छ। रघुवंश की सीता विदेहजा हुन्। नित्य पार्वती साथ गौरीशिखरमा वस्ने शिव, नगाधिराज हिमालय की पुत्री उमा, हिमालवासी यक्ष यक्षिणी कोशी प्रदेशको कीर्ति दिग्दिगन्त फिजाउने मालविकाग्निमित्रम् की विदुषी पात्री कौशिकी सबै हिमवत्खण्डकै छन्। कश्यप मारीच कण्व वाल्मीकि र वशिष्ठ सबैका आश्रम कालिदासले हिमवत्खण्ड मै वर्णन गरेका छन्। अतः कालिदासीय काव्यका पात्रका दृष्टिले पनि उनी हिमवत्खण्ड का हुन् भन्न सकिन्छ।

रघुवंशको वशिष्ठ आश्रम त्यस नजीक बाण गंगा, वाल्मीकि आश्रम, तमसा (कृष्णा) रामगिरि (रामदी दशरथ श्रवण कुमार सम्बद्ध अन्धा कुण्ड (आँधी खोला) दशरथ का चारै बुहारी का माईत जनकपुर, हाल नेपालको कालीकोट जिल्ला मा पर्ने क्रौञ्च रन्ध्र सबै हिमवत्खण्ड मै छन्। अयोध्या को सरयू पनि नेपाली भूभाग कै नदी हुन्। हाल राप्ती अञ्चल दाङको किनारमा रहेको ब्रह्मसर जसलाई स्थानीय जन अपभ्रंश स्वरूप बबई भन्द छन्, हिमाली अधिराज्य मै पर्दछ (यसलाई दाङमा सरयू

भनिन्छ) यसमा कर्णाली जस्ता महानदी मिसिएर अयोध्यामा आइपुग्दा सरयूको त्यो विशाल रूप दृष्टिगोचर हुन्छ। अतः कालिदासीय काव्य का स्थान विशेष पनि प्रायः हिमाली भेक कै हुन् जसलाई कविले नजीकबाट देख्ने अवसर पाएका थिए। उपर्युक्त विवरण का आधारमा कवि हिमाली वा पर्वतीय कवि हुन् भन्न मात्र होइन नेपाली भूभाग का संस्कृत कवि हुन् भन्न सजीलै सकिन्छ।

कालिदास 'नेपाल' को नाउ जान्दथे –

कालिदास नेपाली कवि भएको भए नेपाल को नाउ उनले पानि जान्नु पर्ने। जाने का भए त्यसको उल्लेख इनले काव्य मा गर्नु पर्ने भन्ने प्रश्न समीक्षकहरूका मनमा उठन सक्द छ। यो अस्वाभाविक होइन यस सन्दर्भमा निम्न विवरण प्रस्तुत गर्दा यसको समाधान भेटिने विश्वास गर्न सकिन्छ—

कालिदासको जन्म चन्द्रगुप्त विक्रमादित्यको समयमा भएको कुरामा प्रायः सबै समीक्षक अब एकमत हुन आएका छन्। यसवारे पिष्टपेषण गरि रहनु मात्र विषय लम्ब्याउनु हुने छ। चन्द्रगुप्त विक्रमादित्य भन्दा पहिले समुद्रगुप्त भएका छन्। समुद्रगुप्त को एउटा प्रशस्ति प्रयागमा पाइसको छ। यस प्रशस्तिमा समुद्रगुप्त को बिजय यात्राको उल्लेख छ। प्रशस्तिमा—समतट डवाक कामरूप नेपाल कर्तृ पुरादि प्रत्यन्तः-नृपतिः भन्ने वाक्यांश छ। नेपाल सनातन धर्मं मा जन्मना आस्थावान हुनाले यो देश मनु का समय देखि वर्णाश्रम धर्ममा आस्था राख्द छ। वर्णाश्रम धर्ममा आस्था न राख्ने देशलाई प्रत्यन्त वा म्लेच्छ देश भनिन्छ– प्रत्यन्तो म्लेच्छ देशः स्यात्। अतः नेपाल म्लेच्छदेशमा पर्दैन। आज पनि नेपाल विश्व को एकमात्र वर्णाश्रम धर्मानुयायी हिन्दू राष्ट्र हुनाले यो प्रत्यन्त वा म्लेच्छ देश होइन भने त्यसवेला त म्लेच्छदेश हुने प्रश्नै छैन। न त समुद्रगुप्तले नेपाल मा आक्रमण गरेको कुनै ऐतिहासिक तथ्य उपलब्ध छ। अतः समुद्रगुप्त को प्रयाग प्रशस्तिवाट नेपाल का सीमावर्ती वर्णाश्रम धर्म विहीन प्रदेश को विजय भन्ने तात्पर्य बुझ्न आवश्यक छ।

ऐतिहासिक तत्त्व विद् तथा कालिदासीय काव्यका समीक्षकहरू रघुवंशको विजय यात्रा समुद्रगुप्त को अनुसार नै लगभग भएको कुरा मा एक मत छन्। चन्द्रगुप्त विक्रमादित्य संग सम्बद्ध महाकवि कालिदास जस्तो व्यक्तिले समुद्रगुप्त को प्रयाग प्रशस्ति न देखे को प्रश्नै उठदैन। अतः नेपाल भन्ने नाम त्यस वेला हिमवत् खण्डमा थिएन भन्न मिल्दैन। न त स्वयं हिमालय का कवि कालिदास जसलाई सगरमाथा र पशुपति वारे यथार्थ जानकारी छ, नेपाल वारे अनभिज्ञ थिए भन्न मिल्छ। अतः यसवाट सिद्ध हुन्छ कालिदासलाई नेपाल वारे मात्र होइन नेपाल शब्दको पनि ज्ञान थियो। यति मात्र होइन प्रयाग प्रशस्ति मा उल्लिखित नहुने बंग माथि रघुले चढाई गरे र विजय गरे भन्ने कालिदास रघुले नेपाल विजय गरे भन्न कदापि चुक्ने थिएनन्। तर

उनी आफ्नो जन्मभूमि प्रति आफू कृतघ्न हुन चाहेनन् । जन्मना स्वतन्त्र नेपाललाई पराधीन बनाउन चाहेनन् । बरु दिग्विजयको स्वाभिमानमा आँखा न देख्ने रघुसैन्य लाई हिमाली वीरताको परिचय दिलाई दिए । हिमाली राजा समक्ष उपहार दिलाउन लगाए । मैत्रीको हात बढ़ाउन लगाए र उनका रघुसैन्यले यो कुरा कहिल्यै न बिर्सने गरी जान्नु पऱ्यो—राज्ञा हिमवतः सारो राज्ञः सारो हिमाद्रिणा ।

यहाँ कालिदासले रघुलाई हिमाली अधिराज्यमा प्रवेश गराउँदा नेपाल शब्दको काव्यमा उल्लेख गरेका छैनन् । यस कुराले कालिदास नेपाली हुनुमा सन्देह हुन जाने स्थिति छ तर कुरा यसो होइन । सम्पूर्णहिमवत्खण्ड जसको सीमाक्षेत्र पूर्वी समुद्र देखि पश्चिमी समुद्रसम्म थियो-यत्रो विशाल हिमवत् राष्ट्रलाई त्यसवेला सानो क्षेत्रमा व्यवहृत हुने नेपाल शब्दले सम्बोधित गर्न कविले उपयुक्त ठानेनन् । हिमाली अधिराज्य को सम्पूर्ण विस्तृत भूखण्ड लाई नेपाल नाउँले व्यवहृत गर्न थालिएको श्री ५ पृथ्वीनारायण शाह को एकीकरण पछि मात्र हो भन्ने कुरा यहाँ स्मरणीय छ ।

मेघदूतको पूर्व मेघमा उज्जयिनी वर्णनका प्रसंगमा कालिदास उज्जयिनीलाई स्वर्गको एक अंश मान्दछन् । पुण्यात्माहरूले स्वर्गको सुख भोग गर्दा आफ्नो अवशिष्ट पुण्य दिएर उज्जयिनीलाई स्वर्ग बाट ल्याएका हुन् भन्ने कालिदास को विश्वास छ—

स्वल्पीभूते सुचरित फले स्वर्गिणां गां गतानां
शेषैः पुण्यैः हृतमिव दिवः कान्तिमत् खण्डमेकम् । मेघ पू० मे० ३०

उपर्युक्त पद्यांशका आधारमा उज्जयिनीका पक्षधर समीक्षक हरूले अन्य सम्भावित मगध आदि स्थानमा कालिदासको जन्मस्थान हुन न सक्ने तर्क उपस्थापित गर्दै उज्जयिनी नै कालिदासको जन्म स्थान हुनु पर्ने तिर औंल्याएका छन् । सगरमाथा का निवासी ले यसमा आत्तिनु पर्ने केही छैन । किनकि उज्जयिनी लाई कालिदासले स्वर्गको एक खण्ड भनेका छन् भने उनको हिमवत्खण्डमा सम्पूर्ण स्वर्ग नै स्थानान्तरित भएको छ । अतः यो हिमवत्खण्ड अर्थात् नेपाल भूमि उज्जयिनी मतानुयायीका दृष्टि ले पनि शत प्रतिशत रूपमा कविको जन्म स्थान हुन सक्द छ । विश्व कवि हुने धुन चढ़ेका कालिदासले "म हिमवत्खण्ड को वा नेपाल को कवि हूँ" न भने को भए पनि किं वा तिनताकका लेखक कविहरूमा आफ्नो परिचय दिने परम्परा नभए पनि आफ्ना पात्रका माध्यमबाट यो कुरा स्पष्टतया भनाएका छन्—

दिवं यदि प्रार्थयसे वृथा श्रमः
पितुः प्रदेशाः तव देवभूमयः
अथो पयन्तारमलं समाधिना
न रत्न मन्विष्यति मृग्यते हि तत् । कुमा ५।४५

प्रसंग कुमार सम्भव महाकाव्य को हो । पार्वती तपस्यामा बसे की छन् । यस बीच ब्रह्मचारी आएर उनलाई सोध्द छन्—"पार्वती ? तिम्रो तपस्याको उद्देश्य के हो ! स्वर्ग प्राप्ति नै यस कठोर तपको उद्देश्य हो भने यसको लागि तिमीले तपस्या गर्नु व्यर्थ छ । किनकि तिम्रा पिताको यो अधिराज्य स्वयं देवभूमि हो, स्वर्ग हो । अरु ठाउमा जन्मे

का व्यक्तिका लागि भने यो स्वर्ग कामनाले तपस्या गर्नु उचित छ तर स्वयं देवभूमि स्वर्गमा जन्मेकी ले किन व्यर्थै समाधि लगाउनु ?" निश्चय नै आफ्नो देशको यो वकालत ब्रह्मचारी का माध्यमले कवि स्वयंले नै गरेका हुन् । यसबाट स्पष्ट छ कवि कालिदास नेपाल भूभाग का कवि हुन् ।

यसै कुमार सम्भव महाकाव्य को अर्को प्रसङ्ग छ—पार्वती को विवाह को तयारी मा नगाधिराज को हिमवत् राजधानी सिंगारिएको छ । चीनदेशका कपड़ाका पताका र सुवर्ण तन्तुका तोरण बाटेर सजाइएका छन् । लाग्दछ राजधानीको रूपमा स्वयं स्वर्ग नै स्थानान्तरित भएर आएको छ--

सन्तानकाकीर्णमहापथं तत्
चीनांशुकैः कल्पितकेतुमालम्
भासो ज्वलत् काञ्चनतोरणानां
स्थानान्तरं स्वर्ग इवावभासे । कुमा ७।३

उपर्युक्त श्लोक प्रसंग मा कवि स्वर्गको रूपमा हिमवत् खण्ड (नेपाल) को राजधानीको मात्र वर्णन गर्दैनन् अपितु चीन जस्ता छिमेकी प्रदेश को पनि उल्लेख गर्न विर्संदैनन् ।

कार्यान्तरले प्रवासमा जानुपरे पनि कालिदास आफ्नो अभिजन र आफ्नी गृहिणी लाई विर्सन सक्तैनन् उनको शरीर दक्षिण तिर अघि अघि गए पनि मन पछि पछि आफ्नै हिमवत्खण्ड नेपाल निस्कन खोज्दछ । जसरी हावा लागे का वेला पताका स्तम्भ त अघि अघि जान खोज्छ । पताकाको कपड़ाले चाहि उसलाई आफ्नै तिर तान्न खोजे को हुन्छ । कालिदासले जहाँ पुगे पनि आफ्ना हिमालय र आफ्नो देश को स्वर्ग सौख्य बिर्से का छैनन् । उनको मन आफ्नै मातृ भूमिमा स्थिर रहन्छ ।

गच्छति पुरः शरीरं धावति पश्चादसंस्थितं चेतः । चीनांशुकमिव केतोः प्रतिवातं नीयमानस्य । अभि १।३१

गंगा र हिमालयको उल्लेख जति वेला पनि एकै साथ हुन्छ भन्ने तर्क दिएर गढवाल का पक्षधरहरुले कालिदास लाई गढ़वाली बनाउन खोजेका छन् तर गौरी शिखर सगर माथा नजीक गंगा यमुना न भएकोले दुवैलाई मूर्तिका रूपमा उभ्याउनु परेको स्थिति र विवशता प्रति ती पक्षधर हरू ले कालिदास माथि सहानुभूति देखाएका छैनन् । वाग्मती र सगरमाथा प्रदेशमा यमुना र भागीरथी दुवै न हुनाले नै कालिदास ले इनका मूर्ति को उल्लेख गरेका हुन् भन्ने कुरा उनकै देशवासी लै मात्र होइन सबैले यहाँ बुझ्न सक्नु परेको छ ।

मूर्ते च गङ्गा यमुने तदानीं
सचामरे देवमसेविषाताम्
समुद्रगा रूपविपर्ययेऽपि
सहंसपाते इव लक्ष्यमाणे ॥ कु० ७।४२।

टिप्पणी

१. तस्य दाक्षिण्यरूढ़ेन नाम्ना मगध वंशजा
पत्नी सुदक्षिणेत्यासीदध्वरस्येव दक्षिणा। रघु १।३१

२. न मे ह्रिया शंसति किञ्चिदीप्सितं
स्पृहावती वस्तुषु केषु मागधी
इति स्म पृच्छत्यनुवेलमादृतः
प्रियासखीरुत्तर कोशलेश्वरः। रघु० ३।५।

३. सुखश्रवा मङ्गलतूर्यनिस्वनाः
प्रमोदनृत्यैः सह वारयोषिताम्
न केवलं सद्मनि मागधीपतेः
पथिव्यजृम्भन्त दिवौकसामपि। रघु ३।१९।

४. ततो नृपाणां श्रुतवृत्तवंशा
पुंवत्प्रगल्भा प्रतिहाररक्षी
प्राक् सन्निकर्षं मगधेश्वरस्य
नीत्वा कुमारीमवदत् सुनन्दा। रघु० ६। २०

५ तमलभन्त पतिं पतिदेवताः
शिखरिणामिव सागरमापगाः
मगध-कोशल केकयशासिनां
दुहितरोऽहितरोपितमार्गणम्। रघु० ९।१७

६. वक्रः, पन्था यदपि भवतः प्रस्थितस्योत्तराशां
सौधोत्सङ्गप्रणयविमुखो मा स्मभूरुज्जयिन्याः
विद्युद्दामस्फुरितचकितै स्तत्र पौराङ्गनानां
लोलापाङ्गैर्यदि न रमते लोचनै र्वञ्चितोऽसि। मेघ० पू० २७

७. अप्यन्यस्मिन् जलधर ? महाकालमासाद्य काले
स्थातव्यं ते नयनविषयं यावदत्येतिभानुः
कुर्वन् संध्यावलिपटहतां शूलिनः श्लाघनीया-
मामन्द्राणां फलमविकलं लप्स्यसे गर्जितानाम्। मेघ० पू०।३४

८. (क) इक्षुच्छायानिषादिन्यस्तस्य गोप्तुर्गुणोदयम् ।
आकुमारकथोद्घातं शालिगोप्यो जगुर्यशः । रघु० ४।२०

(ख) आपादपद्मप्रणताः कलमा इव ते रघुम् ।
फलैः संवर्धयामासुरुत्खातप्रतिरोपिताः ॥ रघु० ४।३७

९. (क) राजा
अलमाक्रन्दितेन । सूर्योपस्थान निवृत्तं पुरूरवसं मामेत्य कथ्यतां कुतो भवत्यः परित्रातव्याः । विक्रमोर्वशीयम् । १

१०. (क) चित्रलेखा
सखि ! अप्सरो वारपर्यायेणेह भगवतः सूर्यस्य पादमूलोपस्थानं वर्तत इति बलवत् खलु उर्वश्या उत्कण्ठितास्मि । विक्रमोर्वशीयम् ४

(ग) वसन्तानन्तरमुष्णसमये भगवान् सूर्यो मयोपचरितव्यः ।
विक्रमोर्वशीयम् ।१

(घ) सहजन्या
......(प्राची दिशं विलोक्य) तदेहि । उदयोन्मुखस्य भगवतः सूर्यस्योपस्थानं कुर्वः ।

११. आपादपद्मप्रणता कलमाइव ते रघुम् ।
फलैः संवर्धयामासुरुत्खात प्रतिरोपिता : । रघु० ४।३७

१२. इक्ष्वाकुवंश्यः ककुदं नृपाणां
ककुत्स्थ इत्याहितलक्षणोऽभूत् ।
काकुत्स्थ शब्दं यत उन्नतेच्छाः
श्लाघ्यं दधत्युत्तरकोशलेन्द्राः ॥ रघु० ६।७१

१३. (क) यां सैकतोत्सङ्ग सुखोचितानां
प्राज्यैः पयोभिः परिवर्धितानाम्
सामान्यधात्रीमिव मानसं मे
सम्भावयत्युत्तरकोशलानाम् ॥ रघु० १३।६२

(ख) पितुरनन्तर मुत्तरकोसलान्
समधिगम्य समाधिजितेन्द्रियः
दशरथः प्रशशास महारथो
यमवतामवतां च धुरि स्थितः रघु० ९।१

१४. न मे ह्रिया शंशति किञ्चिदीप्सितं
स्पृहावती वस्तुषु केषु मागधी ।
इति स्म पृच्छत्यनुवेलमादृतः
प्रियासखीरुत्तरकोशलेश्वरः ॥ रघु० ३ ।५

१५. तस्माद् गच्छेरनुकनखलं शैलराजावतीर्णां
जन्होः कन्यां सगरतनयस्वर्गसोपानपङ्क्तिम् ।
गौरी वक्त्रभ्रुकुटि रचनां या विहस्येव फेनैः
शम्भोः केशग्रहणमकरोदिन्दुलग्नोर्मिहस्ता । मे. पू० ५०

१६. स पाटलायां गवि तस्थिवांसं
धनुर्धरः केशरिणी ददर्श ।
अधित्यकायामिव धातुमय्यां
लोध्रद्रुमं सानुमतः प्रफुल्लम् । रघु० २।२८

१७ नीवी बन्धोच्छ्वसितशिथिलं यत्र बिम्बाधराणां
क्षौमं रागादनिभृतकरेस्वाक्षिपत्सु प्रियेषु ।
अर्चिस्तुङ्गानभिमुखमपि प्राप्य रत्नप्रदीपान्
ह्री मूढानां भवति विफलप्रेरणा चूर्णमुष्टिः ॥ मेघ० उ० ५ ।

(क) वनेचराणां वनितासखानां
दरीगृहोत्सङ्गनिषक्तभासः
भवन्ति यत्रौषधयो रजन्या-
मतैल पूराः सुरतप्रदीपाः। कुमा० १।१०

१८ स कीचकैर्मारुतपूर्णरन्ध्रैः
कूजद्भिरापादितवंशकृत्यम्
शुश्राव कुञ्जेसु यशः स्वमुच्चै
रूद्गी यमानं वनदेवताभिः ॥ रघु २।१३

१९. अन्वेष्टव्यै कनकसिकतामुष्टि निक्षेपगूढैः
सङ्क्रीडन्ते मणिभिरमरप्रार्थिता यत्र कन्याः। मेघ० उ० ४।

२०. सा दुष्प्रधर्षा मनसापि हिंस्रै
रित्यद्रिशोभाप्रहितेक्षणेन ।
अलक्षिताभ्युत्पतनो नृपेण
प्रसह्य सिंहः किल तां चकर्ष । रघु० २।२७

२१. ज्वलति पवनवृद्धः पर्वतानां दरीषु
स्फुटति पटु निनादः शुष्कवंशस्थलीषु
प्रसरति तृणमध्ये लब्धवृद्धिः क्षणेन
ग्लपयति मृगवर्गं प्रान्तलग्नो दवाग्निः ॥ ऋतु० प्रावृड् २५

२२. हैयङ्गवीनमादाय घोषवृद्धानुपस्थितान् ।
नामधेयानि पृच्छन्ती वन्यानां मार्ग शाखिनाम् ।। रघु० १।४५

२३. अमुं पुरः पश्यसि देवदारुं
(क) (i) पुत्रीकृतोऽसौ वृषभध्वजेन
यो हेमकुम्भस्तन निसृतानां
स्कन्दस्य मातुः पयसां रसज्ञः ॥
कण्डूयमानेन कटं कदाचित्
वन्य द्विपेनोन्मथितात्वगस्य
अथैनमद्रेस्तनया शुशोच
सेनान्यमालीढमिवासुरास्त्रैः ।
तदा प्रभृत्येव वनद्विपानां
त्रासार्थमस्मिन्नहमद्रि कुक्षौ
व्यापादितः शूलभृता विधाय
सिंहत्वमङ्कागत सत्व वृत्ति ॥ रघु० २।३६-३८

(ii) चित्र लेखा

ततः सा ... ... विस्मृतदेवतानियमा स्त्रीजनपरिहरणीयं कुमार वनं प्रविष्टा । प्रवेशानन्तरञ्च काननोपान्तवर्तिलताभावेन परिणतमस्या रुपम् । विक्र० ४ ।

(ख) (i) तौ दम्पती त्रिः परिणीय वह्नि
मन्योन्यसंस्पर्शनिमीलिताक्षौ
स कारयामास वधूं पुरोधाः
तस्मिन् समृद्धार्चिषि लाजमोक्षम् ॥ कुमा ७।७०

(ii) मनीषिभिः साप्तपदीनमुच्यते । कुमा० ५।३९

(ग) श्येनपक्षपरिधूसरालकाः
सान्ध्यमेघरुधिरार्द्रवाससः
अङ्गना इव रजस्वला दिशो
नो बभूवुरवलोकनक्षमाः । रघु० ११।६०

(घ) (i) एभिः साधोः हृदयनिहितैर्लक्षणै र्लक्षयेथा
द्वारो पान्ते लिखित वपुषौ शङ्ख पद्मौ च दृष्ट्वा । मे० उ०१७।

(ii) नेत्रानीताः सततगतिना यदविमानाग्रभूमी
रालेख्यानां नव जलकणैर्दोषमुत्पाद्य सद्यः ।
शङ्का स्पृष्टा इव जलमुचस्त्वादृशा जालमार्गैं
धूमो द्वाराऽनुकृति निपुणा जर्जरा निष्पतन्ति । मे० उ० ६।

(ङ) शरैरुत्सवसङ्केतान् स कृत्वा विरतोत्सवान् । रघु० ४।७८

(च) (i) पुरुहूतध्वज स्येव तस्योन्नयन पङ्क्तयः
नवाभ्युत्थानदर्शिन्यो ननन्दुः स प्रजाः प्रजाः रघु०४।३

(ii) पुरन्दर श्रीः पुरमुत्पताकं
प्रविश्य पौरैरभिनन्द्यमानः ।
भुजे भुजङ्गेन्द्रसमानसारे
भूयः स भूमे र्धुरमाससञ्ज ॥ रघु० २।७४

(छ) (i) जालान्तर प्रेषित दृष्टिरन्या
प्रस्थान भिन्नां न बबन्ध नीवीम्
नाभिप्रविष्टाभरणप्रभेण
हस्तेन तस्था वलम्ब्य वासः ॥ कुमा० ७।६०

(ii) अर्द्धाचिता सत्वरमुत्थितायाः
पदे पदे दुर्निमिते गलन्ती
कस्याश्चिदासीद् रसना तदानी
मङ्गुष्ठमूलार्पितसूत्रशेषा । कुमा० ७।६१

(ज) सरलासक्तमातङ्गग्रैवेयस्फुरितत्विषः ।
आसन्नोषधयो नेतुर्नक्तमस्नेहदीपिकाः ।रघु ४।७५

(झ) ता इङ्गुदीस्नेहकृतप्रदीप
मास्तीर्ण मेध्याजिन तल्पमन्त; ।
तस्यै सपर्याऽनुपदं दिनान्ते
निवासहेतो रुटजं वितेरुः ॥ रघु० १४।८१

(ञ) नीवाराः शुकगर्भ कोटरमुखभ्रष्टास्तरूणामधः
प्रस्निग्धाःक्वचिदिङ्गुदी फलभिदःऽ सूच्यन्त एवोपला
विश्वासोपगमादभिन्नगतयः शब्दं सहन्ते मृगाः
स्तोयाधारपथाश्च वल्कलशिखानिष्यन्दरेखाङ्किताः ॥अभि० ६।१४

(ट) रात्रिर्गता मतिमतां वर ? मुञ्च शय्यां
धात्रा द्विधैव ननु धूर्जगतो विभक्ता
तामेकत स्तव बिभर्ति गुरुर्विनिद्र
स्तस्या भवानपरधुर्यपदावलम्बी । रघु० ५।६६

(ठ) (i) वप्राश्च पक्वकलमावृतभूमिभागाः ।
प्रोत्कण्ठयन्ति न मनो भुवि कस्य यत्र ।। ऋतु० शरद् ।५

(ii) नवप्रवालोद्गमसस्यरम्यः
प्रफुल्ललोध्रः परिपक्वशालिः
विलीनपद्मः प्रपतत्तुषारो
हेमन्तकालः समुपागतोऽयम् । ऋतु० हेमन्त० १

(iii) प्रभूत शालिप्रसवैश्चितानि
मृगाङ्गनायूथविभूषितानि
मनोहरक्रौञ्चनिनादितानि
सीमान्तराण्युत्सुकयन्ति चेतः । ऋतु हेमन्तः ८

(ङ) (i) क्लृप्तोपचारां चतुरस्रवेदीं
तावेत्य पश्चात् कनकासनस्थौ
जायापती लौकिकमेषणीया
मार्द्राक्षता रोपणमन्वभूताम् ।। कुमा० ७।८८

(ii) तौ स्नातकै र्बन्धु मता च राज्ञा
पुरन्ध्रिभिश्च क्रमशः प्रयुक्तम्
कन्याकुमारौ कनकासनस्था
वार्द्राक्षतारोपणमन्वभूताम् ।। रघु० ७।२८

(ण) तस्मिन्नद्रौ कतिचिदबला विप्रयुक्तः स कामी
नीत्वा मासान् कनक वलय भ्रंशरिक्तः प्रकोष्ठः ।
आषाढस्य प्रथमदिवसे मेघमाश्लिष्टसानुम्
वप्रक्रीडापरिणतगजप्रेक्षणीयं ददर्श ।।मेघ—पू०।२

(ढ) शापान्तो मे भुजग शयनादुत्थिते शार्ङ्गपाणौ
शेषान् मासान् गमयचतुरो लोचने मीलयित्वा ।
पश्चादावां विरहगुणितं तमात्माभिलाषं
निर्वेक्ष्यावः परिणत शरच्चन्द्रिकासु क्षपासु ।। मेघ० ३०४७

(त) शुश्राव कुञ्जेषु यशः स्वमुच्चै
रुद्गीयमानं वनदेवताभिः । रघुवंश २।१२

(थ) अत आहर्तुमिच्छामि पार्वतीमात्म जन्मने
उत्पत्तये हविर्भोक्तु र्यजमान इवारणिम् ॥
तामस्मदर्थे युष्माभि र्याचितव्य हिमालयः
विक्रियायै न कल्पन्ते सम्बन्धाः सदनुष्ठिताः कुमा० ६।२९-३०

२४ एवमिन्द्रियसुखस्य वर्त्मनः
सेवनादनुगृहीतमन्मथः
शैलराजभवने सहोमया
मासमात्रमवसद् वृषध्वजः । कुमा० ८।२०

२५. सन्तानकामाय तथेति कामं
राज्ञे प्रतिश्रुत्य पय स्वि नी
दुग्ध्वा पयः पत्रपुटे मदीयं
पुत्रोपभुङ्क्ष्व बि तमादिदेश । रघु २।६५

२६. द्विधा प्रयुक्तेन च वाङ्मयेन
सरस्वती तन्मिथुनं नुनाव ।
संस्कारपूतेन वरं वरेण्यं
वधूं सुखग्राह्यनिबन्धनेन ॥ कुमा० ७।९०

२७. तत्प्रयातौषधिप्रस्थं सिद्धये हिमवत्पुरम्
महाकोशी प्रपातेऽस्मिन् सङ्गमः पुनरेव न । कु० ६।३३
अशून्य तीरां मुनिसन्निवेशै
स्तमोपहन्त्रीं तमसां विगाह्य
तत्सैकतोत्सङ्गबलिक्रियाभिः
सम्पत्स्यते ते मनसः प्रसादः । रघुवंश १४।७६
अथ जातु रुरोर्गृहीत वर्त्मा
विपिने पार्श्वचरैरलक्ष्यमाणः
श्रमफेनमुचा तपस्विगाढां
तमसां प्राप नदीं तुरङ्गमेण ॥
कुम्भपूरणरवः पटुरुच्चैः
रुच्चचार निनदोऽम्भसि तस्याः
तत्र स द्विरदबृंहितशङ्की
शब्द पातिनमिषुं विससर्ज ॥ रघुवंश ९।७२-७३

(न) (i) तत्रावश्यं वलय कुलिशो द्धट्टनोद्गीर्णतोयं
नेष्यन्ति त्वां सुरयुवतयो यन्त्र धारा गृहत्वम्
ताभ्यो मोक्षस्तव यदि सखे धर्मलब्धस्य न स्यात्
क्रीडालोलाः श्रवण परुषै र्गर्जितै र्भीषये स्ताः ।
मेघदूत ५० में ६१

(ii) यन्त्र प्रवाहैः शिशिरैः परेतान् रसेन धौतान् मलयो दभवस्य
ज्ञ घु० १६।४६
शिलाविशेषानधिशय्य निन्युर्धारा गृहेस्वातपमृद्धि मन्तः ।

(प) अथावमानेन पितुः प्रयुक्त
दक्षस्य कन्या भवपूर्वपत्नी
सती सती योगविसृष्टदेहा
ताँ जन्मने शैल वधूं प्रपेदे । कुमारसं भावम् । १।२१

(फ) (i) अस्त्युत्तरस्यां दिशि देवतात्मा
हिमालयो नाम नागाधिराजः
पूर्वापरौ तोयनिधी वगाह्य
स्थितः पृथिव्या इव मानदण्डः ॥

(ii) यं सर्व शैलाः परिकल्प्य वत्सं
मेरौ स्थिते दोग्धरि दोहदक्षे
भास्वन्ति रत्नानि महौषधीश्च
पृथूपदिष्टां दुहुर्धरित्रीम् ॥ कुमार सम्भवम् १।१-२

(ब) शब्दायन्ते मधुरमनिलैः कीचकाः पूर्यमाणा
संक्ताभि स्त्रिपुर विजयो गीयते किन्नरोभिः ।
निर्ह्लादी ते मुरज इव चेत् कन्दरेषु ध्वनिः स्यात्
सङ्गीतार्थो ननु पशुपते स्तत्र भावी समग्रः ॥ मेघदूत पू० मे० ५६

आत्मानमालोक्य च शोभमाना
(भ) (i) मादर्शबिम्बे स्तिमितायताक्षी
हरोपयाने त्वरिता बभूव
स्त्रीणां प्रियालोक फलो हियः । कुमा० ७।२२

(भ) (i) क्षाम क्षाम कपोल माननमुरः काठिन्यमुक्तस्तनं
मध्यः क्लान्ततरः प्रकाम विनतावं सौ छविः पाण्डुरा
शोच्या च प्रियदर्शना च मदनक्लिष्टेयमालक्षते
पत्राणामव शोषणेन मरुता स्पृष्टा लता माधवी ॥ अभि ३।८

(ii) वसने परिधूसरे वसाना
नियमक्षाममुखी धृतैक वेणिः ।
अति निष्करुणस्य शुद्ध शीला
मम दीर्घं विरहव्रतं बिभर्ति ॥ अभि ७।२१

(म) (i) तां चावश्यं दिवसगणनातत्परामेकपत्नी
मव्यापन्नामविहतगति द्रक्ष्यसि भ्रातृजायाम् ।
आशाबन्धः कुसुमसदृशं प्रायशो ह्यङ्गनानां
सद्यः पाति प्रणयि हृदयं विप्रयोगे रुणद्धि । मेघदूत पू० मे० १०

(ii) शापान्तो मे भुजगशयनादुत्त्थिते शार्ङ्गपाणौ
शेषान् मासान् गमय चतुरो लोचने मीलयित्वा
पश्चादावां विरहगुणितं तं तमात्माभिलाषं
निर्वेक्ष्यावः परिणतशरच्चन्द्रिकासु क्षपासु । मेघदूत उ० मे० ४७

(व) (i) अथात्मनः शब्दगुणं गुणज्ञः
पदं विमानेन विगाहमानः
रत्नाकरं वीक्ष्य मिथः स जायां
रामाभिधानो हिरित्युवाच ॥ रघु० १३।१

(ii) अवाकिरन् वयोवृद्धास्तंलाजैः पौरयोषितः
पृषतैर्मन्दरो दधूतैः क्षीरोर्मय इवाच्युतम् । रघुवंश ४।१७

(श) (i) राजा—
(स्तोक मन्तरं गत्वा) तपोवन वासिनामुपरोधो मा भूत् ।
एतावत्येव रथं स्थापय यावदवतरामि । अभि० १

(ii) अवैमि चैनामनघेति किन्तु
लोकापवादो वलवान् मतो मे
छाया हि भूमेः शशिनो मलत्वे-
ना रोपिताः शुद्धिमतः प्रजाभिः । रघु० १४।४०

राजा—

अलमाक्रन्दितेन। सूर्योपस्थाननिवृत्तं पुरूरवसं मामेत्य कथ्यतां, कुतो भवत्यः परित्रातव्याः। विक्रमोर्वशीयम्—१

(ष) (i) त्वय्येवं चिन्त्यमानस्य गुरुणा ब्रह्मयोनिना
सानुबन्धाः कथं न स्युः सम्पदो मे निरापदः॥

(ii) तस्मान्मुच्ये यथा तात संविधातुं तथार्हसि।
इक्ष्वाकूणां दुरापेऽर्थे त्वदधीना हि सिद्धयः॥ रघु० १।६४, ७२

यशः शरीरे भव मे दयालुः

हाम्रो पाञ्च भौतिक शरीर नश्वर छ, अस्थिर छ, जनन मरणधर्मा छ। हाम्रो शरीर मात्र होइन, चराचर जगत्का समस्त वस्तु यसै गरी नाशवान् छन्। जन्मनु हुर्किनु, बूढो हुनु, र अन्त्यमा मर्नु यही नै सांसारिक प्रक्रिया हो। जायते-अस्ति-वर्धते-विपरिणमते-उपक्षीयते-विनश्यति भन्दै दर्शनले सांसारिक वस्तुतत्वको नश्वरता प्रतिपादन गरेको छ।

असत्यबाट सत्यता तिर, अन्धकारबाट उज्यालो तिर त्यस्तै मृत्युबाट अमृतत्व तिर लाग्नु नै मनुष्यको प्रमुख कर्तव्य हो। यही नै मानवजीवन को लक्ष्य हो। प्राचीन ऋषि महर्षि तथा मुनि मनीषीहरूले यसै हुनाले आ-आफ्ना विवेक, शक्ति एवं साधनाका भरमा आफुलाई मृत्युञ्जयी र चिरञ्जीवी बनाउने प्रयास गरेका छन्। महाकवि कालिदास पनि यसै गरी आफ्नो साहित्य साधनाका भरमा आफूलाई जरामरण रहित बनाउन चाहने कवि हुन्। अर्को अर्थमा यी यशोजीवी तथा यशः प्रार्थी कवि हुन्। इनलाई अन्य स्वर्गादि धन द्रव्य भन्दा यशोधनमा बढी आस्था छ। गो भू हिरण्य याचना भन्दा यशोयाचनामा बढी उत्कण्ठा छ। देशकाल सापेक्ष्य तुच्छ पाञ्च भौतिक शरीरमा भन्दा तन्निरपेक्ष्य यशः शरीरमा कता कता धेरै श्रद्धा विश्वास छ।

कालिदास रघुवंशको द्वितीय सर्गमा बाघ माथि आक्रमण गर्ने सिंहलाई—मेरो भौतिक देह पिण्ड खर्च गरेर पनि मैले आफ्नो यशः शरीर को उपार्जन गर्नु छ। मेरो यशः शरीर जोगाई देउ-भनेर प्रार्थना गर्दै भन्दछन्—

यशः शरीरे भव मे दयालुः
एकान्त विध्वंसिषु मद्विधानां
पिण्डेष्वनास्था खलु भौतिकेषु। र० २।५७

त्यसै कारण पाणिनि आदिका परम्परामा हुर्केका कालिदासले आफ्ना कृतिहरूमा आफूलाई देशकालको सीमामा पार्ने खालका संकेत सम्म दिएनन्। अतः इनीहरू आज सम्म पनि सार्वभौमिक र सार्वकालिक हुन पुगेका छन्। फल-स्वरुप इनका पश्चाद्वर्तीहरूलाई इनका गाउ-ठाउँ र तिथि-मितिको निश्चय गर्नु एउटा महान् समस्या हुन पुगेको छ। यस प्रसंगमा समालोचकहरूका विभिन्न पक्ष हरूको सिंहावलोकन गर्दा "अन्धेनैव नीयमाना यथान्धाः" जस्तो स्थिति पनि कहिले काहीं पर्न खोज्दछ। अब कालिदासको तिथि-मिति बारे पनि आजसम्म समालोचकहरूले ओल्याएका संकेत हरूको संक्षिप्त जानकारी लिनु उपयुक्त नै हुनेछ।

यशस्वी मनीषीहरूले आफ्ना गाउँ-ठाउँ तथा तिथि-मितिको उल्लेख न गर्ने परम्परा पौरस्त्य विद्वान्हरूको मात्र होइन। पश्चिमेली विद्वान्हरू पनि यस्ता भेटिएका छन्। उदाहरणका लागि विश्व प्रसिद्ध यूनानी महाकवि होमरलाई नै लिन सकिन्छ। कालिदासलाई जस्तै होमरको जन्मस्थान बारे चर्चा गर्ने इनका समालोचक हरूले पनि तँछाड-मछाड गर्दै लगभग सात-सात ठाउ संग इनलाई सम्बद्ध मानेका छन्। अहिले सम्म कालिदासका तिथि-मिति बारे इनका समालोचकहरूले निर्धारण गर्न खोजेका समय संकेत अधोलिखित छन्—

१—ई० पू० दोस्रो शताब्दी
२—ई० पू० पहिलो शताब्दी
३—तेस्रो ईशवीय शतक
४—चौथो ईशवीय शतक
५—पाचौं ईशवीय शतक
६—छैंठों ईसवीय शतक

अब इनका पक्षमा दिइने तर्कको पनि संक्षिप्त विवरण दिइन्छ—

ई० पू० दोस्रो शताब्दी

संस्कृत साहित्यका प्राचीन नाटकहरू मध्ये सम्भवतः दुई नाटकहरूमा मात्र त्यस्ता 'भरतवाक्यम्' छन्, जसमा व्यक्तिविशेषको उल्लेख गरिएको छ। ती नाटक मध्ये एउटा हो कालिदास कृत विक्रमोर्वशीयम्, अर्को हो विशाखदत्त रचित मुद्रा राक्षस। कालिदासको जन्म ई० पू० दोस्रो शताब्दी मान्ने हरूले विक्रमोर्वशीयम् को 'भरत वाक्यम्' लाइ नै आधार मानेका छन्।[1]

विक्रमोर्वशीयम्को 'भरतवाक्यम्' मा अग्निमित्रको उल्लेख गरिएको छ। अग्निमित्र भारतवर्षको इतिहास अनुसार शुङ्ग वंशीय राजा हुन्। शुङ्गवंशीय राजा अग्निमित्र को उल्लेख भएको हुनाले त्यस नाटकका रचयिताको समय पनि त्यसै बेला मान्ने औचित्य यसका पक्षधरहरूले गरेका छन्। यस मत अनुसार कालिदासको समय लगभग १५० ईशवीय वर्ष अघि हुन पुग्दछ।

यस मतका समर्थकहरू रघुवंशको अश्वमेधलाई पुष्यमित्रले गरेका अश्वमेध संग जोड्ने गर्दछन्। रघुले फारस देशमा पुगेर गरेको विजयलाई वसुमित्रको यवन विजय संग सम्बद्ध मान्दछन्[2]।

ई० पू० प्रथम शताब्दी -

कालकाचार्य कथानक भन्ने पुस्तक हर्मन जैकोबी द्वारा सम्पादित छ।[3] यसमा उल्लिखित कथा अनुसार आचार्य कालक तपस्वी एवं विद्वान् थिए। इनी उज्जयिनी वस्दा इनकी सानी वैनी माथि राजा गर्दभिल्लको कुदृष्टि पर्‍यो। कालकाचार्यले निकै प्रयास गर्दा

पनि राजावाट आफ्नी बहिनी जोगाउन सकेनन् । यसको प्रतिशोधका लागि आचार्य कालक सिन्धु पारी वस्ने शकहरूका शरणमा पुगे । शकहरूले उज्जयिनी मा आक्रमण गरेर त्यस माथि विजय गरे । राजा गर्दभिल्ल बन्दी बनाइए ।

यसका केही वर्ष पछि गर्द भिल्लका छोरा विक्रमादित्यले पुनः शकहरू माथि विजय प्राप्त गरे र तिनीहरूलाई धपाये । इनले आफना प्रजाका सम्पूर्ण ऋण चुकता गरिदिए । यसरी विक्रम सम्वत् को थालनो गरे । जैकोवी सम्पादित कालकाचार्य कथानक मात्र कथा हो, तथापि शारपेन्टियर, रैप्सन, नार्मन ब्राउन तथा स्टैन कोनो आदि पश्चिमेली विद्वान्हरूले यसमा सत्य देख्दछन् ।

अश्वघोष तथा कालिदासका कृतिहरूमा पाइने शब्द साम्य तथा भाव साम्य का आधारमा पनि यो पक्षले कालिदासलाई अश्वघोष पूर्ववर्ती भन्दछ । भीटा उत्खनन द्वारा पाइएको पदक मा देखिने चित्र अनुसार पनि कालिदास ई० पू० प्रथम शतीका हुन सक्ने कुरा यसका पक्षधरहरूले मानेका छन् । मेघदूतमा विदिशालाई राजधानीको रूपमा उल्लेख गरिनुले पनि कवि ई० पू० प्रथम शताब्दी कै हुनुमा वढी सवाउ पुऱ्याइए को छ ।

ईसवीय वर्षको तेस्रो शतक—

भारत का ख्यातनामा ज्योतिर्विद् वी० डी० केतकरले कालिदासको समय ईशवीय वर्ष २८० को नजीक मानेका छन् । इनको प्रवल आधार कालिदास कै रघुवंशमा १६ रौं सर्गका ४२–४४ श्लोक हुन्[४] ।

"ग्रीष्म ऋतुको प्रारम्भ भयो । अत्यन्त गर्मी चढ्दी सक्यो । अव त त्यस्तो लुगा लगाउनु पर्ने भयो जो नाकले सास फेर्दा मात्रै पनि फरर भएर उड्न थालोस् ।

जब दक्षिणायन प्रारम्भ हुन्छ, उत्तर दिशाले हिमालयको हिउँ पगाल्न थाल्द छ । त्यो हिउँ पग्लिनु उसको आनन्द प्रद शीतल अश्रु वृष्टि हो[५] ।"

यहाँ दक्षिणायन प्रारम्भ हुनुलाई "अगस्त्य चिन्हादयनात्' प्रयोग कालिदास ले गरेका छन् । यस बाट कालिदासका समयमा दक्षिणायनको प्रारम्भ क्रान्ति वृत्तमा अगस्त्यचिन्हको समीप हुन्थ्यो भन्ने कुरा समालोचकले स्वीकार गरेका छन् । यस प्रसङ्ग लाई यसरी व्यक्त गर्नु उचित होला—

वाराह मिहिरका अनुसार पहिले ई० पू० १४०० को वेदाङ्ग ज्योतिष को कालमा दक्षिणायन अश्लेषाको मध्यमा हुन्थ्यो । अर्थात् अश्विनी-नक्षत्रको प्रथम बिन्दुदेखि ११३·३ अंशमा हुन्थ्यो । पछि वाराह मिहिरका समयमा (लगभग ५२० ई० वर्षमा) अश्विनी को प्रथम बिन्दुदेखि ८६·७ अंशमा दक्षिणायन हुनथाल्यो ।

सूर्य सिद्धान्त तथा वाराह मिहिरको पञ्चसिद्धान्तिका दुवैमा अगस्त्यलाई ९० अंशको भोग दिइएको छ । अतः कालिदासका समयमा अश्विनीको प्रथम बिन्दु-

देखि नब्बे अंशमा दक्षिणायन हुने कुरा यसबाट देखिन्छ। यहाँ विषुवको पूर्व गामिता ७२ वर्षमा एक अंश को गतिले घटित हुने नियम पनि यस सन्दर्भमा स्मरणीय छ।

उपर्युक्त विवरणका आधारमा वाराह मिहिर तथा कालिदासका समयका दक्षिणायनमा ३·३ अंशको अन्तर भएको देखिन्छ। फलतः कालिदास वाराह मिहिर मन्दा २४० वर्ष पूर्व ५२४ – २४० = २८० ई० लगभगका हुन् भन्ने पक्षधरहरुको धारणा छ[६]।

ईसवीय पञ्चम शतक—

भारतको गिरिनार शिलालेखमा स्कन्द गुप्त द्वारा हूण विजयको उल्लेख छ। यसको समय ४५५ ई० हो। कालिदास पनि रघुवंशमा रघु द्वारा कुङ्कुम खेती हुने ठाउँ वङ्क्षु नदीको तटमा हूणको पराजयको उल्लेख गर्दछन्[७]। वङ्क्षु र वल्ख दुबै को सम्बन्ध अमरकोश टीकाकार क्षीर स्वामीले पनि प्रतिपादित गरेका छन्। आरेल स्टाइनले आक्सस घाटी मा ई० ४२० तिर हूणहरूको आक्रमण र अधिपत्य भएको मानेका छन्। अतः कालिदासको समय पनि ईशवीय पञ्चम शतक हुने कुरा यसका पक्षधरहरू मान्दछन्।

ईशवीय षष्ठ शतक—

मैक्समूलर कालिदासको समय ईसवीय षष्ठ शतक स्वीकार गर्दछन्। उनका मत अनुसार उज्जैनका राजा यशोधर्माले ५४४ ई० मा शक माथि विजय प्राप्त गरेका थिए। त्यसै उपलक्षमा इनले स्वयं विक्रमादित्यको उपाधि धारण गरे र विक्रम संवत् पनि चलाए।[८]

मैक्स मूलरको मत अनुसार बौद्ध शासन द्वारा लुप्त गराउन खोजिएको संस्कृत भाषा र साहित्य को पुनरुज्जीवन पनि यसै शतकमा भएको छ। अतः कालिदास पनि यसै शतकमा भए भन्ने इन को धारणा छ।

समीक्षा—

उपर्युक्त विवरण अनुसार कालिदास ईशवीपूर्व दोस्रो शतकदेखि छैठौं ईशवीय शतक सम्मका हुन सक्ने तर्कहरू माथिका विवरण द्वारा टड्कारो हुन्छ। यसरी सबैको मत स्वीकार गर्दा कालिदासका पाँच अवतार हुने भए। अथवा कालिदास लाई ई० पू० २०० + ६०० ई० वर्ष मिलाएर जम्मा ८०० वर्ष बाँचे को मान्नु पर्ने भयो। अतः उपर्युक्त मतको समीक्षा द्वारा कुनै निष्कर्षमा पुग्नु पर्ने आवश्यकता टड्कारो देखिन्छ।

'भरत वाक्यम्'' मा विश्वहित र विश्वजनीन सन्देशको उल्लेख गर्ने परम्परा संस्कृत नाटकको छ। यस दृष्टिले विचार गर्दा कालिदासका विक्रमोर्वशीयम्को

अन्तिम श्लोकले भरतवाक्यम्को वास्तविक उद्देश्य पूर्ति गर्दैन । अपितु नाटक कै कथानकको संकेत गर्दछ । अतः यसले न त अग्निमित्रको शासन कालमा नै विक्रमोर्वशीय नाटक लेखिएको भन्ने कुरा व्यक्त गर्दछ न त यसले कालिदास कै समयको कुनै संकेत गर्दछ ।

रघुवंश को अश्वमेध जहाँ पुष्यमित्र संग सम्बद्ध मानिन्छ, गुप्तवंशीय राजा ले गरेको अश्वमेध संग सम्बद्ध छैन भन्न सकिंदैन । यसै गरी मेघदूत को विदिशा विशाल शुङ्ग साम्राज्य को राजधानी न भएर मात्र दशार्णको राजधानी थियो भन्ने कुरा कालिदासीय शब्द प्रवृति ले बताएको छ[९] ।

यसै गरी कालिदास लाई ई० पू० पहिलो शतकका हुन् भन्दै कालकाचार्य कथानकलाई आधार मानेर स्थापित मत पनि त्यति साह्रो प्रामाणिक र तथ्यपूर्ण छैन । यो ग्रन्थ कुनै तिथि मिति निर्णय न भएको परवर्ती ग्रन्थ हो । अर्को कुरा ई० पू० प्रथम शताब्दीमा उज्जयिनी गर्दभिल्लका अधीन न भएर शातवाहन को अधीन थियो । सातवाहनले नै पनि विक्रमादित्यको उपाधि धारण गरेको बारे पनि ऐतिहासिक प्रमाण धित मर्दो गरी फेला पर्दैन ।

अश्वघोषलाई कालिदास पछिका मान्नु भन्दा कालिदास लाइ नै अश्वघोष पछिका मान्नु उपयुक्त देखिन्छ । कारण अश्वघोष भन्दा कालिदास विभिन्न दृष्टिले धेरै खारिएका कवि छन् । भीटा उत्खननवाट प्राप्त पदक पनि शाकुन्तलमा आधारित न भएर बौद्ध कथामा आधारित छ, भन्ने समीक्षकहरूको राय छ साँचीका तोरण द्वारका चित्रहरु यसै शैलीका छन्[१०] ।

डी० वी० केतकर अनुसार कालिदास को समय तेस्रो ईशवीय शतक हुन सक्ने कुराको उल्लेख माथि गरि सकियो ।[११] वस्तुतः यसमा पनि सन्देह गर्ने निकै ठाउँ छ—

कुवेर उतर दिशा तिर वस्छन् भन्ने कुरा र अगस्त्य दक्षिण दिशा तिर छन् भन्ने कुरा रूढ भै सकेको छ । अत एव दक्षिणायन भन्नु पर्ने ठाउँमा कालिदास अगस्त्य चिन्हादयनात् भन्दछन् । यति मात्र होइन दक्षिण दिशालाई रघुवंशको ४।१४ मा कविले 'अगस्त्य चरित' पनि भनेका छन् । यद्यपि कालिदासलाई ज्योतिषविद्यामा पनि जानकारी थियो, यसमा सन्देह गर्ने ठाउँ छैन । तथापि यहाँ अगस्त्य चिन्ह शब्द ज्यौतिष विद्याको दक्षिणायन लाई बुझाउने पारिभाषिक शब्दको रुपमा कालिदासले उल्लेख गरेका छैनन् । उनको दृष्टिकोण यस्तो भएको भए इनले स्पष्टतया पुनर्वसु-मध्य जस्ता शब्दको प्रयोग गर्ने थिए । तर कालिदास मूलतः कवि थिए । उनलाई तात्कालिक जनले बुझ्ने शब्दमा 'दक्षिणायन" भन्नु थियो, दक्षिणका लागि रूढ अगस्त्य शब्दको उल्लेख गरे । अतः यस भन्दा बढी पाण्डित्य प्रदर्शन गरेर कालिदासको समय ईशवीय तृतीय शतक मान्नु एउटा रमाइलो र बौद्धिक व्यायाम मात्र हुने जस्तो लाग्दछ ।

ईशवीय पञ्चम शताब्दीलाई पुष्टि दिने हूण विजयको मत पनि त्यति साह्रो स्पष्ट छैन । हूण जातिले यस मतका समर्थक द्वारा प्रतिपादित ईशवीय सन् ४२० वर्ष भन्दा पहिले नै आक्सस नदीको उत्तरी भेकमा आक्रमण गरिसकेका थिए भन्ने कुरा इतिहासबाट थाहा पाइन्छ । अतः यस मतमा अझ स्पष्टता आउन सकेको छैन ।

मैक्स मूलरले छैठौं ईशवीय शतकलाई संस्कृतको पुनरुज्जीवन काल माने का छन् र कालिदास यसै समयका हुन् भन्ने अफ्नो मत प्रतिपादन गरेका छन् । यसको विवरण माथि दिइएको छ । वस्तुतः मैक्समूलरको यो तर्क केवल तर्क हो । किन भने छैठों ईशवीय शतक भन्दा पहिले पनि संस्कृतमा ग्रन्थ रचना हुन्थे । उदाहरणार्थ महाकवि अश्वघोषले कनिष्कको पालामा साहित्य सृजन गरेका हुन् । पतञ्जलिका महाभाष्यमा शुङ्ग कालिक संस्कृत काव्यहरूको उल्लेख पाइन्छ । यसका अतिरिक्त मन्दसौरको वत्सभट्टिको शिलालेख, कावी शिलालेख, मन्दसौर के नरवर्मा, बन्धु वर्मा तथा प्रभाकर आदिका शिलालेखहरू यसका उदाहरण हुन् ।

उपर्युक्त विवरणका आधारमा मथिल्ला सबै मतहरूमा यथार्थ भन्दा तर्क बढी देखिन आएको कुरा स्पष्ट छ ।

निष्कर्ष

मथिका विवरणका अतिरिक्त एउटा अर्को पक्ष छ, जो कालिदासलाई चौथो ईशवीय शतकको मान्दछ । यस मत अनुसार कालिदास गुप्तवंशीय चन्द्रगुप्त विक्रमादित्यका समयका हुन् । कालिदाससाहित्यमा बहुलतया भेटिने गुप् धातुका विभिन्न रूपहरूलाई यसका उदाहरणका रूपमा लिन सकिन्छ ।

रघुको दिग्विजयको प्रसङ्गलाई समुद्र गुप्तको विजय यात्रा संग तुलना गरी हेर्दा ठीक उस्तै मिल्न आउँछ । समुद्रगुप्तको शिलालेख (प्रयाग) मा नेपाल नाउँ भेटिनाले कालिदासीय काव्यका नेपाल र त्यसका वरिपरिका क्षेत्र र त्यहाँका सामाजिक वातावरणको चित्रण, जसको विवरण माथिल्लो अध्यायमा गरिए को छ, झन् पुष्टि मिल्दछ । रघुवंश तृतीय सर्गको दिलीपको अश्वमेधले पनि चन्द्रगुप्त द्वितीयले गरेको अश्वमेध तिर संकेत गर्दैन भन्न सकिन्न[१२] ।

विक्रमोर्वशीयम् वारे को विवाद पनि यसै मतले टुङ्गो लगाई दिन्छ—

चन्द्रगुप्तले विक्रमादित्य उपाधि धारण गरेको महोत्सवको उपलक्ष्यमा नै कालिदासले विक्रमोर्वशीयम् नामक आफ्नो नाटक प्रदर्शन गरेका होलान् । विक्रमादित्यलाई खुशी पार्न भनेर नै उनले पुरुरवा र उर्वशी को नाउँमा लेखिएको नाटकलाई विक्रमोर्वशीयम् नाउँ दिएका होलान् । शब्दशास्त्रीहरूले पाणिनीय सूत्र "अधिकृत्य कृते ग्रन्थे" अनुसार पुरुरवा + उर्वशीयम् नाटकको नाउ हुनु पर्ने ठाउँमा

विक्रम + उर्वशीयम् भएकोमा विक्रम व्यक्तिलाई नाटकमा अधिकृत भएको मानेर (छ प्रत्यय नै हुन न सक्ने हुदाँ) विक्रमोर्वशीयम् पदलाई नै अपाणिनीय माने को कुरा पनि यहाँ उल्लेख्य छ। तर कालिदास आफ्नो उद्देश्यमा एकाग्र र दृढ प्रतिज्ञ थिए। अत: उनले-वाचमर्थो नुधावति को पक्ष लिए।

शक विजय गर्नेमा इनै चन्द्रगुप्तको नाउँ छ। इनलाई शकारि पनि भन्दछन्। ३९५ ई० का छिउँ छाउँ इनले मालवाका शक लाई पराजित गरेका थिए।

कालिदासका मेघदूतमा उत्तरमेचको पहिलो श्लोक संग मन्दसौरको वत्स भट्टि अभिलेखको दशौं श्लोकको र कालिदासका ऋतुसंहार पञ्चम सर्गको दोस्रो र तेस्रो श्लोक संग वत्स भट्टिका त्यसै अभिलेखको एकतीसौं श्लोकको भाव साहश्य दुरुस्तै मिल्न आउँछ[१४]।

कालिदास ले कु० ७।४२ मा चामर हस्ता गंगा यमुनाको वर्णन गरेका छन्[१५]। यस्ता मूर्तिहरू चन्द्रगुप्त द्वितीय का शासनकाल संग सम्बद्ध छन् भन्ने डॉ० वासुदेवशरण अग्रवालको भनाई छ। यस्ता मूर्ति हरू अझै पनि मथुरा तथा लखनऊ का पुरातात्विक संग्रहालयमा छन्।

[१५]कुषाणोत्तरकालका कलाकृतिहरूमा रघु० १०।७, १०।८, १०।६० र मेघदूत पूर्वमेघ का ६२ श्लोकका चित्रहरू पनि पर्दछन्। उपर्युक्त चित्रहरू वामन, शेषशायी विष्णु र कैलाश उठायेका रावणका चित्र हुन्। यस संदर्भमा हामीहरूले भोगिभोगासनासीन बुढानील कण्ठ, चतुर्बाहु हृषीकेश का रीडी आदि स्थानका अरू नेपाली मूर्तिहरूको पनि अलि गहिरो अध्ययन गर्नु पर्ने कुरा तिर पनि संकेत गर्दछ।

कमल दण्ड लिएकी तथा कमल नाल संगै क्रीडारत मूर्तिहरू जसको उल्लेख मालविका० ४।६ तथा कुमारसंभव ६।८४ मा छ, मथुरा संग्रहालयमा गुप्तकाल कै पाइएका छन्[१६]। हामीले नेपालमा पनि यस्ता मूर्तिहरूको खोजीमेलो गर्नु पर्ने स्थिति छ।

चन्द्रगुप्त विक्रमादित्यको शासनकाल ३८० देखि ४१३ ईशवीय वर्ष सम्म हुन सक्ने कुरा इतिहासविद्ले ठहऱ्याएका छन्। कालिदास यसै समय का कवि थिए। अतः कालिदासको समय पनि ईशवीय चतुर्थ शतकका अन्तिम दशक देखि ईशवीय पञ्चम शतकको पूर्वार्ध सम्म लगभग मान्नु पर्ने देखिन आउँछ।

देशकाल सीमातिक्रान्त कालिदासको यश: शरीरको जन्म र मृत्यु को चर्चा यद्यपि त्यति महत्व राख्दैन तथापि यशः शरीरको निर्माण पनि पार्थिव शरीर द्वारा नै हुन सक्ने हुनाले यस तिर उपेक्षा गर्न पनि भएको छैन। कालिदास को जन्म स्थान र तिथिमिति बारे नेपालको परिप्रेक्षमा अध्ययन गर्दा हामी कुनै टुङ्गामा पुग्न सक्यौं भने कविको यश: शरीर सम्बर्द्धन मा हाम्रो योगदान अविस्मरणीय हुने छ।

टिप्पणी

१—राजा— त्व मे प्रसाद सुमुखी भव देवि नित्यम्
एतावदेव हृदये प्रतिपालनीयम् ।
तथापीद मस्तु (भरतवाक्यम्)
आशास्यमीति विगम प्रमृतिप्रजानां
सम्पत्स्यते न खलु गोप्तरि नाग्निमित्रे । माल० ५।२०

२— पारसी काँस्ततों जेतुं प्रतस्थे स्थल वर्त्मना । रघु० ४।६०

३— कालकाचार्य कथानक (जैन ग्रन्थ) सम्पादक हर्मन जी० ज्याकोबी

४— अथास्य रत्न ग्रथितोत्तरीय
मेकान्तपाण्डुस्तन लम्बिहारम् ।
निःश्वास हार्यांशुकमाजगाम
घर्मः प्रियावेशमिवोपदेष्टुम् ॥

५— अगस्त्य चिह्नादयनात्समीपम्
दिगुत्तरा भास्वति सन्निवृत्त
आनन्द गीतामिव बाष्प वृष्टि
हिम स्रुति हैमवती ससर्ज ॥

६—क—अगस्त्यो मिथुनान्तगः । सूर्यसिद्धान्तः । ८।१०
ख—पञ्चसिद्धान्तिका १४।४०

७— विनीताध्वश्रमास्तस्य वङ्क्षु तीर विचेष्टनैः ।
दुधुवुर्वाजिनः स्कन्धाँल्लग्न कुङ्कुमकेशरान् ॥
तत्र हूणावरोधानां भर्तृषुव्यक्त विक्रमम् । रघु० ४।६७-६८

८— राजतरंगिणी— कल्हणकृत । सर्ग ३।१८६

९— त्वय्यासन्ने परिणतफल श्याम जम्बू वनान्ताः
सम्पत्स्यन्ते कतिपयदिन स्थायि हंसा दशार्णाः ।
तेषां दक्षि प्रथित विदिशा लक्षणां राजधानीम् । मेघ० पू० २-३२४

१०-इलाहाबाद यूनिभर्सिटी-ष्टडीज । खण्ड-२ क्षेत्रेशचन्द्र चट्टोपाध्याय ।

११- डी० वी० केतकर— जर्नल्स ओफ दिभाण्डारकर इन्स्टिच्यूट भाग ३६१पूना १९५५

१२– नियुज्यते होमतुरंग रक्षणे
धनुर्धरं राज सुतैरनुद्रु तम्
अपूर्ण मेकेन शतक्रतूपमः
शत क्रतूना मप विघ्न माप सः । रघु० ३।३८

१३– विद्यु त्वन्तं ललिता वनिताः सेन्द्रचापं सचित्राः
संगीताय प्रहत मुरजाः स्निग्ध गम्भीर घोषम्
अन्तयोस्तोयं मणिमय भुव स्तुंग मभ्रं लिहाग्राः
प्रासाद स्तवां तुलयितु मतां यत्र तै सौ विशेषैः । मे० ३०।१

तुलनीय मन्दसौर अभिलेख—

ख— चलत्पताकान्यबला सनाथा
न्यत्यर्थ शुक्ला न्यधिकोन्नतानि
तडिल्लता चित्र सिताभ्रतुल्य
तुल्योपमानानि गृहाणि यत्र ॥

निरुद्ध वातायन मन्दिरो दरं
हुताशनो भानुमतो गभस्तयः
गुरुवणि वासांस्यबलाः सयौवनाः
प्रयान्ति कालेस्य जनस्य सेव्यताम् ॥

तथैव—

न चन्दनं चन्द्रमरीचि शीतलं
न हर्म्यपृष्ठं शरदिन्दु निर्मलम्
न वायवः सान्द्र तुषार शीतलाः
जनस्य चित्तं रमयन्ति साम्प्रतम् ॥

तुलनीय –

रामासनाथमनतोदर भास्क रांशु—
वन्हि प्रतापभुजगे । जलनीलनीले
चन्द्रांशु धर्मतला चन्दनतालवृन्त–
हारोपभोगरहितो दिनदग्ध पद्मे ॥

१४– मूर्ते च गंगा यमुने तदानीं
स चामरे तत्र न्यसे विषाताम् । कुमा० ७।४२

आख्यात वाल्मीकि निकेत मार्गः

कालिदास हिमाली कवि हुन्। हिमालय उनका काव्य को महत्वपूर्ण विषय हो। हिमवत्खण्ड नै उनको जन्म स्थान हो। जननी र जन्मभूमिलाई स्वर्ग भन्दा पनि ठूली मान्ने परम्परामा हुर्केका कवि कालिदास हिमवत्खण्डलाई स्थानान्तरित स्वर्ग मान्दछन्। यति मात्र होइन, देवभूमि हिमालय र यसको सेरो फेरोमा बस्ने हरूले यदि पुनः अर्को कुनै स्वर्ग का लागि प्रयास गर्दछन् भने त्यो प्रयास व्यर्थ हुन्छ। यो कुरा कविले कुमारसम्भवमा भनेका छन्। कुरा ठीकै हो – स्वर्गमा बसी रहेको व्यक्ति निरन्तर स्वर्ग मै बस्न पाउने अभिलाषा अवश्य गर्ला तर त्यो अर्को कुनै स्वर्गको कामना निश्चय नै गर्दैन। -

वाल्मीकि पनि हिमाली कवि हुन्। उनले आफू किराती प्रदेशमार्केबढे कोहु कुरा स्वयं आफैले भने का छन्–अहं पुरा किरातेषु किरातैः सह वर्धितः। स्कन्द पुराण

वाल्मीकि आश्रम कृष्ण गण्डकी (तमसा) तीरमा छ। कृष्णगण्डकी हिमत्खण्ड कै नदी हुन्। अतः वाल्मीकि र कालिदास दुवै एउटै क्षेत्रका कवि हुन पुग्दछन्। यस वारे यथास्थान चर्चा गरिएको र गरिने छ।

कालिदास आफ्ना पूर्ववर्ती तथा समानाभिजन कवि वाल्मीकिबाट प्रशस्त प्रभावित छन्। रघुवंशको थालनी मै आफू पूर्ववर्ती कविहरूवाट प्रभावित भएको कुरा कालिदासले उल्लेख गरेका छन्।

अथवा कृत वाग्द्वारे वंशेऽस्मिन् पूर्वं सूरिभिः।
मणौ वज्र समुत्कीर्णे सूत्रस्यैवास्ति मे गतिः॥ रघु० १।४

कालिदासीय काव्यका प्रसिद्ध टीकाकार मल्लिनाथ उक्त श्लोकका पूर्वसूरभिः पदको अर्थ वाल्मीकादि कविभिः गर्दछन्। यस कुरामा सन्देह गर्ने ठाउँ नै छैन कारण संस्कृत वाङ्मयका दुइ उपजीवक ग्रन्थहरू मध्ये एउटा वाल्मीकि रामायण पनि हो।

कालिदास यस वाहेक अन्यत्र पनि वाल्मीकिको नाम ग्रहण काव्यमा यथा स्थान गर्न चुक्दैनन्। भास, सौमिल्ल, कविपुत्र जस्ता पूर्ववर्ती हरुको नाउँ उनी एक पल्ट मात्र लिन्छन्। अश्वघोष पनि पूर्ववर्ती नै हुन् तर इतको नाउ मैले भेटे क छैन। वाल्मीकिलाई भने कवि, प्राचेतस, तथा वाल्मीकि का नाउले घेरै पलो उल्लेख गर्दछन्। कालिदास लाई वाल्मीकिको निकेत घर (आश्रम) को मार्ग पनि थाहा छ। वाल्मीकि जनक र दशरथ दुवैका मित्र थिए भन्ने कुरा पनि कालिदास लाई थाहा छ। किन न होस, आखिर दुवै हिमवत्खण्डका कवि हुन्।

कालिदास ले रघुवंश का निम्न श्लोकहरूमा वाल्मीकिको नाउँ 'वाल्मीकि' पदले ग्रहण गरेका छन्—

रघुवंश को १४।४५ प्राप्य्य वाल्मीकि पदं त्यजैनाम् ।
रघुवंशको १४।५८ आख्यात वाल्मीकि निकेत मार्गः ।
रघुवंशको १५।११ वाल्मीकीये तपो वने ।
रघुवंशको १५।३७ वाल्मीके रिति सोऽत्यगात् ।
रघुवंशको १५।६४ वृत्तं रामस्य वाल्मीकेः ।
रघुवंशको १५।६९ तौ वाल्मीकि मशंसताम् ।
रघुवंशको १५।८० अथ वाल्मीकि शिष्येण ।

कवि र आदिकविको रूपमा वाल्मीकिको उल्लेख कालिदासले निम्न ठाउँमा गरेका छन्—

रघुवंशको १४।७० कविः कुशेध्माहरणाय यातः ।
रघुवंशको १५।३२ कविः कुशलवावेव चकार किल नामतः ।
रघुवंशको १५।४१ कवे राद्यस्य शासनात् ।
रघुवंशको १५।७१ कविः कारुणिको वव्रे ।
रघुवंशको १५।७५ कविमाह्वाययामास ।

प्राचेतस को नाउले पनि वाल्मीकिको स्मरण कालिदासले गरेका छन्—

रघुवंशको १५।६३ अथ प्राचेतसोपज्ञं रामायण मितस्ततः ।

यति मात्र होइन, प्रसङ्गान्तरप्रयुक्त 'शकुन्तलावण्यम्' पदले शकुन्तलाको स्मरण गराउने कालिदास लघु सन्देश पदा सरस्वती (आँ गर्दा अलङ्कार बुझ्ने) मा विश्वास गर्दछन् । अतः अभिज्ञान शाकुन्तल जस्तो नाटकमा पनि 'वल्मीक' पदको उल्लेख गरेर कविले वाल्मीकि को झझल्को पार्न वेर लाएका छैनन्—

वल्मीकाग्र निमग्नमूर्तिः । अभि० ७।११

ठीक यसै गरी वल्मीकाग्र शब्दको उल्लेख मेघदूतको १५ धौं पद्यको थालनी मै गरेका छन् ।

वल्मीकाग्रात् प्रभवति धनुष्खण्डमाखण्डलस्य । मेघदूत पू० १५

"श्लोकत्वमापद्यत यस्य शोकः" जस्ता वाल्मीकिका जीवन सम्बन्धी तथ्य उद्घाटन गर्ने महाकवि कालिदास अवश्य पनि वाल्मीकिलाई अत्यन्त नजीकै बाट जान्दथे भन्न सकिन्छ । यसकै प्रसङ्गमा यहाँ के पनि भन्नु अतिशयोक्ति हुने छैन भने आफू पनि हिमवत्प्रदेश कै हुनाले कालिदास वाल्मीकि लाई राम्ररी जान्दथे । हिमाली प्रदेश प्रति इनी अत्यन्त र भावुक हुनाको कारण ले गर्दा नै रघुवंशी राजाहरूको पाँच-पाँच श्लोक

मा वर्णन गरी तिनको वंशविस्तार गर्दछु भन्ने कवि जब हिमालयको प्रसङ्ग आउँछ, रघुवंशी राजा लाई समेत इनी वास्ता गर्न छोड्छन् ।

रघुवंशको वशिष्ठ आश्रम अयोध्यावाट दिनैक गम्य गंगा किनारको पहाड़ी भेक मा पर्दछ । यो क्षेत्र बाण गङ्गाक्षेत्रको पहाडी भाग हो भन्ने कुराको माथि उल्लेख छ । रघुवंशो राजाहरूको सम्पूर्ण सिद्धि समृद्धि यसै क्षेत्रका वशिष्ठका अधीनमा छ । यो कुरा दिलीपका मुखबाटै कविले भनाएका छन्—

इक्ष्वाकूणां दुरापेर्थे त्वदधीना हि सिद्धयः । रघु० १।७२

"हाम्रै हिमवत्खण्डका वशिष्ठाश्रमकी नन्दिनीकी आमा कामधेनुको अपमान गरेका हुनाले तिमीले श्राप पाएका हौ । अंतः तिनकै छोरी नन्दिनीको सेवा गर्‍यौभने पुनः सन्तान हुने छन्" भनेर राजा दिलीपलाई आफ्नो देशमा गाई गोठालो वनाउन कवि चुक्दैनन् । यो प्रसंग रघुवंश प्रथम सर्ग को हो ।

द्वितीय सर्ग रघुवंशमा आफ्ना गाउँ घरको नियम - विरुद्ध जथा भावी वस्तु छाडा छोड्ने तिनै राजा दिलीपको हुर्मत लिन पनि कविले छोडेनन् ।

चतुर्थ सर्गमा कम्बोज हूण पञ्चनद आदि सबै प्रदेश मा दिग्विजय गर्नै रघुलाई अन्त्यमा हिमवत्खण्ड पुर्‍याएर हिमाली नरेशका सामु उपहार चढाउन लगाई तिन संग मितेरी लगाउन लाउन पनि कालिदास चुक्दैनन् ।

कालिदासीय काव्यमा 'दरिद्र' पद छैन । दरिद्रताको उल्लेख छैन । यति हुँदा हुँदै पनि कालिदास रघुलाई टाट उल्टेको देखाउन चुक्दैनन् । अन्त्यमा कौत्सको गुरु-दक्षिणाको प्रसंग एठाएर र अनन्तरत्न—प्रभव उत्तरी हिमवंतप्रदेशबाट सम्पत्ति प्राप्त गरेर रघुलाई आफ्नो इज्जत राख्नु परेको कुरा कविले रघुवंशकै पाचौं सर्ग मा उल्लेख गरेका छन् ।

हिमाली भेकमा जथा भावी शिकार खेल्ने दशरथको पनि कालिदास ले सातो लिईदिए । हात्ती मारें भन्दा तपस्वी बटुलाई बाण लाग्न जादा उनका बाबु बाट राजाले पुत्रशोकको श्राप पाएको कुरा कालिदासले रघुवंशको नवौं सर्गमा लेखेका छन् ।

दृष्टान्त मापस्यसि भवानपि पुत्रशोका
दन्त्ये वयस्य हमिवेति तमुक्तवन्तम् । ९।७९

यसै गरी निरपराध सीतालाई निर्वासन दिए वापत रामको आफ्नै विचल्ली भएको कुरा कविले यसरी उल्लेख गरेका छन्—

कृत सीता परित्यागः सत्नाकर मेखलाम्
बुभुजे पृथिवी पालः पृथिवीमेव केवलाम् । रघु० १५।१

उपर्युक्त विवरण अनुसार आफ्नो अभिजनको पाइलैपिच्छे महत्त्व वर्णन गर्ने राष्ट्रवादी कवि कालिदास आफ्नै क्षेत्रकै पूर्ववर्ती कवि वाल्मीकि र उनका काव्यका

मर्मज्ञ त थिए-थिए स्वयं पनि प्रभावित थिए भन्ने कुरा उनका कृतिहरूबाट स्पष्ट थाहा हुन्छ। कालिदासीय ऋतुसंहार का वर्षा वर्णनको निम्न श्लोक वाल्मीकीय रामायण किष्किन्धा काण्डको २८ सौं सर्ग को २७ श्लोक संग अक्षरश: मिल्न खोज्द छ—

वहन्ति वर्षन्ति नदन्ति भान्ति
रुदन्ति नृत्यन्ति समा श्रयन्ति
नद्यो घना मत्तगजा वनान्ताः
प्रिया विहीनाः शिखिनः प्लवङ्गाः ॥

वाल्मीकि रामायण मा रघुवंशस्य चरितं चकार भगवान् मुनिः, अवाप्य सीतां रघुवंशजामिमाम्, अहं च रघुवंशश्च लक्ष्मणश्च महाबलः आदि स्थलमा 'रघुवंश' पदको उल्लेख पाइको छ। सम्भवतः वाल्मीकिका इनै शब्दबाट प्रभावित भएर कालिदासले आफ्ना काव्यको नाउँ "रघुवंशम्" राखेहोलान्।

यति मात्र होइन मेघदूतको रचना पनि कालिदासले वाल्मीकि रामायणबाटै प्रभावित भएर गरेका हुन् भन्दा रतिभर अतिशयोक्ति हुने जस्तो लाग्दैन। मेघदूतको मेघलाई कविले एक ठाउँ पवन तनयको उपमा दिएका छन् र यक्षिणीलाई सीताको। जस्तै—

इत्याख्याते पवन तनयं मैथिली वोन्मुखी सा। मेघदूत ३७

वाल्मीकि रामायण सुन्दर काण्डको ३७ सर्गमा सीता हनुमान संग भन्छिन्—

स वाच्यः सन्त्वरस्वेति यावदेव न पूर्यते।
अयं संवत्सरः काल स्तावद्धि मम जीवितम् ॥७॥
वर्तते दशमो मासो द्वौ तु शेषौ प्लवङ्गम।
रावणेन नृशंसेन समयो यः कृतो मम॥८॥

हनुमन् ? तिमीले मेरा स्वामी श्रीरामलाई एक वर्ष भित्रै आएर लैजान भन्नु। रावणले मलाई एक वर्षको मात्र समय दिएको छ। त्यस मध्ये नौ महिना बिती सके। यो दशौं महिना हो।

ठीक यसै गरी मेघदूतमा यक्षलाई पनि एक वर्षको शापावधि तोकिएको छ जसले गर्दा यक्ष प्रवासमा छ। यक्षलाई पनि, शापावधि पुग्ने ठिक्क कार्तिके ठूली एकादशीको दिनमा प्रेयसी भेट्न पुगिन भने त्यो मेरो वियोगमा छट्पटिएर मरि हाल्छे भन्ने कुरा थाहा न भएको छैन। हनुमान् पनि वर्षा ऋतु सकिएर शरद् लाग्ने बेला लंका (दक्षिण) तर्फ प्रस्थान गर्दछन्। शारद नवरात्रको भोली पल्ट अर्थात् विजया दशमीको दिन राम द्वारा रावण वध हुन्छ र सीता संग भेटघाट हुन्छ।

मानसून बोक्दै आषाढ १ गते दक्षिण लागेको मेघ फेरो बाटो घुमेर हिमालय मा पुग्दा न पुग्दा शरद् लाग्ने बेला मै फर्केर उत्तर तर्फ अलका पुग्द छ।

यक्षको शापावधि सकिने कार्तिके ठूली एकादशी शरदृतु मै पर्दछिन् । सीता र यक्षिणी दुवैको भेट शरद् ऋतुमा हुने मात्र होइन, दुवैका दूतहरू पनि वर्षभोग्यावधिका दुइ महिना अवशेष रहदै क्रमशः सीता र यक्षिणी भेट् न पुग्छन् भन्ने कुरा सम्म यहाँ मिल्न आउँछ ।

यहाँ ज्ञातव्य के छ भने लङ्का दक्षिण तर्फ पर्ने हुनाले हनुमान् दक्षिण तर्फ जान बाध्य थिए । मेघलाई यस्तो कुनै बाध्यता थिएन, तथापि आफ्नू कथा रामायणोप जीव्य हुनाले त्यसकै अनुसार त्यो पनि कालिदास द्वारा दक्षिणै पठाइन्छ । यस प्रसंग मा—कामकाज एकातिर कुम्लो बोकी ठिमी तिर-को परिस्थितिबाट मेघलाई जोगा-उन उज्जयिनीको निहुँ कालिदास ले मेघदूतम् मा उब्जाए ।

अयं संवत्सरः कालः तथा वर्ष भोग्येण भर्तु: अनुसार एक वर्ष को अवधि तोक्ने रामायणको रावण र मेघदूतको यक्षेश लाई पनि कालिदास उस्तै रूपमा चित्रण गर्न खोज्दछन् । त्यसैले यक्षको शापावधि तोक्ने कुबेर (धनद) हो भने सीता लाई वर्षावधि तोक्ने रावण पनि कालिदासको शब्दमा धनदानुजः हो । रघुवंश को बाह्रौं सर्ग को अठ्ठासियौं श्लोक मा कवि भन्दछन्—

भुज मूर्ध्नो रुबाहुल्या देकोऽपि धनदानुजः । रघु० १२।८८

कालिदासीय साहित्यका सुप्रसिद्ध टीकाकार मल्लिनाथ पनि मेघदूतमा वाल्मीकि रामायणको स्पष्ट प्रभाव मान्दछन् । सूर्यनारायण व्यास आफ्नो पुस्तक (विश्व कवि कालिदास) मा मेघदूत र वाल्मीकीय रामायणका एकदर्जन लगभग स्थलहरूको सोदाहरण तुलना प्रस्तुत गर्दै मेघदूत का ५० देखि १०० श्लोकहरुमा सम्म रामायणको स्पष्ट प्रभाव परेको दावी गर्दछन् ।

वाल्मीकि र कालिदासको एउटै शीर्षक अन्तर्गत चर्चा गरिएको यस क्रममा निम्न प्रसंगको पनि उल्लेख हुन् अनिवार्य जस्तै लाग्द छ—

संस्कृत मा साहित्य एवं धर्मशास्त्रका विशिष्ट विद्वान्‌का रूपमा प्रो० काणे चर्चित छन् । इनले पनि कालिदास को समय निर्धारण गर्ने प्रयास गरेका छन् । उनी भन्छन्-ईसवीय सन् भन्दा पहिले काल गणना गर्दा राशिचक्र क्रमको उपयोग हुदैनथ्यो । कालिदासले भने समय संकेतका लागि- राशिचक्र क्रमको उपयोग गरेका छन् । यसवाट स्पष्ट छ—कालिदास ईसवीय सन् प्रारम्भ हुनु भन्दा पहिले का होइनन् । यसै तर्कका आधारमा कालिदासलाई वाराह मिहिरका समकालिक मान्दै प्रो० काणे कालिदास को समय पाचौं ईशवीय शतक मात्र खोज्दछन् । राशिचक्र क्रमबाट काल निर्णय गर्ने प्रसङ्गमा प्रो० काणे कालिदासीय रघुवंशको निम्न पद्यलाई उद्धृत गर्दछन्—

ग्रहै स्ततः पञ्चभि रुच्च संश्रयै
रसूर्य गैः सूचित भाग्य सम्पदम्

उपयुक्त राशिचक्र क्रमलाई आधार मान्दा कालिदासको समय पाँचौ शताब्दी ईसवीय हुन्छ भन्ने काणेको मत ठीक छैन। यस्तै र यसै गरी स्वयं वाल्मीकि ले रामजन्म को समयमा राशिचक्र द्वारा श्री राम को जन्म समय को विवरण दिएका छन्—

नक्षत्रे दिति दैवत्ये स्वोच्च संस्थेषु पञ्चषु
गृहेषु कर्कटे लग्ने वाक्पती इन्दुबा सह
प्रोद्यमाने जगन्नाथे सर्व लोक नमस्कृतम्
कौशल्या जनयद् रामं दिव्य लक्षण संयुतम् । वारा० १८।१०

यो वाल्मीकि रामायण को प्रसङ्ग जसमा राम जन्म को ग्रह स्थिति को विवरण छ, माथि रघुवंश महाकाव्य को रघुजन्म को प्रसङ्गलाई तुलनात्मक रूपले अध्ययन गर्दा न कालिदासै ईसवीय पाचौं शतकमा ओर्लिन सक्दछन् न त वाल्मीकि नै यति तल झर्न सक्दछन्। दुवै कुरा मात्र तर्कमा आधारित भै हुन खोज्दछन्। वस्तुतः यसका तुलनात्मक अध्ययनबाट वाल्मीकि देखि कालिदास प्रभावित थिए भन्ने मात्र तथ्य निस्कन सक्दछ।

यसै गरी माथिल्ला परिच्छेद मा अगस्त्यचिन्हादयनात् जस्ता श्लोकबाट कालिदासको समय ज्योतिषमतका अनुसार निर्णय गर्ने प्रयास पनि यस्तै मष्तिष्क व्यायाम मात्र हुने जस्तो लाग्दछ। यसवारे चर्चा यथा स्थान गरिएकै छ। कालिदास ले काव्यमा अगस्त्यचिन्ह जस्ता शब्दको प्रयोग पनि वाल्मीकि कै प्रभावमा आएर गरेका हुन्। एउटै प्रदेशमा हुर्के बढेका कालिदास पूर्वज वाल्मीकिलाई अत्यन्त आदर पूर्वक हर्दथे र उनको अनुसरण गर्दा आफूलाई गौरवान्वित नै ठान्दथे। रघुवंशका आदिम श्लोक हरूबाट यो कुरा स्पष्ट नै छ।

आफ्नो क्षेत्र, आफ्नो प्रदेश र आफ्नो जन्मभूमिको माया कसलाई हुदैन? त्यसै कारण वाल्मीकि र कालिदास दुवै कविहरू प्रसंगले भेटे सम्म आफ्नै क्षेत्र तिर चरित्र नायक हरूलाई तान्न खोज्छन्। उदाहरण को लागि तमसा वारे केही विवरण प्रस्तुत गर्नु उपयुक्त होला।

तमसा वाल्मीकिको आफ्नो प्रदेश हो। वाल्मीकि तमसा तट मै वस्दछन्। यसै कृष्णाको तटमा धमिराले शरीरमा भित्तो उठाउन्जेल तपस्या गरेर इनी वाल्मीकि नाउँ ले प्रसिद्ध भए। व्याधाले क्रौञ्च पक्षीका रमाइला जोड़ी मध्ये एउटा लाई मार्दा वाल्मीकिका मुख बाट एका एक लौकिक संस्कृतको छन्द आविर्भूत भएको यही तमसातट हो। अतः वाल्मीकि रघुवंशी राजाहरूलाई मौका छोपी छोपी यतै तिर ल्याउँछन्। कालिदास ले उत्तर तिर बल गर्नु र वाल्मीकिले तमसा तर्फ बल गर्नु उस्तै देखिन आउँछ।

रामको वनवास को प्रसंग छ। जानु चित्रकूट तर्फ छ। अभिमुख हुनु छ दक्षिण तर्फ। तर राम सोझै तमसा पुग्छन् वाल्मीकि आश्रम तिर। बाल्मीकि रामलाई यता किन ल्याए ? भनेर आफै अत्तिन्छन् कारण दक्षिण जानु पर्ने राम लाई उत्तर ल्याउँदा रामले वाल्मीकि प्रदेश त देख्लान् यस बाहेक अरू कुनै अभीष्ट हुदैन। अन्ततः वाल्मीकि ले एउटा निउँ झिक्छन् —पछि पछि लाग्ने शहरवासी हरूलाई छलने एउटा जुक्ति हो उत्तर लाग्नु—

मोहनार्थं तु पौराणां सूतं रामो ब्रबीद् वचः
उदङ्मुखं प्रयाहि त्वं रथमादाय सारथे। अयो० ४६।३०
मुहूर्तं त्वरितं गत्वा निवर्तय रथं पुनः
यथा न विद्युः पौरा मां तथा कुरु समाहितः। अयो० ४६।३१

यसरी उत्तर तर्फ लाग्नुमा अरु केही मेरो स्वार्थ छैन वरु रामको वनवास कार्यक्रम निर्विघ्न तया सम्पन्न होस् भन्नु मात्र हो। वाल्मीकिले आफुलाई—पानी माथि ओवानो पार्दछन्—

उदङ्मुख तं तु रथं चकार प्रयाणमाङ्गल्य निमित्त दर्शनात्। अयो० ४६।३४

यसरी रामनिर्वासनको प्रसंगमा दक्षिण अयोध्याका रामलाई वाल्मीकि ले तमसा प्रदेश देखाउनु थियो र वक्रः पन्था को आश्रय उनलाई लिनु पर्‍यो। मेघदूत को प्रसंगमा यक्षले मेघलाई उज्जयिनी देखाउनु थियो अतः उसले पनि वक्र.पन्थाः को आश्रय लिन बाध्य हुनु पर्‍यो।

वाल्मीकि रामायण'को उत्तर काण्डमा पुनः सीता परित्यागको प्रसंग आउँछ। वाल्मीकि फेरि पनि सीतालाई तमसा पुऱ्याउन चुक्दैनन् जसरी भए पनि काव्यमा आफ्नो प्रदेश त्यहाँको आश्रम र त्यहाँकी नदी तमसाको नाउ अगाडी आओस् वाल्मीकि यही चाहन्छन्। भयो पनि यस्तै। राम--पनि पहिले तमसामा आए। सीता पनि तमसा तट मै ल्याएर छोडिइन्छन्।

कालिदास स्वयं हिमवत्खण्ड का कवि। आफ्नो प्रदेश का स्वाभिमानी कवि। उनी झन् किन चुक्थे। त्यसैमा पनि उनले-वज्रले प्वाल पारिएको मणिमा धागो छिरे जस्तै मेरा समाना भिजन पूर्वज वाल्मीकि ले बनाएका बाटा वाट म हिड्छुभन्ने कुरा प्रत्यक्ष भनेका छन्—

मणौ वज्र समुत्कीर्णे सूत्रस्यैवास्ति मे गतिः। रघु० १।४

कालिदास दशरथलाई तमसा प्रदेशमा घुमाई घुमाई ल्याउन्छन्। तीर्थको दृष्टि र शिकारको दृष्टि ले पनि। सीता लाई पनि तमसामा नै पुऱ्याउछन्। सम्भवतः सीता को सुरक्षा र अवधका भावी युवराजको राम्रो शिक्षा दीक्षा का लागि पनि। आफ्नो जन्म क्षेत्र र आफ्नी आमा को समेत जन्म भूमि यस

हिमवत्प्रदेश को भूभाग मा पछि इनी हरूले कुदृष्टि न राखौन् भन्ने धारणा ले पनि कालिदास ले यसो गरेको हुन सक्दछ । रघुलाई हिमवतखण्ड मा ल्याउन को यस्तै उद्देश्य भएको कुराको संकेत यथा स्थान गरिएकै छ ।

कालिदास र वाल्मीकि वारे माथि विस्तृत चर्चा गरियो । अव अन्त्यमा वाल्मीकि रामायण सुन्दर काण्ड, कालिदासीय रघुवंश महाकाव्यम् तथा कालिदासकै मेघदूतम्, यी तीनैका अध्ययन गरेर प्रस्तुत विषयमा एउटा निर्क्यौल झिक्नु परेको छ—
सन्तः परीक्ष्यान्यतरद् भजन्ते मूढः पर प्रत्यनेन बुद्धिः । माल १।२

मेघदूत काव्यको प्रथम पद्यमा नै यक्षले रामगिरि आश्रममा आफ्नो एक वर्षको शापावधि विताउदैं गरेको उल्लेख छ—

स्निग्धच्छाया तरुषु वसति रामगिर्याश्रमेषु । मे० पू० १।१

रामगिरि कहाँ छ? यो प्रश्न कालिदासीय साहित्यका समालोचक हरूका सामु ज्वलन्त छ । समीक्षकहरूलाई यस वारे कालिदासका तिथिमिति र जन्मस्थानका विषयमा भन्दा कम मगज खियाउनु परेको छैन । तर आज सम्म यसको कुनै टुङ्गो लागे को पनि देखिएन । हेरौं वाल्मीकि रामायण, कालिदासीय रघुवंश र मेघदूत यी तीनै मिलेर के कस्तो टुङ्गो लाउँछन् ।

रामगिरि कहाँ छ ? को उत्तर सर्वप्रथम कालिदासले मेघदूतका प्रथम श्लोकको तेस्रो चरणले दिएका छन्—जनकतनया स्नान पुण्योदकेषु । जहाँको जल वैदेही ले स्नान गरेर पवित्र भएको छ, त्यहि किनार मै रागगिरि छ र त्यसैको एउटा छिउँमा आश्रम बनाएर यक्ष आफ्नो प्रवासको समय विताउदैं छ । मेघदूत यत्ति मात्र भन्छ ।

अब सीताले स्नान गरेर पवित्र भएको जल कुन नदी वा जलाशय को हो पत्तो लाउनु पर्ने वाँकी नै रह्यो । यसको लागि हाम्रो मद्दत रघुवंश ले गर्न सक्ला कि ? एक पल्ट त्यसतर्फ पनि लाग्नु उचित होला ।

रघुवंशमा यस्तो खालको प्रसङ्ग खोज्दै जादाँ सीता निर्वासनमा आइ पुग्दा एकछिन् आडेनु पर्ने हुन्छ । यक्ष लाई जस्तै यहाँ पनि सीता लाई उनका स्वामी ले लगभग एक वर्षकै वनवास दिएका छन् । दोहृदर्शसिनी सीतामाथि लागेको जनापवाद दश मैन्हा पछि जन्मने बालक द्वारा अवश्य मेटिन्छ भन्ने रामलाई पूर्ण विश्वास थियो ।

रामको आज्ञानुसार लक्ष्मणले तमसा परिसरमा छोडिएकी सीता लाई-जनक र दशरथ दुवै को मीत हूँ-भन्ने वाल्मीकि ले भेटाउँछन् । सीतालाई संभाउछन् । यसै क्रममा उनी भन्छन्—

तपस्विजन सेवित दृष्ठा दृष्ठ-दुगै तमस् (पाप) नाश गर्ने यस तमसाको जलमा नित्य स्नान गरेर यसका तीरमा आउने पशु पक्षीहरूलाई बलि आहार खुवाउँदा तिमी मनका व्यथा बिर्सेर प्रसन्न रहने छ्यौ। तिम्रा इच्छपूर्ण हुनेछन्।

अशून्यतीरां मुनि सन्निवेशै
स्तमो पहन्त्रीं तमसां वगाह्य।
तत्सैकतोत्सङ्ग बलिक्रियाभिः
सम्पत्स्यते ते मनसोऽभिलाषः। रघु० १४।७६

सीताको दोहद समय देखि लवकुशोत्पत्ति सम्म मात्र होइन, लव र कुश ले समस्त शस्त्रास्त्र विद्यामा पारङ्गत हुदा सम्म, यति मात्र पनि होइन वाल्मीकि ले रामायण लेख्न थालेर पूरा गरुन्ज्याल सम्म, अझ त्यस भन्दा पनि वढी ३२ दिनमा एक पारायण हुने गरी रामायण को सस्वर गान सिक्दा सम्म को लामो अवधि सम्म सीता वाल्मीकि आश्रममा वसिन्। आफू वस्दा सम्म नित्य तमसामा स्नान गरिन् र ऋषिले वताए वमोजिम नियम र मर्यादाको पालन गरिन्। यसै कारण तमसा (कृष्णा) को जल जानकी द्वारा आफ्नो प्रवासको लामो अवधि सम्म अनवरत स्नान गर्नाले अत्यधिक पवित्र हुन गएको छ। जसको उल्लेख कालिदास मेघदूत मा गर्दछन्-जनकतनया स्नान पुण्योदकेषु।

अब वाल्मीकि रामायण तर्फ सिंहावलोकन गरौं। सीताले निर्वासन अवधि विताए को वाल्मीकि आश्रममा हो भन्ने कुरा इनका उत्तरकाण्डबाट स्पष्ट छ। यस अतिरिक्त राम सीता वनवास को प्रसंगमा वाल्मीकि रामायण को अयोध्या काण्डले सर्वप्रथम इनीहरुलाई उल्टो बाटो भए पनि तमसा पुऱ्याउछ। सुमन्त्र रथका घोडालाई पानी खुवाएर तमसा नजीकै चौरमा चर्न छोडि दिन्छन्। त्यसदिन पवित्र तथा शीतल तमसाको जल मात्र पिएर राम तृप्त हुन्छन्। हुन पनि हो— गर्मी ठाउका मेवा मिष्टान्न भन्दा हिमालबाट आएको स्वच्छ हावा र चीसो आँत भिजाउने खालको पानी मात्रैमा पनि वढी पोस हुन्छ। वाल्मीकिका शब्द मा—

ततः सुमन्त्रोऽपि रथाद्विमुच्य
श्रान्तान् हयान् संपरि वर्त्य शीघ्रम।
पीतोदकांस्तोय परि प्लुताङ्गान्
अचारयद्वै तमसा विदूरे॥ वा० अयो० ४५।३३
अद्भिरेव हि सौमित्रे वत्स्याम्यद्य निशामिमाम्।
एतद्धिरोचते मह्यं वन्येऽपि विविधे सति॥ वा० अ० ४६।१०
तां शय्यां तमसातीरे वीक्ष्य वृक्षदलैः कृताम्
रामः सौमित्रिणा सार्धं सभार्यः संविवेश ह॥ वा० अ० ४६।१५

गोकुलाकुल तीराया स्तमसाया विदूरतः
अवसत्तत्र तां रात्रिं रामः प्रकृतिभिः सह ।। वा० अ० ४६।१७

उपर्युक्त वाल्मीकि रामायण अयोध्या काण्डको प्रसङ्ग अनुसार पनि राम सीताको वनवास र सीताको निर्वासन संग सम्बद्ध तमसा नै कालिदासको जनकतनया स्नान पुण्योदक हो भन्ने तथ्यनै पुष्ट हुन्छ ।

रघुवंशीय साक्ष्य अनुसार उपर्युक्त १४।७६ रौं पद्यको तमो पहन्त्रीं तमसा वगाह्य पादांश द्वारा पनि जनकतनया स्नान पुण्योद्रक तमसाजल नै हुनु पर्ने तथ्य तिर स्पष्ट संकेतित भएको पाइन्छ यसको विवरण माथि दिईसकिए कै छ । तर तमसाको जल जनकतया स्नान पुण्योदक भए पनि त्यस भेकको पर्वत रामगिरि कसरी भयो ? भन्ने प्रश्न अझ टड्कारै छ ।

प्रबन्धको थालनींमा वाल्मीकीय रामायणको सुन्दरकाण्ड र कालिदासीय मेघदूतको तुलना गरिएको छ । रामगिरिका लागि पनि एकपल्ट त्यसतर्फ सिंहावलोकन गर्दा केह-तथ्य पाई हालिन्छ कि—

सीतालाई लङ्कामा हनुमानले भेट्छन त्यस बेला उनी सधै रामको चिन्तनमा तन्मय हुन्छिन् मनसा पनि वचसा पनि । राम जप वाहेक उनको अरु कुनै व्यवसाय हुदैन । सर्वात्मना राममनुस्मरन्ती हनुमान को यो उक्ति यहा उल्लेख्य छ । यस वाहेक त्यो पद्य पनि अवश्य उद्धरणीय छ जसमा सीता स्वयं भन्दछिन—म बुद्धिले पनि रामकै ध्यान गर्दछु मनले पनि रामकै स्मरण गर्छु वोलीले पनि रामकै उच्चारण गर्दछु तिनलाईनै सुन्छु तिनलाइनै देख्छु—

रामेति रामेति सदैव बुद्धया
विचिन्त्य वाचा ब्रुवती तमेव
तस्यानुरूपं च कथां तदर्था
मेवं प्रपश्यामि तथा शृणोमि । वा० रा० सु० ३२।१२

प्रवासमा यसरी निरन्तर राम जप्ने सीता ले निर्वासनमा पनि रामको त्यसै जप ध्यान न गरेको होलिन् भन्न मिल्दैन । वरु निर्वासनको समयमा झन् यस तर्फ सीताको तन्मयता र तीव्रता बढी देखिनु पर्ने टड्कारै छ । यसबाट के निर्क्यौल निकाल्न सकिन्छ भने निर्वासनका बेला सीताले अहर्निश अतन्द्रिता भएर उच्चरति रामनामले पावित तमसा तटवर्ती पहाडी भाग नै पछि कालिदासका समयमा रामगिरि नाउँले विख्यात र बहुश्रुत भयो जसको उल्लेख मेघदूतम्मा कवि राम-गिर्याश्रमेषु-भनेर गर्दछन् ।

अथवा वनवासका अवस्थामा पहिलो दिन रामले वास बसेको तमसा तटवर्ती पर्वतीय क्षेत्रनै रामगिरिको नाउले लोक वन्दित र लोक विश्रुत हुन पुग्यो ।

कि वा वाल्मीकिले रामकाव्य रचना गरेको पर्वत प्रदेशको स्मृति स्वरूप लोकले त्यसलाई पछि रामगिरि भन्न थालेको थियो जो कालिदासको समय सम्म यसै नाउले परिचित थियो ।

यो पनि हुन सक्दछ—राजकुमार लवकुशले वालककाल विताएको त्यो क्षेत्र र तिनी हरूले खाई खेली उफ्रे कुदेको थलोलाई पछिकाले उनको स्मृति स्वरूप रामकुमार गिरि भन्न थाले हुन् । त्यसै रामकुमारगिरि कालिदासको समयमा रामगिरि हुन पुगेको होस् ।

अथवा रामकुमार कुशलवले रामाश्वमेधको यज्ञीय अश्व समातेको र त्यसका संरक्षक हरू संग भएको युद्धस्थलको प्रतीक स्वरूप नैं त्यस पर्वतीय क्षेत्रको नाउँ रामगिरि भएको पनि हुन सक्दछ ।

आज पनि कपिलवस्तुका पहाडफेदीका थारु गाउँहरूमा रामकुमारको वार्षिक पूजा गर्ने चलन छ । रामकुआँरको नाउले प्रसिद्धि प्राप्त त्यस पूजामा त्यस वर्षको पूजा सम्पादनका लागि तोकिएका थारुगा उँ हरूले आफ्ना आफ्ना भागमा आई परेका काम गर्दछन् । स्मरणीय छ रामकुमारको मन्दिर भानिने कपिलवस्तुको भरतापुर गाउँको ढिस्कोमा अस्भै पनि प्राचीन मन्दिरको भग्नावशेष फेला पर्ने जस्तो भलाई लागेको छ । त्यहाका थारु गुरुवा हरूले रामकुमार वारे सोध्दा रामकुमार कुशलव सम्बद्ध कथा सुनाउँछन् । त्यहा मन्दिर वरि परि थारुको पूजामा पनि बलि चढाईदैन यो पनि आफैमा एउटा आश्चर्योत्पादक विषय हो । उक्त विषयको जानकारी दिलाउनुका साथै उपयुक्त स्थल देखाई दिनु भएको मा भरतापुरका समाज सेवी श्री हरिराजघिमिरे तथा पन्थी मास्टर साहेबको म ऋणी छु ।

यो रामकुमारको पूजन परम्परा त्यहा देखि पूर्व र पश्चिम सम्म नै लिएको कुरा पनि, स्थानीय वासिन्दा हरूले गरे । सम्भवत: यो परम्परा धेरै प्राचीन समय देखि चली आएको परम्परा हो । जसले रामगिरिका उपर्युल्लिखित तथ्य लाई नै पुष्टि दिन्छ ।

यसरी वाल्मीकि र कालिदासको तुलनात्मक रूपले अध्ययन गर्दा वाल्मीकिको वाटो कालिदास हिंडेको मात्र होइन कालिदासीय काव्यका स्थल विशष हरूमा वाल्मीकीय काव्य वाट नया आलकि पनि पाइने कुरा लाई अवज्ञा गर्न मिल्दैन ।

वागर्थप्रतिपत्तये

वाणी कामधेनु हुन् । इनका उपासना द्वारा मनुष्यका ऐहलौकिक तथा पारलौकिक मनोरथ पूर्ण हुन्छन् । अतः वाणीको सम्यक् ज्ञान मात्र होइन सुप्रयोग पनि अत्यावश्यक छ । गो शब्दको अर्थ गाईवाहेक वाणी पनि हो र पृथ्वी पनि ।

अत एव कालिदासका शब्दमा—चारै वेद ऋग्-यजुः साम र अथर्वलाई आफ्ना पयोधरमा वहन गर्ने गोरूपधरा पृथ्वी जस्ती वाग्देवता स्वरूपा नन्दिनीको राजा दिलीपले सन्तान कामाय सेवा गरेका छन्—

पयोधरी भूत चतुः समुद्रां
जुगोप गोरूपधरामिवोर्वीम् । रघु० २।३

नन्दिनी सामान्य गाई थिइनन् । इनी कामधेनु की पुत्री थिइन् । अन्य करोडौं गाईको समूह संग पनि एक्ली नन्दिनीको तुलना हुन सक्दैनथ्यो । कारण इनी केवल दुध दिने गाई मात्र न भएर मानव मनोरथ पूर्ण गर्ने कामदुघा थिइन् । यस रहस्यको उद्घाटन स्वयं नन्दिनीद्वारा उनकै शब्दमा भएको छ—

न केवलानां पयसां प्रसूति—
मवेहि मां कामदुघां प्रसन्नाम् । रघु० २ ।

इनै कामदुघाको आशीर्वाद पाएर सन्तानकाम राजा दिलीपले रघु जस्ता चक्रवर्ती छोरा पाए । इनै वाग्देवता नन्दिनीको उपासनाद्वारा कवियशः प्रार्थी कालिदासले आफ्नो तुच्छ प्राञ्च भौतिक मृत्पिण्डको यशः शरीरमा कायाकल्प गरे । कामदुघा नन्दिनीको उपासना र वर प्राप्तिको प्रसङ्ग भएको हुनाले नै आफ्ना घरहरूमा बालक हरूलाई काव्य पढाउनु पर्दा सबै भन्दा पहिले कालिदासीय रघुवंश काव्यको द्वितीय सर्ग नै पढाउने परम्परा हाम्रो देशमा अद्यावधि छदै छ । रघुवंशको प्रथम सर्गमा शापको सन्दर्भ उल्लिखित हुँदा त्यसलाई अध्यापन कार्यमा प्राथमिकता दिइदैन ।

यस प्रसंगमा कालिदासीय रघुवंशका १३ ह्रौं सर्गको त्यो पद्य जसमा रामले सीताको पाउजेब फेला पारेको सन्दर्भ सुनाएका छन्, चिन्तामणि मन्त्र गर्भित छ । (अर्थात् यस पद्यको आवृत्ति द्वारा मनुष्यका कामनापूर्ण हुन्छन्) भन्ने कि वदन्ती पनि छ । यो कुरा कालिदास साहित्यका विद्वान् डा० रेवा प्रसाद द्विवेदी आफूले सम्पादित कालिदास ग्रन्थावलीमा पनि उल्लेख गर्दछन् ।

प्रस्तुत छ उपर्युक्त पद्य—

सैषास्थली यत्र विचिन्वता त्वां
भ्रष्टं मया नूपुरमेकमुर्व्याम् ।
अदृश्यत त्वच्चरणारविन्द-
विश्लेषदुःखादिव बद्धमौनम् ॥ रघु० १३।२३

वनमा गो सेवा गर्दा दिलीपले सधैं नन्दिनीको इच्छाको ख्याल गरे । उनी माथि कहिल्यै इनले लहुरो सम्म पनि उझ्याएनन् । यति मात्र होइन, दिलीपले छाया जस्तै भएर नन्दिनीको सेवा गरेका छन् ।

नन्दिनी जता जान्थिन दिलीप उतै जान्थे । उनले थकाई मार्दा दिलीप पनि थकाई मार्दथे । आफुलाई जति सुकै तिर्खा लागे पनि उनी नन्दिनीले पानी न खाई आफू खादैन थे । साँझ आश्रममा फर्केर पनि उनी नन्दिनीको त्यसै गरी सेवा गर्थे । जति सुकै थाकेका भए पनि नन्दिनी न सुतिकन राजा सुत्दैनथे । संक्षेपमा भन्ने हो भने कविको शब्दमा राजाले इनको सेवा छाया जस्तै भएर गरे—छायेव तां भूपति-रन्वगच्छत् ।

यसरी विहान घामका झुल्का देखिए देखि राती नन्दिनी न सुते सम्म आफू छायाको रूपमा रहेर गो सेवा गर्ने कालिदासका दिलीप सबेरै ओछ्यान छोड्दा भने नन्दिनी जागी सके पछि मात्र आफू जाग्दथे । यद्यपि छायानुसार चल्ने दिलीपको लागि यसो गर्नु ठीकै थियो तर नन्दिनी जागी सक्दा सम्म विछौनामा घुरी रहने दिलीपको गो सेवा कसरी सफल भयो ? मालिक भन्दा ढीलो उठ्ने नोकरले आफू मालिकको छाया हूँ त भन्ला तर त्यसले स्वामीको कस्तो सेवा गर्दो होला ! विचार-णीय छ । छाया जस्तै भएर दिलीपले नन्दिनीको सेवा गरे भन्ने कालिदासले त्यसकै लगत्तै पछि उनी नन्दिनी भन्दा ढीलो उठ्दथे भन्दा सिंहको शब्दमा दिलीपको साटो इनलाई नै विचार मूढः किन न भन्नु ? नन्दिनी भन्दा दिलीप नै पछि उठ्दथे भनेर इनले भने कै छन्—सुप्तोत्थितां प्रात रनूदतिष्ठत् । रघु० २।२४

प्रश्न जटिल छ । वस्तुतः यहाँ ज्ञातव्य छ—कामधेनु पुत्री नन्दिनी वाग्धेनु हुन्, साक्षात् सरस्वती । अर्को अर्थमा विद्या । विद्या भनेको ज्ञान हो । ज्ञान बुद्धिमा रहन्छ अतः विहानीपख निद्रा खुल्दा दिलीपलाई पहिले म जागें भन्ने ज्ञान हुन्छ, अनि मात्र उनी ओछ्यान बाट उठ्छन् । यसरी प्रश्नको समाधान हुन सक्दछ । अतः यसबाट पनि कालिदासीय काव्य रघुवंशका द्वितीय सर्ग को वाग्देवता सरस्वती संग सम्बन्ध छ भन्ने कुरा गतार्थ हुन्छ । यो कुरा स्वयं वशिष्ठले राजालाई भनेका छन्—जसरी विद्या अर्थात् सरस्वतीको आराधना गरिन्छ, ठीक उस्तै गरी तिमीले नन्दिनीको सेवा गर्नु—विद्यामभ्यसनेनेव प्रसादयितु मर्हसि । रघु० १।८८

विद्याभिलाषी व्यक्तिले भगवान् शिवको आराधना गर्नु पर्दछ भन्ने सर्वमान्य

सिद्धांत छ—विद्याकामः शिवं भजेत् । यो उक्ति प्रसिद्ध नै छ । त्यसै कारण स्वयं मन्द हुँदा हुँदै पनि कवि यशः प्रार्थी कालिदास वागर्थप्रति पत्तिका लागि आफ्ना इष्टदेव शिवको आराधना गर्दछन्—

वागर्थाविव सम्पृक्तौ वागर्थप्रतिपत्तये ।
जगतः पितरौ वन्दे पार्वती परमेश्वरौ ॥ रघु० १।१

ज्ञान प्राप्तिका लागि शिवको आराधनाले प्राथमिकता प्राप्त गरे जस्तै ज्ञान प्राप्तिका लागि गरिने आराधना स्थलको रूपमा पनि हिमवत्खण्डकै प्रसिद्धि छ । विश्वामित्र वाल्मीकि र याज्ञवल्क्यको यस प्रदेशमा ज्ञान प्राप्तिका लागि सनकादि सिद्धहरूले पनि तपस्या गरेका थिए । यति मात्र होइन, ई० पू० ६०० तिर महर्षि पाणिनिले पनि शलातुर प्रदेश (वर्तमान लाहौर) बाट यसै क्षेत्रमा आएर शिवको आराधना गरेका थिए । वाल्मीकिको तमसा, याज्ञवल्क्यको रुरु क्षेत्र, सनकादि सिद्धहरूको उपासना स्थल सिद्धाश्रम (सुपाबजार) रावणको ताण्डव नृत्य गर्ने थलो नर्तनाचल (नरपानी) का साथै पाणिनिको तपोभूमि (पणेना) पनि यसै क्षेत्रमा पर्दछ । दिलीपले गो सेवा गरेको बाणगंगा प्रपात क्षेत्र पनि यसै प्रदेशमा पर्ने कुरा पनि यस प्रसंगमा यथा स्थान उल्लेख भएकै छ । यस संदर्भले प्रत्यक्ष वा परोक्ष रूपमा कालिदास र पाणिनिको सम्बन्ध प्रति हामीलाई जागरूक पारिदिन्छ । साँचै हो—जसरी आफ्ना पूर्वज तथा समानाभिजन आदि कवि वाल्मीकि बाट कालिदासले प्रभाव ग्रहण गरेका छन्, त्यसैगरी आफ्ना पूर्ववर्ती पाणिनिबाट पनि कालिदास अप्रभावित छैनन् । पाणिनिबारे यहाँ विशेष विस्तृत चर्चा न गरिकन कालिदासीय काव्यमा व्याकरणको प्रभावको मात्र यहाँ चर्चा गर्नु उपयुक्त हुने छ । कालिदासीय साहित्यमा भेटिएका व्याकरण सम्बन्धी प्रसंग निम्न छन्—

१—वागर्थाविव सम्पृक्तौ वागर्थ प्रतिपत्तये । रघु० १।१
२—प्रणवश्छन्दसामिव रघु० १।११
३—हैयङ्गवीनमादाय घोषवृद्धानुपस्थितान् । रघु० १।४५
४—क्षत्रस्य शब्दो भुवनेषु रूढः । रघु० २।५३
५—अवेक्ष्य धातोर्गमनार्थमर्थवित्
चकार नाम्ना रघुमात्मसम्भवम् । रघु० ३
६—लघुसंदेशपदा सरस्वती । रघु० ८।७७
७—पुराणस्य कवेस्तस्य वर्ण स्थान समीरिता ।
बभूव कृत संस्कारा चरितार्थेव भारती ॥ रघु० १०।३६
८—कृच्छ्लब्धमपि लब्धवर्णभाक् । रघु० ११।२
९—प्रत्ययः प्रकृतियोगसन्निभः । रघु० ११।५६

१०—धातोः स्थान इवादेशं सुग्रीवं संन्यवेशयत् । रघु० १२।५८
११—पश्चादध्ययनार्थस्य धातोरधिरिवाभवत् । रघु० १५।९
१२—उद्घातः प्रणवो यासां न्यायैस्त्रिभिरुदीरणम् । कु० २।१२
१३—प्रवृत्तिरासीच्छब्दानां चरितार्था चतुष्टयी । कु० २।१७
१४—यमक्षरं क्षेत्रविदो विदुः । कु० ३।५०
१५—स्त्रीपुंसावात्मभागौ ते भिन्नमूर्तेः सृसिक्षया
प्रसूतिभाजः सर्गस्य तावेव पितरौ स्मृतौ । कु० २।७
१६—शब्दमीश्वर इत्युच्चैः । कु० ६।७५
१७—शब्दो यथार्थाक्षरः । विक्र० १।१
१८—न मदनो विवृतो न च संवृतः । अभि० २।८२
१९—पुंस्कोकिलानां रुतम् । अभि० ६।४
२०—पुंस्कोकिलश्चूतरसासवेन । ऋतु० ६।१६

कालिकादास शिव र पार्वतीलाई शब्द र अर्थका प्रतीक मान्दछन् । यति मात्र होइन उनका पार्वतीपरमेश्वर शब्दार्थ जस्तै नित्य सम्बद्ध छन् । कवि कै शब्दमा सम्पृक्त छन्—अर्धनारीश्वरका रूपमा । जुन अर्थ हो त्यै शब्द हो । जुन शब्द हो त्यही नै अर्थ हो भन्दै पूर्वीय भाषा वैज्ञानिकहरूले शब्दार्थमा तादात्म्य देखेका छन्—"यः शब्दः सोऽर्थः । यो ह्यर्थः स शब्दः ।"

पाणिनिको सूत्र-स्वरूपं शब्दस्याऽशब्द संज्ञा । अ० १।१।६८ ले यसै तथ्यलाई पुष्टि गर्दछ । शास्त्रमा शब्दहरू शब्द परक हुन्छन् लोक अर्थात् व्यवहारमा ती नै शब्द अर्थ परक हुन्छन् । वस्तुतः आकृतिमा कुनै फरक हुँदैन । अत एव एउटै शब्द एउटा दृष्टिमा शब्द छ भने अर्को दृष्टिमा अर्थ । अतः यो शब्दार्थोभयदृष्टिले उभयात्मक पनि छ । व्याकरणको यसै सिद्धान्तलाई कालिदास रघुवंशको प्रथम सर्गको पहिलो श्लोकमा यसरी व्यक्त गर्दछन्—

वागर्थाविव सम्पृक्तौ वागर्थ प्रतिपत्तये
जगतः पितरौ वन्दे पार्वती परमेश्वरौ ॥१।१

जसरी एउटै शब्द शब्दार्थोभयात्मक हुन्छ । एउटै ईश्वर तत्त्व पार्वती परमेश्वर का रूपमा अर्धनारीश्वरात्मक भएर रहेको छ । यसै तत्त्वबाट समस्त शाब्दी एवं आर्थी किं वा उभयात्मक जगतको सृष्टि भएको छ । यसका कारणस्वरूप शिव पार्वती हुन् । अतः इनी नै जगतका एउटै पितरौ शब्द वाच्य माता पिता पनि हुन् । रघुवंश को उपर्युल्लिखित पद्यलाई कुमार सम्भवको निम्न पद्यले अझ स्पष्ट पारी दिन्छ—

स्त्री पुंसावात्मभागौ ते भिन्नमूर्तेः सिसृक्षया ।
प्रसूतिभाजः सर्गस्य तावेव पितरौ स्मृतौ ॥ कु० २।७

त्यसैले अक्षरलाई ब्रह्मस्वरूप मानिएको छ। यदक्षरं तदेव ब्रह्मको यसै सिद्धान्त-लाई पाणिनीयसूत्र अ अ ८।४।६८ ले व्यक्त पारीदिएको छ। योगिजन यसै ब्रह्मको उपासना गर्दछन्। यसैलाई शब्द ब्रह्म अक्षर ब्रह्म वा ईश्वर भन्दछन्। शब्द शास्त्री-हरूको यसै पौरस्त्य सिद्धान्तलाई अभिव्यक्ति दिएका छन् कालिदासीय कुमार सम्भ-वम्का निम्न दुई पद्यांश हरूले—

यमक्षरं क्षेत्रविदो विदुः··· । कु० ३।५०

शब्दमीश्वर इत्युच्चैः··· । कु० ६।७५

ब्रह्म अज अव्यक्त अनादि तथा निर्गुण तथा परात्परतर हुन्छ। अतः यो अतीन्द्रिय हुन्छ। केवल योगिगम्य हुन्छ। तथापि अदृश्य र अव्यक्त ब्रह्मको दृश्य स्वरूप प्रणव हो, ॐकार हो। यसैबाट समस्त जगत्प्रपञ्च हुन्छन्। ॐकार एव सर्वा वाक् सैषा स्पर्शोष्मभिर्व्यज्यमाना बह्वी नाना रूपा च भवति। श्रुति यसै भन्द छ।

उपर्युक्त प्रणव नै समस्त वेदको बीज स्वरूप हो। प्रणव रहित वेदको कल्पना पनि गर्न सकिंदैन। अतः कालिदास यसै तथ्यलाई रघुवंशको प्रथम सर्गमा व्यक्त गर्दछन्—

आद्यः प्रणवश्छन्दसामिव ।१।११

प्रणव अर्थात् ॐकारमा नै समस्त सृष्टि बीज छ। यसैमा अक्षर ब्रह्मको सृष्टि स्थिति र लय निहित छ। अर्को अर्थमा भनौं भने यस मैं चराचर जगत् (नामरूपो भयात्मक) का कारण स्वरूप ब्रह्मा विष्णु महेश्वर विराजमान छन्। प्रणव अ+उ+म्=ॐ हो। यस भित्रका तीन अक्षर मध्ये अ=ब्रह्मा, उ=विष्णु र म=महेश्वर हुन्। यो तथ्य लाई व्यक्त गर्ने पाणिनीय अष्टाध्यायीको माहेश्वर सूत्र छ अ ई उण्। मा० सू० १। इनै तीन अक्षरहरू सन्धिरूप शक्ति द्वारा एकीकृत भए र ॐ बन्न पुग्दछन्।

ॐकार वा प्रणव को उच्चारण तीन-तीन थरी हुन्छ। ह्रस्व दीर्घ र प्लुत तथा उदात्त अनुदात्त र स्वरित मध्ये प्रत्येकको प्रत्येकसंग सम्बन्ध हुन जांदा ३×३=९ हुन पुग्दछन्। काल भेद कि वा मात्रा तथा स्थानभेदले गर्दा एउटै प्रणवका अनन्त भेद हुन् जान्छन्।

सम्पूर्ण रहस्यलाई व्यक्त गर्ने पाणिनीय सूत्र हुन्—

ऊकालोऽज्झ्रस्वदीर्घ प्लुतः। पा० अ० १।२।२७

उच्चैरुदात्तः। पा० अ० १।२।२९

नीचैरनुदात्तः। पा० अ० १।२।३०

समाहारः स्वरितः। पा० अ० १।२।३१

यसै प्रणवको उच्चारण भेदले नै वेदका विभिन्न चार भाग भएका छन्। प्रत्येक

वेदमा प्रणवोच्चारण फरक फरक हुन्छ । विश्वका पहिला भाषा वैज्ञानिक तथा महा मनीषी महर्षि पाणिनिको यो व्याख्यालाई महाकवि कालिदासले यसरी अभिव्यक्ति दिएका छन्—

उद्‌घातः प्रणवो यासां न्यायैस्त्रिभिरुदीरणम् ।
कर्म यज्ञः फलं स्वर्गस्तासां त्वं प्रभावो गिराम् ॥ कु० २।१२

शब्द ४ थरि हुन्छन्—योग, रूढ, रूढयौगिक र यौगिकरूढ । अथवा यसरी पनि पनि शब्द चारै थरि मानिएको छ—जाति शब्द, गुण शब्द, क्रिया शब्द र संज्ञा शब्द । दुवै दृष्टिकोणले विचार गर्दा शब्दका चतुष्टयी प्रवृत्ति देखिन्छन् । यी सम्पूर्ण तथ्यहरूलाई पाणिनिले "यतश्च निर्धारणम् पा० अ० २।३।१४१ मा समाहित गरी दिएका छन् ।

यसलाई यसरी पनि व्यक्त गर्न सकिन्छ । वाणीका चार भेद छन्—परा पश्यन्ती मध्यमा र वैखरी । वैखरीबाट वाणीको स्थूल रूप जो अस्मदादि गम्य छ उच्चरित हुन्छ । यस बाहेक अन्य ३ भेद क्रमशः यसका सूक्ष्मतर एवं सूक्ष्मतम स्थितिका प्रत्या-यक छन् । उपर्युक्त समस्त शब्द शास्त्रीय सिद्धान्तलाई महाकवि कालिदासका निम्न श्लोकके यसरी छर्लङ्ग पारिदिएको छ—

पुराणस्य कवेस्तस्य चतुर्मुख समीरिता ।
प्रवृत्ति रासीद् शब्दानां चरितार्था चतुष्टयी ॥ कु० २।१७

माथिका अक्षरब्रह्म वा स्फोटात्मक शब्द कि वा एकः शब्दः को श्रवण मनन तथा निदिध्यासन गर्ने व्यक्तिलाई कहिल्यै पनि जनन मरण क्लेश रहदैन । यसै तथ्य-लाई पश्चाद्‌भावी भर्तृहरिले मोक्षार्थीहरूका लागि यही नै राजमार्ग हो भनेका छन् । कालिदास पनि उपर्युक्त अक्षर ब्रह्मको उपासना गर्ने व्यक्तिलाई जनन मरण सम्बन्धीं कुनै डर रहदैन भन्दछन् । कविले आफ्नो अभिव्युक्ति कुमार सम्भवमा यसरी दिएका छन्—

अनावृत्तिभयं यस्य पदमाहुर्मनीषिणः । कु० ६।७७

वर्ण स्थान र संस्कार अर्थात् साधुत्व व्याकरणका तीन मुख्य तत्त्व हुन्छन् । अष्टा-ध्यायीमा पाणिनिले पनि पहिले वर्णोपदेश गरे त्यसको संगै स्थान प्रयत्न र प्रत्याहार अनुस्यूत छ, किनभने स्थान प्रयत्न र प्रत्याहार सबै अक्षरसमाम्नायका क्षेत्र भित्रै पर्दछन् । त्यस पछि पालो आउँछ शब्द संस्कारको । व्याकरणको व्याकर्तव्य पनि यहि हो । व्याक्रियन्ते व्युत्पाद्यन्ते असाधुभ्यो विविच्य साधुत्वेन बोध्यन्ते शब्दा अनेन इति व्याकरणम् । यस तथ्यलाई महाकवि कालिदासले राम्ररी बुझेका छन । रघुवंशको दशौं सर्गको बाह्रौं श्लोकले पाणिनीय व्याकरणका त्यसै तथ्यलाई अभिव्यक्ति दिएको छ—

पुराणस्य कवेस्तस्य वर्णस्थानसमीरिता ।
बभूव कृत संस्कारा चरितार्थेव भारती । रघु० १०।१२

कालिदासका उपर्युक्त श्लोकमा पणिनीय अष्टाध्यायीका समस्त प्रक्रिया सूत्र तथा खास गरी "स्थानेन्तर तमः । पा० अ० १।१।५०" तुल्यास्य प्रयत्नं सवर्णम् । पा०अ० १।१।९ तथा "मुखनासिकावचनोऽनुनासिकः पा०अ० १।१।८ सूत्रहरू संग्रहीत हुन्छन । हुनपनि साचै हो वर्ण स्थान संस्कारशून्य शब्दमा वा पदमा यथार्थ अक्षर हुदैनन् । अतः त्यो संस्कृत शब्द वन्न सक्दैन । अतः वर्णस्थानसमीरितत्व र कृत संस्कारत्व गुण यस्ता छन् जसले विक्रमोर्वशीयम्को प्रथम अङ्कको प्रथम पद्यको निम्न अंशलाई पुष्टिदिन्छन् "शब्दो यथार्थाक्षरः" ।

केवल प्रकृति अथवा केवल प्रत्यय दुवैको स्थिति एक्लो अर्थात् अर्धो हुन्छ । त्यसैले व्याकरण शास्त्रमा केवल प्रत्यय र केवल प्रकृति प्रयोग गर्नु हुदैन । आजकालका भाषा वैज्ञानिकहरूले अत एव संस्कृतलाई प्रत्ययश्लिष्ट भाषामा वर्गीकरण गरेका छन् । पाणिनि आफ्नो अष्टाध्यायीमा प्रत्ययः । पा० अ० ३।३।१ परश्च । पा० अ० ३।३।२ तथा "ङ्याप् प्राति पदिकात् । पा० अ० ४।१।१ ले यसै तथ्यलाई अभिव्यक्ति दिन्छन् । महान् भाषा वैज्ञानिक पाणिनिको प्रत्यय र प्रकृतिका सह प्रयोगको सुमधुर सिद्धान्तलाई महाकवि कालिदास रघुवंश महाकाव्यम्को एघारौं सर्गको निम्न पद्यांशद्वारा यसरी अभिव्यक्त गर्दछन—

सोऽभवत् वरवधू समागमः ।
प्रत्ययः प्रकृति योगसन्निभः ॥ रघु० ११।५६

जसरी प्रकृति र प्रत्ययको सम्बन्ध छ ठीक त्यसै गरी विशेष्य र विशेषणको पनि परस्पर सम्बन्ध हुन्छ । विशेष्यका लिङ्ग वचन र विभक्ति अनुसार विशेषणका पनि उस्तै लिङ्ग वचन र विभक्ति हुन्छन् । यो व्याकरण सिद्धान्त हो । विशेषणं विशेष्येण बहुलम् । पा० अ० २।१।५७ जस्ता सूत्रले यस तथ्यलाई खर्लप्पै बोकेका छन् । कालिदास रघुवंशको तेस्रो सर्गमा भन्छन् विशेष्यवाचक पद सर्वत्र नै विशेषण वाचक पद अर्थात् गुण संग सन्निहित रहन्छ—

पदं हि सर्वत्र गुणैर्निधीयते । रघु० ३।६२

दिलीप र दशरथलाई त सन्तान मात्रै ढीलो भए । कालिदासको त पढाई पनि ढीलै प्रारम्भ भयो भनिन्छ । कालीको उपासनाले गर्दा इनी पछि गएर यति प्रखर हुन पुगेका हुन् भनिन्छ । सम्भवतः अर्ध नारीश्वर शिव पार्वतीको आराधनाले नै पनि इनी यति ठूला महाकवि हुन पुगेका होउन् । जे सुकै भए पनि अक्षर चिन्न इनलाई निकै गाह्रो भएको थियो । अक्षर समाम्नाय कै परिचय प्राप्त गर्न इनले निकै फजिति सहनुपरेको थियो । त्यसैले इनी वर्ण प्रत्याहार स्थान प्रयत्न जान्नु निकै गाह्रो कुरा

हो भन्ने कुराको अभिव्यक्ति आफ्नो रघुवंशको ११ रौ सर्गमा दिन्छन्—यद्यपि अक्षर चिन्नु मामूली कुरा होइन। यसलाई ठूलो कष्टले मात्र सिकिन्छ। यो कुरा निम्न पद्यांशले अभिव्यक्त गर्दछ—

क्रृच्छ्रलब्धमपि लब्ध वर्णभाक्। रघु० ११।२

कालिदास यसै सन्दर्भमा आफ्ना काव्यमा वर्णका स्थान र आभ्यन्तर प्रयत्न संगै बाह्य प्रयत्नको पनि आफूलाई राम्रो ज्ञान भएको कुरा अभिव्यक्त गर्न चुक्दैनन्। अरू सबै कुरामा भन्दा स्थान प्रयत्न बारे इनलाई बढी आश्चर्य लाग्ने विषय हो—अकारको प्रयत्न। यो न त पूर्णतया संवृत वा संवार हो न त विवृत अथवा विवार। अपि तु प्रयोगमा यो अकार संवृत हुन्छ र प्रक्रियावस्थामा विवृत। पाणिनिले यसका लागि सूत्र रचना गरेका छन—अ अ। पा० अ० ८।४।६८।

उपर्युक्त पाणिनीय सूत्र र त्यसमा अन्तर्निहित तथ्यलाई कालिदास आफ्नो सरस साहित्यिक शैलीमा यसरी अभिव्यक्ति दिन्छन्—

न मदनो विवृतो न च संवृतः। अभि० २।१२

कारक हरूमध्ये कर्ता पछि कर्मको स्थान छ। कर्म नै कहिले काहिं कर्ता बन्न पुग्छ। कर्म कर्तृ प्रक्रियामा यसको चर्चा छ। यसका अतिरिक्त यो व्याकरण शास्त्र अनुसार गौण कर्म, प्रधान कर्म, प्रयोज्य कर्म, नित्य कर्म, ऐच्छिक कर्म उक्त कर्म र अनुक्त कर्म, हरूमा विभाजित हुन्छ। त्यसैले कर्मकारक अनन्य साधारण हुन्छ। कर्मका सम्बन्धमा लगभग २ दर्जन बढी सूत्र अष्टाध्यायीमा छन्।

पाणिनिले कर्मलाई अष्टाध्यायीमा असाधारण स्थान दिएको हुनाले कालिदास पनि त्यसैको अभिव्यक्ति साहित्यिक पाराले दिदैं सहृदयको हृदयावर्जन गर्दछन्—

अनन्य साधारणमेव कर्म। कुमा० १।९

यसै गरी ऋतुसंहार दोस्रो सर्गका निम्न पद्यले पणिनीय सूत्र "यथासंख्य मनुदेशः समानाम्कै उदाहरण प्रस्तुत गर्दछ भन्ने कुरा पनि उल्लेख्य छ—

वहन्ति वर्षन्ति नदन्ति भान्ति
रुदन्ति नृत्यन्ति समाश्रयन्ति
नद्यो घना मत्तगजाः वनान्ताः
प्रियाविहिनाः शिखिनः प्लवङ्गाः। ऋतु० २।१९

सन्धि तथा शब्द साधुत्वका प्रक्रियान्तरहरूमा पनि सबै भन्दा महत्वपूर्ण योगदान संहिताको हुन्छ। संहिता जहाँ छैन त्यहाँ सन्धि हुँदैन। त्यसैले पाणिनि सबै सन्धि विधायक सूत्रहरूमा "संहितायाम्। पा० ६।१।७२ को अधिकार पुऱ्याउँछन्। यति मात्रै होइन संहिताको परिभाषा पनि गर्छन्। उनको मतमा वर्णहरूको अत्यन्त सन्निधि नै संहिता हो—परः सन्निकर्षः संहिता। पा० अ० १।४।१०९

उपर्युक्त शब्द शास्त्रीय तथ्यलाई कालिदास कति साहित्यिक ढंगबाट प्रस्तुत गर्दछन्—

कष्टः खलु सन्निधि वियोगः ।

आदेश अन्तरतम हुन्छ । आन्तरतम्य स्थानगत, अर्थगत, गुणगत र प्रमाणगत पनि हुन सक्दछन् । आदेशहरूले आफूसंग मिल्ने स्थानीको अपेक्षा गर्दछन् । विभिन्न आन्तरतम्य मध्ये स्थान गत आन्तरतम्य बलियो हुन्छ । यस तथ्यलाई पाणिनिको स्थानेन्तरतमः । सूत्रले अभिव्यक्ति दिन्छ । माथिका सबै कुरालाई साहित्यिक पाराले कालिदासले यसरी भन्न मनपराएका छन—

सर्वाः सगंधेषु विश्वसिति । अभि० ६

अरू शब्दहरू आफ्नो मात्र अर्थ व्यक्त गर्दछन् तर सर्वनाम आफ्नो स्वार्थको मात्र अभिव्यक्ति न गरेर सर्वनामको अभिव्यक्ति गर्दछ । सर्वनामको यो स्वरूप अवश्य-पनि सामान्य अरू शब्द भन्दा महत्वको छ । पाणिनिले त्यसै हुनाले यस्ता सार्वनामिक शब्दहरूको संकलन गरी इनलाई सर्वनामको स्थानमा राख्न मन पराउछन्—सर्वादीनि सर्वनामानि । यसै तथ्यलाई कालिदासले अभिव्यक्ति दिएका छन्—

अहो सर्वस्थानाऽनवद्यता रूप विशेषस्य । माल० २ अङ्क

लोक व्यवहारमा शेष, उच्छिष्ट वा पुराको कुनै महत्व छैन । यसको काम पर अघच्मा मिल्काइनु मात्र हो । पाणिनीय व्याकरणले भने सम्पूर्ण अवशिष्ट कार्य शेष वा अवशिष्ट बाट पूरा गरेको हुन्छ । जस्तै—शेषे प्रथमः । शेषःद्विभाषा । षष्ठी शेषे । शेषोध्यसखि । शेषो बहुव्रीहिः । शेषे । शेषे विभाषा कखादा··· । इत्यादि । यसरी पाणिनीय व्याकरणमा शेष वा अवशिष्टको महत्वपूर्ण भूमिका रहेको कुरामा सन्देह गर्नु छैन लेशमात्र पनि । यसै तथ्यलाई कविले मधुर तथा हृदयद्रावक अभिव्यक्ति दिएका छन्—सति शेषो हि फलाय कल्पते ।

पर नित्य र अंतरंग भन्दा अपवाद बलवान् हुन्छ, आदि परिभाषाहरू द्वारा उपसर्ग अपवाद विषयक व्याकरण शास्त्रीय छलफललाई कालिदास यसरी व्यक्त गर्दछन्—

अपवाद इवोत्सर्गं व्यावर्तयितुमीश्वरः । रघु० ५।७

हिमवत्खण्डका कवि कालिदासले हिमवत्खण्डकै पावन भूमिमा तपस्या गरेर यहाँकै चलन चल्तीको शुकल यजुर्वेदको माध्यन्दिन शाखाका आधारलाई प्रमुख रूपमा स्वीकार गरेर व्याकरण रचना गर्ने महर्षि पाणिनिको अष्टाध्यायीका उपर्युक्त सिद्धांत हरूको उल्लेख गरेको तथ्य उपर्युक्त उदाहरणद्वारा भैं सके कै छ । माथि कालिदासीय काव्यका उद्धृत पद्यांशहरूको विषयमा शब्द शास्त्रीय दृष्टि राख्दा एक छिन् काव्यात्मक दृष्टिलाइ बिर्सि नै दिएमा मात्र यसको यथार्थ रस पाउन सकिन्छ जस्तो मैले ठानेको

छु । अन्यथा संक्षिप्ततामा नै पुत्रोत्सव ठान्ने वैयाकरण सिद्धान्तलाई अझ संक्षिप्ततर रूपमा उल्लेख गर्ने कालिदासको प्रयोग चातुर्य कसरी थाहा पाउनु ? भाषाको दृष्टिले पाणिनिका भाषा वैज्ञानिक तथ्यहरूलाई मैले अत्यन्त संक्षेपमा संकेत गरेको छु भन्ने तात्पर्य अभिव्यक्त गर्न नै कालिदास मेरा वाक्यका संक्षिप्त पदहरूले शब्द शास्त्रको लघु सन्देश दिन्छन्, भन्दछन्—

लघु सन्देशपदा सरस्वती । रघु० ८।७७

यी त भए पाणिनीय व्याकरणका कालिदासले आफ्ना काव्यमा उद्धृत गरेका भाषा वैज्ञानिक सिद्धान्तहरू जसका आधारमा सम्पूर्ण व्याकरण शास्त्रको विशाल भवन उभिएको छ । अब यस पछि पाणिनीय व्याकरणको व्यावहारिक अर्थात् शब्द साधुत्व पक्ष वारे कालिदासलाइ कस्तो ज्ञान छ त्यसको पनि संक्षिप्त दिग्दर्शन यहाँ उपयुक्त हुने छ ।

पाणिनिले आफ्ना व्याकरणका सामान्य नियम द्वारा साधुत्व प्रमाणित गर्न न सकिने जस्ता शब्दहरूका लागि विशेष सूत्र रचना गरेका छन् । उदाहरणको लागि हैयङ्गवीनं संज्ञायाम् पा० अ० ५।२।२३ ह्यो गोदोहस्य विकारः यस व्युत्पत्तिमा ह्यो गोदोह शब्द देखि विकारार्थमा खञ् प्रत्यय भएर ह्योगोदोह पदको ठाउँमा 'हियङ्गु' आदेश हुन्छ । पाणिनीको विशेष प्रक्रियाको आधारमा निष्पन्न हैयङ्गवीनं पद र त्यसको सूत्रको पनि ज्ञान कालिदासलाइ अवश्य थियो । अतः इनले यस पदको प्रयोग आफ्ना काव्यमा गरे—

हैयङ्गवीनमादाय घोषवृद्धानुपस्थितान् ।
नामधेयानि पृच्छन्तौ वन्यानां मार्गशाखिनाम् । रघु० १।४५

सुवन्तपदका साथ वद् धातु भएमा यत् क्यप् दुबै प्रत्यय हुन सक्दछन् जसका लागि "वदः सुपि क्यप् च । पा अ ३।१।१०६ सामान्य सूत्र छ तर 'अवद्यम्' पदमा क्यप् न भएर यत् प्रत्यय मात्र हुन्छ, त्यो पनि निन्दा वा गर्ह्य अर्थमा भन्ने विशेष सूत्र द्वारा—अवद्य पण्य वर्या गर्ह्य पणितव्यानिरोधेषु ३।१।१०१ यस प्रयोग विशेषको उदाहरण कालिदासले दिएका छन्—

पुराण मित्येव न साधु सर्वं
न चापि काव्यं नवमित्यवद्यम् । माल० १।२

भुज धातुको प्रयोग पालना र अभ्यवहार (भोजन) दुवै अर्थमा हुन्छ । तर विशेषता के भने पालना अर्थमा भुज धातु परस्मै पदी छ । खानु अर्थमा आत्मने पदी । यसका लागि पाणिनीय सूत्र छ—भुजोऽनवने । पा० अ० १।३।६६ कालिदास पाणिनिका यस नियमको अनुसरण गर्दै उक्त धातुको लङ्लकारको प्रथम पुरुष एक वचनको रूप प्रयोग गर्दछन्—अभुनक् । जस्तै

नन्दिग्राम गतस्तस्य राज्यं न्यासमिवा भुनक् । रघु० १२।१८

भूतः जातः जस्ता क्त प्रत्ययांत प्रयोग सामान्यतया भूतकालमा नै हुन्छन् र भाव र कर्म अर्थमा हुन्छन् । कहिं कहिं यस सामान्य नियमको अपवाद पनि छ कारण क्त प्रत्यय कहिले काहिं आदिकर्ममा पनि हुन्छ र कर्ता अर्थमा पनि । यसको लागि विशेष सूत्र छ—आदि कर्मणि क्तः कर्तरि च । पा० अ० ३।४।७१ महाकवि कालिदास यसको उदाहरण दिन्छन्—

दिव्येन शून्यं वलयेन वाहु—
मुपोढ नेपथ्य विधिर्ददर्श । रघु० १६।७३

रुत्वविधान गर्ने क्रममा पाणिनिले एउटा विशेष सूत्र रचना गरेका छन्, जसले पुम् शब्दवर्ती पकारको पनि रुत्व गर्दछ—पुमः खय्यम्परे । पा० अ० ८।३।६ कालिदास आफ्ना काव्यमा रुत्व सन्धिका यस विशेष उदाहरणको प्रयोग गर्दछन् । जस्तै—

पुँस्कोकिल श्चूतरसासवेन
मत्तः प्रियां चुम्बति राग हृष्टः । ऋतु ६।१६
कण्ठेषु स्खलितं गतेपि शिशिरे
पुँस्कोकिलानां रुतम् । अभि० ६।४

माथि-प्रवृत्तिरासीद् शब्दानां चरितार्था चतुष्टर्याको प्रसङ्गमा चार थरि शब्दहरूको उल्लेख गरिएको थियो । त्यस प्रसंङ्गमा योगरुढ शब्द क्षत्रियको व्युत्पत्ति दिदै कालिदास भन्दछन् नाशबाट बचाउने हुनाले नै क्षतात् त्रायते किल यस अर्थमा क्षत्र शब्द लोक प्रसिद्ध छ योगरूढ छ । अतः म जसरी पनि नन्दिनीलाइ बचाउँछु । यस निम्ति मेरो राज्य त के ? प्राणी जान्छ भने पनि जाओस्—

क्षतात्किलत्रायत इत्युदग्रः
क्षत्रस्य शब्दो भुवनेषु रूढः ।
राज्येन किन्तद् विपरीतवृत्तेः
प्राणैरुपक्रोशमलीमसैर्वा । रघु० २।५३

यस सन्दर्भमा क्षत्र क्षब्दको रुढयौगिक व्युत्पत्ति साथै क्षत्रिय शब्दको साधुत्वका लागि पाणिनिले विशेष रूपमा रचना गरेको क्षत्राद् घः । पा० अ० ४।१।१३८ सूत्र उल्लेख गर्नु अप्रासङ्गिक हुने छैन ।

संस्कृत शब्दहरू जो व्युत्पन्न छन्, धातुं निर्मित छन् । यो धातु मूलकता यस भाषाको विशेषता हो । सर्वनाम धातुजमाह जस्ता उक्तिले यसको समर्थन गर्दछ । पाणिनिले अष्टाध्यायी सूत्रपाठ रचना गरे पछि धातु पाठको पनि रचना गर्दछन् । लगभग ६ हजार सूत्रहरूका लागि इनका अन्दाजी साढे तीन हजार धातुहरू छन् ।

कालिदासलाई पाणिनीय धातु पाठको सम्यक् ज्ञान छ। यो कुरा कविले यथा स्थान उल्लेख गरेका छन्। उदाहरणका लागि रघि लघि गत्यर्था: । भ्वा० आ०।

दिलीपका छोरा रघुको नाउँमा 'रघुवंश', काव्यकै संज्ञा हुन गयो। रघुको नामकरण गर्ने वेला एघारौं दिनका दिन बाबुले छोराको नाउँ राख्नु पर्ने नियम अनुसार दिलीप नवजात बालकको नाउँ राख्न तम्सिन्छन्। उनी चाहन्थे-मेरो छोरा शास्त्रमा पारङ्गत हो ओस्, लडाईमा बैरीलाई जितेर पारी पुगोस्। अतः धात्वर्थ विशेषज्ञ दिलीपले छोराको नाउँ गमनार्थक (रघि) धातुबाट निष्पन्न 'रघु' राखे।

श्रुतस्ययायादयमन्तमर्भक—
स्तथा परेषां युधिचेति पार्थिवः।
अवेक्ष्य धातोर्गमनार्थमर्थवित्
चकार नाम्ना रघुमात्मसम्भवम्॥ रघु० ३

वस्तुतः यस सन्दर्भमा गत्यर्थक धातुका बगालमा लुकेको सासान्य 'रघि' धातु र त्यसको अर्थ समेत पत्तो लगाउने काम कवि कालिदास कै हो र यसकारण धात्वर्थवित्को स्वाभिमान पनि कालिदासलाई नै छ भन्न सकिन्छ।

हिमवत्खण्डका तपस्वी पाणिनिको ग्रन्थ अष्टाध्यायी तथा धातुपाठको अध्ययन कालिदासले कस्तो र कसरी गरेका थिए भन्ने कुराको सामान्य दिग्दर्शन माथिका विवरणद्वारा भएकै छ। अब यस प्रसंगलाई धेरै न लम्ब्याई अन्त्यमा मात्र उदाहरण द्वारा यसलाई टुङ्ग्याउनु वेश होला—

पाणिनि अस् धातुको आर्धधातुक लकारमा भू धातुको प्रयोग गर्दछन। यसको लागि उनको अस्ते भूः। पा० अ० २।४।५२ सूत्र छ। यसै गरी लट्लकारको पहिला पाँच प्रत्यय तिप्-तस्-झि-सिप्-थस् (प्रत्यय) हुन भएमा 'ब्रू' धातुको ठाउँमा 'आह' आदेश हुन्छ। यसका लागि सूत्र छ—ब्रुवः पञ्चानामादित आहो ब्रुवः ३।४।८४ यसै गरी चक्षिङ् धातुका ठाउँमा लकार विशेषको विवक्षामा 'ख्याञ्' आदेश हुने विधान छ—चक्षिङः ख्याञ् पा० आ० २।४।५४

उपर्युक्त सबै धात्वादेशहरूलाई रामले बालीका ठाउँमा सुग्रीव राखे जस्तै पाणिनि आफ्ना अष्टाध्यायीमा प्रयोग गर्दछन भन्ने भाव कालिदासले रघुवंमा बाह्रौं सर्गको अण्ठाउन्नौं श्लोकमा व्यक्त गरेका छन—

स हत्वा बालिनं वीरस्तत्पदे चिरकाङ्क्षिते
धातोस्थान इवादेशं सुग्रीवं संन्यवेशयत्॥ रघु० १२।५८

अध्ययनार्थक 'ईङ्' धातु अधि उपसर्ग न भै प्रयोग हुँदैन। त्यसै गरी स्मरणार्थक 'इक्' धातु पनि अधि उपसर्ग भए मात्र प्रयोग हुन्छ। यस्ता व्याकरणका प्रसंगहरू

कालिदास राम्रै संग जान्दथे । उल्लिखित उदाहरणहरू मध्ये अध्ययनार्थक ईङ्धातुको उदाहरणलाई कवि यसरी व्यक्त गर्दछन्—

रामादेशादनुगता सेना तस्यार्थसिद्धये ।
पश्चादध्ययनार्थस्य धातोरधिरिवाभवत् ॥ रघु० १५।९

रामको आज्ञा पाएका सेना शत्रुघ्नका पछाडी यसरी लागे जसरी अध्ययनार्थक इङ्धातुका पछि अधि उपसर्ग लागेको हुन्छ । अर्थात् शत्रुघ्नका सेनाले शत्रुघ्नलाई न छोडे जस्तै इङ् धातुलाई अधि उपसर्गले छोड्दैन ।

जसरी इङ् धातुलाई अधिले छोडेन त्यसरी पाणिनीय व्याकरणका मर्मज्ञ कालि-कालिदासलाई आफ्नो शब्द शास्त्रीय वैदुष्य प्रदर्शन गर्ने लोभले छोडेको छैन भन्दा केही अत्युक्ति न होला ।

यो त मात्र दिक्प्रदर्शन हो । कालिदासीय साहित्यमा पाणिनीय व्याकरणको प्रभाव बारे अझ गहन अध्ययन गर्न सकिने विशाल क्षेत्र छ । अस्तु ।

माथि पाणिनिको शब्दशास्त्रीय व्यक्तित्व बारे चर्चा गरियो । यसका अतिरिक्त पाणिनिको साहित्यिक व्यक्तित्व पनि छ । कालिदास माथि पाणिनीय साहित्यको पनि प्रभाव न परेको छैन ।

महर्षि पाणिनिको जाम्बवती जय (पाताल विजय) हिमवत्खण्डको त्यो काव्य हो जसलाई हामी वाल्मीकि रामायण पछिको दोस्रो काव्यको रूपमा औल्याउँन सक्द-छौं । यति मात्रै होइन, आधुनिक महाकाव्यका फाँटमा जसको पश्चाद्वर्ती संस्कृतका साहित्यिक समालोचकहरूले चर्चा गरेका छन्, पाणिनिको यही महाकाव्य नै संस्कृत-को पहिलो महाकाव्य हुन आउँछ । महाकवि पाणिनिको यो काव्य समग्र रूपमा उपलब्ध हुन अझै बाँकी नै छ । तथापि ६१ सर्गे यस महाकाव्यको चर्चा र संस्कृत साहित्यका समालोचक तथा आलङ्कारिक विद्वान्हरूले यसकाव्यका पद्यहरूको उल्लेख विभिन्न ठाउँमा गरेको पाइएको छ ।

पाणिनिलाई धेरै जसोले लाहुरे भन्दछन् । इनको घर हाल पाकिस्तानको शलातुर ग्राममा हो । इनका पूर्वज शालातुरीय हुन् भन्ने कुरामा इतिहासविद्हरूको एउटा जमात विश्वस्त छ । यसै शलातुरबाट शलातुर=हलातुर=हलाथुर=हलाहुर=लाहुर=लाहौर भएको भन्ने भाषा शास्त्रीहरूको धारणा छ । तर केही आलोचकहरू पाणिनिको जन्म स्थान लाहौर न भएर अन्यत्र हो भन्ने पनि मान्दछन् । यो प्रसंग यहाँ धेरै न लम्ब्याऊँ । यस सन्दर्भमा के मात्र जान्नु उपयुक्त होला भने—

पाणिनि शालातुरीय हुन् । अभिजनको दृष्टिले वा जन्मका दृष्टिले इनका बाबुको नाउँ सामन हो । इनकी आमा दाक्षी हुन । इनका भाई पिङ्गल हुन् । इनको गोत्र

विश्वामित्र हो । विश्वामित्र विश्व+अमित्र=विश्वामित्र यस्तो संधिको परम्परा वस्ला र आफ्नो मूल पुरुषको ख्यातिमा नराम्रो असर पर्ला भनेर नै पाणिनिले विश्व+मित्र विश्वामित्र सिद्ध गर्न सूत्र विशेषको रचना गरे । मित्रेचर्षौ । पा० आ० ६।३।१०३

पाणिनि ज्ञानको खोजिमा हिमवत्खडण्मा आए । मनु, वाल्मीकि, याज्ञवल्क्य, विश्वामित्र र सीताको देशमा जहाँ मानव सभ्यताको प्रथम सूर्योदय भएको थियो । शिवको तपस्या द्वारा पाणिनिले अक्षरसमाम्नाय पाए । यसैबाट शुकल यजुर्वेद अनुप्राणित उत्तरी भूभागको वाक्प्रवृत्तिका आधारमा इनले अष्टाध्यायी सूत्रपाठ तथा अन्य यस संग सम्बद्ध ग्रन्थको रचना गरे (यसबारे चर्चा प्रसंगतः अन्यत्र गरिने छ ।)

जन्म क्षेत्र पाणिनिको अन्त भए पनि कर्मक्षेत्र हिमवत्खण्ड नै हो । उनका मन-वचन कर्म तीनैंमा यसको स्पष्ट प्रभाव देखिन्छ । कालिदास स्वयं पनि हिमवत्खण्डका हुनाले पाणिनिबाट इनले प्रभावग्रहण गर्नु स्वाभाविकै हो जसको चर्चा न गर्दा कालि-दासीय साहित्यको समीक्षकले एउटा अत्यावश्यक सन्दर्भ प्रति वेवास्ता गरेको देखिन आउँछ ।

कालिदास पाणिनिको शब्दशास्त्रीय व्यक्तित्व बाट मात्र प्रभाव ग्रहण गर्दैनन् अपि तु साहित्यिक व्यक्तित्व बाट पनि । यसको मूर्धाभिषिक्त उदाहरण हो—कविका कुमारसम्भवको पहिलो सर्गको पहिलो पद्य, जो पाणिनीय महाकाव्य पाताल विजय काव्यको पहिलो सर्गको पहिलो श्लोक संग दुरुस्त मिल्न आउँछ । पश्चिम दिशातर्फ समुद्री छालहरूले व्याप्त हिमालयको काखमा द्वारवती नामक महानगर छ । यस भावलाई महाकवि पाणिनि यसरी व्यक्त गर्दछन—

अस्ति प्रतीच्यां दिशि सागरस्य
वेलोर्मिगूढे हिमशैलकुक्षौ ।
पुरातनी विश्रुत-पुण्य-शब्दा
महापुरी द्वारवती च नाम्ना ॥ जाम्ब० १।१

पाणिनिले जस्तै गरी हिमालयको वर्णन गर्दै आफ्नो कुमारसंभवम् काव्य प्रारम्भ गर्छन् कालिदास पनि । इनको प्रथम सर्गको पहिलो पद्य हो—

अस्त्युत्तरस्यां दिशि देवतात्मा
हिमालयो नाम नगाधिराजः ।
पूर्वापरौ तोयनिधी वगाह्य
स्थितः पृथिव्या इव मानदण्डः । कुमा० १।१

दुवै पद्यमा हिमालयको उल्लेख छ । दुवै पद्यमा समुद्रको उल्लेख छ । दुवै पद्य

'अस्ति' बाटैं प्रारम्भ भएका छन् । दुवैका छन्द एउटै छन् । पाणिनि द्वारवतीलाइ विश्रुत पुण्य शब्दा भन्छन् भने कालिदास नगाधिराजलाइ देवतात्मा भन्दछन् । लगभग भाव एउटै छ । अतः व्याकरणबाट मात्र होइन महाकाव्यबाट पनि कालिदासीय काव्यमा पाणिनीय प्रभाव देखिन्छ भन्दा लेशमात्र पनि अतिशयोक्ति न हुने ठान्द छु ।

यहाँ अर्को कुरा स्मरणीय के भने हिमवत्खण्डमा आएर तपस्या गर्ने पाणिनिका हृदयमा हिमाली सौन्दर्यले कहिल्यै न मेटिने गरी आफ्नो खङ्ग निशाना लगाएइदिएको थियो । अतः पाणिनि पश्चिमी समुद्रका किनारको द्वारकामा पनि हिमालय कल्पना गर्नबाट आफूलाई रोक्न सक्दैनन् जसरी कालिदास सबैं तपस्वी हरूलाई धमिराले भित्तो उठाएका वाल्मीकि नैं भन्न खोज्छन् ।

द्वारकामा हिमालयको प्रसङ्ग नै उठ्दैन । अर्को अर्थमा भन्नौं भने हिमालय पर्वतलाई समुद्री छालले भेट्दैन । उपर्युक्त पद्यको उदाहरणले एकातिर पाणिनिको हिमवत्खण्ड प्रतिको श्रद्धा व्यक्त हुन्छ भने अर्कातिर इनको स्पष्ट प्रभाव कालिदास माथि परेको कुरापनि तिरोहित रहदैंन ।

महाकवि पाणिनि पूर्वजन्ममा आस्था राख्दछन् । मनुष्यले पूर्वजन्ममा गरेको पुण्य र सख्य यस जन्ममा पनि प्राप्त गर्दछ । जन्मान्तरानुभूत त्यो सख्यभावको छाप यस जन्ममा पनि चित्तमा परिरहन्छ जसले गर्दा त्यस विषयमा त्यो उत्सुक बन्न पुग्दछ । यो भावलाइ जाम्बवती जयमा पाणिनि यसरी व्यक्त गर्दछन्—

त्वया सहार्जितं यच्च यच्च सख्यं पुरातनम्।
चिराय चेतसि पुनस्तरुणीकृतमद्य मे ।

ठीक यसै भावलाइ कालिदासले अभिज्ञान शाकुन्तलमा यसरी व्यक्त गरेका छन—

रम्याणिवीक्ष्य मधुराणि निशम्य शब्दान्
पर्युत्सुको भवति यत् सुखितोऽपि जन्तुः
तच्चेतसा स्मरति नूनमबोधपूर्वं
भावस्थिराणि जननान्तरसौहृदानि ॥ अभि० ५।२

साँझमा सूर्यास्त हुन्छ । सूर्यास्त भएपछि राति हुन्छ । दिन भरि सूर्यको न्यानो पाएर रमाएको हिमाली बाद्दल राति सूर्य न हुँदा विलख बन्दमा पर्दछ । सूर्य कहाँ गए भन्दै चारै दिशा खोजन थाल्दछ । त्यस वेला आकाशमा चम्किने बिजुलीले त्यसलाई अँध्यारो मा बाटो देखाउन मद्दत गर्दछ । अथवा स्वयं बिजुलीको दियालो बालेर मेघ आफ्नो अभीष्ट सूर्य खोजीरहेछ । पाणिनिले यस भावलाई जाम्बवती जयमा यसरो व्यक्त गरेका छन्—

क्व सम्प्रत्युष्णांशुर्गत इति समालोकन परा
स्तडिद्दीपा लोकाः दिशि दिशि चरन्तीह जलदाः ।

कालिदासलाइ यस पद्यले निकै प्रभाव पारेको छ । यसको भाव महाकविले धेरैं ठाउँमा लिएका छन् । उदाहरणको लागि प्रावृड्वर्णनको प्रसंग छ—काव्य हो ऋतु संहार ।

जति बेला पनि कानैं खाने गरी गर्जिरहने मेघले बिजुली बालेर बाटो उज्यालो पारिदिएको भएर चुक घोप्ट्याए जस्तो अधेंरी रातिमा पनि अभिसारिकाहरू राग वशात् आ आफ्ना इष्ट भेट्न जान्छन—

अभीक्ष्ण मुच्चैर्ध्वनता पयोमुचा
घनान्धकारीकृत सर्वरीष्वपि ।
तडित्प्रभा दर्शितमार्गभूमयः
प्रयान्ति रागादभिसारिका स्त्रियः । ऋतु० २।१०

यस्तै खालको पाणिनिको उपर्युक्त पद्यांश संग मिल्दो जुल्दो भाव कालिदासले रघुवंशकोषष्ठ सर्गमा 'संचारिणी दिपशिखेव रात्रौ' पद्यांशद्वारा पनि व्यक्त गरेका छन् । यतिमात्र होइन आफ्नो अभीष्ट सूर्यलाई खोज्न हिड्ने बिजुलीको प्रकाश लिएका वर्षा कालिक पाणिनिका ती जलदहरूले कालिदासलाई सिङ्गैं मेघदूत लेख्ने प्रेरणा दिएको भन्न मिल्दछ भने पनि झन् बेसै हुनेछ ।

अधेंरी रातमा आफ्ना रमणहरूका वस्ती तर्फ जानलागेका आईमाई हरूलाई जसले अँध्यारोले गर्दा बाटो देखेका छैनन्, आफ्ना सुवर्णमय विद्युत्प्रभा द्वारा तिनको बाटो देखाइदेऊ भन्ने कालिदासका मेघदूतका पद्यको भाव संग पनि पाणिनिका उपर्युक्त पद्यको भाव कता कता मिल्न खोज्दछ । जस्तै—

गच्छन्तीनां रमणवसतिं योषितां यत्र नक्तम्
रुद्धालोके नरपति पथे सूचिभेद्यैस्तमोभिः ।
सौदामिन्या कनकनिकषस्निग्धया दर्शयोर्वीं
तोयोत्सर्ग स्तनित मुखरो मास्म भूर्विक्लवास्ताः । पू० ३७

जसरी दिन भरि प्रकाश खर्च गरेर रित्तिएका पाणिनिका सूर्य साँझ प्रभा दरिद्र दे खिन्छन यसमा कुनै आश्चर्य मान्नु पर्ने छैन । त्ससै गरी आरण्यकहरूले दिनभार वाला टिपेको नीवारको पोथ्रो वाला सकिदा सीठो वा काण्ड मात्र बाकी रहन्छ भन्दा पनि केही अनर्थ भैहाल्दैन । कालिदासका सर्वस्वदान गरेर रित्तिएका रघु यस्तै छन् । सबैभन्दा पहिले पाणिनीय अभिव्यक्ति—

प्रकाश्य लोकः भगवान् स्वतेजसा
प्रभादरिद्रः सवितापिजायते ॥

कालिदासीय वाङमयको बीज यसै पद्यका अघिल्ला दुइ पंक्तिमा समग्रतया निहित छ। अस्ति कश्चिद् वाग्विशेषः ? जस्तो प्रश्न गर्ने राजकुमारीको सम्पूर्ण उत्तर यसैले दिन्छ र दिएकै छ। कालिदासीय साहित्यका बीज देखि विकास सम्मका समस्त प्रक्रियाहरू छर्नु-उम्रिनु-हुर्किनु-फुल्नु फल्नु सुँघ्नु चाख्नु र तृप्त हुनु सबै तत्त्व यसैमा अन्तर्निहित छन्।

पूर्वीय साहित्यकारका कृतिहरू संयोगान्त हुन्छन् भन्ने बारे धेरै प्रमाणको आवश्यकता परोइन। संयोगान्तलाई चलन चल्तीको शब्दमा सुखान्त भन्ने चलन छ। आफ्ना कृति हरूलाई प्रायः संयोगान्त पारेर नै टुङ्ग्याउने परम्परा भएका पौरस्त्य साहित्यका फाँटमा कालिदासीय कृतिहरूको सुखान्तताले कुनै नौलो ईंट थप्ला जस्तो लाग्दैन तथापि इष्ट वियोग र इष्ट संयोग संग सम्बद्ध कालिदासीय साहित्यका कथानकहरू प्रवास र निर्वासन, औंठी र मणि, शाप र अनुग्रह तथा यश एवं सन्तति जस्ता विषयमा सम्बद्ध हुँदै अन्त्यमा हिमवत्खण्ड मै टुङ्गिन पुग्दछन्। यसै वाग्विशेष तर्फ मेघदूतको प्रथम पद्यले संकेत गर्न खोजेको प्रतीति हुन्छ। अब प्रस्तुत पद्यका प्रत्येक पदको वैशिष्ट्य तर्फ विचार गरौं। यसको प्रथम पद हो—

कश्चित्—

यो एउटा सर्वनाम पद हो, जो कुनै संज्ञाको ठाउँमा प्रयुक्त हुन्छ। त्यसैले यस पदले व्यक्ति विशेषलाई संकेत न गरी व्यक्ति सामान्यलाई संकेत गर्दछ। यस द्वारा कालिदासीय काव्यका सबै पुरुष पात्रहरू संकेतित हुन्छन्। उदाहरणको लागि ऋतु संहारमा यस पदले प्रवासी तथा वियोगी नायकलाई संकेत गर्दछ भने मेघदूतमा आएर यक्षलाई। रघुवंशमा अज, राम आदिलाई यसले बुझाउँछ भने मालविकाग्नि मित्रम् मा नायक अग्निमित्रलाई। यसै गरी कुमारसम्भवम् का शिव, विक्रमोर्वशीयम्का पुरुरवा तथा अभिज्ञानशाकुन्तलम्का राजा दुष्यन्त पनि यसै कश्चित् पद भित्र अटाउँछन्। यसै उद्देश्यले यसमा सर्वजनग्राहक सर्वनाम पद राख्ने प्रयास कालिदासले गरेका छन्। अर्को अर्थमा भनौं भने कश्चित् पद अन्तर्गत कालिदासीय साहित्यका ती सबै पात्र संग्रहीत हुन्छन् जो प्रिया वियोगी छन्।

कश्चित् पद, जस्तो यसले पुरुष व्यक्तिको प्रतिनिधित्व गर्दछ, कालिदासीय साहित्यका स्त्री पात्रबाट एकदमै उदासीन हुन जाने समस्या टड्कारै देखिन्छ। तर धन्दा मान्नु पर्दैन, कविले यहाँ सर्वनाम पदको प्रयोग गरेका छन्। अतः यस पदको सार्वनामिक तत्वलाई मात्र ध्यानमा राख्यौं भने यसबाट कालिदासीय साहित्यका स्त्री पात्रहरू संगृहीत हुन न सक्ने पनि केही छैन।

अर्को अर्थमा भनौं भने लिङ्ग अपेक्षाकृत हुन्छ। यो प्रयोक्ताको मनोभिप्राय संग सम्बद्ध हुन्छ। त्यसैले कतिपय शब्दहरू यस्ता पनि छन् जसले लिङ्गको अपेक्षा नै

राख्दैनन् । उदाहरणार्थ अलिङ्गी अव्यय शब्द । यसै तथ्यलाई आधार मानेर भनिएको छ—लिङ्गमशिष्ट्य लोकाश्रयत्वाल्लिङ्गस्य । यसरी पनि कश्चित् पदले स्त्री पात्रको ग्रहण हुन सक्दछ ।

जस्तो माथि पनि उल्लेख गरिएको छ—पौरस्त्य साहित्य प्रायः वियोगबाट संयोगतिर गै रहेको हुन्छ । यो वस्तुतः उचित हो । वियोग एकाङ्गी हुँदेन । वियोगमा व्यक्ति, चाहे त्यो स्त्री होस् वा पुरुष, त्यो एकलो हुन सक्दछ र यो स्वाभाविक पनि हो । तर एकलो व्यक्तिको भने वियोग सम्भव छैन कारण वियोग संयोग कै अव्यवहितोत्तर हुन्छ । अतः उपर्युक्त कश्चित् पद पुल्लिङ्ग भए पनि यस बाट कालिदासीय साहित्यका समस्त स्त्रीपात्रको बोध हुन सजीलै सक्दछ ।

मेघदूतको उपर्युक्त कश्चित् पदबारे केही समालोचकको यस्तो पनि धारणा छ—

बाबु, आमा, गुरु, जेठो छोरो, स्वास्नी, आफू, अभिशप्त र कृपण इनीहरूको नाम ग्रहण न गर्नु भन्ने शास्त्रीय नियम छ । अतः पूर्वीय परस्पराका कविहरूले काव्यमा आफ्नो नामोल्लेख गरेनन् । माथि अभिशप्तको पनि नाम ग्रहण न गर्नु भनेको हुनाले नै कालिदासले कश्चित् बाट काव्य प्रारम्भ गरेका हुन् भन्ने एकथरि समालोचकको भनाई छ ।

"अस्ति कश्चिद्वाग्विशेषः" को किंवदन्तीका आधारमा कश्चिद् बाटै काव्य प्रारम्भ गर्नु कालिदासलाई अनिवार्य थियो । यो विचार पनि एक थरिले व्यक्त गरेका छन् ।

कश्चित् बाटै काव्य प्रारम्भ गर्नुमा मङ्गल अपेक्षित थियो । कम् = ब्रह्म—ब्रह्मेन्द्रोपेन्द्र मित्रे कः । चित् = ज्ञान मात्रोपलक्षक र जीव प्रतिपादक । यसरी कश्चित् पदले कालिदासको मङ्गल अभिप्रेत थियो भन्ने पनि एक थरिको भनाई छ ।

अर्को पक्ष भन्द छ—कश्चित् पदले लक्ष्मी प्राप्ति तर्फ कालिदासको संकेत छ ।

ऽ ऽ ऽ
उदाहरणार्थ—क श्चि त्का काव्यका प्रथम पद्यका आदिम तीन अक्षर गुरु छन् । तीन अक्षर गुरु हुँदा मगण हुन्छ । मस्त्रिगुरुः । यसको फलादेश छ—

मो भूमिः श्रियमातनोति । म गणको देवता भूमि हो र फल श्री वृद्धि ।

सम्भव छ—कालिदास स्वयं यशोभिलाषी हुनाले यशोलक्ष्मी प्राप्त गर्ने उद्देश्यले नै तीनै अक्षर गुरु हुने मन्दाक्रांता छन्दबाट काव्य प्रारम्भ गरेका होउन् ।

उपर्युक्त पक्ष हरूको आ आफ्नो वैशिष्ट्य जे छ छँदैछ, निस्सन्देह रूपमा कश्चित् पदले कालिदासीय साहित्यका बीज चिन्तनको दृष्टिले वियोगी नायक नायिकाको संकेत पनि गरेकै छ, जस्तो माथि उल्लिखित छ ।

प्रकृतमनुसरामः ।

कालिदास पहिले अत्यन्त मन्दमति थिए। तिनताक दक्षिणका कुनै राजाकी विदुषी छोरीको विवाहका लागि वर खोज्न हिंडेका राजपुरुष हरू घुम्दा घुम्दै कालिदासका गाउँमा आई पुगे। त्यसबेला इनी वञ्चरो समातेर आफु बसेकै रुखको हाँगो काट्दै थिए। योग्य वर जति सुकै जस्तो सुकै लगे पनि राजकुमारी लाई मन पर्दैनथ्यो। हार मानेका ती राजपुरुषहरूले मंत्रीको राय अनुसार सबैभन्दा योग्य वर खोज्नु साटो सबै भन्दा अयोग्य वर इनै मन्द मति केटालाई लिएर गए। राजदरबार मा पुऱ्याएर काशीका उद्‌भट विद्वान्‌का रूपमा परिचय पनि गराए।

राजकुमारीसँग विवाह भयो। पछि रहस्य खुल्दा राजकुमारीबाट इनी अपहेलित भएर त्यहाँबाट निस्के। जगदम्बा कालीको उपासना गरेर उनको वर प्राप्त भए पछि ठूला विद्वान् भएर पुनः राजकुमारी सामु गए। राजकुमारीले तिम्रो वाणीमा पहिले भन्दा केही सुधार आयो कि ? भनेर प्रश्न गरिन्—अस्ति कश्चित् वाग्विशेषः ?

कालिदासले राजकुमारीका प्रश्नात्मक वाक्यलाई नैं आधार मानेर उनको प्रश्नको जवाफ स्वरूप प्रत्येक पदबाट एक-एक ओटा काव्यको रचना गरि दिए। यसरी अस्ति बाट प्रारम्भ हुने कुमारसम्भव कविको पहिलो काव्य हो यसमा इनले आफ्नो जन्म भूमिको परिचय दिएका छन्। जस्तै—अस्त्युत्तरस्यांदिशि······

कश्चित् बाट प्रारम्भ हुने कविको दोस्रो काव्य हो मेघदूत, जसमा इनले विवाह भए पछिको नया दुलही संगको आफ्नै वियोगको चित्रण गरेका छन्। जस्तै—कश्चित् कान्ता विरह गुरुणा······

अब कालिदास आफूलाई आफ्ना देशका वाल्मीकि जस्तै यशोजीवी साहित्यकारको रूपमा उभ्याउने उद्‌देश्यले विशेष श्रम तथा प्रतिभाको उपयोग गरेर अर्को काव्य विशेषको रचना गर्दछन्। त्यो हो—उनको रघुवंश महाकाव्यम्।

यी त भए काव्यका प्रसङ्ग। नाटकका विषयमा पनि यस्तै विभिन्न मत मतान्तरहरू छन्। कुनै कविको 'मालविकाऽग्निमित्रम्' नाटकलाई नै प्रथम कृति मान्दछन्। कारण यसमा कविले पुरानाले भने गरेको मात्र सबै उचित हुदैन। नया हो भन्दैमा कुनै कृति हेला गरिने हुदैन। दाँजी हेरौं जे त होला ! कवि चुरी फुरी गर्दै केटौले पनको पैंठेजोरी खेल्न खोज्छन्—:

पुराणमित्येव न साधु सर्वं
न चापि काव्यं नवमित्यवद्यम्,
सन्तः परीक्ष्यान्यतरद् भजन्ते
मूढः पर-प्रत्ययनेयबुद्धिः। माल० १।२

कसैले विक्रमोर्वशीयम् नाटक (त्रोटक) लाई नै प्रथम नाटकीय कृति मान्दछन्।

यसमा कविले मैले नया नाटक मञ्चन गर्दैछु पात्रहरूले आफ्नो आफ्नो पाठ तयार पार्नु भनेर सूत्रधारको रूपमा भनेका छन् । जस्तै—

"अहमस्यां कालिदासग्रथितवस्तुना नवेन विक्रमोर्वशीयनामधेयेन त्रोटकेनोपस्थास्ये । तदुच्यतां पात्रवर्गः स्वेषु स्वेषु पाठेष्ववहितैर्भवितव्यमिति ।"

विक्रमोर्वशीयम् । प्रस्तावना

कालिदासीय कृति हरूको रसास्वादन पट्टि न लागेर उनका कृतिहरू मध्ये पहिलो कुन् वा पछिल्लो कुन् भन्ने पट्टि मगज खियाउनु—आँप खान छाडेर खोया गन्नु-जस्तै हो । वस्तुतः कालिदासीय कृतिहरू सबै नै आ-आफ्ना ठाउँमा महत्त्वपूर्ण छन् । जुन सुकै अघिल्लो होस् वा पछिल्लो सबैको उत्तिकै वैशिष्ट्य छ, उत्तिकै उपादेयता छ । तुलना गरी हेर्दा इनको कुनै पनि कृतिले आफूलाई बीस भन्दा उन्नाईस भएको ठान्दैन । सबै अतुलनीय छन् । सबै आफ्नै खालका छन् । यो प्रसंग यहिँनै टुङ्गियोस् ।

व्यासका अट्ठारै पुराणको एउटै निष्कर्ष छ—परोपकारमा पुण्य छ, परपीडनमा पाप । "परोपकारः पुण्याय पापाय परपीडनम् ।"

गीताको समग्रता एउटै तथ्यमा आधारित छ—फलको आशा न राखी कर्म गर्नु पर्दछ—"कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन ।

त्यसैगरी महाभारतको सम्पूर्ण निचोड हो—जहाँ धर्म छ, विजय त्यहिँ हुन्छ त्यसकै हुन्छ—यतोधर्मस्ततो जयः ।

अब प्रश्न छ—समग्र कालिदासीय साहित्यको कथावस्तुको निक्यौंल के हो ? कुन बीजका आधारमा सम्पूर्ण कालिदासीय साहित्य पुष्पित-फलित भएको छ ? गीता महाभारत वा अट्ठारै पुराणहरूका जस्तै यसको पनि कुनै मूलकथा तत्व छ ? केही संकेत गरेका छन् यसवारे कालिदासले ? अस्ति कश्चिद् वाग्विशेषः ?

प्रस्तुत शीर्षक अन्तर्गत यसै विषयको चर्चा गर्नु उपयुक्त हुने छ ।

यस पङ्क्तिका लेखकलाई कालिदासले माथि उठाइएका प्रश्नको यथार्थ उत्तर आफ्नै कृतिमा दिएको जस्तो लागेको छ । कालिदासीय साहित्यको समग्र कथा बीज एउटै काव्यमा गुजुल्ट भएर बसेको छ । समग्र काव्य किन ? त्यसको आदि मैं कविले यसबारे उल्लेख गरेका छन् । आदिको पनि पहिलो पद्य मैं । पहिलो पद्यका पनि पहिला दुइ पाउ मैं । जिज्ञासा शांत गरी हालौं त्यो काव्य हो—मेघदूतम् खण्डकाव्य । त्यसको आदिम पद्य हो—

कश्चित् कान्ता विरह गुरुणा स्वाधिकरात् प्रमत्तः
शापेनास्तंगमितमहिमा वर्षभोग्येण भर्तुः
यक्षश्चक्रे जनकतनयास्नानपुण्योदकेषु
स्निग्धच्छायातरुषु वसतिं रामगिर्याश्रमेषु । १।१

पाणिनि र कालिदास दुवै बारे खोज अझ बाकी नै छ । आज भन्दा पहिलेकाले जे जति गरे त्यो केवल मार्गदर्शन मात्र हो । अब आउने नया पीढीले यसबारे नया तर्क र तथ्य प्रस्तुत गर्दै यसबारे नया आलोक दिने तर्फ आशा गर्नु पर्ने भएको छ । हिमवत्खण्डमा वागर्थप्रतिपत्तिका साधक पाणिनि र कालिदास वारेको यो प्रसङ्ग अहिलेलाई कालिदास कै रघुवंशको प्रारम्भको श्लोक पुनः स्मरण गर्दै यहिं टुङ्ग्याउनु उचित होला—

वागर्थाविव सम्पृक्तौ वागर्थप्रतिपत्तये
जगतः पितरौ वन्दे पार्वतीपरमेश्वरौ ।

अस्ति कश्चिद् वाग्विशेषः ?

कालिदासीय काव्य प्रवृत्ति बारे समीक्षकहरूले अन्य विषयका साथैं कालिदासका समग्र कृतिहरू मध्ये पहिलो कुन् र पछिल्लो कुन् ! भन्ने विषयलाई पनि बेवास्ता गरेका छैनन्। कालिदासका तिथि मिति र गाउँ ठाउँको कुनै टुङ्गो आज सम्म लाग्न न सके जस्तै इनका रचना मध्ये पहिलो र पछिल्लो छुट्याउने सर्वसम्मत मत पनि आज सम्म कुनै फेला पर्न सकेको छैन ।

कालिदासीय कृतिहरूमा पहिला र पछिल्लाको छानबीन गर्ने समालोचक मनग्गे छन् । यसवारे सबैले आ-आफ्ना डम्फू बजाएका छन् । एकथरि, कथा वस्तु न भएर मात्र प्रणय चर्चा भएका आधारमा ऋतुसंहारलाई नै कविको प्रथम कृतिका रूपमा औंल्याउँछन् । अर्काथरि केटौले तन्नेरी तरूनीको विषय भएको हुनाले—भर्खर विहा गरेको युवकले केही दिन स्वास्नी माइत जाँदा अनुभव गर्ने जस्ता वियोग व्यथा अनुभव गरेको जस्तो चित्रणका आधारमा कविको मेघदूतलाई नै पहिलो कृतिका रूपमा राख्न मन पराउँछन् । केही तेस्रा थरि समीक्षकहरू कविको रघुवंश महाकाव्यलाई नै प्रथम कृतिको रूप दिन मन पराउँछन्, कारण यस काव्यमा नै कविले एउटा नौसिका लेखक वा रचनाकारले जस्तो गरी आफ्नो सफलता बारे सन्देह प्रकट गरेका छन्—

मन्दः कवियशः प्रार्थी गमिष्याम्युपहासताम् ।
प्रांशुलभ्ये फले लोभादुद्बाहुरिव वामनः ॥
तितीर्षुर्दुस्तरं मोहादुडुपेनाऽस्मि सागरम् । रघु० १।२-३

म अहिले एउटा मामूली डुंगिया ख्याएर विशाल समुद्र पारी पुग्न चाहने व्यक्ति जस्तो भएको छु । आफू साधारण व्यक्ति भएर पनि ठूल ठूला साहित्यकारहरूले मात्र पाइने कवित्वको पगरी चाहने मेरो स्थिति त्यस बाउन्नेको जस्तो भएको छ, जो अग्ला मानिसले मात्र टिप्न सक्ने ठूला रूखमा फलेको फलका लागि आफ्ना दुवै बित्तो हात तन्काउँदै उफ्रि रहेको हुन्छ ।

अर्काथरि समालोचकहरू पनि छन् जो कविको कुमार सम्भवम् लाइ नै आदिम कृतिको रूपमा औंल्याउँछन्, कारण शिव पार्वतीका परम भक्त कालिदासले शिव पार्वती कै विवाह र उनको पुत्र प्राप्तिको कथावस्तुलाई लिएर काव्य रचना गरेका छन्। यस पक्षका समर्थकहरूले कालिदास विषयक प्रचलित किंवदन्तीलाई पनि आधार मानेका छन्—

यस पछि कालिदासीय अभिव्यक्ति—

आरण्यकोपात्तफलप्रसूतिः
स्तम्बेन नीवार इवाऽवशिष्टः ॥ ५।१५

कालिदास र पाणिनिका कृतिहरूको यों तुलनात्मक अध्ययनले अवश्य पनि कालिदास पाणिनि बाट प्रभावित थिए भन्ने सामल दिन सक्छ जस्तो मलाई लागेको छ।

पाणिनिलाई दक्षिणात्यहरू उत्तरतिरका शब्द शास्त्रीको रूपमा जान्दछन्। पाणिनिले उत्तरी भेकको व्याकरण रचना गरेका हुन् भन्ने इनीहरू विश्वास गर्दछन्। यसलाई पुष्टि गर्ने खालको किंवदन्ती जो दक्षिण तर्फ प्रचलित छ, प्रसङ्गतया यहाँ उद्धृत गर्नु उपयुक्त हुने छ।

भगवान शिवका विवाहको प्रसङ्ग छ। नगाधिराज हिमालयकी राजकुमारी पार्वतीसँग विवाह हुने भएको छ। शिवको जन्ती जाने भनेर यस उपद्वीपका सम्पूर्ण ऋषि मुनि तथा विद्वान हरूलाई आमन्त्रित गर्दछन्। निमन्त्रण पाएका समस्त व्यक्ति विवाहमा सामेल हुन तँ छाड मछाड गर्दै हिमालयमा पुग्दछन्। विवाहको दिन आउँछ। सबै जना नगाधिराजको दरबार अर्थात् वेहुली पार्वतीको माइती पुग्छन्। आदर-सत्कार-मान-मर्यादा हुन्छ। शिव पार्वतीद्वारा कृतकृत्य हुन्छन् भने जन्तीहरू सम्मान पूर्वकको चौरासी व्यञ्जन खान पाएर।

विवाह सकिन्छ। भगवान् शिव जगदम्बा पार्वतीका साथ त्यहीं वस्नु हुन्छ। हिमालय छोडेर भूत-भावनलाई न कतै जान मन लागोस्, न त भगवान् शिवलाई छोडेर ऋषि मुनिहरूलाई नै दक्षिणतिर फर्कन मन लागोस्। यस्तै रीतले हप्तौं महिनौं वर्षौं बिते विल्दै रहे।

ऋषि महर्षिहरू सबका सबै यसरी हिमालयमा गएर वसि दिंदा दक्षिण तिर धर्म र आचारको निर्णय दिने कुनै व्यक्ति भएन। साह्रै नै खलबली मच्चियो। संस्कृति र परम्परामा विथिति आयो। जनजीवन त्रस्त भयो। शरणागत भएर दक्षिणवासीहरूले शिवको पुकारा गरे। प्राचीन सभ्यता र संस्कृतिको रक्षाको लागि कुनै उपाय गरि पाउन भगवान् शंकर समक्ष निवेदन गरे।

शंकरको इच्छा अनुसार एउटा सभा डाकियो। समस्त ऋषिमुनि उपस्थित भए। दक्षिण तिरको भयावह स्थितिबारे सभालाई अवगत गराइयो। त्यस पछि भगवान् शंकरबाट त्यस तर्फ धर्म र संस्कृतिको पुनः प्रतिष्ठापन गर्न स्वेच्छया जान चाहने व्यक्तिको नाउँ मागियो। हिमवत्खण्ड छोडेर कुनै व्यक्ति जान चाहेन। शिव सान्निध्य छोडेर जाने आँट कसैको पनि भएन।

अन्ततः भगवान शङ्करबाट आफैं निर्णय लिनु पर्ने स्थिति आयो । शिवजीबाट अगस्त्य ऋषिलाई त्यस तर्फ जाने आज्ञा भयो । विचरा ऋषि बाध्य भए । आज्ञा उल्लंघनको प्रश्नै थिएन । अरु कुनै निहुँ थिएन ! हात जोडेर उभिदै अगस्त्य ऋषिले भगवान शंकर समक्ष निवेदन गरे--प्रभो ! मैले आज्ञा उल्लङ्घन वा अटेर गरेको जस्तो न लागोस् । यत्रा वर्ष भिए हामो त्यसतर्फ बाट यता आएका। अब त म त्यहाँ को भाषा पनि बुझ्दिन । मैले यो काम कसरी फत्ये गरुँला ।

प्रश्न जटिलै थियो। भगवान् शंकर एक छिन् ध्यानावस्थित हुनु भयो । केही छिन पछि पुनः उहाले पाणिनि तर्फ इशारा गर्नु भयो । पाणिनि तत्काल सभाका एउटा कुनाबाट उटेर भगवान् समक्ष हाजिर भए । अगस्त्य ऋषि वांया तर्फ उभिएका थिए पहिल्यै देखि, पाणिनि भगवान् शंकरका दाहिने तर्फ उभिए ।

एक छिन पछि शिवले डमरू बजाउन थाल्नु भयो । डमरू बजाउँदा उहाँले एक पल्ट पाणिनिका लागि दाहिने तर्फ र अर्को पल्ट अगस्त्यका लागि बाँया तर्फ हातलगेर चौध-चौध पल्ट डमरू बजाइ दिनु भयो । पाणिनि र अगस्त्य दुवै अनुग्रहीत भए । अगस्त्यले दक्षिण तिरको भाषाको ज्ञान पाए भने पाणिनिले हिमवत्खण्डका सम्पूर्ण शब्द विद्या करामलक गराए ।

अगस्त्य ऋषि अब हिमवत्खण्डबाट विदा भए । दक्षिण लागे । बाटामा विन्ध्य-पर्वत उभियो । उसले अगस्त्यको बाटो रोक्यो । हिमवत्खण्डबाट भागेर वा केही बिराएर आएको शङ्का अगस्त्य ऋषि माथि विन्ध्य पर्वतको भयो । अगस्त्य पनि कम थिएनन् । उनीमाथि शिवजीको वरद हस्त थियो । अतः उनले विन्ध्यका टाउकामा टेक्ने विचार गरे । उसले थाहा पायो र नुध्दै बाटो छोडी दियो । अगस्त्य मुनिले म न फर्किउन्जेल तँ यसै गरी रहनु भनी आफ्नो बाटो लिए ।

अगस्त्य मुनि दक्षिण पुगे पछि धमाधम आफ्नो काम पट्टि लागे। इनले केहि समुद्र भित्रका टापूहरूको पनि पत्तो लगाए । यस बाहेक इनले एउटा व्याकरण पनि लेखे जो अगस्त्य व्याकरणम्का नाउले प्रसिद्ध छ ।

यता पाणिनिले पनि भगवान् शंकरद्वारा हिमवत्खण्डको वाग्विज्ञान प्राप्त गरे पछि आफ्नो काम थालि हाले । फलतः पाणिनीयाष्टकको रचना भयो ।

उपर्युक्त किंवदन्ती दक्षिणतिर प्रसिद्ध छ । यसको उल्लेख पुस्तकहरूमा पनि गरिएको छ । किंवदन्ती भनेको किंवदन्ती नै हो । यो सर्वांश सत्य न हुन सक्दछ । सर्वांश सत्यता यस भित्र देख्नु मुनासिव न भए पनि किंवदन्ती बिल्कुलै निराधार हुँदैन । अतः पाणिनिले भगवान् शंकर द्वारा अक्षर समाम्नाय प्राप्त गरी उत्तरतिरको व्याकरण लेखे भन्ने अंश मात्रै सत्य भए पनि यस किंवदन्तीको सार्थकता छ ।

शाप ग्रस्ता हुन्छिन् । यसै गरी धारिणीको कोप भाजन बन्न पुग्छिन्, मालविकाग्निमित्रम्‌की नायिका मालविका पनि ।

मेघदूतको यक्ष बारे त स्वयं काव्यले नै वर्णन गरेकै छ—शापेनास्तंगमित महिमा । यसबारे धेरै कोट्याई रहनु सूर्यलाई बत्ती देखाउनु हुनेछ । अर्को अर्थमा पाठकलाइ झिझो लगाउनु । अतः यस चौथो वाग्विशेषलाई पनि धेरै न लम्बाई यहिं टुङ्ग्याउनु उचित होला ।

यस सन्दर्भमा यहाँ के पनि सङ्केत गर्नु पर्ला भने कालिदासले अधिकार प्रमत्तता जन्य अपराधलाई शापको जलप लगाई दिए पछि यस श्रापले कान्ता वियोगका साथै वा त्यस बाहेक पनि विभिन्न अभावको सिर्जना गरिदिन्छ । यसको उल्लेख कालिदासीय साहित्यमा यत्र तत्र भएकै छ । यसबारे अन्यत्र चर्चा गरिने छ ।

शाप निग्रह हो र शापमुक्ति अनुग्रह । शाप, वियोग वा अभावमा हेतुभूत छ भने शापमुक्ति संयोगवा प्राप्तिका लागि आवश्यक । अर्का अर्थमा-शाप दुःख हेतु हो भने शापमुक्ति सुख हेतु । यस परिवर्तनशील संसारमा सुख र दुःख सबैलाई एकनास हुँदैनन् यसको स्थिति परिवर्तित भै रहन्छ । कालिदास कै शब्दमा मेघदूतका निम्न पंक्ति—

कस्यात्यन्तं सुखमुपगतं दुःखमेकान्ततो वा
नीचैर्गच्छत्युपरि च दशा चक्रनेमिक्रमेण । मे० उ० ५२

त्यसैले कालिदास आफ्ना काव्यका, चाहे ती दृश्यका हुन वा श्रव्यका, आफ्ना चरित्रलाई सधैं भरि शाप वा-निग्रहको गर्तमा कष्टभोग्न बाध्य पार्न चाहन्नन् । उनको शाप वा निग्रह (दुःख वा वियोग जे सुकै होस्) अनुग्रह वा संयोगबाट धेरै टाढा छैनन् अपि तु नजीकै छन् । यत्ति नजीकै कि टाँसिएकै छन्, शब्दतः पनि अर्थतः पनि । यो कालिदासका सुकोमल तथा साहित्यिक हृदय कै विशेषता हो । उदाहरणार्थ रघुवंशको प्रथम सर्ग—

वशिष्ठ द्वारा जब दिलीपलाई शाप ज्ञान हुन्छ, तत्काल शाप मुक्तिको पनि ज्ञान हुन्छ । साँचै भनौ भने अनुग्रहको ज्ञान भएर मात्र कालिदासका दिलीपले निग्रहको ज्ञान गरेका छन् । निग्रहानुग्रहको एउटै वाक्यमा अनुस्यूत गरेर व्यक्त गर्नु कालिदासीय प्रतिभा कै वैशिष्ट्य हो भनेर सजिलै भन्न सकिन्छ—

अवजानासि मां यस्मादतस्ते न भविष्यति
मत्प्रसूतिमनाराध्य प्रजेति त्वां शशाप सा । रघु० १।७७

उपर्युक्त श्लोकको पछिल्लो आधा भाग अवश्य नै मननीय छ । तेस्रो चरण मत्प्रसूतिमनाराध्यले चौथो चरणको त्वां शशाप सा जस्तो सुन्दै डरलाग्दो वाक्यांश

लाई सुसह र अलि खुकुलो पारि दिएको छ। रोग र ओखतीको सङ्गै उल्लेख भै दिएको छ।

यसै गरी विक्रमोर्वशीयम्मा उपाध्यायले उर्वशीलाई शाप दिन्छन्—तैंले मेरो उपदेश नाघिस् त्यसैले तैंले अब दिव्य स्थान छोड्नु पर्छ।

तर यसको लगत्तै पछि इन्द्रले उर्वशीलाई भन्छन् तिमी पुरूरवा सङ्ग आफ्नो इच्छा लाग्दा सम्म वस्नु। सन्तानको मुख देख्ना साथ तिमी पुनः स्वर्गमा आउने नै छचौ।

विक्रमोर्वशीयम्को यति लामो विवरणलाई त्यस नाटक मै कालिदास कति मधुर तर कति संक्षिप्त रूपमा च्वाट्ट भनि दिन्छन्—

पेलव—सा खलु शप्ता उपाध्यायेन। महेन्द्रेण पुनरनुगृहीता। वि० ४ अंक

शाप र अनुग्रहको काच-काञ्चन संयोगले कालिदासीय काव्य साहित्यलाई व्याप्त गरेको छैन भन्न मिल्दैन।

यसै गरी यसै रूपकमा मर्यादाको उल्लङ्घन गर्दा कुमार वनमा शापग्रस्ता भएर लताको रूपमा परिणता उर्वशी लाई पनि राजाले मुनिद्वारा परिचय प्राप्त मणिको स्पर्शले नै प्राप्त गर्न सक्दछन् भन्ने कुराको उल्लेख छ। शाप र अनुग्रहको उदाहरण लाई यसले पनि व्यक्त गर्दछ।

शापानुग्रहको अभिज्ञान शाकुन्तलमा अर्को उदाहरण छ—

जसै दुर्वासा द्वारा शकुन्तला शाप ग्रस्ता हुन्छिन् तत्काले उनकी सङ्गिनीहरूले यसका निवृत्तिको उपाय पत्तो लाउँछन्। अर्को अर्थमा जुन शकुन्तलालाई दुर्वासा रीसाएर शाप दिन्छन् उनै शकुन्तलालाई स्वयं ऋषि नै शाप मुक्त पार्ने उपाय बताउँछन्। निग्रहानुग्रहको अभिज्ञान शाकुन्तलको यो प्रसङ्ग यहाँ सर्वथा उद्धरणीय छ—दुर्वासा के शब्दमा—

विचिन्तयन्ती यमनन्यमानसा
तपोधनं वेत्सि न मामुपस्थितम्
स्मरिष्यति त्वां न स बोधितोपि सन्
कथां प्रमत्तः प्रथमं कृतामिव। अभि० ४।१

…मे वचन मन्यथा भवितुं नार्हति। किन्त्वभिज्ञानाभरण दर्शनेन शापो निवर्तिष्यते…।

यो शापानुग्रहको सम्पूर्ण क्रिया कलाप जसको विवरण यहाँ दिइएको छ, यसको बीज हो मेघदूत प्रथम पद्यको—शापेन।

संयोग र वियोग, निर्वासन र प्रवास, पाप र प्रायश्चित तथा निग्रह र अनुग्रहको यस प्रसङ्गमा विशेषतः शापेनास्तं गमितमहिमाको विश्लेषण गर्दा अभिज्ञान शाकु-

गालव—ततस्ततः ?

पेलव—ततः पुरुषोत्तम इति भणितव्ये पुरुरवसीति तस्या निर्गता वाणी ।

विक्रमोर्वशीयम् मैं उर्वशी पति सङ्ग रिसाएको झोंकमा एक पल्ट फेरी आँखा देख्नै छोड्छिन् । इनको यो प्रमादले उनलाई कर्तव्याकर्तव्य विवेकमा असमर्थ पारी दिन्छ । स्त्री शाठ्यको उदाहरण बन्न पुग्छिन् उर्वशी । स्वास्नी मानिसले कहिल्यै प्रवेश गर्न न हुने कुमार वनमा पनि प्रमादवश आँखा चिम्लिएर प्रवेश गर्न पुग्छिन् । चित्र-लेखाको शब्दमा रुपक कै चतुर्थ अङ्कको यो प्रसङ्ग—

ततः सा भर्तुः अनुनयमप्रति पद्यमाना…विस्मृत देवता नियमा स्त्री-जन-परिहरणीयं कुमार वनं प्रविष्टा । प्रवेशानन्तरं च…।

यसै गरी अभिज्ञान शाकुन्तलकी शकुन्तला, विचरी एउटी जङ्गली तपस्विकन्या, राजा दुष्यन्त जस्तो पति पाएँ भनेर मक्ख पर्छिन् । रानी भै सकेपछि आश्रमको साधारण काम उनी किन गर्दथिन् ? ढोकामा अलख जगाउने जोगी विरन्तरीले सम्म अब भिक्षा पाउँदैन । यसै क्रममा महर्षि दुर्वासाको समेत प्रमादवश अपमान हुन पुग्दछ । अधिकार प्रमत्तताको दुष्परिणामबाट शकुन्तला पनि बाँच्न सक्दिनन् । कालि-दासीय अभिज्ञान शाकुन्तलको यो प्रसङ्ग नाटक कै पात्र प्रियम्बदा र अनसूयाको संवाद बाट—

प्रियंवदा—हा धिक् ! अप्रियमेव संवृत्तम् । कस्मिंश्चित् पूजार्हे अपराद्धा शून्यहृदया शकुन्तला ।

अनसूया—न हि यस्मिन् कस्मिन् खलु। एष दुर्वासाः सुलभकोपो महर्षिः ।

यसरी स्वाधिकार प्रमत्तताका शिकार भएका छन् कालिदासीय साहित्यका पात्र हरू। यी सबैले प्रियवियोग वा प्रिया वियोगको अजङ्गको गह्रुङ्गो डोको प्राणान्त हुन्ज्यालसम्म बोक्नु परेको छ ।

स्वास्नी मानिस गहना पाएपछि जे पनि लगाउन खोज्छन् । गहनाका नाउँमा जाँतो पनि इनीहरूलाई भारी हुदैन । आभूषण लगाउने अधिकार पाएको नारी जाति कहिले काहि सर्वस्व सकेर पनि गहना लाउन मन पराउँछ । रघुवंशकी रानी इन्दु-मतीको पनि गणना यस्तै आभरणप्रिय स्त्री हरू मध्यमा नै गर्न सकिन्छ ।

एकदिन उपवनमा विहार गर्ने इन्दुमतीले देवर्षि नारदको वीणाबाट खस्दै गरेको दिव्य माला देख्दछिन् । उनलाई त्यो माला न लगाई हुँदैन । इन्दुमती स्वयं सम्राज्ञी थिइन् कसको सुन्दथिन् । अज पनि विवश भए । अन्ततः त्यो माला इन्दुमतीको छाती मा पर्ना साथ हिमाली वल्लीले लेख लागे झैं त्यस स्वर्ग वल्लीले रानीलाई स्वर्ग लग्यो उनी स्वर्ग गइन् ।

माथिका विवरणका आधारमा—कश्चित् कान्ताविरहगुरुणा स्वाधिकारात् प्रमत्तः यस वाग्विशेषले प्रियावियुक्त यक्ष बाहेक प्रिया वियुक्त अज, प्रिया वियुक्त राम, प्रिया वियुक्त काम, प्रिया वियुक्त पुरुरवा प्रिया वियुक्त अग्निमित्र र ऋतु संहारका समस्त प्रिया वियोगी प्रवासी हरूलाई समेट्न सक्छ। वियोग कहिल्यै पनि एकाङ्गी न हुने हुनाले यसै वाग्विशेषले कालिदासीय काव्यका नारी पात्रहरूको पनि सङ्कलन गरिदिन्छ। जस्तै—प्रिय वियुक्ता सीता, प्रिय वियुक्ता इन्दुमती, प्रियवियुक्ता उर्वशी प्रियवियुक्ता मालविका प्रिय वियुक्ता शकुन्तला, प्रियवियुक्ता रति, प्रियवियुक्ता (पूर्व जन्म देखि कै) उमाका साथै ऋतु संहारकी विरहिणीहरू एवं यसै मेघदूत काव्यकी प्रियविरहिता यक्षिणी। अस्ति कश्चिद् वाग्विशेषः ?

शापेनाऽस्तं गमित महिमा—

मेघदूत काव्यका पहिलो पद्यको यस वग्विशेषले सम्पूर्ण कालिदासीय साहित्यलाई आफ्नो क्षेत्र अन्तर्गत पारेको छ। कालिदासका पात्र हरूले अधिकार प्रमत्तताको परिणाम भोगेका छन्। आफ्ना प्रमादको फल सबैले पाएका छन्। अनाहकमा कसैको हृदय दुखाउन न चाहने कवि हृदय कालिदासले यस अधिकार प्रमत्तता जन्य दुष्परिणामलाई आफूले गर्न सके र भ्याए सम्म शापको जलप लगाई दिएका छन्। यसलें गर्दा अधिकार प्रमत्तताको प्रायश्चित्त गर्ने व्यक्तिको यशो महिमामा केही कल्मष लागेको देखिए पनि दृष्टादृष्ट शापको आधार पाएर तिनीहरूलाई आफ्नो प्रमाद जन्य कृत्यको परिणाम भोग्न सजीलो पर्न गएको छ।

उपर्युक्त विवरण अनुसार हामी कालिदासीय काव्यका समस्त पात्रहरूको शाप उनका अधिकार प्रमत्तता कै कारणबाट भएको भन्ने कुराको निर्क्योलमा पुग्न सकेका छौं। कालिदासका कुन कुन कृति हरूमा कस्तो कस्तो खालको शापको उल्लेख छ ? यसबारे पनि चर्चा गरि हाल्दा विवेच्य पद्यको चौथो वाग्विशेष शापेनास्तंगमित महिमाको पनि विश्लेषण राम्ररी हुन जाने छ।

रघुवंशीय राजा दिलीप कामधेनुको अपमान गर्दा अभिशप्त हुन्छन्। त्यसै वंशमा राजा दशरथले जङ्गली हात्तीलाई राजाले नमानु (नृपते रवध्यो वन्यः करीति श्रुतवान् कुमारः। रघु० ५।५०) भन्ने नियमानुसार उहिले आफ्ना पूर्वज अजले हात्ती न मारेको कुरा अवश्य जानेका थिए होलान्। तै पनि हात्ती मार्न कसिए। अन्धा तपस्वी दम्पतीद्वारा शाप ग्रस्त भए।

उर्वशी पनि एक पल्ट अधिकारप्रमादवश आफ्ना उपाध्याय (शिक्षक) द्वारा शाप ग्रस्ता हुन्छिन्। अर्को पल्ट कुमार वनको मर्यादा नाघ्दा इनले फेरि शाप ग्रस्ता हुनु पर्दछ।

अभिज्ञान शाकुन्तल की शकुन्तला दुर्वासाकी कोपभाजन बन्न पुग्छिन्। तिनी पनि

तिर पनि मेघदूतको स्वाधिकारात् प्रमत्तः वाग्विशेषले संकेत गरेकै छ। विक्रमोर्वशीयम् रूपक (त्रोटक) को चतुर्थ अङ्कमा चित्रलेखाका यो वाक्यहरू यहाँ उनकै शब्दमा उपस्थापित गर्दा पुनरुक्ति भए पनि अक्षम्य हुने छैन—

चित्रलेखा—उर्वशी किल तं रतिसहायं राजर्षिममात्येषु निवेशितराज्यधुरं गृहीत्वा गन्धमादनवनं विहर्तुं गता।

तत्र खलु मन्दाकिन्याः पुलिनेषु गता सिकता पर्वतभिः क्रीडन्ती विद्याधर दारिका उदयवती नाम। तेन राजर्षिणा निध्यातेति।

यस्तै खालको प्रमत्तता मालविकाग्निमित्रम् मा छ। रानी धारिणीको सेवागर्न बसेकी दरबारी केटी (नोकर्नी वा सुसारे) मालविका माथि राजा अग्निमित्रको प्रमत्तता देखिन्छ।

राम मर्यादाको पालनका लागि प्रसिद्ध छन् तथापि रघुकुलमा मात्र मर्यादा पालक छु भन्ने स्वाभिमानवश लोग्ने स्वास्नीको झगडामा उठेका मामूली कुरालाई पनि यथार्थ मान्न थाल्दछन् इनी। रीसका झोंकमा आँखा न देख्ने धोबीका तथ्यहीन कुरा पनि रामलाई आदर्श लाग्न थाल्दछन्। लोकापवाद हुन जान्छन्। फलतः कहिल्यै पनि धेरै बेर न तग्ने परालको आगोले त्यस वेला धेरै दिन न निम्ने अजङ्गका मूढाको रूप लिन्छ। यो परालको आगो धोबीका घरमा उल्नि खेरै निभ्छ तर रामका हृदयमा वर्सौं सल्किरहन्छ, दन्कि रहन्छ।

सीतालाई सर्वथा शुद्ध एवं परीक्षिता जान्दा जान्दै पनि लोकापवादको व्यर्थका आदर्शमा लाग्ने राजा रामलाई एउटा सार्वभौम क्षत्रिय राजाका दृष्टिले (देवताका दृष्टिले होइन) के भन्नु उचित होला ?

यस सन्दर्भमा रामकै मुखबाट कालिदासीय रघुवंशको यो वाक्य—

अवैमि चैनामनघेति किन्तु लोकापवादो बलवान् मतो मे। रघु० १४।४०

रघुवंशमा राजा सुदर्शनका छोरा अग्निवर्णलाई वंशानुगत उत्तराधिकारीको रुपमा राजगद्दी प्राप्त हुन्छ। इनी आफ्ना बाबु बाजे कै अर्जित यशोलक्ष्मी र राज्यलक्ष्मीका भरमा मात्र राजा रहन्छन्। फलतः इनले प्रजाहितार्थ एउटा सिन्को सम्म पनि भाच्ने उद्योग गर्दैनन्। राज्याधिकारको प्रमत्तता इनमा पनि आउँछ। राजाको जन्म सुख भोगका लागि हो भन्ने इनको धारणा हुन्छ। अतः इनी रात दिन विषय लम्पट हुन्छन्। इनी मन्त्रीका भरमा राज्य व्यवस्थाको उत्तरदायित्व पन्छाएर स्वयं कानमा तेल हाली दरबारका खोपीमा रमाउँछन्। पाशा थर्काउँछन्। धेरै त के प्रजा लाई आफ्नू अनुहार देखाउने फुर्सद हुदैन इनलाई।

तर प्रजा प्रजा थिए। राजालाई साक्षात् नारायणको अवतार मान्दथे। अनि

वर्ण स्वयं कर्तव्यच्युत भएपनि म प्रजाको ईश्वर हूँ भन्ने घमण्ड गर्दथे। फलतः दरबार कों पटाङ्गिनीमा राजाको दर्शन गर्न आतुर जनता जनार्दनको समूहलाई सोध पुछ त पर्दै छ, उल्टो-मेरो चरण तलको दर्शन पाएर कृत कृत्य होओ भन्ने उद्देश्यले अग्नि-वर्णले आफ्नू एउटा खुट्टा मात्र माथि झ्यालबाट बाहिर झुण्ड्याइ दिन्थे। अधिकार प्रमत्तताको चरम सीमा नाघ्ने यस स्थितिको चित्रण कालिदास कै शब्दमा—

गौरवाद् यदपि जातु मन्त्रिणां
दर्शनं प्रकृतिकाङ्क्षितं ददौ।
तद्ध गवाक्षविवरावलम्बिना
केवलेन चरणेन कल्पितम् रघु० १९।१७

कुमार संभवम् महाकाव्यमा—कामदेव, म संसारलाई वश गर्न सक्छु भन्ने घमण्ड मा चूर थियो। फलतः यसले पनि प्रमादवश आँखा देख्न छोड्यो। दुष्परिणाम भोग्नु थियो। भगवान् शंकरमा जाई लाग्यो। कालिदासकै शब्दमा—

सम्मोहनं नाम च पुष्पधन्वा धनुष्यमोघं समधत्त बाणम्। कु० ३।६६

कालिदासीय काव्यको स्वाधिकारात् प्रमत्तताको बीज यसरी सबै तिर आकाश-वल्ली झैं व्याप्त छ। यसको मूर्धाभिषिक्त उदाहरण कविको स्वयं मेघदूत काव्य नै हो जसको वाग्विशेष "स्वाधिकारात् प्रमत्तः" को यहाँ तुलनात्मक दृष्टिले काव्यान्तरका प्रसङ्गका साथ चर्चा गरियो। तर यो वग्विशेषको चर्चा यत्तिनै गरेर पुगेको छैन माथिका विवरण त कालिदासीय काव्यका पुरुष पात्रका मात्र हुन्। स्त्री पात्रको त उल्लेख यसमा गरिएकै छैन। प्रसङ्गतः यसको पनि चर्चा गरि हाल्नु यहाँ आवश्यक देखिन्छ।

तीने त्रिलोकका महापुरुष देवगन्धर्व लोकपाल समस्त जम्मा भएका थिए। साक्षात् लक्ष्मी जस्ती उर्वशीलाई (स्वयंवरको सन्दर्भमा) वारुणी (मेनका) सोध्छिन्—यहा भगवान् विष्णु सहित सम्पूर्ण लोकपालहरू तिम्रो लागि उपस्थित हुनु हुन्छ। तिमी कसलाई चाहन्छयौ ?

म जस्तो रूप लावण्यवती कुनै छैन भन्ने अभिमानमा मक्ख परेकी उर्वशी प्रमाद वश एक थोक भन्छु भन्दा अर्को थोक भन्न पुग्छिन्। अधिकार प्रमत्ततावश पुरुषोत्तम लाई चाहन्छु भन्नु साटो पुरुरवालाई चाहन्छु भनि दिन्छिन्। उर्वशीको यसै वाग्विशेष ले अधिकार प्रमत्तताको भयानक परिणाम सिर्जना गरिदिन्छ। कालिदासीय विक्रमोर्व-शीयम् चौथो अङ्कको प्रारम्भ (विष्कम्भक) मा नाटककै पात्र पेलवको मुखबाट—

पेलव—लक्ष्मी भूमिकायां वर्तमाना उर्वशी वारुणी भूमिकायां वर्तमानया स्पृष्टा—सखि ! समागता एते त्रैलोक्य सुपुरुषाः सकेशवाश्च लोकपालाः। कत-मस्मिस्ते भावाभिनिवेश इति।

कालिदासीय साहित्यको बीज चिन्तनको यस प्रसङ्गमा कश्चित् पदको विश्लेषण माथि गरियो । अब पालो छ त्यसै पछिको दोस्रो पदको । त्यो हो—

कान्ताविरहगुरुणा

माथिका कश्चित् पदले खेपिने कालिदास साहित्यका सबै नायकहरू कान्ता वियोगी छन् । सबै पत्नी वियोगमा छट्पटिएका छन् । यी प्रिया विहीन पुरुष चरित्रको वर्णन कालिदासको आफ्नै खालको छ । यसरी विरह व्यथा बोकेकाहरू यहाँ स्थावर मात्र होइनन्, जङ्गम पनि छन् । चेतन मात्र होइनन्, अचेतन पनि छन् । मनुष्य मात्र होइनन्, लता वृक्ष पनि छन् । वियोगका सन्दर्भमा यी अचेतन स्थावर तथा पशु पक्षीहरूलाई समेत कालिदासले पुरुषाकारित पारी दिएका छन् । इनीहरूको समेत मानवीकरण Personification भएको छ । उदाहरणको लागि प्रस्तुत छ—ऋतुसंहार प्रावृड्वर्णनको सन्दर्भमा कान्ताविरहीहरूको कालिदासीय शब्द चित्र—

वहन्ति वर्षन्ति नदन्ति भान्ति
रुदन्ति नृत्यन्ति समाश्रयन्ति
नद्यो घनाः मत्तगजा वनान्ताः
प्रिया विहीनाः शिखिनः प्लवङ्गाः । ऋतु० । प्र० १९

वियोग व्यथा उस्तै दुःखदायी हुने भए पनि वियोगका हेतुमा पार्थक्य अवश्य हुन्छ । कालिदासका साहित्यमा पाइने यो वियोग वा कान्ता विरह आ आफ्ना कथा प्रवृत्ति अनुसार एक अर्का संग मिल्दा वा न मिल्दा दुवै हुन सक्दछन् ।

यसरी कालिदासीय साहित्यमा कान्ता विरहका निम्न कारणहरू दिइन सकिन्छन् । जस्तै—(क) प्रवास (ख) निर्वासन (ग) मृत्यु (घ) तथा इनी संग सम्बद्ध अन्य कारणहरू ।

माथि कश्चित् पदले स्त्री लिङ्गको पनि प्रसङ्गात् ग्रहण गरिएको तथ्य तर्फ सिंहावलोकन गर्दा यहाँ पनि 'कान्ताविरह' को ठाउँ कान्तविरहले लिन न सक्ने जस्तो छैन । अतः प्रिय वियोगी कि वा प्रिया वियोगीका दृष्टिले यस प्रसङ्गमा—रघुवंशका प्रिय वियोगी अज र राम, मालविकाग्निमित्रम्का कांता वियुक्त अग्निमित्र, विक्रमोर्वशीयम्का कान्ता विरही पुरुरवा कुमारसम्भवका कांता विरही शिव तथा नायिका वियोगी नायक ऋतु संहारका साथै यसै मेघदूतम् काव्यका प्रिया विरही यक्षको समेत बोध हुन सक्दछ । यति मात्र किन ? वियोग वा विरह एकाङ्गी न हुने हुनाले यस प्रसङ्गमा प्रिय वियोगिनी सीता, प्रिय वियुक्ता मालविका, कान्त विरहिणी शकुन्तला र मेघदूतम् की यक्षिणी साथै विक्रमोर्वशीयम् की उर्वशी पनि परिगणित हुन सक्छिन् । यसै तथ्यलाई पद्यको दोस्रो पद कान्ताविरहगुरुणाले संगृहीत गर्दछ ।

स्वाधिकारात्प्रमत्तः

यो प्रस्तुत पद्यको तेस्रो पद हो। अधिकारले मानिसलाई कहिले काहि बहुलाहा पनि बनाई दिन्छ। पद पाए पछि न मात्ने विरलै हुन्छन्। अधिकार प्रमत्तताले व्यक्ति पतित हुन्छ। कर्तव्य गर्न छोड्छ त्यो। कर्तव्यच्युत व्यक्तिले अधिकार पनि गुमाउँछ। यसै तथ्यलाई कालिदासले यहाँ औंल्याएका छन्। स्वाधिकारात् प्रमत्तः उपर्युक्त वाक् विशेषको यहाँ स्व कर्तव्यात् प्रमत्तः अर्थ पनि गर्न सकिन्छ, कर्तव्य र अधिकार एउटै मुद्राका दुइ भाग त हुन्!

कविकै शब्दमा कालिदासीय साहित्यका वियोग परि खेदित चित्त वृत्ति नायक नायिकाहरू मेघदूतका आदिम पद्यका यसै वाक् विशेष अनुसार स्वाधिकार प्रमत्त छन् किंवा स्वकर्तव्यच्युत छन्—

दिलीप जसलाई कालिदासले रघुवंशी राजाहरूमध्ये निक्कै बढाई-चढाई ठड्याएका छन्, यी पनि एकपल्ट अधिकार प्रमत्त हुन पुग्छन्। कामधेनुको अनादर हुन्छ, इनबाट। इनले त्यस वेला आँखा देखेका थिएनन्। वशिष्ठले इनका आँखा पछि बाट उघारि दिए—तिमीले प्रदक्षिणा गरिनु पर्ने कामधेनुको प्रमत्ततावश अपमान गर्‍यौ—

प्रदक्षिणक्रियार्हायां तस्यां त्वं साधु नाचरः। रघु० १।७६

रघुवंशी राजा दशरथ आफ्ना दरवारिया चाकडीवाज हरूले गरेको मृगयाको तारीफमा मक्ख पर्छन्। यसै फुर्त्याईमा लागेर इनी शिकार खेल्न जान्छन्। म कुशल शिकारी छु-भन्ने घमण्ड थियो इनमा। दशरथले पनि आंखा देखेनन्, आखा चिम्लिएरै वाण चलाए। तमसामा जल भर्न आएका तपस्वी बटु श्रवण कुमारका घडाको पानी भर्दा सुनिने गड-ड-ड ध्वनिलाई प्रमत्ततावश हात्तीको आवाज भन्ठाने। यसरी आँखामा भन्दा कानमा बढी विश्वास गरेको फलस्वरूप मदान्ध राजा दशरथको धनुबाट छुटेको बाणले अन्धा मुनि दम्पतीका एकमात्र आश्रय उनका छोराको मृत्यु हुन्छ। कालिदासका शब्दमा कहिले काहि ठुला बडा मानिस पनि आफ्ना आँखामा आफै छारो हालेर स्वयं अन्धा बन्दै कुबाटो हिंड्न थाल्दछन्—

अपथे पदमर्पयन्ति हि श्रुतवन्तोऽपि रजोनिमीलिताः। रघु० ९।७४

पुरुरवालाई पनि एक पल्ट यस्तै गरी वैश चढ्छ। हिमाली प्रदेशका पहाडीभेकमा खोला किनारमा वालुवाको थुप्रोलाएर खेल्ने ठिटीहरू मध्ये विद्याधर पत्नी उदयवती माथि उनी उम्लिन पुग्छन्। आफै सित साथै आएकी त्रिलोक सुन्दरी उर्वशी प्रति इनले त्यस वेला पट्टै आँखा चिम्लिदिन्छन्। एक त राज काज छोडेर श्रीमती संग शयल गर्न जानु, त्यसै माथि अर्केकी आई माई उपर बलात्कार गर्ने चेष्टा? पुरुरवाको यस खालका प्रमत्तताको पनि कविले विक्रमोर्वशीयम्मा चित्रण गरेका छन्। निश्चय नै यस तथ्य

न्तलको दुर्वासाको उक्ति—'आभूषणको चिनो देखाए पछि शाप बाट मुक्ति मिल्ने छ'—ले शाप र अनुग्रह बीचको एउटा सुन्दर सेतुको काम गरेको छ। सम्भवतः यसमा कालिदासलाई वाल्मीकि रामायण किष्किन्धा काण्डको निम्न पद्यले प्रभावित पारेको छ—

ददौ तस्यै ततः प्रीतः स्वनामाङ्कोपशोभितम्
अंगुलीयमभिज्ञानं राजपुत्र्याः परन्तपः। वा० कि० १२

यसै गरी अभिज्ञानभरण (दुष्यन्तले स्वयंवरमा शकुन्तलाका औंलामा लगाई दिएको स्वनामाङ्कित औठी) देखाएपछि उनको शापबाट अनुग्रह हुन्छ भन्ने कुरा स्वयं दुर्वासाले शकुन्तलाको लागि भनि दिएको प्रसङ्ग माथि उल्लेख गरिए कै छ।

रघुवंशको १२ रौं सर्गमा हनुमानले पनि सीतालाई रामको तर्फबाट अभिज्ञानाङ्गुलीयक (औंठी) टक्र्याउँछन्। यसै गरी प्रत्यभिज्ञान मणि सीताका तर्फबाट राम लाई पनि उनैले समर्पित गरिदिन्छन्। हर्षाश्रुको अविरल वर्षाका साथ भगवती सीता त्यस औठीलाई जसरी स्वीकार गर्नु हुन्छ त्यस्तै राम पनि आफ्नै हराएको हृदय फेला परे ज़स्तो गरी स्वीकार गर्नु हुन्छ। कालिदासका शब्दमा अन्तर्निहित यही भाव रघुवंश १२ रौं सर्गमा—

तस्यै भर्तुरभिज्ञानमङ्गुलीयं ददौ कपिः।
प्रत्युङ्गतमिवानुष्णैस्तदानन्दाश्रुबिन्दुभिः ॥६२॥
प्रत्यभिज्ञानरत्नं च रामायादर्शयत् कृती
हृदयं स्वयमायातं वैदेह्या इवः मूर्तिमत् ॥६४॥

शाप र अनुग्रहको सेतु स्वरूप यो सुन्दर कल्पना कालिदासले आफ्ना साहित्यमा अन्यत्र पनि गरेका छन्। अब जाऊँ मालविकाग्निमित्रम् तिर—

मालविका लाई ईरावतीको कुरा सुनेर धारिणीले सुरुङ् भित्र गुफाराखी दिन्छिन्। आफ्नू सर्पमुद्राङ्कित औठी न देखाई इनलाई न छोड्नु भनेर त्यहाको पालो पहरो गर्ने मालविकालाई आदेश दिन्छिन्। उनकै शब्दमा मालविकाग्निमित्रम्को यो वाक्य—

विदू—सारभाण्डगृहव्यापारिता मालविका देव्या आदिष्टा नमोक्तव्या त्वया हताशा मालविका वकुलबालिका चेति। माल० ४

शापानुग्रहका बीच अभिज्ञानले खेल्ने भूमिकाको अर्को उदाहरण विक्रमोर्वशीयम् रूपकमा पनि छ। उर्वशीको वियोगमा व्याकुल राजा पुरूरवाको प्रिया संयोग पनि आभरणोचित मणि (संगमनीय मणि) द्वारा हुन्छ जसको परिचय वा अभिज्ञान एउटा ब्रह्मचारीले राजालाई दिएको हुन्छ—

वत्स ! गृह्यताम् गृह्यताम्।

स्वाधिकारात्प्रमत्तः

यो प्रस्तुत पद्यको तेस्रो पद हो । अधिकारले मानिसलाई काहिले काहि बहुलाहा पनि बनाई दिन्छ । पद पाए पछि न मात्ने विरलै हुन्छन् । अधिकार प्रमत्तताले व्यक्ति पतित हुन्छ । कर्तव्य गर्न छोड्छ त्यो । कर्तव्यच्युत व्यक्तिले अधिकार पनि गुमाउँछ । यसै तथ्यलाई कालिदासले यहाँ औंल्याएका छन् । स्वाधिकारात् प्रमत्तः उपर्युक्त वाक् विशेषको यहाँ स्व कर्तव्यात् प्रमत्तः अर्थ पनि गर्न सकिन्छ, कर्तव्य र अधिकार एउटै मुद्राका दुइ भाग त हुन् !

कविकै शब्दमा कालिदासीय साहित्यका वियोग परि खेदित चित्त वृत्ति नायक नायिकाहरू मेघदूतका आदिम पद्यका यसै वाक् विशेष अनुसार स्वाधिकार प्रमत्त छन् किंवा स्वकर्तव्यच्युत छन्—

दिलीप जसलाई कालिदासले रघुवंशी राजाहरूमध्ये निक्कै बढाई-चढाई ठड्याएका छन्, यी पनि एकपल्ट अधिकार प्रमत्त हुन पुग्छन् । कामधेनुको अनादर हुन्छ, इन बाट । इनले त्यस वेला आँखा देखेका थिएनन् । वशिष्ठले इनका आँखा पछि बाट उघारि दिए—तिमीले प्रदक्षिणा गरिनु पर्ने कामधेनुको प्रमत्ततावश अपमान गर्‍यौ—

प्रदक्षिणक्रियार्हायां तस्यां त्वं साधु नाचरः । रघु० १।७६

रघुवंशी राजा दशरथ आफ्ना दरवारिया चाकडीवाज हरूले गरेको मृगयाको तारीफमा मक्ख पर्छन् । यसै फुक्र्याईमा लागेर इनी शिकार खेल्न जान्छन् । म कुशल शिकारी छु-भन्ने घमण्ड थियो इनमा । दशरथले पनि आंखा देखेनन्, आखा चिम्लिएरै वाण चलाए । तमसामा जल भर्न आएका तपस्वी बटु श्रवण कुमारका घडाको पानी भर्दा सुनिने गड-ड-ड ध्वनिलाई प्रमत्ततावश हात्तीको आवाज भन्ठाने । यसरी आँखा मा भन्दा कानमा बढी विश्वास गरेको फलस्वरूप मदान्ध राजा दशरथको धनुबाट छुटेको बाणले अन्धा मुनि दम्पतीका एकमात्र आश्रय उनका छोराको मृत्यु हुन्छ । कालिदासका शब्दमा कहिले काहि ठुला बडा मानिस पनि आफ्ना आँखामा आफै छारो हालेर स्वयं अन्धा बन्दै कुबाटो हिंड्न थाल्दछन्—

अपथे पदमर्पयन्ति हि श्रुतवन्तोऽपि रजोनिमीलिताः । रघु० ९।७४

पुरुरवालाई पनि एक पल्ट यस्तै गरी वैश चढ्छ । हिमाली प्रदेशका पहाडीभेकमा खोला किनारमा वालुवाको थुप्रोलाएर खेल्ने ठिटीहरू मध्ये विद्याधर पत्नी उदयवती माथि उनी उम्लिन पुग्छन् । आफै सित साथै आएकी त्रिलोक सुन्दरी उर्वशी प्रति इनले त्यस वेला पट्टै आँखा चिम्लिदिन्छन् । एक त राज काज छोडेर श्रीमती संग शयल गर्न जानु, त्यसै माथि अर्ककी आई माई उपर बलात्कार गर्ने चेष्टा ? पुरुरवाको यस खाल का प्रमत्तताको पनि कविले विक्रमोर्वशीयम्मा चित्रण गरेका छन् । निश्चय नै यस तथ्य

न्तलको दुर्वासाको उक्ति—'आभूषणको चिनो देखाए पछि शाप बाट मुक्ति मिल्ने छ'—ले शाप र अनुग्रह बीचको एउटा सुन्दर सेतुको काम गरेको छ। सम्भवतः यसमा कालिदासलाई वाल्मीकि रामायण किष्किन्धा काण्डको निम्न पद्यले प्रभावित पारेको छ—

ददौ तस्यै ततः प्रीतः स्वनामाङ्कोपशोभितम्
अंगुलीयमभिज्ञानं राजपुत्र्याः परन्तपः। वा० कि० १२

यसै गरी अभिज्ञानभरण (दुष्यन्तले स्वयंवरमा शकुन्तलाका औंलामा लगाई दिएको स्वनामाङ्कित औठी) देखाएपछि उनको शापबाट अनुग्रह हुन्छ भन्ने कुरा स्वयं दुर्वासाले शकुन्तलाको लागि भनि दिएको प्रसङ्ग माथि उल्लेख गरिए कै छ।

रघुवंशको १२ रौं सर्गमा हनुमानले पनि सीतालाई रामको तर्फबाट अभिज्ञानाङ्गुलीयक (औंठी) टक्र्याउँछन्। यसै गरी प्रत्यभिज्ञान मणि सीताका तर्फबाट राम लाई पनि उनैले समर्पित गरिदिन्छन्। हर्षाश्रुको अविरल वर्षाका साथ भगवती सीता त्यस औठीलाई जसरी स्वीकार गर्नु हुन्छ त्यस्तै राम पनि आफ्नै हराएको हृदय फेला परे ज़स्तो गरी स्वीकार गर्नु हुन्छ। कालिदासका शब्दमा अन्तर्निहित यही भाव रघुवंश १२ रौं सर्गमा—

तस्यै भर्तुरभिज्ञानमङ्गुलीयं ददौ कपिः।
प्रत्युद्गतमिवानुष्णैस्तदानन्दाश्रुबिन्दुभिः ॥६२॥
प्रत्यभिज्ञानरत्नं च रामायादर्शयत् कृती
हृदयं स्वयमायातं वैदेह्या इव मूर्तिमत् ॥६४॥

शाप र अनुग्रहको सेतु स्वरूप यो सुन्दर कल्पना कालिदासले आफ्ना साहित्यमा अन्यत्र पनि गरेका छन्। अब जाऊँ मालविकाग्निमित्रम् तिर—

मालविका लाई ईरावतीको कुरा सुनेर धारिणीले सुरुङ् भित्र गुफाराखी दिन्छिन्। आफ्नू सर्पमुद्राङ्कित औठी न देखाई इनलाई न छोड्नु भनेर त्यहाको पालो पहरो गर्ने मालविकालाई आदेश दिन्छिन्। उनकै शब्दमा मालविकाग्निमित्रमको यो वाक्य—

विदू—सारभाण्डगृहव्यापारिता मालविका देव्या आदिष्टा नमोक्तव्या त्वया हताशा मालविका वकुलबालिका चेति। माल० ४

शापानुग्रहका बीच अभिज्ञानले खेल्ने भूमिकाको अर्को उदाहरण विक्रमोर्वशीयम् रूपकमा पनि छ। उर्वशीको वियोगमा ब्याकुल राजा पुरूरवाको प्रिया संयोग पनि आभरणोचित मणि (संगमनीय मणि) द्वारा हुन्छ जसको परिचय वा अभिज्ञान एउटा ब्रह्मचारीले राजालाई दिएको हुन्छ—

वत्स ! गृह्यताम् गृह्यताम्।

संगमनीयोमणिरिह शैलसुता-चरण-राग-योनिरयम् ।
आवहति धार्यमाणः सङ्गममचिरात् प्रियजनेन । विक्र० ४।३७

यहा मात्र होइन, मेघदूतमा पनि यक्ष मेघलाई अभिज्ञान पठाउँछ तर यहा उसको मेघ आकाशचारी छ अचेतन छ । कामार्त यक्ष चेतना चेतनको विवेक गर्न न सक्ने भएर नै उसले मेघलाई दूत बनाएको कुरा यस प्रसङ्गमा स्मरणीय छ—कामार्ता हि प्रकृतिकृपणा श्चेतना चेतनेषु ।

यसै कारण मेघ प्रियाको लागि अभिज्ञानको रूपमा सन्देश नै पठाउँछ । आकाश चारी अचेतन मेघले शब्द भन्दा बढी के पठाउनु ! 'शब्दगुणकमाकाशम् ।'' शब्दाभिज्ञानको यस प्रसङ्गलाई यक्ष यसरी व्यक्त गर्दछ, आफ्नै शब्दमा—

एतस्मान् मां कुशलिनमभिज्ञानदानाद्विदित्वा
मा कौलीनादसितनयने मय्यविश्वासिनी भूः । उ० मे० ४९

यसै गरी—

साभिज्ञान प्रहित कुशलै स्तद्वचोभिर्ममाऽपि
प्रातः कुन्द प्रसव शिथिले जीवितं धारयेथाः

कालिदासीय साहित्यको बीज चिन्तनको सन्दर्भमा विवेच्य मेघदूतका आदिम पद्यको अर्को महत्वपूर्ण शब्द, यसलाई लगभग अन्तिम शब्द नै भने पनि हुन्छ हो—वर्षभोग्येण ।

उर्वशीको मर्त्यलोकमा प्रवासको अवधि सन्तानको मुख देखि उन्ज्याल सम्मको मात्र छ । यो अवधि लगभग एक वर्षको हो ।

सीताको लङ्का प्रवास पनि एकवर्षको हो भन्ने कुरा वाल्मीकि रामायणबाट थाहा हुन्छ । यसैको प्रभाव कालिदासीय रघुवंशमा पनि छ । अतः यो अवधि पनि पुग-नपुग एकै वर्षको हुन्छ । यसको उल्लेख पहिले पनि भै सकेको छ ।

मालविका ग्निमित्रम्को कथा वस्तु ऐतिहासिक दृष्टिकोणले विचार गर्दा लगभग वर्ष दिन पुग्छ ।

यस नाटक मा मालविकाले सिद्धादेश अनुसार एक वर्ष गुप्तवास वस्नु परेको छ । यस बीच उनले शुरुङ्गमा पनि कैद हुन पर्‍यो ।

परि०—आसम्वत्सरमात्रमियं प्रेष्याभावमनुभूय
ततः सदृशभर्तृ गामिनी भविष्यतीति । माल० ५

ऋतुसंहारमा कविले प्रवास र वियोगका सङ्केत ग्रीष्मदेखि वसन्त सम्म पूरै एक वर्ष भरि नै गरेका छन् ।

यसका साथै मेघदूतको यक्ष प्रवास पनि एक वर्षको नै हो भन्ने कुरामा कुनै संशय छैन । यसको उल्लेख सर्गप्रथम आदिम श्लोक मै भएको छ—वर्ष भोग्येण ।

कालिदासीय साहित्यका समस्त बीज इनै हुन्। इनै बीजबाट सम्पूर्ण कालिदासीय कल्पना जगत् अंकुरित पल्लवित एवं पुष्पित फलित भएको छ। उपर्युक्त समस्त बीज कालिदासका सम्पूर्ण कृति हरूमा भएकोले कविका कृतिहरू मध्ये यो ग्राह्य यो अग्राह्य भनेर केलाउन सकिन्न। वास्तवमा कालिदासीय कृति हरू समग्ररूपमा त्यस्तो मधु-चषक हो उसको स्वाद जतातिर बाट लिए पनि उस्तै छ। जताको चाखे पनि नया छ। अनास्वादित छ अपूर्व छ। यहि नै कालिदासको वाग्विशेष हो।

अन्त्यमा—विवेच्य सन्दर्भको अन्तिम पदमात्र अवशिष्ट छ। धेरै कुरा भनि सकिएको भए पनि संक्षेपमा यसको चर्चा गर्नु उपयुक्त हुनेछ।

भर्तुः।

कालिदासीय साहित्यमा वियोग प्रवास निर्वासिन र अभावका कारण हुन्–भर्तुः। यहा भर्तृ शब्दको स्वामी मात्र अर्थ नगरी यसलाई भरण पोषण गर्ने देखि लिएर कर्तुमकर्तु मन्यथा कर्तु समर्थः लाई पनि लिनु पर्ने स्थिति छ। यसो गर्दा यस पद ले यक्षको यक्षेश्वर साथै मालविकाकी धारिणी, उर्वशीका स्कन्द र उपाध्याय, रघुवंश चौधौंसर्गकी सीताका राम, अभिज्ञान शाकुन्तल चतुर्थ अङ्कका दुर्वासा र पञ्चम अङ्कका दुष्यन्त आदिका चरित्रको ग्रहण हुन्छ। यसका प्रसङ्ग माथि उल्लिखित भए कै छन्। अतः पुनरुक्त दोषबाट आफुलाई जोगाउनु नैं उचित हुने देखिन्छ।

कालिदासको "अस्तिकश्चित् वाग्विशेषः यही हो। यहीनैं उनकी पत्नी (राज-कुमारी) का प्रश्नको यथार्थ उत्तार हो। यसकारण यो नै त्यो विशाल कल्पवृक्ष हों जसका छाया मा आए पछि मात्र सरस हृदयी व्यक्तिले कालिदासीय साहित्यको आकण्ठ तृप्तिलाभ गर्न सक्दछ।

कश्चित्कान्ता विरहगुरुणा स्वाधिकारात् प्रमत्तः
शापेनास्तंगमितमहिमा वर्षभोग्येण भर्तुः
यक्षश्चक्रे जनकतनयास्नानपुण्योदकेषु
स्निग्धच्छायातरुषु वसतिं रामगिर्याश्रमेषु। मेघदूत १।१

बुद्धमिवात्मानम्

कालिदास शिवभक्त हुन् । शिव इनका इष्टदेव हुन् । ऋतु संहार तथा मेघदूत बाहेक उनका अरू काव्यहरूका मङ्गलाचरण तीं दृश्य हौन् वा श्रव्य सबै शिव कै विषयका छन् । अर्को अर्थमा भनौं भने महाकविले आफ्ना कृतिहरूमा जहाँ मङ्गलाचरण गरे त्यहाँ शिवकै गरे, गरेनन् कसैको पनि गरेनन् । उनका कुमारसंभवम् महाकाव्यका त स्वयं चरित नायक नै शिव उमा र हिमालय भएका हुनाले समस्त काव्य नै शिवमय छ । यस बाट कालिदासका मनमा भगवान् पशुपति र जगदम्बा पार्वती प्रति कस्तो आस्था रहेछ भन्ने कुरा व्यक्त हुन्छ ।

भगवान् शिवका एक ढाकर बढ़ी नाउँ कालिदासले आफ्ना साहित्यमा ठावैं ठाउँ लिएका छन् । यति मात्र होइन, भगवान पशुपति संगै जगदम्बा पार्वती, उनका पुत्र कार्तिकेय तथा शिव परिवारका सुसारे नोकर-चाकर ढोके-द्वारे माइती ससुराली सबैको यति विस्तृत विवरण उपलब्ध छ, जसका आधारमा यसलाई पशुपतिको चरित्रकोष वा विश्वकोष [Encyclopaedia] भने पनि हुन्छ ।

कालिदासको शिव पार्वती प्रतिको यो भक्तिभाव देखेर उनलाई समीक्षकहरूले शैव भने, शैव मध्ये पनि कट्टर शैव । महाकविलाई कट्टर शैव मान्ने यी समीक्षकहरू कट्टर शैव मात्र न भनी बौद्धका दुश्मन थिए भन्न पनि कत्ति बेर लाउँदैनन् । भन्नेको मुख कसले थुने ? कालिदासलाई कट्टर शैवभन्नुका साथै इनलाई बौद्ध विरोधी मान्ने समीक्षकहरूको ठूलो जमात छ । उ भन्छ-पाइलै पिच्छे शिवका नाउँ लिने कालिदास बिर्सेरै पनि बुद्धको ब पनि उच्चारण गर्दैनन् ।

यसै जमातका समीक्षकहरू मध्ये मुखिया हुन पुगेका कालिदास साहित्यका प्रसिद्ध टिप्पणीकार दक्षिणावर्तनाथ (१२०० ई०) तथा मल्लिनाथ (१४०० ई०) दुबैले महाकविलाई इनी अमुक व्यक्ति विशेषका कट्टर विरोधी थिए भन्न पनि आइत बार बारेनन् ।

कुनै पनि कवि वा साहित्यकारका पछाड़ि एउटा प्रशंसक तथा अर्को आलोचक दुबैको ठूलो मूह हुन्छ । यी दुबैकुरा एउटा सफल साहित्यकारका लागि आवश्यक पनि हुन् । यसरी साहित्य सर्जक माथि हुने गरिने निन्दा वा प्रशंसा दुबैको एउटै मूल्य हुन्छ । हो कुनै पनि साहित्यकार उपर गरिने तारिफ वा निन्दाको जहाँ सम्म प्रश्न छ, त्यो विशुद्ध साहित्यिक, आक्षेप रहित तथा पूर्वाग्रह पीड़ित न भएर गरिएको हुनु पर्दछ । अनि मात्र त्यस्ता समालोचकहरूले समाजमा कदर पाउँछन् तथा तिनीबाट त्यस

भाषा र साहित्यको पनि समृद्धि हुने आशा गर्न सकिन्छ । अन्यथा पूर्वाग्रह पीड़ित समालोचक वा उसका समालोचनाले एउटा स्वस्थ समीक्षाको क्षेत्र मै धमिलोपन ल्याइ दिन्छ । पतनोन्मुख साहित्यको लक्षण यहि हो । ती समालोचकहरू पनि त्यस साहित्यका क्षय कीट (टी० बी०) हुन् ।

प्रकृतमनुसरामः । किंवदन्ती अनुसार महाकवि कालिदासका कृतिहरूका गुणग्राही समालोचकहरू मध्ये एक जना निचुल कवि थिए । कवि निचुल कालिदासीय साहित्यमा समीक्षकान्तर द्वारा उठाइएका प्रश्नको सरस कविता द्वारा समाधान दिन्थे । कालिदासीय कृतिहरूमा पैंठे-जोरी खेल्न खोज्नेहरू संग इनी निचुल कवि भिड्न पुग्दथे ।

अध्ययनकालमा सहाध्यायीका रूपमा समेत रहेका र आफ्ना भूरि-भूरि प्रशंसक भएका यी निचुल कविको कालिदास आफ्ना काव्यमा नामोल्लेख गर्दछन् भन्दै माथिका समालोचक भन्दछन् । इनीहरूले यसबारे कालीदासीय मेघदूत कै प्रथम सर्गको चौधौं श्लोक तर्फ पाठकहरूको ध्यान आकर्षण गर्न खोजेका छन् ।

यी कालीदासीय टिप्पणीकारहरू संभवतः आफै पनि बौद्धका कट्टर विरोधी थिए अथवा के थिए, कालिदासलाई पनि इनले बौद्ध विरोधी ठाने । कालिदासले म शैव हूँ वा कट्टर बौद्ध विरोधी हूँ भनेको कुरा अन्यत्र कतै फेला पर्दैन तर यी समालोचकहरू महाकविलाई यी बौद्ध दार्शनिक दिङ्नागका प्रतिस्पर्धी थिए भन्न चाहिँ चुकेका छैनन् । संभवतः यस्तै काल्पनिक कुराले पछि गएर प्रमाणको रुप लिएको पाइन्छ । कालिदास कट्टर शैव थिए वा बौद्ध निन्दक थिए अथवा थिएनन्, यो छल-फलको हो, तर यस्ता तर्क दिने मल्लिनाथ र उनका पूर्वज दक्षिणावर्तनाथलाई पूर्वाग्रह पीड़ित किन न भन्नु ? कालिदासीय साहित्यमा मल्लिनाथीय व्याख्यालाइ सोह्रै आना सही मान्ने प्रवृत्ति आज पनि छ । तर यस्ता खालका तर्कहरूलाई मल्लिनाथले नै भनेको भए पनि आँखा चिम्लेर स्वीकार गर्नु ठीक हुदैन कि ? जस्तो लाग्द छ । उपर्युक्त दुवै टिप्पणोकारहरूले औल्याएको उदाहरण यहाँ प्रस्तुत गर्नु अप्रासङ्गिक हुने छैन

स्थानादस्मात् सरसनिचुलादुत्पतोदङ्मुखः खम् ।
दिङ्नागानां पथि परिहरन् स्थूलहस्तावलेपान् ।। मेघ १।१४

दक्षिणवर्तनाथ तथा मल्लिनाथका यस मतको समर्थन वी० जी० परांजपे ले समेत गरका छन् ।

हुन त कहिले काहिं निरपेक्ष समालोचक पनि भ्रममा पर्न जान्छ । अतः उपर्युक्त टिप्पणीकार हरूलाई पनि यस्तै भ्रम हुन गएको हो कि ? यसै गरी मल्लनाथ रामगिरि

बारे पनि अलमलिएका छन् । इनका मतमा मेघदूतको रामगिरि चित्रकूट पर्वत हो। वस्तुतः रामगिरि चित्रकूट पर्वत नै हो भन्न अलि सकिदैंन ।

एक छिन्को लागि रामगिरि चित्रकूटलाई मानौं भने पनि चित्रकूट वारे नै सबै विद्वानहरूको एकै ठाउँ सहि छाप छैन। अतः यस्ता स्थान विशेष वारे छलफल गर्दा समीक्षक पूर्वाग्रह पीड़ित हुनु हुँदैन। यस वारे छुट्टै विचार गर्नु पर्ने छ। यहाँ यति मात्र निर्क्यौलमा जान्नु परेको के भने कालिदासलाई कट्टर शैव मान्ने समीक्षकहरू उनलाई बौद्ध दार्शनिक दिङ्नागका कट्टर विरोधी तथा प्रतिस्पर्धी पनि मान्दछन् ।

वस्तुतः माथिका समालोचकहरूको कालिदासलाई बौद्ध विरोधी मान्ने तर्क निस्सार छ, अर्को अर्थमा पूर्वाग्रह ग्रस्त। कालिदास मूलतः कवि हुन्, यशः प्राथी साहित्यकार। स्वस्थ साहित्यकार कुनै पनि देशकालमा सीमाबद्ध हुदैन। त्यसले कुनै गुट वा दलमा आफूलाई कैद गर्न चाहन्न। उसको स्वतंत्र विचार तथा लोक कल्याण-कारी लेखनीका दृष्टि मा कुनै काखा र पाखा हुँदैनन्। अतःकालिदास माथि लगाइएको यो आरोप बिल्कुलै मिथ्या हो, भ्रम हो। आखिर मिथ्याज्ञानको अर्को नाउँ नै त भ्रम हो।

प्रचलित किंवदन्ती अनुसार केहि मानिस कालिदासलाई शाक्त भन्दछन्। खास गरी बंगालका। कालिदास पहिले निरक्षरभट्टाचार्य थिए। इनी आफ्ना मूर्खता मा यति प्रखर थिए कि इनलाई पशु सम्म भन्न थालियो। भन्न मात्र होइन, बध्य पशुका रूपमा बलि चढाउन भनेर बोकालाई बस्तै लतार्दै कालीका मन्दिरमा इनलाई ल्याइयो भन्ने पनि किंवदन्ती छ।

कपालाभरणा कालीको मानव पशु माथि दया जाग्यो। अब कसको के लाग्यो ? पशु पाशविमुक्त भयो। अधिको साधारण व्यक्ति अहिले असाधारण भएर निस्क्यो कालीको दास बनेर, कालिदास भएर, विद्वान् भएर।

उपर्युक्त किंवदन्तीमा आस्था प्रकट गर्नेहरूलाई-कालिदास कलकत्ता वा बंगालका हुन्। कलकत्ताको सुप्रसिद्ध कालीको मन्दिरमा नै इनले कपालाभरणाको आशीर्वाद र अनुकम्पा पाएका हुन् भन्न निकै सजिलो छ।

कालिदासलाई शाक्त मान्ने हरू मध्ये केहि व्यक्ति इनलाई तन्त्रोपासना तर्फ बढी आस्था राख्ने शाक्त मान्दछन्। महाकविका नाटकहरूमा आमिषभोजी ब्राह्मण विदूषक को चरित्र उपस्थापित गर्ने कालिदास वस्तुतः शाक्त थिए भन्ने समालो-चक हरूको धारणा छ।

संस्कृत नाटकहरूमा अनुसन्धान गर्नेहरूले कालिदासीय नाटकहरूलाई मात्र होइन, नाटक सामान्यका विदूषकहरूको चरित्र चित्रणलाई हेर्दा यी सबै तान्त्रिक परम्पराबाट प्रभावित छन् भन्दछन्। नाटककारले यसरी तान्त्रिक परम्परा सम्बद्ध पात्र सृजना गरेर बौद्धकै अहिंसाको उपहास गर्न खोजेका हुन् भन्ने तर्क पनि कालिदास लाई शैव मान्ने आलोचकहरूले दिन खोज्छन्।

विदूषक र तन्त्र संबद्ध यस प्रसंगमा मलयेशियाका मेरा मित्र वी. सुन्दर लिङ्गमुको शोध प्रबन्ध Abhinava Gupta's Conception of Humour को दोस्रो परिच्छेद Vidusaka, काशी हिन्दू विश्वविद्यालयमा छ, द्रष्टव्य छ।

माथि कालिदास र बंगालका किंवदन्तीको प्रसंग उठाइएको थियो। यसै सन्दर्भमा त्यहाँ प्रचलित परम्परागत लोक कथाहरू मध्ये कालिदास सम्बद्ध निम्न कुरा हरू पनि ज्ञातव्य छन्। अत्र सुनौं एक छिन् लोककथा—

कालिदासका तीन ओटी पत्नी थिए। यी तीनै पत्नीहरूलाई महाकविले तीनै ठाउँ राखेका थिए। कवि आफू खुशी पालै संग सबै सित वस्दथे। महाकविका तीन पत्नी हरू मध्ये एउटीको नाउं विद्युन्माला थियो। बङ्गालको 'व्रक्षानीतला' नामक गाउँमा इनी वस्दथिन्। यहीं आएर कविले जीवनका केहि महत्वपूर्ण दिन पनि बिताएका थिए।

लोककथा अनुसार बंगालकै 'श्रीपाट दो गाछिया' भन्ने गाउँमा कालिदासले अर्को विवाह गरेका थिए। कवि यहाँ पनि श्रीमती संग वसेका थिए। यसै ठाउँ बाट महाकविले आफ्ना छोराको पनि विवाह गरि दिएका थिए। (साभार—कालिदास जन्मपीठ संभार अनुष्ठान पत्र)

यसरी तन्त्र र शक्ति संग कालिदासलाई सम्बद्ध मान्ने परम्पराको उल्लेख यहाँ भयो। जहाँ शाक्तहरू विदूषकको आमिषभोजी चरित्रलाई आफ्नू मत पोषक ठान्दछन् भने त्यहीं शैव हरु यसलाई मांस भोजन जस्तो निन्दित कर्म गर्ने भनेर उपहास ठान्दछन्। भिन्न रुचिर्हि लोकः।

एउटा रमाइलो कुरा कालिदास शैव हुन सक्दछन्, शाक्त हुन सक्दछन्, तान्त्रिक पनि बन्न सक्दछन् भने वैष्णव मात्रै हुँन पनि के वेर लगाउनन्? इनले शिव खुशी पारे काली खुशी पारे भने विष्णु लाई नै किन रिसाउन हाल्लान्? एउटा छलफल यता तिर पनि गरि हाल्दा कुनैबिगार न पर्ला।

कालिदासीय साहित्यमा पाइने शिवको वर्णन, स्तुति, कथानक तथा विभिन्न नाउँ हरू फेला पर्नुले इनलाई शैव वा कट्टर शैव मान्ने हरूको बोली टड्कारो सुनिए पनि र धेरै टड्कारो बोल्ने हुँदा इनकै पीठो बढी बिक्ने भए पनि वास्तवमा महाकविको

आस्था भगवान् विष्णुमा कम छैन। इनका कृतिहरूमा विष्णुको चरित्र र इनका नाउँ हरूको पनि मनग्गे उल्लेख छ। तुलना गर्ने हो भने दुवैका नामावलि उत्तिकै फेला पर्न्न खोज्दछन्।

शिवका नाम	विष्णुका नाम
शिवः, अष्टमूर्तिः, अयुग्मनेत्रः, ईशः, ईश्वरः, गिरीशः, चण्डीश्वरः, त्रिनेत्रः, त्र्यम्बकः, नीलकण्ठः, नीललोहितः, पशुपतिः परमेश्वरः पिनाकी, भूतनाथः, भूतेश्वरः, महाकालः, महेश्वरः, विश्वेश्वरः, वृषभध्वजः, वृषाङ्कः, शितिकण्ठः, शङ्करः, शम्भुः, शूलभृत्, स्थाणुः, हरः इत्यादि।	अव्यक्तः, अच्युतः, अभिज्ञातः, अजितः, कृष्णः, चक्रधरः जिष्णुः, नारायण त्रिविक्रमः, परशुरामः, पुण्डरीकाक्षः, पुरुषोत्तमः पुराणः, पुरुषः, परमेष्ठिन्, बलनिषूदनः, भगवान्, भोगिभोगा सनासीनः, बलिनियमनाभ्युद्यतः, विष्णुः रामः, शार्ङ्गी, शार्ङ्गपाणि, महावराहः सर्वज्ञः, हरिः इत्यादि।

कालिदासलाई शैव मान्नेहरूको मूर्धाभिषिक्त उदाहरण उनका कृतिहरूमा देखिने शिवका मङ्गलाचरण हुन्। शिवका मङ्गलाचरणबाट काव्य प्रारम्भ गर्ने कालिदासको आस्था शिवमा छैन भन्न मिल्दैन तर यतिकैले इनलाई कट्टर शैव भन्नु कति उचित हुन्छ ? विचारणीय छ।

मालविकाग्निमित्रम्, विक्रमोर्वशीयम् र अभिज्ञान शाकुन्तलम् यी तीनै नाटक हरू तथा रघुवंश महाकाव्यम् समेतका चारै कृतिहरूमा मात्र कालिदासले मङ्गलाचरण गरेका छन् थालनीमा। यस बाहेक अन्य मेघदूत, ऋतुसंहार तथा कुमारसम्भवम्मा कविको मङ्गलाचरण पाईदैन।

उपर्युक्त मङ्गलाचरण मध्ये नाटकका मङ्गलाचरणको उद्देश्य मङ्गलाचरण मात्र न भएर सम्पूर्ण नाटकको तेरीज उतार्ने उद्देश्य पनि महाकविको थियो भन्ने पनि समीक्षक हरूको दावी छ। कालिदासका नान्दी श्लोक यद्यपि मङ्गलाचरणात्मक तथा आशीर्वादात्मक छन् तथापि यी श्लोकहरूले पूर्णतया नाटकप्रयुक्त नियमको प्रति पालन गर्दैनन्। यसबारे चर्चा अन्यत्र गर्नुपर्ने छ।

कालिदासीय कृतिहरूमा भगवान् शिवको प्रसिद्ध मंगलाचरण जसमा कविको केवल मङ्गलाचरण गर्ने मात्र उद्देश्य छ, रघुवंशको मङ्गलाचरण नै हो। यसको सम्बन्धमा कुनै ननु-न च छैन। यहाँ पनि गहिरिएर हेर्दा केवल शिवको मात्र कालिदासले स्तुति गरेका छन् भन्न मिल्दैन, अपितु अर्धनारोश्वरका रूपमा शिव पार्वती संगै लक्ष्मी विष्णुको उपासना यसमा भएको छ भन्ने कुरा केहि टिप्पणीकार हरूले उठाएकाछन्। जस्तै—

रघुवंशको मंगलाचरणको पछिल्लो श्लोकार्ध हो---जगतः पितरौ वन्दे पार्वती परमेश्वरौ ।

पार्वती परमेश्वरौ यस पदको विग्रह गर्दा पार्वती (उमा) + परमेश्वरः (शिव) = पार्वतीपरमेश्वरौ भन्ने सामान्य नियम छ जसले शिव पार्वती कै नामग्रहण हुन्छ । वस्तुतः यसको यस्तो पनि विग्रह हुन सक्द छ—

पार्वती = उमा । तां पातीति पार्वतीपः = शिवः । रमा = लक्ष्मीः, तस्याः ईश्वरः = (विष्णुः) रमेश्वरः । पार्वतीपश्च + रमेश्वरश्च पार्वती परमेश्वरौ = विष्णु शिवौ, तौ वन्दे । यस्तो अर्थ गरेर कालिदासले एउटै पदमा शिव विष्णुको बराबर समान रूपमा मङ्गलाचरण गर्दछन्, भनिएको छ । यसरी कालिदासलाई शैव र वैष्णव दुवै भन्न सकिने स्थिति छ ।

कविको कुमार सम्भव महाकाव्य भगवान् शिव तथा भगवती उमाको कथानकमा आधारित छ भनिन्छ । यसमा सन्देह गर्ने ठाउँ नै छैन । साचै भनौं भने यस महा-काव्यले एकातिर शिव र पार्वतीको विस्तृत चरित्र बोकेको छ भने अर्को तिर यसै काव्यले लक्ष्मी र विष्णु को गुणानुवर्णन गर्न पनि चुकेको छैन । जसरी रघुवंशमा पार्वती परमेश्वरौ भन्दा शिव विष्णु दुवैको नामग्रहण भयो, यस को उल्लेख पहिले भै सकेको छ । त्यस्तै यहाँ कुमार संभवमा पनि पार्वती परमेश्वर तथा लक्ष्मी नारायण दुवैको चित्रण महाकवि द्वारा भएको छ । यसमा कुनै अत्युक्ति छैन ।

भगवान् कृष्ण गीतामा भन्नु हुन्छ-यस विश्वका बली तथा ऐश्वर्य सम्पन्न ब्यक्तित्वमा मेरो निवास छ । त्यस्ता ठूल-ठूला विभूतिहरूमा मेरो पनि अंश छ । सो चराचर जगत का पुरुषार्थीहरू मेरै तेजस् अंशका भरमा तेजस्वी छन् । यस प्रसंगको चर्चा गर्दा भगवान् श्री कृष्ण आफै भन्नु हुन्छ-म स्थावरहरू मध्ये हिमालय हूँ । यो प्रत्यक्ष भगवदुक्ति हो —स्थावराणां हिमालयः ।

उपर्युक्त दृष्टिले विचार गर्दा अस्त्युत्तरस्यां बाट प्रारम्भ गरिने कुमार सम्भव काव्यमा महाकविले सर्वप्रथम विष्णु कै वर्णन गरेका छन् । इनका काव्यका वर-वधू भगवान शिव र जगज्जनी उमा हुन् भने हिमवत् नरेश नगाधिराज साक्षात् नारायण ।

उपर्युक्त दृष्टिकोणले विचारगर्दा आफ्ना हिमवत्खण्डका नगाधिराजलाई महाकवि नराणां च नराधिपःको रूपमा नारायणको अंश मान्दछन् भने स्थावराणां हिमालयःको आधारमा स्थावर रूपधारी हरि । जले विष्णुः, स्थले विष्णुः, विष्णुः पर्वतमस्तके भने जस्तै कालिदासीय हिमवत्खण्डकी तमसा कृष्णामा शालग्राम स्वरूप विष्णु छन् । यहाँका पर्वतश्रृङ्गहरूमा पनि विष्णु नै छन् । मेघदूतको-श्यामः पादो बलिनियमना भ्युद्यतस्येव विष्णोः जस्ता पद्यांशले कविका इनै भावनाको पुष्टि हुन्छ ।

माथिको हिम पर्वतलाई विष्णुको रूपमा मान्ने कुरा महाकविलाई शैव मान्ने हरूका विरूद्धको ओंठे जवाफ मात्र होइन । यो कुरा स्वयं कालिदासले नै स्वीकार गरेका छन् आफ्नो कुमार सम्भव महाकाव्य मा —

भगवान् शिवका तर्फबाट कन्यार्थी भएर जाने ऋषि हरूको हिमवत् राजधानीमा भव्य स्वागत सत्कार हुन्छ । शाही आतिथ्य पाएका ती अतिथिहरू नगाधिराजको त्यो विशाल वैभव देखेर अचम्म पर्दछन् । यस्ता राजदर्वारमा सुखमा पालिएकी राज-कुमारी उमालाई किरातीगाउँमा चिलिम तानेर अलख जगाउँदै बस्ने जगल्टे जोगी का निमित्त कसरी प्रस्ताव राख्नु ? सबै मौन हुन्छन् कसै को वाक्य फुट्तै न । मुनि हरू संग नगाधिराज आगमन कारण सोध्छन् । प्रस्तावक भने मौन ।'

अन्त्यमा 'तँ बोल तँ बोल' भन्दै सबैले अंगिरा ऋषिलाइ नै पछिल्तिरबाट चिमोट्छन् क्यार ? यसरी ऋषि प्रचोदित अङ्गिरा मुखिया पल्टिदैं भन्छन्-यहाँ स्थावरात्मा हिमालय हुनु हुन्छ । समस्त चराचरका आधार स्वरूप यहां नै हुनु हुन्छ । समस्त विश्व यहीं कै काखमा पालिएको छ । अतः समस्त चराचरको भरण-पोषण को कठिन कार्य गर्नें यहाँलाई विष्णुको अवतार भन्दछन् । यो साह्रै उचित पनि हो । कालिदासकै शब्दावलीमा—

स्थाने त्वां स्थावरात्मानं विष्णुमाहुस्तथाहि ते ।
चराचराणां भूतानां कुक्षिराधारतां गतः ।। कु० ६।६७

कालिदास रघुवंशमा विष्णुको शब्द चित्र यसरी उतार्दछन्—भगवान् विष्णु हज्जार फणा भएका शेषनागको शय्यामा विराजमान हुनु हुन्छ । पद्मासना लक्ष्मीका काखमा उहांका पाउ छन् । कम्मर पीताम्बर शोभित छ । छातीमा छ कौस्तुभ मणि । उहाँका सेवामा गरुड हात जोडेर उपस्थित छन् ।

भगवान् विष्णु अजन्मा भाएर पनि जन्म लिनु हुन्छ । उदासीन भएर पनि शत्रु नाश गर्नु हुन्छ । निद्रितावस्थामा पनि उहाँ सदा जाग्रत रहनु हुन्छ । जसरी आकाश बाट वर्सने एउटै जल विभिन्न स्थलविशेषमा खस्न जार्दा अलग-अलग स्वाद को हुन जान्छ । ठीक त्यसै गरी एउटै भगवान् विष्णुका पनि अवस्था तथा स्थान विशेषले गर्दा विभिन्न अवतार हुन्छन् । कालिदासकै शब्दमा रघुवंशको दशौ सर्गमा उपर्युक्त वाक्यहरू देवताका माध्यम बाट उच्चारित भएका छन् ।

भोगिभोगासनासीनं ददृशुस्तं दिवौकसः ।
तत्फणामण्डलोदर्चिर्मणिद्योतितविग्रहम् ।। ७ ।।
श्रियः पद्मनिषण्णायाः क्षौमान्तरितमेखले ।
अङ्के निक्षिप्तचरणमास्तीर्णकरपल्लवे ।। ८ ।।

प्रभानुलिप्तश्रीवत्सं लक्ष्मीविभ्रमदर्पणम् ।
कौस्तुभाख्यमपां सारं बिभ्राणं बृहतोरसा ।। १० ।।
मुक्तशेषविरोधेन कुलिशव्रणलक्ष्मणा ।
उपस्थितं प्राञ्जलिना विनीतेन गरुत्मता ।। १३ ।।
रसान्तराण्येकरसं यथा दिव्यं पयोश्नुते ।
देशे देशे गुणेष्वेवमवस्थास्त्वमविक्रियः ।। १७ ।।
अजस्य गृह्णतो जन्म निरीहस्य हतद्विषः ।
स्वपतो जागरूकस्य याथार्थ्यं वेदं कस्तव ।। १८ ।।

[रघुवंश दशमसर्ग]

यस प्रसंगमा चर्चा गर्दा रघुवंश महाकाव्य नै भगवान् विष्णुको चरित्र वर्णन का लागि लेखिएको हो भन्दा अतिशयोक्ति हुने जस्तो लाग्दैन । रघुवंश भन्ने नाउँ नै कालिदासले वाल्मीकिबाट प्रभावित भएर साभार ग्रहण गरेको कुरा यसै पुस्तकमा उल्लेख भै सकेको छ । मर्यादा पुरुत्तषोम रामलाई कालिदास साक्षात् विष्णु मान्दछन् , राम रघुकुलतिलक तथा राघवका नाउँले प्रसिद्ध भएका हुनाले इनका पूर्वज रघुको विवरण दिनु कालदिासलाई आवश्यक थियो । त्यसैले महाकवि रघुका जन्म प्रसंग बाटै आफ्ना काव्यको थालनी गर्दछन् । रघुवंश को प्रथम सर्गले रघु जन्म को उपक्रममा प्रासङ्गिक विवरण मात्र प्रस्तुत गर्दछ । रघुवंश महाकाव्यम् का पहिला आठ सर्गहरूमा रघु, इनका पिता दिलीप र छोरा अज कै कथा छ । संक्षेपमा भनौ भने यस काव्यका आठै सर्गका कथानक मात्र रघु मै केन्द्रित हुन पुग्दछन् । त्यस पछि नवौ देखि सत्रौं सम्मका पछिल्ला नौ सर्ग हरूमा राम, राम का पिता दशरथ, र छोरा लव कुश कै कथानकको वर्णन छ । रघुको वर्णन गर्ने सर्गहरू मध्ये एक संख्या बढाएर वर्णन गरिने पुरुषोत्तम रामको विवरणले कालिदासले अप्रत्यक्षतः रामकै महत्त्व प्रतिपादन गरेका छन् । अब काव्यका अवशिष्ट दुई सर्ग हरूमा त्यस पछिका २२ पुस्ताको वर्णन छ । यसरी महाकाव्य टुङ्गिन्छ । यस बाट स्पष्ट छ-कवि रघुवंशी राजाहरूको सम्पूर्ण र विस्तृत विवरण दिनुमा भन्दा रघु र राघव कै विस्तृत विवरण दिनमा एकोहोरिएका छन् ।

राम भनेका साक्षात् हरि हुन् र हरि भनेका पुरुषोत्तम विष्णु हन् भन्ने कालिदास विष्णुका भक्त थिएनन्, किं वा कट्टर शैव थिए भन्ने कुरा स्वीकार गर्न मिल्दैन । वरु शिव र विष्णु दुवैमा कविको बराबर आस्था थियो, समन्वयात्मक दृष्टिकोण थियो भन्न चाहिं अवश्य मिलद छ । —कवि कै शब्दमा

हरिर्यथैकः पुरुषोत्तमः स्मृतो
महेश्वरस्त्र्यम्बक एव नापरः । रघु. ३ । ४९ ।

यसरी कालिदासीय साहित्य द्वारा कवि न कट्टर शैव हुन सक्दछन् न कट्टर शाक्त नै अथवा न त कट्टर वैष्णव नै। वस्तुतः सबैमा आफू र आफूमा सबै देख्ने हिमवत्खण्डको परम्परा अनुसार कालिदास एउटै मूर्तिमा त्रिदेवको दर्शन गर्दछन्। यदि कुमार सम्भव भगवान् शिवको चरित्र वर्णनका लागि लेखिएको काव्य थियो भने रघुवंश महाकाव्य विष्णु अथवा रामको चरित्र वर्णनका लागि हो भन्ने कुरा माथिका विवरणबाट स्पष्ट भएकै छ।

अब प्रश्न छ कालिदासीय साहित्यले बुद्ध प्रति पनि आस्था अभिव्यक्त गर्दछ? निश्चय पनि यो ज्वलन्त प्रश्न हो। साधारणतया सामान्य कालिदासको पाठकले यसको उत्तर नकारात्मक नै दिने आशा गरिन्छ। कालिदास शैव र शाक्त थिए भन्ने त सुनिन्छ पनि तर वैष्णव थिए भन्ने कुरा सुनिदैंन। झन् बौद्ध विषयक चर्चा सम्बद्ध प्रश्न त उठदै उठ्दैनन्। जे भए पनि यस्तो पूर्वाग्रह ग्रस्त भएर कालिदासीय साहित्यको समीक्षा गरिन्छ भने त्यो स्वयं महाकवि माथि अन्याय गरेको हुन खोज्द छ।

कालिदासका साहित्यमा बुद्ध विषयक चर्चा न भए पनि इनका काव्य बौद्ध दर्शन बौद्ध वाङ्मय तथा स्वयं बुद्धबाट असम्पृक्त छन् भन्न कत्ति पनि मिल्दैन। विष्णुका जति पनि नाउँ कालिदासीय साहित्यमा पाइएका छन् तिनी मध्ये सर्वज्ञ जस्ता केहि नाउँ बुद्ध पर्याय पनि परेका छन्। जस्तै-सर्वज्ञः सुगतो बुद्धः। अमर १।१।१३

हिमालय शिव रघु आदिका विषयमा साहित्य लेख्न थालेका महाकविका लागि काव्यमा बुद्धको विषय अनुस्यूत पार्नु मात्र अप्रासङ्गिक होइन, अनुचित पनि हुने थियो। अतः कवि औचित्य निर्वाहमा आफू रतिभर पनि चुक्दैनन्। अर्को हिमवत्खण्डका कवि जसको देशमा भगवान् विष्णुले बुद्धका रूपमा अवतार लिएका छन्, यसो मौका पर्दा यस वारे सांकेतिक रूपमा भए पनि च्वास्स-चुस्स पार्न भने कवि पछि परेका देखिदैंनन्।

कालिदासका कृतिहरूमा चैत्य, निर्वाण, प्रत्यय, काषाय, विहार, चीवर, दीपशिखा, गौतम, गौतमी, अर्हत्, बुद्ध जस्ता बुद्ध र उनका वाङ्मय सँग सम्बद्ध शब्दहरू यत्र तत्र भेटिन्छन्। हुन त चीवर काषाय जस्ता शब्दहरू बुद्धावतार भन्दा पहिले पनि संस्कृत साहित्यमा थिए भनिन्छ। यो कुरा ठीकै हो। कपिल वस्तुमा राजकुमार सिद्धार्थ अवतरित हुनुभन्दा पहिले पनि यस्ता शब्दहरू संस्कृत वाङ्मयमा भेटिन्छन् तथापि शब्दलाई मात्र होइन बौद्ध दर्शन र धर्मका सिद्धान्त विषयक कुराहरूको पनि सिंहावलोकन गर्दा उपर्युक्त शब्दहरूले कालिदासले बुद्ध र उनका धर्म र दर्शन प्रति सम्मान व्यक्त गरेको कुरा नै यहाँ टड्कारो हुन आउँछ।

कालिदासलाई बौद्ध दर्शन र बौद्ध धर्म दुवैमा आस्था भएको हुनाले नै उनको नाटक मालविकाग्निमित्रम् की एउटी स्त्री पात्र कौशिकी यति को वेषमा छन्, भिक्षुणी वेषमा । कौशिक्या यतिवेषया । माल: १।१४

यति मात्र होइन भिक्षुणी कौशिकीलाई यतिवेषाको संगै कालिदास विद्यया लङ्कृता पनि भन्द छन् । कविको यो उल्लेखले बौद्ध संघमा स्त्रीजनको प्रवेश प्रति समर्थन नै ध्वनित हुन्छ भन्दा अतिशयोक्ति हुने जस्तो लाग्दैन ।

बौद्ध धर्मका चार आर्य सत्य हरूले दु:ख, दु:ख समुदय, दु:खहेतु र दु:ख निरोध जस्ता चार सिद्धान्त प्रतिपादन गर्दछन् । यसबाट प्रतिक्षण नवीन रूप लिएर देखा पर्ने दु:ख र त्यसको समाधानका लागि गरिने प्रयास तर्फ औंल्याइएको छ । फलस्वरूप मालविकाग्निमित्रम् की कौशिकी पनि सधैं नयाँ नयाँ रूपलिएर सताई रहने विपत्ति हरूबाट आफ्नो जिउ, झीर्ण भएको हुनाले स्वयं नै भिक्षुणी हुन काषाय ग्रहण गरेको कुरा स्पष्टत: स्वीकार गर्द छिन । स्वयं राजा पनि इनको यो महत्वपूर्ण कार्यलाई समर्थन दिन्छन् :

परिव्राजिका -

ततो भ्रातु: शरीरसग्निसात्कृत्वा पुनर्नवीकृतवैधव्यदु:खया मया त्वदीयं देशमवतीर्य इमे काषाये गृहीते ।

राजा—

युक्त: सज्जनस्यैष पन्था: ।

मालविकाग्निमित्रम् ५।११ प०

बौद्ध ग्रन्थ दिव्यावदानको अशोकावदानमा पुष्यमित्रलाई बौद्ध विरोधी को रूपमा चित्रण गरिएको छ । यति मात्र होइन उसको चरित्र लाई दमन पूर्वक बौद्ध हरूको मूलोच्छेद गर्न खोज्ने प्रकृतिको व्यक्तित्व भएको व्यक्त्याइको छ । उक्त ग्रन्थ अनुसार पुष्यमित्रले घोषणा गरेकाथिए जो श्रमणको (बौद्ध भिक्षुको) टाउको गेडेर मेरो अगाडी ल्याउन सक्दछ । त्यसलाई एकशय दीनार [तात्कालिक प्रचलनमा एक शय स्वर्ण मुद्रा] पुरस्कार रूपमा दिइने छ ।

"पुष्य मित्रो यावत् संघारामान् भिक्षूंश्च प्रघातयन् प्रस्थित: । स याव च्छाकल मनुप्राप्त: तेनाऽभिहितम् । यो मे श्रमणशिरो दास्यति तस्याऽहं 'दीनार शतं दास्यामि ।' दिव्या वदान

हिमवत्खण्डको पावन भूमि जहाँ शैव र वैष्णव बौद्ध र शाङ्करमा कुनै भेद-भाव छैन । उपर्युक्त शुङ्गवंशीय राजाको दृष्टिकोण कविलाई अवश्य पनि राम्रो लागेको थिएन । अत: कट्टर बौद्ध विरोधी पुष्यमित्रको औरस उत्तराधिकारी

अग्निमित्रलाइ नायक बनाएर नाटक लेख्नुले तथा नाटकका नायक को बाबू स्वयं पुष्यमित्रले पनि छोरा अग्निमित्रलाई म प्रति विगतरोषचेतसा भएर व्यवहार गर्नु भन्नुले निश्चय नै पनि कालिदास को बौद्ध प्रति आस्था र बौद्ध र सनातन धर्ममा समन्वय वादी धारणाको पुष्टि गर्द छ। यस सन्दर्भमा पुष्यमित्र लाई बुद्धका विरोधी को रूपमा तथा भिक्षु तथा बौद्ध विहार विदारकको रूपमा स्वीकार गर्ने हरूमा तिब्बतेली इतिहासविद् तारानाथ, तथा रैप्सन आदि, पाश्चात्य विद्वान् हरू छन् ।

शुङ्गवंशी राजा पुष्यमित्रलाई नाटकको नायक न बनाएर उनको छोरा अग्नि मित्रलाई नायक बनाउनुको उद्देश्य पनि कविको यहाँ आएर स्पष्ट हुन्छ कि तिनी धर्म समन्वय चाहन्थे बौद्ध र सनातन धर्ममा।

निर्वाण बौद्ध वाङ्मयको लोकप्रिय शब्द हो। कालिदास यसको उल्लेख आफ्ना साहित्यमा यथा स्थान गर्न चुक्दैनन् । यो कविको बौद्ध-धर्म प्रति आस्था भएको कारण बाट नै हुन सक्दछ। जस्तै —

(क) प्रसक्ते निर्वाणे हृदय परितापं व्रजषि किम् ? माल ३/१
(ख) निर्वाणाय तरुच्छाया तप्तस्य हि विशेषतः। विक्र० ३/२१
(ग) अनिर्वाणो दिवस : अभि ३ ।

कालिदासका पात्रहरू काषायधारी छन् । कौशिकी परिव्राजिका मालविका ग्निमित्रम् की तथा रघुवंशकी सीता दुवैलाइ काषाय वेषाको रूपमा कालिदास चित्रण गर्दछन् ।

(१) त्वदीयं देशमवतीर्य इमे काषाये गृहीते। माल ५ ।
(२) काषाय परिवीतेन स्वपदार्पित चक्षुषा । रघु० १५/७७

बौद्ध भिक्षुहरूका लगि काषाय अत्यन्त पवित्र रंग हो। कषति हिनस्ति दुरितं दुःखादिकं चेति काषायः। काषाय रंगले मनोवृत्ति स्थिर तथा शान्त रहन्छ भन्ने धारणा छ।

कालिदास बुद्ध धर्म र दर्शनबाट परिचित थिए भन्ने प्रसङ्गमा माथि उल्लिखित काषाय पद एवं चीवर पदको पनि उल्लेख कालिदास वाङ्मयमा पाइन्छ। चीवर बौद्ध परिधान हो। बौद्ध भिक्षु हरू काषाय रंगका चीवरमा निकै सुहाएका हुन्छन् । कालिदासीय काव्यमा चीवर शब्द का केही उदाहरण —

(१) किन्नु खल्वेतज्जीर्णचीवरमिव इतोऽभिभुखं दक्षिणमारुतेनाऽनीयते ।
विक्र० २ । अधि

(२) प्रेतचीवरवसा स्वनोग्रया । रघु० ११/१६

बुद्धको अर्को नाउँ सिद्धार्थ गौतम पनि हो। कालिदास लाई गौतम पदमा बढ़ी आकर्षण छ अतः उनी आफ्ना पात्रहरूका नाउँ गौतम गौतमी रारव्द छन्। इनै नाउँले सम्वोधन गरेको पनि मन पराउँछन्। जस्तै—

(१) इत इत आर्या गौतमी ! अभि ३। अङ्क

(२) गौतम ! चिन्तय तावदुपायम्। माल० १। अङ्क (२)

कालिदासीय काव्य मध्ये दृश्यकाव्य हरूमा मालविका ग्निमित्रम्का विदूषक को नाउँ गौतम छ। अभिज्ञान शाकुन्तलमा शकुन्तलाकी सगिनी गौतमी छन्। यसै गरी त्यसै नाटकमा कण्वाश्रमको एउटा अर्को व्रह्मचारीको नाउँ पनि गौतम छ। यस्तै आर्य-आर्या शब्दलाईपनि लिन सकिन्छ। यी शब्द यद्यपि नाटकमा प्रयोग गर्ने चलन छ तर वास्तवमा यस्ता शब्दहरूबाट पनि बौद्धकालिक जीवनका सौरभको आभास मिल्दैन भन्न सकिन्छ।

चैत्य शब्द पनि बौद्ध वाङ्‌यमको प्रसिद्ध शब्द हो। बौद्ध ग्रन्थहरूमा विभिन्न चैत्य हरू को उल्लेख पाइन्छ। कालिदास पनि आफ्नो काव्यमा ग्राम चैत्य हरूको उल्लेख गर्द छन्। जस्तै

(१) नीडारम्भै र्गृहबलिभुजामाकुलग्रामचैत्याः। मेघ पू०। २३

कालिदास विष्णुको स्तुति का प्रसङ्गमा बुद्धका सर्वज्ञ नाउँको पनि उल्लेख न गरि रहन सक्दैनन्। यसको चर्चा माथि गरिएको थियो। प्रस्तुत छ यसको उदाहरण

(१) सर्वज्ञस्त्वमवि ज्ञातः सर्वयोनिस्त्वमात्म भूः।
सर्वप्रभुरनीशस्त्वसेकस्त्वं सर्वरूपभाक्॥र० १०/२०

बुद्ध ज्ञान प्राप्त गरी कपिलवस्तु फर्केर आए पछि राजा शुद्धोदनले पनि काषाय ग्रहणगरेको कुरा बौद्ध ग्रन्थमा पाइन्छ। अजलाई समर्थ जाने पछि रघु स्वयं पनि काषाय ग्रहण गरी यति वेष (लिंग) धारी भै दिन्छन्। इनी अन्य यति हरू संग परिव्राजक भएर बसि दिन्छन्। इनको दाह संस्कार हुदैन, बौद्ध भिक्षु का झैं। कालिदासीय वाक्प्रवृत्ति अनुसार राजा रघुको और्ध्व देहिकक्रिया बौद्ध भिक्षुका झैं यसरी हुन्छ।

श्रुतदेहविसर्जनः पितु-
श्चिर मश्रूणि विमुच्य राघवः
विदधे विधिमस्य नैष्ठिकं
यतिभिःसार्धमनग्निमग्निचित्॥ रघु ८।२५

शिव र बुद्धमा हिमवत्खण्ड को भेददृष्टि छैन। भगवान् बुद्ध को पूजा पशुपति को ज्योतिर्लिङ्गमा गर्ने परम्परा भएका धर्म समन्वयवादी प्रदेश हिमवत्खण्ड का

महाकवि कालिदास पनि शिव र बुद्ध दुवैलाई समान देख्छन् । काषायधारी यति रूप बुद्ध र पार्थिव लिङ्गको आकार मा विराजित भगवान् पशुपति दुवैको एउटै ठाउमा संकेत गर्ने लोभ संवरण गर्न कालिदास प्रसंगान्तरै हुने भए पनि सक्दैनन् । उनको लेखनी अगाडी सरि हाल्छ यो लेख्न—

यतिपार्थिवलिङ्ग धारिणौ
ददृशाते रघुराघवौ जनैः ॥
अपवर्गमहोदयार्थयो
र्भुवमंशाविव धर्मयोर्गतौ ॥ रघु २।१६

विहार शब्द पनि चैत्य शब्द जस्तै बौद्ध वाङ्मय मा लोकप्रिय छ । आफ्ना हिमवद्देशमा बौद्ध विह रहरूका संयमी परिव्राजकहरूको पवित्रता र धर्म निष्ठा कालिदासले देखे कै थिए । बौद्धविहार जाने बाटामा शीतल छाहारीमा मग्न निदाएका वाणिनीहरूको उन्नाङ्गो शरीर लावण्यले कुनै पनि परिव्राजकको चित्त हरण गर्दै नथ्यो भन्ने कुरा पनि कालिदास जान्दथे । अतः यस प्रसंगलाई रघुवंशको छैठौं सर्गमा अनुस्यूत गर्दै कवि भन्दछन्—

विहार को आधाबाटामा पल्टे का गणिकाजनहरूका पछ्यौर छुने साहसी हावाले सम्म गर्दैनथ्यो भने झन् तिनी हरूको हात समाएर तान्ने कोशिष त कसले गर्न सकोस् ।

यास्मेन् महीं शासति वाणिनीनां
निद्रां विहारार्धपथे गतानां ।
वासोऽपि नासंस्त्रयदंशुकानि
को लम्बयेदाहरणाय हस्तम् ॥७५॥ रघु. ६

बौद्ध वाङ्मयको अर्को विशेष शब्द हो प्रत्यय । प्रत्यय शब्दका अर्थ अधीन, शपथ, विश्वास, कारण, आचार, प्रसिद्ध, छिद्र तथा सन् क्यचू आदि (प्रत्यय) हुन्छन् । जहाँ सम्म बौद्ध वाङ्मयको प्रश्न छ प्रत्पय शब्द को अर्थ प्रायः कारण हुने गर्दछ । कालिदास पनि प्रत्यय शब्द को कारण अर्थ मा प्रयोग गर्द छन् । जस्तै

(क) अतिष्ठत् प्रत्ययापेक्ष सन्ततिः स चिरं नृपः
प्राङ् मन्थादनभिव्यक्तः रत्नोत्पत्तिरिवार्णवः ॥३॥ रघु. १०

(ख) तद् गच्छ सिद्धयै कुरु देवकार्य
मर्थोयमर्थान्तर भाव्य एव ।
अपेक्षते प्रत्ययमुत्तमं त्वां
बीजाङ्कुरः प्रागुदया दिवाम्मः ॥१९॥ कुमा० ३

माथि स्थावराणां हिमालयः को प्रसंङ्गमा हिमालय, नगाधिराज को रूपमा तथा हिमालय को रुपमा पनि नारायण स्वरूप मानिएको कुरा को उल्लेख भैसकेको छ। कुमार सम्भवको छैठौं सर्गको पचपन्नौं पद्यमा स्वयं नगाधिराज (विष्णु) शिव का लागि कन्यार्थी ऋषि हरूका सामु बड़ो विनम्र भएर भन्नु हुन्छ— म तपाई हरूको दर्शन पाएर कृत कृत्य छु। म यद्यपि यहाँ जस्ता विश्व विख्यात ठूला ठूला यहषिहरू का सामु केहि पनि होइन। एउटा मूढ़ व्यक्ति जस्तै हूं तथापि यहाँ हरूको अनुग्रहले गर्दा सुन बनेको फलाम झैं आफूलाई बुद्ध (ज्ञानी) झैं ठानेको छु। यस खाल को प्रसंङ्ग उठाएर कालिदासले स्थाव राणां हिमालयः भनिने नागाधिराजलाई नै बुद्ध को रूपमा देखेको कुरा स्पष्ट तया स्वीकार गरे का छन् भन्दा अतिशयोक्त भै न हाल्ला भन्ने मैले ठानेको छु। कालिदास कै शब्दावलिमा —

मूढं बुद्ध मिवात्मानं हैमीभूतमिवायसम् ॥
भूमे दिवमिवारूढं मन्ये भवदनुग्रहात् ॥५५॥

माथिका विवरणबाट के कुरा हामी जान्न सक्छौं भने कालिदास ले आफ्ना साहित्य मा आफ्नी मातृ भूमि हिमवद् भूमिका पुरुषोत्तम बुद्ध को प्रत्यक्ष वा अ प्रत्यक्ष रूपमा भए पनि मौका परे सम्म स्मरण गर्न छोड़ेका छैनन्। कालिदास शैव शाक्त र वैष्णव हुन् भने बौद्ध पनि हुन्। त्यसैले उनी चैत्य, विहार, कारण अर्थमा प्रत्यय शब्द तथा निर्वाण, चीवर, काषाय, यति, परिव्राजक, सर्वज्ञ, आर्य, गौतम र बुद्ध, जस्ता शब्द को यथा स्थान प्रयोग गर्दछन्। उनले गरेको बुद्ध र उनका दर्शन प्रति को आस्था तथा आदर लाइ नै बुझेर भ्रमवश दक्षिणावर्तनाथ तथा मल्लि नाथ ले महाकविलाई बौद्ध विरोधी बनाउने प्रयास गरे। यसबाट कालिदास लाई बौद्ध विरोधी ठान्नु भन्दा उपर्युक्त दुवै टिप्पणी कारलाई यसवारे भ्रम हुन गएको भन्नु उपयुक्त होला जस्तो लाग्द छ। त्यै पनि साहित्यिक कालिदास को दार्शनिक विद्वान् दिङ्नाग संग प्रतिद्वन्द्विता हुन सक्ने र गर्नु पर्ने प्रश्नै पनि उठ्दैन।

बौद्ध दार्शनिकहरू शब्दार्थको निर्णयमा अपोहसिद्धान्तका समर्थक छन्। त्यसैले इनीहरूलाई अपोहवादी भनिन्छ। अपोहको अर्थ व्यावर्तन परिच्छेदन वा अवच्छेदन हो। थसलाई निषेध पनि भनिन्छ। उदाहरणको लागि—

एउटा घटः पद छ। यसबाट कुनै कुम्भकारले माटोद्वारा बनाएको पानी राख्ने जस्ता काममा प्रयोग हुने पात्र विशेषको बोध हुन्छ। संसारमा यद्यपि सकल पदार्थं छन् तथापि 'घटः' शब्दको उच्चारण गर्दा अन्य पदार्थान्तरको अपोहन वा निषेध भएर उपयुक्त तात्पर्य मात्रको बोध हुन्छ, दार्शनिक दृष्ट्या मात्र कम्बुग्रीवादि मत्प-हार्थको बोध हुन्छ भनिन्छ।

त्यसैले राम शब्दको उच्चारण गर्दा राम वाहेक अन्य शब्दको व्यावर्तन हुन्छ। दशरथापत्यत्व पुंस्त्ववाहेक अरू अर्थको अपोह हुन्छ। जुन इन्द्रियले जुन विषयको ग्रहण हुन्छ त्यसको अभाव पनि त्यसै इन्द्रियद्वारा ग्रहण हुन्छ भन्ने कुरा पनि लगभग यस्तै यस्तै हो।

खले कपोतन्यायद्वारा राम शब्दका पछाडी आई पर्ने अन्य सबै विभक्तिहरूको पनि यसै सिद्धान्त अनुसार अपोहन हुन्छ। शेषे प्रथमः १।४।१०६ द्वयेकयोर्द्विवचनैक वचने १।४।२२ जस्ता पाणिनीय सूत्र केवल यसका माध्यम हुन्।

अपोहवादको यो बौद्ध दार्शनिक सिद्धान्तलाई कालिदासले रघुवंशको इन्दुमती स्वयंवरको दृश्यमा सरस तथा सरल ढंगवाट र्छर्लङ्गपारी दिएका छन्—

इन्दुमती स्वयंवरका लागि समस्त भूमण्डलका राजकुमारहरू उपस्थित भएका छन्। सबै वरमालाका निम्ति समुत्सुक छन्, आफ्नो अभिप्रेत अर्थका लागि शब्दहरू जस्तै। स्वयम्वरको शुभ मुहूर्त हुन्छ। हातमा वरमाला लिएर राजकुमारी इन्दुमती ती सबै उपस्थित राजकुमारका सामु वाच्यार्थले वाचक शब्द खोजे जस्तै गरी पुग्द छिन्। सुनन्दा परिचय दिन्छे तिनीहरूको।

इन्दुमती सबै राजकुमारको सम्मुख हुँदै उनका परिचय प्राप्त गर्दै अगाडी जान्छिन्। अन्त्यमा अज उनको खास अभिप्रेत हुन पुग्द छन्। यहाँ अज द्वारा अन्य राजकुमार हरूको अपोहन वा व्यावर्तन हुन्छ। 'स्वयंवरको माला अजको घाँटीमा सुहाउँछ। अरू राजकुमार आफू न छानिएको वा इन्दुमती द्वारा अभिप्रेत न भएकोले मलिना हुन्छन्—अँध्याराका वस्तु झैं।

सञ्चारिणी दीपशिखेव रात्रौ
यं यं व्यतीयाय पतिंवरा सा।
नरेन्द्रमार्गट्ट इव प्रपेदे
विवर्णभावं स स भूमिपालः॥ रघु० ६।६७

उपर्युक्त उद्धरणले कालिदासीय कल्पना जगत्मा बौद्ध दार्शनिक चिन्तनको प्रत्यक्ष प्रभाव परेको देखाउँ छ भन्दा अत्युक्ति हुने जस्तो लाग्दैन।

बौद्ध दार्शनिक अनित्य तथा नश्वर जगत्मा पनि प्रवाह नित्यता छ भन्ने कुरा स्वीकार गर्दछन्। उदाहरणको लागि नदीप्रवाह। नदीको प्रवाह एकै नास हेरि रहँदा हामीलाई एक छिन् अघि देखेको जल नै अहिले पनि देखिदै छ, जस्तो भान पर्दछ। वस्तुतः प्रवहमान नदीको जल जो अघि थियो त्यो अहिले छैन। जो अहिले छ, त्यो पछि रहँदैन। यो गतिशीलता जगत्को वैशिष्टच हो। यसैलाई जागतिक नश्वरता भन्दछन्। तर प्रवाह नित्यताले गर्दा यो नश्वरता शाश्वत जस्तै प्रतिभासित हुन्छ।

कालिदास बौद्ध दार्शनिक चिन्तन देखि अपरिचित थिएनन् । इनी सलिल प्रवाह-को प्रतिक्षण नवीनता राम्रो संग जान्दछन् । प्रस्तुत छ महाकवि कालिदासका नाटक मालविकाग्निमित्रम्को एउटा प्रसंग—

नाट्याचार्य गणदास र हरदत्त बीच एकदिन भनाभन हुन्छ । हरदत्तले प्रधान सेनापति समक्ष गणदासलाई "तँ मेरा खुट्टाको धूलो जति पनि छैनस्" भनिदिन्छन् । अब पुगि हाल्यो । दुवैमा निकै चर्का चर्की पर्न जान्छ । दुवै आफू हरूमध्ये को ठूलो को सानो ? रहेछ भन्ने कुराको यथार्थ निर्णाय का लागि राजा समक्ष जान्छन् । कञ्चुकीले वैठकमा ल्याई पुऱ्याई दिन्छ । त्यसबेला राजालाई देखेर गणदास भन्दछन्—

'होइन ! यो के अचम्म ? राजालाई मैले आजै पहिलो पल्ट देखेको मात्र पनि होइन । सधैं देखि रहेर न राम्रो लागेको पनि होइन । जसरी समुद्र प्रवाह प्रतिक्षण नया नया देखिन्छ त्यसै गरी यी राजा पनि आँखाले जतिपल्ट हेर्दा पनि नया नै देखिन्छन् ।

राजाको अनुहार प्रत्येक पल्ट हेर्दा उस्तै भएर पनि नयाँ देखिनु र सलिल निधि (समुद्र) को जल प्रत्येक पल्ट हेर्दा नौलो हुनुले माथिकै प्रवाह नित्यताको उदाहरण प्रस्तुत गरेको छ । कालिदासकै शब्दमा—

न च न परिचितो न चाप्यरम्य-
श्चकितमुपैमि तथापि पार्श्वमस्य ।
सलिलनिधिरिव प्रतिक्षणं मे
भवति स एव नवो नवोयमक्ष्णोः ॥ माल० १।११

यसै गरी अर्को प्रसंग छ रघुवंशको । यसमा जागतिक प्रवाह नित्यताको बौद्ध दार्शनिक सिद्धान्तलाई कालिदास दीपशिखा माध्यमले प्रस्तुत गर्दछन् ।

प्रवाह नित्यताको उदाहरणमा बौद्ध दार्शनिकहरू जसरी नदीको उपमा दिन्छन्, त्यसै गरी दीपज्वालाको पनि । बत्तीको प्रभा किं वा दीपशिखा हामीले हेर्दा उस्तै र उत्रै देखिने भए पनि त्यो ज्वाला अघि देख्दा जो थियो अहिले हेर्दा उहि हुँदैन । केवल प्रवाह नित्यताले गर्दा यसको स्थिति अविच्छिन्न जस्तो देखिन्छ । इन्दुमतीको स्वयंवर मा उपस्थित राजकुमार सवै उस्तै छन् । उसै गरी सिंगारिएका उस्तै बलवान् सुरूप तथा युवा, तर एउटा राजकुमार अर्को राजकुमार संग निकै फरक छ । दुवै तथ्यलाई कालिदास यसरी व्यक्त गर्दछन् ।

संचारिणी दीपशिखेव रात्रौ
यं यं व्यतीयाय पतिं वरा सा

नरेन्द्रमार्गाट्ट इव प्रपेदे
विवर्णभावं स स भूमिपालः ॥

यहाँ दीपशिखा पदको संचारिणी विशेषणले नै दीपशिखाको प्रतिक्षण नवीनता वा प्रवाह नित्यतालाई प्रतिपादन गरेको छैन भन्न मिल्दैन । यसै बौद्ध सिद्धान्तलाई प्रतिपादक दीपशिखा शब्दले नै कालिदासलाई दीपशिखा कालिदास वनाएको हो भन्दा रति भर पनि अत्युक्ति होला जस्तो लाग्दैन ।

कालिदास बौद्ध दार्शनिक चिन्तनमा पनि आस्था राख्दथे । फलतः दीपशिखा र सलिलनिधि जस्ता प्रवाह नित्यताका उदाहरण इनले प्रत्यक्षतः आफ्ना काव्यमा दिएका छन् । जसले बौद्ध दर्शनमा आस्था राख्दैनन् अथवा कालिदासलाई कट्टर शैव वा शाक्त भन्दछन् तिनीहरू महाकविका यी बौद्ध दार्शनिक तथ्य पढ्दि रसाउँदैनन् होला । इनीहरूलाई यो दीपशिखा जस्तो उदाहरण पनि न राम्रो लाग्दछ होला । तर यो कुरा कपोलकल्पित होइन ।

स्वयं कालिदासले कट्टर शैव वा वैष्णव हूँ भन्ने हरूमाथि विदूषकका माध्यमले व्यङ्ग प्रहार पनि गरेका छन् । साँचै हो, मलदूषित आँखा हुनेहरू निश्चय पनि दीपशिखा सहन सक्दैनन् । कालिदासकै शब्दमा—

न खलु अक्षिदुःखितस्य प्रमुखे दीपशिखा सहते । विक्र० २ । अङ्क

अहिंसा भगवान् बुद्धको उपदेशको महत्त्वपूर्ण विषय हो । वेदोक्त हिंसाका आडमा जथा भावी पशु बलि तथा नर बलि दिइने कुप्रथालाई अहिंसोपदेशद्वारा निर्मूल पार्ने अभियान थियो तथागतको । त्यसको खाँचो थियो तिनताक, भारत वर्षमा मात्र होइन विश्वमा पनि । अतः भगवान् बुद्धको यो अहिंसाको सिद्धान्तलाई हिमवत्खण्डले निर्भीक तथा निःशंसय भएर पालन गर्दै आई रहेको टंड्कारै छ ।

कालिदास बुद्धको देशका हुन् । बुद्धमा आस्था भएका कवि हुन् हरि, हर र कालीमा जस्तै । अतः बुद्धका अहिंसोपदेशको प्रभाव इनमा पनि परेको छ । त्यसैले इनका कृति हरूमा यत्र तत्र अहिंसाको महिमा फैला पार्न सकिन्छ । यो सबै हिमवत्खण्डको यशोगरिमा हो । अब कालिदासीय कृतिहरूमा फेलापर्ने अहिंसाका उदाहरण हरू पनि यस प्रसङ्गमा उप्काउनु अनुपयुक्त हुने छैन—

राजा दुष्यन्त अभिज्ञान शाकुन्तलाको थालनी मैं हरिण लखेट्दै गैरहेका मञ्चमा देखा पर्दछन् । राजालाई मृगया व्यसनी देखाउनु कविको उद्देश्य थिएन अपि तु तिनी बाट लखेटिने मृगको शरीर रक्षा गरिदिनु कविको उद्देश्य थियो । अतः कालिदास राजाका कानमा यो सन्देश पारी दिन्छन्—

आश्रम मृगोऽयं न हन्तव्यो न हन्तव्यः । अभि० १

यो आश्रम मृग हो यसलाई मार्नु हुदैन है ? मार्नु हुँदैन ।

राजा अल्मलिन्छन् । अगाडी आएको शिकारलाई यसरी धनुमा शारसन्धान गरिसके पछि मार्न हुदैन भनेर भन्ने को ? राजा अझ आफ्नो लक्ष्य भेदन गर्नबाट विरत भए जस्ता देखिदैनन् । कालिदास तत्काल ३ जना ऋषिकुमारहरू उपस्थित गरिदिन्छन् ।

यहाँको वज्र जस्तो तीखो बाण यस कोमल मृग शरीरमा चलाउनु कपासमा आगो लगाउनु जस्तो मात्र हो । त्यसैले हामी यहा संग यसको जीवन रक्षाको लागि अनुरोध गर्दछौं ।

न खलु न खलु बाणः सन्निपात्योयमस्मिन्
मृदुनि मृगशरीरे तूलराशाविवाग्निः ।
क्व बत हरिणाकानां जीवनं चातिलोलं
क्व च निशितनिपाताः वज्रसाराः शरास्ते । अभिं० १।१०

अझ पनि दुष्यन्त अल्मलिए झैं हुन्छन् । उनलाई आश्रमवासीका अनुरोधले बाण हान्नुवाट पूर्ण विरत पार्न सकेको हुँदैन । यसै बीच तेस्रो व्यक्ति वैखानस पुनः कसिन्छ । सम्भवतः यस पाली राजालाई यसले राम्रैसंग भन्छ—राजन् ? आफ्नो धनुको तादों खुकुल्याउनुस् । तपाईको शस्त्र निरपराध माथि प्रहार गर्नको लागि होइन अपि तु आर्तजनको संरक्षणका लागि हो ।

तत् साधु कृतसन्धानं प्रतिसंहर सायकम्
आर्तत्राणाय वः शस्त्रं न प्रहर्तुमनागसि ॥ अभि० १।११

अभिज्ञान शाकुन्तलको यो दृश्य कालिदासले अन्यत्रबाट उधारो लिएको कथानकका अधारमा उपस्थापित गरेका होइनन् अपितु यो महाकविका देश हिमवत्खण्डको मौलिक सन्देश हो । जसलाई आज पनि बुद्धको अहिंसा सन्देशको रूपमा विश्वले सम्मान दिएको छ । यो त भयो एउटा प्रसङ्ग ।

रघुवंशका दिलीप जब हिमवत्प्रदेशमा गो सेवा गर्न थाल्दछन् तिनी देख्छन्—वनको ड़ढेलो विना वर्षा के शान्त भएको छ । तपोवनका रुख वृक्ष हरूमा फल फूल लटरम्म भएर फले फुलेका छन् । दुर्बल तथा कमजोर जीव-जन्तुलाई बलियो तथा समर्थ हिंस्रक जन्तुको डर त्रास छैन । गो व्याघ्र दुवै एउटै घाटमा एकै ठाउँ पानी खान्छन् । हिमवत्खण्डको अहिंसा प्रतिष्ठाको कालिदास यसरी चित्रण गर्दछन् कवि के शब्दमा—

शशाम वृष्टयाऽपि विना दवाग्नि
रासीद्विशेषा फलपुष्पवृद्धिः ।

ऊनं न सत्त्वेष्वधिको बबाधे
तस्मिन् वनं गोप्तरि गाहमाने। रघु० २।१४

इनै दिलीप कुनै दिन गोठाला जाँदा वस्तु छाडा छोडी पहाडी रमाइलो हेर्न थाल्छन्। कुलपति वशिष्ठको गाईलाई कसैले केहि गर्न सक्दैन भन्ने उनको विश्वास थियो, तर पशु पशु हो, गाइले नै कसैको विदोर गरि देला भन्ने कुरा तर्फ उनी पट्टै वास्ता न गर्ने भै दिए। नन्दिनी रानोवनमा पसेर मन्द्राउन थालिन्। नियमको उल्लङ्घन भयो, अनाहक पाला पोथा मिचिये, भाँचिए विदोर भयो। दिलीपकी गाई नन्दिनी माथि सिंह झस्टिन पुग्यो।

गाईको करुणक्रन्दन संगै दिलीपका प्रकृति सौन्दर्यमा रम्ने चित्तवृत्ति खल्बलिन्छ। यसो फनक्क फर्केर हेर्छन् त विलास परिसकेको हुन्छ। दुष्यन्त जस्तै शर-सन्धान गर्न तम्सिन्छन् पनि यी, तर पनि टक्कै रोकिन्छन्। हिमवत् खण्डमा पार्वतीको वाहन-मा जथाभावी वाण हान्ने अधिकार कसैलाई छैन। दिलीपलाई किन होस्! राजा चित्र लिखित झैं ठिङ्ग उभिई रहन बाध्य हुन्छन्—चित्रार्पितारम्भ इवाऽवतस्थे।

सिंहलाई मार्छु भनेर कसिएका राजाले आफ्नै शरीर सिंहका अगाडी समर्पण गरेर वशिष्ठको नासो वचाउने स्थिति टड्कारै देखिन्छ। कालिदास आफ्नो देशको अहिंसा सिद्धान्त यहाँ पनि विर्सिदैनन्। न दिलीप सिंह हान्छन् न सिंह गाई खान्छ यस्तो विलक्षण कथानक कल्पना गर्ने कालिदास बुद्धको अहिंसा सिद्धान्तबाट जो उनकै देशको उपज थियो, अप्रभावित थिए भन्न मिल्ला र? नन्दिनी दिलीप र सिंह, हिंस्र र हिंस्य बीचको यस त्रिकोणात्मक अन्तर्द्वन्द्व लाई कामधेनु तनयाको अजस्र पयोधारा-को अमृतमय निषेकले हठात् शान्त पारिदिन्छ। कालिदास उपर्युक्त समस्याको कति राम्रो समाधान दिन्छन् नाटकीय ढंगबाट—

उत्तिष्ठ वत्सेत्यमृतायमानं
पपौ निशम्योत्त्थितमुत्थितः सन्।
ददर्श राजा जननीमिव स्वां
गामग्रतः प्रस्रविणीं न सिंहम्। रघु० २।६१

युवराज अज स्वयम्वर समारोहमा भागलिने उद्देश्यले ससैन्य क्रथकैशिक राज-धानी तर्फ प्रस्थान गर्दछन्। बाटामा उनका सैनिकहरूले नर्मदातीरमा शिविर खडा गरी राजा लाई विश्राम गराउँछन्। यत्तिकैमा जंगली हात्ती आएर अजको शिविर भताभुङ्ग पारी दिन्छ। शिविरका अरू हात्तीहरू पनि जंगली हात्तीकै लहलहैमा लाग्छन्। तिनी हरूलाई माहुतेले पनि वशमा राख्न सक्दैनन्। सम्पूर्ण सैनिक शिविर अस्तव्यस्त हुन्छ—सेना निवेशं तुमुलं चकार।

युवराज अज रीसले चूर हुन्छन् । उनी पनि धनुषमा तादों चढाउन किन बेर लाउँथे । बाण सन्धान गरिहाले । तत्काल उनी अवगत हुन्छन्—राजाले जंगली हात्ती मार्नु हुँदैन ।

अज टकक रोकिन्छन् । किंकर्तव्य विमूढ हुन्छन् विचारा । अन्ततः हात्ती न मरोस् तर त्यो यहाँबाट अन्त कतै भागोस् भन्ने उद्देश्यले धनुको डोरी अलि खुकुल्याएर हात्तीको कुम्भ स्थलमा बाण हान्छन् । वाण कुम्भ स्थलको स्पर्शमात्र गर्दै अगाडी निस्कन्छ । अहिंसाको अर्को उदाहरण कालिदासले यहाँ प्रस्तुत गरि दिएका छन् । यदि वन्य हात्तीको ठाउँमा अरू कुनै हिंस्रक जन्तु हुँदो हो अज बाट त्यो अवध्य रहने थिएन । यस प्रसङ्गलाई कालिदासका आफ्नै शब्दमा—

तमापतन्तं नृपतेरवध्यो
वन्यः करीति श्रुतवान् कुमारः ।
निवर्तयिष्यन् विशिखेन कुम्भे
जघान नात्यायतकृष्टशाङ्र्गः ॥ रघु० ५।५०

यस प्रसंगमा के पनि जानि राख्नु आवश्यक होला भने सैनिक शिविर मा खलबली मचाई दिने हात्ती साधारण न भएर कुनै ऋषिशप्त यक्ष थियो । त्यसै कारण उ अजको वाण स्पर्श पाउना साथ शाप मुक्त भएर दिव्य शरीर धारण गर्दछ । वरदान दिन्छ युवराज अजलाई-तिमीलाई म सम्मोहन नामक यस्तो अस्त्र प्रदान गर्दछ, जसको प्रयोग गर्दा तिमी आज देखि हिंसावाट मुक्त हुने छौ । अर्थात् तिमीले कसैको बध गरेर पापको भागी वन्नु पर्ने छैन विजय पनि तिम्रो नै हुनेछ—न चारिहिंसा विजयश्च हस्ते ।

सर्प मरोस् लहुरो न भाँचियोस् । अहिंसाको अर्को उदाहरण यस भन्दा बढी के हुन सक्दछ ।

एकपल्ट राजा दशरथलाई उनका चाकडीवाजहरूले शिकारको बढाई चढाई गुण वर्णन गरेर मृगया जान बाध्य गराए । राजाले प्रायः आफ्ना वरिपरिकाले भनेको काट्दैनन् भन्ने उखान छ । यहा पनि त्यस्तै भयों । दशरथ शिकारमा गए ।

राजा जंगलमा पुग्दछन् । त्यहाँ मृगको एउटा झुण्ड उनले आफ्ना सामुन्ने देखे छन् । हरिणी अगाडी अगाडी गै रहेकी छ । त्यसका बच्चाहरू पछिबाट उसका स्तन पगार्ने प्रयास गर्दछन् जसले गर्दा हरिणीको गतिमा व्यवधान भै रहेछ । मुखमा कुशको बुजो लिएको कृष्णसार मृग पाहुर लगाउँदै छ । यस्ता अनेकौ मृगहरूले भरिएको त्यो समूहलाई धनुषमा प्रत्यञ्चा चढाउँदै पछि लाग्ने राजा दशरथले अस्तव्यस्त पारिदिन्छन् ।

दशरथ जसै एउटा मृगलाई लक्ष्य गरेर बाण छोड्न खोज्दछन् । ठिक्क त्यसै वेला तिनको उद्देश्य बुझेकी एउटी हरिणी आफ्नो प्रिय हरिणको रक्षा गर्नका लागि उसको शरीर छेकी आफू अगाडी आएर उभिदिन्छे । दशरथ पनि यहाँ तस्वीर जस्तो हुन पुग्दछन् । उनी वाण छोड्न असमर्थ हुन्छन् । कवि कै शब्दमा—

लक्ष्यीकृतस्य हरिणस्य हरिप्रभावः
प्रेक्ष्य स्थितां सहचरीं व्यवधाय देहम् ।
आकृष्टकर्णमपि कामितया स धन्वी
बाणं कृपामृदुमनाः प्रति संजहार ।। रघु० ९।५७

योग्य राजाको लागि योग्य सलाहकारको अत्यन्त आवश्यकता पर्दछ । अन्यथा यसले राजा प्रजा दुवैको अनिष्ट हुन वेर लाग्दैन । दशरथका बाबु अजले इन्दुमती स्वयंवरमा जांदा बाटामा भेटिने जङ्गली हात्ती मार्दैनन् । तिनका अनुचर सैनिक हरूले युवराज कुमारलाई—जङ्गली हात्ती राजाले मार्नु हुँदैन भन्ने कुरा पहिलै देखि बताएका थिए—नृपतेरवध्यो वन्यः करीति श्रुतवान् कुमारः ।

दशरथलाई भने उनका पार्श्वानुचरहरूले यो कुरा बताउनु त कहाँ कहाँ मुनि कुमारले घडा भर्न लाग्दा आएको ध्वनिलाई नै हात्ती कराएको शब्द हो भनेर सही थापिदिए होलान् । फलतः दशरथ शब्दभेदी बाण चलाउँछन् । निरपराध मुनि बालक-को हत्या हुन्छ । राजालाई पुत्रशोकको अभिशाप लाग्दछ, जसका कारण राजाका वरि परिका पार्श्वानुचर नै हुन पुग्दछन् । कालिदासले यो कुरा आफ्नै मुखले आफ्नै शब्द द्वारा भनेका छन्—

नृपतेः प्रतिषिद्धमेव तत्
कृतवान् पंक्तिरथो विलङ्घ्य यत् ।
अपथे पदमर्पयन्ति हि
श्रुतवन्तोऽपि रजो निमीलिताः ।। रघु० ९।७४

अहिंसाको अर्थ अनाक्रमण हो । युद्धले होइन शान्तिले शत्रु दमन गर्नु हो । यो कुरा कालिदासले बुद्ध कै सन्देशबाट जानेका थिए । आफ्नै देशमा देखेका थिए । यस अनाक्रमण र अहिंसाको महत्त्व न वुझ्दा नै रघुवंशमा राजा कुशले राक्षसबाट देह-त्याग गर्नु पर्‍यो—जघान समरे दैत्यं दुर्जयं तेन चावधि । र० १७।५

यसै गरी रघुवंश अट्ठारौं सर्गमा राजा ध्रुव सन्धिको प्रसङ्ग आएको छ । कालिदासीय शब्द संकेत अनुसार ध्रुवसन्धि अत्यधिक मृगया व्यसनी थिए । अतः एक दिन शिकार खेल्दा खेल्दै बाघ मार्छु भन्ने राजालाई उल्टै सिंहले एकै गास

पाऱ्यो । कालिदासका यी संकेतहरूले अहिंसा लाई नै जो भगवान् तथागतको मूल सन्देश हो जोड दिएका छन् भन्न सकिन्छ ।

सुते शिशांवेव सुदर्शनाख्ये
दर्शात्ययेन्दुप्रियदर्शने सः ।
मृगायताक्षो मृगया विहारी
सिंहादवापद् विपदं नृसिंहः ॥ रघु० १७।२५

शकुन्तला पुत्र भरत सिंह शावक संग खेल्दछ । भर्खर सुत्केरी भएका जनावरमा क्रूरता अस्वाभाविक रूपमा बढी हुन्छ । आफैंले पालेका पोथी कुकुर र बिरालाहरूलाई प्रसव भए पछि जिस्क्याउन हुँदैन तिनीहरू मापाका हुन्छन् भने सिंहको झन् के कुरा ? तर सर्वदमन भरतमा भने अहिंसा प्रतिष्ठा थियो । उ आफ्नो स्तन चुसाउन लागेकी सिंहिनीको समेत बच्चा खोसेर खेल्न तंसिन्छ ।

यसरी कालिदास साहित्य बुद्धका अहिंसा सिद्धान्त बाट पदे पदे प्रभावित छ । ऊनं न सत्त्वेष्वधिको बबाधेको सिद्धान्त नै बुद्धको सिद्धान्त हो, जसलाई ठूलाले सानालाई थिचो-मिचो न पार्ने सन्देशको आवश्यकता बुद्धको युगमा जति थियो; कालिदासको युगमा पनि उत्तिकै छ र आज पनि विश्वका तमाम स-साना राष्ट्रहरूको अस्तित्वको लागि हिमवत्खण्डका यसै सन्देशको एकमात्र अवलम्बन छ भन्ने कुरा पनि यहाँ बिर्सिन न हुने छ ।

कालिदास हिमवत्खण्डका हुन् र बुद्धमा इनी आस्थावान थिए भन्ने कुराको उदाहरणको प्रसङ्गमा चर्चा गर्दा कालिदासीय साहित्यको वसु वृष्टिको प्रसङ्गलाई यहाँ प्रस्तुत गर्नु नै पर्ने छ ।

कालिदास बुद्धमा आस्था राख्ने हुनाले इनले बौद्ध ग्रन्थका अध्ययन गरेका मात्र होइनन् अपितु बौद्ध ग्रन्थका विषयहरूको आफ्ना कृतिहरूमा अनुहरण गर्न पछि परेका देखिदैनन् । उदाहरणार्थ बौद्ध जातक कथाहरूमा फेला पर्ने वसुवृष्टिका प्रसङ्गलाई महाकविले रघुवंशको पञ्चम तथा नवम सर्गमा यसरी अनुस्यूत गरेका छन्—

(क) तं भूपतिर्भासुरहेमराशिं
लब्धं कुबेरादभियास्यमानात् ॥
दिदेश कौत्साय समस्तमेव
पादं सुमेरोरिव वज्रभिन्नम् ॥ रघु० ५।३०

(ख) समतया वसुवृष्टिविसर्जनै
र्नियमनादसतां च नराधिपः ॥
अनुययौ यमपुण्यजनेश्वरौ
स वरुणा वरुणाग्रसरं रुचा ॥ रघु० ९।६

कालिदास अभिज्ञान शाकुन्तलमा सर्वदमनको हातबारे विवरण दिंदा उनका हातका औंलाहरू जालग्रथित छन्, भन्दछन् । औंलामा जाल ग्रथित लक्षण भएको मूर्ति-कलालाई कला विशेषज्ञहरूले भास्कर्य कला अन्तर्गत पारेका छन् । साथै यस्ता जाल ग्रथिताङ्गुलि भएका मूर्तिहरू भगवान् बुद्धका छन्, जो मथुरा तथा लखनऊका संग्रहा-लयमा सुरक्षित छन् । काशी हिन्दू विश्वविद्यालय कला भवनका एकजना भूत पूर्व अधिकारी संग मेरो मौखिक रूपमा कुरा भए अनुसार इनले यस्ता मूर्ति सारनाथमा पनि छन् भनेको जस्तो लाग्दछ । यी महानुभावको भनाइ अनुसार जाल ग्रथितांगुलि करः को तात्पर्य चक्र चिह्नित औंला न भएर परेवा जस्ता चराको खुट्टामा जस्तै रेखाङ्कित जोडिएका औंलाहरू संग छ । यसबारे छलफल गर्ने क्षमता म संग छैन तर यहाँ के मात्रै उल्लेख गर्नु उपयुक्त छ भने जाल ग्रथितांगुलिकरः लेख्ने प्रभाव महा-कविलाई बौद्ध मूर्तिहरू बाटै प्राप्त भएको हो । प्रस्तुत छ कालिदासीय अभिज्ञान शाकुन्तलको सान्दर्भिक पद्य—

राजा—प्रलोभ्यवस्तुप्रणयप्रसारितो
विभाति जाल ग्रथितांगुलिः करः ॥
अलक्ष्यपत्रान्तरमिद्धरागया
नवोषसा भिन्नमिवैकपङ्कजम् ॥ अभि० ७।१६

मूर्तिकलाको यस प्रसंगमा चर्चा गर्दा बुद्ध संग सम्बद्ध न भए पनि कालिदासीय कृति संग सम्बद्ध हिमवत्खण्डको कलाको सानो सन्दर्भ प्रति पनि ध्यानाकर्षण गर्ने लोभ संवरण गर्न मैले सकेको छैन. ।

लिच्छवि राजा अंशुवर्माको प्राचीन मुद्रामा गाई अङ्कित छ । यो गाई सम्भवतः कालिदासले रघुवंशमा वर्णन गरेकी काम दुघा नै हुन् । अवेहि मां कामदुघांप्रसन्नां । कालिदासले श्रृङ्गान्तरं द्वारमिवार्थ सिद्धेः भनेर वर्णन गरेकी इनै कामदुघाको अंशुवर्माकालिक मुद्रामा अङ्कन गरिएको छ । यसको संकेत सी शिवराम मूर्तिको Approch to Nature in Indian Art and Thought भन्ने पुस्तकको ८७ पृष्ठमा यस प्रकार छ—

On eatly coin from Nepal of Amsu Verma, hase given specially a cow on it, with the ledgend Kamadehi. Kamdehi is only the form of Kamaduha, that cow, that ful fills or yields all desires. She resides in heven under the Kalp tree on the earth suggested by the meru mountain.

कालिदास आफ्ना कृतिहरूमा अरु अवतार संगै विष्णुका वामन अवतारको पनि

उल्लेख गर्दछन् । उदाहरणको लागि बलि राजालाई नियमन गर्न वामन रूपधारी विष्णुले वायां पाउ उचालेको शब्द चित्र उतार्दछन् महाकवि, मेघदूतमा । सान्दर्भिक पद्य तल प्रस्तुत गर्नु उपयुक्त नै हुने छ । यथा—

प्रालेयाद्रे रुपतटमतिक्रम्य ताँस्तान् विशेषान्
हंसद्वारं भृगुपतियशोवर्त्म तत् क्रौञ्चरन्ध्रम् ॥
तेनोदीचीं दिशमनुसरेस्तिर्यगायामशोभी
श्यामः पादो बलिनियमनाभ्युद्यतस्येव विष्णोः ॥ मे०पू० ।१७

वामन रूपधारी भगवान् विष्णुको शब्द चित्र उतार्ने प्रेरणा महाकविलाई हिमवत्खण्ड बाटै प्राप्त भएको हुनु पर्दछ । जहा सम्म मूर्तिकलाको प्रश्न छ, वामन अर्थात् त्रिविक्रमको मूर्ति निर्माण र स्थापना हिमवद्देश मै भएको हो भन्ने मूर्तिकला विद्को धारणा छ । हिमवत्खण्डका लिच्छवि नरेश मानदेवले त्रिविक्रम मूर्तिको स्थापना गरेका छन् । यो कुरा सबैलाई थाहै छ । सम्भवतः यहि बाट यो त्रिविक्रम मूर्तिको प्रचलन भारतवर्षमा अन्यत्र पनि हुन थाल्यो । बुद्ध सम्बन्धी चर्चा गर्ने प्रसङ्गमा यसबारे बढी केहि भनेर विषय लम्ब्याउनु भन्दा प्रसङ्ग यत्ति मै छोट्याउनु उचित होला ।

[यस सन्दर्भमा राजकीय प्रज्ञा प्रतिष्ठानवाट प्रकाशित 'प्रज्ञा' वर्ष ९ अङ्क ४ को पृष्ठ ५ मा गोविन्द प्रसाद भट्ट राईको लेख द्रष्टव्य छ ।]

यसरी महाकवि कालिदास प्रत्यक्षतः बुद्ध र बौद्ध प्रति आदर भाव राख्ने कवि दृष्टिगोचर हुन्छन् । पूर्वाग्रह पीडिताले होइन, समदर्शी पाठकले मात्र दीपशिखा कालि-दासको यो उदार भावनाको अनुभव गर्न सक्दछ । जो समदर्शी छैन त्यो मात्र महा कविलाई कट्टर शैव, शाक्त वा यस्तै केही सीमाभित्र आबद्ध गर्न चाहन्छ—न खलु अक्षि दुःखितो दीपशिखां सहते ।

माथि प्रारम्भमा मल्लिनाथ तथा दक्षिणावर्तनाथको प्रसङ्ग उठाइएको थियो । यी दुवैले महाकविलाई बौद्ध विरोधी बनाउन प्रयास गरेको कुरा पनि उल्लेख गरिए-को त्यस प्रसङ्गमा चर्चा गरि सकिएको छ । यहाँ मल्लिनाथ कै शब्दहरू त्यस वारेका उल्लेख गर्दा पनि प्रस्तुत विवेचनमा अरोचकता आउला जस्तो लाग्दैन । मल्लिनाथ कै शब्दहरू—

[अत्रेदमपि अर्थान्तरं ध्वनयति—रसिको निचुल नामा महाकविः कालिदासस्य सहाध्यायी परापादितानां कालिदास प्रबन्ध दूषणानां परिहर्ता, यस्मिस्थाने तस्मात् उदंमुखो निर्दोषत्वादुन्नत मुखः सन् पथि=सारस्वतमार्गे दिङ्नागानां (पूजायां

बहुवचनम्) दिङ्नागाचार्यस्य कालिदासप्रतिपक्षस्य हस्तावलेपान् हस्त विन्यास पूर्वकाणि दूषणानि परिहरन् इत्यादि]. मेघदूत । निर्णय सागर १९१८ ई०

यस मल्लिनाथीय टिप्पणी बारे धेरै भनी रहनु पर्ने केही बाँकी छैन जस्तो लाग्दछ तर यहाँ के मात्र ज्ञातव्य छ भने आचार्य दिड्नाग कालिदास प्रतिपक्षी नै भएका भए 'पूजायां बहुवचनम्' भन्नु उचित थिएन यत्ति ।

कालिदास र बुद्धको चर्चा हुने यस शीर्षक अन्तर्गत कालिदास र अश्वघोष सम्बन्ध मा पनि एक दुई शब्द न बोल्नु अनुचित नै हुने छ । अतः यस प्रसंगमा निम्न कुरा हरू पनि ज्ञातव्य छन्—

अश्वघोष ई० पू० प्रथम शताब्दीका हुन् । इनको जन्मस्थान साकेत भूमि हो । इनी जन्मना ब्राह्मण थिए । सांसारिक विषय वासनाबाट वैराग्य आए पछि जीवन-को उत्तरार्धमा बौद्धदीक्षा लिई भिक्षु बने । साकेतबाट कपिलवस्तु नजीक पर्ने हुनाले सम्भवतः इनले कपिलवस्तुमा आएरै दीक्षा ग्रहण गरे होलान् । हिमवत्खण्डका कालिदासको चर्चा गरिने यस प्रसंगमा यो पनि उल्लेख गर्नु आवश्यक छ—अश्वघोष का कृतिहरू मध्ये सौन्दरनन्दकाव्य बारे विश्वलाई जानकारी दिने एकमात्र नेपाल नै हो । आज सम्म यसका अति प्राचीन मानिएका मात्र दुई पाण्डुलिपि फेला परेका छन् जो नेपाल कै ग्रन्थागारमा अझ सम्म सुरक्षित छन् । म० प० हरप्रसाद शास्त्री ले सर्वप्रथम १९१० ई० मा यसको सम्पादन गरी प्रकाशन गराएका हुन् । अश्वघोषको काव्य पाणिनिबाहेक वाल्मीकि पछिको दोस्रो महाकाव्य हुन आउँछ । यसमा पहिलो स्थान महाकवि पाणिनिको हुने कुरा माथिल्ला परिच्छेदमा उल्लेख गरिएकै छ । अश्वघोषका कृति बौद्ध सम्बद्ध भए पनि यसमा वशिष्ठाश्रम वाल्मीकि तथा वाल्मीकि रामायणका प्रसङ्गहरू मनग्गे परेका छन् । त्यस माथि झन् सौन्दरनन्द जस्तो महाकविको महत्त्वपूर्ण काव्य हाम्रै देशमा पाइएको छ । यी सबै तथ्यलाई राम्ररी छानबीन गर्दा अश्वघोष र हिमवत्खण्ड सम्बन्धमा पनि छुट्टै विचार गर्नु पर्ने स्थिति टड्कारो हुन आएको छ । अस्तु

कालिदास अश्वघोष भन्दा पुराना हुन्—केहि समीक्षकहरूको यो पनि धारण छ । यसका समर्थक हुन्—सर्व श्री शारदा रंजन राय तथा प्रो० चट्टोपाध्याय आदि । वस्तुतः यो विषय आपातरमणीय मात्र हुन जान्छ । कालिदासको समयबारे माथिल्ला परिच्छेद मै विस्तृत चर्चा गरिएकै छ । वस्तुतः कालिदास अश्वघोष भन्दा शताब्दियौं पछिका हुन् ।

कालिदासीय साहित्य र अश्वघोष कृत कृतिहरूको तुलनात्मक अध्ययन गरी हेर्दा कालिदास नै अश्वघोष प्रभावित देखिन आउँछन् । अश्वघोषका कृतिहरू भन्दा कालि-

दासीय कृति पश्चाद्‌वर्ती भएको हुनाले नै कालिदासीय कृति अश्वघोष भन्दा बढी परिमार्जित बढी ललित र बढी प्रभावोत्पादक देखिन्छन् । नेपालीमा मात्र उपलब्ध अश्वघोषको काव्य सौन्दरनन्द र हिमवत्‌खण्डका यशस्वी कवि कालिदासका कृतिहरूको तुलनात्मक अध्ययन गर्दा बढी साम्य देखिन आउँछ । यस बाहेक इनका अन्यकृति बुद्धचरित र शारिपुत्र प्रकरणमा पनि यस्ता स्थल खोजी पस्दा न पाइने होइनन् ।

अश्वघोषकृत सौन्दर नन्दमहाकाव्यको छैठौं सर्गमा नन्द पत्नी सुन्दरीको वियोग दशाको वर्णन र कुमारसम्भव महाकाव्यका रति विलापको (चतुर्थ सर्गस्थ) वर्णनमा पनि साम्य देखिन्छ । यसै गरी सौन्दरनन्दको नन्द विलाप र रघुवंश अष्टम सर्गको अज विलापलाई तुलनात्मक रूपमा अध्ययन गर्ने अवसर पनि प्रशस्त छ । अतः प्रभाव ग्रहणको दृष्टिले कालिदास बौद्ध महाकवि अश्वघोषका ऋणी छदै छन्, कालको दृष्टिले पनि अश्वघोष भन्दा कालिदास नै पछि पर्दछन् । अक्षरको दृष्टिले पनि अ पछि क को स्थान हुन्छ । यो पनि संयोग हो ।

बुद्ध चरितको तेस्रो सर्गमा राजकुमार गौतम (सिद्धार्थ) जब नगर बाहिर यात्रा गर्न निस्कन्छन् । त्यस बेला नगर वधूहरूको ओइरो उनको दर्शनको लागि लाग्द छ । यसबाट प्रभावित भएका महाकवि कालिदास पनि कुमारसम्भवको सातौं सर्ग तथा रघुवंशको सातौं सर्गमा समेत शिव र अजको दर्शनार्थ घुइचो लागेर जम्मा हुने बर वधूको वर्णन गर्न चुक्दैनन् ।

यति मात्र होइन शब्द र शब्दार्थको सम्बन्धमा पनि कालिदासले महाकवि अश्वघोषको अनुसरण ठाउँ ठाउँमा गरेकै छन् । उदाहरणार्थ—अश्वघोष प्रागेव शब्दको प्रयोग कुन आश्चर्य ? अथवा के भन्नु पर्‍यो ? जस्ता वाक्यांशका ठाउँमा गर्दछन् । भोगलालसा प्रेरित ठूल ठूला व्यक्तिहरू निन्दनीय एवं तुच्छ विषयको त उपभोग गर्दछन् भने झन् असल विषयको उपभोगका विषयमा त के भन्नु पर्‍यो र कविकै शब्दमा—

एवमाद्या महात्मानो विषयान् गर्हितानपि
रतिहेतो बुभुजिरे प्रागेव गुणसंहितान् ।। बुद्ध० ४।८१

ढक मकक फुलेका सेता कुन्द पुष्पहरूले समृद्ध उपवनले तरुणीजनले मुसुकक हाँस्दा देखिने शोभा प्राप्त गरेको हुन्छ । यस्ता समृद्ध उपवनहरूले निवृत्तराग मुनिहरूको मन त विचलित पारिदिन्छ भने झन् यसले रसिक तरुण हरूको मनमा प्रभाव पार्दछ भने कुन आश्चर्य ? कालिदासकै पदावलीमा—

कुन्दैः सविभ्रमवधूहसितावदातै-
रुद्योतितान्युपवनानि मनोहराणि

चित्तं मुनेरपि हरन्ति निवृत्त रागं
प्रागेव राग मलिनानि मनांसि यूनाम् ॥ ऋतु० ६।२५

उपर्युक्त अर्थमा प्रागेव शब्द को प्रयोगं—बुद्ध चरित के चतुर्थ सर्गको उन्नाइसौ पद्य तथा आर्य शूरकृत जातकमालामा पनि पाइन्छ। यस शब्दको प्रयोग यस अर्थमा बौद्ध ग्रन्थ वाहेक अन्यत्र पाइदैन। यति मात्र होइन, अमरकोश जस्ता कोश ग्रन्थमा पनि यस शब्दको उपर्युक्त अर्थ भेटिदैन। बौद्ध साहित्य को अध्ययन, बौद्ध कवि अश्वघोषका काव्यका शब्द विशेषको अनुहरण संगै यस शब्दले कालिदासका बौद्ध विषयमा आस्था पनि व्यक्त गर्दछ भन्दा अति शयोक्ति हुने जस्तो लाग्दैन।

शिव द्वारा काम विजयको प्रसङ्ग यद्यपि पुरणान्तरमा पनि पाइन्छ, तथापि काम इन्द्र प्रेरणाले शिवको तपो भङ्ग गर्न जान्छ भन्ने कुरा चाहिं कालिदासको आफ्नो वैशिष्टय हो जसका लागि कवि कसै बाट प्रभावित मानिन्छन् भने मात्र अश्वघोष बाट।

अश्वघोष र कालिदास दुवैले इक्ष्वाकुवंशी राजाहरूको चरित्र चित्रण गरेका छन्। कालिदासीय रघुवंश र अश्वघोष कृत काव्य हरूमा इस्वाकुवंशी राजा हरूकै चरित्र वर्णन छ। दुवैका काव्यमा वशिष्ठ नन्दिनी कण्व कौत्स शाकुन्तललेय र मैथिलेय हरूको प्रसङ्ग पाइन्छ। रघु दिलीप दशरथ राम तथा इक्ष्वाकुवंशी अन्य राजाहरूका समेत सन्दर्भ अश्वघोषका कृतिहरूमा भेटिन्छन्। जगंली जनावर ले वनका देवदारू-वृक्ष लाई दुःख दिने प्रसङ्ग अश्वघोषमा पनि छन्। इक्ष्वाकुवंशी राजा हरूको वार्धक्य जीवन सन्यासी हुन्छ भन्ने कुरा दुवै कविले प्रत्यक्षतः स्वीकार गरेका छन्। यतिमात्र होइन कतिपय स्थल हरूमा त दुवै कविका पद्यहरूमा भाव साम्य पनि टड्कारो देखिन्छ। यसका केहि उदाहरण हरू दुवै महाकविका ग्रन्थबाट उद्धृत् गरेर प्रस्तुत गर्नु उपयुक्त होला।

अश्वघोष

(१) वातायनेभ्यस्तु विनिसृतानि
परस्परोपासितकुण्डलानि
स्त्रीणां विरेजुर्मुखपङ्कजानि
सक्तानि हर्म्येष्विव पङ्कजानि । बुद्ध० ३।१९।।

(२) वाता ववुः स्पर्शसुखा मनोज्ञाः
दिव्यानि वासांस्यवपातयन्तः
सूर्यः स एवाभ्यधिकं चकासे
जज्वाल सौम्यार्चिरनीरितोग्निः । बुद्ध० १।४१

(३) तं गौरवं बुद्धगतं चकर्ष
भार्यानुरागः पुनराचकर्ष
सोऽनिश्चयान्नापि ययौ न तस्थौ
तरंस्तरङ्गेष्विव राजहंसः । सौन्दरनन्द ४।४२

(४) आदित्य पूर्वं विपुलं कुलं ते
नवं वयो दीप्तमिदं वपुश्च ।
कस्मादियं ते मतिरक्रमेण
भैक्षाक एवाभिरता न राज्ये ।। बुद्ध० १०।४

(५) द्वन्द्वानि सर्वस्य यतः प्रसक्ता–
न्यलाभलाभप्रभृतीनि लोके ।

कालिदास

(१) तासां मुखैरासवगन्धगर्भै
र्व्याप्तान्तराः सान्द्रकुतूहलानाम् ।
विलोलनेत्रभ्रमरैर्गवाक्षाः
सहस्रपत्राभरणा इवासन् ।। कु० ७।६२; रघु० ७।११

(२) दिशः प्रसेदुर्मरुतो ववुः सुखाः
प्रदक्षिणार्चिर्हविरग्निराददे ।।
बभूव सर्वं शुभशंसि तत्क्षणं
भवो हि लोकाभ्युदयाय तादृशाम् ।। रघु० ३।४

(३) तं वीक्ष्य वे पथुमती सरसाङ्गयष्टि–
र्निक्षेपणाय पदमुद्धृत मुद्वहन्ती ।
मार्गाचलव्यतिकराकुलितेव सिन्धुः
शैलाधिराजतनया न ययौ न तस्थौ ।। कुमा० ५।८५

(४) एकातपत्रं जगतः प्रभुत्वं
नवं वयः कान्तमिदं वपुश्च
अल्पस्य हेतोर्बहु हातुमिच्छन्
विचारमूढः प्रतिभासि मे त्वम् ।। रघु० २।४७

(५) कस्यैकान्तं सुखमुपगतं दुःखमेकान्ततो वा
नीचैर्गच्छत्युपरि च दशा चक्रनेमिक्रमेण ।। मेघ० ३।४६

अतोपि नैकान्तसुखोऽस्ति कश्चित्
नैकान्तदुःखः पुरुषः पृथिव्याम् ॥ बुद्ध० ११।४३

(६) हतत्विषोन्याः शिथिलांसबाहवः
स्त्रियो विषादेन विचेतना इवँ ॥ बुद्धचरित ८।२५

(७) मोघं श्रमं नार्हसि मार कर्तुम् । बुद्ध० १३।५७

(८) प्रमदानामगतिर्न विद्यते । सौन्दरनन्द ८।४४

(९) नगान्नगस्यो परि देवदारू–
नासाययन्तः कपयो विचेरुः ।'सौन्दर १०।१४

(१०) हारान्मणीनुत्तमकुण्डलानि
केयूरवर्याण्यथ नूपुराणि
एवं विधान्याभरणानि यत्र
स्वर्गानुरूपाणि फलन्ति वृक्षाः । सौन्दर १०।२३

(११) युक्तरूपमिदं चैव शुद्धसत्त्वस्य चेतसः ॥
सौन्दर १२।३०

(१२) यस्माद्धर्मस्य चोत्पत्तौ श्रद्धाकारणमुत्तम् ।
सौन्दर १२।४०

(६) निशीथदीपाः सहसा हतत्विषो
बभूवुरालेख्य समर्पिता इव ॥ रघु० ३।१५

(७) अलं महीपाल तव श्रमेण । रघु० २।३४

(८) मनोरथानामगतिर्न विद्यते । कुमार० ५।६४

(९) (क) अमुं पुरः पश्यसि देवदारू···।
(ख) कण्डूयमानेन कटं कदाचित्
वन्यद्विपेनोन्मथिता त्वगस्य ॥ रघु० २।३६।३७

(१०) (क) क्षौमं केनचिदिन्दुपाण्डुतरुणा माङ्गल्यमाविष्कृतम्
निष्ठ्यूतश्चरणोपभोगसुलभो द्राक्षारसः केनचित्
अन्येभ्यो वनदेवताकरतलैरापर्वभागोत्थितै
र्दत्तान्याभरणानि तत्किसलयोद्भेदप्रतिद्वन्द्विभिः ॥
अभिज्ञान शाकुन्तल ४।
(ख) एकः सूते सकलमबलामण्डनं कल्पवृक्षः ॥ मेघ० २।११

(११) जन्म यस्य पुरोवंशे युक्तरूपमिदं तव ।
अभि० शाकु० १।१२

(१२) श्रद्धेव साक्षाद् विधिनोपपन्ना ॥
रघु० २।१६

(१३) क्रमेणाद्भिः शुद्धं कनकमिव पांसुव्यवहितं यथाग्नौ कर्मारः पचति भृशमावर्तयति च ॥ सौन्दर १५।६८	(१३) हेम्नः संलक्ष्यते ह्यग्नौ विशुद्धिः श्यामिकापि वा । रघु० १।१०
(१४) (क) नाश्चर्यं जीर्णवयसो यद् जग्मुः पार्थिवा वनम् । अपत्येभ्यः श्रियं दत्वा भुक्त्वोच्छिष्टमिव स्रजम् ॥ बुद्ध० १२।७	(१४) मुनिवनतरुच्छाया देव्या तया सह शिश्रिये गलितवयसामीक्ष्वाकूणामिदं हि कुलव्रतम् ॥ रघु० ३।७०
(ख) इक्ष्वाकुवंशे ह्यभिकाङ्क्षितानि दायाद्यभूतानि तपोवनानि ॥ सौन्दर ६।३९	
(१५) समुद्रवस्त्रामपि गामवाप्य पारं जिगीषुस्त्रिमहार्णवस्य ॥ बुद्ध० ११।१२	(१५) आ समुद्रक्षितीशानाम् । रघु० १।५

कालिदास र बुद्ध विषयक छल फल गरिने यस शीर्षक अन्तर्गत उपर्युक्त शब्दावलीमा कालीदासीय कृतिहरूमा बौद्ध संकेतको चर्चा गरियो। कालिदासका कृतिहरूमा अश्वघोषको के कस्तो प्रभाव परेको छ भन्ने विषयमा पनि दुवै साहित्यकारका कृति हरू बाट उद्धृत केहि पद्य हरूको उल्लेख पनि भयो।

अश्वघोष कालिदास भन्दा कालक्रमले मात्र होइन् वर्णक्रमले पनि पूर्ववर्त्ती कवि हुन्। अक्षर समाम्नायमा क भन्दा पहिले 'अ' आउँछ। पहिले अच्को पाठ हुन्छ अनि मात्र व्यञ्जनको। यहाँ ज्ञातव्य के छ भने कालिदास को 'क' को स्थान व्यञ्जन गत उपकरण युक्त किं वा आभूषण विभूषित कनिष्ठिका जस्तो छ भने अश्वघोषको 'अ'को स्थान ठिङ्गो बूढी औला जस्तो। अरू कुरामा भन्दा पूर्ववर्तिता र रूक्षता यसमा बढी छ। सरसता कोमलता र आभूषण सौष्ठव भने 'क' मा देखिन्छ, कनिष्ठिकामा, कनिष्ठिकाधिष्ठित कालिदासमा।

कालिदास र अश्वघोष दुवैले एउटै वंशको वर्णन गरेका छन्। इनीहरूले उस्तै गरी एउटै राज कुलको चरित्र चित्रण गरेका छन्, ईक्ष्वाकु कुलको। फरक यत्ति हो—अश्वघोषले हिमवत्खण्डका औतारी राजकुमार सिद्धार्थ गौतमको विषयमा साहित्य लेखे भने कालिदासले जो स्वयं हिमवत्खण्डका थिए, इनै हिमवत्खण्डका राजकुमार सिद्धार्थ कै औतारी बाजे–वराज्यूको जीवन काव्य प्रस्तुत गरे। जहाँ अश्वघोषले हिमवत्खण्डका यी राजकुमारको अभिताम चरित्रलाई स्वर्णाभ अक्षरमा कुँदे भने त्यहिं कालिदासले तिनै अभिताभको इक्ष्वाकु कुलका यशोजीवी राजा रघु राम र दिलीप दशरथ संग सम्बन्ध भएको हुनाले उनका पूर्वजका वंशविस्तारको लामो फिरिस्त तयार पारी दिए। फरक यत्ति हो—एउटाले अनु-जको वर्णन गर्द छ आफ्नो काव्यमा, भने अर्कोले पूर्व-जको। एउटाले समान वंशवृक्षको फेद समायो भने अर्कोले त्यसैको टुप्पा। एउटाले वृक्षमूलमा वसेर स्वान्तः सुखाय छाहारी लिन मन परायो भने अर्कोलेअल्गो ठाउँमा फलेको फल फूल टिपेर बहादुरी देखाउनुमा नै वर्चस्व ठान्यो। यत्ति फरक छ कालिदास र अश्वघोष मा। जत्ति फरक छ कालिदास र अश्वघोषमा त्यत्ति फरक छ यी दुवैका कृतिहरूमा र कृतिगत विषयहरूमा।

कालिदास र अश्वघोषको चर्चा गरिएको यस प्रसंगमा हिमवत्खण्डका शाक्य र इनका ईक्ष्वाकु कुलीन किं वा रघुवंशी राजा हरूसंग सम्बन्ध बारे पनि अश्वघोषीय कृतिहरू बाट केहि उद्धरण प्रस्तुत गर्नु अप्रासङ्गिक न होला जस्तो लागेको छ।

माथिको छलफल बाट कालिदासीय काव्यमा अश्वघोषीय कृतिहरूको प्रभाव औल्याइयो भने निम्न विवरण द्वारा अश्वघोषीय कृतिहरूमा कालिदासीय साहित्यको बीज चिन्तन संग शाक्यवंशीय राजाहरूमा रघुवंशीय उदात्त चरितको दिग्दर्शन पनि हुनसक्ने आशा गर्न सकिन्छ।

हिमवत्खण्ड सनातन धर्मको रक्षा तथा सनातन संस्कृतिको सुरक्षाका लागि परापूर्वकाल देखि नै प्रख्यात छ। यसै प्रदेशको पूर्वपरसमुद्रावगाढ विशाल तथा सर्वोच्च सगरमाथा शिखरमा मनुले विश्वमा प्रलयान्तक स्थिति आइ पर्दा सानो डुंगियाभा सृष्टि बीज सुरक्षित राख्न सकेका हुन्। आज पनि विभिन्न विश्वान्तक विभीषिका हरूबाट संसारलाई वचाएर आफ्नो शीतल ओबानो काख र शान्तिमय अमृतको घुट्को खुवाएर मानव मात्रलाई त्राणदिने आफ्नो यशोभूमिका यस हिमवत्खण्डले खेलिरहेकै छ। भौतिक विज्ञानको आंखा फुट्ने तिरिमिरिले खडा गरेको चकमन्न अध्यारोमा यस प्रदेशको देन सबैले देख्न बुझ्न न सक्नु अर्कै कुरा हो तर यस हिमवत्खण्डको योगदान आज जति छ विश्वलाई, हिजो कालिदासको युगमा पनि उत्तिकै थियो र अस्ति अश्वघोषका पालापनि त्यत्तिकै थियो। यति मात्र होइन, झन् अस्ति वाल्मीकिका पाला पनि बढी थियो कम थिएन।

सनातन धर्म तथा सनातन संस्कृति माथि जहिले जहिले आपत्ति आउन थाल्यो धर्म र संस्कृतिको रक्षा गर्ने एकमात्र उद्देश्य भएका धर्म प्राण आर्य हरूले यसै हिमवत्खण्डको आश्रय लिएको कुरामा इतिहास साक्षी छ। हिमवत्खण्डले परापूर्व कालदेखि यस्ता शारणार्थी हरूका धन-धर्मको रक्षा गरेको छ। इनीहरूलाई आफ्नै दाजुभाइ लाई जस्तै गरी आफ्ना परम्परामा, सभ्यता संस्कृतिमा र आचार-विचारमा दीक्षित गरेको छ। कहिल्यै न छुट्टिने गरी आफ्ना पारेर राखेको छ, धर्म परिवर्तन जस्तो बल प्रयोग होइन धर्म समन्वय जस्तो प्रशंसनीय कार्य बाट। त्यसैले त हिमवत्खण्ड धर्म समन्वयको लागि विश्वमा प्रख्यात छ। कुरा लम्बिने भए पनि यसको छोटो उदाहरण यहाँ प्रस्तुत गरि हाल्नु उचित होला—

भारतमा मुशलमानको आक्रमण भयो। आफ्ना धन-धर्म र कुलव्रत जोगाउन कि वदन्ती अनुसार साढे चौहत्तर गाडा जनै टुपि काटिएका सनातन धर्मानुयायीहरू धोती टोपी भएर शताब्दीयौं पहिले हिमवत्खण्डमा आए। नेपाल पसे। इनी हरू आधुनिक भारतका तात्कालिक प्रसिद्ध स्थल कान्यकुब्ज तिरहुत सम्भवतः उज्जैन आदि ठाउँ बाट पनि यहाँ त्यस्ता शरणार्थी आएका होलान्।

हाम्रा पूर्वजहरूले ती सबैलाई आफ्ना एउटै समाजमा समन्वित पारे। अतिथि र आतिथेय बीच् तथा रैथाने र आगन्तुक बीच कुनै भेद भाव रहेन। बरु पराईले सताइएका आगन्तुकको मनोबल उठाउने उद्देश्यले हाम्रो समाजले तिनीहरू कै मानवर्धन गरिदियो। 'समानी प्रपा सह वो अन्न भागः' को रूपमा आफूमा समन्वित भएका ती आगन्तुक र यहाँका पहिले देखिका वासिन्दा हाम्रापूर्वजहरू बीचको पार्थक्य बारे हामीलाई लेशमात्र पनि थहा छैन। यसै उदारताको फलस्वरूप हामी हाम्रै पूर्वजहरू कान्यकुब्ज आदि ठाउँबाट नेपाल पसे भन्दछौं। हो ती आगन्तुक हरू जो हामीमा

समन्वित भए, हाम्रा प्राचीन पीढीकाहरूले उदारतापूर्वक तिनीहरूलाई आफ्ना परेका थिए, अवश्य पनि हाम्रा खास पूर्वज हुन् तर पहिलेका रैथाने हाम्रा खास पूर्वज जसले आगन्तुक हरूलाई आफूमा आफ्ना भोजभतेरमा शिक्षा दीक्षामा समन्वित पारे, तिनी-हरूको उदार चरितलाई बिर्सेर आगन्तुक कै मात्र सन्तानमा आफूलाई दर्ने प्रयास गर्न थालिन्छ भने हाम्रा आफ्ना हिमवत्खण्डका आदि पूर्वज जसले वाल्मीकि र कालिदास जस्ता सन्तान जन्माए र जसका परम्परामाहरू हामी हुर्केका छौं, ती प्रातःस्मरणीय पूर्वजहरू जसलाई वंशोक्ताः ऋषयस्तृप्यन्ताम् बाहेक हामी बढी केहि गर्न जान्न सक्दैनौ अवश्य पनि कृतघ्नता हुनेछ। आफ्नो सनातन धर्म र संस्कृतिमा गर्व गर्ने हरूले यस्ता कुराहरू बेलैमा बुझ्न सक्नु परेको छ। यसै गरी एशियाका कुना कुना बाट यस महान देशमा शैव आए शाक्त आए केहि कट्टर बौद्ध हुँ भन्ने पनि आएनन् भन्न सकिदैन सबैलाई हिमवत्खण्डका सनातन धर्म र संस्कृतिले आफ्नो काखदियो, सबैलाई समन्वय दियो, कसैलाई काखा पाखा गरेन भने झन् त्यसै माथि कालिदास जसलाई यशोजीवी हुनु थियो, इनले आफूलाई कट्टर शैव वा बौद्ध विपक्षीका रूपमा दर्ने त कुरै थिएन। त्यसैले इनी शैव पनि हुन् शाक्त पनि, वैष्णव पनि हुन् बौद्ध पनि। इनका साहित्यमा सबैको सङ्केत पाइन्छ। त्यसैले हिमवत्खण्डका यी यशस्वी पुत्रलाई सनातन धर्म र वैदिक संस्कृतिका कवि भन्नु नै ज्यादै उपयुक्त हुने जस्तो लाग्दछ।

उपर्युक्त विवरण हरूद्वारा हामी कालिदासलाई आफ्ना आफ्ना रुचि अनुसार शैव, शाक्त तान्त्रिक जे सुकै देखौं वस्तुतः उनी हिमवत्खण्डको धर्म समन्वयात्मक सिद्धान्तको प्रतिनिधित्व गर्ने यशः प्रार्थी कवि हुन्। इनका साहित्मया पदे पदे यो कुरा पाइन्छ।

आफ्नो धन-धर्म ज्यान-माल र कुलव्रतको रक्षा गर्नेहरूको यस लामो शृङ्खलामा रघुवंशी कि वा इक्ष्वाकुवंशी राजाहरूको नाउँ पनि लिन सकिन्छ। यस बारे विस्तृत छलफल तर्फ न लगारेर यहाँ के मात्र तिर सोझिनु उपयुक्त होला भने—आजभन्दा लगभग तीस पैंतीस शय वर्ष आगाडि रघुवंशी राजकुमारहरू पनि आफ्ना घरायसी कारणले गर्दा हिमवत्खण्डका यस भू-भाग तिर लाग्न बाध्य भएका थिए।

यसरी विदेशिएका वा विदेशिनु परेका इक्ष्वाकु कुलका यी राजकुमारहरूको लागि हिमवत्खण्डको यस प्रदेश नै अनन्य शरण भयो। हिमाली अधिराज्यले इनलाई गांस-वासको प्रबन्ध मिलाई दियो। यहाँका उदारचरितहरूले इनलाई सानो घर घडेरी र बाण गंगा किनारको अत्यन्त उपजाउ खालको कोइरालो अगस्ति सहिजन जस्ता शाकवृक्ष भएको तरकारी वारीको समेत बन्दोबस्त गरि दिई त्यसै ठाउँको मुखिया जिम्मावालको पद दिएर आफ्नागण वा समूहको संरक्षण कार्य सुम्पिए होलान्। फलतः ती राजकुमार हरूले शिक्षादीक्षा साथै काम माम पाए हुनन्।

सम्भवतः यसै क्रमले गणतन्त्रको विकास भयो। यसलाई नै पछि कालिदासले 'लोकतन्त्र' जस्ता पदले संकेत गरेको हुनु पर्दछ। सबै जनलाई समान रूपमा हेर्दै सामान्य प्रतिपत्तिपूर्वक सबैलाई सुखी राख्नु पर्ने गणतन्त्रकै अर्को र उस्तै नाउँ लोकतन्त्र हो, जसको सञ्चालन गर्नु कम गाह्रो न हुने हुनाले नै कालिदास भन्दछन्—

अविश्रमोऽयं लोकतन्त्राधिकारः। अभिज्ञान शाकुन्तलम् अङ्क ५।

उपर्युक्त विवरणहरूबाट गणतन्त्र र लोकतन्त्र दुवैको प्राथमिक भूमि हिमवत्खण्ड नै हो भन्ने कुरा स्वतः टड्कारो हुन आउँछ। राजतन्त्र र प्रजातन्त्र दुवैको प्रारम्भ र विकास यसै देशबाट भएको छ। यसै भूमिमा भएको छ।

माथि इक्ष्वाकुवंशी राजकुमारहरूले हिमाली उपत्यकामा [कालिदासीय शब्दावलीमा उपत्यकाले तराई भाग पनि बुझाउँछ पाणिनीय सूत्र "उपाधिभ्यां त्यकन्नासन्नारूढयोः ले पनि यस्तै अर्थ तिर संकेत गर्दछ] प्रवेश गरेको शाक वृक्ष भएको ठाउँमा वसोबासो पाएको कुराको उल्लेख गरिएको छ। स्वयं महाकवि अश्वघोष कै शब्दावलिमा यसको संकेत भएको कुरा उद्धृत गर्नु अनुपयुक्त हुने छैन—

अथ तेजस्विसदनं तपः क्षेत्रं तमाश्रमम्।
केचिदिक्ष्वाकवो जग्मू राजपुत्रा विवत्सवः॥
शाक वृक्षप्रतिच्छन्नं वासं यस्माच्च चक्रिरे।
तस्मादिक्ष्वाकुवंश्यास्ते भुवि शाक्या इति स्मृताः॥
[अश्वघोष कृत सौन्दरनन्द सर्ग १।१८:२४]

वंशको नाउँ दुइ कुराले चल्दछ त्यसमध्ये एउटा विद्या हो अर्को जन्म। वंशो-द्विधा। विद्यया जन्मना च। संख्या वंश्येन सूत्रमा पाणिनि।

जसरी हिमवत्खण्डका कण्वले शाकुन्तल भरतको संस्कार गरे, जसरी मैथिलेय कुश र लवको, हिमवत्खण्डकै महर्षि वाल्मीकिले वंशानुरूप संस्कार गरे, ठीक उसै गरी महर्षि गौतम कपिलले ती रघुवंशी राजकुमार हरूलाई उपाध्यायका रूपमा शिक्षा दीक्षा दिए। अतः ती राजकुमारहरू आफ्ना गुरुका गोत्र बाट गौतम भन्ने नाउँले प्रख्यात भए। यसरी हिमवत्खण्डमा आएका ती रघुवंशी राजकुमारहरू त्यस वेला देखि इक्ष्वाकुवंशी या रघुवंशी न भएर गौतम गोत्रीय भनिन थाले। हिमवत्खण्डले जीविकाको लागि दिएको शागवारीमा खन-गोड गरेर खाने बस्ने गरेकोले तिनीहरू का सन्तान पछि गएर शाक्य भए। शाक्य र गौतमको नाउँबाट प्रसिद्धि प्राप्त भैसकेको हुनाले नै हुन सक्द छ इक्ष्वाकु वंशको किंवा रघुकुलको वर्णन गर्ने महाकवि कालिदासले रघुवंशी भए पनि बुद्धको प्रत्यक्ष वर्णन गरेनन्। शाक्यहरूको सन्दर्भ छोएनन्। सम्भवतः कालिदासले यस्तो गरेको अश्वघोषले आफूभन्दा पहिले नै यसबारे मनग्गे लेखि सकेको भएर पनि हुन सक्दछ। ठीकै हो, अश्वघोष के कथानकलाई पिष्टपेषण

गरेको भए कालिदासको हिमवत्खण्ड प्रतिको दायित्व केहि हदसम्म पूरा भए पनि उनको स्वयंको मौलिक कवि व्यक्तित्व यसरी खारिएको सुन झैं निखन पाउने थिएन । रघुवंशी राजकुमारहरू गौतम कसरी भए भन्ने विषयमा स्वयं अश्वघोष भन्दछन्—

स तेषां गौतमश्चक्रे स्ववंशसदृशीक्रियाः ॥
तेषां मुनिरुपाध्यायो गौतमः कपिलो भवत् ।
गुरुगोत्रादतस्तस्मात् भुविशाक्या इति स्मृताः ॥
कण्वः शाकुन्तलस्येव भरतश्च तरस्थिनः ।
वाल्मीकिरिव धीमांश्च धीमतोर्मैथिलेययोः ।

[सौन्दरनन्द प्रथम सर्ग २२, २५, २६]

उपर्युक्त विवरणले के तथ्य तिर औंल्याउँछ भने हिमवत्खण्डका कालिदासले हिमवत्खण्ड कै शाक्यवंशीय राजकुमार सिद्धार्थका पूर्वज रघुवंशी राजाहरूको वंशवर्णन आफ्नो रघुवंश काव्यमा गरे। अर्को अर्थमा इनले आफ्ना पूर्ववर्ती अश्वघोषले काव्यमा वर्णन गरेका विषयको अवशिष्ट भाग जो उत्तिकै महत्त्वपूर्ण थियो, को विशद चर्चा आफ्ना त्यस कृतिमा गरे । यति मात्र होइन, अश्वघोषले आफ्ना काव्यमा यक्ष हिमवान्, शिव, शाकुन्तल भरत, राम, वशिष्ठ, वाल्मीकि रघु एवं अज आदिको प्रसङ्गात् जे जति नाम निर्देश गरेका थिए, इनले पनि ती ती चरित्रहरूको संकलन गर्दै र त्यसै बीजलाई आफ्नो शैली शिल्पका आधारमा विकसित पार्दै कुमार सम्भव, रघुवश, अभिज्ञान शाकुन्तल जस्ता वर्चस्व राख्ने कृतिहरूको रचना गरे ।

कालिदासले जुन ठाउँलाई गङ्गा प्रपातान्त विरूढशष्पम् भनेका छन् र जहाँ वशिष्ठको आश्रमको विस्तृत परिचय दिएका छन् अथवा वर्णन गरेका छन्, त्यसकै सेरो फेरोमा अश्वघोषले पनि गौतम कपिलको आश्रमको उस्तै रूपमा वर्णन र परिचय दिएका छन् । यतिमात्र होइन, अश्वघोष त्यहाँको आश्रम वर्णन गर्दा र त्यहाँका प्रसिद्ध महर्षि गौतम कपिलको वर्णन गर्दा दुरुस्त वशिष्ठ ऋषि उनका आश्रम, उनका शिष्य तथा उनकी आश्रममा वस्ने कामदुघा नन्दिनीको छायाचित्र उतार्न पनि पूर्ण सफल देखिन्छन् । यस बाहेक अश्वघोषका गौतम कपिलको यो आश्रम वर्णन ठीक रघुवंशीय वशिष्ठाश्रम वर्णन संग उस्तै मिल्न आउँछ । यो आश्रम वशिष्ठाश्रम जस्तै छ भन्न पनि अश्वघोषले वेर लाएका छैनन् । साँचो बोल्दा केको धक् ?

पहिले कालिदासको शब्दमा—

वनान्तरादुपावृत्तैः समित्कुशफलाहरैः ।
पूर्यमाणमदृश्याग्निप्रत्युद्यातैस्तपस्विभिः ॥
आकीर्णमृषिपत्नीनामुटजद्वाररोधिभिः ।
अपत्यैरिव नीवारभागधेयोचितैर्मृगैः ॥

आतपात्ययरोमन्थनीवारासु निषादिभिः ।
मृगैर्वर्तितरोमन्थमुटजाङ्गनभूमिषु ॥
अभ्युत्थिताग्नि पिशुनैरतिथीनाश्रमोन्मुखान् ।
पुनानं पवनोद्धूतैर्धूमैराहुतिगन्धिभिः ॥

रघुवंश प्रथम सर्ग ४९, ५०, ५२, ५३,

अश्वघोषको शब्दमा—

तस्य विस्तीर्णतपसः पार्श्वे हिमवतः शुभे ।
क्षेत्रं चायतनं चैव तपसामाश्रमो भवत् ॥
चारुवीरुत्तरुवनः प्रस्निग्धमृदुशाद्वलः ।
हविर्धूम वितानेन यः सदाभ्रइवाबभौ ॥

नीवारफलसंतुष्टैः स्वस्थैः शान्तै रनुत्सुकैः ।
आकीर्णोऽपि तपोभृद्भिः शून्य शून्य इवा भवत् ॥
अग्नीनां हूयमानानां शिखीनां कूजतामापि ।
तीर्थानां चाभिषेकेषु शुश्रुवे यत्र निस्वनः ॥

[सौन्दर नन्द प्रथम सर्ग ५, ६, १०, ११]

वशिष्ठाश्रम यतै कतै यसै बाण गङ्गा किनारकै कपिलवास्तु वा कपिलवस्तु महा नगरी नजीकै थियो भन्ने कुरा उपर्युक्त दुवै कविका श्लोकको तुलनात्मक दृष्टि राखेर अध्ययन गर्दा थाहा हुन्छ । यस बाहेक अश्वघोष प्रत्यक्षै भन्दछन्—

जसरी हविष् सम्पादनका लागि वशिष्ठ आफनी गाई नन्दिनी दुहुन्थे, उसै गरी गौतम कपिल पनि आफनी गाई दुहुने गर्दथे । जसरी आफ्ना शिष्यहरूका लागि कुलगुरु वशिष्ठ वाणी दोहन गर्दथे, उसै गरी गौतम पनि आफ्ना शिष्य हरूका लागि वाणी रूप गाईको दोहन गर्दथे ।

कालिदासका वशिष्ठ दिलीप संग भन्दछन्—जसरी विद्याध्ययन गर्ने ब्रह्मचारी शिष्य एक क्षण पनि खेर न हाली अनवरत विद्याध्ययन गर्दछ, त्यसै गरी वन्यवृत्ति (ब्रह्मचारी) भएर तिमीले पनि एक क्षण खेर न हाली आफूलाई छाया जस्तै गराएर गाईको सेवा गर्नु ।

त्यसै हुनाले आफ्ना कुलगुरुबाट नन्दिनीको महत्त्व बुझेका राजा दिलीप सिंह लाई भन्दछन् "मैले अरू करोडौं गाई दिएर पनि नन्दिनी को खाचों पूर्ति गरेर गुरु रिझाउन सक्दिन । नन्दिनी कामधेनु भन्दा रतिमात्र पनि कम छैनन् । त्यसैले म आफ्नो शरीरको बाजी लगाएर पनि तिमीबाट इनलाई बचाउँछु । अब मेरो एकमात्र कर्तव्य यहि मात्र बाकी रहन आएको छ ।

उपर्युक्त दुबै कुरालाई स्वयं नन्दिनी नै समर्थन गर्दछिन—मलाई केवल दूधमात्र दिने साधारण गाई न ठांन । म रिझिए भने मानिसका सम्पूर्ण मनोरथ पूर्ण गरि दिन्छु ।

उपर्युक्त तीनै थरि वाक्य हरू कालिदासका रघुवंशमा यसरी छन्—

वशिष्ठ—

वन्यवृत्तिरिमां शश्वदात्मानुगमनेन गाम् ।
विद्यामभ्यसनेनेव प्रसादयितुमर्हसि ॥ १।८८

दिलीप—

कथं नु शक्योऽनुनयो महर्षे
विश्राणनाच्चान्यपयस्विनीनाम् ।
इमामनूनां सुरभेरवेहि
रूद्रौजसा तु प्रहृतं त्वयास्याम् ॥ २।५४
सेयं स्वदेहार्पणनिष्क्रयेण
न्याय्या मया मोचयितुं भवत्तः ।
न पारणास्याद् विहता तवैवम्
भवेदलुप्तश्च मुनेः क्रियार्थः ॥ २।५५

नन्दिनी—

भक्त्या गुरौ मय्यनुकम्पया च
प्रीताऽस्मि ते भक्त ? वरं वृणीष्व
न केवलानां पयसां प्रसूति-
मवेहि मां कामदुघां प्रसन्नाम् ॥ २।६३

कालिदासका उपर्युक्त समस्त भावविस्तारको संक्षिप्त वा बीज रूप अभिव्यक्ति अश्वघोष आफ्नो सौन्दरनन्दमा यसरी पहिले नै गरि सकेको हुन्छन् । अस्तै—

अश्वघोष—

हविःषु यश्च स्वात्मार्थं गामधुत्तद् वशिष्ठवत् ।
तपः शिष्येषु शिष्टेषु गामधुत्तद् वशिष्ठवत् ॥ सौन्दर० १।३

यस बाट के कुरा बुझनु पर्दछ भने यदि बाण गंगा किनारको कपिलवस्तु को परिवेशमा वशिष्ठ बाहेक अरू ऋषिको समृद्ध आश्रम भएको सुईको अश्वघोषले पाएका भए उनी वशिष्ठको सट्टा उनै ऋषिको वर्णन र आश्रमका उदाहरण प्रस्तुत गर्ने थिए । तर यसो थिएन, कुलगुरू वशिष्ठको पावन आश्रम यहि थियो । यसै गङ्गा समीपवर्ती प्रदेशमा । अतः अश्वघोषले वशिष्ठके नाउँ घुमी फिरी लिन पुगे । यत्पार्श्वंतो भवति तत्परिवेष्टयन्ति ।

यसै हिमवत्खण्डको वाणगंगा किनारको वशिष्ठाश्रमको प्रसंगबाट नै हिमत्खण्डका महाकवि कालिदासले रघुवंश जस्ता महाकाव्यको रचना आफ्नो यशो वर्चस्वका लागि प्रारम्भ गर्दछन् । यसमा दुइमत छैन ।

भारतीय विद्वान्हरूमा यसै वशिष्ठाश्रम बारे पनि ऐकमत्य छैन । उदाहरणका लागि डे महाशयले दुई वशिष्ठाश्रम को कल्पना गरेका छन् जस मध्ये एउटा अयोध्या बाट एकमील लगभग उत्तर तर्फ पर्द छ अर्को अर्बुद (आबू) पर्वतमा ।

मधूसूदन ओझा महाशय भन्दछन् 'वशिष्ठाश्रम सरस्वती नदीको तीरमा छ ।

विहारका भूतपूर्व राज्यपाल रङ्गनाथ रामचन्द्र दिवाकर-वशिष्ठाश्रम हिमालयको बद्रीबाट केदारनाथ जानेबाटोमा पर्दछ-भन्दछन् ।

डा० हट्वाल ले वशिष्ठाश्रम गणेश प्रयाग नजीक को विसोन पर्वतमा भएको मानेका छन् ।

वस्तुतः उपर्युक्त वशिष्ठाश्रम र कालिदासीय रघुवंशको वशिष्ठाश्रस जसमा अश्वघोष पनि अप्रत्यक्षतः सम्मिलित छन् बिल्कुलै पृथक छन् । असम्बद्ध छन् । हुन सक्छ अन्य कुनै वशिष्ठनामधारी मुनिको आश्रम त्यहाँ थियो होला । अतएव डा० कैलासनाथ द्विवेदी जसलाई कालीदासीय साहित्यका भूगोलविद्को रूपमा ख्याति प्राप्त छ— रघुवंशको वशिष्ठाश्रम हिमाली उपत्यका कै कुनै पर्वत शृङ्खलामा स्वीकार गर्दछन् । अयोध्याका किनारमा एक मीलको छिउ छाउँमा वशिष्ठाश्रम थियो भन्ने जस्ता मत इनलाई स्वीकार्य छैन ।

वागर्थाविव सम्पृक्तौं पद्यलाई दाक्षिणत्यहरू प्रक्षिप्त मान्दछन् । यस मतलाई स्वीकार गर्दा त झन् प्रस्तुत सन्दर्भले बढी भर थेग पाउँछ ।

निमज्जतोन्दोः किरणेष्विवाङ्कः

कालिदास विश्व कवि हुन् ! महान् नाटककार हुन् । उपमा अलङ्कारको यति सुन्दर र यति विशद चित्रण गर्ने कवि विश्व साहित्य मै छैन । आज सम्म विश्व वाङ्-मयमा कालिदासको ठाउँ ओगट्न सकेको छैन, कसैले पनि ।

कालिदासको विषयमा प्रशंसाको पर्वत चुल्याउने कार्य उनका पश्चाद् वर्ती सबै कवि साहित्यकार नाटककार समीक्षक तथा टिप्पणीकारहरूले प्रायः गरेका छन् । गौरीगुरुहिमालयमा जन्मे-बढेका यी महाकविलाई कविकुलगुरुको उपाधि दिइएको छ, कान्छी औंलामा औंठी जस्तै बनाएर वसाइएको छ । प्रतिक्षण अनाघ्रात सुमन सौरभ र अनास्वादित मधुको आस्वाद लुटाउने यी महाकविलाई, देख्दा उस्तै र उत्रै देखिए पनि नव-नवोन्मेष शालिनी प्रतिभा जस्तै प्रतिक्षण नयाँ नयाँ भएर आफ्नो आलोक पुञ्ज फिजाँउने दीपशिखाको उपमा दिइएको छ । यति मात्र होइन विक्रमा-दित्यका समयमा भएका कालिदास जसलाई ४०० ई० वर्ष का ठहर्‍याइएकोछ । एघारौं शताब्दीका राजा भोज संग पनि इनलाई संबद्ध मानेर किंवदन्ती गाँसिन्छ । वल्लाल कवि कृत 'भोज प्रवन्ध' यसको उदाहरण हो । कालिदासका तारीफमा आफ्ना अभिव्यक्ति दिने उनका पश्चाद् वर्ती कवि तथा साहित्यकारका केहि उद्धरण हरू यहाँ उद्धृत गर्नु अनुपयुक्त हुने छैन । यस प्रसंगमा सर्वप्रथम छैठौं शताब्दीका महाकवि दण्डी—

लिप्ता मधुद्रवेणासन् यस्य निर्विषयागिरः ।
तेनेदं कर्म वैदर्भ कालिदासेन शोधितम् ॥

सातौं शताब्दी का बाण आफ्नो अभिव्यक्ति दिन्छन्—

निर्गतासु न वा कस्य कालिदासस्य सूक्तिषु ।
प्रीतिर्मधुरसान्द्रासु मञ्जरीष्विव जायते ॥

दशौं शताब्दीका राजेशेखर भन्दछन्—

एकोऽपि जीयते हन्त कालिदासो न केनचित् ।
शृङ्गारे ललितोद्गारे कालिदासत्रयी किमु ॥

श्रीकृष्ण कविको अभिव्यक्ति—

अस्पृष्टदोषा नलिनीव सृष्टा
हारावलीव ग्रथिता गुणौघैः ।

प्रियाङ्कपालीव विमर्दहृद्या
न कालिदासादपरस्य वाणी ।।

एघारौं शताब्दी का सोड्ढल कवि –

ख्यातः कृती सोऽपि च कालिदासः
शुद्धा सुधा स्वादुमती च यस्य ।।
वाणीमिषाच्चण्डमरींचिगोत्र-
सिन्धोः परं पारमवाप कीर्तिः ।।

यसै गरी बाह्रौ शताब्दीका गोवर्धनाचार्य भन्दछन्—

साकूतमधुरकोकिलविलासिनीकण्ठकूजितप्रायें ।
शिक्षासमयेऽपि मुदे रतलीलाकालिदासोक्तिः ।।

टिप्पणीकार मल्लिनाथको उद्‌गार—

कालिदासगिरां सारं कालिदासः सरस्वती ।
चतुर्मुखोऽथवा ब्रह्मा विदुर्नान्ये तु मादृशाः ।।

बल्लभदेवको अभिव्यक्ति —

कालिदासोक्तयः कुत्र व्याख्यातारो वयं कुतः ।
तदिदं मन्ददीपेन नागवेश्मप्रवेशनम् ।।

अठारौं शताब्दीका जर्मन कवि गेटेका अभिव्यक्ति—

वासन्तं कुसुमं फलञ्च युगपद् ग्रीष्मस्य सर्वञ्च यद्,
यच्चान्यन्मनसो रसायनमतः सन्तर्पणं मोहनम्,
एकीभूतमभूतपूर्वमथवा स्वर्लोकभूर्लोकयो
रैश्वर्यं यदि वांछसि प्रिय सखे ? शाकुन्तलं सेव्यताम् ।

महाकवि लक्ष्मी प्रसाद देवकोटा—

सुन कोविद कालिदासको
कल कल्लोल कला स्वलङ्कृता
रचनाप्रतिबिम्बिनी कथा
सब यो भारतको प्रियज्यथा ।।

यी त भए कालिदासका प्रशंसामा उनका पश्चाद् वर्ती कविहरूका अभिव्यक्ति हरू । यसका साथै कालिदासका विषयमा केहि सुभाषितहरू पनि छन् जस्तै—

(१) क इह रघुकारे न रमते ।

(२) उपमा कालिकासस्य ।

(३) काव्येषु नाटकं रस्यं तत्र रम्या शकुन्तला ।
तत्रापि च चतुर्थोङ्कस्तत्र श्लोकचतुष्टयम् ॥

(४) पुरा कवीनां गणना प्रसङ्गे
कनिष्ठिकाधिष्ठितकालिदासः ।
अद्यापि तत्तुल्यकवेरभावात्
कनिष्ठिका सार्थवती बभूव ॥

(५) माहिषं दधि सशर्करं पयः
कालिदासकविता नवं वयः
शारदेन्दुरबला च कोमला
स्वर्गशेषमुपभुञ्जते जनः ॥

नगाधिराज हिमालयका मनमोहक उपत्यकामा हुर्के का कविकुलकुमुदकलाधर महाकवि कालिदासका विषयमा संस्कृत र नेपाली वाङ्मयका ख्याति प्राप्त विद्वान् कवि तथा महाकविहरूका हृदयोद्‌गारका साथै केहि सुभाषितहरूको पनि उद्धरण प्रस्तुत गरियो । वस्तुतः कालिदासको महिमा यतिले मात्र गाई सकिदैन यस्ता गुणानुवाद जति गरे पनि थोरै छन् न गरे पनि कुनै हर्जा छैन । कालिदासको यशः शरीरलाई फुल माला चढाउँनु र उनलाई काढांले कोतार्नु एउटै हो । निरुपमेय व्यक्तित्वलाई सम्मान र गाली दुवै एउटै कुरा हुन जान्छन् कालिदास दुवैमा सन्तुष्ट हुन्छन्-सन्तुष्टो येन केन चित् ।

कालिदासको अन्धाधुन्ध तारीफ गर्दा इनका त्रुटिहरूमा पट्टै आखाँ चिम्लिनु र दोष भए पनि त्यसलाई आर्ष प्रयोग वा निरङ्कुशाः कवयः भनेर सिंगार्ने पट्टि लाग्नु हुँदैन । वरु त्रुटि वारे जानकारी राखेर त्यसबाट आफू सतर्क हुने काम चाहिं अवश्य गर्नु पर्ने हुन्छ । दोषास्त्याज्याः गुरोरपि ,

कुनै पनि काव्य वा नाटककारको मूल्याङ्कन गर्दा उसका गुणको मूल्याङ्कन हुनु पर्दछ, दोषको होइन । ज्ञानको र प्रतिभाको परीक्षण गर्नु पर्दछ, अज्ञान वा मन्दता को होइन । सर्वज्ञ कोहि हुदैन, ईश्वर बाहेक । हामी मध्ये कसैले पनि न जानेका कुरा धेरै छन्,जानेका वाहेक पनि । अझै जान्नु पर्ने कुरा निकै छन्, जानि साकेएका भन्दा पनि । अतः समीक्षक जो नीरक्षीर विवेक गर्द छ, उसले पानी मिसाएको दुध वाट दुधको दुध पानीको पानी छुट्याएर छोडदा मात्र उसको इति कर्तव्यता पुरा हुदैन । यस अतिरिक्त आइन्दा पानीको मात्रा भन्दा दुधको मात्रा वढी हुने तर्फ प्रेरणा दिने खालको त्यसको दृष्टिकोण भयो भने मात्र त्यो व्यक्ति साचो अर्थमा नीर-क्षीर

विवेकी हुन्छ र समाज र साहित्य दुवै त्यसबाट उपकृत हुन्छन् । यस नीर क्षीर विवेकितालाई स्वयं कालिदासले पनि स्वीकार गरेका छन् । उनि पनि भन्छन्-सुनलाई असली नकली छुट्याउनु छ भने आगामा पोल्नैपर्छ । कुनै पनि काव्य पुरानो हो भन्दैमा सर्व गुण सम्पन्न र नयाँ भयो भन्दैमा त्यो हेय हुन सक्दैन । त्यसको ग्राह्य र त्याज्य को परीक्षा पूर्वाग्रह रहित सहृदय व्यक्तिबाट मात्र हुन्छ । कालिदास कै शब्दमा—

(१) पुराणमित्येव न साधु सर्वं
न चापि काव्यं नवमित्यवद्यम् ।
सन्तः परीक्ष्यान्यतरद् भजन्ते
मूढः परप्रत्ययनेयबुद्धिः ॥ माल १।२

(२) आपरितोषाद् विदुषां न साधु मन्ये प्रयोगविज्ञानम् ।
बलवदपि शिक्षिनानामात्मन्यप्रत्यं चेतः ॥ अभि १।२

(३) तं सन्तः श्रोतुमर्हन्ति सदसद्व्यक्तिहेतवः
हेम्नः संलक्ष्यते ह्यग्नौ विशुद्धिः श्यामिकापि वा ॥ रघु १।१०

महान् भाषा वैज्ञानिक पाणिनिले हिमवत्खण्ड मैं आएर तपस्या द्वारा भगवान् आशुतोष खुशी पारी आफ्ना अष्टाध्यायी जस्ता विशालकाय ग्रन्थहरूको रचना गरेका हुन् । इनी कालिदासका पूर्ववर्ती हुन् । कालिदासका काव्यमा इनको प्रभाव प्रत्यक्ष तथा अप्रत्यक्ष दुवै रूपमा परेको छ । यसको प्रसंग यसै पुस्तकका परिच्छेदान्तरमा उठाइएको छ ।

वागर्थप्रतिपत्तिका उद्देश्यले साहित्य रचनाका प्रारम्भमा आफ्ना इष्टदेव भगवान् शङ्कर तथा परास्बा पार्वतीको संस्मरण गर्ने कालिदासले पाणिनीय व्याकरणका नियम-हरूका आधारमा नै आफ्नो साहित्य रचना गरेको कुरा पनि अन्यत्र उल्लेख भै सकेको हुनाले यसको पिष्टपेषण पनि यति खेर उपयुक्त हुने छैन ।

यति हुँदा हुँदै पनि पाणिनीयाष्टक द्वारा अव्याकृत असमर्थित कि वा अपाणिनीय भन्न सकिने खालका प्रयोगहरू कालिदासीय साहित्यमा फाट् फुट् देखा पर्दछन्, जसको केहि टिपोट यहाँ गर्नु चाहिं प्रासङ्गिक नै हुने लाग्दछ—

(१) तं पातयां प्रथममास पपात पश्चात् ।

उपर्युक्त पद्यांशमा कालिदासले ण्यन्त पत् धातुको लिट् लकारको एकवचन 'पातयामास' प्रयोगलाई पाणिनिको नियम विरुद्ध छुट्याएर राखि दिएका छन् । कृञ्चानुप्रयुज्यते लिटि । पा० सू० ३।१।३० अनुसार उपर्युक्त पद्यांशको 'पातयाम्' देखि ठीक पछिल्तिर अनुप्रयुक्त हुने अस् धातुको 'आस' राखिनु पर्ने थियो जस्तै—पातयामास । तर प्रमादवश यसो न गरी पातयाम् र आस लाई छुट्याएर बीचमा अर्कै शब्द प्रथमम् जोड्न पुग्छन् महाकवि । अतः उनको यो प्रयोग अपाणिनीय हुन पुगेको छ । कालिदासको समग्र पद्य यस प्रकार छ—

तेनाभिघातरभसस्य विकृष्य पत्री
वन्यस्य नेत्रविवरे महिषस्य मुक्तः ॥
निर्भिद्य विग्रहमशोणितलिप्तपुङ्ख-
स्तं पातयां प्रथममास पपात पश्चात् ॥६१॥ रघुवंश । नवम सर्ग ।

(२) प्रभ्रंशयां यो नहुषं चकार ।

उपर्युक्त पद्यांशमा जस्तै कालिदास यस पद्यांशमा पनि 'प्रभ्रंशयाञ्चकार' जस्तो पदलाई पाणिनिको नियम विरुद्ध छुट्याएर प्रयोग गर्दछन् । यहाँ पनि प्रभ्रंशयाम् र चकार बीच दुई-दुई ओटा अन्य पद अनुस्यूत गरि दिन कालिदासलाई आइतवार छैन । कालिदासीय साहित्यका अपाणिनीय प्रयोगको यो दोस्रो उदाहरण हो । यसको अविकल पद्य—

भ्रूभेदमात्रेण पदान्मघोनः
प्रभ्रंशयां यो नहुषं चकार ॥
तस्याविलाम्भः परिशुद्धिहेतो-
र्भौमो मुनेः स्थानपरिग्रहोऽयम् ॥३६॥ रघुवंश १३ औं सर्ग ।

(३) संयोजयां विधिवदास समेतबन्धुः ।

लिट्लकारको प्रयोगमा आमन्त भाग (कारयाम् हारयाम् गोपायाम्) जस्ताबाट अनुप्रयुक्त हुने कृ-भू अस् धातु व्यवहितमा प्रयुक्त न हुने पाणिनीय नियम हो । यसलाई अनुवर्ती वैयाकरण तथा साहित्यकार हरूले पनि स्वीकार गरेका छन् । तर पाणिनिको यो नियमलाई कालिदासले पूर्णतया आत्मसात् गरि दिएको देखिदैन । यस प्रसङ्गको तेस्रो उदाहरणस्वरूप प्रस्तुत पद्यांशमा आमंत लिट्को प्रयोग 'संयोजयामास-लाई पनि कालिदासले अलग-अलग छुट्याई दिए । संयोजयाम् र 'आस'को विधिवत् संयोजन भएर संयोजयामास प्रयोग हुनु पर्ने मा त बियोजयामासको विधि गर्न पुगे यहाँ पनि कालिदास । उनी पाणिनीय नियम प्रति सावधान भए जस्ता देखिएनन् । प्रस्तुत छन् उपर्युक्त अपाणिनीय प्रयोगका तेस्रो उदाहरणको अवशिष्ट पद्यांश—

इत्यूचिवानुपहृताभरणः क्षितीशं
श्लाघ्यो भवान् स्वजन इत्यनुभाषितारम् ।
संयोजयां विधिवदास समेतबन्धुः
कन्यामयेन कुमुदः कुलभूषणेन ॥८६॥ रघुवंश १६ औं सर्ग ।

अस् धातु (जसको अर्थ भू-धातुको जस्तो छ) सत्तार्थक छ । लिट्कारमा यस धातुको ठाउँमा 'भू' आदेश हुन्छ । अस्तेर्भूः । पा० सू० २।४।५२ । यसरी लिट् लकारमा अस् धातुको प्रयोग भू धातुको जस्तै बभूव, बभूवतुः आदि हुनु पर्दछ । माथि

उद्धृत संयोजयामास, पातयामास जस्ता अनुप्रयुक्त अस् धातुको लिट् लकारका भने आस आसतुः यस्तै प्रयोग बन्दछन् । कालिदासले आफ्ना काव्यहरूमा अस् धातुको लिट् लकारमा (आर्ध धातुकमा) भू आदेश हुने पाणिनीय नियमको पालन सर्वत्र गरेको देखिदैन । यसका एक दुई उदाहरण यहाँ प्रस्तुत गर्नु अप्रासङ्गिक हुने छैन ।

(१) तेनास लोकः पितृमान् विनेत्रा ।

उपर्युक्त पद्यांशमा प्रयुक्त आस (तेन + आस) को ठाउँमा बभूवको प्रयोग हुनु पर्ने कुरा पाणिनीय व्याकरण अनुसार मिल्न आउँछ । यस दृष्टिले 'आस' प्रयोग अपाणिनीय बन्दछ । यस पद्यको समग्र स्वरूप—

तेनार्थवाँल्लोभपराङ्मुखेन
तेन घ्नता विघ्नभयं क्रियावान् ।
तेनास लोकः पितृमान् विनेत्रा
तेनैव शोकापनुदेन पुत्री ॥२३॥ रघुवंश १४ औं सर्ग ।

(२) लावण्य उत्पाद्य इवास यत्नः ।

अस् धातुको लिट् लकारमा अनुप्रयुक्त हुँदा बाहेक स्वतन्त्र रूपमा आस आसतुः जस्ता प्रयोग न हुने पाणिनीय नियमको विषयमा कालिदास अन्यत्र पनि असावधान देखिन्छन् । माथिको उद्धृत पद्यांशमा आस (इव + आस) को ठाउँमा पनि पाणिनि सूत्र अस्ते र्भूः । २।४।५२ अनुसार बभूव प्रयोग उचित थियो । कविहरू यस्ता ठाउँमा असावधान भै दिदा उनका कृति आलङ्कारिक हरूका दृष्टिमा च्युत संस्कृति दोषग्रस्त हुन जान्छन् । उपर्युक्त पद्यांशको समग्र रूप—

वृत्तानुपूर्वे न च नातिदीर्घे
जङ्घे शुभे सृष्टवतस्तदीये ॥
शेषाङ्गनिर्माणविधौ विधातु-
र्लावण्य उत्पाद्य इवास यत्नः ॥३५॥ कुमारसम्भव १ लो सर्ग ।

कालिदास आफूलाई व्याकरण सम्मत प्रयोगका पक्षपाती ठान्दछन् । संस्कारपूत प्रयोग र संस्कारवती वाणीका अभिव्यक्तिलाई बढी प्रोत्साहन दिने कालिदासका धारणा उनका काव्यमा यत्र तत्र भेटिन्छन् । तर कहिले काहि यस्ता कुरामा स्वयं आफै पनि असावधान भएका दृष्टिगोचर हुन्छन् । उदाहरणका लागि—

(१) श्रेयांसि सर्वाण्यधिजग्मुषस्ते ।

उपर्युक्त पद्यांशमा 'अधिजग्मुषः पद आएको छ । यो पद अधि + गम् देखि लिट् लकारका स्थानमा आदिष्ट 'क्वसु' प्रत्यय भएको अधिजग्मिवस् शब्दको षष्ठी एक

वचनको हो । भूतकाल वाचक धातुसाधित यस्ता कृदन्त रूपको प्रयोग वेदमा मात्र हुन्छ । लोकमा यस्ता प्रयोग उचित मानिदैंनन् । पाणिनीय शास्त्र यसै भन्दछ । जस्तै—

(i) छन्दसि लिट । पा० सू० ३।२।१०५

(ii) लिटः कानज्वा । पा० सू० ३।२।१०६

(iii) क्वसुश्च । पा० सू० ३।२।१०७

उपर्युक्त पदको प्रयोग वेदमा मात्र अभीष्ट छ भन्ने कुरा मात्र पाणिनिले होइन, इनका अनुवर्ती कात्यायन र पतञ्जलिले समेत स्वीकार गरेका छन् । जस्तै—

इह भूत सामान्ये छन्दसि लिट् । तस्य विधीयमानौ क्वसु-कानचावपि छान्दसाविति त्रिमुनिमतम् । (सिद्धान्त कौमुदीमा भट्टोजिदीक्षित)

माथिका विवरणको आधारमा कालिदासको अधिजग्मुषः प्रयोग लौकिक व्याकरण लाई ध्यान दिने हो भने सोझै अपाणिनीय हुन आउँछ । पद्यको समग्र स्वरूप—

आशास्यमन्यत् पुनरुक्तभूतं
श्रेयांसि सर्वाण्यधिजग्मुषस्ते ॥
पुत्रं लभस्वात्मगुणानुरूपं
भवन्तमीड्यं भवतः पितेव ॥३४॥ (रघुवंश ५ औं सर्ग)

(२) तं तस्थिवांसं नगरोपकण्ठे ।

कालिदासीय यस पद्यांशमा पनि 'तस्थिवांसम्' प्रयोग लौकिक व्याकरणका दृष्टिले अपाणिनीय भएको छ । यो पनि स्था धातु देखि लिट् लकार मा क्वसु आदेश भएको कृदन्त रूप हो । यसका अवशिष्ट पादत्रय समेतको पद्य स्वरूप—

तं तस्थिवासं नगरोपकण्ठे
तदागमारूढगुरुप्रहर्षः ॥
प्रत्युज्जगाम क्रथकैशिकेन्द्र-
श्चन्द्रं प्रवृद्धोर्मिरिवोर्मिमाली ॥६१॥ (रघुवंश ५ औं सर्ग)

वैदिक व्याकरण संगै लौकिक व्याकरणका दृष्टिले पनि असम्मत प्रयोग कालिदास-का कृतिहरूका फाट्ट-फुट्ट देख्न पाइन्छन् । यस्ता प्रयोगहरूलाई अपाणिनीय प्रयोगका रूपमा संग्रह गर्न सकिन्छ जस्तै—

(१) कामयानः

णिङ् प्रत्ययान्त कम् (कमुकान्तौ) धातुदेखि शानच् प्रत्यय भएर निष्पन्न प्रयोग को रूपमा कालिदासले यो पद प्रयोग गरेका छन् आफ्नो काव्यमा । वस्तुतः काम-

यानः का ठाउँमा कामयमानः प्रयोग हुनु पाणिनीय दृष्टिले उचित थियो । आनेमुक् । पा० सू० ७।२।८२ ।

कालिदास उक्त शब्द (अपाणिनीय) को प्रयोग निम्न पद्यमा गर्दछन्—

तस्य पाण्डुवदनाल्पभूषणा
सावलम्बगमना मृदुस्वना ॥
राजयक्ष्मपरिहाणिराययौ
कामयानसमवस्थया तुलाम् ॥ ३० ॥ (रघुवंश १९ औं सर्ग)

(२) दाश्वान्

लौकिक पाणिनीय प्रयोग 'दत्तवान्' का ठाउँमा कालिदास कहिले 'दाश्वान्' प्रयोग गर्दछन् । यो दाश्वान् प्रयोग वैदिक हो । दाश्वान् साह्वान् मीढ्वाँश्च पा० सू० ६।१।१२

यसको उदाहरण कालिदासीय पद्यमा—

तमश्रु नेत्रावरणं प्रमृज्य
सीता विलापाद् विरता ववन्दे ॥
तस्यै मुनिर्दोहदलिंगदर्शी
दाश्वान् पुत्राशिषमित्युवाच ॥७१॥ (रघुवंश १४ सर्ग)

(३) बुभुजे पृथिवीपालः पृथिवीमेव ।

कालिदास कहिं कहिं तिङन्त प्रयोगमा पनि असावधान देखिन्छन् । जस्तै प्रस्तुत पद्यांशमा क्रियापद–बुभुजे । भुजधातुका दुई अर्थको पाणिनिले धातु पाठमा उल्लेख गरेका छन्—पालन र भोजन । भुज पालनाव्यवहारयोः । पा० धा० रू० प० भुनक्ति । भुज धातुको प्रयोग पालन अर्थमा परस्मैपद र भोजन गर्नु अर्थमा आत्मनेपद हुन्छ भन्दै पाणिनि विशेष सूत्रको उल्लेख गर्दछन्–भुजोऽनवने । पा० सू० १।३।६६ ।

यस विवरणका आधारमा पृथिवीको पालन गर्नु भन्ने अर्थमा भुज धातुको परस्मैपद लिट्को बुभोज प्रयोग अभीष्ट थियो तर यसको ठाउँमा आत्मने पद बुभुजे प्रयोग गर्नु धात्वर्थको दृष्टिले अपाणिनीय हुन जान्छ । कालिदासको प्रस्तुत पद्यको अविकल रूप निम्नलिखित छ—

कृतसीतापरित्यागः स रत्नाकरमेखलाम् ।
बुभुजे पृथिवीपालः पृथिवीमेव केवलाम् ॥१॥ (रघुवंश १४ औं सर्ग)

कालिदास पाणिनीय धातुपाठको विशेषज्ञ भएको कुरा उनले दिएका 'रघु' र क्षत्रिय जस्ता शब्दका व्युत्पत्तिहरूबाट थाहा हुन्छ । यति भएर पनि यदा कदा धात्वर्थ

सम्बन्धमा कविको असावधानी दृष्टिगोचर हुन्छ । यसका उदाहरण पनि एक दुइटा प्रस्तुत गर्नु प्रासङ्गिक हुनेछ । जस्तै—

साधयाम्यहमविघ्नमस्तु ते ।

उपर्युक्त पद्यांशमा कविले गच्छामिको अर्थमा 'साधयामि' क्रिया पदको प्रयोग गरेका छन् । पाणिनि साध् धातुको अर्थ सिद्ध गर्नु वा सम्पादन गर्नु मान्दछन्— साध संसिद्धौ । पा० धा० पा० स्वा० प० अ० । यसरी जान्छु अर्थमा देखिने साधयामि प्रयोग अर्थका दृष्टिले अपाणिनीय छ ।

साधयाम्यहमविघ्नमस्तु ते
देवकार्यमुपपादयिष्यतः ॥
ऊचिवानिति वचः सलक्ष्मणं
लक्ष्मणाग्रजमृषिस्तिरोदधे ॥९१॥ (रघुवंश ११ औं सर्ग)

व्रणैरावेद्य संस्थितः ।

यहां पनि कालिदास सम् उपसर्ग सहितको स्था धातुको मर्नु अर्थमा प्रयोग गर्दछन् । संतिष्ठते जस्ता पदको 'मर्दछ' भन्ने अर्थ अप्रसिद्ध छ ।

स रावणहृतां ताभ्यां वचसाचष्ट मैथिलीम् ।
आत्मनः सुमहत्कर्म व्रणैरावेद्य संस्थितः ॥५५॥ (रघुवंश १२ औं सर्ग)

द्वन्द्व समासमा घिसंज्ञक शब्दको पूर्व प्रयोग हुन्छ । जस्तै—हरिहरौ (हरिश्च हरश्च) । अग्नीवरुणौ (अग्निश्च वरुणश्च) । यसका लागि पाणिनीय सूत्र छ— द्वन्द्वे घि । पा० अ० २।२।३२ । कालिदासले आफ्ना काव्यमा यस नियमको पालन गरेको देखिदैन । जस्तै—पवनाग्निसमागमः । यहाँ पवनाग्नी पद पवनश्च अग्निश्चको द्वन्द्व समास भएको पद हो । अतः माथि अग्नीवरुणौ मा जस्तै यहाँ पनि अग्नि शब्दको पूर्व प्रयोग भएर अग्निपवनौ हुनु पर्ने थियो । यसरी अग्निपवनसमागमः यस्तो स्वरूप उचित थियो तर प्रमाद वश हुन सकेन । कालिदासीय पद्य यस प्रकार छ—

स बभूव दुरासदः परै-
गुरुणाऽथर्वविदा कृतक्रियः ।
पवनाग्निसमागमो ह्ययं
सहितं ब्रह्म यदस्त्रतेजसा ॥ रघु० ८।४

अप्सरा

अप्सरस् शब्द स्त्री लिङ्गमा छ । संस्कृतमा यसको प्रयोग बहुवचनमा मात्र प्रायः भेटिन्छ । कोषकार हरू पनि यसै कुरा लाई समर्थन गर्दछन् । जस्तै स्त्रियां बहुष्वप्सरसः । अमर कोष १।५२

कालिदासको यस नियम प्रति पनि उपेक्षा भाव देखिन्छ । इनले अप्सरस् शब्दको एकवचनान्तरूपको प्रयोग गरेका छन् । जस्तै–

ततः प्रविशत्याकाशयानेन सानुमती नामाप्सरा ।

(अभिज्ञानशाकुन्तल ६ अंक । मिश्रविष्कम्भक)

प्रविशतिको अर्थ प्रवेश गर्दछ–हुन्छ । मानिस प्रवेश गर्दछ भन्दा साधारणतया हिँडेर प्रवेश गर्दछ भन्ने भावव्यक्त हुन्छ । नाटकीय रंगमञ्चमा प्रविशतिको प्रायः हिँडेरै प्रवेश गर्ने अर्थमा प्रयोग भएको हुन्छ । रङ्गमञ्चमा यान आदि लाने व्यवस्था पनि हुन सक्दैन । कालिदास अभिज्ञान शाकुन्तलमा राजा आसनमा बसेको वसी मञ्चमा प्रवेश गर्दछन् भन्ने उल्लेख गर्दछन् । यो उपयुक्त मानिदैन । आसनमा बसेको राजालाई मञ्चमा ल्याइन्छ भने पनि राजा प्रविशति जस्तो वाक्य प्रयोग हुन सक्दैन । कालिदासले यस्तो प्रयोग प्रमादवश गरे कै भन्नु पर्दछ । प्रस्तुत छ सम्बद्ध वाक्य कालिदासीय अभिज्ञान शाकुन्तलबाट–

ततः प्रविशत्यासनस्थो राजा विदूषकश्च ।

(अभिज्ञान शाकुन्तल ५ अङ्क प्रारम्भ)

चुचुम्बे

चुबि वक्त्रसंयोगे । भ्वा० प० से० । पाणिनिले धातुपाठमा यो धातु परस्मैपद मानेका छन् । यसका रूप लट् मा चुम्बति र लिट्मा चुचुम्ब अनुसार हुन्छन् । कालिदासले भने यस धातुको लिट् लकार प्रथम पुरुष एक वचनमा चुचुम्बे (आत्मने पद) प्रयोग गरेको पाइन्छ । व्याकरणको नियम अनुसार यसलाई अपाणिनीय प्रयोग भन्न न सकिएला जस्तो लाग्दैन । प्रस्तुत छ––कालिदासीय पद्य––

गीतान्तरेषु श्रमवारिलेशैः
किञ्चित्समुच्छ्वासितपत्रलेखम् ।
पुष्पासवाघूर्णितनेत्रशोभि
प्रियामुखं किम्पुरुषश्चुचुम्बे ॥ कुमार ३।३८

शार्वरस्य

कालवाचक शब्द देखि तद्धित ठञ् प्रत्यय हुने नियम छ । ठञ् प्रत्यय भए पछि त्यसको ठाउँमा इक आदेश हुन्छ । यसरी कालिक दैनिक वार्षिक जस्ता प्रयोग प्रसिद्ध नै छन् । आज भोलि एक कालीन् प्रातः कालीन जस्ता प्रयोग पनि हिन्दी नेपाली मा भेटिने गरेका छन् ती अपाणिनीय नै हुन् । कालिदासले पनि कालवाचक शब्द देखि ठञ् प्रत्यय हुने––कालाठ्ठञ् । प० आ० ४।३।११ सूत्रको उपेक्षा गरेको उदाहरण

पाइएको छ । जस्तै––शार्वरस्य । शर्वरी शब्द काल (रात्रि) वाचक हुनाले यस देखि ठञ् प्रत्यय भएर निष्पन्न शार्वरिक प्रयोग उचित थियो । प्रस्तुत छ समग्र पद्य–

नूनमुन्नमति यज्वनां पतिः
सार्वरस्य तमसो निषिद्धये ।

पुण्डरीकमुखि पूर्वदिङ्मुखं
केतकैरिव रजोभिराहतम् ॥ कु० ८।५८

त्रियम्बकम्, आश्वसत्यः जस्ता प्रयोगहरू पनि कालिदासका कृतिहरूमा पाइन्छन् जसलाई पाणिनीय व्याकरण अनुसार लौकिक संस्कृतमा उपयुक्त ठानिदैन यसको ठाउँमा त्र्यम्बकम् आश्वसन्त्यः जस्ता शब्दहरू प्रयोग हुनु अभीष्ट थियो । त्र्यम्बकम् प्रयोग साटो त्रियम्बकम् प्रयोग भएको कालिदासीय पद्य–

स देवदारुद्रुम वेदिकायां
शार्दूलचर्मव्यवधानवत्याम् ॥
आसीनमासन्नशरीरपात–
स्त्रियम्बकं संयमिनं ददर्श ॥४४॥ (कुमारसम्भव ३ स्रो सर्ग)

अपाणिनीय प्रयोगहरूको यो त मात्र दिक्प्रदर्शन हो । कालिदासीय काव्यमा यसरी त्रुटिका रूपमा औंल्याइने ठाउँहरू प्रशस्त छन् । दोषज्ञहरूले यस तर्फ पनि कलम चलाएकै छन् । महाकविको ऋतुसंहार खण्डकाव्य र मालविकाग्निमित्रम् नाटकमा प्रयुक्त भाषा पूर्णतः निर्दोष छैन भन्ने तर्कका आधारमा यी दुवै कृतिहरूलाई कालिदासका प्राथमिक कालका कृति भन्ने हरूको पनि केहि खाँचो देखिदैन ।

पद्य काव्यमा छन्दो भङ्गलाई ठूलो दोष मानिन्छ । अपि मासं मसं कुर्यात् छन्दोभङ्गं न कारयेत् । यसै सिद्धान्तलाई पछ्याउँदा प्राथमिक कालका नेपाली काव्यहरूमा हलन्त अक्षर लेख्ने प्रचलन अन्धाधुन्ध चल्यो । फलतः यसबाट साहित्यलाई जोगाउन पछि आएर लेखनाथले व्यङ्ग गर्दै लेख्नु पर्यो––नेपाली कविले खुट्टा काटेका वर्ण झैं लडे । यसबारे धेरै भन्नु प्रसङ्गान्तर हुन जान्छ । कालिदास पनि आफ्ना काव्यमा यतिभङ्ग सम्बन्धी असावधानीबाट मुक्त रहन सकेका छैनन् ।

छन्दः शास्त्रमा संयुक्त व्यञ्जन अगाडीको ह्रस्व वर्ण दीर्घ मानिन्छ र त्यो गुरु हुन्छ । संयुक्ताद्यं दीर्घम् । अतः पद्य रचनामा जुन ह्रस्व अक्षर लघु बनाउनु छ त्यसका अगाडी संयुक्ताक्षर वा व्यञ्जन संयोग छ छैन ? भन्ने ख्याल राख्नु पर्छ । अन्यथा धोका हुन सक्दछ । यस्तै असावधानी कालिदासका निम्न पद्यहरूमा हुन गएको छ । जस्तै––

तेनोत्तीर्यं पथा लङ्कां रोधयामास पिङ्गलैः ।।
द्वितीयं हैमप्राकारं कुर्वद्भिरिव वानरैः ॥७१॥ (रघुवंश १२ औं सर्ग)

यहाँ हैमप्राकारं पदमा प्र (पकार रेफ संयुक्ताक्षर) अक्षर सयुक्त भएको हुनाले त्यस भन्दा पहिलो हैम को अकार स्वयं ह्रस्व भए पनि गुरु कि वा दीर्घ हुन पुग्यो जसले गर्दा छन्दो भङ्ग भयो ।

यस्तै संयुक्ताक्षरले गर्दा अघिल्लो अक्षर दीर्घ हुन जाँदा छन्दोभङ्ग भएको उदाहरण यो पनि हो–

सा मङ्गलस्नानविशुद्धगात्री
गृहीतप्रत्युद्गमनीयवस्त्रा ।
निर्वृत्तपर्जन्यजलाभिषेका
प्रफुल्लकाशा वसुधेव रेजे ॥११॥ (कुमारसम्भव ७ तौं सर्ग)

अपाणिनीय प्रयोगका केहि उदाहरण र कालिदासीय काव्यका छन्दो भङ्ग सम्बन्धी केहि दृष्टान्त माथि उल्लेख गरियो । अब यहाँ कविले प्रयोग गरेका अश्लील वाक्यका एक दुई उदाहरण प्रस्तुत गर्नु पनि अप्रासङ्गिक हुने छैन ।

कालिदास जहाँ रम्दछन् त्यहाँ राम्ररी नै रम्दछन् । जसलाई समात्छन्, त्यसको नाटी कुटी केलाएरै छोड्छन् । यो उनको स्वभाव हो । यसले कहिं कहिं त निकै फाइदा भएको छ र कहि भने यस बाट अलि वेफाइदा पनि पुग्न जाला कि भन्ने आशङ्का लिनु पर्ने स्थिति छ ।

आज भोली क्ष विकिरण यन्त्रबाट लिइने चित्र (एकसरे फोटो) ले मानिसको भित्री भाग छर्लङ्ग देखाइ दिए जस्तै कालिदास कहिले काहिं विविध आभूषण वसन सज्जिता नायिकाको एक्सरे चित्र (अन्तश्चित्र) उतार्न वेर लाउँदैनन् । वैंशमा कसले आखाँ देख्यो र ? यस बाट ठिटौले पाराका अल्लारे केटा, जसलाई मात्र मग्न मनो रञ्जन चाहिन्छ, तिनी हरूलाई यसले एक छिन् रमाइलो अवश्य होला तर स्तरीय एवं सहृदय पाठकहरूका मनमा यस्ता वर्णनले एउटा न राम्रो उद्वेग उठाई दिन्छ । साहित्यका अनुवर्ती रचनाकारहरूमा यसको चर्को प्रभाव पर्न जान्छ । साथै अनिन्द्य सुख वा रसो वै सः जस्ता महनीय तत्त्वको प्रातिपादक हुनुपर्ने साहित्य गर्तोन्मुख हुन वेर लाउँदैन । कालिदासले यस्तो अश्लील खाले वर्णन मेघदूत मा एक ठाउँ गरेका छन्—

तस्याः किञ्चित् करधृतमिव प्राप्तवानीरशाखं
नीत्वानीलं सलिलवसनं मुक्तरोधो नितम्बम् ।

प्रस्थानं ते कथमपि सखे लम्बमानस्य भावी
ज्ञातास्वादो विवृतजघनां को विहातुं समर्थः ॥ मेघदूत १।४१

कालिदासको उपर्युक्त पद्यमा जति घोरियो, उत्ति अश्लीलता भेटिन्छ। माथिल्लो पंक्तिबाट प्रारम्भ भएको अश्लीलताको विन्दुले पद्यको अन्तिम अर्थात् चतुर्थ पंक्तिमा आउँदा न आउँदै चरम स्थिति ग्रहण गर्दछ। पराकाष्ठा नाघ्दछ। कवि भन्दा भन्दै भन्न केहि बाँकी राख्दैनन्। आफुले उभ्याएकी विवृतजघनाका सामु उनी आफूलाई नै संवरण गर्ने स्थितिमा रहँदैनन्। कविको अल्लारे लेखनी ले लेखिदी-हाल्छ—ज्ञातास्वादो विवृतजघनां को विहातुं समर्थः। यसको जस्ता तस्तै (अनुवाद) अर्थ प्वाक्कै भन्न कालिदास बाहेक अरू कसले सक्ला तर यति चाहिं भन्न करै छ— "एक पल्ट रस पाई सके पछि आई माई छोड्न कसले सक्छ" ? यस भन्दा बढी बुझ्न कालिदास कै वाक्य पढनु पर्छ, संस्कृत पढनु पर्छ अर्काले चपाएर थुकें जस्तो अनुवादको खोया चूसेर यसको वास्तविक रस पाइदैन, पाठक ज्ञातास्वाद हुँदैनन्।

कसैले दहि मीठो भन्छ, कसैले मह। कुनै अंगूर मीठो मान्छ भने कुनै मिश्री। "आफ्ना आफ्ना गम पाकेकाकेरा।" यस प्रसंग लाई एउटा कविले बडोराम्रो संग चित्रण गरेका छन्—दधि मधुरं मधु मधुरं द्राक्षा मधुरा सिताऽपि मधुरैव। तस्य तदेव हि मधुरं यस्य मनो यत्र संलग्नम्।

भन्नुको तात्पर्य के भने अरू अरूमा रमाएका छन् भने कालिदास तरूनीमा रमाएका छन्। वैंश आएकी आईमाई कुकुरको पुच्छर बाङ्गो देखे पनि हाँस्छे भने जस्तै कालिदासलाई पनि वैंश ले छोडेको छैन। विश्व विजय गर्न हिड्ने रघुको पराक्रम वर्णन गर्दा पनि उनी आफूलाई खोपीमा रमाए झैं ठान्दछन्। भन्नु पर्ने एक थोक हुन्छ, अर्को थोक भनिरहेका हुन्छन्। जस्तै—

स निर्विश्य यथाकामं तटेष्वालीनचन्दनौ।
स्तनाविव दिशस्तस्याः शैलौ मलय-दर्दुरौ॥
असह्यविक्रमः सह्यं दूरान्मुक्तमुदन्वता।
नितम्बमिव मेदिन्याः स्रस्तांशुकमलङ्घयत्॥
(रघुवंश ४ थं सर्ग ५१-५२)

यी दुई पद्य हरूमा पनि माथि जस्तै पद्यको पहिलो पंक्तिबाट प्रारम्भ भएको अश्लीलताको विन्दुले दोस्रो पद्यको अन्तिम पद्यमा आउँदा न आउँदै सिङ्गै आई-माई नाघ्छ। कविले यहाँ अश्लीलता नंग्याएका मात्र छैनन् अपि तु अश्लीलताको सारी खुस्काएर उसलाई निर्वस्त्र पार्ने धुनमा आफ्नो मर्यादाको लङोटी फुत्केको सम्म पनि पट्टै थाहा पाएका छैनन्।

बनमा गाई हेर्दा घाँस पात जाँदा, लेख वेसी गर्दा, असिनो पानी पर्दा र गढतीर हुँदो गुच्चा लुकाएर खेल्दा कालिदासले आफ्ना गाउँ घरका गुफा ओडार, ओत छायाँ लागेर वेसरी वैंशको मोज लुटेका छन्, सार फेरेका छन् । सम्भवतः यसै हुदा उमेर छिप्पिदा सम्म पनि इनले साउँ अक्षर सम्म चिन्न सकेका थिएनन् र इनलाई सबैले मूर्ख भन्दै उपहास गर्दथे । वैंशमा इनले गर्नु न गर्नु गरे । के गरेनन् इनले– गोडाका नङमा पालिस लगाइदिने निउँले तरूनीका सारी खुस्काई दिएनन्—कि ? तिनको नाङ्गो अवयव देखेर आफ्ना होस चेत गुमाएनन् कि ? विचरी ठीटी हरू के गरून् ? इनले जवर्जस्ती कक्याक–कुक्क्रुक् पारेर म्वाई खान खोज्दा लाजले मुन्टो बटार्नु बाहेक तिनको अरू के जोर चल्यो र ? इनले बलजफ्ती पेटीकोटको इजार समातेर तानि दिदा हातले छेक्नु बाहेक बढीके गर्न सक्थे होलान् विचरी हरू ? जति गरे पनि राक्षस उर्लेको लोग्ने छोराका अगाडी आई माई जाबी फिस्टीको के लाग्यो? लाजले मुन्टो निहुराउँनु बाहेक के थियो उनको शक्ति ! विचरीलाई मुन्टो निहुराएर पनि सुख भएन ! अँधि ताना तान गर्दा फरिया पेटिकोट फ्यात्त भुइँमा खस्दा उसले आफुमाथि गरेको चर्तिकला ऐनामा देख्न तिनी हरूलाई बाध्य हुनु पऱ्यो ।

कालिदास आफ्ना काव्यमा यस्ता अश्लील प्रसंग उपस्थापित गर्दछन् । यस्तो अश्लील दृश्य त आज भोली परीक्षण (सेन्सर) गर्नु भन्दा पहिलेको चल चित्रमा सम्म पनि प्रायः हुदैन । यूरोपीयमा भए पनि कम से कम भारतीय चलचित्र हरूमा त आजसम्म छैन । यी माथिका कुरा त कालिदासका पद्यको मात्र भाव हो यसको उदाङ्गो चित्र हेर्न कालिदासीय रघुवंशको उन्नाइसौं सर्गमा नै जानु पर्छ । यसको इदमित्थं त्यहिँ पाइन्छ । प्रस्तुत छन् उपर्युक्त भाव व्यक्त गर्ने कालिदासीय पद्यका मात्र एक दुई नमूना–

स स्वयं चरणरागमादधे योषितां न च तथा समाहितः ।
लोभ्यमाननयनः श्लथांशुकैर्मेखलागुणपदैर्नितम्बिभिः ॥

चुम्बने विपरिवर्तिताधरं हस्तरोधि रसनाविघट्टने ।
विघ्नितेच्छमपि तस्य सर्वतो मन्मथेन्धनमभूद्वधूरतम् ॥

दर्पणेषु परिभोगदर्शिनीर्नर्मपूर्वमनुपृष्ठसंहितः ।
छायया स्मितमनोज्ञया वधूर्ह्रीनिमीलितमुखीश्चकार सः ॥

(रघुवंश १९ औं सर्ग २६-२८)

कालिदासका अश्लील प्रयोग यति मात्र छैनन् । यति मात्रले उनलाई पुगेको छैन । आफ्ना कुमारसंभव काव्यमा मार (काम) लाई समेत मात् गर्ने सम्भोग श्रृङ्गारको वर्णन कविले गरेका छन् । आफ्ना इष्टदेव भगवान् शिव र जगदम्बा पार्वती

जसको उदात्त चरित्रका आधारमा कुमारसम्भव काव्यको रचना गर्न कवि तत्पर भए, यस्ता धीरोदात्त नायक नायिकाको पनि यस्तो खालको सम्भोग शृंगारको वर्णन कविले गरेका छन् । त्यों अश्लीलताको चित्रण पढ्दा एउटा सुरुचि एवं माथिल्लो तहको पाठकको मनमा कालिदास प्रति नै एउटा कस्तो कस्तो खालको धारणाले स्थान पाउँछ । कालिदासको कुमारसम्भव काव्यको यस्तो खालको अश्लील वर्णन देखेर कालिदासलाई रुचाउने इनका बहु प्रशंसकहरूको पनि हृदय परिवर्तन भयो र स्वयं इनलें यस विषयमा तीव्र आलोचना सहनु पर्‍यो । फलतः कविको कुमार सम्भव काव्यलाई अगाडी बढाएर पूरा गर्ने साहसै भएन पनि भन्ने खालका किं वदन्तीहरू छन् । अश्लील वर्णन भएकोमा तात्कालिक जन मात्र होइन स्वयं पार्वती पनि रुष्ट हुनु भयो भन्ने दन्त्यकथा पनि जोड्ने गरिएको सुनिन्छ । यो कुरा यहि छोडौं । शान्तं पापम् प्रतिहतममङ्गलम् ।

कालिदासका काव्यहरूमा मात्र होइन इनका नाटकहरूमा पनि अश्लील प्रयोग यदा कदा भेटिन्छन् । कविको नाटक मालविकाग्निमित्रम् मा त केवल राजाको मुख-बाट मात्र होइन रानीको मुख बाट पनि कविले अश्लील छदाएका छन् ।

मालविकाग्निमित्रम्का नायक राजा अग्निमित्र हुन् । इनी स्वयं आफूलाई स दाक्षिण्यकुलव्रती धीरोदात्त नायक हूँ भन्दछन्—दाक्षिण्यं नाम बिम्बोष्ठि ? नाय-कानां/बैम्बिकानां कुलव्रतम् । माल० ४।१४

कालिदासको अश्लील प्रियताले अग्निमित्रको यो स्वाभिमानमा तुषारो पारि दियो । कालिदासको अश्लील कामप्रदर्शन गर्ने बानीले अग्निमित्रको चरित्र धीर ललितको जस्तो बनाइदियो । साँचै भनौं भने मालविकाग्निमित्रम्को नायक अग्नि-मित्र धीरोदात्त पनि रहेन धीर ललित पनि हुन सकेन पूर्णतया, अपि तु दुवैको शङ्कर भयो । यो सबै अश्लीलता कै परिणाम हो । यसको एउटा मात्र उदाहरण यहाँ पर्याप्त हुने छ—

मालविका उद्यानको अशोकवृक्षलाई आफ्ना बाँया खुट्टा उचालेर ध्याप् ध्याप् हान्दै हुन्छिन । राजा अग्निमित्रलाई यो दृश्य देख्दा बसि खानु हुँदैन । उनी रानी लाई भन्छन्––तिमीले आफ्ना खुट्टाले मलाई पनि हिर्काइ दियौ भने अशोक वृक्षका जस्तै मेरो मनोरथ पनि पूर्ण हुने छ । मनोरथ पूर्णगर ।

यति कै मा इरावती सौते-डाह पोखे जस्तै गरी भन्छिन् राजा कै बोली टप्प टिपेर—

पुर्‍याइदेउ पुर्‍याइदेउ राजाको इच्छा पुर्‍याइदेउ अशोकले त फूल मात्रै देला राजाले बडेमाको फल समेत तेस्र्याई दिनेछन् । कालिदास कै शब्दमा—

राजा—धृतिपुष्पमयमपि जनो बध्नाति न तादृशं चिरात् प्रभृति ।
स्पर्शामृतेन पूरय दोहदमस्याप्यनन्यरुचेः ।

इरावती—(सहसोपसृत्य) अशोकः कुसुमं दर्शयाति । अयं न पुनः पुष्पत्येव ।

पद्य काव्य त मानिस एकान्तमा पनि पढ्न सक्दछ । एक्लै पढन सक्दछ । अतः त्यसमा भएको अश्लीलताले व्यक्तिगत रूपमा पाठकलाई मात्र प्रभावित पार्दछ । तर नाटक अभिनेय हुन्छ । यो रंगमञ्च मा प्रस्तुत गरिन्छ यसका दर्शक सामान्य जन पनि हुन्छन् । नाटक हेर्न सानू सानू समाज नै उर्लेको हुन्छ । अतः नाटकगत अश्लीलताले पूर्णतया समाजिक वातावरण नै दूषित हुने सम्भावना हुन्छ भन्ने कुरा यस प्रसंगमा ख्याल राख्नु पर्ने हुन्छ।

औचित्य काव्यको महत्त्वपूर्ण पक्ष हो । काव्यको आत्मा रस हो भने औचित्य यस रसको पनि गूढतत्त्व । औचित्यमा तल माथि पऱ्यो भने जस्तै दुःख गरेर लेखेको काव्य पनि हेय हुन जान्छ । कालिदास पनि औचित्य निर्वाहमा कहिले काहिं झुक्किए का छन् भन्ने कुराको एक दुई संकेत प्रस्तुत गर्नु यहाँ अप्रासङ्गिक हुने छैन ।

रघुवंशमा कालिदास 'वैवस्वत' शब्द लाई खूप महत्व दिन्छन् । वैवस्वतो मनुर्नाम जस्ता वाक्यांशद्वारा रघुवंशीराजा हरू वैवस्वतका सन्तान हुन् र वैवस्वत प्रणव जस्तै आदि पुरुषहुन्, जस्ता अभिव्यक्ति काव्यमा यथा स्थान भेटिन्छन् । वैवस्वत शब्द आउने बित्तिकै रघुवंशको पाठकका मनमा पनि स्वतः श्रद्धा र सम्मान को भाव पलाएर आउँछ । आफ्नो वर्ण्य विषयमा पाठकलाई यसरी आकृष्ट गर्नु कालिदासको विशेषता हो ।

वैवस्वत पद जसलाई प्रारम्भमा कालिदास यति महत्त्व दिन्छन्, तर रघुवंशको पन्ध्रौं सर्गमा आएर यसको हुर्मत् लिइ छोड्छन् । यहाँ यसको अर्थ यमराज तथा काल लगाइएको छ । यमराजको लागि यस शब्दको प्रयोग भएको छ । उदाहरणार्थ—

(i) स मुहूर्तं क्षमस्वेति द्विजमाश्वास्य दुःखितम् ।
यानं सस्मार कौवेरं वैवस्वत जिगीषया ॥४५॥

(ii) तस्य पूर्वोदितां निन्दां द्विजः पुत्रसमागतः ।
स्तुत्या निवर्तयामास त्रातुर्वैवस्वतादपि ॥५७॥

(रघुवंश १५ औं सर्ग)

मल्लिनाथ जस्ता टिप्पणीकारको आधार न लिने हो भने सामान्य पाठक वैवस्वत पदमा आएर अल्मलिन्छ । जब अर्थ फेला पार्छ, वैवस्वत कुलका रघुवंशी राजा

भन्ने उसको पवित्र र सम्मानित धारणामा न राम्रो संग ठेस लाग्दछ। त्यसैले काव्य-मा शब्द प्रयोग गर्दा मात्रै पनि औचित्यको ख्याल राख्नु पर्ने हुन्छ।

कुमारसम्भवमा शिवलाई सम्मोहन गर्ने प्रसङ्गमा असमयमा पनि वसन्तागम हुन्छ। वसन्त नै कामोद्दीपनमा सहायक हुन्छ भन्ने नियम अनुसार कालिदासलाई वसन्तप्रवृत्ति देखाउनु परेको हो। यस प्रसंगमा त्यसबेला फुल्ने केहि फूल देख्दा आकर्षक तर सौरभरहित कर्णिकार जस्ता फूलको सृष्टि गरे वापत चित्त दुखेको कुरामा ब्रह्मालाई दोषारोपण गरिएको छ। यो दोषारोपण र सौरभविहीन फूलले चित्त दुख्ने प्रसंग निश्चय पनि कामोद्दीपक वा शृङ्गाररसोद्रेक गर्ने हुन सक्दैनन्। अतः कालि-दास द्वारा यहाँ पनि औचित्य निर्वाह न भएको कुरा सोझै औंल्याउन सकिन्छ। प्रस्तुत छ पद्य—

वर्णप्रकर्षे सति कर्णिकारं
दुनोति निर्गन्धतया स्म चेतः।
प्रायेण सामग्रविधौ गुणानां
पराङ्मुखी विश्वसृजः प्रवृत्तिः ॥२८

यसै गरी रसगत अनौचित्यको उदाहरणस्वरूप कालिदासीय काव्य रघुवंशको एघारौं सर्गको बीसौं पद्य औंल्याउन सकिन्छ—

राममन्मथशरेण ताडिता
दुःसहेन हृदये निशाचरी।
गन्धवद्रुधिरचन्दनोक्षिता
जीवितेशवसतिं जगाम सा ॥२० (रघुवंश ११ औं सर्ग)

यसमा बीभत्स र शृङ्गार दुवै शाश्वत विरोधी रसको सम्मिश्रण प्रस्तुत गरेर कालिदासले पश्चाद्वर्ती आलङ्कारिक हरूका दृष्टिमा आफूलाई दोषी सावित पारेका छन्। यस बारे अधिक पिष्टपेषण गर्नु मात्र विषय लम्ब्याउनु हुने छ।

अलंकार शास्त्रका आचार्य हरूले साहित्य स्वरूपको एउटा मानदण्ड तयार पारेका छन्। यसै मानदण्डका भरमा कुनै पनि साहित्यिक कृतिको स्तर निर्धारण वा मूल्यांकन हुन्छ। कालिदासले अलङ्कारशास्त्रीहरूलाई खोते थाप्ने (निउँ झिक्ने) बाटो प्रशस्त राखि दिएका छन्—

नाटकमा नान्दी पाठ सूत्रधारले गर्नु पर्दछ र यसमा ८ वा १२ पद हुनु पर्दछ भन्ने खालको एउटा सामान्य नियम छ। कालिदासका नाटकहरूमा नान्दी र नान्दी पाठका नियमको उल्लङ्घन जस्तै नै भएको छ। कालिदासीयनाटकमा नान्दीपाठ पछि

मात्र सूत्रधार मञ्चमा देखा पर्दछ। कालिदासका तीनै नाटक मालविकाग्निमित्रम्, विक्रमोर्वशीयम्, र अभिज्ञान शाकुन्तलमा यस्तै प्रक्रिया देखिन्छ—

(नान्द्यन्ते)

सूत्रधार :—(नेपथ्याभिमुखमवलोक्य)

अलमतिविस्तरेण। मारिष ? इतस्तावत् (मालविकाग्निमित्रम्, प्रस्तावना)

(नान्द्यन्ते)

सूत्रधार :—(नेपथ्याभिमुखमवलोक्य)

अलमतिविस्तरेण। मारिष ? इतस्तावत्। (विक्रमोर्वशीयम्, प्रस्तावना)

(नान्द्यन्ते)

सूत्रधार :—(नेपथ्याभिमुखमवलोक्य)

आर्ये ? यदि नेपथ्यविधानमवसितम्, इत आगम्यताम्।

(अभि० प्रस्तावना)

कुनै कुनै संस्करणहरूमा 'नान्द्यन्ते' सँगै 'ततः प्रविशति सूत्रधारः' पनि जोडिएको हुन्छ। उपर्युक्त विवरणबाट थाहा हुन्छ, सूत्रधारले नेपथ्यबाट पनि नान्दीपाठ गर्दैन। यो त भयो सूत्रधारको नान्दीपाठ सम्बन्धी चर्चा।

कालिदासका तीनै नाटकका नान्दीहरूमा लामा छन्दका चार पंक्तिका पद्य छन्। न त यसमा आठ पद मात्र छन् न त बाह्र मात्रै। मालविकाग्निमित्रम् र अभिज्ञान शाकुन्तलम् मा वाक्यलाई नै पद मानेर (अभिनवगुप्तका मतमा) कुनै उपायले आठ पद पुऱ्याए पनि विक्रमोर्वशीयम् मा यो कुरा जति सुकै तान तुन पार्दा पनि मिल्दैन। कालिदासीय साहित्यका गुण दोष केलाउँदा उपर्युक्त विवरण माथि सोझै आँखा चिम्लिदिन चाहिं अवश्यै हुँदैन।

यहाँ अर्को कुरा के पनि जान्नु पर्ने छ भने नाट्याचार्य भरतका अनुसार नान्दी पाठ पछि रङ्गमञ्चमा प्रस्तावकको प्रवेश हुनु आवश्यक छ। यसको काम नाटकको वैशिष्ट्य वर्णन गरेर दर्शकलाई उत्सुक पारिदिनु हो, तर कालिदासले यहाँ पनि प्रस्तावक राख्ने काममा छुच्चाइँ गरेका छन्। इनका तीनै नाटकमा यो भारी सूत्रधार कै डोकामा खप्ट्याई दिइएको छ। अस्तु।

यस चराचर जगत् मा सर्वज्ञ र पूर्ण कुनै छैन छ, भने त्यो जगदीश्वर नै हो। त्यस्तो ईश्वर मात्र हुन्छ।

यस संसारको कुनै पनि वस्तु न पूर्णतया निर्दुष्ट छ न त समग्र दोष युक्त। कुनै वस्तुलाई गुणी र दुष्ट ठान्ने त्यस व्यक्ति विशेषका आँखा हुन्। यो उसको नेत्र दोष

हो । यसको साथै अर्को कुरा के पनि ज्ञातव्य छ भने जसले कसै माथि दोष देख्छ र दोषोद्घाटन गर्दछ भने त्यो स्वयं पनि दोषी भैं रहे कै हुन्छ । त्यो मात्र ओवानो रहन सक्दैन । त्यो मात्र किन ! पानी माथि बस्ने हामी कुनै पनि ओबाना छैनौ । कालिदास पनि हामी जस्तै हुन् । ती पनि पूर्ण निर्दुष्ट बन्न सक्दैनन् । त्यसैले कालिदास प्रतिको यो दोषोद्घाटन प्रसङ्गात् गरिएको मात्र हो । कालिदासको दोष औंल्याउने बहादुरी पाउन होइन । दोषोद्घाटक मात्रै पनि त कति निर्दुष्ट छ र ? अनन्त रत्नप्रभव पूर्वापर समुद्रावगाढ कनकरसनिष्यन्दी नगाधिराज पनि पूर्ण छैनन् तिनमा पनि कठ्याङ्ग्रिने चीसो हिउँ छ, एउटा दोष छ—चन्द्रमामा कलङ्क जस्तै । तर यति भएर पनि नगाधिराज हिमालयको आफ्नै विशेषता छ, आफ्नै सर्वोच्चता छ र सार्वभौमिकता छ जो अरूमा छैन । अतः गुणहरूका भण्डारमा एउटा जाबो दोष त्यसै विलाउँछ दूधमा पानीको थोपा भैं । नगण्य हुन्छ त्यो, चन्द्रमाको कलङ्क भैं ।

हिमाली जगत्का यशोमणि हिमवत्खण्डका वरद पुत्र महाकवि कालिदासका दोष पनि त्यस्तै नगण्य छन् । कालिदासके शब्दमा—

अनन्तरत्नप्रभवस्य यस्य
हिमं न सौभाग्यविलोपि जातम् ।
एको हि दोषो गुणसन्निपाते
निमज्जतीन्दोः किरणेष्विवाङ्कः ॥३ (कु० पहिलो सर्ग)

दोष र गुण व्यक्ति विशेषका धारणाका आधारमा हुन्छन् भन्ने तिर माथि संकेत गरिए कै छ । अतः एउटाले औंल्याएको दोषलाई नै अर्को गुणग्राही व्यक्तिले गुणमा त्यसलाई तत्काल परिवर्तन गरिदिन सक्दछ । त्यसै हुनाले राजाले आफ्ना देशका कवि र साहित्यकार हरूलाई हेलाँ गर्नु हुँदैन भन्छन् विल्हण कवि—न कोपनीयाः कवयः क्षितीन्द्रैः ।

कालिदासका साहित्यमा औंल्याइएका उक्त दोष हरूलाई यसरी समाधान गर्न सकिन्छ—

(१) पातयां प्रथमास (पातयामास) प्रभ्रंशयां यो नहुषश्चकार (प्रभ्रंशयाञ्चकार) तथा संयोजयाँ विधिवदास जस्ता प्रयोग हरूलाई माथि अपाणिनीय भनेर औंल्याइएको थियो । वस्तुतः यस्ता शब्द रचना कालिदासका मात्र छैनन् । यस्ता प्रयोग कालिदास भन्दा पहिलेका विद्वान् हरूले पनि आफ्ना कृति हरूमा गरेका पाइन्छन् । उदाहरणार्थ अश्वघोषका बुद्ध चरितको एउटा उदाहरण, जसमा 'सहयाञ्चक्रुः प्रयोगका लागि-सहयां च चक्रुः, प्रयोग गर्दछन् । दुवै पद्यांशलाई 'च' अव्यय पदले व्यवहृत पारिदिएको छ । अश्वघोष के सम्बद्ध पद्य खण्ड यहाँ उल्लेख्य छ—

तथावदेनं दिवि देवसङ्घा दिव्यैर्विशेषैर्महयाञ्च चक्रुः ।
(अश्वघोष कृत बुद्धचरित ६।५८)

यस्तै खालका अन्य रूपहरू ४५७ ई० सं० को गुप्तकालिक शिलालेखमा पनि पाइएका छन् ।

(२) अस् धातुको लिटमा (आर्ध धातुकमा) बभूव बभूवतुः जस्ता प्रयोग हुनु पर्ने कुरा माथि औंल्याइएको छ । कालिदासले यस नियम विरुद्ध बभूवको ठाउँमा 'आस' प्रयोग गरेको उदाहरण पनि प्रस्तुत भएकै छ । वस्तुतः अस धातुको लिट् मा भू धातुको प्रयोग न गरेको कालिदासले मात्र होइन, अरूले पनि गरेका छैनन् । कालिदास भन्दा पूर्ववर्ती आर्यशूरको जातक मालामा पनि यस्तो प्रयोग भेटिन्छ । जस्तै—
नरेन्द्रचूडाधृतशासनस्य तस्यत्वलङ्कारवदासशास्त्रम् ॥ (मैत्रीबल जातक)

अतः यस्ता प्रयोगका लागि कालिदास माथि नै दोषारोपण उचित छैन । शाकटायनले यस्ता 'आस' जस्ता प्रयोग पूर्णतया तिङन्तका न भएर तिङन्त प्रति रूपक अव्ययका मान्दछन् । आचार्य वामन 'आस' प्रयोग अस् = भुवि पा० धा० को न भएर अस = गति दीप्त्या दानेषु जस्तो धातुको रूप हो भन्ने समाधान दिन्छन् ।

(३) यसै गरी तस्थिवांसं र अधिजग्मुषः जस्ता वैदिक प्रयोग माथि उठाइएको छ । तर यसमा पनि कालिदास स्वयं मात्र दोषी छैनन् । यस्ता खालका ऊचिवान् उपजग्मिवान् जस्ता प्रयोग स्वयं महाकवि अश्वघोषले पनि गरेका छन् । यो प्रश्न भट्टोजिदीक्षितले आफ्ना सिद्धान्तकौमुदीमा पनि उठाएका छन् । त्यहाँ उनले पनि यस्तो समाधान दिएका छन्—कवयस्तु बहुलं प्रयुञ्जते । (क्वसुश्च । पा० सू० ३।२।१०७ । सिद्धान्तकौमुदी कृदन्त प्रकरण भट्टोजिदीक्षित)

(४) कामयमानः प्रयोग हुनु पर्ने ठाउँमा 'कामयानः' अपाणिनीय प्रयोगको चर्चा माथि उठाइएको छ । यस सम्बन्धमा आने मुक् पा० सू० ७।२।८२ लाई आगमशास्त्र अनित्य हुने सिद्धान्त अनुसार प्रस्तुत प्रयोगमा मुक् आगम न भएको बताइएको छ । आगमशास्त्रमनित्यम् ।

आचार्य वामनले कामयानः शब्दलाई सिद्ध पद स्वीकार गर्दछन्, सिद्ध मात्र होइन, अनादि सिद्ध । एतदेवाभिप्रेत्योक्तं वामनेनापि—"कामयानशब्दो सिद्धोऽनादिश्च । इति (सम्बद्ध कालिदासीय पद्यको टिप्पणीमा मल्लिनाथ)

(५) दत्तवान्को ठाउँ वैदिक दाश्वान् पदको प्रयोग गरेको पनि पाणिनिले आफ्नू पूर्ववर्ती हरूबाट प्राप्त अधिकारका आधारमा हो भन्ने कुरा पनि यहाँ अविस्मरणीय छ । यस्ता खालका आर्ष प्रयोगहरू बाल्मीकि र व्यासले पनि गरि आएका छन् । निरंकुशाः कवयः ।

(६) बुभुजे शब्दको ठाउँमा पालना गर्नु अर्थमा पाणिनीय सूत्र अनुसार परस्मैपद प्रयोग बुभोज हुनुपर्ने कुरा माथि उठाइएको थियो। वस्तुतः यहाँ रामले पृथ्वीको पालना गर्ने प्रसङ्ग छैन अपि तु इनको भोग गर्ने सन्दर्भ छ। त्यसै हुनाले आत्मनेपदको प्रयोग अक्षम्य छैन।

(७) यसै गरी गच्छामिको अर्थमा भएको 'साधयामि' लाई पनि धातूनामनेकार्थः नियम द्वारा समाधान गर्न सकिन्छ। यसको यस्तै समाधान मल्लिनाथले पनि दिएका छन् अथवा परशुरामको भनाईमा 'देवकार्य सम्पादन गर्न अवतार लिएका तिमीले पनि आफ्नो कार्य सम्पन्न गर, तिम्रो कल्याण होस्। म पनि आफ्नो काम सम्पन्न गर्न जान्छु' भन्ने भाव उपर्युक्त पद्यमा भएको हुनाले कार्यं साधयितुं गच्छामि भन्ने अर्थमा साधयामि भनेको हुनु पर्दछ।

(८) त्रियम्बकम् पद पनि आर्ष प्रयोग हो। आफ्ना पूर्ववर्ती साहित्यकारहरूले प्रयोग गरेका आर्ष प्रयोग देखि रहेका कविले आफ्ना काव्यमा पनि आर्ष प्रयोग गर्नु आश्चर्योत्पादक विषय हुँदैन।

(९) संयुक्ताद्यं दीर्घम्‌को नियम अनुसार हैमप्राकारम् मा 'म' अक्षर गुरू हुन जान्छ, त्यसै गरी गृहीतप्रत्युद्गमनीय मा पकार रेफ को संयोगपूर्वको 'त' अक्षर गुरु हुन जान्छ। यो कुरा सत्य हो तर 'प्रह्रे वा' पिङ्गल छन्द सूत्र अनुसार 'प्र' वा 'ह्र' देखि पूर्वमा हुने ह्रस्व अक्षर वैकल्पिक रूपमा दीर्घ हुने नियम छ। अतः माथि उठाएको यो दोष पनि नगण्य नै छ।

(१०) अश्लील वर्णनको प्रसङ्गलाई माथि इङ्गित गरिएको छ। यद्यपि साहित्यमा गरिने श्रृङ्गार वर्णनमा उत्ताउलो खाले संभोग श्रृङ्गारको वर्णन भरसक न पारे कै वेस, पार्नै परे पनि किं वा न पारी न हुनेमा पनि अचेतन माध्यमबाट पार्नु तद् विसेक। पाठकको मन न रम्ने र शुष्क विषयलाई यसरी श्रृङ्गारी जलप लगाई दिंदा त्यो विषय निश्चय नै सरस हुन जान्छ। रघुवंश चतुर्थ सर्गको उद्धृत–नितम्ब मिव मेदिन्याः स्रस्तांशुकमलङ्घयत्–यस्तै खालको वाक्य हो। मधुमय काव्य सरिता मा अवगाहन गर्न चाहने पाठक हरूको काट मार, विजय बन्दूक र खुकुरीको वर्णनमा मन रम्दैन भन्ने कुरा जान्दथे कवि, अतः युद्ध जस्तो विषयलाई श्रृङ्गारको जलप लगाएर सहृदय हृदयावर्जन गर्न उनले खोजेका मात्र हुन्। कालिदासको यस वर्णनमा पुगेर पाठक मनै मन खिस्स हाँस्छ, रमाउँछ अनि अगाडी लाग्छ। उसले श्रृङ्गार जन्य कुप्रभावको गन्हाउने भारी आफ्ना थाप्लामा बोकी रँहदैन। मेघदूतको समम्बन्धमा पनि यस्तै भन्न सकिन्छ।

रघुवंशको उन्नाइसौ सर्गको श्रृङ्गार वर्णनमा पनि आफ्ना प्रजाको वास्ता न गरी मात्र भोगविलासमा रत, इक्ष्वाकुवंशी राजकुलको मर्यादा विरुद्ध आचरण गर्ने राजा

अग्निवर्णको पतनोन्मुख जीवनको चित्रण गर्नु थियो कविलाई, अतः त्यस्तो वर्णन गर्नु पऱ्यो । अतीतका विलासी राजा हरूको यस्तै बानीले गर्दा नै छिमेकी भारतमा विदेशी हरूका पटक पटक आक्रमण भए र शताब्दियौं शताब्दियौं सम्म देश पराधीन रह्यो ।

क्रान्तदर्शी हुन्छन् कवि । तिनीहरू सारस्वत साधक हुन्छन्—अतः उनले आफ्नो राष्ट्र र देशलाई जोगाउन साहित्यका माध्यमले केही संकेत गरेका हुन्छन्, शृंगारका माध्यमले । माथि प्रस्तुत सम्भोग शृङ्गारको वर्णनले कुप्रभाव पर्नुको साटो स्वयं राजा अग्निवर्ण कै विलासी र प्रजापालन विरतजीवन प्रति नै सहृदय पाठकको मनमा एउटा खल्लो भावना जगाइदिन्छ । शृंगारले करूणाको अंकुरोन्मेष गरिदिन्छ, रागले वैराग्यको बीजवपन गरि दिन्छ, भोगले त्यागलाई आह्वान गरि रहेको हुन्छ । वस्तुतः साहित्यको अभीष्ट नै यहि हो । ब्रह्मानन्दैकरस निमग्नता नै त हो साहित्यको उद्देश्य? अतः कालिदासीय शृंगार वर्णन निश्चय पनि पाठकमा उद्वेग ल्याई दिने खालको छैन भन्न सकिन्छ । यसलाई कालिदासको असाधारण त्रुटि मान्नु कति सम्म उपयुक्त होला पाठकले आफै विचार गर्नु पर्ने हुन्छ ।

सशक्त कविहरू माथि हिलो छ्याप्ने कार्य लाई स्तुत्य न भएको भाव अभिव्यक्त गर्दै आचार्य आनन्द वर्धन भन्दछन्—सूक्तिसहस्रद्योतितात्मनां महात्मनां दोषोद्घोषणमात्मन एव दूषणं भवति ।

अरूलाई कालो मोसो दल्ने प्रयत्न गर्ने व्यक्तिले पहिले आफ्नै सुकिला हात मोसो दलेर विजोक् पारेको हुन्छ भन्ने कुरा यहाँ विर्सन न हुने छ ।

आफ्ना नाटक हरूको नान्दी पाठका सम्बन्धमा कालिदासले अवश्य पनि क्रान्तिकारी कदम चालेका छन् । पूर्वरङ्ग विधानमा भएको कालिदासको यो प्रयोग अवश्य पनि हेय छैन । नाट्यशास्त्रमा भरतले नान्दी पाठ सकेर सूत्रधार मञ्चबाट निस्के पछि सूत्रधारको जस्तै चाल ढाल भएको (सूत्रधार गुणाकृतिः) स्थापकको प्रवेश मञ्चमा हुनुपर्ने कुरा उल्लेख गर्दछन् । सूत्रधारलाई एकपल्ट मञ्चमा ल्याएर फेरि तत्कालै त्यस्तै ब्यक्तिलाई मञ्चमा ल्याउनुको साटो नेपथ्यमा नान्दी पाठ भए पछि स्वयं सूत्रधार ले नै स्थापकको कार्य गर्दा पूर्वरङ्ग विधानमा अलि संक्षिप्तता आउने सक्ने ध्येय ले नै कालिदास लें स्थापकको भूमिका आफ्नो नाटकबाट हटाएकी हुनु पर्दछ ।

अर्को कुरा के पनि भने—सूत्रधारको र स्थापकको नाटकमा उस्तै जस्तो भूमिका हुन्छ । नाटकको सबै साँचाको झुप्पो उसै सित हुन्छ । दर्शक सामु सर्वप्रथम मनोरञ्जन मंजूषा खोल्ने कार्य पहिले सूत्रधारको हो, अनि स्थापकको । सूत्रधार र स्थापक मध्ये एउटा पनि अलिक उन्नाइस बीस पर्दा पूर्वरङ्गको वास्तविक विधानमा निकै असर पर्न जाने सम्भावना हुन्छ । अतः कालिदास सूत्रधार र स्थापकको काम एउटै सफल र समर्थ व्यक्ति बाट लिन चाहन्छन्, भन्न सकिन्छ ।

नाटक विषयक यस चर्चामा पात्रहरूको भाषा बारे पनि उल्लेख हुनु पर्ने आवश्यक थियो परन्तु यसको छुट्टै चर्चा यहाँ गरिरहनु भन्दा भाषा विषयक चर्चा गरिने छुट्टै शीर्षक अन्तर्गत यसलाई पार्नु उचित होला। कालिदासीय नान्दी पद सम्बन्धमा पनि पदात्मक पद र वाक्यात्मक पद जस्ता बौद्धिक व्यायाम गर्नु भन्दा कालिदासले आफ्नो हिमवत्खण्डको नाट्य क्षेत्रीय वैशिष्ट्यको अभिव्यक्ति गरेका हुन् किन न भन्नु ? आलङ्कारिकहरूले स्वाधीत ग्रन्थका आधारमा आफ्ना मान्यता निर्धारण गर्दछन् तथा बहुप्रयुक्त विषयलाई आधार मानेर मान्यता निर्धारण गर्दा उनको मान्यताले कतै कतै मेल न खाने पनि हुन्छ, फरक यत्ति मात्र हो।

यसका आधारमा कालिदासको कवि प्रतिभा र कला नैपुण्यलाई नेमिवृत्ति आलङ्कारिकहरूका उपनेत्र लगाएर हेर्ने बानी बसालियो भने चन्द्रमाको आह्लादकता बाट अनुगृहीत हुनु भन्दा उसमा देखिने कलङ्क पैल्याएर नै आफूलाई कृतकृत्य मानेको जस्तो हुन जाने छ।

यहाँ के कुरा जानी राख्नु उचित होला भने कालिदास र उनको कृति भन्दैमा आँखा चिम्लेर, यस बारे कुनै अध्ययन मनन न गरी राम्रो भन्ने र कुनै नया वा साधारण व्यक्तिको कृति माथि पनि त्यसै गरी पूर्वाग्रह ग्रस्त भएर माखाले पीप खोजे झै कि वा कीराले गोबर खोजे झैं गर्नु चाहि अवश्य हुँदैन; वरू नीर क्षीर विवेकपूर्वक दुवै थरि कृतिहरूमा उपादेय खोज्न र ग्राह्यमा रम्न सक्नु नै साहित्यका वास्तविक पाठकको प्रथम कर्तव्य हुन्छ। कालिदास कै पद्य उद्धृत गर्दै यो प्रसङ्ग पनि अब यहि टुङ्ग्याउनु वेश होला—

पुराणमित्येव न साधु सर्वम्
न चाऽपि काव्यं नवमित्यवद्यम् ॥
सन्तः परीक्ष्यान्यतरद् भजन्ते
मूढः परप्रत्ययनेयबुद्धिः ॥

(मालविकाग्निमित्रम् ११२)

मधुराक्षरया च वाचा

कुनै पनि कवि जब बोल्दछ, आफ्नै भाषा बोल्दछ; लेख्दछ, आफ्नै परिवेषका कुरा लेख्दछ। आफ्नै भाषामा आफ्नो गीत गाउने यो क्रम जब बढ्दै जान्छ, ऊ स्वयं पनि उत्तिकै खारिंदै खारिंदै जान्छ। पछि गएर त्यो आफ्ना सहकर्मी तथा समकालिक सहयात्रीहरू बीच अलग्ग देखिन थाल्छ। यो अलग देखिनु अथवा विशिष्ट स्थान ओगट्नु नै कुनै साहित्यकारको व्यक्तित्वमा टङ्कारोपन आउनु हो। यहि नै उसको आफ्नो मौलिक प्रतिभा झल्किन्छ। आफ्नो वैयक्तिक समरसता कि वा अभिव्यक्तिगत समरूपता जो उसका कृतिहरूमा प्रचुरतया पाइन्छन् र जो उसका पाठकहरूलाई रसास्वादनको विशेष माध्यम बन्न पुग्छन्, पौरस्त्य अलङ्कारशास्त्रीहरू यसलाई शैली भन्दछन्। अनुप्रयुक्त भाषाविज्ञानका पश्चिमेली पण्डितहरू यसै लाई Style भन्दछन्।

उपर्युक्त विवरण अनुसार कुनै पनि कृतिको भाव प्राणतत्त्व हुन्छ। भाषा उसको बोली वा अभिव्यक्ति। लिपि त्यसका लुगा र शैली त्यसको समग्र सौष्ठव, संरचना शिल्प। जसरी कुनै पनि व्यक्ति आफ्नो शारीरिक बनोटको आधारमा तथा तज्जन्य इङ्गित चेष्टित जस्ता वैशिष्ट्यका आधारमा आफ्ना समानवर्णवयोरूपभएकाहरूको बीचमा पनि स्वयं विलक्षण तथा पृथक् देखिन्छ, साहित्यकार पनि आफ्ना शैलो वा Style का आधारमा। शैलीमा महत्त्वपूर्ण भूमिका भाषाको हुन्छ, अर्को अर्थमा वाक् प्रवृत्ति को। प्रस्तुत शीर्षक अन्तर्गत कालिदासीय कृतिहरूका सन्दर्भ संगै उनका हिमवद्‌देशको भाषिक वैशिष्ट्यबारे चर्चा गर्ने चाजों मिलाउनु परेको छ—

कालिदास संस्कृत् जगत्का महान् साहित्यकार हुन्, विश्वकवि हुन्। कुनै पनि महान् साहित्यकार आफ्नो गैशिष्टय संगै आफ्नो देशको गौरव हुन्छ। साहित्यिक समाजको हृदयाह्लादन जसरी कालिदासका कृतिहरूले गरेका छन् त्यसै गरी आफ्ना पाठक रिझाउन सक्ने व्यक्तित्व आज सम्म कसैको पनि फेला पर्दैन। कालिदासीय साहित्यका प्रखर आलोकका सामु अरू साहित्यिकहरू मात्र सूर्यका अगाडी बत्ती हुन्, चन्द्रमाका अगाडी जूनकिरी। अतः कालिदास विश्व साहित्याकाशका भासुर नक्षत्र हुन्, सूर्य पनि चन्द्रमा पनि।

इतर कविहरूबाट अनभिभवनीय एवं प्रखर वैदुष्य तथा सर्वजनाल्हादिका प्रतिभा सम्पन्न हिमवद्‌देशका विभूति यी कहाकवि र इनका वर्चस्वगैजयन्ती सामु विश्व नै नुघेको छ, संसारै झुकेको छ। विश्वका सर्वोच्च भू भागका कवि कालिदासका

सामु अन्य निम्न भागका कविहरू हास्यास्पद वामपुड्के झैं देखिन्छन् । निःसन्देह यशो विक्रममा सूर्य र आल्हादवितरणमा चन्द्र संग सादृश्य राख्न सक्ने छ इनको कवि व्यक्तित्व—प्रचण्डसूर्यः स्पृहणीय चन्द्रमाः ।

महाकवि कालिदास विश्व मानचित्रको त्यस भूभागमा जन्मेका हुन् जहाँ वैदिक संस्कृतले लौकिक संस्कृतको रूपमा आफ्नो समानान्तर विकास गर्दा शुक्ल यजुर्वेदलाई माध्यम बनाएको छ; त्यसैमा पनि माध्यन्दिन शाखालाई ।

हिमवत्खण्ड शुक्ल यजुर्वेदको देश हो । वाजसनेयीहरूको मूल स्थान हो यो, माध्यन्दिन शाखाको उर्वराभूमि । वाजसनेय संहिता यसै हिमवत्खण्डका मन्त्र द्रष्टा हरूले प्राप्त गरेको वेद [ज्ञान] हो । आफ्नै देशका विश्वामित्र वशिष्ठ र याज्ञवल्क्यले प्राप्त गरेका मन्त्रहरूको संहितापाठ नै शुक्ल यजुर्वेद हो समग्र रूपमा । भगवान् आदित्य बाट प्राप्त गरेका हुन् यस वेदलाई हाम्रा पूर्वजहरूले । गायत्री मन्त्रका देवता सविता र ऋषि विश्वामित्र हुन् भन्दै सांझै विहान गरिने मन्त्रविनियोगहरूले यो तथ्य हामीलाई कहिले न विर्सने गरी सम्झाई रहेका छन् ।

हिमवत्खण्डले भगवान् भास्वान्बाट प्राप्त गरेको यो वेद (ज्ञान) सूर्य जस्तै सुकिलो छ, निर्मल छ, टड्कारो छ । त्यसैले धवल हिमालयका अन्नतरत्नद्युति शृङ्खलाहरू बाट आविर्भूत यो वेद, नाउँले पनि शुक्ल भयो, शुक्ल यजुर्वेद । त्यसैले हामी जे बोल्छौं, अँध्यारोमा होइन, मध्यन्दिनको प्रकाशमा बोल्छौं । लुकेर डराएर होइन, सबैले देख्ने सुन्ने गरी बोल्छौं, बुझ्ने गुन्ने गरी बोल्छौं, सबैको कल्याणका लागि बोल्छौं । फलतः धक् फुकाएर हक् बोल्नु हामी हिमवत्खण्डका निवासीहरूको जातीय स्वभाव भै सकेको छ ।

हाम्रा आचार्य, हाम्रा पूर्वज माध्यन्दिन थिए । उनी हरूबाट दीक्षित हामी पनि माध्यन्दिन भयौं । माध्यन्दिन हाम्रा पूर्वज, माध्यन्दिन हाम्रा आचार्य, माध्यन्दिन हाम्रो ज्ञान (वेद) माध्यन्दिन हाम्रा गुण र स्वयं हामी पनि माध्यन्दिन हौं— शुक्लयजुर्वेदान्तर्गतमाध्यन्दिनशाखाध्यायी ।

त्यसैले शुक्ल यजुर्वेद हाम्रो राष्ट्रिय वेद हो । वाजसनेय संहिता हाम्रो जातीय संहिता हो । माध्यन्दिन शाखा हाम्रो आनुवंशिक परम्परा हो । हाम्रा समस्त ज्ञान काण्ड र कर्म काण्ड यसैमा पूर्णतया आधारित छन् । हाम्रा व्यवहार तथा संस्कार हरूका इनै माध्यम बन्न पुगेका छन् । हाम्रा जनन मरण र जीवन तीनैमा यसकै उपादेयता बढी छ । यति मात्र होइन, यसका साथै हाम्रा बोली, भाषा, ध्वनि, उच्चारण र समस्त वाक्प्रवृत्तिहरूमा यसै वेदको र यसै शाखाको महत्त्वपूर्ण भूमिका छ—कलौ माध्यन्दिनी शाखा कलौ वाणीविनायकौ ।

याज्ञवल्क्यले वाजसनेय संहिता भगवान् सूर्यबाट प्राप्त गरे। विश्वामित्रले सविता देवता द्वारा प्राप्त अनुकम्पा के भरमा आफूलाई गायत्री मन्त्रका द्रष्टा बनाए। माथि उल्लिखित यी तथ्यहरू हिमवत्खण्डका महाकवि कालिदास राम्ररी जान्दथे। त्यसैले ज्ञानको लागि ध्यान गर्ने तपस्वी तथा साधनाका लागि उद्यत कालिदासका प्रायः समस्त साधकहरू हजारौं किरणले मुक्त रूपमा ज्ञान रश्मिको अविरल वर्षा गर्ने सहस्ररश्मि आदित्य मैं आफ्ना दृष्टि केन्द्रित पार्न खोजेका देखिन्छन्। अतः कालिदासीय साहित्यमा सूर्योपासना, सूर्याराधन तथा सूर्योपस्थानका प्रसङ्गहरू ठावैं ठाउँ फेला पर्दछन्। यस सन्दर्भमा कालिदासलाई निस्सन्दिग्ध रूपमा आफ्नो जातीय वेद र शाखा एवं त्यसका द्रष्टा ऋषिहरूबाट प्रभावित भएका भन्न सकिन्छ— सूर्य आत्मा जगतस्तस्थुषश्च।

राजकुमारी पार्वती वर (शिव) प्राप्तिका लागि हिमाली अधित्यकामा तपस्या गर्न थाल्दछिन्। उनको ध्यान मुद्राको कविले शब्द चित्र प्रस्तुत गरेका छन् कुमारसम्भव महाकाव्यको पाचौं सर्गमा। त्यसमा सविता देवतालाई अनन्यदृष्टि भएर हेर्दै शिवाराधन गर्ने रूपमा पार्वतीको चित्रण गरिएको पाइन्छ–

शुचौ चतुर्णां ज्वजतां हविर्भुजां
शुचिस्मिता मध्यगता सुमध्यमा।
विजित्य नेत्रप्रतिघातिनीं प्रभा–
मनन्यदृष्टिः सवितारमैक्षत॥
तथातितप्तं सवितुर्गभस्तिभि–
र्मुखं तदीयं कमलश्रियं दधौ॥कु० ५।२०-२१

रघुवंश महाकाव्यको प्रसङ्ग हो–लङ्का विजय गरेर फर्कने राम मैथिली सीतालाई तल भूमिमा तपः साधना गरि रहेका मुनि सुतीक्ष्णका ध्यान मुद्राको पुष्पक विमान बाट विवरण दिदैं भन्छन्—सूर्यरूप पाचौं अग्निका बीचमा बसेर सुतीक्ष्ण ऋषि तपस्या गर्दै छन्। तालु सेक्ने खालको सूर्य रश्मि (माध्यन्दिन) ले इनको निधार धपक्क बलेको छ। उः मलाई यसो हेरेर मुन्टो हल्लाउँदै इनले आफ्नो ध्यान सूर्यमा केन्द्रित पारिहाले—

हविर्भुजामेधवतां चतुर्णां
मध्ये ललाटन्तपसप्तसप्तिः।
असौ तपस्यत्यपरस्तपस्वी
नाम्ना सुतीक्ष्णश्चरितेन दान्तः॥
वाचंयमत्वात् प्रणतिं ममैष
कम्पेन किञ्चित्प्रतिगृह्य मूर्ध्नः।

दृष्टिं विमानव्यवधानमुक्तां
पुनः सहस्रार्चिषि सन्निधत्ते ॥रघु० १३।४१।४४

जनकनन्दिनी सीता आफ्ना शुक्ल यजुर्वेदी माइतीहरूको माध्यन्दिन परम्परा देखि अनभिज्ञ थिइनन् । झन् याज्ञवल्क्य विश्वामित्र र वशिष्ठ संग त उनको आजीवन जस्तै सान्निध्य रह्यो । पतिले निर्वासन दिए पछि हिमवत् उपत्यकाकी राजकुमारी सीताले पनि अधित्यकाकी राजकुमारी पार्वतीले शिव प्राप्तिका लागि तपस्या गरे जस्तै, अर्को जन्ममा पनि राम प्राप्तिका लागि भगवान् भास्वान्मा दृष्टि केन्द्रित गरेर तपःसाधना गरेको कुरा कालिदास उल्लेख गर्दछन्—

साऽहं तपःसूर्यनिविष्टदृष्टि-
रूर्ध्वं प्रसूतेश्चरितुं यतिष्ये ।
भूयो यथा मे जननान्तरेऽपि
त्वमेव भर्ता न च विप्रयोगः ॥ रघु० १४।६६

भगवान् भास्वान् माथि यति ठूलो श्रद्धा हुनाले नै धर्म समन्वयवादी हिमवद्देशका घर घरमा गरिने दैनन्दिन पाञ्चायतन पूजा विधानमा सूर्यको पहिले पूजा हुन्छ । सर्वप्रथम पूजा गरिने हिमवत्खण्डका दुई देव सूर्य र गणेशको पूजन क्रममा रवि-गण पति-देवी-शिव-गोविन्द अथवा गणपति-रवि-देवी-शिव-गोविन्द जस्ता परम्परा प्रचलित छन् । यसरी अगाडी पूजा पाउने देवताहरूमा सूर्य र गणेश दुवैको मात्र अधिकार छ । पूजन पूर्वाङ्गका रूपमा दीप र कलश संगै सूर्यलाई पनि गन्धाक्षत गर्ने परम्परा हिमवद्देशको छ । पूजा गर्दा सहस्रपादाक्षिशिरोरूबाहु दीपलाई नमस्कार निवेदन गर्ने पद्धतिले नमस्कार प्रिय भगवान् सहस्ररश्मि कै स्मरण दिलाउँदैन भन्न सकिन्न । दुवै सन्ध्यामा गरिने सान्ध्यकर्ममा उनै तत्सवितुः कै आराधना हुन्छ । हिमवत्खण्डलाई वेद दिने भगवान् भास्वान्बाट ज्ञानचक्षु प्रदीप्त गराउन नामकरणको दिन नवजात शिशुलाई सूर्यको अगाडी ल्याउने परम्पराको संकेत पनि यतै तिर भएको बुझिन्छ । कालिदास शुक्ल यजुर्वेदीय माध्यन्दिन शाखाध्यायी हुनाले इनका साहित्यमा पदे पदे सूर्याराधनको प्रसङ्ग फेला पर्दछ ।

माथि मंगलार्थ कि वा कार्य प्रारम्भमा सूर्याराधनको कुरा उप्काइएको छ । यो विशेषता हिमवत्खण्डका सनातन धर्मानुयायीहरूको हो । कालिदास पनि यसै परम्पराका हुन् अतः उनले पनि ग्रन्थको प्रारम्भमा ज्ञानका देवता वेदका अधिष्ठाता भगवान् सूर्य कै नामस्मरण र उनका मध्यान्दिन प्रताप संकीर्तनबाट ऋतुसंहार काव्यको थालनी गर्दछन्—

प्रचण्डसूर्यः स्पृहणीयचन्द्रमाः
सदावगाहक्षतवारिसञ्चयः ।

दिनान्तरम्योऽभ्युपशान्त मन्मथो
निदाघकालोऽयमुपागतः प्रिये ॥ ऋतुसंहार १।१

हाम्रो शरीर पाञ्चभौतिक छ। यस शून्य ब्रह्माण्डको समस्त सृष्टि हुने पाँच तत्त्व हरूको सन्निपात हो, संघात हो, क्षणिक सङ्घात। यस बाहेक के छ बढी हामी मा? यस चराचर जगत्मा। यी नै पञ्चतत्त्व पनि केहि अदृष्टवश कुनै उद्देश्य पूर्तिका लागि नियत समयका निम्ति समवेत भएका हुन्छन्। आफ्नो समय आउना साथ यी सबै विलयगुणी तत्त्वहरू आ-आफू मैं विलीन हुन्छन्। बाँकी रहन्छ यो समस्त ब्रह्माण्ड, जस्ताको तस्तै शून्यमात्र। वस्तुतः शाश्वत कि वा नियामक हो आत्म-तत्त्व कि वा ज्ञानतत्त्व, अर्को अर्थमा सूर्य। सूर्य आत्मा जगतस्तस्थुषश्च।

सहस्ररश्मि सूर्य निदाघनीरस जनजीवनमा आफ्ना हजारौं किरण द्वारा जीवन जलको उत्सर्ग गर्दछन्। घर्माग्निदग्ध लोक यस जीवन जलको अविरल सिञ्चनले पुनः सरस हुन्छ। जसको माध्यम हो, वर्षाकालिक मेघ। ठीक यसै गरी विरहाग्नि विपन्ना यक्षिणीका हताश हृदयमा पनि यक्ष सरस जीवनाशाको संचार गर्न चाहन्छ, जसको पनि माध्यम हो मेघ।

अतएव महाकवि कालिदास आषाढ़ एक गते का दिन रामगिरि शिखरमा सर्व-प्रथम कादम्बिनी सनाथित भगवान् भास्वान् कै अप्रत्यक्षरूपमा आवाहन गर्दछन्। उनलाई नै अभिनव कुसुमित उटज कुसुमको माङ्गलिक स्वागतार्घ्य निवेदन गर्दछन्। गुह्यक यक्षको अर्घ्यलाई सूर्य सम्म पुऱ्याई दिने माध्यम हो मेघ। यसै गरी उसको सन्देश पनि यक्षिणी सम्म पुऱ्याउने माध्यम मेघ नै हो। नत्र मेघ के हो र? धूमज्योति सलिल र मरुतको शून्याकाशमा सन्निपात मात्रै त हो। भगवान् भास्वान्बाट मात्र चेतनायमान छ यो। त्यसैले सूर्य रूपी आत्मतत्त्वबाट अनुप्राणित हुनाले नै यो मेघ यक्षको सन्देश लान समर्थ छ। यसैमा गुह्यकका शब्दहरू तरङ्गित भएर लक्ष्य सम्म पुग्न सक्दछन्। त्यसै हुनाले नै कालिदास सूर्यानुप्राणित आषाढ़ी मेघ र मेघ सनाथित भगवान् भास्वान्को स्वर्णिम सम्बन्धको चित्रण गर्दछन् काव्यमा। इनलाई शरद्कालिक मेघ संग यस्तो कुनै अभिलाषा रहदैन—शरद्घनं नार्दति चातकोऽपि।

उपर्युक्त विवरण अनुसार कालिदास मेघदूतमा उटज कुसुम समृद्ध अर्घ्य रचना द्वारा भगवान भास्वान्को स्वागतार्चन कि वा मङ्गलार्चन मात्र गर्दैनन् अपि तु पर-मात्म चेतन स्वरूप सौरतत्त्व कि वा ज्ञानतत्त्वबाट अनुप्राणित भए पछि अचेतन पनि चेतन हुन्छ, अनि त चेतना चेतनमा कुनै भेद बुद्धि रहदैन पनि भन्छन्। अतः भगवान भास्वान् बाट सनाथित यो मेघ मेरी प्रियाको सन्देश पुऱ्याउन समर्थ छ भन्ने भावना यक्षले राखेको कुरा उनी यसरी व्यक्त गर्दछन्—

प्रत्यासन्ने नभसि दयिताजीवितालम्बनार्थी
जीमूतेन स्वकुशलमयीं हारयिष्यन् प्रवृत्तिम् ।
सप्रत्यग्रैः कुटजकुसुमैः कल्पितार्घाय तस्मै
प्रीतः प्रीतिप्रमुखवचनं स्वागतं व्याजहार ।।मेघ० १।४

धूम-ज्योतिः सलिल-मरुतां सन्निपातः क्व मेघः ?
सन्देशार्थाः क्व ? पटुकरणैः प्रणिभिः प्रापणीयाः ।
इत्यौत्सुक्यादपरिगणयन् गुह्यकस्तं ययाचे
कामार्ता हि प्रकृतिकृपणाश्चेतनाऽचेतनेषु ।।मेघ० १।५४,

कालिदासको विक्रमोर्वशीयम् नाटक पनि सूर्याराधन बाटै प्रारम्भ हुन्छ । यस नाटकको प्रथम अङ्कमा कवि राजा पुरूरवालाई सूर्योपस्थानबाट भर्खरै निवृत्त भएको स्थितिमा रङ्गमञ्चमा प्रवेश गराउँछन् । सद्यः सूर्याराधनबाट प्राप्त शक्तिको आधारमा राजा पुरूरवा आफूलाई अजेय ठान्दछन् साथै आफ्नालाई पूर्ण संरक्षण दिन सक्ने रूपमा स्वीकार गर्दछन् । पुरूरवा कै शब्दमा—

राजा—अलमाक्रन्दितेन । सूर्योपस्थाननिवृत्तं पुरूरवसं मामेत्य कथ्यतां कुतो भवत्यः परित्रातव्याः ?

रघुवंश कै पनि प्रारम्भ सूर्य कै नाम संकीर्तनबाट हुन्छ । सूर्यवंशी राजा हरूको वर्णन प्रसङ्ग उठाएर यहाँ पनि कालिदास आफै भगवान सूर्यका अपार महिमाको गुणानुवाद गर्दछन् । जस्तै—

क्व सूर्यप्रभवो वंशः ? क्व चाऽल्पविषया मतिः ?
तितीर्षुर्दुस्तरं मोहादुडुपेनाऽस्मि सागरम् ।। रघु० १।२

माथि भगवान् भास्वान्का बिम्बमा दृष्टि केन्द्रित भएका कालिदासका तपस्वीहरूका साधना मुद्राहरू चित्रित गरिएका छन् भन्दै इनका विभिन्न उदाहरण प्रस्तुत गरिएको छ । यसै क्रममा अभिज्ञान शाकुन्तलका महर्षि मारीचको ध्यान मुद्रा बारे कालिदासीय शब्द चित्र; मातलिका मुखबाट—

मातलि—(हस्तेन दर्शयन्)

वल्मीकाग्रनिमग्नमूर्तिरुरसा सन्दष्टसर्पत्वचा
कण्ठे जीर्णलताप्रतानवलयेनात्यर्थसंपीडितः ।
अंसव्यापि शकुन्तनीडनिचितं बिभ्रज्जटामण्डलं
यत्र स्थाणुरिवाऽचलो मुनिरसावभ्यर्कबिम्बं स्थितः ।।

अभिज्ञान शाकुन्तल ७।११

माथि शुक्ल युजुर्वेदी कालिदासका, सूर्यबाट ज्ञान (वेद) प्राप्त गर्ने याज्ञवल्क्यीय परम्परा अनुरूप तपः साधन गर्ने हरूका ध्यान मुद्रा तथा स्वयं कालिदास द्वारा ग्रन्थारम्भमा भएका सूर्याराधनका केहि संकेत प्रस्तुत गरियो । कालिदास काव्यले माध्यन्दिन प्रति गरेका संकेतका पनि एक दुई उदाहरण यहाँ प्रस्तुत गर्नु अप्रासङ्गिक हुने छैन ।

ऋतुसंहारको प्रचण्डसूर्यः पदले माध्यन्दिन कै संकेत गर्दछ । मालविकाग्निमित्रको वैतालिक र ब्राह्मण विदूषक राजा अग्निमित्रलाई मध्याह्न भयो भन्दै माध्यन्दिन कृत्य तर्फ संकेत र स्मरण दिलाउने प्रयास गर्दछन् । जस्तै—

वैतालिक :—जयतु जयतु देवः । उपारूढो मध्यान्हः । तथाहि

पत्रच्छायासु हंसा मुकुलितनयना दीर्घिका पद्मिनीनां
सौधान्यत्यर्थतापात् वलभिपरिचयद्वेषिपारावतानि ।
बिन्दुत्क्षेपान् पिपासुः परिसरति शिखी भ्रान्तिमद् वारियन्त्रं
सर्वैरुस्रैः समग्रैस्त्वमिव नृपगुणैर्दीप्यते सप्तसप्तिः ॥

विदूषक :—अविधा अविधा ! अस्माकं पुनर्भोजनवेलोपस्थिता ।

मालविकाग्निमित्र २।१२

यस्तै मध्य दिनको प्रसङ्ग रघुवंशमा पनि आएको छ । मध्यदिनको मुहूर्तलाई कालिदास शुभ मुहूर्तको रूपमा स्वीकार गर्दछन्-यसै मध्य दिनमा अजको जन्म भएको छ । प्रस्तुत छ, कालीदासीय काव्यको सम्बद्ध पद्य—

ब्राह्मे मुहूर्ते किल तस्य देवी
कुमारकल्पं सुषुवे कुमारम् ।
अतः पिता ब्रह्मण एव नाम्ना
तमात्मजन्मानमजं चकार ॥ रघुवंश ५।३६

शुक्ल यजुर्वेदीहरूको मध्याह्न कृत्यका साथै माध्यन्दिनको संकेत पनि यस पद्य बाट भएको छ—ब्राह्मे मुहूर्तेको व्याख्या हेमाद्रिले 'दिन मध्यभागीये' भनेर गरेका छन् । मल्लिनाथ 'ब्रह्मदेवताकेऽभिजिन्नामके मुहूर्ते-भन्दछन् । मध्याह्नलाई र अभिजिन्मुहूर्तलाई ब्राह्म मुहूर्त बाहेक अरु शब्दले अभिव्यक्ति दिन न सक्ने भएर होइन, वस्तुतः माध्यन्दिन प्रति बडी आस्था प्रदर्शन गर्ने उद्देश्यले नै कविले 'ब्राह्मे मुहूर्ते' जस्ता शब्द प्रयोग गरेको प्रतीति हुन्छ ।

महाकविले आफ्नो राष्ट्रिय वेद शुक्लयजुर्वेदलाई यति साह्रो महत्त्व दिएको प्रमाणस्वरूप इनका साहित्यका शुक्ल यजुर्वेदी पात्रहरूलाई उभ्याइ दिने हो भने यो प्रसङ्ग झन् टड्कारो हुने कुरामा विश्वास गर्न सकिन्छ ।

रघुवंशका कौशिक विश्वामित्र, जसले राम लक्ष्मणलाई आफ्ना गुरुकुलमा शिक्षा दिए, गायत्री मन्त्रका द्रष्टा यी महर्षि शुक्ल यजुर्वेदी थिए नै। यो सन्देहातीत कुरा भै हाल्यो। अभिज्ञान शाकुन्तलका कुलपति कण्व विश्वामित्र गोत्रका ऋषि हुन्, याज्ञवल्क्य का शिष्य। इनी पनि पूर्णतः शुक्ल यजुर्वेदी हुन्। शुक्ल यजुर्वेदी मात्र होइनन् इनी, अपि तु शुक्ल यजुर्वेदको एउटा काण्व शाखाका प्रवक्ता पनि हुन्। सारस्वत प्रेरणा प्राप्त गरेर इनले हिमवद्देश बाहिर म्लेच्छ देशमा पनि यस प्रदेशको ज्ञान र सिद्धान्त को प्रचार गरेका छन्। इनका दशौं हजार अनुयायी समुद्र पारी पनि थिए भन्ने कुरा भविष्य पुराणमा पनि उल्लेख भएको पाइन्छ—सरस्वत्याज्ञया कण्वो मिश्रदेशमुपाययौ। म्लेच्छान् संस्कृत्य चाभाष्य तदा दशसहस्रकान्। (भविष्य पुराण)

यस बाहेक कण्व यजुर्वेदी हुन् भन्ने कुरा प्राचीन भारतीय अभिलेखका पंक्ति हरू बाट पनि जाहेर छ—जमदग्निप्रवराय, वाजसनेयचरणाय काण्वशाखाध्यायिने……… (भोजवर्मा अभिलेख)

अभिज्ञान शाकुन्तलमा 'गालव'को उल्लेख छ। गालव कौशिक गोत्रका हुन् शुक्ल यजुर्वेदी। इनलाई मारीचले दुष्यन्त द्वारा शकुन्तलालाई पुनः स्वीकार गरेको खबर पुऱ्याउन कण्वका आश्रममा पठाएका छन्। प्रस्तुत छ मारीचको उक्ति—

मारीच :—गालव ? इदानीमेव विहायसा गत्वा मम वचनात् तत्र भवते कण्वाय प्रियमावेदय यथा पुत्रवती शकुन्तला दुर्वाससः शापनिवृत्तौ दुष्यन्तेन प्रतिगृहीता इति। (अभिज्ञान शाकुन्तल अङ्क ७)

शुक्ल यजुर्वेदका शिक्षा ग्रन्थहरूमा वाशिष्ठी शिक्षाको पनि महत्त्वपूर्ण स्थान छ। वशिष्ठी शिक्षाको नाउँ बाटै यो शिक्षा वशिष्ठ प्रोक्त हो भन्ने कुरा प्रमाणित नै छ। अतः रघुवंशका कुलपति वशिष्ठ पनि शुक्ल यजुर्वेदी हुन् भन्ने कुरामा सन्देहलाई ठाउँ रहदैन जस्तो लाग्दछ।

स्कन्दपुराण २।८।५ अनुसार कौत्स विश्वामित्र शिष्य हुन्। महाभारत अनुशासन पर्व ७।५५ अनुसार विश्वामित्रका छोरा हरूमा कौत्सको नाउ पनि आएको छ। यिनै शुक्ल यजुर्वेदी कौत्सका वंशज नै रघुवंशमा वरतन्तु शिष्य हुन पुगेका थिए होलान् 'उपसेदिवान् कौत्सः पाणिनिम्—जस्ता पाणिनि सूत्रका उदाहरण अनुसार यसै वंशका कौत्स (ब्रह्मचारी) पनि आज भन्दा लगभग तीन हजार वर्ष अघि पाणिनि संग हिमवत्खण्डमा व्याकरणाध्ययनार्थ पुगेका थिए। शुक्ल यजुर्वेदी वरतन्तु शिष्य कौत्सले दिएको आशीर्वादले नै रघुलाई पुत्र जन्मेको हो। माध्यन्दिन शाखीय कौत्सका आशीर्वाद स्वरूप जातक अजको ब्राह्ममुहूर्त (मध्य दिन) मा जन्म भएको संकेत कालिदासले गरेका छन्। यस आशयको पद्य माथि उद्धृत भएकै छ।

माथिका यी सबै विवरणका आधारमा हिमवत्खण्डका महाकवि कालिदासको आफ्नो राष्ट्रिय वेद प्रति कस्तो आस्था रहेछ ! भन्ने कुरा संगै इनका पात्र र उनका चरित्रहरू पनि सबै जसो शुक्ल यजुर्वेदी नै भएका हुनाले कालिदास स्वयं पनि शुक्ल यजुर्वेदीय तथा माध्यन्दिन शाखाध्यायी हुन् भन्ने तर्फ हामीलाई टड्कारो संकेत मिलेको छ ।

कालिदासका सूर्योपासना, सूर्याराधन तथा सूर्यमा दृष्टि केन्द्रित गरेर गरिने तपः साधनाको यो महत्त्व कालिदासीय साहित्यका समीक्षक तथा समालोचक बीच उपेक्षित जस्तै छ। महाकविका सूर्योपासनाका यी संकेतहरूलाई हतियार बनाएर काश्मीरी हरूले इनलाई काश्मीरी सिद्ध गर्ने प्रयास गरेको कुरा भने पुनरुक्ति नै हुने भए पनि यहाँ उल्लेख्य नै छ । कालिदासलाई काश्मीरी मान्ने तर्क प्रति 'हिस्ट्री आफ संस्कृत लिट्रेचर'मा कीथ महोदयले पनि आफ्नो असहमति व्यक्त गरेका छन्, अस्तु ।

प्रकृतमनुसरामः । अन्य विभिन्न दृष्टिकोणले पनि ऋग्वेद विश्वको सबै भन्दा पहिलो वेद हो प्रथमा वाक् । यसकै समानान्तर विकसित यजुष् र साम । यसरी वेदत्रयीको प्रसिद्धि छ । मूलतः ज्ञान रूपमा वेद एउटै भए पनि भौगोलिक कारणहरूले गर्दा यसका समानान्तरः विभिन्न अन्य वेद हरू भए । मन्त्र एउटै भए पनि भू पर्यावरण प्रभावी उच्चारण फरक हुँदै गए । उदाहरणार्थ एउटै प्रणवको उच्चारण प्रत्येक वेदमा अलग अलग स्वर द्वारा हुन्छ । प्रणव एक एवस्त्रेधा व्यभज्यत ।

यहाँ समानान्तर शब्दमा बढ़ी जोड दिनु पर्ने छ—भाषिक उत्पत्ति वा विकासका अध्ययन क्रमको सन्दर्भमा भाषिक विकासलाई समानान्तर न मान्ने हो भने माऊ माकुराले आफ्नो अस्तित्व गुमाएर सन्तान जन्माए जस्तै माऊ भाषाले पनि आफ्नो जीवन बलिदान गरेर भाषान्तर जन्माएको धारणाले प्रश्रय पाउने छ । वस्तुतः त्यसो होइन । मूल वा माऊ भाषा मै समानान्तर भाषा बीज हुन्छन् । इनै भाषिक बीजहरूको पुष्पित फलित हुनुलाई नै भाषान्तर विकास मान्नु उचित छ ।

अतः भाषिक विकास वा भाषोत्पत्तिलाई बीज बाट अंकुरोत्पत्ति वा माकुराबाट अन्य माकुराहरू जन्मेको जस्तो पनि न ठानी समानांतरै विकास भएको ठान्नु पर्दछ । त्यसैले भाषिक विकास भनेको समानान्तर विकास हो, अर्को अर्थमा यो माऊ भाषाका अन्तर्निहित तत्वहरूको भौगोलिक प्रभाव जन्य पृथक् विकास । यस बारे विस्तृत चर्चा लेखकको भू-भाषिकी नामक पुस्तकमा गरिएको छ । उपर्युक्त तथ्यका आधारमा वेदका शाखान्तर विकासलाई पनि भाषिक दृष्टिकोणले समानान्तर विकास नै मान्नु पर्ने कुरा टड्कारो हुन आउँछ ।

ऋक्‌बाट समानान्तर विकसित यजुष् र साम जस्तै यजुष् बाट त्यसै गरी समा-

नान्तर अन्य तेह्र शाखाहरूको विकास भएको छ र यसै गरी वैदिक वाङ्मय कै समानान्तर लौकिक वाङ्मयको, अर्को अर्थमा संस्कृत को ।

लौकिक संस्कृत पनि तत्तत्क्षेत्रका वेद प्रभावित हुन्छन् । यसरी विशाल भाषिक क्षेत्र ओगट्ने संस्कृतका पनि भौगोलिक वा स्थानीय पर्यावरणको प्रभावमा (जसमा सम्बद्ध वेदको पनि महत्त्वपूर्ण योगदान हुन्छ) पृथक्करण हुँदै जान्छ । अत एव दाक्षिणात्य हरूले बोल्ने द्राविडेली संस्कृत र हिमवत्खण्डमा बोलिने शुक्ल यजुर्वेदको माध्यन्दिन शाखा प्रभावित संस्कृत मध्य पनि एउटा मसीनो पारदर्शी कौशेय व्यवधान छ भन्ने कुरामा आँखा चिम्लि हाल्न मिल्दैन । व्यापक क्षेत्र ओगटेका कुनै पनि वाङ्मय-मा क्षेत्रीय अन्तराल हुन जाँदा यस्तो हुन आउँछ । त्यसैले हामीहरूले र द्राविडेली ले बोल्ने संस्कृतका उच्चारण तथा उनका दैनन्दिन व्यवहारमा सामान्यतया प्रयोगमा ल्याइने संकृत शब्द, त्यसका अर्थ र उच्चारणमा यस्तै फरक परेको हुन्छ । यस कुरा-को संस्कृतका पौरस्त्य भाषा वैज्ञानिक हरूले धेरै पहिले संकेत गरि सकेका छन्—

शवतिर्गतिकर्मा कम्बोजेषु, विकारमेवैनमार्याः भाषन्ते । (महाभाष्य १।१)

दुई भाषामध्ये समानान्तर भाषिक प्रभाव बढदै जाँदा कहिले काँहि पूर्णवर्ती र प्रश्चाद्वर्ती भाषा पैल्याउन पनि भ्रम हुन थाल्दछ । फलतः केहि विद्वान् द्रविड र संस्कृत संगै उत्पन्न भएका भाषा हुन् भन्न पनि पछि परेका छैनन् । यति मात्र होइन, कतिपय विद्वान्हरू त द्रविड बाटै संस्कृतको उत्पत्ति भएको भन्न पनि कत्ति संकोच मान्दैनन् ।

यसै गरी रेवरेण्ड किटेल नाउँ भएका एक जना विद्वान् ले आफ्नो कन्नड अंग्रेजी शब्दकोष नामक पुस्तकमा संस्कृत भाषाका चार सय शब्दहरूलाई संस्कृतमा उपयोग गरिएका तमिल शब्दहरू भनेका छन् ।

यो स्थिति केवल संस्कृतमा मात्र होइन सबै तिर छ । आज पनि अंग्रेजी जस्तो व्यापक भाषामा पनि अमेरिकाली अंग्रेजीका वाक्प्रवृत्ति र ब्रिटिशेली अंग्रेजीका वाक् प्रवृत्तिमा यस्तै खालको पार्थक्य देखिन आउँछ । भाषिक समानान्तरको चर्चा गर्दा आफू पनि समानान्तर विषयान्तर तिर लागेको अनुभव हुन थाल्यो । अतः संक्षेप मा दुइटा मात्रै निष्कर्ष माथिका विवरणको झिक्नु वेश हुने लाग्छ—

कालिदास हिमवत्खण्डका हुनाले यी पनि शुक्ल यजुर्वेद कै माध्यन्दिन शाखाध्यायी मनीषी हुन्, एउटा कुरा । कालिदासीय संस्कृत त्यसै हुनाले नेपाली वाक्प्रवृत्तिको समानान्तर विकासको संकेत गर्ने संस्कृत हो, अर्को कुरा ।

जसरी हामी संस्कृतको (हामीले बोल्ने) मूल पैल्याउँदै जाँदा आफ्नै शुक्ल यजुर्वेदमा पुग्न बाध्य हुन्छौं, त्यसमा पनि माध्यन्दिन शाखामा । त्यसरी नै आफूले

बोल्ने हिमाली प्राकृत (नेपाली) को पनि मूल पैल्याउँदै जाँदा समानान्तर प्रकृति (संस्कृत) मैं पुग्नु पर्ने हुन आउँछ। अर्को अर्थमा यसलाई यसरी पनि भन्न सकिन्छ—नेपाली प्राकृतको विकास यसको समानान्तर संस्कृत प्रकृतिबाटै भएको छ।

शुल्क यजुर्वेदीय माध्यन्दिन शाखाको समान्तर भाषिक क्षेत्र सम्बन्धी यस प्रसंगमा पाश्चात्य भाषापण्डित वेबर महोदयको इन्डिशे स्टडीन भाग ४ पृष्ठ ७२ को त्यो वाक्य यहाँ उद्धृत गरि हाल्नु पर्ने छ, जसमा उनी भन्दछन्—"माध्यन्दिन शाखाको क्षेत्र प्रयाग देखि उत्तर पश्चिमी भारतीय क्षेत्र हो।"

यसै गरी क्रिटिकल स्टडीज इन् द फोनेटिक ओबजर्वेशन्स आफ इन्डियन ग्रामेरियन्स भन्ने पुस्तकमा प्रसिद्ध भारतीय भाषा शास्त्री डा० सिद्धेश्वर वर्मालि भाषाको उत्तर पश्चिमी वर्गलाई माध्यन्दिन शाखाको प्रतिनिधि भन्न सकिने भाव व्यक्त गरेका छन्।

यसै भाषिक समानान्तरताको फलस्वरूप नै कालिदासका काव्यमा समानान्तर तथा समक्षेत्रीय वैदिक कि वा आर्ष प्रयोगका एक दुई उदाहरणहरू भेटिन्छन। उदाहरणार्थ—तस्थिवांसम्, जग्मुषः, दाश्वान्, कामयानः इत्यादि। कालिदासले यस्ता प्रयोग आफ्ना काव्यका निम्न पद्य हरूमा गरेका छन्—

(१) विपत्तभावे चिरमस्य तस्थुषः। रघु० ३।२१
(२) तं तस्थिवांसं नगरोपकण्ठे। रघु० ५।६१
(३) श्रेयांसि सर्वाण्यधिजग्मुषस्ते। रघु० ५।६१
(४) शासने स्थितिभिदोऽपि तस्थुषा। रघु० ११।६५।
(५) दाश्वान् पुत्राशिषमित्युवाच। रघु० १४।७१।
(६) कामयान समवस्थया तुलाम्। रघु० १९।५०।

उपर्युक्त प्रयोग कालिदासका प्रमादवश उनका काव्य परेका होइनन् अपि तु इनको संस्कृत इनका वेद संग समानान्तर भएको मात्र हो कालिदासले नै होइन, यस्ता आर्ष प्रयोग इनका पूर्वज साहित्यकार आदिकवि वाल्मीकिले पनि बग्रेल्ती गरेका छन्। संसर्गजाः दोष-गुणाः भवन्ति। लौकिक संस्कृतमा वैदिक संस्कृतको समानान्तर भाषिक प्रभाव परे झैं वैदिक संस्कृतमा लौकिक संस्कृतका बीज पनि विछट्ट फेला पर्दछन्। यति मात्र होइन, समानान्तर संस्कृतका कतिपय प्रयोग हरू उस्तै (तत्सम) रूपमा प्राकृतमा पनि यत्र तत्र भेटिई हाल्छन्। भाषाशास्त्री हरूले वैदिक संस्कृतमा लौकिक संस्कृतको र लौकिक संस्कृतमा सम्बद्ध प्राकृतका शब्द बीज प्रशस्त फेला पारेका छन्।

अतएव हिमवत्खण्डमा आज बोलिने नेपाली भाषा कालिदासका युगमा पनि समानान्तर भाषाका रूपमा सामान्य जनले व्यवहार गर्ने प्राकृतका रूपमा अस्तित्व-

वान् थियो । कालिदासका प्राज्ञ परिवारमा सबै संस्कृत बोल्ने बुझ्ने भए पनि उनका पार्श्ववर्ती (छिमेकी) घर हरूमा सबै जसो प्राकृत बोल्दथे । यति मात्र किन ! इनका परिवारका स्त्री सदस्यहरूले दैनन्दिन गृहकार्यमा अन्य ग्रामीण स्त्री पुरुष हरू संग यसै प्राकृतमा कुराकानी र यस कै माध्यमले व्यवहार सञ्चालन गर्नु पर्ने कुरा कालिदासीय काव्य प्रवृत्तिहरूबाट स्पष्ट रूपमा थाहा हुन्छ । कालिदासका समयको हिमाली प्राकृत नै आज हामीले बोल्ने गरेको नेपाली प्राकृत हो ।

नेपाली प्राकृतलाई हामी अरूका देखा-सिकीमा लागेर शौरसेनी अपभ्रंशजन्य (५।८ सय वर्ष अगाडी मात्र अस्तित्वमा) आएको भाषा भन्न थालेका छौं । छिमेकी भारतको हिन्दी जस्ता भाषा, जसको अर्को नाउँ खडी बोली हो, यस भन्दा पनि पछिल्लो समयमा नेपाली भाषाको उत्पत्ति भएको कुरामा हामीले आखाँ चिम्लेर समर्थन दिन थालेका छौं । हिमवत्खण्डका निवासी तथा कालिदासमा गौरव गर्ने हामी नेपाली हरूलाई आफ्नो भाषा बारे प्वाक्कै यसो भन्न कत्ति पनि न सुहाउने जस्तो छ । कालिदासीय साहित्यका भाषिक संकेत तथा कविका आफ्ना वाक्प्रवृत्ति हरूले हामीलाई आफ्नो राष्ट्रभाषाको प्राचीनता र संस्कृत संग प्रत्यक्ष समानन्तर हुँदै भएको यसको विकास तर्फ पुनः सिंहावलोकन गर्न बाध्य तुल्याउँछन् । यस परिच्छेदले पनि आफूलाई त्यसै तर्फ केन्द्रित गरिरहेको छ ।

नेपालीहरूको राष्ट्रिय वेद शुक्ल यजुर्वेद र जातीय शाखा माध्यन्दिन शाखा हुनाले नेपाली प्राकृतमा पनि दुवैको प्रत्यक्ष प्रभाव परेको छ । हुन त वेद अपौरुषेय हो, शाश्वत हो, देशकाल निरपेक्ष हो तथापि जहाँसम्म भाषिक क्षेत्रको चर्चाको ठाउँ आउँछ, अजन्मा ईश्वरले अवतार ग्रहण (जन्म) गरे जस्तै यसलाई व्यवहारमा पौरुषेय जस्तै ठानिन्छ, तै पनि यसको अपौरुषेयतामा किञ्चित् मात्र पनि संशय स्थिति रहँदैन । भाषागत दृष्टिले वेदको चर्चा गर्दा यसको पारमार्थिक सत्य र अपौरुषेय महिमा तर्फ पाश्चात्य भाषा पण्डितहरूले झैं सोझै आँखा चिम्लन मिल्दैन कि ? वेद र सनातन धर्ममा आस्थावान् हामी नेपाली हरूले यो कुरा सदैव मनमा लिई रहनु पर्नेछ ।

वेद भन्दा साधारणतया ऋक यजुः साम जस्ता संहिता मात्र लिइने भए पनि भाषिक क्षेत्रमा अध्ययन गर्दा मन्त्र ब्राह्मण शिक्षा र आरण्यक (उपनिषद्) तीनैलाई लिइनु उचित हुन्छ । भाषिक दृष्टिकोणले समग्रता यसैमा हुन्छ र यसैको नाउँ वैदिक वाङ्मय हो ।

भाषिक दृष्टिले वैदिक वाङ्मयमा शुक्ल यजुर्वेद कै प्रमुख स्थान छ । प्रातिशाख्य बाहेक याज्ञवल्क्य शिक्षा, वासिष्ठी शिक्षा, कात्यायनी शिक्षा, पाराशरी शिक्षा, अमोघानन्दिनी शिक्षा, माध्यन्दिनी शिक्षा, केशवी शिक्षा र वर्णरत्नदीपिका शिक्षा आदि

शिक्षा ग्रन्थहरूले यसै वेदको विवेचना गर्दछन् । त्यसैले नेपालीको शुक्ल यजुर्वेद तथा यसको माध्यन्दिन शाखा निकै समृद्ध छ । कुनै समयमा यसले आर्यावर्त र यस बाहिरको प्रदेश पनि आफ्नो क्षेत्र भित्र गाभेको थियो । यसका संकेत अझै पनि विश्वका भाषाहरूको तुलनात्मक अध्ययन गर्दा हामीलाई फेला पर्दछन् तर हिमवत्खण्ड र त्यसमा पनि आजको विशाल नेपालमा भने सर्वत्र यसैको आलोक छ; धर्म र कर्ममा, जीवन र मरणमा, स्मृति र संस्कारमा साथै संस्कृत र नेपाली प्राकृतमा पनि । जस्तै—

शुक्ल यजुर्वेद कि वा यसको माध्यन्दिनीय शाखामा 'य' को उच्चारण 'ज' हुन्छ । वाजसनेयी शाखा बाहेक अन्य शाखाध्यायीहरू 'य' को 'य' नै उच्चारण गर्दछन् 'ज' उच्चारण गर्दैनन् ।

याज्ञवल्क्य शिक्षा पाद (श्लोकको १/४ भाग) तथा पदको आदिम अक्षर 'य' छ भने त्यसको उच्चारण 'ज' हुन्छ र त्यसै गरी व्यञ्जन संयोग छ भने पनि 'य' को उच्चारण 'ज' हुन्छ । भन्दछ—पादादौ च पदादौ च संयोगा वग्रहेषु च । जः शब्द इति विज्ञेयो योऽन्यः स य इति स्मृतः ॥१५८॥ (शिक्षा याज्ञवल्क्य)

यसै गरी पाराशरी, लघु अमोघानन्दिनी, केशवी तथा माध्यन्दिन शिक्षाहरूमा पनि यसको विवरण दिइएको छ ।

नेपाली राष्ट्रिय वेदको यो नियम नेपाली राष्ट्रभाषामा पनि प्रशस्त पाइन्छ । जस्तै यज्ञः > जज्ञ, यजमानः > जजमान, योगः > जोग, यः > जो, मयूरः > मजुर, यात्रा > जात्रा, कार्यम् > काज, खाद्यम् > खाजा, ह्यः > हिज, युक्तिः > जुक्ति, सायम् > साँज (झ), यमुना > जमुना, आर्यः > आर्जे, वर्यः > वरजु/वराजु, युगम् > जुग इत्यादि ।

वाजसनेय प्रतिशाख्यमा ल, ल्ह जिह्वामूलीय नासिक्य माध्यन्दिन शाखामा हुँदैनन् भनिएको छ । नेपाली प्राकृतमा पनि इनी हरूको स्थान न हुनुले यो माध्यन्दिन शाखासंग सम्बद्ध छ भन्ने कुरालाई पुष्टि मिल्दछ—

तस्मिन् ल, ल्ह जिह्वामूलीयनासिक्या न सन्ति माध्यन्दिनानाम् । (प्रतिशाख्य वाजसनेय)

शुक्ल यजुर्वेदमा जुन शब्दहरूमा दन्त्योष्ठ्य 'व' को उच्चारण हुन्थ्यो, भाषिक समानान्तर दृष्टिले त्यस कालका अन्य भाषा हरूमा सुख ग्राह्यता हुने हुनाले त्यसका ठाउँमा ओष्ठ्य 'ब' को उच्चारण गर्ने प्रचलनले उग्ररूप लियो । अतः वैदिक वाङ्मयको वाक् पवित्रताको संरक्षणका निम्ति अहर्निश प्रयत्नशील शिक्षाविद्हरूले आफ्ना ग्रन्थमा मात्र ब (ओष्ठ्य) बाट प्रारम्भ हुने शब्दहरूको संकलन गर्ने जस्ता कार्य थालेको कुरा अमोघानन्दिनी शिक्षा तथा माण्डवीशिक्षा आदि ग्रन्थबाट हामीलाई टड्कारो हुन आउँछ । स्मरणीय छ–अमोघानन्दिनी शिक्षामा ब (ओष्ठ्य) बाट

थालिने १०२ शब्द र 'व' दन्त्योष्ठ्य बाट थालिने ४८ शब्दहरूको फिरिस्त (फिह्रिस्त) दिईएको छ। यसै गरी माण्डवी शिक्षाले हाम्रा राष्ट्रिय वेदका ओष्ठ्य स्पर्श 'ब' बाट थालिने अन्दाजी ६४० शब्दहरूको संकलन गरेको पाइन्छ। यति मात्र होइन, उपर्युल्लिखित अमोघानन्दिनी शिक्षाले त व (दन्त्योष्ठ्य) ब ओष्ट्यका वैकल्पिक प्रयोग हुने वल/बल कुवल/कुबल विवल/विबल जस्ता शब्दहरूको पनि खोजमेल गरेको छ।

माण्डवी शिक्षाका प्रणेता माण्डव्य हिमवत्खण्डका हुन्। माण्डव्य उत्तरका हुन् भन्ने तथ्यलाई वाराहमिहिरले पनि औंल्याएका छन्। नेपालमा माण्डव्य गोत्रीय शुक्ल यजुर्वेदी हरू मनग्गे पाइने हुनाले यो सबै तिनै पूर्वज माण्डव्यका वंशज हुन् भन्ने कुरामा सन्देह रहदैन। त्यसै हुनाले शुक्ल यजुर्वेदीहरूको ब्राह्मण ग्रन्थ शतपथ ब्राह्मणले आफ्नो वंशावलीमा उल्लेख गरेको छ—माण्डव्यान्माण्डव्यः

उपर्युक्त विवरण दिनुको उद्देश्य हो—शुक्ल यजुर्वेद प्रभावी उत्तरी भारत वर्षको समानान्तर संस्कृत तथा संस्कृत समानान्तर प्राकृतमा सुखोच्चरित हुने हुदाँ दन्त्योष्ठ्य 'व्' को ठाउँमा ओष्ठ्य 'ब्' को उच्चारण गर्ने प्रवृत्तिले प्रश्रय पाएको छ। माण्डव्यलाई व र 'ब' सम्बन्धी उच्चारण साङ्कर्यबाट वेदलाई सुरक्षित राख्नु थियो। अतः इनले आफ्ना शिक्षामा यसको विवरणलाई प्राथमिकता दिएका होलान्।

हामी पनि आफ्नो नेपाली प्राकृतमा केहि अपवाद स्थल बाहेक प्रायः सबै जसो ठाउँमा 'व' को साटो 'ब' कै उच्चारण गर्दछौं। लेख्दा 'व' दन्त्योष्ठ्य लेखिने भए पनि बोल्दा जिब्रो सुखग्राह्यका पछि लाग्दछ, प्रायः ओष्ठ्य 'ब' कै उच्चारण हुन्छ। शुक्ल यजुर्वेदको समानान्तर संस्कृत तथा आनुवंशिक समानान्तर नेपाली प्राकृत कि वा हिमवत्खण्डको प्राकृतमा परेको यो प्रभावले भारतवर्षको उत्तर पश्चिमी भागलाई व्याप्त गरेको छ भन्ने कुरामा भारतीय तथा केहि पाश्चात्य भाषा पण्डितको पनि समर्थन छ।

नेपाली राष्ट्रिय वेदमा केहि अपवाद स्थल बाहेक सबै मूर्धन्योष्म 'ष' वर्णको उच्चारण 'ख' हुन्छ। माध्यन्दिनीय शिक्षाले यसको विवरण दिएको छ। जस्तै—
अथकवर्गीयखकाराः निर्दिश्यन्ते—

अथ शिक्षां प्रवक्ष्यामि पाणिनीयमतं यथा
षकारस्य खकारः स्यात् टु-क-योगे तु नो भवेत्॥ (लघुमाध्यन्दिनी शिक्षा)

केशवी शिक्षामा पनि ष र ख सम्बन्धी उच्चारणको वर्गीकरण र व्याख्या गरिएको छ। उपर्युक्त माध्यन्दिनी शिक्षामा 'ख' युक्त शब्दहरू जस्तै आखुः, मयूखः आदि को सङ्कलन र निर्देश गरिएको छ।

नेपाली प्राकृतमा हाम्रो राष्ट्रिय वेदको यसै नियमलाई आधार मानिएको छ। वेद मा ष को 'ख' जस्तो उच्चारण भए जस्तै यसमा पनि ष को 'ख' उच्चारण गरिने नियम छ। नेपाली प्राकृतमा प्रयुक्त ख उच्चारण हुने मूर्धन्योष्म वर्णहरू मध्ये केहि अधोलिखित छन्। जस्तै—वर्षम् > बर्ख, हर्ष: > हर्ख, ऋषि: > ऋखि, शेष: > शेख, विशेष: > विसेख/क, भाषा > भाखा, विष > विख, उषा > उखा, ओषधि: > ओखती, दक्षिणः > दक्खिन, क्षति: > खति, मक्षा > माखा इत्यादि।

उपर्युक्त विवरण प्रस्तुत गर्नुको मुख्य उद्देश्य हिमवत्खण्डको नेपाली प्राकृत जसमा हामी दैनिक व्यवहार सञ्चालन गर्दछौं र जसको सम्मान हामी समस्त नेपाली ले राष्ट्रभाषाको रूपमा गरेका छौं; यसले आफ्नै राष्ट्रिय वेद शुक्ल यजुर्वेद त्यसैमा पनि माध्यन्दिन शाखाबाट मनग्गे प्रभाव ग्रहण गरेको छ भन्ने तथ्य उजिल्याउनु हो।

पश्चिमेली भाषा विकासका पण्डित र तिनीहरूलाई नै आधार मानेर आफ्ना मत प्रतिपादन गर्ने भारतीय विद्वानको ठूलो समुदाय भारतीय आर्यभाषा हरूको विकास क्रमको चर्चा गर्दा वैदिक संस्कृत > लौकिकसंस्कृत > प्रथम प्राकृत (पाली) > द्वितीय प्राकृत > शौर सेनी आदि > तृतीय प्राकृत अपभ्रंश (नेपाली आदि) को क्रम स्वीकार गर्दछन्। उपर्युक्त क्रम अनुसार विचार गर्दा नेपाली भाषाको उत्पत्ति र विकास वैदिक संस्कृतको पाचौं पुस्तामा आएर मात्र हुन्छ र यसको निकटवर्ती (पूर्वज) शौरसेनी हो। नेपाली भाषा पण्डितले पनि शौरसेनीबाट नेपाली भाषाको उत्पत्ति भएको कुरा निर्धक्क स्वीकार गरेको कुरा भन्न यहाँ कत्ति धक् मान्नु पर्ने छैन।

भाषा विकासको यस खालको विकास क्रम स्वीकार गर्दा नेपाली भाषाको उत्पत्ति केहि शय वर्ष अगाडि मात्र भएको कुरा देखिन आउँछ। भाषापण्डितहरूले तेस्रो प्राकृत अर्थात् अपभ्रंश भाषाहरूको उत्पत्ति समय छैठौं शताब्दी देखि बाह्रौं शताब्दी सम्म मानेका छन् त्यसैमा पनि नेपाली भाषाको उत्पत्ति र विकास त पुछारमा भएको भन्ने इनीहरूको विश्वास छ।

कालिदास जसलाई हिमवत्खण्डका सशक्त साहित्यकार तथा विशिष्ट वैदुष्य भएका मनीषीको रूपमा स्वीकार गरिएको छ, हिमवत्खण्डका प्राकृतबारे के भन्दछन्? विचार गरि हाल्नु प्रसङ्ग बाहिरको कुरा हुन जाओइन। यसको छलफलले हामीलाई यथार्थ भेट्ने लिस्नो लगाई दिन्छ भने भन्न् बेसै हो।

कालिदासका युगमा पनि प्राकृत थियो, लोक भाषा थियो अर्को शब्दमा। प्रकृति: संस्कृतम् ततः समानान्तरविकसितं प्राकृतम्। माथिको समानान्तर चर्चालाई बिर्सि न हाल्दा प्राकृत शब्दको व्युत्पत्ति पनि यस्तै गर्नु उचित होला जस्तो ठानिन्छ।

वेद र संस्कृतको समानान्तर चर्चाको संक्षिप्त प्रसङ्ग माथि उठाइएको थियो।

संस्कृत प्राकृत समानान्तर चर्चाको यस प्रसङ्गमा संस्कृत तत्सम शब्दहरूको ओइरो प्राकृतमा भेटिनुका साथै प्राकृत शब्दको फाट्फुट प्रयोग संस्कृतमा पाइने तथ्यलाई पनि बिर्सिहाल्न मिलेको छैन । उदाहरणस्वरूप—क्षुरिका/छुरिका, मुशलः/मुसलः, कलशः/कलसः कोषः/कोशः, गिरीशः/गिरिशः करभः/कलभः जस्ता शब्दहरूलाई औंल्याउन सकिन्छ । यी उदाहरणहरू र यस्ता अनेकौं उदाहरणहरू छन् जसले संस्कृत समानान्तर नै प्राकृत वाङ्मयको विकास भएको तथ्यलाई टड्कारो पार्दछन्—

तमसा तीरका महर्षि वाल्मीकि कालिदासका पूर्वज हुन् । संस्कृत समानान्तर प्राकृतको चर्चा गरिने यस सन्दर्भमा विश्वका आदिकविको पालामा पनि हिमवत्खण्डका प्रकृतिरमणीय उपत्यकामा प्राकृत बोलिथ्यो। यसको प्रमाण स्वयं वाल्मीकि रामायण र यसका रचयिता महर्षि वाल्मीकि छन् । वाल्मीकिले संस्कृत रामायण सङ्गै हिमवत्खण्डको प्राकृतमा प्राकृत रामायण पनि लेखेका थिए । यति मात्र होइन, वाल्मीकिले वाल्मीकि शिक्षा साथै वाल्मीकि व्याकरण पनि लेखेको सङ्केत तैत्तिरीय प्रातिशाख्यका उद्धृत वाल्मीकिका व्याकरणगत सिद्धान्तहरूबाट पाइन्छ । यसको विवरण थाहा पाइराख्दा कालिदासीय वाङ्मयतिर ओर्लिन सजीलो पर्ने जस्तो लाग्दछ ।

त्रेता युगमा हिमवत्खण्डको ख्याति विश्वविश्रुत थियो। भौतिक ज्ञान तथा आध्यात्मिक विज्ञान दुवैको क्षेत्रमा यसको मुकाबिला गर्न सक्ने संसारमा कुनै मुलुक थिएन । कृष्णले गीता सुनाउनु भन्दा एक युग अघि हिमवत्खण्डमा अष्टावक्रको गीता सन्देशले विशाल आर्यावर्त उपकृत भै सकेको थियो । द्वापर युगका अर्जुन भन्दा हजारौं वर्ष अघि नै राजर्षि जनकले गीता श्रवण गरिसकेका थिए । शुक्ल यजुर्वेदको यस उर्बरा भूमिमा समानान्तर संस्कृत र यसै वेदको आनुवंशिक समानान्तर हिमवत्प्राकृतको समृद्ध वाङ्मय पनि त्यसै समयमा थियो । राजकुमारी सीता देववाणी संस्कृत संगै मनुष्यवाणी प्राकृत पनि बोल्दथिन् ।

हनुमान रामको सन्देश लिएर सीता खोज्दै लङ्का पुगे । अशोक बाटिकामा सीतालाई देखे । त्यस वेला 'सीता सङ्ग म संस्कृतमा बोलौं अथवा प्राकृतमा ?' हनुमान् एक छिन् घोरिन थाले । हनुमानले सीतासङ्ग संस्कृत बोल्दा उनले हनुमानलाई वेष बदलेर आएको रावण ठान्ने छन् । किन भने एउटा देशका व्यक्तिको अर्को देशको व्यक्ति सङ्ग सम्पर्क गर्ने भाषिक माध्यम तिनताक संस्कृत नै हुन्थ्यो । अतः रावण सीता सङ्ग संस्कृत मात्र बोल्दथ्यो । त्यसैले वाल्मीकिका हनुमान सीता सङ्ग संस्कृत न बोलेर प्राकृत बोल्दछन्; जुन प्राकृत हैमवत प्राकृत थियो; हामीले आज बोल्ने नेपाली (प्राकृत)को तात्कालिक स्वरूप । संस्कृत बोल्दा रावणको आशङ्का मान्ने तर्क गर्न सक्ने हनुमानले निश्चय पनि प्राकृत बोल्दा मैथिलीले बुझ्ने अर्थात् उनले हिमवत्खण्डका उपत्यकामा वस्दा बोल्ने गरेको प्राकृत नै बोलेका होलान् । यसमा सन्देह

गरिरहनु परोइन जस्तो लाग्दछ । प्रस्तुत छ सुन्दर काण्डमा वाल्मीकि कै शब्दावली मा हनुमान्को तर्क—

अहं ह्यतितनुश्चैव वानरश्च विशेषतः ।
वाचं चोदाहरिष्यामि मानुषीमिह संस्कृताम् ॥
यदि वाचं प्रदास्यामि द्विजातिरिव संस्कृताम् ।
रावणं मन्यमाना मां सीता भीता भविष्यति ॥
वानरस्य विशेषेण कथं स्यादिह भाषणम् ।
अवश्यमेव वक्तव्यं मानुषं वाक्यमर्थवत्
मया सान्त्वयितुं शक्या नान्यथेयमनिन्दिता ॥

वाल्मीकि रामायण सुन्दरकाण्ड ३०।१७–१९

(म वानर हूँ । मैले त्यसै हुनाले मानुषी भाषा बोल्नु पर्दछ । ब्रह्मकर्म समर्थ द्विजातिले बोल्ने भाषा (देवभाषा) बोबें भने मलाई सीताले रावणले नै भेष बदलेर आएको भन्ने ठान्ने छन्। इनी म देखि डराउने पनि छन् । हुन पनि हो—वानर ले संस्कृतमा कसरी बोल्नु ? त्यसै हुनाले मैले सार्थक मानुषी वाणी (प्राकृत) मा बोल्नु समयोचित हुनेछ । यस बाहेक अरु कुनै भाषा प्रयोग गरें भने मैले मैथिलीलाई सान्त्वना दिन सक्ने छैन ।)

उपर्युक्त पद्यमा मानुषी संस्कृतको अभिप्राय वाल्मीकिको हैमवत प्राकृत संग नै थियो । यसैलाई हामी नेपाली भन्दछौं । अर्को कुरा यहाँ द्विजाति संस्कृत र मानुषी संस्कृत भन्नाले द्विजातिसंस्कृतसमानान्तर मानुषी संस्कृत (प्राकृत) भन्ने कुरा स्वतः टड्कारो हुन्छ । अन्यथा एउटै संस्कृतलाई द्विजाति संस्कृत र संस्कृतमा विभक्त गर्ने वाल्मीकिको उद्देश्य स्पष्ट हुँदैन ।

यहाँ वाल्मीकिले मानुषी र द्विजाति दुवैमा संस्कृत पद जोडि दिंदा केहिलाई भ्रम पर्न गएको छ । संस्कृत वाङ्मयका मनीषीहरूले यसै संस्कृत पदलाई मानुषी संग पनि जोडिदिएका आधारमा वाल्मीकिका हनुमान्ले लङ्कामा सीता संग संस्कृत मैं सम्वाद गरे भन्ने हल्ली चलाएका छन् । वस्तुतः वाल्मीकिले मानुषी वाक्मा संस्कृत पदको पुच्छर गाँस्नुको अभिप्राय यो देखिदैन । वरु यसबाट वाल्मीकिको समय मैं प्राकृतको व्याकरण रचना भै सकेको थियो र हनुमानले बोलेको प्राकृत त्यसै व्याकरण सम्मत कि वा संस्कृत थियो भन्ने कुरा छर्लङ्ग हुन आउँछ ।

केहि विद्वान्हरूको मत छ—प्राकृत मै संस्कार गरिंदिदा संस्कृत हुन्छ । जस्तो 'संस्कृत' शब्दकै वाच्यार्थले यो कुरा अभिव्यक्त हुन्छ । इनीहरू प्राकृतलाई संस्कृतको पूर्व रूप मान्दछन्। यो छलफल अलि लामो हुन जान्छ र अहिले यस बारे धेरै गहिरिनु

उचित पनि हुँदैन । वस्तुतः माथिका विवरण अनुसार प्राकृत संस्कृत दुवै समानान्तर हुन् ।

यहाँ ज्ञातव्य के छ भने—प्राकृत भाषा जब समृद्ध हुँदै जान्छ, त्यसमा विभिन्न वैकल्पिक तथा तद्भव प्रयोगहरूले जन-जिब्रोमा ठाउँ ओगट्न थाल्दछन् । त्यस बेला प्राकृतमा पनि सर्वमान्य व्याकरणको आवश्यकता प्रतीति हुन्छ । यसरी प्राकृत व्याकरणद्वारा संस्कार गरिएको प्राकृत शिष्टप्राकृत कि वा संस्कृत प्राकृत हुन पुग्दछ । यसै तथ्यलाई वाल्मीकि मानुषी प्राकृतको संस्कार गरिएको वाक्स्वरूप भन्ने अभिप्रायवश मानुषी संस्कृत भन्दछन् । अतः जसरी संस्कृत प्राकृत दुवै समानान्तर भाषा हुन्छन् त्यसरी नै मानुषी संस्कृत र द्विजाति संस्कृत पनि दुवै उनै समानान्तर भाषाद्वयका नामान्तरद्वय हुन् ।

वाल्मीकि आदि कवि हुनु संगै संस्कृतका महावैयाकरण थिए, भाषा वैज्ञानिक थिए । इनले लेखेको शिक्षा ग्रन्थ यद्यपि पूर्ण रूपमा फेला पर्दैन । यो अझ अन्वेष्टव्य नै छ, तथापि यसका उदाहरण र संकेत वैदिक वाङ्मय भित्र खोजिपस्दा फाट्ट फुट भेटिन्छन् । यजुर्वेदको तैत्तिरीय प्रातिशाख्यमा वाल्मीकिका मतको उल्लेख दुई ठाउँ गरिएको पाइन्छ जस्तै—

(क) उदात्तो वाल्मीकेः ।
(ख) कवर्गपरश्चाग्निवेश्यवाल्मीकयोः ।

यसका साथै विसर्ग जिह्वामूलीय र उपध्मानीय रूपमा उच्चरित न हुने वाल्मीकिको सिद्धान्त छ । उनको यो सिद्धान्त नै हिमवत्खण्डको प्राकृत (वाल्मीकिको मतमा मानुषी संस्कृत) ले स्वीकार गरेको तथ्य यहाँ उल्लेख्य छ ।

वाल्मीकिले स्वयं पनि प्राकृतको व्याकरण रचना गरेका थिए । यस दृष्टिले हाम्रा हिमवत् प्राकृतका आदि व्याकर्ता ऋषि इनै वाल्मीकि नै हुन आउँछन् । हिमवत्खण्डका इनै महर्षिले लेखेको प्राकृत व्याकरण नै आज हामीले राष्ट्रभाषाको रूपमा सम्मान दिएका नेपाली प्राकृतको प्रथम व्याकरण थियो होला भन्दा सङ्कोच न मान्दा हुन्छ जस्तो लाग्दछ । नेपाली वाल्मीकिले आफ्नो हिमवदुपत्यका र अधित्यकामा बोलिने प्राकृतको व्याकरण रचना न गरेर अन्य द्वीपान्तरका प्राकृतको व्याकरण रचना गरे हुन् भन्नु सोझै अविश्वसनीय हुन जाने छ । अस्तु ।

वाल्मीकिले प्राकृत भाषाको व्याकरण रचना गरेको भन्ने यस सन्दर्भलाई निम्नोक्त तथ्यहरूले अझ बढी उजिल्याउने आशा गर्न सकिन्छ । जस्तै—

प्राकृत भाषाका वैयाकरण हरूमा यता आएर त्रिविक्रम लक्ष्मीधर पन्त र सिंह राजको नाउँ प्रसिद्ध छ । इनका प्राकृत व्याकरणका ग्रन्थहरू क्रमशः प्राकृत शब्दानुशासन, षड्भाषा चन्द्रिका तथा प्राकृत रूपावतार हुन् ।

त्रिविक्रमले मूल प्राकृत का १०८५ सूत्रहरूको व्याख्या गरेका छन् । इनका प्राकृत शब्दानुशासनमा उपर्युक्त मूल प्राकृत सूत्रहरू कै क्रमिक व्याख्या छ । लक्ष्मीधर पन्त ले षड्भाषा चन्द्रिका ग्रन्थमा ती मूल सूत्रहरूलाई नै प्रयोगसाधन क्रमले राखेर व्याख्या गरेका छन् । सिंहराजले चाहिं उपर्युक्त १०८५ मूल सूत्र हरू मध्ये मात्र ५७५ सूत्रहरूको व्याख्या गरी संक्षिप्त ग्रन्थ बनाएका छन् । यसरी यी प्राकृत ग्रन्थहरू संस्कृत व्याकरणका सिद्धान्त कौमुदी र मध्य कौमुदी जस्तै हुन पुगेका छन् ।

माथि उल्लिखित तीनै प्राकृत ग्रन्थमा व्याख्या गरिएका एक हजार पचासी मूल प्राकृत सूत्रका रचयिताको हुन् ? यो प्रश्न टड्कारो हुन आउँछ । यस बारे खोजी गर्दा उपर्युक्त मूल सूत्रका रचयिता विद्वान् महान् प्राकृत वैयाकरण महर्षि वाल्मीकि नै हुन् भन्ने कुरा पत्तो लाग्न खोज्दछ । कारण शम्भु रहस्य जस्ता ग्रन्थहरूले यसै तथ्य तिर स्पष्टतया संकेत गरेका छन् । यस ग्रन्थले प्राकृत व्याकरणका रचयिता वाल्मीकि हुन् मात्र भन्दैन, अपि तु जसरी पाणिनि जस्ता विद्वान्हरू द्वारा व्याकृत भएको हुनाले संस्कृत भाषा सम्मानित छ र उत्तम मानिन्छ, त्यसै गरी प्राचेतस अर्थात् वाल्मीकि व्याकृत हुनाले प्राकृत भाषा पनि उत्तम हुन पुगेको छ, भन्दछ । माथि वाल्मीकिले रामायण सुन्दर काण्डमा प्राकृतलाई मानुषी संस्कृत भन्नुको तात्पर्य पनि व्याकरण सम्मत कि वा संस्कृत भएर नै हो भन्ने खाँटी कुराको चुरो पनि यहाँ आएर फेला पर्दछ । प्रस्तुत छ, शम्भु रहस्यको सम्बद्ध उद्धरण—

को विनिन्देदिमां भाषां भारतीं मुग्धभाषिताम् ।
यस्याः प्रचेतसः पुत्रो व्याकर्ता भगवानृषिः ॥
पाणिन्याद्यैः शिक्षितत्वात् संस्कृती स्यात् यथोत्तमा ।
प्राचेतसव्याकृतत्वात् प्राकृत्यपि तथोत्तमा ॥

भारतका राव बहादुर रङ्गाचार्यका हस्तलिखित ग्रन्थहरूको सूचीपत्रमा फेला परेको एउटा अपूर्ण प्राकृत ग्रन्थमा माथि उल्लिखित तीनै जना प्राकृतविद्वान्हरू द्वारा व्याख्यात सूत्रहरू फेला परेका छन् । यद्यपि यो ग्रन्थ समग्र रूपमा फेला पर्नु अझ बाँकी नै छ, तथापि उपलब्धांश मात्रले पनि प्राकृत सूत्रका मूल रचयिता महर्षि वाल्मीकि हुन्, भन्ने कुराको स्पष्टतया संकेत हुन्छ । प्रस्तुत छ उपर्युक्त ग्रन्थको मङ्गलाचरण—

येन श्रीरामचरितमधिगम्य सुरर्षितः ।
श्रीमद् रामायणं प्रोक्तं तस्मै वाल्मीकये नमः ॥
येन निर्मालिता ना/गावः षड्भाषाकृतयो नृणाम् ।
विमलैः सूत्रकृतकैस्तस्मै वाल्मीकये नमः ॥

स्वान्तस्य काव्येन गिरां च षण्णां
सूत्रैर्नराणां कलुषं प्रपत्या
पराकरोद् यः प्रथमं कवीनां
वाल्मीकिमेनं मुनिमानतोऽस्मि ॥

यसै गरी अध्याय समाप्तिमा—

श्री वाल्मीकीयेषु सूत्रेषु द्वितीयाध्यायस्य पादश्चतुर्थः ॥

नागरी प्रचारिणी सभा काशीद्वारा प्रकाशित नागरी प्रचारिणी पत्रिकामा वाल्मीकिका प्राकृत भाषा सम्बन्धी एउटा लेख मैले पढ्ने मौका पाएको छु। यसका लेखक श्री बटुकनाथ शर्मा एम० ए० तथा पं० बलदेव उपाध्याय हुन्। उक्त लेखमा एउटा श्लोक उद्धृत गरिएको छ, जसले आदि कविले प्राकृत व्याकरण मात्रै होइन प्राकृत रामायणको पनि रचना गरेको तथ्य अभिव्यक्त हुन्छ। प्रस्तुत छ त्यहि श्लोक—

यथैव रामचरितं संस्कृतं तेन निर्मितम्।
तथैव प्राकृतेनापि निर्मितं हि सतां मुदे॥
तथैव प्राकृतादीनां षड्भाषाणां महामुनिः।
आदिकाव्यकृदाचार्यो व्याकर्ता लोकविश्रुतः॥

माथिको वाल्मीकि सूत्रको 'द्वितीयाध्यायस्य चतुर्थः पाद'को उद्धरणले वाल्मीकि सूत्रहरू अध्याय तथा पाद शैलीमा विभक्त थिए भन्ने कुरा पनि व्यक्त गरिदिन्छ। हिमवत्खण्डका महर्षि वाल्मीकिको यसै शैलीलाई पछि पाणिनिले स्वीकार गरेका हुन् भन्न सजिलै सकिन्छ।

प्राकृत व्याकरण र वाल्मीकिको यस प्रसङ्गमा प्राकृत व्याकरणकार हेमचन्द्रको शब्दानुशासनको नाम ग्रहण पनि गरि हाल्नु उपयुक्त छ। नेपाली प्राकृत कि वा हिमवत्प्राकृत कै वाक्प्रवृतिहरूको मुख्य आधारमा नै हैम शब्दानुशासनको रचना भएको छ। प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा भारतीय तथा ग्रियर्सन लगायत अन्य विदेशी भाषा पण्डितहरूले यो कुरा स्वीकार गरेका छन्।

प्रकृतमनुसरामः। जसरी हिमवत्खण्डका महर्षि वाल्मीकि हिमवत्प्राकृतलाई मानुषी संस्कृत कि वा मानुषं वाक्यं भन्दछन् त्यसै गरी हिमवत्खण्डका मनीषी महाकवि कालिदास आफ्नो प्राकृतलाई मनुष्यवाक् भन्दछन्। कालिदासको मनुष्यवाक् प्राकृत हो। संस्कृतलाई इनी संस्कारवती वाणी, भन्दछन्। वाल्मीकिको वानर मानुषं वाक्यं मा जसरी बोल्दछ त्यसै गरी कालिदासको सिंह रघुवंशमा मनुष्यवाक् बोल्दछ। उदाहरणार्थं रघुवंशको प्रस्तुत पद्य—

तमार्यगृह्यं निगृहीतधेनु-
मंनुष्यवाचा मनुवंशकेतुम् ।
विस्माययन् विस्मितमात्मवृत्तौ
सिंहोरुसत्त्वं निजगाद सिंहः ॥ रघु० २।३३

यस्तै मनुष्य वाक् किं वा प्राकृतको प्रसङ्ग कालिदासीय काव्यमा अन्यत्र पनि आएको छ, त्यो हो कुमारसम्भवम् महाकाव्यमा शिव पार्वती विवाहको प्रसङ्ग। हिमवत् राजकुमारी पार्वतीको विवाह सम्पन्न भए पछि इन्द्रादि देवता लगायत सबै देव गन्धर्व भगवान् शङ्करको अभिन्दन गर्न उपस्थित हुन्छन्। गंगा यमुना समेत हातमा चमर लिएर सेवाका लागि प्रस्तुत हुन्छन् । त्यस बेला स्वयं वाणी पनि सरस्वती रूपमा नव वरवधूको शाब्दी अभिनन्दनका लागि प्रस्तुत हुन्छिन् । यस बेला सरस्वती शिवको संस्कृत वाक्य द्वारा अभिनन्दन गर्छिन् भने राजकुमारी पार्वतीको अभिनन्दन प्राकृत वाक्य द्वारा । यहाँ कालिदास संस्कृतलाई संस्कार पूत वाङ्मय भन्दछन् भने प्राकृतलाई सुखग्राह्य वाङ्मय । प्रस्तुत छ, कुमारसम्भवको उपर्युक्त विवरणलाई स्पष्ट पार्ने कालिदासीय पद्य—

द्विधा प्रयुक्तेन च वाङ्मयेन
सरस्वती तन्मिथुनं नुनाव ॥
संस्कारपूतेन वरं वरेण्यं
वधूं सुखग्राह्यनिबन्धनेन ॥ कुमार ७।२०

उपर्युक्त पद्यको सुख ग्राह्य निबन्धन वाङ्मय कालिदासका हिमवत्खण्डको वाङ्मय हो । हिमालय नगाधिराजका राज प्रासादमा अधिराज कुमारी पार्वतीले बोल्ने वाङ्मय हो । नेपाली प्राकृतको मूल स्वरूप हो । कालिदासको मात्र होइन, जनक नन्दिनी सीता तथा हिमवन्नन्दिनी पार्वतीको समेत मातृभाषा हो ।

जसरी संस्कृत र प्राकृत समानान्तरसम्पृक्त वाक्तत्त्व हुन् त्यसरी नै शिव र पार्वती पनि समानान्तर सम्पृक्त ईश्वर तत्त्व । संस्कृत शब्द हो, प्राकृत अर्थ । संस्कृत शिव हो, प्राकृत पार्वती । संस्कृत पिता हुन्, प्राकृत आमा । संस्कृत पितृभाषा हो, प्राकृत मातृभाषा । संस्कृत श्रेयस् हो, प्राकृत प्रेयस् । यसरी समानान्तर सम्पृक्त अर्धनारीश्वरका रूपमा आफ्ना इष्टदेवको स्तुति गर्ने माध्यम बनाएर संस्कृत प्राकृत रूपमा समानान्तर सम्पृक्त वाग्देवीको स्तुति गरेका छन् कालिदासले, आफ्ना रघुवंश महाकाव्यको मङ्गलाचरणमा—

वागर्थाविव सम्पृक्तौ वागर्थप्रतिपत्तये ।
जगतः पितरौ वन्दे पार्वतीपरमेश्वरौ ॥ रघु० १।१

नेपाली भाषा शौरसेनी प्राकृतजन्य भाषा हो भन्ने कुरालाई हाम्रा नेपाली

भाषा शास्त्री तथा पाश्चात्य तथा भारतीय भाषाशास्त्रीहरू सबैले एक मतो भएर स्वीकार गरेका छन् ।

शौरसेनी शुक्ल यजुर्वेद, त्यसमा पनि खास गरी माध्यन्दिन शाखाबाट प्रभावित छ भन्ने तथ्यलाई बेवर तथा डा० सिद्धेश्वर वर्मा जस्ता विद्वानहरूले स्वीकार गरिसकेका छन् । जार्ज ग्रियर्सनको भाषा विश्लेषणले पनि उनलाई यतै डोऱ्याएको देखाउँछ । भारतवर्षको समस्त उत्तरी भूभागमा शुक्ल यजुर्वेदको र त्यसमा पनि मुख्यतः माध्यन्दिन शाखाको प्रभाव परेको हुनाले नै शौरसेनी प्राकृतको यस्तो एकच्छत्र साम्राज्य यस भेकका वाक्प्रवृति हरूमा देखिन आएको हो । शौरसेनीको यो सार्वभौम सत्ताको दवाववाट आफूलाई स्वतन्त्र राख्न चाहने भारतीय खडीबोलीका केहि भाषापण्डितले हिन्दी शौरसेनीबाट विकसित न भएर कौरवीबाट विकसित भएको हो भन्न पनि खोजेका छन् । यस मतका समर्थक भारतीय विद्वान् हुन्—किशोरीदास वाजपेयी तथा डा० रामविलास शर्मा ।

वस्तुतः तथ्य औल्याउने हो भने खडी बोलीलाई कौरवी र पाण्डवी जे सुकैबाट विकसित माने पनि शौरसेनी बाट अलग हुन यसलाई निकै गाह्रो छ ।

शौरसेनीलाई आधुनिक भाषा वैज्ञानिकहरू सबै भन्दा पुरानो प्राकृत मान्दछन्, पालीको उत्तराधिकारी । शौरसेनी प्रभावित अन्य प्राकृतहरूमा पैशाची र मागधी पनि छन् । मागधी कै बढी शौरसेनी प्रभावित एउटा भाग अर्ध मागधी हो । यसरी शौरसेनी र पैशाचीले भारतवर्षका समस्त आर्य भाषाहरूलाई प्रभावित गरेका छन् शौरसेनीको नियम संग न मिल्ने जति सबै महाराष्ट्री प्राकृत हुन्छ । शेषं महाराष्ट्रीवत् जस्ता निर्देशले यो कुरा स्पष्ट पारेको छ ।

अघिसम्म नेपाली प्राकृतको कि वा हिमवत्प्राकृतको वर्णन गरिएको थियो । यसैलाई शुक्ल यजुर्वेद प्रभावित तथा समस्त भारतवर्षीय आर्यभाषा व्यापी प्राकृत हुने तर्फ संकेत गरिएको थियो । यति मात्र होइन, यसैलाई पार्वतीको मातृभाषा तथा जनक नन्दिनी सीताको भाषाको रूपमा सप्रमाण स्वीकार गरिएको थियो तर अहिले आएर शौरसेनीले नै त्यसको ठाउँ ओगटेको जस्तो उपर्युक्त वाक्य द्वारा ध्वनित हुन आएको छ । अतः पहिलेको नेपाली हिमवत्प्राकृत र यस शौरसेनी प्राकृतको सम्बन्ध स्पष्ट पार्नु यहाँ आवश्यक देखिन्छ ।

नेपाली प्राकृत जसलाई हिमवत्प्राकृत भनिएको छ र जो वाल्मीकिकी सीता, हिमालयकी पार्वती तथा कालिदासका मृगाधिराजको मनुष्य वाक् भनिएको छ, आधुनिक भाषा शास्त्रीहरूको शौरसेनी त्यसैको समानान्तर प्राकृत हो । त्रेतायुगका प्राकृतको रूपका संस्कृत समानान्तर विकसित यस प्राकृतलाई कालिदास पनि प्राकृत वा सुखग्राह्य भाषा भन्दथे तर पछि यसको नामकरण शौरसेनी हुन गएको छ ।

भारतवर्षका भाषाहरुको खोजी मेली गर्नु अंग्रेजहरूलाई चासोको विषय थियो कारण इनीहरू भाषिक दासताको गह्रुँगो डोको भारतीय जनतामा बोकाई छाडन चाहन्थे। अतः इनले यस तर्फ बढी अभिरूचि देखाए। इनका दृष्टिमा भारतको शौरसेनीले समग्र उत्तरी भारतका पञ्जाबी, कुमाउनी, गढवाली, राजस्थानी, कन्नौजी, बुन्देली जस्ता भाषालाई प्रभावित पारेको फेला पऱ्यो। नेपालीलाई पनि इनी हरूले यसै अन्तर्गत पारेर अध्ययन गरे। हामीले पनि यस कै देखासिकी मा समस्त भारत वर्षीय आर्यभाषालाई आफ्नो क्षेत्र भित्र अटाउन सक्ने हिमवत्खण्डको शुक्ल यजुर्वेदीय माध्यन्दिन शाखा विकसित हिमवत्प्राकृत तर्फ आखां चिम्लेर अंग्रेजी पण्डितका निर्णयलाई शिरोधार्य ठान्यौ। आफ्नो नेपाली प्राकृतलाई सोझै संस्कृत समानान्तर न मानेर वैदिक संस्कृत > पाली > प्राकृत > अपभ्रंश > नेपालीको रूपमा पाचौं पुस्तामा आएर आफ्नो भाषाले अस्तित्व पाएको विश्वास गर्न थाल्यौं। आफ्नो भाषिक वैशिष्ट्य प्रति आँखा चिम्लेर अंग्रेज पण्डित र त्यशका देखासिकिमा लाग्ने भारतीय पण्डितका लहलहैमा लागेर हामीले आफ्नो हिमवत्प्राकृतलाई दासानुदास पाऱ्यौं। अस्ति भर्खरको दुधे बालक पाऱ्यौं।

वस्तुतः हाम्रो भाषाको विकास शौरसेनी प्राकृतबाट भएको होइन अपि तु हाम्रो हिमवत्प्राकृत नै अधित्यकामार्गबाट ओर्लेर मथुरा प्रदेशमा पुग्दा शौरसेनी, मगधमा पुग्दा मागधी, अवध्रको हाराहारीमा अर्धमागधी जस्ता नाउँले भाषा भौगोलिक दृष्टिकोणले विकसित भएको हो। यसको विस्तृत चर्चा आफ्नो भू-भाषिकी नामक पुस्तकमा मैले गरेको छु।

शौरसेनी भनिदा वा शौरसेनी नाम प्राप्त गर्नु भन्दा पहिले देखि नै हिमवत्प्राकृत सम्पन्न एवं समृद्ध रूपमा हिमवत्खण्डमा अस्तित्ववान् थियो भन्ने कुरा त स्वयं वाल्मीकिको रामायण, उनको मानुषं वाक्यम्, उनका प्राकृत सूत्र तथा प्राकृत रामायणहरूले अभिव्यक्त पारे कै छन्। जसलाई कालक्रमले पनि त्रेतायुगको भनिन्छ। त्रेता युग द्वापर युग भन्दा पहिलेको हो भन्ने कुरा सन्देहातीत छ। शौरसेनी नामकरणको इतिहासलाई जति लम्ब्याए पनि द्वापर युग भन्दा माथि जान सक्दैन। अतः अंग्रेज र भारतीय भाषा पण्डितहरूका लह लहैमा लागेर आफ्नो भाषाको इतिहास लाई यति तल ओह्राल्नु हामी हिमवत्खण्डका स्वाभिमानी तथा कालिदासीय सुखग्राह्य भाषाका पक्षपाती हरूलाई कतिको सुहाउँछ? अथवा सुहाउँछ सुहाउँदैन? हामी सबैले विचार गनु पर्ने छ। सुहाउँदैन भने बेलैमा आफूलाई सुधार्नु वेश हो। कालिदासको सुख ग्राह्य भाषाको संकेत पनि हिमवत्खण्डको परम-प्राचीन कालबाट आएको प्राकृत भाषा तर्फ छ। अतः यहाँ शौरसेनीलाई व्यापक रूपमा लिइँदा आधुनिक भाषा शास्त्री हरूले स्वीकार गरेको शौरसेनी मात्र न भई प्राचीन हिमवत्प्राकृत (नेपाली)

लाई नै पछि पाली युग (कलि युग) मा आएर शौरसेनी नाम प्राप्त प्राकृत ठान्नु पर्ने कुराको पाठकलाई बेलैमा स्मरण दिलाउनु उचित हुने छ ।

व्यापक हिमवत्प्राकृतले शौरसेनीको नामकरण स्वीकार गरेको कुराको उल्लेख भर्खरै गरियो । यसको प्रमाणस्वरूप भरतको गीतालङ्कार ग्रन्थलाई अगाडी सार्न सकिन्छ—

गीतालङ्कारमा भरतले ४२ भाषिकाहरूको उल्लेख गरेका छन्। ती मध्ये कौशिकी, किराती, कुकुरी, शूरसेनिका जस्ता भाषिकाहरू कौशिकीप्रदेशका हिमवत्प्राकृत समानान्तर विकसित भाषिका हुन् । किराती पनि त्यसै गरी हिमवत्प्राकृत समानान्तर विकसित भाषिका हो । सम्भवतः यस कुकुरी भाषिकाको अर्को नाउँ नै नेपाली 'कुरा' हो, जो खसकुरा जस्ता शब्दमा भाषाको अर्थमा प्रयोग भएको छ ।

खस कुराको खस शब्द पनि हिमवत्प्राकृतको शक क्षेत्रीय उपभाषिकाको अर्को नाउँ हो । संस्कृत शब्दमा वर्ण विपर्यय हुने नियम छ । पाणिनिले यसको लागि 'पृषोदरादीनि यथोपदिष्टम् । पा० सू० ६।३।१०९ सूत्र रचना गरेका छन् । यसमा हिंसः को वर्ण विपर्ययबाट सिंह हुने कुराको उल्लेख छ—सिंहोवर्ण विपर्ययात् । भाषामा पनि यस्ता वर्ण विपर्य भएर प्रयुक्त हुने शब्दहरू मनग्गे पाइन्छन् । जस्तो बुड्नु > डुब्नु, मुकल्लचह > मुचुल्का, नोक्सान > नस्कान, गरुड > गड्डुर, जानवर > जनावर, डेस्क > डेक्स, नारिकेल > नालिकेर जस्ता शब्दहरू । यसै वर्ण विपर्यय भएर हिमवत्खण्डको उपत्यका (कालिदासीय अर्थमा तराई भागको नेपालीप्राकृत) को क्षेत्रीय शकभाषिका जसको उच्चारण वर्ण विपर्ययले गर्दा पछि गएर शक > कश > खश हुन पुग्यो, शाक्य गणतन्त्र कै प्राकृत हो । सम्भवतः भरतको 'कुकुरी' नेपाली कुरा सङ्ग सम्बद्ध हुँदा यसको नाउँ खश कुरा हुन गयो । अथवा खश भाषिकालाई भाषा वाचक कुरा शब्द सङ्ग जोडेर खश कुरा भन्न थालिएको हुनु पर्दछ । खश कुराको यो महत्त्व प्रति एकदमै उदासीन भएर पाश्चात्य प्रभावी व्यक्तिले नेपाली भाषाको पूर्वरूप खश कुरा हो भनिदिँदा यसको वास्तविक तत्त्व बुझ्न पट्टि न लागि आफ्नो भाषालाई हेला गरेर खश भाषा वा खसौटेको भाषा भन्यो भन्ने ठानी यसलाई राम्रो पार्न 'खासकुरा' को नामकरण गरेको पनि फेला पर्दछ । यसो गर्नु कतिको उचित हुन्छ नेपाली भाषा वैज्ञानिक हरूले बेलैमा विचार गरि हाल्नु पर्ने छ ।

किराती क्षेत्र (पूर्वोत्तरवर्ती प्रदेश)को भाषिका नै किरात भाषिका हो । आज पनि किराती क्षेत्र र किराती थर हुने हाम्रो नेपाली उपजाति छ । इनको आफ्नो भाषिका छ । महाभारत कालमा किरात प्रदेशको ठूलो ख्याति थियो । अर्जुनले पाशुपतास्त्रको दीक्षा हाम्रा यसै प्रदेशका किराती (शिव) बाट पाएका हुन् । वाल्मीकि स्वयं किराती थिए किराती राजाहरूको समृद्ध इतिहास हाम्रो हिमवत्खण्डमा छ ।

उपर्युक्त भरत नाट्यालङ्कारमा उल्लिखित शूरसेनिका नै शौरसेनीको अर्को नाउँ हो । यस प्रसङ्गबाट हामी के थाहा पाउन सक्दछौं भने उपर्युक्त भाषिकाहरू जस्तै शूरसेनिका पनि एउटा भाषिकाको रूपमा भरतको युगमा थियो । हिमवत्प्राकृतका क्षेत्रीय वैशिष्ट्य अँगालेका विभाषाहरू नै शक/शाक्य भाषा = खश भाषा, कुकुरी = कुरा, कौशिकी = कोशी तटवर्ती भाषिका, किराती तथा शूर सेनिका हिमवत्खण्डको पश्चिमोत्तर उपत्यकामा बोलिने भाषिका हुन् । यी हिमवत्प्राकृतका यी सबै विभाषा हरूबाटै भारतीय भाषाहरूको विकास भएको छ ।

हिमवत्प्राकृत कै समानान्तर नामकरण शौरसेनी कसरी हुन पुग्यो होला ? भन्ने बारे हिमवद्देशको इतिहास तर्फ एक पल्ट सिंहावलोकन गर्नु पर्ने आवश्यकता टड्कारो हुन आउँछ—

महाभारत काल अर्थात् द्वापर युगमा शूरसेन प्रदेशमा कृष्णावतार भयो । यस प्रदेशको महिमा बढ्यो । अन्य कुरा हरू साथै भाषिक क्षेत्रमा पनि यसको प्रभाव हुनु स्वाभाविकै थियो । जस्तो माथि उल्लेग गरियो, यस युगका महान शस्त्रवित् अर्जुनले हिमवत्प्रदेशको किरात क्षेत्रमा आइ तपस्या गरेर पाशुपत दीक्षा लिएका थिए । रामको युगमा शस्त्र विद्याका लागि प्रसिद्ध कौशिकी क्षेत्र तथा कृष्णको युग अर्थात् द्वापर युगमा प्रसिद्ध किराती क्षेत्रमा अर्जुन भन्दा पहिले तथा अर्जुन भन्दा पछि पनि कति शस्त्र दीक्षा लिप्सुहरू आए होलान् गए होलान् ।

महाभारत युद्ध हुनु भन्दा पहिले विराट राजाको आश्रयमा बसेका पाण्डवहरूले पनि किरात क्षेत्र र यसको समीपवर्ती प्रदेश कौशिकीका भाषाहरू सङ्ग सम्पर्क गर्ने मौका पाए । गुप्तवासको ३६५ दिनको लामो अवधिसम्म यहाँ बस्दा इनीहरू हिमत्प्रदेशको किराती कौशिकी मात्र होइन, कुकुरी र अन्य भाषिकाहरू सङ्ग पनि अप्रभावित रहि रहन सकेनन् होला । फलतः महाभारत युगमा हिमवत्प्रदेशको यो आवागमनले शूरसेनिकालाई नै समृद्ध पारि दियो होला भन्ने कुरा सहजै अनुमान गर्न सकिन्छ । विशाल समुद्रमा साना नदीहरू मिल्न पुगे जस्तै भाषाभौगोलिक तथ्य अनुसार भाषिकाहरू पनि ससृद्ध क्षेत्र तिरै उन्मुख हुन खोज्दछन् ।

महाभारत युद्धमा हिमवत् प्रदेशका किराती राजा जितेन्द्राष्टीले पनि पराक्रम देखाएका थिए । यस खालको सहयोग दीक्षा आश्रय र आवागमनले गर्दा हिमवत्प्रदेशको प्राकृतबाट शूरसेनिका समृद्ध भयो । पछि गएर शूरसेनी भाषिका नै हिमवत्प्राकृतको पर्यायवाची हुन पुग्यो । हिमवत्प्राकृतको समस्त क्षेत्र यसै नामले ओगटिन पुग्यो । फलतः (शौरसेनी पहिलो प्राकृत हो । शौरसेनी शुक्ल यजुर्वेद सम्बन्ध छ । शौरसेनी क्षेत्र अमुक हो। शौरसेती माध्यन्दिन शाखा प्रभावी क्षेत्रमा बोलिन्छ) जस्ता नाराहरू आधुनिक भाषा वैज्ञानिक हरूले दिन थाले ।

उपर्युक्त विवरणका आधारमा खाँटो कुरा के भने हिमवत्प्राकृत कै अर्को नाउ शौरसेनी हो। हिमवत्प्राकृत कै वैशिष्ट्य अँगालेर शौरसेनी यति समृद्ध हुन सकेको हो। प्राकृतका रूपमा हिमवत्प्राकृत नै यस भाषाको पहिलो नाउँ हो, जस्तो संस्कृत। तर यसैलाई क्षेत्रीयताका आधारमा शौरसेनी जस्ता नामकरण पछिका भाषाविद्ले गरिदिए। यस सन्दर्भलाई हृदयङ्गम गर्दा हिमवत्प्राकृत शौरसेनीको पुरानो नाउँ हो। शूरसेन र शौरसेनीको नामकरण हुनुभन्दा पहिले देखि नै यसको अस्तित्व छ। द्वापर युगभन्दा पहिले नै देखि यसको स्थिति छ। कालिदासले भनेको सुखग्राह्य वाङ्मय पनि यहि हिमवद्देशीय प्राकृत वाङ्मय हो। उनको मनुष्य भाषा कि वा लोक भाषा पनि हिमवत्प्राकृत हो। त्यसैले नाट्य प्रयोग हरूमा कालिदास शौरसेनी कै बाहुल्येन प्रयोग गर्दछन्।

वाल्मीकिको माथि उद्धृत सीता विषयक प्रसङ्गका साथै कालिदासीय कुमार सम्भवको सरस्वती द्वारा निवेदित स्तुतिको पनि सन्दर्भ विचार गर्दा कालिदास र वाल्मीकि दुवैले श्रव्य काव्यमा पनि स्त्रीपात्र बाट आफ्नो मातृ भाषा हिमवत् प्राकृत नै बोलाएका छन्। यति मात्र होइन, सिंह पनि मनुष्यवाक् प्राकृत नै बोल्दछ। 'रानी महारानीहरूले कहिले काहि संस्कृतमा पनि बोल्नु पर्छ' भन्ने नियम भरतले आफ्ना नाट्य शास्त्रमा बाँधेका छन्। भरतलाई आदरका दृष्टिले हेर्ने कालिदासले उनका यस नियमको उपेक्षा गरेर पनि आफ्नो मातृभाषा प्राकृत (हैमवती प्राकृत) को महत्त्व बढाएका छन्। कालिदासका नारी पात्र संगै रानी पात्र पनि प्राकृत मात्र बोल्दछन्। मालविकाग्निमित्रम्का धारिणी र ईरावती, विक्रमोर्वशीयम्की उर्वशी, अभिज्ञान शाकुन्तलम्की शाकुन्तला कुनैले पनि अधिकार प्राप्त हुँदा हुँदै पनि संस्कृतमा एक वाक्य बोल्दैनन्। अन्तःपुर निवासीहरूले मागधी मा बोल्नु पर्ने नियम भरत मुनिको नाट्यशास्त्रमा उल्लेख छ। तथापि आफ्नो हिमवद्देशका मातृभाषाको स्वाभिमानी कालिदासका सबका सब पात्र हैमवत प्राकृत (तथाकथित शौरसेनी) नै बोल्दछन्। अपवादस्वरूप कालिदासीय साहित्यमा केवल एउटा शाकुन्तल नाटकको धीवरले मात्र मागधी प्राकृतमा बल्ल बल्ल डराई-डराई आफ्नो बर्क्के फुटाउने साहस गरेको छ। आफ्नो मातृभाषा प्रतिको कालिदासको यो ममता अवश्य नै प्रशस्य छ।

हिमवत्प्राकृत (शौरसेनी) लाई यति महत्त्व दिने कालिदासका नर तथा नारी पात्र मात्र होइनन् देवयोनिका पात्रहरू पनि प्राकृत बोल्दछन्। यो पनि अस्वाभाविक होइन—किन भने देवयोनि (यक्ष, किन्नर सिद्धहरू) को बस्ती तथा निवास हिमवत्खण्ड मै छ। विक्रमोर्वशीयम् पाचौं अङ्कको किराती पात्र पनि आफ्नै प्राकृतमा बोल्दछ भन्ने कुराको टिपोट पनि यहि गरिहाल्नु उचित छ।

कालिदासको सिंह मनुष्य वाक् हिमवत्प्राकृत बोल्दछ, नन्दिनी गाई मनुष्य वाक् (प्राकृत) बोल्दछिन् । राजकुमारी उमा पनि संस्कृत भन्दा बढी सुखग्राह्य प्राकृत सुन्न र बोल्न मन पराउँछिन् । आफ्ना दंष्ट्रामयूखले ओडार उजिल्याउँदै प्राकृत बोल्ने सिंह जस्तै दशनप्रभाले छाती टल्काउँदै अज संग बात मार्दा मतङ्गशापित गन्धर्व प्रियम्वदले पनि प्राकृत मै बोलेको होला भन्ने कुरा सहजै अनुमान गर्न सकिन्छ । यस सन्दर्भमा कालिदासीय काव्यका दुवै पद्यको उल्लेख यहाँ गर्नु उपयुक्त नै हुनेछ ।

(क) अथान्धकारं गिरिगह्वराणां
दंष्ट्रामयूखैः शकलानि कुर्वन् ।
भूयः स भूतेश्वरपार्श्ववर्ती
किञ्चिद् विहस्यार्थपतिं बभाषे ॥ रघु० २।४६

(ख) अथ प्रभावोपनतैः कुमारं
कल्पद्रुमोत्थैरवकीर्य पुष्पैः
उवाच वाग्मी दशनप्रभाभिः
संवर्धितोरःस्थलतारहारः ॥ रघु० ५।५२

यसै गरी मनुष्य वाक् बोल्ने सिंहको बोली सुनेर छक्क परेका राजा दिलीप, गाई नन्दिनीको मुखबाट पनि मातृवत् स्नेह सिञ्चित हिमवत्खण्डको मातृभाषा (प्राकृत) को अजस्र वाग्धारा छुटेको देख्दा पुनः विस्मित न भैं रहन सक्दैनन्—

तं विस्मितं धेनुरुवाच साधो !
मायां मयोद्भाव्य परीक्षितोऽसि ।
ऋषिप्रभावान्मयि नाऽन्तकोऽपि
प्रभुः प्रहर्तुं किमुताऽन्यहिंस्राः ॥ रघु० २।६२

शाकुन्तल नाटकको सर्वदमन भरत आफ्नी आमाको भाषा तथा उसको मातृभाषा हिमवत् प्राकृतमा नै बोल्दछ । कालिदासमा हिमवत्प्राकृत प्रतिको सम्मान त्यहाँ आएर व्यक्त हुन्छ जुन बेला उनका विक्रमोर्वशीयम् नाटकका समानस्तर गुण पेशाका दुइ पात्र गालव र पेलव मध्ये गालव संस्कृत बोल्दछ भने पेलव प्राकृत ।

कालिदासको हिमवत्प्राकृत सम्पूर्ण हिमवत्प्रदेशमा बोलिने तथा आदर गरिने प्राकृत थियो । यस प्राकृतले यस भेकका विभिन्न जातिलाई भाषिक दृष्टिले समवेत पारेको थियो । आज पनि हिमवत्खण्डमा कोटि कोटि जन-जिव्हाबाट राष्ट्रभाषाको रूपमा एउटै मात्र हिमवत् प्राकृत नेपाली निस्कन्छ । कालिदासको युगमा पनि यहि वैशिष्ट्य थियो यस देशको । अतः उनको नाटक विक्रमोर्वशीयम्की राजदरबार परिचारिका यवनीले सम्म हिमवत्प्राकृत मैं बोल्ने कुरामा किन शङ्का लिनु ?

प्राकृतलाई सुखग्राह्य भन्ने कवि संस्कृतलाई संस्कार पूत वाङ्मय भन्दछन् । हिमवत्खण्डका विद्वान् मनीषीहरू यसै संस्कार युक्त संस्कृत भाषामा आफ्ना भाव अभिव्यक्त गर्दछन् । स्वर्ग र लोक दुवैमा कामधुग् यस संस्कृत वाङ्मयले आध्यात्मिक आधिभौतिक तथा आधिदैविक तीनै मार्गमा आलोक दिन्छ । कालिदास संस्कृतको महत्त्व यसरी प्रतिपादन गर्दछन्—

प्रभामहत्या शिखयेव दीप-
त्रिमार्गयेव त्रिदिवस्य मार्गः ।
संस्कारवत्येव गिरा मनीषी
तया स पूतश्च विभूषितश्च ॥ कुमार० १।२८

संस्कृतमा वर्णका स्थान र प्रयत्नको विवेक हुन्छ । प्राकृतमा जस्तो सुखग्राह्यता र मधुराक्षरत्व मात्र यसको उद्देश्य हुँदैन । यसको उद्देश्य एक मात्र पवित्रता हो । प्राकृतको उद्देश्य लौकिक भावाभिव्यक्ति मात्र हो भने संस्कृतको उद्देश्य दृष्ट र अदृष्ट दुवै थरि इष्ट साधन गर्नु हो । त्यसैले यसमा शब्द साधुत्व र साधु शब्दको विशेष ख्याल गरिन्छ । असाधु शब्द कि वा असंस्कृत शब्दमा पुण्यजनकता वच्छेदकता रहदैन, मात्र व्यवहार साधनता रहन्छ । अतः कालिदास व्यवहारमा जनभाषा प्राकृतलाई महत्त्व दिन्छन् भने परमार्थका लागि संस्कृतमा उनी आफ्नो बढी आस्था भएको देखाउँछन् । जस्तै—

पुराणस्य कवेस्तस्य वर्ण-स्थान-समीरिता
बभूव कृतसंस्कारा चरितार्थेव भारती ॥ रघु० १०।३६

माथि संस्कृतलाई शुल्लयजुष् समानान्तर भनिएको छ र शुक्लयजुष्लाई सूर्यबाट प्राप्त ज्ञानराशिको रूपमा । महाकवि कालिदास स्वयं शुक्ल यजुर्वेदी हुनाले आफ्ना काव्यमा यस्ता प्रसङ्ग उद्भावित गरि रहन्छन् । रघुवंशको पन्ध्रौं सर्गमा कालिदास सीतालाई स्वर संस्कारवती ऋचाको उपमा दिन्छन् र रामलाई त्यस ऋचा द्वारा उपस्थान कि वा आराधना गरिने सूर्यको साथै कविलाई पनि आराधकको । प्रस्तुत छ उद्धरण—

स्वरसंस्कारवत्यासौ पुत्राभ्यामथ सीतया ।
ऋचेवोदर्चिषं सूर्यं रामं मुनिरुपस्थितः ॥ रघु० १५।७६

कालिदासको काव्य हिमवत्प्राकृत कि वा नेपाली भाषा सम्बद्ध प्राकृत हो भन्ने चर्चा माथि भएको छ । यस सन्दर्भमा कालिदासीय काव्यमा देखा पर्ने नेपाली वाक्प्रवृत्ति वारे पनि केहि चर्चा गर्नु वे मुनासिब हुने छैन ।

कालिदासलाई नाम पद र क्रिया पद दुवै सोपसर्ग प्रयोग गर्नु राम्रो लाग्दछ ।

अवसत्‌लाई न्यवसत्, रराजलाई विरराज, लिलेखको ठाउँमा विलिलेख, पेतुःको ठाउँमा निपेतुः जस्ता प्रयोग इनका काव्यमा मनग्गे भेटिन्छन् ।

यस्तो प्रवृत्ति नेपाली प्राकृतको पनि छ । जस्तै—निमटान्न, निथ्रुक्क, निर्धक्क, निछक्क, नियास्रो, निर्माया, नियाल्छ, निचर्छ, विछट्ट, विछुकी, वित्यास, व्रेड्ग्रो, उद्‌वासु, उछित्तो, उपद्र्‌याा, उखरमाउलो र यस्ता अरु शब्दहरू । नेपाली प्राकृतका यी शब्द हरूको कालिदासीय शब्द प्रवृत्ति संग तुलनात्मक अध्ययन गर्न सकिने कुरा मात्र खोज्दा बिगार परिहाल्ला जस्तो लाग्दैन ।

नेपाली प्राकृतमा दुध मही पानी जस्तो तरल पदार्थ खाइन्छ । केवल उत्तानो घाँटी लाउने जाँड रक्सी मात्र पिइन्छ । हिन्दीको प्रभाव परेका र भारत तिर पसेर फर्केका हरूले मात्र देखासीकीको भरमा आफ्नो भाषिक प्रवृत्तिको महत्त्व विर्सेर पानी चिया जस्ता तरल पदार्थलाई पिउने भन्न थालेको पाइन्छ । वस्तुतः हिमवत्प्राकृतको वाक् प्रवृत्ति अनुसार पानी पिउनु अशुद्ध हो । चिया पिउनु र महि पिउनु पनि अशुद्ध हो । यस कुरालाई हिमवत्खण्डका कवि कालिदासले पनि समर्थन गर्दछन् । हिमाली उपत्यकामा गाई हेर्न जाने राजा दिलीपलाई नन्दिनी बोतामा मेरो दूध दुहेर खाऊ भन्दछिन् । प्रस्तुत छ, रघुवंश द्वितीय सर्गको प्रसिद्ध पद्य—

सन्तानकामाय तथेति कामं
राज्ञे प्रतिश्रुत्य पयस्विनी सा ।
दुग्ध्वा पयः पत्रपुटे मदीयं
पुत्रोपभुङ्‌क्ष्वेति तमादिदेश ॥ रघु० २।६५

माथि कालिदासीय सोपसर्ग पदहरूलाई हिमवत्खण्डका प्राकृतको शब्द प्रवृत्तिसंग तुलनात्मक अध्ययन गर्न सकिने कुराको उल्लेख भयो । नेपाली प्राकृतमा यस्ता क्रिया शब्दहरू पनि छन्, जसमा उपसर्ग लाग्दैनन् । जस्तो वस, वर्सौ, देख्यो आदि नेपाली प्राकृतका यी शब्दमा उपसर्ग लाग्दा यी शब्द नेपालीका न भएर संस्कृतका हुन पुग्दछन्, जस्तै निवस । कालिदासका वाल्मीकि सीतालाई आफ्नो आश्रममा आश्रयदिने प्रसङ्गमा निरूपसर्ग 'वस' क्रिया पदको प्रयोग गर्दछन् । यो 'वस' क्रिया-पदमा नेपालीपन विछट्ट देखिन्छ, अनुभूति हुन्छ । नत्र वस् धातु संगै जहिले पनि प्रायः नि उपसर्ग प्रयोग गर्ने कालिदास वस्नु अर्थमा यहाँ पनि 'निवस' भन्न झुकिने थिएनन् । निवसको ठाउँमा वस प्रयोग गर्नु कालिदासका लेखनीको प्राकृत प्रभाव हो । यहाँ कालिदास जस्ता सशक्त कविलाई छन्द मिलाउन अप्ठ्यारो भएर निरूप-सर्गक वसको प्रयोग गरेको भन्ने तर्क दिनु चाहिं सरासर अन्याय हुन जाने छ कवि माथि । प्रस्तुत छ, पद्य—

तपस्विसंसर्गविनीतसत्त्वे
तपोवने वीतभया वसाऽस्मिन् ।
इतो भविष्यत्यनघप्रसूते-
रपत्यसंस्कारमयो विधिस्ते ॥ रघु० १४।७५

यसै गरी हनुमान् सीतालाई रामको अभिज्ञानङ्गुलीयक समर्पण गर्दा 'ददौ' जस्ता प्रयोग गर्दछन् । नेपालीमा दिए भन्दा उचित हुन्छ तर हनुमान्‌ले सीतालाई 'ददौ' जस्तो निरुपसर्गक छुचो शब्द प्रयोग गर्नु कालिदासीय व्यक्तित्वलाई न सुहाउने ठानिन्छ । 'प्रददौ' सम्म भए पनि केहि हाम्रो हुन्थ्यो होला । वस्तुतः यहाँ पनि नेपाली प्राकृत कै प्रभाव महाकविमा परेको होला भन्न सकिन्छ ।

तस्यै भर्तुरभिज्ञानमङ्गुलीयं ददौ कपि ।
प्रत्युद्गतमिवानुष्णैस्तदानन्दाश्रुबिन्दुभिः ॥ रघु० १२।६२

मेघदूतमा यक्ष आफ्नो प्रेयसी यक्षिणीको चित्र ढुङ्गामा खरीले कोर्न थाल्दछ । त्यस वेला उसले प्रणय कुपिता यक्षिणीको खुट्टामा आफू नुघेको चित्र बनाउने प्रयास गर्दछ । तर उसका आखाँ आँसूले भरिएर आउँछन् । यक्ष राम्ररी देख्न पनि सक्दैन चित्र लेख्न त के कुरा ? यस भावलाई कालिदास यसरी व्यक्त गरिदिन्छन्—

त्वामालिख्य प्रणयकुपितां धातुरागैः शिलाया-
मात्मानं ते चरणपतितं यावदिच्छामि कर्तुम् ।
अस्रैस्तावन्मुहुरुपचितैर्दृष्टिरालुप्यते मे
क्रूरस्तस्मिन्नपि न सहते सङ्गमं नौ कृतान्तः ॥ मेघ० २।४२

उपर्युक्त पद्यमा कालिदासको 'कर्तुम्' प्रयोग माथिको 'ददौ' जस्तो छुचो र कता कता अस्वाभाविक जस्तो हुन पुगेको छ । कर्तुम्‌को अर्थ 'लेखितुं' गरेको पनि पाइएको छ । त्यसो न भए पनि कर्तुम्' जस्ता प्रयोगका ठाउँमा कालिदासीय शब्द प्रवृत्ति अनुसार 'विधातुम्' जस्तो प्रयोग हुनु उचित थियो । तर कालिदासले मेघदूतमा यसो गरेनन् । संस्कृत 'कृ' धातु कै प्राकृत रूप 'गर्नु' हो । अतः गर्न चाहन्छु वा गराउन चाहन्छु भन्दा कालिदास हिमवत्प्राकृतको प्रभावमा 'कर्तु' लेख्न पुग्छन् । नेपालीमा गर्नु गराउनु शब्दलाई छुचो मानिन्न । यसमा अरू क्रिया विशेशण जोडिन्छ भने त्यो संस्कृत शब्द नै जोडिन्छ जस्तै–सम्पादन गर्नु, निर्माण गर्नु आदि । अतः उपर्युक्त कालिदासीय पद्यले पनि हिमवत्प्राकृत कै प्रवृत्तिलाई स्वीकार गरेको तथ्य यहाँ औंल्याउन सकिन्छ ।

नेपालीमा मुखिया तथा अगुवा जस्तो व्यक्तिलाई मूली भनिन्छ । कालिदास पनि यस अर्थमा मौल शब्दको प्रयोग गर्दछन् । जस्तै—

अथानाथाः प्रकृतयो मातृबन्धुनिवासिनम् ।
मौलैरानाययामासुर्भरतं स्तम्भिताश्रुभिः ॥ रघु० १२।१२

यहाँ 'मौलैः' को मल्लिनाथ पनि आप्तैः सचिवैः भन्ने अर्थ गर्दछन् । यसै गरी मौलैः शब्दको कालिदासले अन्यत्र पनि प्रयोग गरेको पाइन्छ । उदाहरणको लागि रघुवंश महाकाव्य कै उन्नाइसौं सर्गको अन्तिम सन्ताउन्नौ पद्य । यहाँ पनि मौलैः पदको अर्थ मल्लिनाथ मूलादागतैः जस्तो व्युत्पत्तिका साथ आप्तैः, वृद्ध सचिवैः गर्दछन् । प्रस्तुत छ, सम्बद्ध पद्य—

तं भावार्थप्रसवसमयाकाङ्क्षिणीनां प्रजाना-
मन्तर्गूढं क्षितिरिव नभोबीजमुष्टिं दधाना ।
मौलैः सार्धं स्थविरसचिवैर्हेमसिंहासनस्था
राज्ञी राज्यं विधिवदशिषद्भर्तुरव्याहताज्ञा ॥ रघु० १९।५७

कालिदासले कोमल शब्दको पर्यायवाचक पेलव शब्दको प्रयोग ठावैं ठाउँ गरेका छन् जस्तै—

(i) सा सन्यस्ताभरणमबला पेलवं धारयन्ती
शय्योत्सङ्गे निहितमसकृद् दुःख दुःखेन गात्रम् ।
त्वामप्यस्रं नवजलमयं मोचयिष्यत्यवश्यं
प्रायः सर्वो भवति करुणावृत्तिरार्द्रान्तिरात्मा ॥ मेघ० २।३०

(ii) मनीषिताः सन्ति गृहेषु देवताः
तपः क्व वत्से ! क्व च तावकं वपुः ।
पदं सहेत भ्रमरस्य पेलवं
शिरीषपुष्पं न पुनः पतत्रिणः ॥ कुमा० ५।४

(iii) अनसूया—हला शकुन्तले ! त्वत्तोऽपि तात काश्यपस्य आश्रमवृक्षकाः प्रियतरा इति तर्कयामि । येन नवमालिका कुसुमपेलवा त्वमपि एतेषामालवालपूरणे नियुक्ता । (अभिज्ञान शा० १।१६ प०)

पेलव शब्दगत 'पेल' अंश हिन्दी आदि भाषामा अश्लीलार्थ बोधक छ । मम्मट विश्वनाथ जस्ता संस्कृतका आलङ्कारिक विद्वानहरूले पनि यस पदलाई साहित्यमा राम्रो दृष्टिले हेरेका छैनन् । अवधी जस्ता भाषाहरूमा पनि 'पेल' अश्लीलार्थक हुने हुँदा वक्ताहरू 'पेर' ले अत्यावश्यक स्थलमा निर्वाह गरेका हुन्छन् । लाटी अपभ्रंश र गुर्जरमा पनि यो अश्लीलार्थक छ ।

कालिदासले आफ्ना साहित्यमा यसरी निर्भय भै पेलव शब्दको आखाँ चिम्लेर प्रयोग गरेका छन् । अतः भाषिक सन्दर्भले हेर्दा इनी हिमवत् देशीय हुन् र हिमवत्

प्राकृत सङ्ग सम्बद्ध पनि । किन भने आज पनि नेपालीमा पेल्नु अश्लीलार्थक छैन । तेल पेल्नु, ऊँखु पेल्नु जस्ता हाकाहाकी प्रयोग हुन्छन् हिमवत्प्राकृतमा । यसरी कालिदासले पनि पेलव शब्दकै प्रयोग गर्नु, नेपाली प्राकृतमा यसलाई अश्लीलार्थ न मानिनु तथा प्राचीन आलङ्कारिकहरूले यस्ता पदलाई अश्लीलार्थकत्वेन त्याज्य भन्नु तीनै तथ्यको अध्ययन गर्दा कालिदास हिमवत्प्राकृत प्रभावित भएका मात्र होइन्, अपि तु पूर्वोक्त मम्मट विश्वनाथ आदि इनका पश्चाद्वर्त्ती विद्वान्हरूले इनलाई अप्रत्यक्ष रूपमा हिमवत्प्राकृत प्रभावित क्षेत्रका अर्थात् हिमवद्देशका हुने कुरामा दश औंलीको सहि छाप दिएका छन् भन्न पनि आइतवार मान्नु पर्दैन जस्तो लाग्दछ ।

विक्रमोर्वशीयमुको चौथो अङ्कको सातौ पद्यमा कालिदास 'निशाचर' संस्कृत शब्दलाई णिसि अरू प्राकृत प्रयोग गर्दछन् वस्तुतः यो शब्द प्राकृत मात्र नभए र अपभ्रंश हो भन्ने विद्वानहरूको धारणा छ । अपभ्रंशका यस्ता विभिन्न उदाहरणहरू पाइनुले कालिदास अपभ्रंशका कवि भनिन्छन् । यही मात्रै किन ? महाकविलाई अपभ्रंशका पहिला कवि भन्ने पनि चलन छ । 'णिसि अरू' जस्ता उकारान्त शब्द हाम्रो नेपालीमा प्रचुर मात्रामा छन् जस्तो सानो/सानु, रातो/रातु, माना/मानु, पुन्टुरो/पुन्टुरु, फुल/फुलु आदि/कालिदासीय साहित्यका अपभ्रंश शब्दहरूले उनका समयमा हिमवद्देशको प्राकृत भाषाका अपभ्रंशको गन्ध आईसकेको संकेत मिल्दछ ।

नेपालीमा हिंड्छ, हिड्यो जस्ता क्रिया पदहरूको प्रशस्त प्रयोग पाइन्छ । कालिदास हिमवद्देशीय हुनाले नेपाली प्राकृत समानान्तर हिण्ड् धातुको ठाउँ-ठाउँमा प्रयोग गर्न चुक्तैनन् । जस्तै—वण राईसु आहिंडि अदि अडवीदो अडवी (वनराजिषु आहिण्ड्यतेऽटवीतोऽटवी) ।

यसबाट पनि कालिदासीय हिमवत्प्राकृतको स्वरूप संग नेपाली भाषाको स्वरूप मिल्न आउने कुराको झझल्को मिल्दछ ।

कालिदास र भाषा सम्बन्धी यस लामो छल फलमा हिमवत्खण्डको राष्ट्रियवेद शुक्ल यजुर्वेद समानान्तर संस्कृत तथा हिमवत्प्राकृत बारे विशद चर्चा गरियो । संस्कृत र प्राकृतलाई समानान्तर न ठानी संस्कृत जन्य रूपमा स्वीकार गरिएको देखी केहि भारतीय भाषा पण्डितहरूले खडीबोलीलाई शौरसेनीबाट मुक्त गराउन कौरवी जस्ता प्राकृत को कल्पना गर्ने र केहिले संस्कृत र हिन्दीमा समेत पनि कुनै सम्बन्ध न भएको मान्ने जमर्को गर्न थालेको देखिए पनि हामी हिमवदेशीय हरूले यस्ता प्रवृत्तिहरूबाट आफूलाई बचाउनु परेको छ । किन कि जति सुकै झर्रो वा ठेठ शब्दको खोजी-मेली र प्रयोग गरे पनि ती प्राकृतशब्दहरू संस्कृत समानान्तर न भै रहन सक्दैनन् । नेपाली प्राकृत ठेठ शब्द समानान्तर संस्कृत शब्दहरूको मैले छुट्टै कोशमा संकलन गर्ने प्रयास पनि गरेको छु । अहिले लाई यत्ति ।

क्रियामिमां कालिदासस्य

देउताले मानिस संग भन्दछन् रे-तँ चिता म पु-याउँछु। कालिदास पनि हिम्मती थिए। आफू मूर्ख छु भन्ने थाहा हुँदा हुदै पनि ठूलो मान्छे बन्न विछट्टै श्रम गरे इनले। औतारी बाउन्नेले आकाश पाताल छोई दियो, भन्ने कथा पुराणमा भेटाइन्छ, कालिदासले पनि आकाश पाताल एक पारे। जे हुन खोज्दथे भै पनि छाडे।

इनी जन्मेका एघारौं दिनमा पुरेतले जे जस्तो नाउँ राखी दिएका थिए होलान् अथवा घरमा बाबुले जेठा कान्छा ठूलो सानो जे सुकै भनेर बोलाएका थिए होलान्। इनलाई पुरेतले धुलौटो कोरेर राखि दिएका राम प्रसाद, कृष्ण प्रसाद जस्ता नाउँले पनि भएन; बाबुले राखे-बोलाएका नाउले पनि इनलाई भएन। पौरखी छोरो आफै पौरख गर्छ, आफ्नै पौरख खान्छ। उसलाई बाबुले कमाई दिएका नाउँ र ससुराले कमाई दिएका धनले पुग्दैन। हिमाली भेकको यस पौरखी छोराले पनि आफ्नो पौरख आफै गऱ्यो आफ्नों नाउँ आफै राख्यो कालिदास।

कालिदास? नाउँ त कत्ति पनि राम्रो छैन। यसो विचार गर्दा काली स्वास्नीको जोइटिंग्रे पोई भएर कालिदास भन्ने नाउ चलेको हो कि भन्ने मनमा तर्क पनि उठ्न खोज्छ। वस्तुतः यसो होइन—इनकी दुलही त गोरी च्याट्ट परेकी थिइन्, दन्त्यकथा अनुसार वनारसकी राजकुमारी। इनले यो नाउ त कालीको तपस्या गरेर उनलाई खुशी पारे पछि राखेका। त्यौ पनि कालिभक्त, कालिका प्रसाद वा कालिका भक्त राखेका भए तद् विशेष। कहाँबाट कालिदास राख्न पुगेका रहेछन्। दास भन्दा त कता कता इनी बाहुन पनि न भएर साहुजी अथवा बढार-कुढार गर्ने घर परिवारमा जन्मेका हुन् कि? भने जस्तो पनि लाग्न खोज्छ। आफ्नो बाबुले र पुरेतले राखेको नाउ मेटेर आफैले नाउ राख्दा पनि फेरि त्यस्तो जाबो नाउँ राखे छन्-कालिदास। जे भए पनि किं वदन्ती अनुसार इनी मूर्ख नै थिए पहिले।

मूर्खस्य ठिङ्गा बलम्। 'दास' हुँदा त भक्त भन्दा पनि झन् नजीक भइन्छ। काली भक्त त सबै होलान् कालिदास चाहि म मात्रै हुँला भनेर राखि दिए नाउँ कालिदास, म जस्तो अरू कोहि न होस् भनेर। अथवा भद्रकालीका मन्दिरमा मुढे भक्ति गरेर आफूलाई धन घोटी बन्चरो गराएका भएर अरू त्यहाँ वरपरका देख्ने जान्ने मान्छेले इनलाई कालिदास भन्न थाले कि? यी सबै कुराको निर्क्योल गर्नु परेको हामीलाई छैन। आँप पो खानु खोयो किन गन्नु?

कालिदास नाउँले के भयो ? पौरख इनले ठूलै गरे । आफ्नो इज्जत राखे, आफ्ना बाबु आमाको इज्जत राखे । आफ्ना हिमवत्‌देशको इज्जत राखे । हिमवत्खण्डको महत्त्व र महिमा संसारलाई यसरी साहित्यको माध्यमले चिनाउने पौरखी वीर साचै भन्ने हो भने न व्यास भए न वाल्मीकि । हिमालयको यो विधि वर्णन र हिमालय मैं महाकाव्य लेखीदिने यी वीर संग तग्न टिक्न सक्ने आजसम्म कुनै देखा परेको छैन । कत्रा कत्रा मैं हूँ भन्ने सिउरी खेल्दै आए, तर इनले एउटै कान्छी औंला देखाइ दिंदा सबैको दुर दुहाई भयो । आफ्नो राष्ट्र, आफ्नो देश, आफ्नो संस्कृत, आफ्नो भाषा, आफ्ना ऋतु, आफ्ना गौरी शिखर सगरमाथा, गाई-गोरस, रूख-पात सभ्यता-संस्कृति तथा धर्म र परम्परा आदिको महत्त्व र विशेषता वर्णन गरेर कत्ति पनि न पुग्ने र कहिले पनि न अघाउने कालिदास हिमवद्‌देशका पहिला राष्ट्रवादी कवि हुन्, आधुनिक नेपाल का प्राचीन विभूति ।

त्यसैले कालिदासलाई विदर्भ, उज्जयिनी र मालवा मात्रै होइन, समुद्र पारी सिंहलद्वीप मैं पुर्‍याएर (त्यहाँ जगन्नाथजीमा एकादशीलाई जस्तै) थुनेर राखे पनि उनी कसो कसो त्यहाँबाट उम्केर वा फुल्केर लेखको चीसो पानी र हिमालयको शीतल छहारी पछ्याउँदै आफ्नै देशमा आएका हुन्छन्—स्थानान्तरित स्वर्गमा । सात राजाको मुलुकमा पुग्दा पनि इनका मुखबाट नगाधिराज कै प्रशंसा निस्कन्छ । उनी सधैं यहि फलाकी रहन्छन् समाजमा र यहि गुन्-गुनाई रहन्छन् एक्लै छदाँ पनि—

> अस्त्युत्तरस्यां दिशि देवतात्मा
> हिमालयो नाम नगाधिराजः ।
> पूर्वापरौ तोयनिधी वगाह्य
> स्थितः पृथिव्या इव मानदण्डः ॥ कुमार० १।१

लाग्ने कोललाई धुलो न फुलो ? यस्ता मर्द छोरालाई कालिदास नाउँ राम्रो न भएर के भयो ? मान्छे नामले ठूलो हुन्छ र ? कामले पो ठूलो हुन्छ । दशपत्रे मयलको चपरी टाँसेकी आई-माईलाई मखमलको चोलो र रेशमी सारी फेराइदिंदैमा त्यो बाटा हिंड्नेले देख्दै थुक् निल्नै पर्ने हुन्छे र ? कहिल्यै हुँदिन । सुनलाई खोल हाल्न पर्दैन । कालिदास त के ? इनले आफ्नो नाउँ 'काले राखेका भए पनि इनी यसै गरी घाँटी हाल्दा न अड्किने र आँखि राख्दा न बिझाउने हुने थिए—किमिव हि मधुराणां मण्डनं माकृतीनाम् ।

कवि यशः प्रार्थी कालिदास पार्वती परमेश्वरका प्रसादले महाकवि र महान् नाटककार भए । इनको यशस्वी वर्चस्व सगरमाथा जस्तै चुलिंदै गयो । इनका अनुवर्ती र पूर्ववर्त्ती कविहरू अल्गा लेखका वरि-परि उभिएका स-साना डाँडा वा टप्पु जस्ता

देखिन थाले । इनको सुरिलो र मधुर मुरलीको मिठासमा अरूका झ्याली काव्य र कविता त भ्यागुता कराए जस्तै सुनिन थाले । स्वाभाविक पनि हो, मजुर वर्षायाममा पञ्चम स्वरले गाउँछ भने त्यसका छिउँ छाउँ भ्यागुता कराउनै न पाउनु भन्ने केहि छ र ? महाकवि देवकोटाको उक्ति यहाँ दुरुस्त मिल्न आउँछ ।

के मण्डूक कराउनु प्रकृतिले पापीपना हुन्छ र ?
गौरी शंकरका नजिक टुचुरा उठ्छन् अरू वामन ।

कालिदास नाउँ पछि गएर निकै लोक प्रिय भयो । कवि भन्दा साथ कालिदास औल्याइने भए । कालिदासका नाउँले धेरैले आ-आफ्ना न्वारन गरे । यी न्वारन गर्नेहरूले कालिदास भित्र 'दास' पनि छ, भन्ने ख्याल गरेनन् । हिमवद्देशको यो कालिदासको प्रचार प्रसार देश-देशावरमा पुग्यो कश्मीरमा पनि पुग्यो, लाहुर मा पनि । जनक तनयाले स्नान गरेकी पवित्र कालीमा नुहाएर स्वयं पनि शालग्राम जस्ता भएका कालिदासको रंगमा गोरा पनि रँगिए काला पनि; आर्य पनि रँगिए अनार्य पनि; बडे बडे मैं हूँ भन्ने नर्मदेश्वरहरूमा पनि हिमवद्देशका कालिदासको नै रंग चढ्यो, पक्की रंग ।

अब त पूर्व पश्चिम उत्तर दक्षिण चारै दिशामा कालिदास; काश्मीर, बंगाल, मालवा, विदर्भ जहाँ तहिं कालिदास, भारतीय इतिहासका शुङ्ग र गुप्त, यशोधर्म तथा भोजका समयमा पनि कालिदास, जहाँ पनि कालिदास, जता पनि कालिदास, जहिले पनि कालिदास । राजदर्वार देखि लिएर वेश्याका कोठी सम्म कालिदासै कालिदास । सक्कली कालिदास, नक्कली कालिदास उपाधि कालिदास । छुचो शब्दमा भन्दा कालिदास एउटा व्याधि पनि भयो । यो कालिदास हुने रोग धेरैलाई लाग्यो । जो पनि कालिदास हुन खोज्ने भै दिए—राजा राम देखि गने भंडारी सम्म । यसरी अहिले सम्म प्राप्त तथ्यका आधारमा कालिदासका तल उल्लिखित अवतारहरू संस्कृत साहित्यमा मात्र यति फेला परेका छन् । जस्तै—

दीपशिखा कालिदास

(१) अकबरी कालिदास
(२) अभिनव कालिदास
(३) कालिदास नन्दी
(४) कविपुत्र कालिदास
(५) विद्याविनोद कालिदास
(६) परिमल कालिदास
(७) नवीन कालिदास
(८) शम्भु कालिदास
(९) यमक कवि कालिदास
(१०) वासुदेव कालिदास
(११) मातृगुप्त कालिदास

यस्ता अरू पनि कालिदास हरू खोजी पसे फेरि गणना न सकिएला जस्तो लाग्दैन ।

जसरी कालिदासका यतिका औतार भए त्यसै गरी इनका कृतिहरू पनि यसै गरी यत्र तत्र छरिएका छन् । संकलन गर्नेहरूले सात देखि एकाउन्न सम्म कालिदासीय कृतिहरू फेला पारेको दावी गरेका छन् अथवा फिरिस्त दिएका छन् । यी मध्ये आफ्रेक्ट को 'बृहत्संस्कृत ग्रन्थ सूची' र एम० आर० कालेको अभिज्ञान शाकुन्तल उल्लेख्य छन् । कालिदासीय कृतिका रूपमा औल्याइएका शीर्षकहरूको सानो विवरण यहाँ पनि प्रसङ्गतः उल्लेख गर्नु बे मुनासिब होओइन कि—

(१) अम्बास्तवः
(२) अक्षरमालिकास्तवः
(३) करकास्तवः
(४) कालिस्तोत्रम्‌ः
(५) गंगाकष्टम्
(६) चातकाष्टकम्
(७) भ्रमराष्टकम्
(८) मङ्गलाष्टकम्
(९) मातृकामालास्तवः
(१०) महापद्ममकरन्दस्तवः
(११) लघुस्तवः
(१२) लक्ष्मीस्तवः
(१३) सकलजननीस्तवः
(१४) देवीनवरत्नमालिका
(१५) दुष्करमाला
(१६) पुष्पवाणविलासः
(१७) श्यामलादण्डकम्
(१८) शृङ्गाररसाष्टकम्
(१९) शृगारतिलकम्
(२०) शृङ्गारसारः
(२१) जातकचन्द्रिका
(२२) सिद्धगणचन्दिका
(२३) सुधिचन्द्रिका
(२४) उत्तरकालामृतम्
(२५) ज्योतिर्विदाभरणम्
(२६) वृत्तरत्नावली (श्रुत वोधः)
(२७) विद्यामनोरमा
(२८) द्वात्रिंशत्पुत्तलिका
(२९) नानार्थशब्दरत्नम्
(३०) ऋतुसंहारम्
(३१) अभिज्ञानशाकुन्तलम्
(३२) कुन्तलेश्वरदौत्यम्
(३३) कुमारसम्भवम्
(३४) घटकर्परकाव्यम्
(३५) दुर्घटकाव्यम्
(३६) नलोदयम्
(३७) बुद्धिविनोदकाव्यम् (राक्षसकाव्यम्)
(३८) मेघदूतम्
(३९) मालविकाग्निमित्रम्
(४०) बृन्दावनकाव्यम्
(४१) विक्रमोर्वशीयम्
(४२) रघुवंशम्
(४३) लम्बोदरप्रहसनम्

कालिदास र कालिदासका यी कृतिहरूले गर्दा कालिदास हाम्रा हुन् भन्न सबैलाई सजिलो भएको छ । सबैले कालिदासलाई आ-आफ्ना बनाउन पाएका छन् । कालिदासले पनि सबैका हुन पाएका छन् । तर यहाँ वास्तविक कालिदास र उनका कृति पत्तो लाउने काम बाँकी नै छ ।

हिमवद्देशका कालिदासका कृतिहरूमा हिमालय, शिव, पार्वती, वाल्मीकि, मैथिली, धार्मिकसमन्वय, गोसेवा, च्यूरी, चवँरी गाई, लहरा-पहरा आदिको वर्णन हुन्छ । अनुष्टुप् छन्द, जसमा नेपाली वाल्मीकिले पहिलो श्लोक रचना गरेका थिए, त्यसको विशेष स्थान हुन्छ । हिमवद्देशको राष्ट्रिय वेद शुक्ल यजुर्वेद प्रभावित हिमवद्देशीय प्राकृत (तथा कथित शौर सेनी) को प्राकृतका रूपमा बाहुल्येन प्रयोग भएको हुन्छ । यस्ता अरु विशेषता हरू पनि छन्, जसको यस पुस्तकमा यथा स्थान चर्चा भए-गरिए को छ, ती सबै वास्तविक कालिदासका काव्यतत्त्व हुन् । यी तत्त्व हरू जुन कृतिहरूमा छन् ती सबै मूल कालिदास तथा हिमवद्देशीय कालिदासका कृतिहरू हुन् । यस बाहेक अन्य कृतिहरू तत्तस्थानविशेषका कालिदासविशेषका कृतिविशेषहरू हुन् । कला, शिल्प, वाक्य विन्यास, भाव साद्दश्य, उपमा आदि काव्यगुण तथा शैलीका द्दष्टिले हिमवत्खण्डका दीपशिखा कालिदासका कृतिहरू अहिले सम्म जम्मा सात औंल्याइएका छन् । यी सातै कृतिहरूमा प्रायः सबैको सहमति छ । यीं कृतिहरूमा ३ नाटक २ महाकाव्य तथा २ खण्ड काव्य छन् । इनको नाम निर्देश यस प्रकार छ—

(१) ऋतुसंहारम् (खण्डकाव्य)
(२) मेघदूतम् (,,)
(३) रघुवंशम् (महाकाव्य)
(४) कुमारसम्भवम् (,,)
(५) मालविकाग्निमित्रम् (नाटक)
(६) विक्रमोर्वशीयम् (त्रोटक)
(७) अभिज्ञानशाकुन्तलम् (नाटक)

वस्तुतः कालिदास भनेर प्रसिद्धि हिमवद्देशीय दीपशिखा कालिदासको छ र कालिदासीय कृति भनेर प्रसिद्धि उपयुक्त इनै सात कृतिहरूको । यस शीर्षक अन्तर्गत इनै कतिहरूको सामान्य परिचय दिइने उपक्रम छ । उपयुक्त सात कृतिहरू बारे पछि विवरण गर्ने गरी पहिले ती बाहेक कालिदासीय कृति भनेर औंल्याइएकाहरू मध्ये केहि चर्चित कृतिको विवरण दिनु उपयुक्त हुने जस्तो लागेको छ ।

श्यामला दण्डक

यो एउटा स्तुति काव्य हो । दक्षिण भारतको आन्ध्र तथा कर्नाटक प्रदेशमा यो निकै लोकप्रिय छ । त्यहाँका सम्भ्रान्त परिवारका बालक-बालिकाहरूलाई अक्षरारम्भ गराइने प्रसंगमा पहिले श्यामला दण्डक घोकाइन्छ भन्ने कुरा धेरैबाट थाहा पाइएको छ । यसका पंक्तिहरू धेरैबाट मुखस्थ सुनिएको पनि छ । प्रस्तुत स्तुति काव्यको प्रारम्भिक पद्य यस्तो छ—

माणिक्यवीणामुपलालयन्तीं
मदालसां मंजुल-वाग्विलासाम् ।
माहेन्द्रनीलद्युतिकोमलाङ्गीं
मातङ्गकन्यां मनसा स्मरामि ।

श्यामला दण्डकको महत्त्व र यसको वैशिष्ट्य बारे तर्क गर्ने ठाउँ छैन । यस काव्यको प्रचलन दक्षिण तिर भएको र यसको लोकप्रियता उतै तिर भएकोले हिमवद्देशीय कालिकासको कृति भनेर न चाहिंदो ढीपी लिनु भन्दा यसलाई कुनै दाक्षिणात्य कालिदास कै कृति मान्नु उपयुक्त हुने देखिन्छ ।

नलोदय

नलोदय पनि कुनै कालिदासरचित काव्य हो । यस काव्यलाई शब्दालङ्कारका दृष्टिले निकै महत्त्वपूर्ण मानिन्छ । कहिं कहिं त शब्दालङ्कारको लोभ संवरण गर्न न सक्दा कविले व्यक्त गर्न खोजेको भाव नै साधारण पाठकले पैल्याउन वा बुझ्न न सकिने हुन गएको छ । हुन भने हो यो कुनै कालिदास कै कृति नै ।

नलोदयकाव्यको रचनाकार बारे संस्कृत साहित्यका समालोचकहरूमा निकै खोजी मेलो चल्यो । धेरैले तर्क दिए—कालिदासका कुनै पनि काव्य शब्दालङ्कारले गर्दा यति दुरूह भएका छैनन् । स्वयं कालिदासलाई पनि आफ्ना काव्यमा सकी न सकी शब्दालङ्कार हुल्नु परेको अन्यत्र फेला पर्दैन । अतः यो काव्य मुख्य कालिदासको न होला । यस्तै चर्चा उपचर्चा चल्दै थियो । अन्ततः यो काव्य खास कालिदासको न भएर कालिदासको नाउँले आफ्नो न्वारान गरेका अन्य कुनै कविको हो भन्ने कुरा अब त लगभग निधै भएको छ ।

ज्ञातव्य छ, नलोदय काव्य दशौं शताब्दीका कुनै वासुदेव नामक कालिदासको कृति हो भन्ने कुरा अन्वेषकहरूले पत्तो लगाएका छन् । यस बारे राम्रो अध्ययन र जानकारी लिन अय्यर महाशयको Authorship of Nalodaya जस्ता रचनाहरू अध्येतव्य छन् । उपर्युक्त विवरणका आधारमा दशौं ईसवीयशताब्दी सम्म पनि कालिदास उपाधिधारी कविहरू फेला परेको तृथ्य स्पष्ट छ । यस्ता रचना र लेखक हरूले एकातिर कालिदासको लोकप्रियताको संकेत पाइन्छ भने अर्कातिर कालिदास (मुख्य) र उनका काव्यका स्थल विशेष जस्तो रामगिरि आदिमा भ्रमात्मक ज्ञानले पनि स्थान पाउँछ । आ-आफ्ना कालिदासका आधारमा समीपवर्ती स्थललाई नै विभिन्न तर्कहरूले सजाउने प्रवृत्ति बढ्न जान्छ । हिमवत्प्रदेशको तमसालाई छोडेर इष्ट इण्डिया कम्पनीले स्टेशन आदिको नाउँ राख्दा राखिएका Toms को आधारमा तमसाको अन्वेषण गर्नु र समाधानको साटो यसलाइ अझै जटिल पारिदिनु यसका

उदाहरण हुन् । प्रसङ्गतः कपिलवस्तु वारे पनि यस्तै खालका धारणा लिएर मूल कपिल वस्तु तिलौरा कोट (नेपाल) मा होइन भन्न खोजिएको छ । बुढी मरिन् भन्दा काल पल्क्यो भन्ने डर हुन्छ-भन्छन् । हिमवत्खण्डका कालिदास वारे पनि यस्तै स्थिति हुन न दिन बेलैमा सतर्क हुनु परेको छ ।

सेतुबन्ध

सेतुबन्ध/रावण वध/रावण वहो/दशमुख वध/दशमुह बहो एउटै काव्यका विभिन्न नाउँ हुन् । यसलाई पनि कालिदासको कृति हो भन्ने एक थरि समीक्षक छन् भने यसका केहि अंश मात्र अथवा उत्तरार्ध मात्र कालिदासीय कृति हो भन्ने अर्का थरि छन् ।

सेतुबन्ध काव्य प्राकृत काव्य हो । यो महाराष्ट्रीमा छ । यसमा १५ आश्वास छन् । यस काव्यको प्रारम्भका चार पद्यमा कविले आफ्ना इष्टदेव भगवान् विष्णुको स्तुति गरेका छन् । यस पछिका चार पद्यमा शिवको । संस्कृत साहित्यका समीक्षक तथा समालोचक हरूले सेतुबन्धको प्रशंसा गरेका छन्—अलंकारशास्त्री दण्डीले काव्यादर्शमा यस काव्यलाई सूक्तिरत्नाकर भनेका छन् । बाण भट्टले पनि एक ठाउँ यस बारे प्रशंशा गरेको तथ्य फेला पर्दछ ।

यस काव्यका पुष्पिका वाक्य, जो आश्वासका अन्त्यमा दिइएका छन्, यसमा दुई जना कविको नाउँ रचनाकारको रूपमा उल्लेख गरिएको छ । ती दुईजना हुन् । प्रवर सेन र कालिदास । प्रस्तुत छ पुष्पिका वाक्यको केहि अंश—

"इ अ सिरि पवरसेण विरइए कालिदास कए दहमुहवहे महाकव्वे…।"

[इति श्री प्रवरसेनविरचिते कालिदासकृते दशमुखवधे महाकाव्ये…]

उपर्युक्त सर्गान्त पुष्पिका वाक्यबाट प्रस्तुत काव्य कालिदास र प्रवरसेनको साझा रचना हो । यो मान्न कर लाग्द छ ।

मुगल सम्राट अकबरका समयमा यस सेतुबन्ध काव्यको टीका पनि गरियो। टीका को नाउँ रामसेतुप्रदीप राखिएको छ । यसका कर्ता हुन् रामदास । आफूलाई रामदास नाउ भएको बताउने यी टिप्पणीकारले नै काव्यका रचयिताको नाउ 'कालिदास' भन्ने उल्लेख गरेका छन् । उनको भनाई अनुसार यो काव्य राजा विक्रमादित्यका आज्ञा वमोजिम प्रवरसेनका लागि कालिदास द्वारा लेखि दिइएको हो । रामदास के शब्दमा यो वाक्य—

"इह तावन्महाराजप्रवरसेननिमित्तं महाराजाधिराजविक्रमादित्येनाज्ञप्तो निखिल-कविचक्र-चूडामणिः कालिदासमहाशयः सेतुबन्धप्रबन्धं चिकीर्षुः…।

यस बाहेक स्वयं टीकाकार रामदासले पनि आफ्नो रामसेतु प्रदीप व्याख्याका प्रारम्भमा जस्तो अभिव्यक्ति दिएका छन्, त्यसबाट पनि माथि कै कुरा समर्थन, हुन्छ। यस प्रसङ्गमा रामदासका प्रारम्भिक पद्यको उल्लेख हुनु पनि उपयुक्त नै हुनेछ—

धीराणां काव्यचर्चाचतुरिमविषये विक्रमादित्यवाचा
यं चक्रे कालिदासः कविकुमुदविधुः सेतुनाम प्रबन्धम्।
तद्व्याख्यासौष्ठवार्थं परिषदि कुरुते रामदासः स एव
ग्रन्थं जल्लालदीन्द्रक्षितिपतिवचसा रामसेतुप्रदीपम्॥

यस काव्यका रौं चिरा समालोचकहरूले काव्यको एउटा पद्यको उल्लेख गर्दै प्रवरसेनले आफूलाई काव्य पूरा गर्न निकै अप्ठ्यारो परेको र मित्रको सहयोग प्राप्त हुँदा पुनः पूरा हुन सक्ने जस्तो त्यसमा अभिव्यक्त गरेको तथ्य प्रति औंल्याएका छन्—

अहिणवरा आरद्धा चुक्कक्खलिएसु विहडिअ परिट्ठविआ।
मेत्तिव्व पमुहरसिआ णिव्वोढुं होई दुक्करं कव्व कहा॥

सेतुबन्ध काव्यलाई कालिदास कृत मान्नेहरूले "हनुमानले सीताको सन्देश रामलाई सुनाउने क्रममा, सर्वप्रथम हनुमानको प्रसन्न मुख मुद्रा र हर्षाश्रु द्वारा नै उनले भन्न चाहेको कुरा अभिव्यक्त भयो पछि त्यसलाई शब्दले दोहोऱ्याइयो भन्ने कालिदासीय रघुवंशको भाव सग सेतुबन्ध काव्यको २।६९ पद्यको भाव मिल्दछ पनि भन्दछन्। प्रस्तुत छ उक्त पद्य—

पढमं विअ मारुइणा हरिसभ रिज्जन्त लो आणेण मुहेण।
जण अतण आपउत्ति पच्छा वा आइ णिरवसेअं सिट्ठा॥

सेतुबन्ध काव्य बारे समीक्षक हरूद्वारा अझ निकै कुरा भनिएका छन्। सबैलाई यहाँ उल्लेख गरि रहदाँ पनि केहि नयाँ तथ्य फेला पर्ने होइन। यहाँ के कुरा टिपी हाल्नु परेको छ भने कुनै समालोचक सेतुबन्ध काव्यलाई मातृगुप्त कालिदास रचित मान्दछन्। इनका मतमा कालिदासको समय छैठौं ईशवीय सन् (अर्थात् यशोधर्मन्/विक्रमादित्य को समय) हुन जान्छ। कसैले प्रवरसेनलाई चन्द्रगुप्त विक्रमादित्यको दौहित्र (छोरी पट्टिको छोरो) मानेका छन्। यस बाहेक प्रवरसेन स्वयं राजा भोज हुन् र कालिदास तिनका राजसभाका रत्न पनि भन्न खोजेको कुरा कतै कतै फेला पर्दछ। यसै सेतुबन्ध काव्यका विषयमा--

"अभिनवेन राज्ञा प्रवरसेनेनारब्धा। कालिदासद्वारा तस्यैव कृतिरियमित्याशयः। प्रवरसेनो भोजदेव इति केचित्।

उपर्युक्त तथ्यहरू केलाउँदा कालिदासका कृति खोज्ने प्रसङ्गमा कालिदासै निधो न हुने स्थिति स्पष्ट छ। कुन कालिदास ? कहाँका कालिदास ? कहिलेका कालिदास ? भन्ने कुरा नै न छिलिग्यांई के आधारमा कालिदासका कृति छिलिग्यांउनु ? समस्या जटिल छ।

वस्तुतः सेतुबन्ध काव्य हिमवद्‌देशका कालिदासले गरेको रचना होइन। अतः यस बारे कपाल दुखाउनु व्यर्थ छ। किन भने—

(१) यस काव्यको थालनी शिवको मङ्गलाचरणबाट प्रारम्भ न भै रामको मङ्गलाचरणबाट भएको छ।

(२) काव्यमा प्रारम्भका चार पद्य पछि गरिएका शिव वन्दनाले हिमवद्‌देशीय कालिदासको कृति मान्न मिल्दैन। किन भने यस्तो खालको मंगलाचरण कविको कुनै कृतिमा छैन।

(३) राम काव्य हुनाले रामको मंगला चरण कालिदासले पहिले गरे, भनौ भने पनि कुरा मिल्दैन। रघुवंशमा पनि त उनले विष्णुको स्तुति गर्नु पर्ने थियो तर हिमवदेशीय कालिदास रघुवंशमा पार्वती परमेश्वरौको स्तुति गर्दछन्।

(४) दुईजनाको कृति (एउटाले थालेर अर्कोले पुरा गरेको) हुनाले प्रवरसेनको मंगला चरण रामको र कालिदासको मंगलाचरण शिवको मान्नु भने पनि जहाँबाट कालिकासले काव्य प्रारम्भ गरे हुनन् इनको मंगला चरण पनि त्यहिबाट हुनु पर्ने तथ्य लाई वेवास्ता गर्न मिल्दैन।

(५) अतः यो कृति हिमवद्‌देशका कालिदासको न भएर अरू नै कालिदासको हुनु घेरै सम्भव छ।

(६) कालिदास प्राकृत प्रयोग गर्दा प्रायः आफ्नै हिमवत्प्राकृत शौरसेनी प्रयोग गर्दछन् तर यहाँ यसको उल्टो महाराष्ट्री प्राकृतमा काव्य रचना भएको छ। यसरी पनि यो कृति हिमवद्‌देशका कालिदासको होइन भन्न सकिन्छ। कालिदासीय हिमवत्प्राकृत वारे भाषा विषयक शीर्षक अन्तर्गत अरु कुरा द्रष्टव्य छ।

माथिका कृतिकार बारेको विवरणबाट सेतुबन्धका रचयिताका रूपमा आंशिक रूपमा प्रवरसेनका साथै कुनै कालिदासलाई पनि सम्बन्ध मान्न सकिन्छ। यसमा लेखकको पनि मतैक्य हुन सक्त छ, तर हिमवद्‌देशीय प्रवरसेनलाई कालिदास न भएर अरु कुनै कालिदासले सेतुबन्ध रचनामा सहयोग पुऱ्याएको वा पूर्णतया लेखेको हो भन्ने विषयमा माथि उल्लिखित बुँदाहरूले नै यथेष्ट समाधान दिन सक्ने आशा गरिन्छ। जहाँ सम्म रघुवंश संग तुलना गरिएको प्रसंग छ, यो केवल बौद्धिक व्यायाम जस्तै लाग्दछ—नैकमुदाहरणं योगारम्भं प्रयोजयति। प्रवरसेन कै विषयमा निर्णया-

त्मक टुङ्गोलगाउनु पनि अझै बाँकी नै छ कि? प्रवरसेनो भोजदेव इति केचित् जस्ता वाक्यले यस तर्फ गहिरो खोजी चाहन्छन्।

कुन्तलेश्वरदौत्य

कालिदासका कृतिहरू मध्ये 'कुन्तलेश्वर दौत्य' काव्य पनि विवादग्रस्त काव्य हो। यो काव्य समग्र रूपमा उपलब्ध न भए पनि यसका पद्यको उद्धरण यत्र तत्र देख्न पाइन्छ। हाल सम्म यसको एउटा पद्य क्षेमेन्द्रको औचित्यविचारचर्चा अन्तर्गत अधिकरणौचित्यको प्रसङ्गमा उद्धृत पाइन्छ भने अर्को पद्य शृङ्गार प्रकाश, सरस्वती-कण्ठाभरण तथा काव्यमीमांसा जस्ता ग्रन्थहरूमा भेटिन्छ।

आधुनिक भारतको दक्षिणी महाराष्ट्र र मैसूरको उत्तरी भेकलाई इतिहासका पण्डितहरूले कुन्तल देश मानेका छन्। आख्यानक अनुसार कालिदास चन्द्रगुप्तका राजदूतको रूपमा कुन्तल देशमा गएका थिए। राजसभामा पुग्दा इनलाई राजदूत योग्य आसन दिइएन अथवा यस्तै केहि भयो, कालिदास थचक्क पलेंटी कसेर भुइँ मै वसि दिए।

एउटा राजप्रतिनिधि जस्तो व्यक्ति एकाएक भूईंमा वसिदिंदा त्यहाँका सभासद् हरू आश्चर्यचकित हुनु अस्वाभाविक थिएन। त्यस मध्ये केहि त खिल्ली उडाउँदै हाँसे पनि। कसैले सोध्यो पनि होला—'तपाई किन यसरी भूईंमा वस्नु भयो ?'

कालिदास एउटा विद्वान् कवि तथा हाजिर जबाफी व्यक्ति छँदै थिए। उनले तुरुन्त यसको उत्तर कविता मै दिई हाले। काव्य शैलीमा उनले भने—'यो भूमि हज्जारौं शिर भएको शेषनागको फणा माथि छ। यसलाई आसन मानेर यस माथि पर्वत श्रेष्ठ सुमेरु र सात सात समुद्र वसेका छन्। अतः मेरो लागि यो भूमि नै आसन हो।' यसै भावलाई कविके पद्यात्मक संस्कृत वाणीमा—

इव निवसति मेरुः शेखरः क्ष्माधराणां
इह विनिहितभाराः सागराः सप्त चाऽन्ये॥
इदमहिपतिभोगस्तम्भविभ्राजमानं
धरणितलमिहैव स्थानमस्मद्विधानाम्॥

क्षेमेन्द्रको औचित्य विचार चर्चा अन्तर्गत अधिकरणौचित्यको प्रसङ्गमा उदाहरण स्वरूप उद्धृत कुन्तलेश्वर दौत्यको पद्य यहि हो।

राजदूतको काम सम्बद्ध प्रदेशमा गएर त्यहाँको प्रामाणिक हाल खवरको राम्रो अध्ययन गर्नु र यसको जानकारी आफ्नो राजा वा राष्ट्रपतिलाई दिनु हो। राजदूतको रूपमा गएका कालिदासको पनि यहि कर्तव्य थियो। उनले पनि त्यहाँको वस्तु-

स्थितिको अध्ययन गरी चन्द्रगुप्तलाई विवरण सुनाउन उनो समक्ष पुगे। कुन्तलेश्वरः किं करोति ? (कुन्तल नरेश के गर्दै छ ?) चन्द्रगुप्त राजदूत कालिदासलाई सोध्छन्।

कालिदास उत्तर दिन्छन्—'अरू के गर्नु ? हजूरलाई आफ्नो सम्पूर्ण राज्य भार सुम्पे जस्तो गरी निश्चिन्त भएर अन्तपुरमा रक्सी र रण्डीका भोजमज्जामा चुर्लुम्म डुबेका छन्।'

उपर्युक्त भावलाई कवि राजदूत साहित्यिक शैलीमा यसरी अभिव्यक्त गर्दछन्।

असकलहसितत्वात् क्षालितानीव कान्त्या
मुकुलितनयनत्वाद् व्यक्तकर्णोत्पलानि।
पिबति मधुसुगन्धीन्याननानि प्रियाणां
त्वयि विनिहितभारः कुन्तलानामधीशः॥

कुन्तल नरेश आफ्ना प्रजाको सुख दुःखको वास्ता न गरी रातो दिन रक्सीमा लठ्ठिएका तरूनीहरूको रक्सी गह्नाउने ओठ चुसी रहन्छ, भन्ने कालिदासको भाव बुझे पछि राजाले पनि त्यसै कुरालाई समर्थन गर्दै 'मलाई राज्यभार सुम्पे जस्तो गरी कुन्तल नरेश निश्शङ्क भएर रक्सी रण्डीमा लगेको छ भने त्यो कहिले न छोड्ने गरी लागि रहोस्, त्यस मैं लम्पट भै रहोस्। झन् राम्रै भयो।

राजालाई शासन कार्यमा प्रशासन-मन्त्रणा दिने राजदूत कवि कालिदासले चन्द्रगुप्तलाई काव्यमन्त्रणा दिन अवश्य पनि चुकेका थिएन् होला। त्यसै हुनाले कालिदासले राजालाई पनि स्वयं कविता लेख्नमा अभिरूचि जगाएका हुनु पर्दछ। त्यो जे सुकै होस् यहाँ भन्न खोजिएको के छ भने कालिदासले जुन शैली जुन भाव, जुन छन्द र जस्ता शब्द प्रयोग गरेर कुन्तलनरेशको हाल खबर बताएका थिए ठीक त्यहि शैली त्यहि भाव त्यहि छन्द र त्यस्तै शब्दको प्रयोग गरेर राजा पनि कालिदासको कुरालाई समर्थन गर्दछन् साथैं त्यसैंमा आफ्नो अभिप्राय पनि प्रकट गरि दिन्छन्। दुवै पद्य दुरूस्त उस्तै छन्, मात्र एउटामा क्रियापदमा लट् एक वचनका ठाउँमा लोट् एक वचनको र युष्मद् शब्दको सप्तमी एक वचनका ठाउँमा अस्मद् शब्दको सप्तमी एक वचनको प्रयोग भएको छ। तब पो कालिदास ? यस्तो विलक्षण प्रतिभा अरु को संग हुनु ? प्रस्तुत छ राजाको उक्ति—

असकलहसितत्वात् क्षालितानीव कान्त्या
मुकुलितनयनत्वाद् व्यक्तकर्णोत्पलानि
पिबतु मधु-सुगन्धीन्याननानि प्रियाणां
मयि विनिहितभारः कुन्तलानामधीशः॥

कवि प्रतिभा, कसैं संग न दब्ने हिमाली व्यक्तित्व, शाब्दी क्रीडा तथा पहिलो पद्यमा मेरो आसन र सुमेरु पर्वतको आसन एउटै हो उस्तै हो भन्ने कालिदासको उद्गारलाई हेर्दा-विचार्दा 'कुन्तलेश्वर दौत्य' हिमवत्खण्ड कै कालिदासको कृति हुनु पर्ने जस्तो लाग्न खोज्दछ । जन्म क्षेत्र लेखमा र कर्म क्षेत्र व्यासीमा बनाउने प्रवृत्ति भएका कालिदासको हिमाली विद्वत्ता विश्वसनीयता र कार्य कुशलताको समेत परिचय पाएका राजाले लाहुर (प्रवास) तिर रम्न आएका कालिदासलाई आफ्नो राजदूत न बनाएका होलान् भन्न पनि न मिल्ने देखिन्छ ।

यति हुँदा हुँदै पनि कुन्तलेश्वर दौत्यलाई हिमवद्देश कै कालिदासको कृति मान्न का लागि अझै दहरा र गहकिला प्रमाणहरू चाहिने कुरामा यस पंक्तिको लेखक एको होरिएको छ । भए भरका कृति हाम्रै कालिदासका हुन् भन्नु कालिदासको अन्ध भक्त हुनु मात्र हुन्छ । साथै कालिदास भन्दा साथ सबै हिमवद्देश कै हुन् वा हाम्रै हुन् भन्नु र 'सित्तैं पाए चार पाथीको भात्' जस्तो उखान्को उदाहरण बन्नु दुवै उचित होवै न जस्तो लाग्दछ । वागीश्वर विद्यालंकार पनि यसलाई कालिदासीय कृति मान्दैनन् भन्ने कुरा पनि पुछारमा जोडिदिंदा 'कुरोको चुरो' अझै फुट्ने आशा गर्न सकिन्छ ।

ज्योतिर्विदाभरण

यो ज्योतिष ग्रन्थ हो । यो २२ अध्यायको उपलब्ध छ । शकारि विक्रमादित्यका नवरत्न मध्ये पहिला रत्न कालिदासले यसको रचना गरेका हुन् भनिन्छ । समालोचक हरूले यसमा डुबुल्की मार्दा यसको एउटा पद्यको भाव कालिदासीय कुमारसम्भवको पद्य संग मिल्न आउने कुरा पत्तो लाएका छन् । यस ग्रन्थको बाह्रौं अध्यायको एउटा पद्यमा विक्रमादित्यका नौ जना प्राज्ञहरूको उल्लेख भएको छ—

धन्वन्तरिक्षपणकामरसिंह-शंकु-
वेतालभट्टघटखर्परकालिदासाः ।
ख्यातो वराहमिहिरो नृपतेः सभायां
रत्नानि वै वररुचिर्नव विक्रमस्य ॥

यो ग्रन्थ पनि हिमवद्देशीय कालिदासको हुनु शङ्कास्पद छ । हुन त ग्रन्थको बाइसौं अध्यायमा यसका रचयिता कालिदास नै मानिएका छन्, भए पनि इनी हिमवद्देशका कालिदास न भएर अर्कै कुनै समथर भूमिका कालिदास हुन् । ज्ञातव्य छ— ज्योतिर्विदाभरणलाई ग्रन्थ मैं उल्लिखित ज्योतिर्विषयक तथ्यका आधारमा यसलाई समीक्षकहरू मध्ये केहिले बाह्रौं वा तेह्रौं शताब्दीको मान्दछन् । यस दृष्टिले पनि हिमवद्देशीय कालिदासको कृति भनेर यस ग्रन्थलाई मानि हाल्न अप्ठ्यारो परेको छ ।

विद्वान् हरूको यस्तै पूर्वाग्रही प्रवृत्तिले गर्दा सक्कली कालिदास छुट्याउन आज सम्म समस्या उत्पन्न भएको छ। इनै र यस्तै कारणले गर्दा कालिदास, इनको जन्म स्थान, र तिथि मितिका चर्चाहरू अल्झेको जनै जस्ता भएका छन्, जसलाई फुकाउन ठूलो सूझ बूझ र धैर्यको आवश्यकता पर्दछ।

कालिदासका कृतिहरूका चर्चाको यस प्रसङ्गमा महाकविका कृतिसप्तक बाहेक अन्य बहुचर्चित कृतिको विवरण माथिल्ला पृष्ठहरूमा गरियो। यस बाहेक अन्य ज्योतिर्विदाभरण आदि कृति बारे त भन् ती कृतिहरूलाई हिमवद्देशीय कालिदासका हुन् भनेर ठोकुवा गर्न मिल्ने देखिदैन। यस विषयमा पनि अझै गहिरो अनुसन्धानको खाँचो औंल्याइनु उचित होला।

हिमवद्देशीय महाकवि कालिदासको काव्य 'ऋतु संहार' इनको प्रथम काव्य भनिन्छ। प्राथमिक रचना हुनाले प्रयोग तथा अन्य दृष्टिले यो इनका पछिल्ला कृति-हरूको दाँजोमा बराबरी हुन न सके पनि यस काव्यको आफ्नै खालको महत्व छ, जो अरूमा छैन। प्रकृतिका कवि कालिदास ऋतुवर्णनमा दक्ष मात्र होइन कि सिद्ध हस्त छन् जसको तुलना अरु संग गर्न सकिदैन।

ऋतुसंहार

ऋतुसंहार कालिदासको कृति नै होइन भन्नेहरूको जमात पनि केहि वर्ष पहिले सम्म न भएको होइन। माथि भने जस्तै अपाणिनीय प्रयोग भेटिनु, राजा र राज-दरबार सम्बन्धी वर्णन न भेटिनु, जस्ता कुरालाई पक्षधरहरूले औंल्याएका थिए। यस बाहेक यसका पद्यहरूका भाव यत्र तत्र दोहोरिएका छन्। कुनै कुनै पद्यका त पंक्तिहरू पनि दोहोरिएका भेटिन्छन्। कतै कतै अनावश्यक पदहरू पनि अनुस्यूत हुन पुगेका छन्। उदाहरणार्थ निम्न पद्यमा लता शब्दको प्रयोग अनिवार्य भए जस्तो लाग्दैन——

तडिल्लताः शक्रधनुर्विभूषिताः
पयोधरास्तोयभरावलम्बिनः।
स्त्रियश्च काञ्चीमणिकुण्डलोज्वलाः
हरन्ति चेतो युगपत् प्रवासिनाम्। ऋतु० २।२०

ऋतुसंहार काव्यमा छः सर्ग छन्। यो काव्य ग्रीष्मको प्रचण्ड खडेरीबाट प्रारम्भ हुन्छ र वर्षा-शरद्-हेमन्त-शिशिर हुँदै वासन्ती रमाइलोमा पुगेर समाप्त हुन्छ। अन्य काव्य जस्तो यो काव्य पनि वर्षभोग्य हुन पुगेको कुरा यहा स्मरणीय छ। कालिदास ले यसका एक एक सर्गमा एक एक ऋतुको वर्णन गरेका छन्।

ऋतुसंहार काव्य बाहेक महाकविले आफ्ना अरू काव्यमा पनि ऋतुवर्णनलाई स्थान दिएका छन्। इनका रघुवंश महाकाव्यमा प्रायः ६ ओटै ऋतुहरूको वर्णन पाइन्छ। मेघदूत काव्यमा कविले ग्रीष्म र वर्षा वर्णनलाई सर्वोपरि महत्त्व दिएका

छन् । कुमारसम्भवमा ग्रीष्म र वसन्तको वर्णन पाइन्छ । वसन्त वर्णन यस काव्यको औधि रमाइलो छ । विक्रमोर्वशीयम् नाटकमा कालिदासले वर्षालाई विशेष महत्त्व दिएका छन् । यसै गरी अभिज्ञान शाकुन्तलमा ग्रीष्मलाई र मालविकाग्निमित्रम् मा वसन्तलाई

कालिदासको ऋतुकाव्य ऋतुसंहार ग्रीष्म ऋतु देखि प्रारम्भ हुन्छ—

प्रचण्डसूर्यः स्पृहणीयचन्द्रमाः
सदावगाहक्षतवारिसंचयः ।
दिनान्तरम्योऽभ्युपशान्तमन्मथो
निदाघकालोऽयमुपागतः प्रिये ।

यसै गरी कविको लोकप्रिय नाटक अभिज्ञान शाकुन्तलमा विद्वत् परिषत्को मनोरञ्जनका लागि सर्वप्रथम नटी ग्रीष्म गीत गाउँछे—

नटी :—अथ कतमं पुनः ऋतु समाश्रित्य गायानि ?

सूत्रधार :—ननु इममेव तावत्, अचिरप्रवृत्तं उपभोगक्षमं ग्रीष्मसमयमधिकृत्य । सम्प्रति हि—

सुभगसलिलावगाहाः पाटलसंसर्गिसुरभिनववाताः ॥
प्रच्छायसुलभनिद्रा दिवसाः परिणामरमणीयाः ॥

नटी :—तथा (गायति)

ईषदीषच्चुम्बितानि भ्रमरैः सुकुमारकेशरशिखानि ।
अवतंसयन्ति दयमानाः प्रमदाः शिरीषकुसुमानि ॥

विक्रमोर्वशीयम् नाटक्को प्रथम अङ्कमा पनि कालिदासले पुरूरवा द्वारा सद्यः सूर्योपस्थान गर्दा प्रचण्ड सूर्य सदृश पराक्रमी आफूलाई ठानेको अभिव्यक्ति दिलाएका छन् । यसबाट पनि ग्रीष्म कै वातावरण ध्वनित हुन खोज्दछ । जस्तै—

राजा—अलमाक्रन्दितेन । सूर्योपस्थाननिवृत्तं पुरूरवसं मामेत्य कथ्यतां कुतो भवत्यः परित्रातव्याः ?

रघुवंश महाकाव्यको थालनी पनि ग्रीष्म बाटै भएको छ, किन भने द्वितीय सर्गमा पानी न परी कन वनको डढेलो शान्त हुने--शशाम वृष्ट्यापि विना दवाग्निः, भर्खर चिसो ठाउँबाट निस्केका वराह र हरियो र शीतल छहारीमा बसेका मृगहरू हर्दै राजा वनमाहिडनु तथा गो सेवामा व्याघात पर्ने आशङ्काले छाता न लिईकन हिंडदा आतपक्लांत भएका राजा दिलीपको चित्रणले यो काव्य पनि ग्रीष्म बाटै प्रारम्भ भएको मान्दा केहि बिगार पर्ला र ?

पृक्तस्तुषारैर्गिरिनिर्झराणा-
मनोकहाकम्पितपुष्पगन्धी ॥
तमातपक्लान्तमनातपत्र-
माचारपूतं पवनः शिषेवे ॥ रघु० २।१२
स पल्वलोत्तीर्णवराहयूथा-
न्यावासवृक्षोन्मुखबर्हिणानि ।
ययौ मृगाध्यासितशाद्वलानि
श्यामायमानानि वनानि पश्यन् ॥ रघु० २।१७

द्वितीय सर्ग रघुवंशका उपर्युक्त पद्यहरूले काव्यको थालनी ग्रीष्मऋतु बाटै भएको देखाउँछन् । घोषवृद्धानुपस्थितान् जस्ता प्रथम सर्गका पद्यांशले पनि ग्रीष्मको खडेरीमा पहाडी डाडाँहरूबाट तल दमारमा डिगा झार्ने गोठालाहरूको संकेत हुन्छ । अहिले पनि महाभारतपर्वतका गाउँलेहरू ग्रीष्ममा मधेसका दमारमा डिगाँ वस्तु झार्छन् । मेघदूत बारे धेरै लेख्नु पर्ने केहि छैन । आषाढस्य प्रथमदिवसेले नै काम पुगे के छ। आषाढ ग्रीष्म ऋतु नै हो। कुमार सम्भवमा पनि—दिवाकराद् रक्षति यो गुहासु जस्ता पद्यांशले ग्रीष्म मैं प्रारम्भ हुने संकेत छ भन्दा के बिगार पर्ला र ।

यसरी कालिदासको ऋतुवर्णन तर्फ विचार गर्दा कविले आफ्ना साहित्यमा ऋतु संहार र रघुवंशलाई छोडेर अन्यत्र जाडाका ऋतुलाई महत्त्व न दिएको देखिन्छ । अर्को अर्थमा जाडाका ऋतुलाई महाकविले उल्लेख गर्दा पनि अलि संक्षेप मैं उल्लेख गरेको जस्तो बुझिन्छ । यो कुरा कविका ऋतु संहारका सर्गहरूको श्लोकसंख्याबाट पनि छर्लङ्ग हुन्छ । उदाहरणका लागि—

(क) ग्रीष्म वर्णन—पद्य संख्या २८ (ख) वर्षा वर्णन पद्य संख्या २९
(ग) शरद् वर्णन—पद्य संख्या २८ (घ) हेमन्त वर्णन पद्य संख्या १९
(ङ) शिशिर वर्णन—पद्य संख्या १६ (च) वसन्त वर्णन पद्य संख्या ३८

हेमन्त र शिशिर जस्ता ऋतु वर्णनमा एक बोस पद्य पनि रचना न गर्नुले कालिदासलाई जाडाका ऋतु मन पर्ने रहेनछन् भन्ने कुरा सहजै अड्कल काट्न सकिन्छ । हेमन्त र शिशिरलाई महत्त्व न दिनुले कवि हिमवद्देशका हुन् भन्ने कुरामा पनि समर्थन हुन जान्छ ।

आफ्नो देशको कठ्याङ्ग्रिदो जाडाको कटु अनुभव गर्ने कालिदास काव्यमा ती ऋतुको न चाहिँदो बखान कति गरुन् । जहाँसम्म रुई-दुई-फुईको शीतऋतुमा पाइने आनन्दको प्रश्न छ, यसको उल्लेख भने यथा स्थान कविले गरेकै छन् । यदि अवशिष्ट केहि छ भने त्यो वर्षाऋतुमा पनि पुरा हुन सक्तछ । कालिदास उग्र गर्मी हुने प्रदेशका

भए शीत ऋतुको मनग्गे वर्णन गर्दा हुन् तर यसको उल्टो हिमवद्देशमा जन्मे हुर्केका हुनाले यसमा कवि प्रतिभाले उत्तिको हल्किने ठाउँ पाएको छैन ।

जे सुकै जस्तो सुकै भए पनि ऋतुसंहार कालिदासीय साहित्यको पुरो वाक् किंवा भूमिकाभूमि हो । प्रकृति संग तादात्म्य गाँसेका यसका चेतनाचेतन पात्रहरूको लोला विलासले यस्तो उर्बर क्षेत्र तयार पारेको छ, जसमा रोपिएको विरुवाले पुष्पित फलित भएर समस्त काव्य धर्तीलाई नै सम्पन्न र सुरभित गराएको छ ।

मेघदूत

कालिदासको लोकप्रिय खण्डकाव्य । भानुभक्तको नेपाली रामायणको शार्दूल विक्रीडित छन्दले नेपाली जन जिब्रोमा जसरी गीत्यात्मकता प्राप्त गरेको छ र उनको रामायण पाठ्य भन्दा पनि गेय हुन पुगेको छ । यहाँ पनि मन्दाक्रान्ता छन्दमा लेखिएको यो काव्य संस्कृत साहित्यमा गीतिकाव्यको रूपमा पनि प्रसिद्ध छ । संगीतका पण्डितहरू द्वारा यसलाई नेपाल भारतमा मात्र होइन समुद्र पारी तिर पनि गेय रूपमा प्रस्तुत गरिएको छ ।

ज्ञातव्य छ—मास्को (सोवियत रूस) की प्रसिद्ध अभिनेत्री लीदिया कुज्नीत्सोवाले श्रीमती कमला रतलामका साथ मेघदूतको संगीत र गायन समेत सम्मिलित रूपमा गरेकी प्रस्तुत थिइन् ।

नेपालमा पनि त्रिभुवन विश्वविद्यालय संस्कृत अध्ययन संस्थान अन्तर्गत वाल्मीकि विद्यापीठमा गीत्यात्मक मेघदूत लाई झन् अभिनय समेत गरी प्रस्तुत गरेको थियो । यस कार्यमा पूर्व डीन पं० अम्बिका प्रसाद अधिकारी पूर्व सहायक डीन तथा वर्तमान डीन प्रो० तोयनाथ पाण्डेय प्रा० वलदेव जुजु प्रा० विद्यानाथ उपाध्याय तथा यस पंक्तिको लेखक पनि सम्मिलित भएको थियो । ज्ञातव्य छ उक्त अभिनयमा यक्षिणीको भूमिकामा लेखक कै पत्नी श्रीमती एलेन आत्रेय थिइन् ।

मेघदूत काव्य ११५ पद्यको छ । यसमा पूर्व र उत्तर मेघ गरी दुइ भाग छन् । क्षेपक पद्यका रूपमा स्वीकार गरिएका लगभग दुई देखि तेह्र पद्यहरू यसमा पाइन्छन् । जसलाई मुख्य कालिदास कै भनेर सहि छाप लाउन मिलेको छैन । प्रस्तुत छ कृतिका अन्त्यमा उपलब्ध क्षेपक भनिने एउटा पद्य—

इत्थं भूते सुचरितपदं मेघदूताभिधानं
कामक्रीडाविरहितजने विप्रयोगे विनोदः
मेघस्याऽस्मिन्नतिनिपुणताबुद्धिभावः कवीनां
नत्वार्यायाश्चरणकमलं कालिदासश्चकार ॥

हिमद्‌देशका कवि कालिदासले आफ्नो कृतिको यसरी वर्णन गरेको अन्यत्र पाइदैन नाटकमा उनले आफ्नो नाम ग्रहण गरे पनि यस्तो कृतिप्रशंसा र आत्मश्लाघा गरेका छैनन् । अतः यसलाई कुनै अन्य कालिदास नामधारीले वा अन्य कुनै व्यक्तिले पाण्डित्य प्रदर्शनार्थ जोडी दिएको क्षेपक हो मात्र भन्दै मेघदूत जस्तो कृतिको लामो परिचय दिएर सूर्यलाई बत्ती देखाउन न खोज्दा नै वेश होला ।

रघुवंश—

कालिदासको यो लोकप्रिय महाकाव्य हो । वाल्मीकि र पाणिनि पछिको ठूलो आकारको यो संस्कृत महाकाव्य साधारणतया १९ सर्ग फेला परेको छ । धारा नगरी-का एक जना विद्वान् संग यो काव्य २६ छब्बीस सर्ग सम्म फेला परेको जानकारी महामहोपाध्याय वासुदेव विष्णु मिराशीले दिएका छन्। उज्जयिनीमा यस महाकाव्यका २० सर्ग देखि पच्चीस सर्ग सम्मका पाण्डुलिपि फेला परेको जानकारी पनि पाइएको छ । यसका साक्षीका रूपमा श्री रायबहादुर पाण्डुरङ्गलाई अँघि सारिन्छ । लङ्काको एउटा प्रस्तर लेखमा रघुवंशलाई पच्चीस सर्गात्मक उल्लेख गरिन्छ ।

नेपालमा पनि रघुवंशका प्राचीन तीन पाण्डुलिपि उपलब्ध छन् । इनमा भने सबैमा १९ सर्ग मात्रै छन् । उपर्युक्त सबै संस्करणलाई सरसर्ती हेर्दा वा विचार गर्दा कालिदासको रघुवंश मात्र १९ सर्गको थियो । यसमा पछि अरूहरूले पौरख देखाए तथा बौद्धिक व्यायाम गरे । जसले गर्दा यो काव्य १९ सर्गबाट छब्बीस सर्गको हुन पुग्यो ।

१९ सर्ग रघुवंश राजा अग्निवर्णमा पुगेर टुङ्गिन्छ । विष्णुपुराणमा अग्निवर्ण पछि पनि आठ अन्य राजाहरूको वर्णन भएको पाइन्छ । अतः यो काव्य अपूर्ण छ भन्ने पनि केहि समीक्षकहरूको धारणा छ । कुमारसंभव काव्य जस्तै यस काव्यमा पनि कालि-दासले अल्लारे तथा अश्लील शृङ्गार वर्णन गरि दिंदा यो काव्य पूरा हुन सकेन भन्न पनि समीक्षकहरूले वेर लाउँदैनन् । वस्तुतः तथ्य के हो ? अड्कलकाटे पाराले यसै हो भनेर ठोकुवा गर्न गाह्रो छ ।

कालिदासले रघुवंशी राजाहरूलाई यस काव्यको थालनीमा निकै माथि उठाएका छन् । दिलीप रघु अज इनका आदर्श व्यक्तित्व हुन् । दशरथलाई पनि इनी कम महत्त्व दिदैनन् । रामलाई त कविले साक्षात् विष्णुको अवतार नै स्वीकार गरे-रामाभिधानो हरिरित्युवाच ।

यसरी आदर्श राजाका रूपमा वर्णन गर्न थालिएको यस रघुवंशका पात्रहरूमा अग्निवर्ण कालिदासको उद्‌देश्य विरुद्ध दुराचारी जाँड, जूआ र जोईमा लम्पट निस्कन पुगे । अतः कालिदासका यस काव्यको थालनीको लक्ष्य सफल हुने छाँट आएन । त्यसैले

इनले आफ्नो कलम यहिं नै टक्क रोकि दिए कि ? कि वा इनलाई आश्रय दिने राजाले नै यो लान्छन आफूमाथि आउने भएर महाकविको ध्यान यसबाट हटाएर विषयान्तर (नाटक लेखन) तिर लगाई दिए कि? यस्ता कि ? कि ? जोडिएका तर्कहरू पनि धेरै पढ्न सुन्न पाइन्छ । हुन त राजाले गल्ती गरेमा लोकतन्त्र र लोकापवादलाई आदर्श मान्ने इनका राजाहरूलाई परिवार र लोक दुवैले आलोच्य बनाएका छन् । रघुवंशी राजा लोकतन्त्रका पक्षपाती र लोकापवाद भीरु भएको कुरा कालिदास यसरी व्यक्त गर्दछन्—

(i) अविश्रमोऽयं लोकतन्त्राधिकारः । अभिज्ञान शाकुन्तल

(ii) अवैमि चैनामनघेति किन्तु लोकापवादो बलवान् मतो मे ।
छाया हि भूमेः शशिनो मलत्वेनारोपितता शुद्धिमतः प्रजाभिः ।
रघुवंश० १४।४०

त्यसैले कालिदासका राजा, ऋषि-मुनि, शकुन्तला तथा स्वयं सती साध्वी मैथिली बाट पनि अनालोच्य छैनन् । माथि भने झैं इनका आश्रयदाताले अग्निवर्णको वर्णन देखेर इनलाई महाकाव्य लेख्न बाट विरत पारे भनौं भने पनि इनले शाकुन्तल, रघुवंश तथा मालविकाग्निमित्रमूमा पनि यसको धोको फेरेकै छन्। शाकुन्तलकी शकुन्तला तथा ऋषिकुमार, रघुवंशकी सीता तथा मालविकाग्निमित्रकी धारिणी आदि पात्रहरू राजाको समालोचना गर्न चुकेका छैनन् । यतिखेर ज्ञातव्य कुरा के छ भने कालिदास राजाको सार्वभौमिकतामा आस्था राख्ने कवि हुन् तर इनी अन्धभक्त अथवा चाटुकारी होइनन्, जसले राजालाई आत्मश्लाघी तथा कदाचारी हुन प्रश्रय देओस् । अपि तु इनी राजाका सच्चा मित्र हुन्, बहुश्रुत सहयोगी । इनी राजालाई आदर्शमा राम र अधिराज्यलाई राम-राज्यको रूपमा देख्न चाहन्छन् ।

माथिका तथ्यहरूलाई नियाल्दा रघुवंश अधुरो र अपूरो रहनुमा एउटै कारण दिन सकिन्छ, त्यो हो अग्निवर्णको चरित्र ।

कालिदासीय रघुवंशलाई पनि विभिन्न रूप आकृति र रंगमा देख्न पाइने कुराका केहि टिपोट माथि गरिएको छ । कालिदासका विभिन्न औतारी व्यक्ति र ती औतारी व्यक्तिलाई मान्ने कालिदासका भक्तहरूले पनि यसमा आ आफ्ना संगज खियाएका छन् ।

१९ सर्ग बाट २६ सर्ग सम्म यसलाई तन्काइनुमा यहि कारण देखा पर्दछ। कालिदासीय रघुवंशको विषयमा विचार गर्दा दाक्षिणात्यहरू र हामी उत्तरवासी कि वा हिमगिरि र त्यसका उपत्यकानिवासी (कालिदास कै शब्दमा-हिमगिरेरुपत्यकारण्यवासिनः) हरूमा निकै मतभेद छ । यस मतभेदले गर्दा पनि कालिदास धेरै भए भन्ने कुरालाई पुष्टि मिल्दछ। उदाहरणका लागि–दाक्षिणात्यहरूमा रघुवंशको "वागर्थाविव सम्पृक्तौ वागर्थप्रतिपत्तये । जगतः पितरौ वन्दे पार्वतीपरमेश्वरौ ॥ यस पद्यलाई

कालिदास रचित होइन भन्दछन् । 'यस काव्यमा कविले मङ्गलाचरण गरे कै छैनन् । यो क्षेपक पद्य हो' भन्ने इनको धारणा छ ।

कालिदास, जसलाई शैव तथा भगवान् शङ्कर एवं जगज्जननी पार्वतीका परम भक्त भनिन्छ । अवश्य पनि यस मान्यतालाई शत प्रतिशत सत्य मान्ने हिमवद्देशीय-हरूका लागि यो क्षेपक प्रसंग मुटुमा आघात पर्ने कुरा हो । तर यी सबै कुरा प्रमाण पनि हुन्—विभिन्न कालिदास र ती कालिदासभक्तहरूका अलग-अलग विचार हुनुका । शिवका परम भक्त हिमवद्देशीय कालिदास बारे दाक्षिणात्यका यस्ता धारणालाई मनगढन्ते वा कल्पित भन्न न मिल्ला ? रघुवंशका यस पद्य बारे आफूलाई कालिदास साहित्यका तिखारिएका समीक्षक मान्ने डा० रेवा प्रसाद द्विवेदीले आफ्नो कालिदास ग्रन्थावलीका पृष्ठ एकसय तीनको टिप्पणीमा पनि संकेत गरेका छन्—पद्यमिदं प्रक्षिप्त मिति दाक्षिणात्याः ।

हिमवद्देशका हामी नेपालीहरू कौशिक विश्वामित्रको मूलआश्रम कोशी प्रदेश हो, भन्ने कुरामा विश्वस्त छौं । अतः इक्ष्वाकुवंशी राजा दशरथका बुढेसकालमा जन्मेका चा-चार भाई छोराहरू हितोपदेशका राजपुत्र झैं अशिक्षित र दुर्व्यसनी न होऊन् भन्ने उद्देश्यले कौशिक विश्वामित्र आफूले पहिले दिएको वचन अनुसार राजा दशरथ कहाँ जान्छन् र उनका दुई राजकुमार राम र लक्ष्मण लाई लिएर उनको शिक्षा दीक्षाका लागि पुनः कौशिकी क्षेत्र तिर लाग्दछन् । साकेतबाट कोशी वाराह क्षेत्र उत्तर कि वा पूर्वोत्तर पर्दछ । अतः कालिदास आफ्नो काव्यमा विश्वामित्रले राम लक्ष्मणलाई लिएर उत्तर दिशा तर्फ लागेको कुराको स्पष्ट उल्लेख गर्दछन् । कालिदासले लेखेको र भौगो-लिक आदि दृष्टिले पनि मिल्न आउने भाव भएको उक्त पद्यलाई पनि केहि रघुवंशमा क्षेपक मानिएको छ भने केहि रघुवंशहरूमा यो पद्य नै छैन । नेपालमा अहिले सम्म उपलब्ध रघुवंशका प्राचीनतम हस्तलिखित प्रतिहरूमा भने सम्बन्धित पद्य यथावत् मूलरूपमा नै पाइन्छ । नेपालमा यस पद्यलाई क्षेपक न मानी कालिदासकृत मानिनु र नेपाल बाहिरका केहि प्रकाशित लिखित दुवै प्रतिमा यसलाई कतै क्षेपकको रूपमा उल्लेख गर्नु र कतै यो पद्य नै न राखिनुले यस्तो किन हुन गयो होला भन्ने विषयमा हिमवद्देशका मनीषीहरूलाई घोत्लिन बाध्य तुल्याउँछ। अन्यथा विश्वामित्र रामलक्ष्मण लाई लिएर उत्तर लागे भनेर कालिदासले लेखेको पद्यलाई क्षेपक मान्नुमा कुनै औचित्य छैन । हिमवद्देश अर्थात् आफ्नो जन्मभूमिको भौगोलिक ज्ञान भएका कालिदासले यस्तो लेख्नुमा पनि कुनै अनौचित्य देखिदैन । प्रस्तुत छ सम्बद्ध पद्य—

रेजतुश्च सुतरां महौजसः
कौशिकस्य पदवीमनुद्रुतौ ।
उत्तरां प्रति दिशं विवस्वतः
प्रस्थितस्य मधुमाधवाविव ॥ रघु० ११।७

हिमवद्‌देशका स्थलविशेषको भौगोलिक संकेत दिनुका साथै हिमवद्‌देशको ऐतिहासिक तथा सांस्कृतिक महत्त्वको परिचायक यस कालिदासीय पद्यलाई कसैले क्षेपक भनिदिने र कसैले उल्लेख नै न गरिदिने गर्दा अन्यत्र यसबारे जस्तो विवादास्पद स्थिति उठेको छ, नेपालीहरूले यस पट्टि आँखा चिम्लेर अनुसरण गर्ने तर्फ न लागी अझ गहकिलो अन्वेषण द्वारा पूर्वाग्रही तथा भ्रान्तधारणा हरूलाई निर्मूल पार्ने तर्फ प्रयास गर्नु पर्ने टङ्कारो देखिन्छ। यदि नेपालको पाठ्यक्रममा रघुवंशको एघारौं सर्गको पढाई शिक्षण संस्थामा हुन्छ भने आफ्तो देशको प्राचीन तथा प्रामाणिक पाण्डुलिपि अनुसार नै अध्यापनमा प्राथमिकता दिंदा राम्रो हुने कुरा पनि यहाँ न लेखी रहन सकिदैन। रघुवंशका नेपालमा उपलब्ध पाण्डुलिपि हरू बारे जानकारी लिन पण्डित राज तथा तात्कालिक नेपाल एकेडेमीका प्राज्ञ सोमनाथ सिग्देल द्वारा सम्पादित तथा कोमलनाथ शर्मा द्वारा अनूदित रघुवंश महाकाव्य (नेपाल एकेडेमी २०१५) को सम्पादकीय भूमिका भाग द्रष्टव्य छ।

कुमारसम्भव

कुमारसम्भव महाकाव्य पनि कालिदासीय रघुवंश जस्तै रबर तन्किए जस्तै क्रमशः ८, १७, र २२ सर्ग सम्म तन्किएको छ। कालिदासीय साहित्यका प्रसिद्ध व्याख्याकार मल्लिनाथको व्याख्या भने मात्र आठ सर्ग सम्म पाइन्छ। यस काव्यलाई अपूर्ण भन्नेहरूको स्वर रघुवंशलाई अपूर्ण मान्नेहरूको भन्दा चर्को छ। यस्ता चर्का स्वर गर्नेहरूमा मल्लिनाथ लगायत धेरै जसो पूर्वीय विद्वान् संगै पाश्चात्य पण्डितहरू मध्ये विन्टरनित्सको नाउँ पनि अवधेय छ। कालिदासको यो काव्य पराम्बा र परमेश्वरको, जसलाई रघुवंशमा महाकवि पितरौको रूपमा आदर गर्दछन्, सम्भोग श्रृङ्गारको अन्धाधुन्ध वर्णन गरिदिएको हुनाले श्रापवश अपूर्ण रह्यो भन्ने व्यापक कि वदन्ती छ।

वस्तुतः कालिदासलाई श्राप परेको होइन, इनका समालोचक हरू तथा बल्लाल कविले कथेका कि वदन्ती झैं कालिदास माथि डाढो गर्ने र राढो मच्चाउनेहरूका कपोल कल्पित उपकथाहरू हुन्, मुखको स्वाद फेरेका वाक्य हुन्। जसले गर्दा कालिदासको वास्तविक जीवनी मैं माकुराको जालो लागे जस्तो हुन गएको छ।

मालविकाग्निमित्रम्

यो कालिदासको पहिलो नाटक हो। ऐतिहासिक आधारमा लेखिएको यस नाटकले तात्कालिक समाजको चित्रण तथा ऐतिहासिक घटनालाई समातेको छ। यसमा हिमालय र तत्सम्बद्ध प्राकृतिक वर्णनहरू कमै पाइन्छन्। पाँच अङ्कमा सकिने यस नाटकलाई पनि, पहिले यो वास्तविक कालिदासको कृति हो होइन ? भन्ने विषयमा समीक्षक हरूमा प्रशस्त ऊहापोह भएको थियो। विभिन्न तर्क वितर्क उठाइएका थिए

तर अब भने विपक्षको स्वर मसिनो भै सकेको छ। शिवको मङ्गलाचरण, नान्दी र प्रस्तावनाको स्वरूप, नाटकको प्रस्तावनामा नाटककारको स्व-नामोल्लेख तथा कालिदासका अन्य कृतिहरूका विभिन्न स्थलहरू संग शब्द र भाव साम्य हुनु देखिनु जस्ता तथ्यहरूले पनि कालिदासले यो नाटक लेखेनन् भन्न न मिल्ने छ। यस कालिदासीय नाटकका नायक अग्निमित्र र कविका महाकाव्यका अन्य नृपनायकहरूको तुलनामा इनको तुलना रघुका अग्निवर्ण संग गर्न सकिन्छ। तर यहाँ ज्ञातव्य के छ भने अग्निवर्ण लाई राज कार्य बाट पूर्णतया विरत जस्तै देखाइएको छ भने अग्निमित्रलाई त्यस्तो वेवास्ता गर्ने खाले चित्रण गरिएको छैन। शासनकार्यमा अग्निमित्रलाई निकै जागरूक चित्रण गरिएको छ। यस बाहेक कालिदास स्वयं यस नाटकलाई आफ्नो कृति भन्दछन्—

सूत्रधार :—अभिहितोस्मि विद्वत्परिषदा कालिदासग्रथितवस्तु मालविकाग्निमित्रम् नाम नाटकं अस्मिन् वसन्तोत्सवे प्रयोक्तव्यमिति।

पारिपार्श्विक :—मा तावत्। प्रथित यशसां भास-सौमिल्ल-कविपुत्रादीनां प्रबन्धानतिक्रम्य वर्तमानकवेः कालिदासस्य क्रियायां कथं बहुमानः ?

कालिदासका नाटक मध्ये पहिलो भनिने यस मालविकाग्निमित्रम् वारे यत्ति।

विक्रमोर्वशीयम्

कालिदासका नाटकहरू मध्ये त्रोटक रूपमा गणना हुने पाँच अङ्कमा समाप्य यस नाटक वारे समीक्षकहरूमा यसको कर्तृत्व विषयमा कुनै तर्क वितर्क छैन। दिव्य र अदिव्य दुई थरी पात्र भएका हुनाले त्रोटकका रूपमा प्रसिद्ध यस नाटकमा पनि कालिदासले प्रस्तुत कृतिलाई स्पष्ट रूपमा आफ्नो स्वीकार गरेका छन्।

सूत्रधार :—मारिष ? परिषदेषा पूर्वेषां कवीनां दृष्टरसप्रबन्धा। अहमस्यां कालिदासग्रथितवस्तुना नवेन विक्रमोर्वशीयनामधेयेन त्रोटकेनोपस्थास्ये……।

……यावदिदानीमेवार्यमिश्रान् विज्ञापयामि--(प्राणिपत्य)
प्रणयिषु वा दाक्षिण्यादथवा सद्वस्तु-पुरुष-बहुमानात्।
शृणुत जना अवधानात् क्रियामिमां कालिदासस्य। [माल० प्रस्तावना]

अभिज्ञान शाकुन्तलम्—

कालिदासका नाटकहरू मध्ये यो सबै भन्दा उत्कृष्ट, परिमार्जित, औत्तरकालिक तथा लामो नाटक हो। यसमा सात अङ्क छन्। यसमा पनि नाटककारले आफ्नो नामोल्लेख गरेका छन्।

सूत्रधार :—आर्ये अभिरूपभूयिष्ठा परिषद्। अत्र खलु कालिदासग्रथित-

वस्तुना अभिज्ञानशाकुन्तलनामधेयेन नवेन नाटकेनोपस्थातव्यमस्माभिः । तत् प्रतिपात्रमाधीयतां यत्नः ।

यस शीर्षक अन्तर्गत हिमवद्देशीय कालिदासका विभिन्न समयमा विभिन्न कृति हरू लिएर देखा परेका विविध कालिदास र तिनका म्याए भेटे सम्म सङ्कलित कृति हरूको सामान्य जानकारी पनि बहुचर्चित कृतिहरूको नामोल्लेखका साथै उपस्थापित गरियो । कालिदासका विविधताहरू मध्येबाट हिमवद्देशका कालिदास र उनका कृति-हरूको पनि मीन-मेष भयो । मुख्य कालिदास चिन्नु र उनका कृतिहरू छिलिङ्घाउने काम गर्न कालिदासका हिमवद्देशमा वस्नेहरूलाई गाह्रो पर्दैन । सयौं हजारौं गाईको वथानमा रहदाँ पनि गाईले आफ्नो वाछो चिन्दछ, वाछोले आफ्नी आमा । त्यसैले हिमवत्खण्ड तथा यहाँका समीक्षकहरूका लागि वास्तविक कालिदास छुटै छन्। उनका कृतिहरू परिगणित छन् ।

कवि मेरो कृतिमा थप घट होला, मेरो नाउँ अरूले चोरिदेला, किं वा पछि गएर मेरा व्यक्तित्व र कृतित्ववारे लोकमा भ्रान्त धारणा फैलिएला भनेर आफ्ना सहृदय हृदय पाठक, दर्शक तथा समीक्षकहरू संग बडो विनम्र भएर प्रार्थना गर्दै भन्दछन्—

"यहाँहरूले व्यर्थका टीका टिप्पणीहरूबाट बडो ध्यानपूर्वक तथा निक्कै सावधान भएर यस कालिदासको कृतिलाई सुनि-हेरि दिने कृपा गर्नु हुने छ । अन्यथा यसमा भ्रामक तथ्यहरूले वास्तविकतालाई धमिल्याई दिने छन् ।"

कालिदासको यहि भावाभिव्यक्ति उनकै शब्दमा—

प्रणयिषु वा दाक्षिण्या-
दथवा सद्वस्तु-पुरुष-बहुमानात् ।
शृणुत जना अवधानात्
क्रियामिमां कालिदासस्य ॥

[मालविकाग्निमित्रम् प्रस्तावना]

सूत्रस्येवास्ति मे गतिः

"एउटा मसिनो धागो वा तन्तुविशेषलाई स्वयं रत्न वा मणिमा छिद्र बनाएर प्रविष्ट हुनु अप्ठ्यारो मात्र होइन, असम्भव पनि छ तर बज्रले त्यसमा छिद्र पारी दिएको खण्डमा त्यो तन्तु वा धागो त्यस मणि भित्र सहजै प्रविष्ट हुन सक्तछ। म पनि त्यस्तै छु।" कालिदासले यो कुरा आफ्ना रघुवंश महाकाव्यको थालनी मैं विनम्रता साथ भनेका छन्—

अथवा कृतवाग्द्वारे वंशेऽस्मिन् पूर्वसूरिभिः।
मणौ वज्रसमुत्कीर्णे सूत्रस्येवाऽस्ति मे गतिः॥ रघु० १।४

कालिदासका यस उक्तिले उनले आफ्ना पूर्वज व्यास वाल्मीकि पाणिनि तथा अश्वघोष आदि मनीषी एवं साहित्यकारका कृतिहरूबाट आफू प्रभावित भएको कुराको संकेत मात्र गर्दैनन् अपि तु महाकविले उपर्युक्त ती विद्वान् तथा साहित्यकारहरूका कृतिहरूको मनग्गे अध्ययन गरेको कुरा पनि टड्कारो हुन्छ। मामूली परिश्रम वा सानो तिनो कवि प्रयासले कालिदास कालिदास भएका छैनन्। कालिदासलाई किंवदन्ती अनुसार अत्यन्त मन्दमति भनिन्छ। स्वयं उनैले पनि आफूलाई प्रसङ्गतः 'मन्दः' भनेका छन्। किंवदन्ती जे होस् जति सम्म सांचो होस्, त्यो त छँदै छ, कालिदासलाई यस किंवदन्तीले जति हद सम्म मन्द वा मूर्ख बनाएको छ उनको साधना र श्रमले उनलाई त्यत्ति नै ठूलो र महान् तुल्याई दिएको छ।

त्यसैले हिमवद्देशीय कालिदासका विश्वप्रसिद्ध कृतिहरू, उनले अध्ययन गरेका विविध स्रोतहरूबाट तथा जाने-बुझेका देखे सुनेका विषय एवं पूर्व कविका शैली र शिल्प हरूबाट पनि स्वयं अप्रभावित रहन सकेका छैनन्। हो, प्राक्तन शैली र शिल्पमा नयाँ मौलिक कारीगरी देखाएर त्यसको कान्ति पुञ्ज द्वारा समस्त वातावरण उजिल्याउने र सुरभित पार्ने कार्य कालिदास आफैले अवश्य गरेका छन्। आगोमा गलाएर सुन खार्ने कार्य मात्र पूर्ववर्त्ती कविले गरेका हुन्। सुनको डल्लो वा लाप्सोलाई विभिन्न कल्पना र शिल्पका आधारमा कुँदेर आभूषण रचना गर्ने कार्य भने स्वयं कालिदासको नै हो।

आभूषण शिल्पी कालिदास स्वयं नै जन जनका आभूषण बन्न पुग्छन् पछि गएर। सहृदय पाठक तथा रसिक जनले शिल्पी र शिल्पमा तादात्म्य देख्न थाल्दछ। काव्य र कविमा अभिन्नता फेला पार्दछ। फलतः स्वयं कालिदासलाई नै उसले बहुमूल्य

अङ्गुलीयक वा रत्न-जटित-स्वर्ण मुद्रिकाका रूपमा कनिष्ठिकामा धारणा गर्न थाल्छ–कनिष्ठिकाऽधिष्ठितकालिदासः ।

यस सन्दर्भमा कालिदास र वाल्मीकि तथा कालिदास र पाणिनि एवं कालिदास र बुद्ध बारे माथिका परिच्छेदहरूमा यथा स्थान चर्चा गरी सकिएको प्रसङ्गलाई पुनः न दोहोर्‍याई प्रभावग्रहण बारे अवशिष्ट कुराहरूमा केहि चर्चा गर्ने उद्देश्य मात्र यहाँ राखिएको छ ।

कालिदासको ऋतुसंहार काव्यमा आदि कवि वाल्मीकिको प्रभाव परेको पाइन्छ । वाल्मीकीय रामायणको किष्किन्धा काण्ड अन्तर्गतका दुई ऋतु वर्षा र शरद् वर्णनको प्रभाव कालिदासका यस काव्यमा परेको छैन भन्न किमार्थ मिल्दैन । यसका साथै जीवनको धेरै जसो समय दरबारिया वातावरणमा बिताएका कविलाई तिनताकका राजदरबारमा अन्तःपुरका रसिक ललनाहरूका नाच-गान तथा लेपन-व्यजनको दृश्यले प्रभावित पारेन होला भन्न मिल्दैन । यति मात्रै होइन, यस भन्दा पहिले पनि बालख कालदेखि तन्नेरी भएर लाहुर न पस्दा सम्मका जीवनको शैशव देखि वैशालु हुदा सम्मको अवधि कविले आफ्नै मातृ भूमिमा बिताएका छन् । अतः त्यहाँको जातो-घट्ट, रन-वन, तन्नेरी-तरुनी, ओडार-कान्लो, चीसो-न्यानो र असीना-पसीना सबैको पूरा-पूर अनुभव उनलाई छँदछ । यी सबै कुराको प्रभाव कविको ऋतु संहारमा परेको स्पष्ट छ । यहाँ ऋतु संहारका पद्यलाई वाल्मीकिको भाव संग तुलना हुन सक्ने उदाहरण स्वरूप एउटा नमूना प्रस्तुत गर्नु उपयुक्त हुनेछ––

वाल्मीकि—बालेन्द्रगोपान्तरचित्रितेन
विभाति भूमिर्नवशाद्वलेन ।
गात्रानुपृक्तेन शुकप्रभेण
नारीव लाक्षोक्षितकम्बलेन ॥ वा० रा० ४।२८।२४

कालिदास—प्रभिन्नवैदूर्यनिभैस्तृणाङ्कुरैः
समाचिता प्रोत्थितकन्दलीदलैः ।
विभाति शुक्लेतररत्नभूषिता
वाराङ्गनेव क्षितिरिन्द्रगोपकैः ॥ ऋतु० २५।२

मेघदूत कालिदासीय साहित्यको लोकप्रिय खण्डकाव्य हो । यस काव्यमा कविको मौलिकता सम्बन्धी विस्तृत क्षेत्र परिलक्षित हुन्छ । कालिदासले यसमा आदि कवि वाल्मीकिबाट मनग्गे प्रभाव ग्रहण गरेका छन् भन्ने प्रसङ्ग र इनका सुन्दर काण्डबाट मेघदूतका ११५ मध्ये झण्डै एक शय पद्य प्रभावित छन् भन्ने कुराको चर्चा पनि माथि भैं सकेको छ । अतः त्यसको पिष्ट पेषण न गर्नु नै उचित होला ।

वैदिक उपाख्यानको सिंहावलोकन गर्दा ऋग्वेदको दशम मण्डलमा असुरहरूले चोरेर लगेका आचार्य वृहस्पतिका गाईहरूको पत्तो लाउन देवराज इन्द्रले सरमा (कुकुर्नी) पठाएको प्रसङ्ग छ। ऋक्–म० १०। अ० ८। सू० १०८

ऋग्वेदको पाँचौ मण्डलमा यसै गरी दूत-सन्देशको प्रसङ्ग छ—

आत्रेय गोत्रका एकजना श्यावाश्व ऋषि राजा दार्भ्य रथवीतिका यज्ञमा आमन्त्रित भएर आएका थिए। त्यहाँ उनले राजकुमारीलाई देखे। उनलाई तिनै संग विवाह गर्ने इच्छा भयो। यज्ञान्तमा उनले यो प्रस्ताव राजा समक्ष राखे।

श्यावाश्व अझै मन्त्र द्रष्टा ऋषिका समकक्षतामा पुगि न सकेका हुनाले राजाले त्यस बेला इनीलाई आफ्नी राजकुमारी दिन अस्वींकार गरे। फलतः आफ्नो तपोबल द्वारा मन्त्र द्रष्ट्टत्व शक्ति प्राप्त गर्ने अठोट लिई ऋषि बाटा लागे।

गरेर न हुने के थियो ? श्यावाश्वको तपस्या फल्यो, उनी मन्त्र द्रष्टा भए। यति मात्र होइन पछि इनी आत्रेय गोत्रीयहरूका प्रवरऋषि पनि हुन पुगे। ऋग्वेदको उपर्युक्त प्रसङ्ग अनुसार महर्षि श्यावाश्वले रात्रिको आवाहन गर्दछन् र इनलाई दूती बनाएर प्रणय सन्देश पठाउँछन्।

महाभारत वनपर्वको नलोपाख्यान अ० ५३ मा पनि हंस सन्देशको प्रसङ्ग आउँछ। यस बाहेक त्यसमा राजा नल स्वयं पनि देवदूत भएर दमयन्ती छेउँ पुग्दछन्।

श्रीमद्भागवत दशम स्कन्धमा कृष्णको दौत्यकर्ममा उद्धव लागेका छन्। यसै स्कन्धमा चन्द्रमा र मलयानिल आदि जस्ता अचेतन पदार्थ संग कृष्ण बारे द्वारकाका रानी हरूले प्रश्न गर्ने प्रसंग फेला पर्दछ। यसका साथै रुक्मिणीले एकजना ब्राह्मणलाई दूतका रूपमा द्वारका पठाउने आदि उपाख्यानहरूले नै कालिदासलाई कामार्त किं वा विरहीहरूका दृष्टि चेतन-अचेतन दुवैमा समान हुन्छन् भन्ने कुरा लेख्ने प्रेरणा दियो होला-कामार्त्ता हि प्रकृतिकृपणाश्चेतनाऽचेतनेषु।

यी त भए वेददेखि रामायण महाभारत तथा पुराणसम्मका कुरा।

बौद्ध जातककथाहरूमा कलण्डु जातक, कामविलाप जातक तथा कुन्तनि जातक आदिमा पनि दूत काव्यका लक्षण पाइन्छन्। इनमा पक्षी आदिलाई सन्देशहर बनाइएको छ। विविधविद्याविशारद कविकुलगुरु कालिदासले यी सबै ग्रन्थहरूको दर्शन गरे-पाएका थिएनन् भनिहाल मिल्दैन।

प्रभाव ग्रहणको यस प्रसंगमा द्वारकामा कृष्णका रानी हरूले उनको वियोगमा मेघलाई गरेको यो प्रार्थना वाक्य उद्धृत गर्ने लोभ संवरण गर्न सकिएला जस्तो छैन—

मेघ श्रीमँस्त्वमसि दयितो यादवेन्द्रस्य नूनं
श्रीवत्साङ्कं वयमिव भवान् ध्यायति प्रेमबद्धः ।
अत्युत्कण्ठाशबलहृदयोऽस्मद्विधो बाष्पधाराः
स्मृत्वा स्मृत्वा विसृजसि मुहुर्दुःखदस्तत्प्रसङ्गः सङ्गः ॥

योगवासिष्ठका उत्तरार्धको निर्वाणप्रकरणमा एउटा पद्य संग मेघदूतका पूर्व मेघको पद्य दुरुस्त मिल्न आउने फेला परेको छ । यसको पनि उद्धृति अप्रासङ्गिक हुने छैन—

एतच्छृङ्गं हरति पवनः किं स्विदित्युन्मुखीभिः,
दृष्टोत्साहश्चकितचकितं मुग्धसिद्धाङ्गनाभिः ।
प्रालेयाद्रेः प्रतितटवनं प्रोत्पतत्सम्यगूर्ध्वं ।
बज्रस्तम्भो गगनसुतलोत्तोलनादेव भूमेः ॥ १५।१६

कालिदासीय मेघदूत—

(क) अद्रेः श्रृङ्गं हरति पवनः किंस्विदित्युन्मुखीभिः ।
दृष्टोत्साहश्चकितचकितं मुग्धसिद्धाङ्गनाभिः ॥ १।१४

(ख) प्रालेयाद्रेरुपतटमतिक्रम्य तांस्तान् विशेषान्
हंसद्वारं भृगुपति यशोवर्त्म तत्क्रौञ्चरन्ध्रम् ।
तेनोदीचीं दिशमनुसरेस्तिर्यगायामशोभि
वामः पादो बलिनियमनाभ्युद्यतस्येव विष्णोः ॥ १।५७

खोजी पस्दा यस्ता प्रसङ्गस्थलहरू अन्यत्र पनि भेटिन्छन् । उद्धृत प्रसङ्ग मात्र एउटा दिक्प्रदर्शन हो । ज्ञातव्य के छ भने महाकवि कालिदास मेघदूत काव्यमा आफ्नै तमसा तट, आफ्नै मैथिली, आफ्नै जनकतनयास्नान पुण्योदक तथा त्यसलाई स्पर्श गर्ने रामगिरि (रामदी) पर्वत श्रृङ्खलाबाट बढी प्रभावित छन् । त्यसैले सीताको उल्लेख गर्दा कालिदासले उनकै माइती देश सम्बद्ध नाउँ जनकतनया, मैथिली जस्ता पद प्रयोग गर्दछन् । उदाहरणका लागि—

(क) जनकतनयास्नानपुण्योदकेषु । मे० १।१

(ख) इत्याख्याते पवनतनयं मैथिलीवोन्मुखी सा । मे० २।३७

यस बाहेक पनि कालिदास मेघदूतमा आफ्ना समानाभिजनपूर्वज वाल्मीकिबाट कति प्रभावित छन् ? भन्ने कुरामा निम्नतालिकाले पनि मद्दत गर्दछ ।

कालिदास	वाल्मीकि
(१) स्निग्धभिन्नाञ्जनाभे ।	(१) भिन्नाञ्जनचयाकारमम्भोदरमिवोदितम्
(२) (क) क्षीणः क्षीणः परिलघु पयः स्रोतसां चोपभुज्य । (ख) सेविष्यन्ते नयनसुभगं खे भवन्तं बलाकाः ।	(२) वालकिनो वारिधरा नदन्तः महत्सु शृङ्गेषु महीधराणां विश्रम्य विश्रम्य पुनः प्रयान्ति ।
(३) बन्धुप्रीत्या भवनशिखिभिर्दत्तनृत्योपहारः ।	(३) जाताबनान्ताः शिखिसु प्रवृत्ताः
(४) तस्याः किञ्चित् करधृतमिव प्राप्तवानीरशाखं हृत्वा नीलं सलिलवसनं मुक्तरोधो नितम्बम् । प्रस्थानं ते कथमपि सखे लम्बमानस्य भावी ज्ञातास्वादो विवृतजघनां को विहातुं समर्थः ?	(४) दर्शयन्ति शरन्नद्यः पुलिनानि शनैः शनै । नवसंगमसव्रीडा जघनानीव योषितः ॥
(५) या वः काले वहति सलिलोद्गारमुच्चैर्विमाना मुक्ताजालग्रथितमलकं कामिनीवाभ्रवृन्दम् ॥	(५) सुरतामर्दविच्छन्नाः स्वर्गस्त्रीहारमौक्तिकाः पतन्ति चाटुलाः दिक्षु तोयधाराः समन्ततः ॥
(६) आलिङ्ग्यन्ते गुणवति ! मया ते तुषाराद्रिवाताः पूर्वं स्पृष्टं यदि किल भवदङ्गमेभिस्तवेति ।	(६) वाहि वात ! यतः कान्ता तां स्पृष्ट्वा मामपि स्पृश? । त्वयि मे गात्रसंस्पर्शश्चन्द्रे दृष्टिसमागमः ॥

इदमप्यवधेयम्, कालिदाससाहित्यका प्रसिद्ध टिप्पणीकार मल्लिनाथ पनि वाल्मीकि के रामायणको प्रभाव मेघदूतमा स्वीकार्दछन्—

(ग) सीतां प्रति रामस्य हनुमत्सन्देशं मनसि निधाय मेघसन्देशं कविः कृतवानित्याहुः । [मेघ० १।१ टिप्पणी]

उपर्युक्त वाक्यको 'आहुः' शब्दले यस विषयमा मात्र मल्लिनाथको सहमति न भएर अन्य विद्वान् तथा समीक्षकहरूले पनि यस तथ्यलाई स्वीकार गरेको कुरा टड्कारै छ ।

रघुवंशमा कालिदासका प्रेरणा ग्रन्थ बारे चर्चा गर्दा पनि पुनः वाल्मीकि रामायण मै पुग्नु पर्ने स्थिति छ । यसका ९ देखि १५ न्धौं सर्गमा वर्णित रामकथाका लागि निस्सन्देह कालिदास आफ्ना समानाभिजन पूर्वज आदि कवि वाल्मीकिका ॠणी छन् । यस बाहेक रघुवंशी राजाहरूको वंश वर्णनमा इनले अरू ग्रन्थहरूको पनि सहयोग लिएको कुरामा अविश्वास गर्न सिल्दैन ।

पद्मपुराणको दिलीप देखि दशरथ सम्मको वंशानुक्रम हेर्दा यसको प्रभाव कालिदासमा परेको देखिन्छ । रघुवंशमा दिलीपका छोराको रूपमा रघुको उल्लेख भएको छ । वाल्मीकिले दिलीप र रघु बीच दुई राजाको मात्र अतिरिक्त उल्लेख गरेका छन् भने विष्णुपुराणको वंशक्रममा अट्ठार राजाहरूको बढी उल्लेख छ । यसका साथै वायु पुराणमा दिलीप र रघु बीच १९ राजाहरूको व्यवधान दृष्टिगोचर हुन्छ । भासले आफ्नो प्रतिमा नाटकमा दिलीपदेखि दशरथ सम्मका राजाहरूको क्रम जस्तो दिएका छन्, उस्तै कालिदासले पनि दिएका छन् । अतः यस सम्बन्धमा भने भास र कालिदास दुवैको प्रेरणा स्रोत एउटै भएको कुरा टड्कारो हुन्छ । ज्ञातव्य छ— रघुवंशमा कालिदासको प्रेरणा स्रोत कुन हो ? भन्ने विषयमा पनि कालिदासीय साहित्यका समालोचक हरूमा मतभेद छ ।

यहाँ एउटा रमाइलो चर्चाको प्रसङ्ग के छ भने जहाँ पाश्चात्य समीक्षक डा० विन्टरनित्स लगायत केहि अरुले पनि कालिदासले रघुवंशमा पद्म पुराणको आश्रय लिएको स्वीकार गरेका छन् । त्यहिं यसका विरुद्ध डा० वासुदेव विष्णु मिराशी ज़स्ता पौरस्त्य समीक्षकहरूले चाहिं पद्म पुराणकारले नै कालिदासबाट प्रभावग्रहण गरेका छन् भन्न आइतवार लाएका छैनन् ।

कुमारसम्भवमा कुमारजन्मको कथा छ । पार्वतीपुत्र कुमारको यो कथानक एउटा पौराणिक आख्यान पनि हो । शिवपुराण तथा स्कन्दपुराणमा यसको प्रसङ्ग भेटिन्छ । कथानकका दृष्टिले महाकविका यस काव्यमा उपर्युक्त दुवै पुराणहरूको प्रभाव परेको प्रतीति हुन्छ ।

कुमारसम्भव काव्यको तृतीय सर्गमा देवराज इन्द्र कामदेवलाई भन्दछन्–"काम ? तिमी र यो वज्र दुवै मेरा महत्त्वपूर्ण अस्त्र हौ । त्यस मध्ये यो वज्र महान् तपस्वी हरूका उपर प्रहार गरियो भने उनको तपः प्रभावले गर्दा कहिं यो कुण्ठित पनि हुन सक्दछ, तर तिम्रो गति भने सर्वत्र निर्बाध छ र सफल पनि ।"

यस भावलाई कालिदासीय पद्य र शिवपुराणका व्यासीय पद्य दुवैले समान रूपमा अभिव्यक्ति दिएका छन् । पहिले कालिदासीय अभिव्यक्ति—

सर्वं सखे त्वय्युपपन्नमेतत्
उभे ममास्त्रे कुलिशं भवाँश्च ।
वज्रं तपोवीर्यमहत्सु कुण्ठं
त्वं सर्वतोगामि च साधकश्च ॥ कुमार० ३।१२

कालिदासको जस्तै समान भावभिव्यक्त गर्ने शिवपुराणको निम्न पद्य—

द्वयोरपि भवान् श्रेष्ठः सर्वज्ञः सर्वशक्तिमान् ।
वज्रं तु निष्फलं स्याद् वै त्वन्तु नैव कदाचन ॥

कुमारसम्भवमा इन्द्रको सामु काम भन्दछ—"मैले आफ्नो कुसुमायुध उठाएँ भने त हजूरको प्रभावले गर्दा म पिनाकधारी भगवान् शिवको सम्म धैर्य डगाउन सक्छु । अरु साधारण धनुर्धारी हरूको त के कुरा-आच्छयुँ खाएँ बाच्छयुँ खाएँ छुसी बारुलो ?

यस प्रसंगमा शिवपुराण र कुमारसम्भवको दुरुस्त भाव मिल्ने अर्को पद्यद्वय पनि उद्धृत गर्नु उपयुक्त हुने छ—

तव प्रसादात् कुसुमायुधोपि
सहायमेकं मधुमेव लब्ध्वा ।
कुर्यां हरस्यापि पिनाकपाणेः
धैर्यच्युतिं के ? मम धन्विनोऽन्ये ॥ कुमार० ३।१०

अन्येषां गणना नास्ति पातयामि हरं यदि । शिवपुराण

कुमारसम्भवका पद्यहरूको शब्द र भाव साम्य शिव महापुराणको पार्वती खण्ड-मा मनग्गे पाइन्छ । यसको उदाहरण पनि प्रस्तुत गरिहाल्नु अनुपयुक्त होओइन ।

कुमारसम्भव	पार्वती खण्ड
(१) अस्त्युत्तरस्यां दिशि देवतात्मा हिमालयो नाम नगाधिराजः । पूर्वापरौ तोयनिधी वगाह्य स्थितः पृथिव्या इव मानदण्डः ॥ कुमार०	(१) अस्त्युत्तरस्यां दिशि वै गिरीशो हिमवान् महान् पूर्वापरौ तोयनिधी सुविगाह्य स्थितो हि यः नाना रत्नाकरो रम्यो मानदण्ड इव क्षितेः ॥ पार्वती०
(२) कालक्रमेणाथ तयोः प्रवृत्ते स्वरूपयोग्ये सुरतप्रसङ्गे... गर्भोऽभवद् भूधरराजपत्न्याः ॥ कुमार०	(२) कालक्रमेणाथ तयोः प्रवृत्ते सुरतेमुने गर्भो बभूव मेनायाः............ ॥ पार्वती०
(३) मैनाकमम्भोनिधिबद्धसख्यम् । कुमार०	(३) समुद्रबद्धसख्यं मैनाकमिव चाद्भुतम् । पार्वती०
(४) तां पार्वतीत्याभिजनेन नाम्ना बन्धुप्रियां बन्धुजनो जुहाव ॥ कुमार०	(४) बन्धुप्रियां बन्धुजनः सौशील्यगुणसंयुताम् कुलोचितेन नाम्ना तां पार्वतीत्याजुहाव ह ॥ पार्वती०
(५) उमेति मात्रा तपसो निषिद्धा पश्चादुमाख्यां सुमुखी जगाम । कुमार०	(५) उमेति मात्रा तपसो निषिद्धा कालिका च सा पश्चादुमाख्यां सुमुखी जगाम भुवने मुने । पार्वती०
(६) महीभृतः पुत्रवतोऽपि दृष्टिः तस्मिन्नपत्ये न जगाम तृप्तिम् । कुमार०	(६) दृष्टि पुत्रवतोऽप्यद्रेस्तस्मिंस्तृप्ति जगाम न । पार्वती०
(७) संस्कारवत्येव गिरा मनीषी तया स पूतश्च विभूषितश्च । कुमार०	(७) संस्कारवत्येव गिरा मनीषीव हिमालयः । पूतो विभूषितश्चापि सर्वभूततया गिरिः ॥ पार्वती०

(८) मन्दाकिनीसैकतवेदिकाभिः
सा कन्दुकैः कृत्रिमपुत्रकैश्च ।
रेमे मुहुर्मध्यगता सखीनां
क्रीडारसं निर्विशतीव बाल्ये ॥ कुमार०

(९) तां हंसमाला शरदीवगङ्गां
महौषधिं नक्तमिवात्मभासः ।
स्थिरोपदेशामुपदेशकाले
प्रपेदिरे प्राक्तनजन्मविद्याः ॥ कुमार०

(८) गंगासैकतवेदीभिर्बाल्ये रेमे मुहुर्मुहुः ।
कन्दुकैः कृत्रिमैः पुत्रैः सखीमध्यगता च सा । पार्वती०

(९) प्राक्तना जन्मविद्यास्तां शरदीव प्रपेदिरे
हंसालिः स्वर्णदी नक्तमात्मभासो महोदधिम् । पा०

पार्वतीखण्डका उपर्युक्त पद्यहरू कालिदास भन्दा परवर्ती साहित्यकारले रचना गरेर पुराणमा अनुस्यूत पारिदिएका हुन् भन्ने केहि समीक्षकहरूको धारणा छ। यो प्रसंग अवश्य पनि विवेचनीय छ।

यहाँ पनि के कुरा स्मरणीय छ भने सूत्रस्येवास्ति मे गतिः लेखे भन्दैमा कालिदासले यसरी पार्वतीखण्डका पंक्ति-अनुपंक्ति खर्लप्पै सबका सबै आँखा चिम्लेर कसरी सारे होलान् ? इनले अन्यत्र यस्तो गरेको फेला पर्दैन। कालिदासको महत्त्व बढाई दिने हरूले त्यस्तै क्षेपक पद्य रचना गरी मूल पुराणमा अनुस्यूत गरि दिए कि ? यस बारे उस्तो ध्यान न दिने हो भने त हिमवद्देशीय उपाख्यानको रूपमा पार्वती खण्डको कथानकबाट मात्र होइन, त्यसका पद-पद पंक्ति-पंक्तिबाट हिमवद्देशका कालिदास प्रभावित छन् भन्न मिल्छ।

अब आऔं नाटक तिर। मालविकाग्निमित्रम् नाटक कालिदासको कृति होइन भन्ने एक थरि समीक्षक थिए। तर आज भोलि यसमा आफ्नो समर्थन दिने कालिदासीय समालोचकहरू छैनन् नै भने पनि हुन्छ। कालिदासलाई यस नाटकमा बौद्ध समाजले प्रभावित पारेको तथ्य प्रति संकेत गरिएको छ। आफूलाई इतिहासविद् मान्नेहरू मालविकाग्निमित्रम् नाटक कालिदासले प्रभावतीको विवाहोत्सवको अवसरमा लेखेका थिए। त्यसै बेला यसको मञ्चन पनि भएको थियो भन्छन्। वस्तुतः शुङ्गवंशी राजा अग्निमित्रको विदर्भ राजकुमारी मालविका संग विवाह भएको ऐतिहासिक सन्दर्भलाई लिएर यो नाटकको रचना भएको हुनाले यसलाई ऐतिहासिक कोटिमा राखेर विवेचना गर्नु उपयुक्त नै हुन्छ। बौद्ध विरोधी बावु र बौद्धलाई प्रश्रय दिने छोरालाई पात्र बनाएर नाटक लेख्ने कालिदासको यस नाटक द्वारा नाटककारले बौद्ध र अन्य हिन्दुसम्प्रदाय बीच समन्वयात्मक वातावरण कायम राख्न चाहेको तर्फ स्पष्ट संकेत मिल्दछ।

यस्तो पनि भनिन्छ—कालिदासलाई यस नाटकको प्रेरणा गुणाढ्यको बृहत्कथा बाट प्राप्त भएको हुनु पर्दछ। भासको नाटक पञ्चरात्र बाट पाँच दिनमा अशोकमा फूल लाने कल्पना पनि यसमा कविले गरेका होलान्। यस्तो प्रसङ्ग नाटकमा आएको छ। मालविकाग्निमित्रम्को रचनाविधान हेर्दा कालिदासले यो काव्य हिमाली उपत्यका वाहिर बसेर लेखेको जस्तो प्रतीति हुन्छ।

विक्रमोर्वशीयम्को कथानक, ऋग्वेद दशौं मण्डलको पुरूरवा उर्वशी सम्बाद भएको ६५ औं सूक्तवाट कालिदासले लिएका कुरा पनि समालोचक गर्दछन्। यस खालको प्रसंग शतपथ ब्राह्मण ५।१-२ मा पनि आएको छ। विष्णुपुराण तथा श्रीमद्भागवत महापुराणमा पनि यसका संदर्भ फेला पर्दछन्। भागवतमा मित्रावरुणका श्रापले उर्वशीको मनुष्यलोकमा वास भएका कुराको उल्लेख भएको छ। बृहत्कथामा नृत्याचार्य तुम्बुरूको शापले उर्वशीलाई मनुष्यलोकमा आउनु परेको छ। नाटकको भरत मुनि

प्रदत्त शाप र तुम्बुरुदत्त शापमा साम्य देखिन्छ। ज्ञातव्य छ—यस्तै कथानक मत्स्य पुराणमा पनि छ। बृहत्कथा, मत्स्यपुराण र विक्रमोर्वशीयम्को तुलना गरेर हेर्दा विवरणमा समानता प्रतीति हुन्छ।

यसै गरी अभिज्ञान शाकुन्तल पनि पद्मपुराणको शाकुन्तलोपाख्यान, महाभारत, हरिवंश, तथा श्रीमद्भागवतको कथानकबाट प्रभाव ग्रहण गरेर कालिदासले लेखका हुन सक्दछन्। अभिज्ञान सम्बन्धी कुरा वाल्मीकि रामायणमा पनि आएको छ। यसबारे चर्चा माथि भए कै छ। कालिदासले आफ्ना नाटकमा भास सौमिल्ल र कवि पुत्रको नाम ग्रहण गरेका छन्। इनले आफ्ना पूर्ववर्ती नाटककार भासका कृतिहरू अवश्य पनि पढेका थिए होलान्। यस बाहेक विष्णुपुराणमा उल्लिखित चाणूरवध जस्ता नाटकहरूको पनि भेटे-स्याए र पाए सम्म कविले अध्ययन गरे कै हुनु पर्दछ। यस सम्बन्धमा भास र कालिदासका पद्यको भावात्मक तुलना हेर्न केहि उदाहरण प्रस्तुत गर्नु अनौचित्य हुने छैन—

प्रतिमा नाटकमा भास	शाकुन्तलमा कालिदास
(१) अथवा सर्वमलङ्कारो भवति सुरूपाणाम्।	(१) किमिव हि मधुराणां मण्डनं नाकृतीनाम्।
(२) वाचानुवृत्तिः खलु अतिथिसत्कारः।	(२) भवतीनां सूनृतयैवगिरा कृतमातिथ्यम्।
(३) अल्पं तुल्यशीलानि द्वन्द्वानि दृश्यन्ते।	(३) समानयंस्तुल्यगुणे वधूवरं चिरस्य वाच्यं न गतः प्रजापतिः॥

भास र कालिदासका पद्यमा मात्र होइन कथानकमा पनि धेरै साम्य पाइन्छ।-जस्तै—

कालिदास	भास
(१) मालविकालाई अग्निमित्रको राजदर्वारमा ल्याएर जेठा बडामहारानीको जिम्मा लगाइन्छ।	(१) वासवदत्तालाई यौगन्धरायणले रानी पद्मावतीको जिम्मा लगाउँछन्।
(२) मालविका अन्तःपुरमा बस्तछिन्।	(२) वासवदत्ता अन्तपुर मैं बस्तछिन्।
(३) मालविका संगीत सिक्तछिन्।	(३) वासवदत्ता वीणा सिक्तछिन्।
(४) शकुन्तलाको काम वेदना।	(४) पद्मावतीको शिरोवेदना।
(५) शकुन्तलाको कुसुमशय्यामा शयन।	(५) वासवदत्ताको पल्लवशयन।
(६) शाकुन्तलको तपोवन दृश्य।	(६) वासवदत्ताको तपोवनदृश्य।
(७) वियोगी दुष्यन्त	(७) वियोगी उदयन।

(८) कालिदासका विक्रमोर्वशीयम् र मालविकाग्निमित्रम्को रानीवन ।
(९) दासी विदूषकलाई खोज्दै रानीवनमा
(१०) वसन्तक नामक पात्र
(११) भवराले शकुन्तलालाई दुःख दिनु ।

(८) वासवदत्तामा रानीवन (प्रमदवन)
(९) विदूषक दासीलाई खोज्दै रानीवनमा
(१०) वसन्तक नामक पात्र
(११) विदूषकलाई भवराले दुःख दिनु ।

प्रभाव ग्रहणको यो चर्चा जति तन्कायो उति तकिन्छ । कालिदासले रघुवंशमा "सूत्रस्येवास्ति मे गतिः" न लेखिदिएका भए सम्भवतः परवर्ती समीक्षकहरूलाई उनका विषयमा यति पनि टीका टिप्पणी गर्ने ठाउँ रहने थिएन । कविको उदार तथा सरल हृदयको फलस्वरूप उनले आफ्नो खुलस्त भावाभिव्यक्त गरेका छन् यस 'सूत्रस्येवास्ति मे गतिः, मा । यस कै पछि लागेर कालिदासीय शिल्पलाई वेवास्ता गर्नु मुनासिब हुँदैन । कथानक र शब्द भन्दा प्रतिभा र शिल्पको वैशिष्ट्य बढी हुन्छ । त्यसको मात्र मूल्यांकन गरिन्छ ।

पुराणहरूमा यत्र तत्र क्षेपक पाइन्छन् । माथि पार्वती खण्ड र कुमारसम्भवको साम्य प्रस्तुत गरिएको तथ्यलाई पनि कुनै पश्चाद्वर्ती कविले कविता रचेर गांसी दिएको जस्तो यस लेखकलाई पनि लाग्दछ । नत्र कालिदासले आफ्नो काव्यमा कसैको पनि अक्षरशः नक्कल उतार्ने गरेको पाइदैन । प्रभावग्रहण तथा भावानुहरण अर्कै कुरा हो । यस प्रसङ्गको छुट्टै अध्ययन हुनु आवश्यक छ ।

कालिदासले अभिज्ञान शाकुन्तलका चतुर्थ अङ्क र इनका नाटकका अन्य स्थल हरूमा समेत पनि वात्स्यायनका काम सूत्रको प्रभाव परेको लाग्दछ । वात्सायनको समय तेस्रो ईशवीय शताब्दीको मध्य हो, भन्ने कुरामा प्रायः सबै इतिहासविद्को सहि छाप भएको देखिन्छ । यसबाट कालिदासले वात्स्यायनबाट प्रभावग्रहण गरेको तथ्य बारे औंल्याउन सकिने कुरा संगै कालिदासको जन्म इनी भन्दा ई० ५० पछि अर्थात् चौथो ईसवीय शताब्दीवर्ष तिर हो भन्ने कुरामा पनि तर्क दिन सकिन्छ– ग्रामं गच्छँस्तृणं स्पृशति ।

वात्स्यायनकामसूत्रका सूत्रहरू—

(१) श्वश्रूश्वसुरपरिचर्या तत्पारतन्त्र्यमनुत्तरवादिता ।
(२) ……भोगेष्वनुत्सेकः ।
(३) ……परिजने दाक्षिण्यम् ।
(४) ……नायकापचारेषु किञ्चित् कलुषिता । नात्यर्थं वदेत् ।

वात्स्यायनकामसूत्रका यी सम्पूर्ण विषयहरूलाई 'तत्र श्लोकचतुष्टयम्' अन्तर्गतका कालिदासको एउटा लोकप्रिय पद्यमा अक्षरशः उल्लेख गरिएको पाइएको छ । जस्तै–

शुश्रूषस्व गुरून् कुरु प्रियसखीवृत्तिं सपत्नीजने
भर्तुर्विप्रकृताऽपि रोषणतया मा स्म प्रतीपं गमः।
भूयिष्ठं भव दक्षिणा परिजने भोगेस्वनुत्सेकिनी
यान्त्येवं गृहिणीपदं युवतयो वामाः कुलस्याधयः॥

[अभि० शाकुन्तल। अङ्क ४। पद्य ७]

कालिदासले कसैको प्रभाव ग्रहण गरुन् वा न गरुन्, संस्कृतमा मात्र होइन, विश्व साहित्यमा उनी आदर्श कवि तथा नाटककार हुन पुगेका छन्। इनी कवि मनीषी व स्वयं-भू हुन्। उनका काव्य स्वयंमा अनुपमेय छन्। इनका प्रत्येक पद्यमा रसिकर हरूको हृदयावर्जन गर्ने अनन्त भण्डार छ, अक्षय निधि छ। "आँप पो खानु, पर्छ आँठो गन्ने के काम" यस उक्तिलाई हृदयङ्गम गरी यसका रसास्वादनमा आफूलाई प्रवृत्त गराउँदा मात्र काव्यको अनन्त आनन्दमा रम्न पाइन्छ। सहृदय पाठकलाई कालिदासको यस्तो आह्वान छ—

अनाघ्रातं पुष्पं किसलयमलूनं कररुहै-
रनाविद्धं रत्नं मधु नवमनास्वादितरसम्।
अखण्डं पुण्यानां फलमिव च तद्रूपमनघं
न जाने भोक्तारं क इह समुपस्थास्यति भुवि॥

नवावतारः

माथिल्लो परिच्छेदमा कालिदासको नाउँ कति लोकप्रिय भयो ? कति थरि कालिदास संस्कृत साहित्यले जन्मायो ? कालिदासका नाउँले के कस्ता र कति कृतिहरू रचना गरिए जस्ता प्रश्नवारे केहि छलफल गरियो । अब यस शीर्षक अन्तर्गत कालिदासीय साहित्यको अनुवर्ती साहित्यकारमा कस्तो र कति प्रभाव पऱ्यो भन्ने विषयमा केहि चर्चा गर्ने उपक्रम छ ।

मनीषी कालिदासलाई आफ्ना पूर्ववर्ती ग्रन्थकारहरूका कृतिहरूको विशद अध्ययन र तिनका सारतत्त्वको संग्रह गरी आफ्ना स्वयम्भू प्रतिभाद्वारा त्यसमा अलौकिक मिठास र स्वाद थप्दै त्यसलाई द्राक्षामधुको रूपमा सहृदय रसिक समक्ष उपस्थापित गर्न अवश्य पनि कम दुःख भएको थिएन भन्ने कुरा सहजै अनुमेय हुन सक्तछ । वैदिक वाङ्मय देखि आफ्ना समय सम्मका स्मृति, पुराण, साहित्य र राजनीतिको विशद अध्ययन र मनन गरी कुर्दे-तिखारे-निखारेका अमूल्य कृतिरत्नहरू आफ्ना दर्शक-पाठकहरूलाई मनग्गे लुटाउने हुन कम श्रम परेन होला । यस वारे स्वयं कविले नै मणिमा सुइराले खोपेका सानो प्वालबाट आफू एउटा मामूली धागो जस्तो भै संकष्ट साथ प्रवेश गर्नु परेको संकेत आफ्नै मुखले गरेको कुरा यहाँ पनि चटक्कै न विर्सीकन मन-लिनु छ । यो कुरा साँचो हो--प्रारम्भिक स्थितिमा गोरेटो बाटो हिंडेर सुधा-तत्त्वको गवेषणा गर्दा आफूलाई जे जस्तो साँघुरो-अप्ठ्यारो सहनु-वेहोर्नु परे पनि इनले आफ्ना पश्चाद्वर्तीहरूलाई छाती फुकाएर खेली खेली हिंड्न-उफ्रिन पुग्ने ठूलो राजमार्ग बनाई दिए । यसले गर्दा कालिदासका अनुवर्त्ती लेखक तथा साहित्यकार हरूलाई धक् फुकाएर हिंड्न-दुगुर्न पाउने अवसर प्रशस्त भयो । फलतः अन्य अनुवर्त्ती साहित्यकार-हरू इनले देखाई-बताई दिएका बाटाका पथिक वा नेमिवृत्ति हुन पुगे; स्वयं कालिदास चाहिं यी सबैका अगुवा । त्यसैले पश्चाद्वर्त्ती रचनाकारहरू नियन्ता महाकविले बनाई दिएका राजमार्गमा नेमिवृत्ति भएर हिंड्छन् । इनले खनेर सम्याएर छोडेका खण्ड-काव्य, महाकाव्य किं वा ऋतुकाव्य र सन्देश काव्यका राजमार्गहरू पश्चाद्भावी अनुवर्तीहरूलाई आखाँ चिम्लेर दुगुर्ने-उफ्रिने र रमाउने तथा खेल्ने-लेख्ने साधन सामग्री भएका छन् । कालिदासको यस स्तुत्य कार्यको लागि विश्ववाङ्मय नै ऋणी छ ।

रेखामात्रमपि क्षुण्णादामनोर्वर्त्मनः परम् ।
न व्यतीयुः प्रजास्तस्य नियन्तुर्नेमिवृत्तयः । रघु० १।१७

हिमवद्देशका महाकविका समस्त कृतिहरूले हिमवद्देश कै अधित्यका उपत्यका

अथवा हिमगिरेरुपत्यकारण्यमा फन्का मार्दछन् । इनका कृतिहरूमा पाइने लगभग सबै प्राकृतिकतत्त्व तथा सामाजिकजीवन, धार्मिककृत्य, मानिस र उनका रहन-सहन, बोली-भाका सबै हिमवद्देश कै छन् । यसको उल्लेख यथास्थान भए-गरिए कै छ । मुख्यतः कालिदासीय वाङ्मय, यसलाई अलि विशद रूपमा भन्दा हिमवद्देशीय वाङ्मयमा तल टिपिएका तत्त्वहरू पर्दछन्–हिमालय, गौरी शिखर, (सगरमाथा) बादल, विजुली, कोशी, तमसा (कृष्णा गण्डकी) उत्सवसंकेत (उत्सवप्रिय जनसमूह) खोला, खहरे, रूख, लहरा, छहरा-पहरा, वनकुञ्ज, बाँस र सल्लाधारी मादल-मुरली लेख-वेसी हिलो-रोपो, कान्छा-कान्छी, तरुनी तन्नेरी, रूरु, चमरी, पशुपति, बुद्ध, वशिष्ठ, वाल्मीकि, यज्ञ, स्वर्ग, जननी-जन्म भूमि, यक्ष, गन्धर्व, अप्सरा, ग्रामबाला, घरमाइती शासू-बुहारी हिउद-बर्खा, चतुर्मासा, ठूली एकादशी, लाहुर-प्रवास, चिठी-समचार धामी-झाँक्री औंठी-नौगेडी, बाला-कुण्डल, गाजो-भांङ्ग्रो, गुन्यू-चोलो, रास-मेला इत्यादि ।

हिमवद्देशका इनै सामाजिक तथा प्राकृतिक तत्त्वहरू नै कालिदासीय साहित्य का तत्त्वहरू हुन् । कालिदासीय साहित्यका इनै तत्त्वहरू नै विश्वसाहित्यका उत्कृष्ट काव्य तत्त्व मानिएका छन् । आफ्ना साहित्यिक इतिहासका मूर्धन्य महाकवि कालिदासले उपयोग गरेका काव्यतत्त्व र शैलीमा नै नेमिवृत्ति भएको छ, हिमवत्प्राकृतको साहित्य । नेपाली साहित्य ।

कालिदासले खनेर छोडेको यस राजमार्गमा हिंडेर नै पूर्वीय साहित्य यति समृद्ध हुन पुग्यो र यसको प्रभाव प्रातः पूर्वमा उदाउने सूर्य जस्तै समुद्र पारी सम्म पनि पुग्यो, समस्त विश्व भरि । त्यसै हुनाले हिमवद्देशका यी कालिदास विश्ववाङ्मय मैं छाएका छन् ।

प्रस्तुत प्रसंगमा यस विशाल विश्ववाङ्मयमा समस्त कालिदास प्रभावित कृतिहरू-को परिचय दिनु त के नाम ग्रहण गर्न पनि न भ्याइने स्थिति छ । अतः हिमवद्देशीय कालिदासको मूलक्षेत्रका कालिदास प्रभावी हिमवद्देशीय कृतिहरू कै संक्षिप्त सिंहाव-लोकन वा पुनरवलोकन गर्ने उद्देश्य लिनु यहाँ उचित ठानिन्छ। मण्डूकप्लुतया यसै तर्फ उफ्रिने कौतुक लेखकले गरेको छ । माथिल्लो परिच्छेद हिमवद्देशीय कालिदासका विभिन्न अवतारमा केन्द्रित थियो भने यस हिमवद्देशीय परिच्छेदले आफूलाई कालि-दासका कृतिहरूका नेपाली अवतार तिर नै केन्द्रित पार्न खोजी रहेछ ।

नेपाली काव्य-प्रवृत्तिहरूलाई कालिदासीय काव्यप्रवृत्तिहरू संग तुलना गर्दा निम्नोक्त रीतिले विषय विभाजन गर्नु उपयुक्त हुने जस्तो लाग्दछ—

(१) कालिदासीय काव्यको भाव, कथावस्तु, पात्र तथा शीर्षक समेतको अनुहरण गर्दै लेखिएका नेपाली कृतिहरू ।

(२) कालिदासीय काव्यको शीर्षक मात्र लिएर स्वतन्त्र रूपमा लेखिएका कृतिहरू ।

(३) कालिदासीय काव्यको शीर्षक पात्र र कथावस्तुबाट पनि सके सम्म अलग्ग रही मात्र भावानुहरण गरेर लेखिएका कृतिहरू ।

(४) कालिदासीय साहित्यका नेपालीमा रूपान्तरित कृतिहरू ।

क | "ज्ञातास्वादो विवृतजघनां को विहातुं समर्थः"

: श्रृङ्गार काव्य

आधुनिक नेपाली साहित्यको अहिलेसम्मको काल विभाजन (यो कत्तिको उपयुक्त छ विचारणीय छ) तर्फ सिंहावलोकन गर्दा यसका प्रारम्भमा वीर, भक्ति र श्रृङ्गार रसका कविताहरूको क्रमिक प्रवाह भएको पाइन्छ । यस कालका श्रृङ्गारी काव्य प्रवृत्तिहरूलाई समीक्षकहरूले राणाकालिक भोग विलासिताको प्रभावको रूपमा औंल्याएका छन् । वस्तुतः यो मात्र कारण होइन । नेपाली साहित्यको ऐतिह्य हेर्दा—

कवि इन्दिरस बाट प्रारम्भ भएको भक्ति काव्यको परम्पराले भानुभक्त र रघुनाथमा आएर एउटा विशाल फाँट ओगट्न पुगेको थाहा हुन्छ । प्रथमतः साधारण भगवद्-भक्तिको भावभूमिबाट जन्मेका भक्तिकविताहरूले भानुभक्तको बेला सम्म आई पुग्दा आफूमा ज्ञान-वैराग्य र दर्शन तीनै कुरालाइ समेट्न थाल्छन् । तिनताक भानुभक्तका भक्तिमूलक रामायण र दर्शनमूलक रामगीता जस्ता कृतिले समाजमा आफ्नो प्रभाव जमाई सकेको थियो । फलतः यस परम्परालाई समात्दा साहित्यको क्षेत्रमा आफ्नो अलग व्यक्तित्व उभिन सक्ने कुरा पश्चाद्भावी कविहरूलाई लागेन । इनी हरूले लेखन धारालाई नै अर्कै मोड दिए । अतः नेपाली साहित्य भक्तिधाराबाट श्रृङ्गारधारा तिर लम्किन पुग्यो ।

तिनताका राणा बाट धपिएर, व्यक्तिगत रूपमा नियमित काशीवास गर्न वा राणाहरूका चाकडी पछि लागेर तीर्थ-वर्त-गर्न, घरमा परम्परागत कुल विद्याको अध्ययन गरेर विशेष दक्षताको लागि तथा रानीपोखरी संस्कृत प्रधान पाठशाला बाट सबै पाठ्यविषयको अध्ययन गरी परीक्षामात्र दिन र स्वतन्त्र अध्ययन गर्न समेत नेपालबाट बनारस आउने चलन थियो ।

अर्को कुरा बनारसमा आई अध्ययन गर्ने त्यस बेलाका कविहरूले मनग्गे कालिदासीय कृतिहरूको अध्ययन गर्ने मौका पाए । यी युवकहरूका मनमा कालिदासका श्रृङ्गार कविताले प्रभाव पार्नु अस्वाभाविक थिएन । कलिलो उमेर, प्रवासको बसाई

र कालीदासीय काव्यका अध्ययनको त्रिवेणीमा वियोग, सन्देश र श्रृङ्गाररसको कविता बाढी जतातते छताछुल्ल भएर उर्ल्यो । तिनताकका प्रवासी नेपाली छात्रहरूको युवा मन र आत्मीय विरहले श्रृङ्गार रसात्मक कविता र सन्देश काव्यलाई जन्मने अवसर दियो । तथा कथित श्रृङ्गारी कवि मात्र किन ? भक्ति धाराका कविहरू मध्ये पछिल्ला भनेर औंल्याउन सकिने रघुनाथ पोख्र्यालले सम्म पत्नी वियोग मैं कालिदासको मेघदूत जस्तै सुन्दरकाण्डको रचना गरेका हुन् भन्ने कुरा भन्दा बिगारै पर्ला र ?

मोतीराम भट्टको समय देखि नेपाली साहित्यमा श्रृङ्गार युगको प्रवेश हुन्छ, जसमा कविहरू कुनै धार्मिक तत्वको आड न लिई स्वतन्त्र र स्वच्छन्द रूपमा सम्भोग श्रृंगार सम्मको खुला वर्णन गर्दछन् । हुन त श्रृंगारी कविता त्यस भन्दा पहिलेका कृष्ण भक्ति धाराका काव्य हरूमा पनि न भेटिने होइनन्, तिनमा कालिदासको जस्तो स्वतन्त्र कि वा कुनै देवता र भक्ति आदि विषयको आडमा न लेखिएका कविता भेट्न गाह्रो हुन्छ । त्यसै हुनाले अलका पुरीमा पट्ठी नचाउन सोख गर्ने भानुभक्तलाई पनि श्रृंगार वर्णन न गर्ने कवि होइनन् भन्न मिल्दैन । तथापि रामायण लेखेर आदि कविको पगरी पाएका भानुभक्तलाई श्रृंगारका कवि भन्नु भन्दा रामायणका कवि भन्नु नै उपयुक्त हुने जस्तो लाग्दछ । अस्तु ।

आधुनिक नेपाली साहित्यका समीक्षक तथा समालोचकहरू माध्यमिक कालका श्रृङ्गार काव्यलाई ह्रासोन्मुख साहित्य तथा त्यस युगलाई नै नेपाली साहित्यको अन्धकार युग भन्दछन । वस्तुतः यो दोषारोपण कालिदासीय श्रृङ्गारको रसानुभूति न पाएका नीरस भावना भएका व्यक्तिलाई मात्र सुहाउने कुरा हो । बनारसमा त्यस बेला आएका ती युवक कविहरू तीर्थ गर्न, मुक्त हुन अथवा वर्षासन पाएर जीवन यापन गर्न आएका भए अवश्य पनि इनीहरूले भज-गोविन्दे कविता लेख्ने थिए होलान् ।

वास्तवमा यस कालका कविहरू मध्ये एक थरि संस्कृत वाङ्मयको अध्ययनका लागि काशी आएका थिए, खास गरी आफ्नो देशको परम्परानुसार कालिदास साहित्य के विशेष अध्ययन गर्न । अर्का थरि केहि राजनैतिक आदि विभिन्न कारणले काशी आएका हुनाले इनले कालिदासका कृतिहरूको अध्ययन गर्न मौका पाउँथे । अतः अध्ययनको विषय, उमेरको आकर्षण र दुवैको संयोगले इनीहरूका लेखनीबाट श्रृंगारको त्रिवेणी उर्ल्यो । यदि त्यसबेलाका कविहरूबाट श्रृङ्गार काव्यको थालनी न हुँदो हो, आजसम्म मदन लहरी, शुकबहत्तरी, पिकदूत जस्ता काव्यहरूको नेपाली जन समाजमा यत्रो माग भै रहने थिएन ।

नेपालको शिक्षित समाजमा स्तरीय साहित्य पढने र बुझ्ने कति छन् ? प्रतिवर्ष छापिने स्तरीय साहित्यको के कस्तो खपत छ ? अब त शिक्षितहरूको प्रवृत्ति पनि सस्ता उपन्यास तर्फ बढी झुक्यो । प्रकाशक पनि पाठ्यपुस्तक र उपन्यास बाहेक अरु छाप्न कत्ति मन गर्दैनन् । यस बाहेक बनारस लगायत प्रवास र नेपालका पहाडी भेग तिर शृङ्गार काव्यहरू (लहरी बाह्रमासा आदि) को अन्धाधुन्ध बिक्री वितरण छ । अक्षर न फोर्न सक्ने सिकारू, लाहुरे, गोठाला र उनका ग्रामीण तथा प्रवासी आत्मीयजन यसै शृङ्गार पुस्तकहरूका माध्यमले दुइ-चार हरफ बाँच्न सक्ने भएका छन् । सरकारले लाखौं खर्च गरेर सिकाउन न सकेका अक्षर र पढाउन न सकेका कितापहरू प्रवास र स्वदेशका अनकण्टार ग्रामीण क्षेत्रमा बस्ने हजारौं हजार नेपाली-हरूले इनै शृङ्गार कविताका माध्यमले सिक्न पढन फोर्न सकेका कुरा कसैबाट लुकेको छैन । कम साधन सम्पन्न र सबैलाई किताब पुग्न न सक्ने देशमा किताब किनेर ढ्ने बानी इनै शृङ्गारी किताबहरूले बसालेका छन् । अतः नेपाली साहित्यलाई जन-जिब्रोमा भिजाउने हो भने आब्स्ट्रयाक्ट र आयामेली जस्ता फलाम-च्यूरे साहित्य भन्दा यस्तै कालिदासीय वाक्-प्रवृत्तिको अनुसरण गरेर लेखिएको नेपालीजन मानसमा भिज्ने खालको साहित्य माध्यम अगाल्नै पर्ने टड्कारो छ । तर शृङ्गार कवितालाई अश्लीलता तर्फ न लगी त्यति मात्र रसिलो र सिंगारिलो पार्नु पर्दछ, जतिले त्यसले कान्तासम्मिततयोपदेशयुजे को सिद्धान्तलाई धान्न सक्तछ ।

हो, शृङ्गार युगका अगुवा कविका रूपमा मोतिराम भट्ट देखा पर्दछन् । इनका पछि पछि अन्य कविहरू । मोतिराम भट्ट स्वयं आफू शृङ्गार साहित्यका स्रष्टा थिए र प्रेरक पनि । 'ल्यौ ल्यौ औंठी म दिन्छु राख तिमिले मेरो निशाना भनी' जस्ता समस्या दिएर शृङ्गार काव्य रचना गर्न प्रोत्साहन दिने मोतिराम भट्ट यस सम्बन्ध मा चिराय जीवी छन् ।

कालिदासीय काव्यको नेमिवृत्ति विषयक चर्चा गरिने यस शीर्षक अन्तर्गत तात्का-लिक केहि शृङ्गार कृतिहरूका कविताले आफ्नो अश्लीलता प्रदर्शन माध्यमले कालि-दासलाई पनि उछिन्न खोजेका छन् भन्नु पर्ने भएको छ । शिखरनाथ कविको शृगार-दर्पण यसको एउटा उदाहरण हो दिक् प्रदर्शन मात्र । तर कालिदासीय कृति-सप्तक भन्दा पनि उछिनुवा भन्न हुने अश्लील शृङ्गारी कविताका यी तथाकथित मध्ययुगीन नेपाली कविलाई कालिदास प्रभावित भन्नु र कृति हरूलाई कालिदासीय अनुकरणमा लेखिएका मात्र भन्नु चाँहि अलि अप्ठ्यारो पर्न जाने जस्तो छ । यहा यत्ति भन्न सकिन्छ–तिनताका यी कविहरूमा कालिदासीय कृति-सप्तक संगै कालिदासीय साहित्यका नाउँमा अध्ययन गरिने परवर्ती औपाधिक कालिदासका शृंगार तिलक, शृंगार रसाष्टक, शृङ्गारबोध, पुष्पबाणविलासः, भ्रमराष्टक आदि जस्ता शृंगारी कृतिहरूको प्रभाव परेको

छ र यसैलाई आदर्श मानेर कालिदासका अनुकरणमा त्यसवेला अन्धाधुन्ध श्रृंगार काव्य रचना गर्न थालिएको छ।

जस्तो माथि संकेत गरियो, त्यसवेलाका कविहरूमा जाँगारिला युवा कविनेता मोतिराम भट्ट आफ्ना दम्-दौतरीहरूलाई श्रृंगारी काव्य कविता लेख्न प्रेरणा दिन्थे। यो शतप्रतिशत सत्य हो। यसमा नरदेव पाण्डेयको कविवर मोतिराम भट्टको सचित्र जीवनी (सं० १९९५ साल) प्रत्यक्ष प्रमाण छ। सम्बद्ध पुस्तकका सतचालिसौं पृष्ठ बाट उतार गरिएका निम्न पंक्तिहरूले यसलाई अझ पुष्टि दिने विश्वास गरिन्छ—

"कविवरले अब मातृभाषाको पनि उन्नति गर्नु पर्छ भन्ने हिसाबले हामीहरू सबै लाई जम्मा गरी कविताको अभ्यास गराउन लागे। हाम्री मण्डलीमा म नरदेव पाण्डेय, लक्ष्मीदत्त पन्त, गोपीनाथ लोहनी, भोजराज पाण्डेयहरू थियौं। कविजीले सब भन्दा पहिले श्रृङ्गार रसमा कविता गर्नु वेश हुन्छ; श्रृंगार रसले चाडै नै हृदय-कमल तरावर हुन्छ···भनी हामीहरूलाई लेखाउन लागे।"

मोतीराम भट्टले नेपाली साहित्यको विकास र समृद्धिको दृष्टिले आफ्ना तात्कालिक दम-दौतरीहरूलाई काव्य रचनामा प्रवेश गराउने उद्देश्यले नै तिनताक श्रृङ्गार काव्यको बाढी ल्याएका थिए। तिनताक यी कविहरू कविता लेख्न विमुख भएका हुँदा हुन् त आज नेपाली साहित्यको के स्थिति हुने थियो होला? कति पछि पर्ने थियौं साहित्यिक दृष्टिले हामी? यसलाई ध्यान न दिई श्रृंगारयुगलाई अश्लीलताको पर्यायवाची मानी त्यसलाई अन्धकार युग तथा त्यसकालको साहित्यलाई नै पतनोन्मुख साहित्य भन्दा त्यस युग र त्यस युगका कविहरू माथि कत्तिको न्याय होला? विचार-णीय छ।

श्रृंगार कविताबाट काव्य रचना थाल्ने कुरा पनि कालिदासीय पद्धतिको अनु-करण हो भन्ने तथ्य समेत कालिदासका ऋतु संहार र मेघदूत दुवै रचनाहरू कविका प्राथमिक कृति हुनुले गर्दा पनि बिर्सिन न हुने छन्।

मोती राम भट्ट बाहेक आफूलाई दूरको मति हूँ र मनको दृष्टि हूँ का माध्यमले क्रान्तदर्शी ठान्ने कवि पहलमान सिंह स्वाँरको नाउँ पनि नेपाली श्रृंगार कविहरूमा लिइन्छ। पाँचै वर्षको उमेर देखि आफ्नो घर रीडीकोट अछाममा संस्कृतको अध्ययन गरेका स्वाँरको श्रृङ्गार काव्यमा पनि कालिदासीय प्रभाव न परेको भन्न मिल्दैन। इनको प्रेमामृत वचन संग्रह (१९५१) मा रूपशृङ्गार-कटाक्षवर्णनम् समेतका अन्य काव्यहरूसंगै बाह्रमासा (ऋतु काव्य) पनि संगृहीत छ।

कालिदासीय ऋतु, श्रृंगार एवं विरह काव्यले ढकमक्क सिगारेको नेपाली साहित्य-को जस्तो श्रृंगार युगको चक्चकी सिङ्गो विश्व साहित्यमा कति ठाउँ छ? विचारणीय

छ । त्यस कालका कविहरूका साहित्य सिगार्ने भगीरथ र सिंगो युगप्रयासलाई नीरस समीक्षकहरूले अन्धकार युग नै भनी रहुन्, भन्नेको मुख कसले थुन्ने ? तर कस्तै मैं हूँ भन्ने हरूको पनि मनस्तटबन्ध यहाँ आएर छचल्किन्छ, पत्थर हृदय पनि पाग्लिन्छन् यहाँ, सुकेका रूखमा पनि हरियाली आउँछ, नीरस स्रोतहरू रसाउन थाल्दछन् । त्यसैले यस्ती वासन्ती सरसा ऋतुप्रियालाई तिरस्कार गर्नेहरूलाई कृष्ण प्रसाद रेग्मी मदन-रिपुको संज्ञा दिन्छन्—

नेत्रैलामा कबरि झुलने जांघका दुइ तटमा
चम्पा जस्ता मदन-शरकी खानी घट्ने शरीरमा
खुश् भै मनमा चइत-ऋतुमा यस्ति रामा न भोग्ने
नरका बिचमा मदन-रिपु हो त्यो प्रियाले कहीने ।

कृष्णप्रसाद रेग्मीको यो उक्ति कालिदासीय 'ज्ञातास्वादो विवृतजघनां को विहातुं समर्थः' को व्याख्या नै त हो ।

ऊँचा कौशीमा बसेर हाव भाव देखाउने तरुणीले रसिकका मनमा सुधा विष वर्षाएको कुरा शृंगारी कवि काशीनाथ यसरी व्यक्त गर्दछन्—

ऊँचा कौशिमहा बसी तरुणिले हाव भाव जसै ता गरिन्
कान्छाका मनमा सुधाविष सहित वर्षाउदी पो भइन् ।

यो पद्यांशलाई "सौधोत्सङ्गप्रणयविमुखो मा स्म भूरुज्जयिन्याः" बाट अप्रभावित मान्न सकिएला र ?

यसै गरी शृङ्गारी परम्पराका अर्का नामूद कवि शिखरनाथ नायिकाको कम्मरमा रमाउने गाग्राको पनि इर्ष्या गर्न चुक्तैनन्—

माटो पानी मिसी हिलो गरि खुँदी पीटेर घाम्मा सुकिस्
पोल्दा खेरि त दुःख पाइस घडा तैंले बहुत सुख् लुटिस्
स्त्रीका कम्मरमा बसेर कुचको मज्जा लिइस् क्या गरी
हे गाग्रा ? सुखि भैस दुःख न गरी हुँदैन सुख् एक् रती

शृङ्गारी कवि शिखरनाथ यस भावको लागि कालिदासीय निम्नोद्धृत पद्यका ऋणी छैनन् भन्न मिल्दैन—

[करौ व्याधुन्वत्याः पिबसि रतिसर्वस्वमधरं
वयं तत्त्वान्वेषान्मधुकर हतास्त्वं खलु कृती ।।]

नेपाली साहित्यमा शृङ्गार युगको यो नागवेली केवल माध्यमिक काल सम्म सीमित छैन । यसका अजम्मरी लहराहरूले भक्ति काल देखि आधुनिक काल सम्मलाई

आफूमा जेल्ने प्रयास गरेको पाइन्छ । किन भने विद्यापतिका सात नायिका, गुमानी पन्तको गीतवाणी, भानुभक्तको पठ्ठी नचाउने धित पुऱ्याउने (अलकापुरि कान्तिपुरी नगरी) र विन्ती एक म गर्दछु सुनप्रिये, जस्ता कवितालाई माध्यमिक काल भन्दा पहिलेका प्रतिनिधि श्रृंगारी काव्य-कविता भन्न सकिन्छ ।

श्रृङ्गार नै साहित्य हो र साहित्य नै शृङ्गार हो भन्दै विगुल फुक्छ, माध्यमिक काल । वास्तवमा हो पनि । शृङ्गार नै न भए के साहित्य ? कस्तो साहित्य ? त्यो त सुकेको ठुटो रूख मात्र । त्यसै हुनाले माध्यमिक कालका शृङ्गारी कविहरूले कालिदासका नेमिवृत्ति भएर आफ्नो साहित्य समृद्ध पारे । यस कालका शृङ्गारी कविताका पद-पदमा कालिदास भेटिन्छन् जस्तै—

(१) स्तनभारले नम्रित (स्तोकनम्रास्तनाभ्याम्)
(२) सृष्टी विधीले गरी (सृष्टिराद्येव धातुः)
(३) सुगन्धी फुलै सब् स्वेको पलङ्मा (तस्याः पुष्पमयी शरीरलुलिताशय्या…)
(४) कमलले मल लेप गरोस् वरु—(संवाहयामि नलिनीदलतालवृन्तम्)

कालिदासले आफ्ना खण्डकाव्यमा वेश्याहरूका क्रियाकलापको उल्लेख गरेका छन् । वेश्यास्वत्तो नखपदसुखप्राप्यवर्षाग्रबिन्दून् तथा गच्छन्तीनां रमणवसतिं योषितां यत्र नक्तम्, जस्ता पद्यांशहरूले मोतिरामभट्टलाई प्रभावित पाऱ्यो । इनले पनि आफ्ना शृङ्गार काव्यमा वेश्यालाई प्रवेश दिए । युवा कविले रम्भा, तिलोत्तमा जस्ता स्वर्वेश्याहरूको ठाउँमा तात्कालिक समाजमा सुहाउने हैदर जस्ती वेश्या-नायिकाका नाउँको उल्लेख गरेको कुरा उनका कवितामा स्पष्ट छ । मोतिराम भट्ट मात्र होइन, गोपीनाथ लोहनी र लक्ष्मीदत्त पन्तले समेत कालिदासीय वेश्याको प्रभाव-मा हैदरको नाउँ लिन पुगेका छन् । पुष्करलोहनी हैदरलाई साच्चै नै कवित्रयकी साझा प्रेयसी भएको शंका गर्दछन्, वस्तुतः यसो होइन । यो मात्र कालिदासीय मेघदूतको प्रभाव हो ।

मोतीराम—हैदर ? हाँस न हाँस आंस अरुको मैले गऱ्या मै मरूँ ।
गोपीनाथ लोहनी—यो कस्तो विमजा भयो अब भने हैदर् पुरानी भइन् ।
हैदर्को अब गर्छ कुन् जन कदर् हा ? चन्द्रमा मैलियो ।
लक्ष्मीदत्त पन्त—हे हैदर् तँ नगर् घमण्ड रतिभर् भन्दै थिएँ तै पनि ।

यसरी नै कालिदासीय पद्य संगै माध्यमिक कालका कविहरूका शृङ्गारी पद्यहरूको मनग्गे तुलना हुन सक्तछ । यस समयका श्लोक संग्रह; कविता कल्पद्रुम, सूक्ति सिन्धु, संगीत चन्द्रोदय, शृङ्गार दर्पण, आदिमा पाइने कविता काव्यहरूले कालिदासीय शैली खर्लप्पै ओगटेका छन् न भन्न मिल्दैन । हिमवतखण्डका कालिदासका शैलीले यी कवि-हरूको वाणीमा नेपाली आकार पाएको कुरा दुवै थरि कृतिलाई हेर्दा टड्कारो हुन्छ ।

नेपाली साहित्यलाई हुर्कने फस्टाउने मल-जल संस्कृत वाङ्मयले दिएको छ, त्यसैमा पनि कालिदासीय साहित्यले। यहाँ यो पनि मननीय छ—मोतीराम होउन् वा लेखनाथ, देवकोटा होउन् वा सोमनाथ कि वा माधव घिमिरे नै; हिमवद्देशको मुटु न छोएका भए इनका काव्यमा खाँटी नेपालीपन आउने थियो थिएन ? कालिदास संग सम्बन्ध न गाँसेका भए इनका कृतिले हिमवद्देशको मुटु छुन सक्ने थियो वा थिएन ?

ख | "सर्वं प्रिये चारुतरं वसन्ते"

ऋतुकाव्य

कालिदास ऋतुकाव्यका सशक्त कवि हुन्। इनी भन्दा पहिले पनि संस्कृत वाङ्मयमा ऋतु वर्णनका स्थल न भेटिने होइनन्। लौकिक संस्कृतको कुरा परै छाडौं, वेदमा सम्म ऋतु वर्णनका प्रसङ्ग यत्र तत्र भेटिन्छन्। प्रस्तुत छ, यसको एउटा उदाहरण—

मधु व्वाता ऋतायते
मधु क्षरन्ति सिन्धवः
माध्वीर्नः सन्त्वौषधीः।

मधु नक्तमुतौषसः
मधुमत्पार्थिवं रजः
मधु द्यौरस्तु नः पिता।

मधुमान् नो वनस्पतिः
मधुमान् अस्तु सूर्यः
माध्वीर्गावो भवन्तु नः।
ओ३म् मधु ? ओ३म् मधु ?? ओ३म् मधु ???

संस्कृतमा कोषकारहरूले मधुको अर्थ अर्थान्तर संगै वसन्त, वैशाख, सुन्दर र मीठो समेत गरेका छन्। यसरी माथि उद्धृत मधु शब्दको प्रयोगले जहाँ ऋतु वर्णन, त्यसमा पनि वसन्त वर्णनलाई महत्त्व दिएको छ भने अर्कोतिर समुद्रान्तरिक्षपृथ्वी यत्र तत्र सर्वत्र मधुमयताको आवाहन गर्ने यस वैदिक मन्त्रले लोकमा आएर कालिदासीय उक्ति 'सर्वं प्रिये चारुतरं वसन्ते संग तादात्म्य गाँस्दैन भन्न मिल्ला र ?

यसरी नेपालीहरूको राष्ट्रियवेद शुक्ल यजुर्वेद देखि अंकुरित ऋतु-परम्पराको यो बीज हिमवद्देशका विश्ववन्द्य कवि कालिदासमा आएर झाँगिन्छ र इनका पश्चाद्-वर्ती कविहरूमा लटरम्म भएर पुष्पित फलित हुन्छ।

अब परवर्ती संस्कृत कविहरूमा परेको कालिदासीय ऋतुवर्णनको प्रभाव बारे चर्चा गर्दा सर्वप्रथम वत्सभट्टिको मन्दसौर अभिलेखलाई भारतीय तथा यूरोपीय पण्डितहरूले औंल्याएका छन् । कालिदासीय ऋतुकाव्य ऋतुसंहार ५।२,३ पद्यलाई वत्सभट्टिका मन्दसौर अभिलेखका एकतीसौं पद्य संग तुलना गर्न सकिन्छ । प्रस्तुत-छ, सर्वप्रथम वत्स भट्टिका प्रशस्तिको यो पद्य—

रामासनाथभवनोदरभास्करांशु-
वह्निप्रतापसुभगे जललीनमीने
चन्द्रांशु-हर्म्यतल-चन्दन-तालवृन्त-
हारोपभोगरहिते हिमदग्धपद्मे ॥३१॥

[निरुद्धवातायनमन्दिरोदरं हुताशनं भानुमतो गभस्तयः ॥
गुरूणि वासांस्यबलाः सयौवनाः प्रयान्ति कालेऽस्यजस्य सेव्यताम् ॥
न चन्दनं चारुमरीचिशीतलं न हर्म्यपृष्ठं शरदिन्दु निर्मलम् ।
न वायवः सान्द्रतुषारशीतला: जनस्य चित्तं रमयन्ति साम्प्रतम् ॥]

भारतका विभिन्न विद्वान्हरू संगै यूरोप अमेरिकाका संस्कृत विद्वान्हरू पनि ऋतु-संहार बाट अपरिचित वा अनभिज्ञ छैनन् । फलतः ऋतु संहारको विभिन्न विदेशी भाषाहरूमा अनुवाद भएको छ ।

नेपाली साहित्यमा पनि कालिदासीय ऋतुकाव्यको पर्नु प्रभाव परेको छ । नाटक, महाकाव्य र खण्डकाव्यमा प्रसङ्गतः आई पर्ने ऋतु वर्णन बाहेक मात्र ऋतु वर्णन कै उद्देश्यले लेखेका स्वतन्त्र काव्य खण्ड, काव्य र ऋतुकविताहरूको ओइरो छ, नेपाली वाङ्मयमा । कालिदासीय साहित्यको अध्ययन गरेका र अध्ययन गर्ने मौका न पाएका दुवै थरि नेपाली कविहरूमा क्रमशः प्रत्यक्ष एवं अप्रत्यक्ष प्रभाव परेको छ कालिदास-को । अर्को अर्थमा ऋतु वर्णन साहित्यिक परम्परा मात्र न भएर संस्कृति नै हुन पुगेको छ नेपाली साहित्यमा, खासगरी यसको मोतिरामयुगमा ।

कालिदासको ऋतु संहार उनको प्रारम्भिक कृति भए जस्तै कालिदास साहित्यका मधु-मधुप नेपाली ऋतुकविहरूका रचनाहरू पनि केहि अपवादलाई पर्गेल्ने हो भने सबै प्रारम्भिक कृतिहरूमा नै औंल्याउन सकिने देखिन्छन् । त्यसैले व्याकरणगत शैथिल्य दुवैमा छ, जसले यी ऋतु कवितालाई प्रारम्भिक कृति हुनुमा भर-थेग दिन्छ । अर्को भाकामा भन्दा यसलाई यसरी भन्न सकिन्छ—भर्खर यौवनको सँघार टेक्दा घाघरी बाट फरिया लाउनु पर्ने भएकी कालिदासकी ऋतु-बालाले व्याकरणगत नीवी खुस्केको थाहा न पाए जस्तै नेपाली ऋतु कविताहरूले पनि बलियो संग ईजार कस्न न दोहोर्दा छिन्-छिन् मैं सुरुवाँलका हुनु पर्दा लज्जालु भएका पनि देखिन्छन् । जहाँ

सम्म रसिक पाठकको प्रश्न छ, लाग्दछ—यो नीवी खुस्कनु र सस्तांशुका हुनुले इनीहरू माथि न राम्रो असर पारेको छैन कत्ति पनि। वरु यी कविहरू इनका निग्र ंन्थ किंवा शिथिलांशुक काया-काञ्चनको दर्शन पाएर इनका अनाघ्रात सौरभ तथा अनास्वादित मधुमिठासमा अत्ति नै लठि्ठन पाए। लट्ठिदा लट्ठिदै स्वयं बाटामा घङ्घङाउदै हिडने सम्म हुन पुगे। यसरी ऋतु स्नाता काव्य प्रकृति र उसका प्राकृतिक शृङ्गारमा सुसज्जित ऋतुकवितामा लठि्ठए र आफ्ना आदर्श र मर्यादालाई पनि एकछिन् 'जा:...? भन्दै वेवास्ता गर्न पुगेका कालिदास प्रभावित नेपाली ऋतुकवि र तिनका ऋतुकाव्यका मधु-माधुर्यको आस्वाद, जसले एक पल्ट पनि चाखेन यस जीवन मा, त्यसको त लोकान्तर पुग्दा स्वर्गमा पनि उपहास हुन्छ होला जस्तो लाग्दछ। यस्ता व्यक्तिलाई कृष्ण प्रसाद रेग्मीका भनाईमा मदनरिपुको वाराङ्गना हरूद्वारा उपाधि दिइन्छ।

नेत्रै लामा कबरि झुलने जाँघका दुई तटमा
चम्पा जस्ता मदन शरकी खानि घट्ने शरीरमा
खुश भै मन्मा चइत ऋतुमा यस्ती रामा न भोग्ने
नर्का बिचमा मदन-रिपु हो त्यो प्रियाले कहीने

त्यसैले मोतिराम भट्ट आफूलाई मदन रिपुको उपाधि न मिलोस् भनेर हत्त पत्त ऋतुस्नाताको अगाडी गएर उसलाई मनाउन थाल्दछन्—

शरद्कालको चक्क चाँदनी
अरजि आजको मान मानिनी।
तपक झैं तमक् झल्ल झल्कन्या
मदन निर्दयी छाति छेडन्या॥

मोतिराम भट्टका उद्धृत पद्यमा कालिदासीय ऋतुसंहारका अधोलिखित पद्यको प्रभाव देखिन्छ—

[तारागणप्रवरभूषणमुद्वहन्ती मेघावरोधपरिमुक्तशशांकवक्त्रा।
ज्योत्स्नादुकूलममलं रजनीं दधाना वृद्धिं प्रयात्यनुदिनं प्रमदेव बाला।]

ऋतुवर्णनका अर्का कवि दुर्गा प्रसाद शर्मा हुन्। कविता कल्पद्रुम १९६१ मा इनको ऋतुकाव्य संगृहीत छ। प्रस्तुत छ, काव्यको एउटा पद्य—

ऋतु वसन्त पती परदेश छन्
वचन कोइलिको मन हर्दछन्
मदन शर् गडी बाँच्नु कसो गरी?
विरहका रहका बिचमा परी।

नेपाली ऋतु साहित्यका अग्रणी मानिएका मोतीराम भट्ट र इनका ऋतुकाव्य निस्सन्देह कालिदास बाट प्रभावित छन् । इनी भन्दा पहिलेका ऋतुकाव्यहरू खोज्दा भने हाल पौल साधन सामग्रीको अभावमा पिल्पिले बत्तीमा हातले छाम्-छाम् छुम्-छुम् गरेर सीयो भेटाउनु जत्तिकै छ अहिले सम्म । डा० वासुदेव त्रिपाठीले आफ्नो पी०एच० डी० शोध निबन्धमा ऋतुकाव्यको श्री गणेश गर्नेमा पतञ्जलि गजुर्‍यालको चौर पाञ्चाशिका नेपाली अनुवादलाई औंल्याएको देखिन्छ । चौर पञ्चाशिकामा ऋतु काव्यको लक्षण जे जति घट्‌ला यो कुरा न बढाउँ । दान राज लामिछाने र लाल बहादुर आउँमासीका बाह्रमासा भने नेपाली ऋतु साहित्यका पहिला फक्ल्याटांमा गन्न निश्चय पनि सकिने छन् ।

कालिदासीय ऋतुसंहार काव्यको 'कल्पान्तं मदनप्रियो दिशतु वः पुष्पागमो मंगलम् ।' ऋतु० ६।३६ को भावलाई आफ्नो भ्रमर गीतमा मोतिराम भट्टले यसरी उल्लेख गर्दछन्—

सकल फुल-फुलेरी फुल्नमा छन् तयारी
रसिक जनहरूले पाउनन् सोख भारी । भ्रमरगीत ७

यसरी ऋतु आगमनको मंगलमय बिगुल फुक्ने मोतिराम भट्टले आफ्ना समकालिक तथा पश्चाद्वर्ती सबै कविहरूलाई यस तर्फ आकृष्ट पारे । फलतः

दूरको मति र मनको दृष्टि भएका पहलमानकवि पहलमानसिंह स्वाँर जस्ता कालिदासीय परम्पराका ऋतुकविहरू नेपाली साहित्यमा एक पछि एक गरी निस्कन थाले । विभिन्न औतार भए कालिदासीय ऋतुकाव्यका, नेपाली साहित्यमा । औतार-हरू, नेपाली ऋतु काव्यका । ऋतुकाव्यहरू, नेपाली कालिदासहरूका । इनीहरूको साधारण सूची लेखकले भ्याए-भेटेका उपलब्ध सामग्री र स्रोतका आधारमा संकलन गरेको छ । यो परिशिष्टमा द्रष्टव्य छ । स्वाँरको प्रेमामृतवचनसंग्रह (१९५१) मा वसन्त वर्णन र इनको षडऋतु वर्णन (१९६०) मा छापिएको छ ।

कृष्णप्रसाद रेग्मीको विरह लहरो (१९६०) मा वर्णित ऋतुलीला बाहेक ऋतु-माला (१९६१) र बाह्रमासा १९८५ ले इनलाई नम्बरी ऋतु कविमा दरेको छ ।

१९६३ वि० सं० मा सुन्दरी पत्रिकाको प्रकाशन संगै नेपाली साहित्यका कालि-दासीय नेमिवृत्ति ऋतुकवि हरूका ऋतुकाव्यको प्रकाशन प्रारम्भ हुन्छ । चक्रपाणि चालिसेको सम्पादकत्वमा निस्कन लागेको यो पत्रिका ऋतुकाव्यको लागि नै जन्मेको जस्तो पनि लाग्दछ । यसमा कालिदास साहित्यका गोताखोर कविका ऋतुकाव्य क्रमशः प्रकाशित भएका छन् । यस क्रममा सर्वप्रथम पं० चक्रपाणि चालिसेको ग्रीष्म-शरद्-वसन्त वर्णन, देवीदत्त शर्मा : वर्षा वर्णन सोमनाथ सिग्देल : ग्रीष्म र वर्षा

वर्णन, बबलू शर्मा : शरद् वर्णन, बाबुराम आचार्य : शरद् वर्णन, रामप्रसाद सत्याल : शिशिर वर्णन, देवराज शर्मा : हेमन्त वर्णन, साहूजोग वीर सिंह : शिशिर वर्णन, उल्लेखनीय छन् । सुन्दरी पत्रिकाले नेपाली ऋतुकाव्यको क्षेत्रमा लगाएको गुन बिर्सन सकिंदैन ।

यसै गरी पं० लेखनाथ पौड्यालको वर्षा विचार माधवी (१९६६) मा प्रकाशित हुन्छ । भैरव कुमार राजभण्डारीको षडऋतु वर्णन (१९७३) मा निस्कन्छ । पं० शिखरनाथ शर्माको बाह्रमासे पनि (१९७४) मा छापिएको पाइन्छ । पं० टीकाराम मरासिनीको ऋतुमञ्जरी (१९८५) मा बनारस बाट छापिन्छ भने सं० १९७३ मा एकपल्ट छापिई सकेको पं० लेखनाथ पौड्यालको ऋतु विचार संशोधित र परिवर्द्धित रूपमा १९९१ मा पुनः प्रकाशित हुन्छ । कालिदासीय ऋतुकाव्यका प्रत्यक्ष वा परोक्ष प्रभावमा छापिएका नेपाली ऋतुकाव्य हरूको यो एउटा संक्षिप्त फिहरिस्त मात्र हो । यस टिपोटमा न परेका ऋतुकाव्यहरू पनि धेरै होलान् जो यस लेखकलाई ज्ञात छैनन् अथवा जसले अझै पनि अतीतका गर्भबाट आफ्ना अन्वेषकहरूलाई च्याउँदै छन्, पर्खंदै छन् ।

ऋतुकाव्यका यस परम्परामा आशु कवि शम्भु प्रसाद ढुंगेलको 'वसन्त' सूक्ति-सिन्धुमा सङ्कलित र दुर्गानाथ शर्माको ऋतुवर्णन, कविता कल्पद्रुम १९६१ मा सङ्कलित ऋतुकाव्य पनि बिर्सिन न हुने छन् । अब यहाँ केही नेपाली ऋतुकाव्यहरूको संक्षिप्त विवेचन प्रस्तुत गर्नु पनि प्रसंग सापेक्ष्य नै हुने छ ।

(१) भ्रमरगीत : मोतिराम भट्ट

यो काव्य मोतीराम भट्टले कालिदासका दुष्यन्तले जस्तै फुलवारीमा भ्रमरहरूको विलास देखेर रचना गरेका हुन् । यसमा वसन्त ऋतुको वर्णन छ । १४ पद्यमा समाप्य यस ऋतुकाव्यको थालनीको पद्य–

सरस ऋतु वसन्त आज आयो
मधुकरले सुख आज घेर पायो
कलि कलि डुलि वेलि वेस् चमेली-
रस लिई मस्त भए अहो ? न बोली ॥१॥

कालिदासले ऋतु संहार काव्यलाई पूर्णतया शृङ्गार शैलीमा रचना गरेका छन् । यसमा क्रमिक कथांश छैन । कालिदासीय हिमवद्देशका यी नेमिवृत्ति ऋतु कविहरूले पनि आफ्ना ऋतुकाव्यमा कथानकलाई अनुस्यूत पारेर कालिदासीय परम्परा विरुद्ध चल्ने जमर्को प्रायः गरेका छैनन् भन्दा हुन्छ । मोतीराम भट्टको यो भ्रमर गीत काव्यमा पनि यस्तै कथांश विहीन विशुद्ध वसंतवर्णन छ । यसमा कालिदासीय ऋतु वर्णनको झझल्को सहृदय पाठकलाई न लागी छोड्दैन जस्तै—

रसिक भनी भ्रमर्को नाम प्रख्यात जन्मा
कसरी अब बिकाऊँ कामको नाम वन्मा ?
वन वन् अनि फिर्छु भाग्यको फूल खोज्छू
अलिकति पर जान्छु फूल पाएर रोज्छू ॥१०॥

यसरी प्रारम्भ देखि समाप्ति सम्म भ्रमरलाई नायक बनाई रचना गरिएको मोती-राम भट्टको ऋतुकाव्य भ्रमर गीतको अन्तिम पद्य प्रस्तुत छ। यसमा कालिदासीय शाकुन्तलमा जस्तै कुसुमतरूको मानवीकरण भएको छ, जो आकर्षक छ–

यस्तै प्रकार गरि ती भ्रमराहरूले
भन् भन् गरी फुल वस्या खुश भै तरूले
हल्ल्या स्वयं झुलि झुली ती पऱ्या मगन्मा
कामीहरूकन मजा हुन गो पलक्मा ॥ १४ ॥

"भ्रमरगीत् भाषा मोतीराम भट्ट कृतं समाप्तम् ।" मिति १९४३ साल।

यसै गरी मोतीराम भट्टको वर्षा वर्णनको यो एक्लो पद्य पनि प्रसंगतः उल्लेख्य छ। वर्षा कालमा मेघ गर्जन सहित पानी पर्नु भन्ने साधारण कुरा हो। यो थेगै पनि भै सकेको छ। तर ऋतु विज्ञानका पारखी मोतीराम भट्टले वर्षा कालमा आँधीले बादल अन्यत्र उछिट्याई दिदाँ मेघ गर्जे पनि पानी न पर्ने कुरा जानेका छन्। आफू काशीमा वस्दा परेका घोर सुक्खाको बेला छलुवा-डुलुवा मेघको वर्णन कवि यसरी गर्छन्—

आयो मेघ महान आज ऋतुको भारी तयारी गऱ्यो
चातक मन् मनमा बडा खुशि थिया पानी अवश्यै पऱ्यो
चं चं चं चमकी बिजूली बहुतै मेघ गर्जना खुब भयो
गड्ड्याङ्-ड्याङ-गडड्याङ्-गड्याङ्-गुड्डु गरी स्वाँग मात्र पारी गयो ॥

स्वाङ्मात्रै पार्ने यस वर्षा कालिक छलुवा मेघलाई मोतीराम भट्टले चातकलाई उपकृत न गरेको देखाएका छन्। यो स्वाङे मेघ कालिदासको रघुवंशका चातक द्वारा उपेक्षित शरद् मेघ जस्तै भएको छ—शरद्घनं नार्दति चातकोऽपि।

(२) ऋतुमञ्जरी : पं० टीकाराम शर्म्मा मरासिनी

गुल्मी खिदीम/तुदीम निवासी पं० टीकाराम शर्मा मरासिनीको ऋतुमञ्जरी हरिहर शर्मा गौतम द्वारा १९८५ साल वैसाख एक गते शुक्रवारको दिन प्रकाशित पुस्तक हो। यसमा पद्यका प्रत्येक चरणका अन्तिम दुई अक्षरबाट अर्को चरण क्रमशः प्रारम्भ हुने गरी आठ पद्यको हरि स्तुति संग ऋतुमञ्जरी काव्य र अन्त्यमा कविले एघार वर्षको उमेरमा लेखेको तित्रो र कोकलेको काल्पनिक कथा प्रसंगमा वर्णित बसंत वर्णन कविता पनि संलग्न छ। यस ऋतुमञ्जरी काव्यको प्रारम्भको पद्य शार्दूल

विक्रीडित छन्दमा लेखिएको छ । यस पद्यलाई काव्यको अन्त्यमा चक्र बन्धमा आबद्ध गरी देखाइएको छ । पंडित टीकाराम मरासिनीको विद्वत्ताको यसबाट पनि अनुमान लगाउन सकिन्छ । प्रस्तुत छ, ऋतुकाव्यको प्रारम्भिक पद्य—

नित्यै देव महर्षि दैत्यहरूका खूसी छन स्तुतिमा
लीलाले जसका त खूसि हर फेर् गौरी सदा सुक्खमा
रक्षाले गरी विघ्न दुःख हरन्या विन्ती छ दुख्नासका
काखमा पत्नी दुवै लिएर रहन्या मालीकमा विघ्नका ॥ १ ॥

पाणिनीय तपोभूमि खिदिम (पाणिनिकालिक नाउँ तुदीम भएको) ज्ञानका लागि उर्वरा क्षेत्रको रूपमा बहुचर्चित ठाउँका यी ऋतु कविले आफ्नो ऋतुमञ्जरी मूल काव्यलाई वसन्त शरद्-शिशिर ऋतुको वर्णन सा-सात पद्यमा र ग्रीष्म वर्षा एवं हेमन्तलाई ६।६ पद्यमा वर्णन गरी जम्मा ७+७+७+६+६+६=३९ पद्यमा काव्य समाप्त गरेका छन् । कलेवरमा सानु देखिने यस काव्यलाई बिन्दुमा सिन्धु, भन्न सकिन्छ । किन भने यसमा कालिदासीय ऋतु संहारका महत्त्वपूर्ण घतलाग्दा स्थलको फर्कट्ट झझल्को पाइन्छ ।

(३) बाह्रमासे : लालबहादुर आउँमासी

नेपाली ऋतुकाव्यको परम्परामा लालबहादुर आउँमासीको बाह्रमासेलाई बिर्सिन न हुने छ । भोटको सवाईका रचयिताका रूपमा लोकप्रिय आउँमासीका भोटको लडाईको सवाई, बाह्रमासे, कोही विरहिणी स्त्रीले पति परदेश गयेका बेलामा भनेको श्लोक, शृङ्गारको श्लोक, कोहि स्त्रीलाई सखीले सोधेकी आदि कविताहरूको सङ्कलन "भोटको सवाई" नाउँले बाबू माधव प्रसाद शर्मा, दूध विनायक, वाराणसीबाट प्रकाशित छ । आउँमासीले आफ्नो परिचय भोटको सवाईमा यसरी दिएका छन्—

भोटको सवाई यति कै कथेको ।
नाउँ मेरो लाल बहादुर आउँमासी चलेको ।
जन्मेको थात् ठाउँ घर मेरो ओलाङ् ।
यो सवाई विचार गर्ने कुन सज्जन होलान् ॥

आउँमासीका रचनामा परेका शब्द-सज्जा तथा भावार्थहरूबाट इनको संस्कृतज्ञता व्यक्त हुन्छ । जस्तै इनी भन्छन्—

गएको मेरो मन् कठिन कुच बीचै रहि गयो
कि ढल्-सल् भै नास् भो कि त विरह बल्दा जलि गयो ।
कि ता सौन्दर्यैका अमृत सरोवरमा डुबि गयो
कि यौवन्का वन्मा मदन विरहै चोर झन्नि भयो ।

उपर्युक्त पद्य बाहेक काव्यका ताम्बूल शशिमुख, हे गजेन्द्र गमने ! जस्ता पदहरू द्वारा इनले आफ्नो साहित्यशास्त्रज्ञताको परिचय दिन्छन् भने भोटको सवाईका तलका उद्धृत पंक्तिले इनलाई दिन-वार-तिथि-नक्षत्रसम्बन्धी ज्योतिषविद्याको पनि ज्ञान थियो भन्ने कुरा जाहेर गर्दछन्—

कार्तिक वदी दशमी आईतबार। पूर्वाषाढा नक्षत्रमा साइत सार॥

यसरी नक्षत्र ग्रहण बार तिथिका ज्ञाता आउँमासी ऋतु-विद्याबाट अवश्य पनि अपरिचित थिएनन्। अतः इनले पनि स्वतन्त्र ऋतुकाव्य बाह्रमासेको रचना गरे। ऋतुकाव्यका रचयिता आउँमासी कसबाट प्रभावित थिए भन्ने कुरामा अहिले उनको सम्बन्धमा जान्ने पौल साधनको अभावमा धेरै लेख्न न सकिए पनि इनका एक-दुई पद्यले कालिदास न सम्झाई छाड्दैनन्। आउँमासीका बाह्रमासेको शरद् वर्णन र कालिदासको शरद् वर्णनका पैठे जोरीको एउटा उद्धरण—

मैन्हा आश्विन लागि गो झरि पनि वीदा भयो सब् खुल्यो
त्यो पापी त मलाई छोडी अझ तक् आएन अन्तै भुल्यो।
शीतल् यो शशिको किरण पनि कठोर कन्दर्प-बाणमा परी
क्यारूँ आज विछोड भएर पतिको पोल्ने भयो खुप् गरी। बाह्र० ८

[नेत्रोत्सवो हृदयहारिमरीचिमालः प्रह्लादकः शिशिरशीकरवारिवर्षी।
पत्युर्वियोगविषदग्धशरक्षतानां चन्द्रोदहत्यतितरां तनुमङ्गनानाम्॥]

खुकुरी एक हातमा र अर्को हातमा कलम लिएर आफ्नो देश र साहित्य दुवैको रक्षामा समान रूपमा अनवरत लाग्ने आउँमासी जस्ता कवि नेपाली साहित्यमा मात्रै किन, विश्व साहित्य मै कति होलान् ? निकै वेर घोत्लिनु पर्ने स्थिति छ। कलम चलाउने व्यसन लाएका आउँमासीलाई खुकुरी उध्याउन र पत्थरकला थाम्न पर्नु त्यस वेलाको आवश्यकता वा विवशता जे सुकै थियो होला, कविमाथि भने कलम कै आकर्षण बढी भएको देखिन्छ। आफ्नो उद्देश्य र काव्यमहत्त्वलाई (कालोह्ययं निरवधिर्विपुला च पृथ्वीको सिद्धान्त अनुसार पछि आउने पीढीले थाहा पाउने संकेत दिंदै कवि आउँमासीले सवाई काव्यको अन्त्यमा कथेका दुई पंक्ति संगै यो प्रसंग यहिं सक्नु पर्ने छ——

लडाईमा जाँदा खेरी लाउनु पर्ने झोली।
इति मेरो थाहा होला भोलि त भोली॥

(४) ऋतु विचार : लेखनाथ पौड्याल

लेखनाथ पौड्याल मूलतः संस्कृतका छात्र, संस्कृतका कवि र संस्कृत साहित्यका चिन्तनशील व्यक्ति हुन्। यति मात्र होइन, संस्कृत साहित्य र पूर्वीय दर्शनका

अगाध सरोवरमा चुलुम्म डुबेर पाए-भेट्टाएका रत्नहरूले आफ्ना राष्ट्रभाषाको र साहित्यको मुहार उजिल्याउने कविशिरोमणि लेखनाथलाई जे सुकैले जस्तो भने लेखे पनि देखे सुने पनि इनी विशेषतः कालिदासीय साहित्यबाट प्रभावित व्यक्ति हुन् । जहाँ सम्म ऋतुकाव्यको प्रसंग छ, लेखनाथ पौड्यालमा आएर नेपाली ऋतु परम्पराले समग्रता पाउँछ भन्न कत्ति संकोच मान्नु पर्ने स्थिति छैन । यस नियन्तुःर्नेमिवृत्तयः को प्रसङ्गमा कालिदासीय ऋतुकाव्य र लेखनाथका ऋतुकाव्यको विवेचन विश्लेषण गर्दा र आज सम्मका ऋतु साहित्यको गतिविधिमा दृष्टिपातगर्दा लेखनाथको ऋतुविचारलाई नै कालिदासीय ऋतुकाव्यबाट अत्यधिक प्रभावित काव्य मात्र भनेर पुगेको छैन । यहा यति भन्नै परेको छ--लेखनाथको ऋतुविचार कालिदासीय ऋतु वर्णनको धेरै अंशमा रूपान्तरण र थोरै अंशमा समानान्तर समग्रता हो । स्वयं लेखनाथ कालिदासीय ऋतुकाव्यबाट आकण्ठ प्रभावित छन् । अतः लेखनाथ नेपाली ऋतुकाव्यका सिंगै कालिदास हुन् र उनको कृति ऋतुविचार कालिदासीय ऋतुकाव्यको नेपाली पूर्णावतार ।

पृथिवी छन् शृंगारङ्गी पिपिराहरूले गरी ।
हरियो रेशमी सारी लाएकी प्रमदासरी ॥

[प्रभिन्नवैदूर्यनिभैस्तृणांकुरैः समाचिताः प्रोत्थितकन्दलीदलैः ।
विभाति शुक्लेतररत्नभूषिता वराङ्गनेव क्षितिरिन्द्रगोपकैः ॥]

कोकिल स्वर त्यो सुन्दा संयमीहरूको पनि ।
डग्मगाउन चाहन्छ समाधिमय जीवनी ॥

पुंस्कोकिलैः कलवचोभिरुपात्तहर्षैः कूजद्भिरुन्मदकलानि वचांसि भृङ्गैः ।
लज्जान्वितं सविनयं हृदयं क्षणेन पर्याकुलं कुलगृहेऽपि कृतं वधूनाम् ॥

कलिला पालुवा माथि बिछाएर फुलै फुल ।
वसन्तश्री वसेकी छन् बनी सौन्दर्य-विह्वल ॥

आदीप्तवह्निसदृशैर्मरुताऽवधूतैः सर्वत्र किंशुकवनैः कुसुमावनम्रैः ।
सद्यो वसन्तसमयेन समाचितेयं रक्तांशुका नववधूरिव भाति भूमिः ॥

शिरमा सूर्यको ताप मनमा विरहानल ।
बटुवा कुन होवैन बाटामा जीवनाकुल ॥

[असह्यवातोद्धतरेणुमण्डला प्रचण्डसूर्यातपतापिता मही ।
न शक्यते द्रष्टुमपि प्रवासिभिः प्रियावियोगाऽनलदग्धमानसैः ॥]

हिम चन्दन कस्तूरी मुक्ताहार मृणालमा ।
व्यग्र देखिन्छ अत्यन्त विलासीवृन्द हालमा ॥

निशाः शशाङ्कक्षतनीलराजयः क्वचिद् विचित्रं जलयन्त्रमन्दिरम् ।
मणिप्रकाराः सरसं च चन्दनं शुचौ प्रिये यान्ति जनस्य सेव्यताम् ॥

नि:शङ्क पिउँछन् पानी सिंहका साथमा मृग ।
एकदेशीयको हुन्छ दु:खैमा ऐक्य सम्भव ॥

[विशुष्ककण्ठोद्गतशीकराम्भसो गभस्तिभिर्भानुमतोऽनुतापिताः ।
प्रवृद्धतृष्णोपहता जलार्थिनो न दन्तिनः केशरिणोऽपि बिभ्यति ॥]

निकाली अग्निको ज्वाला आपसैमा भिडीकन ।
कुरुवंशी सरी थाल्यो वंश-श्रेणि विनाशन ॥

[ज्वलति पवनवृद्धः पर्वतानां दरीषु स्फुटति पटु-निनादः शुष्क-वंशस्थलीषु]

उताबाट उता सल्क्यो उताबाट उतातिर ।
गर्दै चट-चटाकार छोपि हाल्यो सबै तिर ॥

[बहुतर इव जातः शाल्मलीनां वनेषु स्फुरति कनकगौरः कोटरेषु द्रुमाणाम् ।
परिणतदलशाखानुत्पतन् प्रांशुवृक्षान् भ्रमति पवनदूतः सर्वतोऽग्निर्वनान्ते ॥]

वर्षन्छ जलको धारा मेघबाट जति जति ।
विरही जनको छाती सुक्दो छ उति उति ॥

[बलाहकाश्चाशनिशब्दमर्दलाः सुरेन्द्रचापं दधतस्तडिद्गुणम् ।
सुतीक्ष्णधारापतनाग्रसायकैस्तुदन्ति चेतः प्रसभं प्रवासिनाम् ॥]

खोली कमलको छाता हम्काई काश-चामर ।
ऋतुराजै सरी गम्क्यो शरत्काल मनोहर ॥

[मेघः क्वचिद् रजतशङ्खमृणालगौरैस्त्यक्ताम्बुभिर्लघुतया शतशः प्रयातैः
संलक्ष्यते पवनवेगचलैः पयोदैः राजेव चामरशतैरुपवीज्यमानः ॥]

एकैनास पसाएका अर्धचन्द्र समानका ।
बाला लहवरी गर्दै झुल्दछन् खूब धानका ॥

[आपक्वशालिरुचिरानतगात्रयष्टिः प्राप्ता शरन्नवधूरिव रूपरम्या ।]

जुन रात विषे हुन्छ दु:खीको प्राण-संशय ।
सुखीलाई उनै रात सुधाका लहरीमय ॥

पुष्पासवामोदसुगन्धिवक्त्रो निश्वासवातैः सुरभीकृताङ्गः ।
परस्पराङ्गव्यतिषङ्गशायी शेते जनः कामरसानुविद्धः ॥

उपर्युक्त उद्धरण मात्र दिक्प्रदर्शन हुन् । कालिदासीय प्रकृति सौन्दर्यमा रमाउन अभ्यस्त व्यक्तिले लेखनाथको ऋतु विचार प्रथम संस्करणमा त लगभग खलैप्पै ऋतु

संहार कै प्रतिच्छायाका शीतल सौम्य छहारीमा मनग्गे रमाउने अवसर पाउँछ । लेखनाथ ऋतु विचारमा कालिदासीय पद्यको कतै रूपान्तरण गर्न पुग्छन् भने कतै स्वकीय उपमाविशेषको प्रयोगले भावान्तर जस्तो पारी पाठक र समालोचकलाई समेत झुक्याई दिन खोज्छन् । कतै भावविस्तारमा रमाएर एउटा पद्यको विभिन्न पद्यान्तर गर्न वेर लाउने मात्र होइन, कालिदास त असाध्यै मन पर्छ भन्ने लेखनाथले एउटै पद्यांशको ४।५ पद्यमा व्याख्या गरेर कालिदासीय भावको विस्तृतीकरण गरेको उदाहरण इनका ऋतुकाव्यमा यत्र तत्र भेटिन्छ । जस्तै—

ऋतुसंहार पञ्चम सर्गको [प्रचुरगुडविकारः स्वादुशालीक्षुरम्यः] यस पद्यांशको ऋतु विचार २०१० को संस्करणमा ६९, ७०, ७१, ७२, ७३ र ७४ पद्यहरूमा भाव विस्तार छ । ऋतु संहार ३।१ को आपक्वशालिरुचिरानतगात्रयष्टि र ३।१६ को सम्पन्न शालिनिचयावृतभूतलानि यी पद्यद्वयका अंशद्वयको भावविस्तार लेखनाथ ऋतु विचार (२०१०) को शरद् विचारका ६३, ६४, ६५, ६६, ६७, ६८ र ६९ पद्यमा गर्दछन् । यति मात्र होइन, ऋतुसंहार २।१३ को (ससाध्वसैर्भेककुलैर्निरीक्षितम्) को भाव विस्तार ऋतुविचार २०१० को वर्षा विचारका ७०, ७१, ७२, ७३ र ७४ पद्यहरूमा गरिएको छ । यस्ता विभिन्न उदाहरणहरू अन्यत्र पनि फेला न पर्ने होइनन् तर विषय छोट्याउने उद्देश्यले लामो फिरिस्त दिइएन ।

ज्ञातव्य छ, लेखनाथका ऋतुविचारमा कालिदासीय ऋतुसंहारको प्रभाव मात्र परेको छैन यस बाहेक विक्रमोर्वशीयम्, मेघदूतम्, रघुवंशम् तथा अभिज्ञानशाकुन्तलम् जस्ता कृतिहरूमा यत्र तत्र उल्लिखित प्रकृति वर्णनको प्रतिच्छाया पनि परेको छर्लंग देखिन्छ । लेखनाथ पौड्यालको ऋतुकाव्य कालिदासीय काव्य ऋतुसंहार र त्यसका शिल्प शैलीको राजमार्ग मै पूर्णतया गुडेको छ । यसमा रेखामात्र पनि व्यत्यय छैन ।

लेखनाथ पौड्यालको कवित्वको विश्लेषण तथा मूल्यांकन कर्ता डा० वासुदेव त्रिपाठी आफ्नो प्रकाशित शोधप्रबन्धमा कालिदास र लेखनाथलाई नीरक्षीर विवेक गरी ऋतु विचारबाट छुट्याउँदा लेखनाथ कालिदासका कुम-कुम आउँछन् भन्ने विचार व्यक्त गर्दछन् । इनको यो धारणाई स्वभावोक्तिको रूपमा लेखकले पनि सहमति दिने परेको छ । तर पुनः त्यसकै लगत्तै पछि डा० त्रिपाठी फेरि भन्छन्—'उनको (कालिदासको) सिकारु रचना मानिएको ऋतुसंहार चाहिं १९९१ सालमा आएर ऋतुविचार द्वारा विजित अनुभव हुन्छ । (प्रकाशित शोध प्रबन्धको पृष्ठ १६३) यो भन्नु चाहिं त्रिपाठी द्वारा लेखनाथलाई बढी सम्मान दिन फुर्का गाँसेर लेखिएका अभिनन्दनाक्षर मात्र हुन्, कवि शिरोमणिलाई चढाइएका अतिशयोक्तयलङ्कारहरू । किन भने कालिदास कसैबाट विजित हुँदैनन् । वरु कालिदासको आश्रय लिनेले अरु माथि विजय प्राप्त गर्न सहजै सक्तछ ।

कालिदासीय ऋतुसंहारलाई सिकारू रचना भन्ने तर्क पनि प्रायः व्याकरणगत दृष्टिकोणलाई लिएर मात्र हो। किन कि कालिदासले सोत्सुकम् र मनोरथानि जस्ता पाणिनिव्याकरण सँग न मिल्ने प्रयोगहरू यसमा गरेका छन्। वस्तुतः कालिदासको आफ्नै समग्रसाहित्यको तुलना गर्दा मात्र ऋतु संहारमा सिकारूपन देखिन गएको हो, कविको यो पहिलो रचना। कथा-विहीनता, व्याकरणगत केहि नियमको वेवास्ता र शृङ्गाराधिक्य हुनाले पनि प्राथमिक रचना मानिएको हो ऋतुसंहार कालिदासको यसै अर्थमा यो सिकारू हो। यस बाहेक, शैली, वर्णन र आल्हादनमा अरू कृति भन्दा शतांशमा पनि यसमा कमी-वेसी छैन। त्यसैले कालिदासको सिकारू भनिने ऋतु-संहारले कस्ता-कस्ता मै हूँ भन्ने बडे-बडेका प्रौढ ऋतु रचनालाई पनि मात गरिदिन्छ।

संक्षेपमा—ऋतुविचार १९६३ लेखनाथको नियति हो। १९९० मा आएर त्यस-लाई जति निखार तिखार पारे पनि त्यसले उनको नियति खुकिइन सक्दैन। किनभने मानव नियतिले कोरेको बाटोमा नेमिवृत्ति भएर हिंडे कै हुन्छ।

लेखनाथ कालिदासीय ऋतुकाव्यका नेपाली कोकिल हुन्। इनका कोकिलकण्ठले सबैभन्दा बढी प्रकृति गीत गाएको छ। जीवनका प्रारम्भिक 'वसन्त' देखि शास्त्रीय छन्द र गजलमा समेत ऋतु अलाप्ने लेखनाथले आफ्ना 'हिउँदका दिन' देखि नै पहेला जमराले कालिदासीय ऋतु शैलीको स्वागत-आवाहन गरेका छन्। किशोर यौवन र प्रौढ़ अवस्थामा पनि वसन्त र वसन्तकोकिल काव्यले नेपाली साहित्यको प्रकृति उपवन घन्काउने लेखनाथको कोकिल-कण्ठले हिमाल जस्तै सेतै फुलेर बूढो हुँदा सम्म पनि यौवनको ऋतुराग विर्सेको हुँदैन, विर्सन सक्तैन। 'वयोवृद्ध कोकिलको वासन्तिक अनुलाप' (कविता बर्ष १ अङ्क १) यसको अकाट्य उदाहरण हो।

टाक्सिएको नेपाली कविता (शारदा २०११ फागुन, चैत) मा समालोचक राम-रामकृष्ण शर्मा भन्छन्—'ऋतु विचारमा चाहेका भए उहाँले (लेखनाथ पौड्यालले) नेपाली भौगोलिक शोभाको वर्णन गर्न सक्नु हुन्थ्यो…। लेखकको नाउँ व्यक्त न गरे ऋतु विचार नेपाली कवि वा नेपालवासीले लेखेको हो भन्ने निश्चय गराउने सामग्री त्यो काव्य भित्र उति छैन।'

ठीकै हो, विश्व कवि कालिदासको व्यापक चिन्तनको नशा चढेका नेमिवृत्ति लेखनाथको ऋतुविचारमा कालिदासीय व्यापकता न आएर यसमा भौगोलिक साँघुरो पन किन आओस् त ?

(५) बाह्रमासा : पं० कवि शिखरनाथ शर्मा

'यी उनै कर्मकाण्ड वीरषष्ठिका, शिखरनाथभाष्य थरगोत्र प्रवरावली, पाती, शृङ्गार दर्पण, विवाह दर्पण वृहत्स्वस्थानी (काशीमा कोहि महाशयले आज सम्म हाल्न

न सकेको जिल्द वाला) १४ रत्न दुर्गा कवच भाषा, कर्ण पर्व, पीनासको कथा, गोरखा शौच निर्णय, प्रेतमञ्जरी, आदि गरियाका अनेक पुस्तक रचयिता संग्रहीता, प्रकाशिता काशी पञ्चगंगा निवासी पण्डित कवि शिखरनाथ शर्मा सुवेदीले (कविको अक्षर माला पहिलो भागबाट उद्धृत) रचना गरेको बाह्रमासे काव्य हो ।

प्रकाशक पण्डित टीकादत्त धीताल नेपाली सौभाग्यपुस्तकालय, दुग्धविनायक बनारससिटीबाट (सर्वाधिकार सुरक्षितम्) रूपमा प्रकाशित शृङ्गार दर्पणमा यो काव्य संकलित छ । (रमेश श्रेष्ठको 'नेपाली कविताका प्रवृत्ति' अनुसार यो १९७४ मा छापिएको थियो । अतः टीकादत्त धीतालको नेपाली सौभाग्य पुस्तकालय १९९७ मा मात्र स्थापित भएको हुनाले यो यसको पछिल्लो संस्करण हो भन्न सकिन्छ)

हुन त आज भोलि भारतीय हिन्दी चल चित्रका भित्ति-विज्ञापनहरूमा 'केवल बालिगों के लिए' भन्ने लेखिए जस्तै यस शृङ्गार दर्पणलाई पनि कविले स्वयं पच्चीस वर्षका उमेर मुनिका महाशयजी हरूका लागि भनेका छन् तथापि जहाँसम्म यसमा संग्रहीत काव्य बाह्रमासेको प्रश्न छ । यो काव्य कालिदासीय ऋतुसंहारको प्रिय वियुक्ता नायिकाको विरह वर्णन संग सम्बद्ध हुनाले यो आबालवृद्ध सबैले पठनीय छ । शृङ्गार विषयक हुनाले क्वचित्-कुत्रचित् त्यस्तो पर्न गए पनि अस्वाभाविक लाग्दैन ।

यो बाह्रमासे काव्य चैतको नयाँ संवत्सर फिर्ने दिन संवत्सरफल श्रवण गरे देखि प्रारम्भ हुन्छ र फागुनमा वृक्षमा नया पालुवा र कोपिला चढे पछि समाप्त हुन्छ । प्रेयसी आफ्नो प्रवासी प्रेमी पतिको प्रतीक्षामा चैतै देखि माघ सम्मन् बसेकी हुन्छे । जस्तै वियोगको तीव्रता बढे पनि उसमा (सास छन्ज्याल आस) रहन्छ । तर जसै फागुन महिना लाग्दछ, उसका मनले हरेस खान्छ । उसका कुसुमित आशादललाई निराशा जनक बतासे हुण्डरीले एक एक गरी खसाली दिन्छन् ।

चैत (वर्षारम्भ) मा पण्डितहरू सम्बत्सर फल सुनाउन नयाँ पात्रो लिएर जजमानका घर जान्छन् । सबै फल श्रुति सुनाई सक्दा पनि प्रेयसीको खसम कहिले प्रवासबाट फर्किन्छ भन्ने कुरा उनीहरू भन्दैनन् । कवि शिखरनाथकी बाह्रमासेकी नायिका त्यस्ता जैसी (ज्योतिषी) पण्डितलाई भैंसीको उपाधि दिन पुग्छिन् । प्रस्तुत छ, बाह्रमासाको पहिलो पद्य—

आयो चैत पनि वसन्त ऋतु जो लाग्यो सगीनी कली
सम्वत्सर फल भन्न जान्छन पुरेत पात्रो नया साथ ली
भन्दैनन् सब जैसी भैंसि त पती आए त तिम्रा भनी
स्वामी ता परदेशमा पलङ्को गै गो त शोभा पनी ॥

यसरी प्रत्येक महिना पतिको शुभागमन पर्खेर बसेकी प्रेयसी पत्नी फागुन महिनामा पनि पति न आउँदा साह्रै विकल देखिन्छिन् । अब त उनलाई पति माथि शंका हुन्छ । उनको पापी मन यसरी तर्क वितर्क गर्न थाल्दछ—

अर्को स्वास्नी विहे गरेर घर-जम् उहीं गरी की भुले
वेखर्ची भई बाटखर्च न हुँदा भिचुक भई की डुले
स्वामीको यदि सत्य छोडऊँ भने हुँदै न हुने भयो
धर्ममा रहुँ पो भने दिन दिनै कन्दर्प दुःख दिन्छ यो ॥

बाह्रमासेको प्रारम्भमा गरिने स्त्रीको वयानमा कवि शिखरनाथले आफूलाई कालिदासीय भावानुहरण गर्नबाट रोक्न सकेका छैनन्—

…जाँते चाककी सूँड जो कदलिका थां झैं छ गोडा जती ।
लामा छन दुई बाहु जो कमलका नाल झैं मुलायम अती
गाला नाक र कान पुष्ट चिउँडो छाँटीयका छन अती ।
हाँस हात्ती ढलकी हिडें झन्त्रि गरी ढल्केर हिडने गति ॥
क्रोधादी न भया कि शान्त सुकिली झूटा न बोल्ने रति ।

कुल एक सय चौरासी पद्यको श्रृंगार दर्पणका चैत १ देखि फागुन १२ सम्मका बाह्र उपशीर्षकहरूमा विभक्त बाह्रमासा काव्यमा (३ + ४ + २ + ७ + ४ + ३ + ५ + ३ + २ + ३ + ३ + ६ = ४५) पद्य छन् । पद्याङ्कका आधारमा भने यो संख्या ४६ हुनु पर्दछ। ज्ञातव्य छ-समग्र किताब श्रृङ्गार दर्पणलाई एउटै संख्याक्रम राखिएको छ । यसरी यो पुस्तक माथि उल्लेख गरे जस्तै एक सय चौरासी पद्यको छ । जसमा १११ देखि १५६ संख्या सम्मका पद्यहरू बाह्रमासामा छन् । तर यसमा १५५ औं पद्य छैन । सम्भवतः प्रकाशकीय भूलले छुट्न गएको होला ।

कविले प्रत्येक महिनाको अन्त्यमा विरहिणीको पति न आएको सन्देशलाई नव दुर्गाको शप्तशतीको सम्पुट मन्त्र झैं दोहोऱ्याएका छन् । यसमा शिखरनाथले कालि-दासीय ऋतुविचारको नेमिवृत्तिता स्वीकार गरेको मान्ने पर्ने छ । किनभने कालिदास प्रत्येक ऋतुवर्णनमा प्रिय वियुक्ता प्रेयसी एवं प्रिया वियुक्त प्रेमीका मनःस्थिति र शारीरिक अवस्थाको चित्रण गर्न चुक्दैनन् । यसका केहि मात्र उदाहरणहरू जस्तै—

(क) न शक्यते द्रष्टुमपि प्रवासिभिः प्रियावियोगानलदग्धमानसैः (ग्रीष्म)

(ख) निरस्तमाल्याभरणानुलेपनाः स्थिताः निराशाः प्रमदाः प्रवासिनाम् ।
(प्रावृड्)

(ग) पत्युर्वियोगविषदग्धशरक्षतानां चन्द्रोदहत्यतितरां तनुमङ्गनानाम् (शरद)

(घ) प्रिये प्रियंगुः प्रियविप्रयुक्ता विपाण्डुतां याति विलासिनीव । (हेमन्त)

(ङ) प्रियजनरहितानां चित्तसन्ताप हेतुः शिशिर समय एषः श्रेयसेवोऽस्तुनित्यम् ।
(शिशिर)

(च) पुंस्कोकिलैः कलवचोभिरुपात्तहर्षैः कूजदिभरुन्मदकलानि वचांसि भृङ्गैः ।
लज्जान्वितं सविनयं हृदयं क्षणेन पर्याकुलं कुलगृहेपि कृतं वधूनाम् । (वसन्त)

कालिदासका उपर्युक्त भावावृत्तिको नेमिबृत्ति हुन पुगेका शिखरनाथ माथिको कुरालाई यसरी आवृत्ति गर्दछन्—

(१) स्वामी ता परदेशिदाँ पलङ्को गै गो त शोभा पनि । (चैत १।१११)
(२) बिती गो वैसाखै अझ पनि फिरेनन् पति पनि । (वैशाख २)
(३) गयो जेठ् स्वामीले दरशन दिएनन् अझ पनि । (जेठ ३)
(४) आएनन् सगिनी ! असार पनि गो काहाँ गए हुन् पति । (आषाढ ४)
(५) स्वर्गैं मिल्दछ, साउनै पनि गयो काहाँ गए हुन् पति । (साऊन ५)
(६) भदौं मैन्हा बीत्यो पति बिनु म आसे हुन गयाँ । (भदौ ६)
(७) अशौज गै गो प्यारी ! अझ पनि फिरेनन् पति सती । (असौज ७)
(८) आएनन् अझ कीन कात्तिक गयो काहाँ गए हुन् पती । (कात्तिक ८)
(९) मङ्सीरै पनि गो सखी ! ऋतुमती हुँदा मिलेनन् पती । (मङ्सिर ९)
(१०) ···पूस पनि गो काहाँ भुले हुन् पती । (पूस १०)
(११) आएनन् पति माघ मास पनि गो के गर्नु यो सोखले । (माघ ११)
(१२) फागूनै पनि गो मलाई पतिले सम्झी दिएनन् रती । (फागुन १२)

आफ्ना पूर्ववर्ती र अनुवर्तीहरू मध्ये प्रायः सबै जसोले पिकदूत जस्ता सन्देश काव्य रचना गरेको देख्दा र शिखरनाथले मात्र यस्तो खालको काव्य आफ्ना रसिक पाठकहरूलाई न दिएकोमा अवश्य पनि एकछिन् घोत्लिनै पर्ने छ । तर शिखरनाथको विप्रलम्भ शृङ्गार रसमा नखशिख निमग्न यस बाह्रमासेलाई कालिदासीय मेघदूत कै प्रभाव कि वा तदनुप्राणित मोतिरामका पिकदूत कै प्रभाव मान्दा बिगार पर्छि हाल्ला त ? त्यसैले यो बाह्रमासे अरू बाह्रमासे भन्दा विशिष्ट छ । यसले कालिदासीय ऋतुसंहार संग मात्र होइन, इनका मेघदूत संग पनि सम्बन्ध गाँस्न खोजेको स्पष्ट छ, विप्रलब्धताका दृष्टिले । धेरै कति ? आफ्ना बारे कवि स्वयंको उक्ति संगै यो प्रसंग यहिं टुंग्याइन्छ --

हे विद्वान् जन हो ! नया किसिमको यो बाह्रमासे पनी
हेर्नू शीखरनाथ आदि कविका लीला यही हो भनी
पूराना अधिका हुनन् तर पनी यो जो उनैको नयो
हेर्ना लायकको बहूत रसिलो शृङ्गार आदी छ यो ॥ १५६॥

ऋतुसंहारको प्रभाव विदेशीहरूमा पनि परेको छ। म्याकडोनल, जसलाई भारतीयहरू त्यसबेला मुग्धानलाचार्यं भन्दथे, यसमा मुग्ध भएका छन्। यसको अनुवाद ल्याटिन जर्मन जस्ता विभिन्न विदेशी भाषाहरूमा समेत भएको छ।

प्राकृतिक सौन्दर्यको स्थान अरु सुन्दरताहरूमा भन्दा महत्त्वपूर्ण छ। कृत्रिमताको पटचार लाग्दो जीवनबाट एक छिन भए पनि त्राण पाउन मनुष्य प्रकृति देवीको सुरम्य काखमा पुग्न खोज्दछ। व्याहारिक जीवनमा प्रकृतिको जति महत्त्वपूर्ण स्थान छ, साहित्यिक परिवेशमा पनि उस्तै र उत्तिकै यसको चाख छ। त्यसैले साहित्यमा प्रकृति वर्णनलाई कविले रूचाएका हुन्छन्। यसलाई विभिन्न पर्यावरणमा सिंगारेर सजाएर प्रस्तुत गरेका हुन्छन्।

माथि पर्यावरण शब्द आएको छ। प्रकृतिलाई विभिन्न पर्यावरणमा सिंगार्नुको अर्थ यसलाई विभिन्न ऋतुको जलप लगाएर प्रस्तुत गर्नु हो।

प्रकृतिका सत्य शिव र सुन्दर तीन गुण हुन्छन्। जस मध्ये यसलाई त्यसको सुन्दर पक्षले हेर्ने परम्परा कालिदासले बसाएका छन्। त्यसैले जहाँ ऋतुसंहार काव्यमा कवि ऋतुको पर्यावरणमा प्रकृतिलाई सिगार्न खोज्छन्, त्यहि शृङ्गारसको विचित्र मादक आस्वादले उनका प्रत्येक पदहरू द्राक्षायित हुन पुग्दछन्। ऋतु + शृङ्गार शृङ्गार + ऋतु दुवै एकाकार जस्ता भै दिन्छन्। अर्को अर्थमा ऋतुको शर्करा माधुर्य शृङ्गारको रसमा घोलिन्छ, मिलिदिन्छ।

शृङ्गारसज्जाले ढकमक्क कल्कलाउँदी लहलहाउदी ऋतुमती प्रकृति, पुरुषको आवाहन गर्दछे। पृथ्वीको आकर्षण शक्तिमा आकास झोलिए झैं प्रकृतिको चुम्बकले पुरुषलाई पनि उत्सुक गराई दिन्छ। दुवै अन्योन्याश्रित झैं भै दिन्छन्। यसरी ऋतु र शृङ्गार आवाहित प्रकृति र पुरुषको लीलामञ्च यस धर्तीमा खण्डकाव्य, महाकाव्य तथा नाटक जस्ता विविध साहित्यिक विधाहरूले जन्म लिन्छन्।

कालिदासका ऋतु + शृङ्गारवर्णनले माध्यमिक कालिक नेपाली कविहरूलाई औधि प्रभाव पारेको संकेत माथि गरियो। यस काव्यका कविहरूका शृङ्गार परक अभिव्यक्तिहरू ऋतुस्नाता हिमाली प्रकृतिलाई पाएर अझ स्फूर्तिमान् र अझै मूर्तिमान् हुनं पुगेका छन्। अर्को शब्दमा ऋतुस्नाता सुदक्षिणाको ध्याउन्नमा आफ्नो यम-नियम विर्सने कालिदासका दिलीप झैं यस कालका कविहरूले पनि ऋतुस्नाता प्रकृति र उसको प्राकृतिक सौन्दर्यमा व्यामुग्ध भएर आफ्ना आदर्श र मर्यादासम्मलाई पनि एक छिन् विर्सन पुगेका जस्ता देखिएकै छन्।

आजभोलि तार टेलिफोन रेडियो टेलिविजन आदि यन्त्रहरू भौतिक विज्ञानले दिएका शब्द सञ्चार माध्यम हुन्। यो पौल साधन आधुनिक विश्वलाई पश्चिमले

दिएको छ । यस भन्दा कैयौं गुना बढी सशक्त सञ्चार माध्यम हो रूपान्तरण । विश्व-लाई यो पूर्वले दिएको छ । रूपान्तरण प्रक्रियाको अवदान पूर्वबाट सर्वप्रथम पश्चिमले न पाएको भए आधुनिक संचार साधनबाट मानिसले कति सम्म लाभ पाउने थियो ? विचारणीय छ । त्यसैले साहित्यको विकासमा जिउ-धनले जुटेका हाम्रा पूर्वजहरूले रूपान्तरण माध्यमले आफ्ना साहित्य सिगार्ने सफल भगीरथ प्रयास गरे । यो कार्य नेपालमा पनि पुरातनलेखकहरूबाटै प्रारम्भ भएर आजसम्म चलेको छ । यद्यपि अनु-वादलाई आजभोलि मानिस वक्रदृष्टिले हेर्न खोज्छन् । कालिदासीय कृतिका धेरै जसो नेपाली औतारहरू अप्रकाशित रहनुमा यो पनि महत्त्वपूर्ण कारण हुन सक्दछ । तर सफल रूपान्तरकारको रूपान्तरणश्रम मौलिक भन्दा कुनै मूल्यमा कम हुँदैन । भन्ने कुरा बिर्सदा पापै लाग्ला कि ?

कालिदासीय साहित्यको रूपान्तरण विश्वका विभिन्न भाषाहरूमा छ्याप्-छ्याप्ति भएको छ । यसको अध्ययन र प्रभाव ग्रहण गर्न संस्कृत नै पढेको हुनु पर्ने आवश्यकता छैन । जसरी बाइबिल पढन अंग्रेजी नै पढनु पर्छ भन्ने केही छैन । अतः संस्कृत न पढेका र कतिपय संस्कृत भन्दा पटक्कै मन न पराउनेहरू पनि प्रत्यक्ष वा परोक्ष रूपमा कालिदास प्रभावित भै रहेका हुन्छन् । यसको श्रेय पनि रूपान्तरकर्तालाई जान्छ । लाल बहादुर आउँमासीका जस्ता कविका बाह्रमासा हरूले यस तर्फ हामीलाई विचार गर्न विवश गराउँछन् । अस्तु

ऋतुकाव्यको यस प्रसंगमा कवि बीरेन्द्र (सुब्बा) को मेघमाला कविता संग्रहले कालिदासको झझल्को शीर्षक मात्रैले पनि दिन्छ । त्यसभित्रको एउटा कविता वसन्तको जन्मको उल्लेख न गर्दा पनि एउटा ऋतु कवि साथि अन्याय हुन जानेछ । प्रस्तुत छन् (वसन्तको जन्म) का केहि आदिम चरणहरू—

हिजो गर्भ वसेकी पृथ्वीले
आज वसन्त जन्माई
हिजै उ रोई जाडोको ठुक्-ठुक्मा
बिना रंगको दलिनमा
रातभरि झाँक्रो फिजाएर
शीतको आँसू बगाएर
छातीमा अलिल आतस
अलिल नर्म-गर्म ताराहरू सजाएर
आजै पृथ्वीले वसन्त जन्माई ।

लेखनाथ र उनका कृतिहरूको अध्ययनमा आफ्ना केहि वसन्त खपाए-बिताएका डा० वासुदेव त्रिपाठी व्याकरणाचार्य एम० ए० ले पनि आफ्नो अध्ययन क्रममा

अनिवार्य साहित्यको रूपमा कालिदासको सिठास चाखे के हुनु पर्दछ। तीनधारा संस्कृत छात्रावासमा वसेर वर्षौं सम्म संस्कृत अध्ययन गरेका मात्रै होइन, 'जयतु संस्कृतम्' पत्रिकामा संस्कृत रचना पनि गर्न छपाउन खप्पीस तथा (राजकुमारी वासवदत्ता) जस्तो संस्कृत कथानकमा आधारित नेपाली काव्य लेख्ने डा० त्रिपाठीलाई जीविकाको दौरानमा नेपाली एम० ए० र नेपालीका विभागध्यक्षको शिरोभूषण लगाउन पर्नु अर्कै कुरा हो। भन्न खोजिएको के भने डा० त्रिपाठीले, लेखनाथका कृतिहरूमा अन्तर कुन्तर लुकेका कालिदासको पत्तो लगाए र सबै भन्दा बढी आफ्ना शोध प्रबन्धमा ऋतु विचार कै महिमा गाए। १९९१ को ऋतुविचारको संशोधित र परिवर्धित संस्करणले कालिदासको सिकारू ऋतुसंहारलाई उछिन्ने पनि पारे। अवश्य पनि कालिदासीय साहित्यबाट इनी अप्रभावित छैनन्। यति मात्र होइन--ऋतु संहार र ऋतुविचारको तुलनात्मक तेल-बत्ती उकास्ने उजिल्याउने डा० त्रिपाठी स्वयं पनि आफ्ना कृतिहरूमा एक दुई ठाउँ नेपाली ऋतुकवि बन्न पुगेका छन्—संसर्गजाः दोष-गुणाः भवन्ति।

फलतः कालिदासीय मधुमासको मधुरिम मधुचषकले त्रिपाठीलाई पनि लठ्यायो। लट्ठिने आफू मात्रै लट्ठिँदैन, उसले अरूलाई पनि लठ्याएको हुन्छ। त्रिपाठीले आफ्ना मधुचषकले मधुमासलाई नै पनि लठ्याइ दिए। इनले नीरस वालुवामा र निर्जीव पाषाणमा समेत सरसता ल्याउने कौशल अर्जित गरे आफूमा। यो सबै उनमाथि परेको कालिदासीय प्रभाव नै हो भन्दा अतिशयोक्ति पक्कै हुँदैन। प्रस्तुत छन् त्रिपाठीको वसन्त (कविता वर्ष ३ अंक २) बाट केहि पंक्तिहरू—

म बालुवामा नवरङ्ग दिन्छु
पाषाणमा धडकन एक दिन्छु
न वैलिने मञ्जुल कुञ्ज दिन्छु
वैशाखलाई मदिरा म दिन्छु।

यस प्रसंगको माथि थालनी देखि अहिले सम्मको विवरण अनुसार कालिदासले-ऋतुसंहारमा प्रारम्भ गरेको ऋतु साहित्यकोपरम्पराले विश्व साहित्यलाई व्याप्त गरेको कुरा स्पष्ट त छदैं छ। यसले आज सम्मका नेपाली ऋतुकवि माथि आफ्नो परोक्ष वा प्रत्यक्ष प्रभाव पनि न छोडेको छैन। यतिमात्र होइन, यो परम्परा नेपाली साहित्यमा कहिल्यै टुङ्गिंदैन। जहाँ सम्म ऋतु रहन्छ, जहाँ सम्म कालिदासको यशः शरीर रहन्छ। नेपाली साहित्यको कहिल्यै न सिद्धिने ऋतु परम्पराको यस अटूट प्रसंगलाई कालिदासीय शरद् वर्णनको सुकिलो हिमालीपन भेटिने राष्ट्रनिर्माता काव्यका उद्धृत पंक्ति साथै यहिं यत्ति मै सिमल्ने प्रयास गरिन्छ—

धूलो र मैलो पुछि दिन्छु सारा
र रंगद्वारा मुछि दिन्छु सारा
यो फुललाई परिवेष दिन्छु
यस्तै सदा सुन्दर देश दिन्छु।

आएर कहिल्यै ऋतु सिद्धिदैंन
लाएर माया मुटु रित्तिदैंन।

ग | "सन्देशं मे तदनु जलद ! श्रोष्यसि श्रोत्रपेयम्"

सन्देश काव्य

कालिदासीय साहित्यको अर्को खण्डकाव्यगत विधा हो दूत काव्य, अथवा सन्देश काव्य। कालिदास आफ्ना यस काव्यका लागि को संग प्रभावित छन् ? अथवा कालिदासीय दूतकाव्यमा क-कसको प्रभाव देखिन्छ ? भन्ने विषयमा माथिल्ला शीर्षक अन्तर्गत चर्चा भै सकेको छ। यहाँ कालिदासीय दूतकाव्यबाट प्रभाव ग्रहण गर्ने पश्चाद्-वर्ती कविहरू बारे केहि प्रसंग उप्काउनु पर्ने भएको छ।

कालिदासको मेघदूतको स्पष्ट छाप पर्ने पहिलो रचनाको नमूनाको रूपमा ४७३ ई० को वत्स भट्टिको मन्दसौर अभिलेखलाई अगाडी सार्न सकिन्छ। प्रस्तुत छ, अभिलेखको सम्बद्ध पद्य—

चलत्पताकान्यबलासनाथान्यत्यर्थंशुक्लान्यधिकोन्नतानि ॥
तडिल्लताचित्रसिताभ्रकूटतुल्योपमानानि गृहाणि यत्र ॥१॥

वत्सभट्टिको संस्कृत प्रशस्तिको यस पद्यलाई महाकवि कालिदासका मेघदूतका निम्नोल्लिखित पद्य संग दाँजेर हेर्न सकिन्छ—

विद्युत्वन्तं सलिलवनिताः सेन्द्रचापं सचित्राः
संगीताय प्रहतमुरजाः स्निग्धगम्भीरघोषम्।
अन्तस्तोयं मणिमयभुवस्तुङ्गमभ्रंलिहाग्राः
प्रासादस्त्वां तुलयितुमलं यत्र तैस्तैर्विशेषैः॥ मेघ० २।१

यस पद्यमा "अभ्रंलिहाग्राः प्रासादः" अंशले गगनचुम्बी भवनको संकेत दिए जस्तै माथिल्लो पद्यको 'अभ्रकूटतुल्योपमानानि गृहाणि' ले पनि त्यस्तै भावको अभिव्यक्ति गरेको छ। महाकवि कालिदासको प्रभाव वत्स भट्टिमा परेको कुरालाई समर्थन गर्ने हरूमा पश्चिमेली विद्वान्हरूको नाउँ पनि उद्धृत गर्न सकिन्छ। जस मध्ये डा० बूलर, कील हार्न, म्याकडोनल (मेघानलाचार्य) र कीथको नाउँ पहिलो खेपमा नै लिनु पर्ने छ।

यस बाहेक पनि मेघदूतको प्रभाव कालिदासका परवर्ती कविहरूमा प्रशस्त परेको छ। भारतीय संस्कृत कविहरूले मात्र यस काव्यबाट प्रभावित भएर लगभग एकशय बीस सन्देश काव्यहरूका रचना गरेका छन्। इनी सन्देश काव्यमा दूत पारिएका चेतना चेतन विषय निम्न छन्—

अनिल, अमर, इन्द्र, उद्धव, कपि, काक, कीर, कृष्ण, कोकिल, कोक, गरुड, गोपी, चकोर, चक्रवाल, चन्द्र, चातक, चेतस्, तुलसी, दात्यूह, (जलकाक) नेमि, पद्म, पदाङ्क, पवन, पादप, पान्थ, प्लवङ्ग, पिक, बुद्धि, भ्रमर, भृङ्ग, मधुकर, मधुरोष्ठ, मनस्, मयूख, मयूर, मानस, मारुत, मारुत, मित्र मुद्गर, रथांग, वक, वाङ्मण्डन गुण, वात, वायु, विट, विप्र, शिव, शील, शुक, श्येन, सिद्ध, सुभग, सुरभि, हनुमत् हरिण, हारीत, हंस, हृदय आदि।

उपर्युक्त दूतहरू यसो हेर्दा यद्यपि सय संख्यालाई पुग्ने पनि छैनन्-तथापि यहाँ के चाहि सम्झिनु पर्ने छ भने इनी मध्ये एउटै विषयलाई दूत बनाएर विभिन्न कविहरूले विभिन्न समयमा सन्देश काव्यका रचना गरेका छन्। यो त कालिदासीय मेघदूतको अनुहरणमा लेखिएका संस्कृत सन्देश काव्यहरूको सामान्य टिपोट हो। संस्कृत कै पनि कति यस्ता काव्यहरू यसमा छुटेका होलान्। संस्कृत बाहेक भारतका अन्य भाषाका सन्देश काव्यहरूको चर्चा गर्दा त छुट्टै पुस्तक लेख्नु पर्ने स्थिति टडकारो देखिन्छ।

कालिदासको मेघदूतलाई अपूर्ण ठाने झैं गरी मूलकाव्य मैं क्षेपक जोडेर त्यसको कलेवर वृद्धि गरि दिने कालिदासोपाधिधारी उनका पाश्चात्वर्ती कवि बाहेक यस विषयमा छुट्टै काव्य लेख्ने कविहरू पनि संस्कृत साहित्यमा न देखिएका छैनन्। यस प्रसंगमा बंगाली कवि त्रैलोक्यमोहन गुहनियोगी कविकीर्ति रचित मेघदौत्यम् उल्लेख्य छ। यस काव्यमा कालिदासीय सन्देश काव्य मेघदूतको कथांश बाहेक अग्रिम कथालाई पनि प्रासंगिक बनाएर जोडिएको छ। जस्तै-मेघदूतमा यक्षको अह्रनी संगै काव्य समाप्त हुन्छ तर मेघदौत्यम्मा यक्षको सन्देश मेघले लिएर अलका पुग्दछ। यक्षिणीलाई सुनाउँछ। त्यस पछि स्वयं यक्षिणी त्यस मेघलाई आफ्नो मालिक कुबेर कहाँ पठाउँछे। मेघ यक्षिणीको प्रार्थना सन्देश लिएर कुबेर सामु जान्छ। आफ्नो पतिलाई चाडै शाप मुक्त गर्न यक्षिणीले पठाएको प्रार्थना सन्देश बाट द्रवित भएर कुबेरले यक्षलाई मुक्त पारिदिन्छ। यो काव्य सन् १९०९ मा कलकत्ताबाट प्रकाशित छ। सम्भवतः संस्कृत साहित्यको सबैभन्दा लामो सन्देश काव्य यहि नै हो।

मेघदूत के अनुकरण/अनुसरणमा यसका प्रत्येक चरणलाई समस्या रूपमा लिई त्यसको पूर्ति गर्दै पार्श्वाभ्युदय नामक काव्यको रचना आठौं ईसवीय शताब्दीमा एकजना कविले गरेका छन्। पार्श्वाभ्युदय काव्यका रचयिता जैन कवि जिनसेन हुन्। यस काव्यको प्रभाव जैन समाजमा निकै पर्‍यो। फलतः इनका पश्चाद्वर्ती कविहरूले

पनि आ-आफ्ना आचार्यलाई दूतकाव्यका रूपमा चिठी चपेटा गरेका विभिन्न उदाहरणहरू फेला परेका छन् ।

मेघप्रति सन्देशः, नामक अर्को दूत काव्यको पनि यहाँ उल्लेख न गरी न हुने छ । यस काव्यमा जुन मेघले यक्षिणीलाई यक्षको सन्देश सुनाउँछ, त्यसै मेघका हात यक्षिणी पनि आफ्नो जबाफ अर्थात् प्रति सन्देश यक्षलाई पठाउँछे । मन्दिकल राम शास्त्री कविरत्न रचित यो काव्य गवर्नमेण्ट प्रेस मैसूरबाट सन् १९२३ मा प्रकाशित भै सकेको पत्तो लागेको छ । यहाँ यो पनि ज्ञातव्य छ—छैठौं शताब्दी ईशवीयका काश्मीरी आलङ्कारिक पण्डित भामहले दूतकाव्यहरू माथि न राम्रो संग छेड हानेका छन् । परन्तु कालिदासीय साहित्याह्लादमा निमग्न कविहरूले यस प्रति वेवास्ता गरे । फलतः यसरी दूतकाव्य लेखिदै गए ।

विप्रलम्भश्रृंगारका लागि प्रायः प्रयोग गरिने मन्दाक्रान्ता छन्दलाई नै आफ्ना सन्देश काव्यहरूमा घेरै जसो कविहरूले प्राथमिकता दिएका छन् । मेघदूतका प्रभावमा काव्य लेख्ने यस्ता कविहरूमा धोयी कवि विरचित सन्देश काव्यको पनि नाउँ उल्लेख गर्नु पर्ने छ । संस्कृत साहित्यमा बहुचर्चित भनिने यस सन्देशकाव्यमा मन्दाक्रान्ता छन्दमा १०४ पद्य छन् ।

कालिदासीय मेघदूतमा भारतीय मात्र होइनन् यूरोपियनहरू पनि मन्त्र मुग्ध छन् । इनीहरू मध्ये जर्मनीका प्रसिद्ध कवि शिलरको नाउँ पनि उल्लेख्य छ । इनलाई हिमवद्देशका कालिदासले लाउनु मोहनी लाएका छन् । शिलर महोदयले मेघदूतको प्रभाव ग्रहणमा MARIA STUART नामक दूतकाव्यको रचना गरेका छन् । यसकी नायिका स्काटल्याण्डकी कारावद्धा रानी हुन् । इनलें झ्याल खानबाट कालिदासको यक्षले जस्तै मेघलाई दूत बनाएर आफ्नो सन्देश पठाएकी छन् ।

कालिदासीय मेघदूतले इनका छिनेकी र समुद्र पारका कवि एवं साहित्यकारलाई त मोहोनी लायो भने झन् हिमवद्देश कै कविहरूलाई न लाउनु त कुरै भएन । त्यसैले लिच्छविकालिक नेपालका हालसम्म उपलब्ध संस्कृत काव्यहरूमा पनि कालिदासीय खण्डकाव्यको प्रभाव परेको दृष्टिगोचर हुन्छ ।

अब आऔं नेपाली वाङ्मय पट्टि पनि । कालिदासीय काव्यका नेपाली औतारहरूमा सन्देशकाव्य मेघदूतका प्रभावमा लेखिने र उक्त काव्य कै अनूदित कृतिहरू पनि प्रकाशित अप्रकाशित रूपमा पौल भेटिन्छन् । यस प्रसंगलाई खण्डकाव्यको दृष्टिले मात्र हेर्दा त वसन्तपाध्या लुइँटेल विरचित १६९ शार्दूल विक्रीडित पद्यको कृष्ण चरितलाई नै औल्याउनु पर्ने हो कि जस्तो लाग्दछ । तर जहाँ सम्म सन्देश काव्यको प्रसंग छ, यसको थालनी गर्दा माध्यमिक कालिक युवक कवि मोतीराम भट्टलाई नै प्रथमतः

सम्झिहाल्नु पर्ने छ । कालिदासीय सन्देश काव्यधाराको यस क्रममा मेघदूतको नेपाली औतार मोतीराम भट्टको पिकदूत नै हो ।

अहिले सम्मको छाम्-छाम् छुम्-छुम्मा पत्तो पाइएका मेघदूतका नेपाली औतार लाई तीन श्रेणीमा विभाजित गर्नु पर्ने छ—(क) मौलिक नेपाली मेघदूत (ख) अनूदित नेपाली मेघदूत (ग) मेघदूतको प्रभाव ग्रहण गरेर विरचित नेपाली सन्देश काव्य । (घ) मेघदूत व्याख्या र टिप्पणी । सबैलाई प्रकाशित र अप्रकाशित गरी मात्र दुई भागमा पनि छुट्याउन सकिन्छ ।

(१) पिकदूत : मोतिराम भट्ट

पिकदूत खण्डकाव्यका दुई जना नेपाली कवि मध्ये पहिला मोतिराम भट्ट हुन् । इनको यो काव्य महाकवि कालिदासको मेघदूतबाट प्रभावित छ । यस संग अझ नजीकैको नातो पैल्याउने हो भने यसलाई कालिदासीय मेघदूतको पहिलो नेपाली औतार भन्दा हुन्छ ।

मोतिराम भट्टको पिकदूत सर्वप्रथम 'सूक्ति सिन्धुमा' प्रकाशित भएको हो । श्यामजी प्रसाद अर्ज्यालको सम्पादनमा यस कविता पत्रिकाको सामयिक प्रकाशन १९७४ सालमा भएको देखिन्छ ।

एउटी विरहिणी नायिका, आफ्ना परदेशी पतिलाई कोइलीका माध्यमले विरह सन्देश पठाउँछिन् । आलङ्कारिक भनोटमा यस काव्यलाई विप्रलम्भ-शृंगारप्रधान खण्ड काव्य भन्नु उचित हुन्छ ।

मेघदूतले लिएको यस नेपाली नवावतारमा कालिदासीय मेघदूतको झझल्को ठावैं-ठाउँ पाइन्छ । यक्षको सन्देशवाहक कालिदासको मेघ घूआँ, बिजुली, (चटाक्) पानी र हावाको संघटित रूप हो । यो श्याम वर्णको छ—धूम-ज्योतिः-सलिल-मरुतां सन्निपातः क्व मेघः ।

मोतिरामकी विरहिणीको सन्देशवाहक कोइली पनि कालो छ, श्याम वर्णको । यसलाई विरहिणीले चटाक् (आकाशमा चम्किने बिजुली) झैं भएर जाने सलाह दिएकी छन् । अतः मोतिरामको पिक र कालिदासको मेघमा अनौठो साम्य पाइन्छ ।

कालिदासको यक्ष आफ्नो प्रेयसी समक्ष सन्देश पुर्‍याई दिए बापत, मेघलाई उसकी प्रिया संग कहिले पनि वियोग न हुने आसीक दिन्छ भने मोतिरामकी विरहिणी पनि सन्देश पुर्‍याई दिए बापत कोइलीलाई पत्नी वियोग सहन न पर्ने गरी लाख वर्ष बाच्ने आसीक दिन्छिन् । कुरा एउटै हो । फरक के मात्र भने—मोतिरामको पिकदूत-की नायिका स्त्री जाति हुनाले जसरी नेपाली सौभाग्यवती नारीले पुरुष जातिको दीर्घायुष्यको कामना गर्दछन्, उसै गरी इनले पुंस्कोकिललाई पनि लाख-लाख वर्ष

सम्मको दीर्घायुष्यको आशीर्वाद दिन्छिन्। यहाँ अर्को पनि ज्ञातव्य कुरा के छ भने मोतिरामकी विरहिणीले यो आशिक पहिले नै काव्य प्रारम्भ मैं दिई सक्छिन् तर आशिक पहिले दिए पनि त्यसमा फल चाहिं काम फत्ये गरेर मात्रै पाउने भाका परेको छ। प्रस्तुत छन् दुवैका अभिव्यक्तिहरू

पहिले मोतिराम भट्टकी विरहिणी—

ए पन्छी अब जा चटाक् हुन गई संचार यो भन्दिएस्
यो संचार भनी दिइस् पनि भन्या लाख् वर्ष सम्मन् जिएस्।
यी मेरा सब हाल हेरि उडि जा मेरा जहाँ प्राण छन्
यसमा कत्ति फरक् न पारि ज़ति ह्याँ भन्छू भनेस् त्यो त सुन्!

अब कालिदासको यक्ष—

[एतत् कृत्वा प्रियमनुचितप्रार्थनावर्तिनो मे
सौहार्दाद् वा विधुर इति वा मय्यनुक्रोशबुद्ध्या।
इष्टान् देशान् विचर जलद! प्रावृषा सम्भृतश्रीः
मा भूदेवं क्षणमपि च ते विद्युता विप्रयोगः ॥] मे०उ० २।५२

कालिदासको यक्षले रामगिरि (रामदी पर्वत) मा सात-सात महिना बिताएको हुन्छ। गर्मीको प्रचण्ड राप संगै असंह्य मनस्तापले छट्पटिएको यक्ष दुब्लाएर सिन्का भएको हुन्छ। यसका हातका बाला पनि खुकुला भएर खस्दछन्। जब ग्रीष्मको अन्तिम महिना आषाढ लाग्दछ, त्यसवेला रामदीका डाडाँमा मेघ देख्दा उसको मन झन्-झन् उत्सुक हुदैं जान्छ।

मोतिरामकी विरहिणी नायिका पनि केहि काल सम्म यसै गरी बाहिरी प्रचण्ड ग्रीष्मको राप र वियोगग्निको भित्री मनस्ताप सँहदा-सँहदा आजीत हुन्छिन्। गर्मी याम वित्छ। वर्षाऋृतको प्रारम्भमा त्यहि अन्तस्तापको ज्वालामुखी फुट्दा त्यसकै मुस्लोले चारै दिशा धुम्म धुआँरिन्छ, अध्यारो हुन्छ, अर्थात् बादल लाग्छ।

अब आफ्ना घरको झ्यालमा वसेर प्रेमीको बाटो हेर्दै रहने यी प्रेयसीको एक्लो मन आकाशमा त्यसरी बादल घेरिएर गर्जेको र बिजुली समेत चम्केको देख्दा-सुन्दा झन्-झन् पिरोलिन्छ। उनको मुटुको धुक्-धुकी अझ उग्र रूपमा बढ्दछ। कालिदासको यक्षमा भन्दा कम वेदना छैन विचरीका विरही हृदयमा। प्रस्तुत छन्, मोतिराम र कालिदासीय सन्देश काव्यका यी अभिव्यक्तिहरू। पहिले मोतिराम भट्ट—

क्यै काल् सम्म प्रचण्ड ग्रीष्म ऋृतुको गर्मी सह्यो अङ्गले
मन् आजित् हुन गो र दुःखि म भएँ त्यै गर्मिका रङ्गले।

छारो उड्न गयो जसै दश दिशा साह्रै अँध्यारो भयो
एक्ली के गरूँ थर्र मन् हुन गयो गर्मी पनि गै गयो ॥

वर्षाका ऋतुमा बडा विरहमा एक्लै बसें झ्यालमा
बादलको दल आई घेरिन गयो आकाश ख्याल्-ख्यालमा ।

त्यै बेला बिजुली चमक्क चमकी वाहा पछि गर्जदा
मन धुक्-धुक् हुन गो यसोरी जब ता ती पापीले विर्सदा ॥

[तस्मिन्नद्रौ कतिचिदबलाविप्रयुक्तः स कामी
नीत्वा मासान् कनकवलयभ्रंशरिक्तप्रकोष्ठः ॥
आषाढस्य प्रथमदिवसे मेघमाश्लिष्टसानुं
वप्रक्रीडापरिणतगजप्रेक्षणीयं ददर्श । मे० १.२]

[तस्य स्थित्वा कथमपि पुरः कौतुकाधानहेतो-
रन्तर्वाष्पश्चिरमनुचरो राजराजस्य दध्यौ ।
मेघालोके भवति सुखिनोऽप्यन्यथावृत्ति चेतः
कण्ठाश्लेषप्रणयिनि जने किं पुनर्दूरतस्थे ॥ मे० १.३]

मोतिरामको पिकदूतमा प्रियाको प्रिय संग मिलन पनि देखाइएको छ । ऋतु वर्णनलाई प्राथमिकता दिइएको छ । वियोगमा तीव्रता छ । यस बाहेक कालिदासको मेघदूतमा यात्रा वर्णनलाई प्राथमिकता छ । मिलनको तिथि मितिको मात्र ठेगान लाग्छ । मिलनमा पाठक आश्वस्त हुन्छ । पिकदूतमा शार्दूल विक्रीडित छन्द छ, मेघदूतमा मन्दाक्रान्ता । त्यसैले मेघदूत लामो छ, लामिएको छ, ढीलो छ । पिकदूत सानो, छोटो र छरितो छ ।

नेपाली सन्देश काव्य पिकदूतमा आएको यस कालिदासीय प्रभावले आफ्ना अनुवर्ती कृतिहरूलाई नेमिवृत्ति बनाएको छ । फलस्वरूप पहलमानसिंह स्वाँर, चक्रपाणि चालिसे, लक्ष्मी प्रसाद देवकोटा, लेखनाथ पौड्याल, कोमलनाथ अधिकारी, डि० श्री प्रसाद उपाध्याय, गुण राज उपाध्याय, मा० तुलसी प्रसाद ढुङ्गाना, आचार्य शेषराज रेग्मी, माधव घिमिरे, भरतराज शर्मा 'मन्थलीय' तथा लाटो साथी आदि कविहरू समेत एउटै मूल प्रवाहमा मिसिएका छन्, डोऱ्याइएका छन् ।

उपर्युक्त नेपाली काव्यशिल्पीहरूले आ-आफ्नो लेखनीको छिनोले नगाधिराज हिमालयको पृष्ठभूमिमा कालिदासीय मेघदूतका नेपाली औतार कुदेंका छन्, नया व्यक्तित्व गढेका छन् । कि वा कलात्मक कलम-कुचीले कालिदासीय मेघदूतको दुरुस्त छाया चित्र उतारेका छन् । छाया चित्र, रंगीन छाया चित्र, नेपाली रंगीन छायां चित्र ?

प्रस्तुत छ, यस पंक्तिको लेखकलाई उपलब्ध मेघदूतका केहि नवावतारहरूको संक्षिप्त वृत्त-चित्र—

(२) पिकदूत : पहलमान सिंह स्वाँर

कालिदासीय मेघदूत कै बिम्बाधानमा पहलमान सिंह स्वारको पिकदूत लेखिएको छदैं छ । यस बाहेक स्वाँरले मेघदूत कै पनि स्वतन्त्र नेपाली रूपान्तरण गरेका छन् ।

वि० १९५३ सालमा पाल्पाको बरख पल्टन खान्गीमा रहेको बाँकेको जंगल फँडानीको ठेक्का वापत ५० हजार रुपियाँ तिर्न न सक्दा पहलमान सिंहको घर-परिवारको सरकारले बिल्लीबाठ्लाई दियो । यस प्रसंगमा मात्र रु० ११५० लिई पहलमान सिंहलाई मुग्लान पस्न/भाग्न बाध्य हुनु पर्‍यो । १० वर्ष सम्म प्रवासमा बिताएका कवि स्वाँरको स्थिति प्रवासी यक्षको जस्तो थिएन होला, न भन्न मिल्दैन । कुरा यहिं टुङ्गिदैन । १९७५ सालमा डोटीका ईश्वरीदत्त पन्तको चर्सा रकमको धन जमानी वस्तु पर्दा र निज पन्त ठेक्का चलाउन न सकी भागी दिंदा १९ हजार रुपिया को धन जमानी बापत इनले खोरमा थुनिनु पर्‍यो । सम्भवतः यी दुवै घटनाहरूले स्वारलाई आफूले अध्ययन गरेका कालिदासीय मेघदूतलाई नेपाली अवतार दिन बाध्य तुल्याए होलान् । कविको मेघदूत त यस पंक्तिका लेखकले पढ्न देख्न पाएको छैन । अतः पिकदूतका विषयमा मात्र भए पनि एक दुई कुरा लेख्नु उचित ठान्दछु—

कालिदासीय मेघदूतमा जस्तै पिकदूतमा पनि नायकले आफ्नी प्रियालाई सन्देश पठाउँछ । यस काव्यमा मेघदूतमा जस्तो ग्रीष्म र वर्षाको वर्णनले प्रमुखता न पाएर वसन्तले विशद् अभिव्यक्ति पाएको छ । काव्य सुखान्त छ । मेघदूतमा जस्तो वियोग तीव्रता यसमा उति देखिदैन ।

स्वाँरका यस पिकदूतकी नायिका पनि कालिदासकी जस्तै परम सुन्दरी छन् तर इनको वेशभूषा र आकृति एकदम नेपाली छ, ठिक्क यक्षिणीको नेपाली अवतार। जस्तै–

रेशम्को धोती रातो विच विच जरिले बेल बुट्टा गर्‍याको
मख्मलको चुस्त चोला कटि बिच पटुका सुन्-घजैले कस्याको ।
सानू छट्के पछ्यौरा यहि ऋतु रंगको ओढियाकी प्रियाले
देख्नू जान्नू ती मेरी सुख-दुख दुईकी साथि नानी तिमिले ।।

[तन्वी श्यामा शिखरिदशना पक्व-बिम्बाधरोष्ठी
मध्ये क्षामा चकितहरिणीप्रेक्षणा निम्ननाभिः ।
श्रोणीभारादलसगमना स्तोकनम्रा स्तनाभ्यां
सा यत्र स्यात् युवतिविषये सृष्टिराद्येव धातुः ।।
तां जानीथाः परिमितकथां जीवितं मे द्वितीयम्····]

मेघदूतच्छाया : चक्रपाणि चालिसे

चालीसे थर हो घरै छ बुझनू गाँउ कटौजे महाँ
मेरो नाम छ चक्रपाणि मत छू श्री कांतिपुरमा यहाँ ॥

यो कविले दिएको आफ्नू परिचय हो—

मे० क० वालकृष्ण संशेर जङ्ग बहादुर राणाका अध्यक्षतामा, हाकिम माष्टर खड्ग मान मल्लको प्रबन्धबाट जोरगणेश छापाखानामा मुद्रित भै नेपाली भाषा प्रकाशिनी समिति द्वारा प्रकाशित मेघदूतच्छायाका छायाकार पं० चक्रपाणि चालिसे हुन्। यसमा लेखकबाट कालिदासीय मेघदूतको गद्यमा रूपान्तर भएको छ।

पहिलो संस्करणमा एक हजार प्रति छापिएको ५८ पृष्ठका यस पुस्तकको मूल्य मात्र मो० रु०। १५ (पन्ध्र पैसा) छ। प्रस्तुत छ यसको एउटा नमूना—

चक्रपाणि चालिसेको रूपान्तर—

कि ता देवताको पूजा (म सित चाँडै भेट् होस् भन्ने अभिप्रायले गरिएको) मा अलमलिए की अथवा अन्दाजले थाहा पाइने र बिछोटले दुब्लाएको मेरो तसवीर लेखी रहेकी या मीठो बोल्ने र पिंजरामा रहेकी सारिका (मैना) लाई 'हे रसिली ! तिमी मेरो खसमलाई सम्झन्छयौ ! किन भने तिमी उहाँकी प्यारी थियौ। भनेर सोध्न लागेकी ती मेरी प्रियतमा तिम्रो नयनको सामने अगाडी पर्ने छन् अर्थात् यी कुनै एक अवस्थामा रहेकी उनलाई तीमी देख्ने छौ। २२

कालिदासीय मूल—

[आलोके ते निपतति पुरा सा बलिव्याकुला वा
मत्सादृश्यं विरहतनु वा भावगम्यं लिखन्ती।
पृच्छन्ती वा मधुरवचनां सारिकां पञ्जरस्थां
कश्चिद् भर्तुः स्मरसि रसिके ? त्वं हि तस्य प्रियेति ॥] उ०मे० २२

मेघदूतच्छायाको अनुवादको नमूना यस्तै हो। अनुवादमा रूपान्तरकारले टिप्पणीकार मल्लिनाथको व्याख्यालाई अगालेको कुरा-रूपान्तकारका प्रारम्भिक पंक्तिहरूबाटै थाहा हुन्छ जस्तै—

'आफूलाई तोकिएको चाकरीको काममा गलती गरेको हुनाले मालिक (कुबेर) बाट वर्ष दिन तक भोग गर्नु पर्ने स्त्री वियोगको खेपी न सक्नु सराप पर्न गएकोले बिलकुलै हुर्मत हराएको कोहि यक्ष (देवयोनि विशेष) सीताजीका स्नानले पवित्र जल भएका घना छायादार रूखहरूले गम्म भएका चित्रकूट पर्वतका आश्रमहरूमा वास गर्दथ्यो ॥ १ ॥

रामगिरि चित्रकूटमा हो भन्ने भ्रम मल्लिनाथलाई भएको बारे माथिका परिच्छेदहरूमा चर्चा गरिएकै छ ।

यस पुस्तकको एउटा महत्त्वपूर्ण अर्को विशेषता के छ भने यसका स्थल-स्थलमा आवश्यक टिप्पणीहरू दिइएका छन् । यसले गर्दा पाठकलाई विषय वस्तु अवगत गर्न निकै सजीलो भएको छ ।

चक्रपाणि चालिसको यस रूपान्तर कृतिमा केहि प्रक्षिप्त मानिएका पद्यहरूको पनि रूपान्तर गरिएको छ, जसका पाद टिप्पणीमा यसको उल्लेख पनि भएको छ । जस्तै पूर्व मेघको २१ औं पद्य पछि गरिएको प्रक्षिप्त पद्यको रूपान्तरमा उल्लिखित संकेत २ को पाद टिप्पणी—

२ यो प्रच्चिप्त (पछि कसैले थपिदिएको) श्लोक हो ।

एक ठाउँ भने मुद्राराक्षसको प्रभावले गर्दा प्रक्षिप्तका ठाउँमा संक्षिप्त पनि छापिन पुगेको छ । जस्तै पुस्तकको सत्रऔं पेजको अनुवादको पुष्पिकाङ्कित टिप्पणी—

❀ यो समेत तलका दुई श्लोक संच्चिप्त हुन् ।

चक्रपाणि चालिसेलाई २००३ सालमा पत्नी वियोग पर्‍यो । गायत्री देवीको स्वर्गवास हुँदा इनलाई ठूलो पीर पर्छ । कवि भन्छन्—

छाती पिट्‌दै रुदैं लाला टुहुरा साथमा लिई ।
क्रिया काज चलाएर वसें सिल्ली सरी भई ॥

सम्भवतः यसै पत्नी वियोगका ताता लप्का र तज्जनित अश्रुवर्षाका यामसा वियोगी कवि चालिसे भित्रको कालिदास मेघदूतच्छायाको रूपमा प्रतिबिम्बित भएको हो ।

(३) नेपाली मेघदूत : लक्ष्मी प्रसाद देवकोटा

नेपाली शाकुन्तल महाकाव्यमा लगाइएको नेपाली विशेषण "आइस ल्याण्डको सर्प" भन्ने कलङ्क मेट्‌न होला जस्तो लाग्दछ । मेघदूतमा नेपाली विशेषणको उद्‌देश्य के थियो स्पष्ट छैन । नेपाली विशेषण न दिए पनि देवकोटाले रचना गरेको मेघदूत काव्य नेपाली हुनुमा सन्देह थियो र ? यी प्रश्न हुन् । यसको समाधानमा यति भन्न सकिन्छ—कालिदासीय भावानुहरण मात्र गरेर नेपाली गाउँ ठाउँ र पात्रको आधार लिई रचना गरेको खण्डकाव्य हो यो, कालिदासीय मेघदूतको नेपाली पूर्णावतार ? त्यसैले नेपाली मेघदूत

भानुभक्तीय "अलकापुरि कान्तिपुरी नगरी" बाट देश निकाला भएको निर्वासित काव्य नायक (येषां क्वाऽपि गतिर्नास्ति तेषां वाराणसी गतिः को सिद्धान्त अनुसार

बनारसको शरण लिन पुग्दछ । वर्षायाममा भागीरथीमा उर्लेको बाढी र आकाश घपक्क ढाकेको बादल देख्दा यो प्रवासी आफ्नी प्रेयसी सम्झिन पुग्छ । कालिदासले नै प्रयोग गरेको मन्दाक्रान्ता छन्दबाट प्रारम्भ हुने प्रस्तुत सन्देश काव्यको प्रारम्भिक पद्य—

नेपाली क्वै विरह रहमा गाङ्ग उत्ताल ताल
हेर्थ्यो चौडा युगल सरिता स्नेहको अङ्कमाल ।
मेघाच्छन्ना प्रकृतिनभको स्राव मास प्रवाही
बर्-बर् बन्दा अलि अलि झरी दूर वाराणसी मा ॥

देवकोटाको नायक, मेघलाई तिनताक वाराणसीबाट नेपाल जाने मार्ग निर्देश गर्दछ । मेघ पनि नायकले देखाए-बताएको बाटो अनुसार बनारसबाट पटना-हाजीपुर-चम्पारन-सुगौली-रक्सोल-बीरगञ्ज-अमलेखगञ्ज-भीमफेदी-चीसापानीगढी-कुलेख नी-मार्खु-चित्लाङ् हुदै कान्तिपुर (अलका) पुग्दछ । कालिदासीय यक्षको झैं नेपाली मेघदूतका नायक यक्षको पनि इच्छा छ—मेघ बाटामा धेरै न अल्मलिई छिटै आफ्नो गन्तव्य स्थानमा पुगोस् । त्यसै हुनाले प्रवासी उसलाई पटना पुगे पछि त्यहा अल्मलिन न लागी आकाशचारी चीलले झैं यसो टाढैबाट नगर शोभा हेरेर मात्र अगाडी लाग्ने सल्लाह दिन्छ । यस प्रसंगमा काव्यको 'चीलको दृष्टि' साह्रै घत् लाग्दो भएको छ । कालिदासको मेघले जलपान र अधर पान मात्र गर्न पाएको छ तर देवकोटाका यस खण्डकाव्यको मेघले मीठो आँपको स्वल्पाहार पनि गर्छ ।

प्रवासी नेपालीकी नायिका काव्य अनुसार यस्ती छन्—

रम्भा राम्री स्वपनशिखरा उच्च आकाश ज्योति
ताजा जस्ती हरितवनकी नीरतामा सूदूर ।
लक्ष्मी लज्जा, स्मिति-छल-गति-स्वादु-सौन्दर्यचेता
फुल्थिन् हावा, जल छवि शशि आप्सरप्रान्तशोभा ॥

शास्त्रीय छन्दका १२७ पद्यमा लेखिएका यस काव्यमा मन्दाक्रान्ताको बाहुल्य छ भने स्रग्धरा, शार्दूलविक्रीडित जस्ता छन्दको पनि ठाउँ अनुसार उपयोग गरिएकोले यसमा पाठकले वेला वेला फेरी फेरी लय हाल्ने मौका पाएको हुन्छ । मेघलाई मार्ग निर्देशन दिने प्रसंगमा यक्षको वाणी स्रग्धरा छन्दमा यसरी मुखरित हुन्छ ।

(१) बाटो सन्देशवाही पख पख बुझ रे ! मार्ग नेपाल जाने
त्यो बाटो क्रौञ्च चल्छन् उरगसम गला सीमली धौतपक्ष ॥

(२) त्यो बाटो उत्तरी ल्यौ ध्रुव छ त्यस तिरै ध्रौवतारा समान
चम्केलिन् ती तुहिनतपमा प्रेमको आसमान ॥

देवकोटाका यक्षको बाटो तिनताक काठमाण्डौं जाने पैदल बाटो हो । राणा शासनको जग्जगीका बेला प्रवासीको अलका पुग्नु सजीलो कुरा छैन । त्यहा पुग्ने बेला (चीसापानी गढीमा) उसको सबै खानतलासी हुनेछ । यस बेला सन्देशवाहक मेघले साह्रै चनाखो हुनु पर्ने स्थिति छ। खान तलासी लिनेहरूले कतै देश निकाला गरिएका प्रवासीको कुनै प्रकारको संकेत वा त्यस संगको कुनै सम्बन्ध मात्र पनि थाहा पाए भने जाँचकीहरूले अभियुक्त ठानी झ्याल खान हालिदिन बेर लाउने छैनन्—

प्रवासको रापिलो घाम र खल्लो पानी खाएको देवकोटाको विरही नायक, मेघलाई भीम फेदीको नाके उकालो चढे पछि भञ्ज्याङमा भेटिने चीसापानीको मीठो पानी खाएर आँत रसाउने सल्लाहा दिन्छ । यसका साथै सन्देशवाहकको अधूवेस्रो पनले कतै त्यहाँका सिपाहीले उसको आङ् खोले र जाँच-बुझ गर्दा चीठी फेला पारे भने सबै प्रयासमा तुषारो पर्ने हो कि ? भन्ने तिर पनि प्रवासीले मेघलाई सतर्क पार्न खोजेको छ—

चीसा पानी अतिशय मिठो मेघ हो आँग खोल्दा
चीठी मेरो लुकाई जतन संग लगे लड्खडेली उकालो ॥

[खिन्नः खिन्नः शिखरिषु पदं न्यस्य गान्तासि यत्र
क्षीणः क्षीणः परिलघु पयः स्रोतसां चोपभुज्य ।] मे० १।१३

कालिदासीय मेघदूत (मूल) सम्पूर्ण पढ्न न पाएको उल्लेख महाकविले स्वयं गरेका छन् । मूल मेघदूत सम्पूर्ण न पढे पनि त्यसको मूलतत्त्व के हो भन्ने कुरा कविले छर्लङ्ग थाहा पाएकै थिए । यस काव्यले कालिदासीय मेघदूतलाई पग-पगमा पछ्याए जस्तो देखिन्छ तर यति भए पनि यसले आफ्नो स्वतन्त्र व्यक्तित्व राखेको कुरामा सन्देह गर्न मिल्दैन । फलतः राष्ट्रियताको भावनामा आकण्ठ अवगाहित छ लक्ष्मी प्रसादको मेघदूत, नेपाली पनमा निखरा उत्रेको छ लक्ष्मी प्रसादको मेघदूत ।

रक्सौल किनारको सुगौलीमा पुग्दा कवि प्राचीन सुगौली सन्धिको स्मरण गर्न पुग्छन् । उनी यस सन्धिलाई संझेर साह्रै दुःखित हुन्छन् मात्र होइन आँसू नै झाढ्छन् । कवि कै शब्दमा—

नेपाली आँसु झार्छन् अतिशय बढतीदार साम्राज स्वप्न
सन्धिद्वारा निरुद्ध प्रबलकर महाबीर जाति प्रसिद्ध ।

युगप्रवर्तक कवि देवकोटाको यो मेघदूत काव्य एकतन्त्रीय जहानियाँ राणाशासन र त्यसले गरे-दिएका रोमाञ्चकारी दमन र यातनाको पनि चित्रण गर्न पछि पर्दैन । जस्तै—

ताना शाही मृग र पशुको भूपको रागपाटे
स्वेच्छातन्त्री अपमसलको राम राज्यै छ ऐनी

देवकोटाले चितूलाङ् चुलीमा पुग्ने मेघलाई कालिदासले जस्तै गरी पानी वर्षाउने सलाह दिएका छन् । तुलनीय छ—

हेर्दै खेरी गर जलद हो ! मोतीको दिव्य वृष्टि ।

[तोयोत्सर्गद्रुततरगतिस्तत्परं वर्त्मतीर्णः ।]

कालिदास र देवकोटा उस्तै भएर पनि उस्तै छैनन् तर उस्तै न हुदा पनि उस्तै छन् । हुनु न हुनुका यी प्रसङ्ग मध्ये माथि हुनुको चित्रण गरियो । अब मेघदूतका यी दुवै औतारमा पाइने विभिन्नता बारे केहि उल्लेख हुनु अत्यावश्यक जस्तो लाग्दछ—

कालिदास	देवकोटा
(१) मेघ मौखिक सन्देश ओसार्छ । त्यसैले यो ध्वनिवाही छ ।	(१) मेघ चिठी आसार्छ । त्यसैले यो पत्र-वाहक छ ।
(२) एकसय पन्ध्र पद्य छन् ।	(२) एकसय सत्ताइस पद्य छन् ।
(३) केवल मन्दाक्रान्ता छन्द छ ।	(३) मन्दाक्रान्ता बाहेक अरू छन्दको पनि प्रयोग भएको छ ।
(४) गुप्त साम्राज्यको सीमान्त प्रदेश र समुद्रगुप्तको विजय यात्रा (दक्षिणी) अनुसार मेघको यात्रामार्ग वर्णित छ ।	(४) बनारसबाट पटना हुँदै त्यस वेलाको काठमाण्डु जाने पैदलबाटो वर्णित छ ।
(५) विश्वात्मकता छ ।	(५) नेपाली राष्ट्रियता छ ।
(६) नायकको प्रवास रामगिरी [रामदी] मा देखाइएको छ ।	(६) नायकको प्रवास स्थल वाराणसी हो ।
(७) मेघ रामदीबाट दक्षिण, पश्चिम, उत्तर हुँदै पूर्व लाग्दा अलका पुग्दछ ।	(७) मेघले पूर्व, पश्चिमोत्तर हुदै केह्रि पूर्व लाग्दा अलका भेट्छ ।
(८) वियोगमा वासना जुर्मुराएको छ ।	(८) वियोगमा क्रान्तिकारिता समेत कुर्लेको छ ।

यो प्रसङ्गलाई काव्यका अन्तिम दुइ पंक्ति उद्धृत गर्दै टुङ्ग्याउनु परेको छ—

सालै जू गीत गाई सलिल कण जिती स्वादुतामा विलासी ।
वैसे संगीतका जो जलद कुसुमका अङ्कवर्षी मिजासी ॥

देवकोटाको नेपाली मेघदूत बाहेक मुना मदन १९९२ मा पनि कालिदासीय मेघदूतको झ-झल्को यत्र तत्र पाइन्छ । दुवै प्रवासी यक्ष र प्रवासी मदन मध्ये यक्षले अज्ञात र अचेतन मेघको शरण पर्नु र मदनले आफ्नो सहयोगी च्याङ्वा (भोटे) को पाऊ पर्नु, प्रवासी मदनले मुना संझेर वियोगको तीव्रता अनुभव गर्नु र यक्षले पनि

कान्ता विरहको छट्पटिमा पिल्सिनु, ल्हासाको चिठी पर्खेकी मुना र प्रवासी यक्षको क्षेमकुशल सम्म थाहा न पाएर विह्वल यक्षिणीलाई एउटै आँखाले हेर्न सकिन्छ। आषाढस्य प्रथम दिवसेको रमाइलो र औत्सुक्योत्पादक वातावरणमा कालिदासीय गीतिकाव्य मेघदूतको मूल फुटे झै आषाढ पन्ध्रका प्रकृति रञ्जित एवं यौनसिक्त गीतका टुक्का मधुरलयमा गाएको सुन्ने देवकोटामा मुना/ मदनको मुहान फुट्छ। त्यस वेला हेय भनिने ग्राम्य गीत झ्याउरेलाई देवकोटाका शिल्पले नेपाली साहित्यको सगरमाथा टेकाएको छ भने प्रणय र विप्रलम्भ शृङ्गार जस्तो अश्लील र सभ्यजनले अलि चाख न मान्ने विषयलाइ पनि कालिदासीय शैली-शिल्पले उचालेर स्वर्ग छुने पारी दिएको छ। प्रिय विरहका अनवरत आँसूमा नुहाउने देवकोटाकी मुनामा आँसूको रहमा विरहको डुँगिया ख्याएर पारी पुग्न चाहने 'विरहमहतीमश्रुमिर्यापयन्ती' यक्षिणीको प्रतिबिम्ब परेको मान्दा के अप्ठ्यारै परि हाल्ला र ? अब यस तर्फ बढी न लहसिई प्रस्तुत प्रसंगको अर्को घपनी उघानु वेश होला :

(४) तरुण तपसी : लेखनाथ पौड्याल

शोक र सन्तापले सन्तप्त भएर पट्-पट् फुटेका धर्तीमा जब करुणाको अजस्र वर्षा हुन थाल्दछ, काव्यको मूल रसाउँछ। नेपाली कवि वाल्मीकि र इनका अनुवर्ती भवभूति यसका ज्वलन्त उदाहरण हुन्। साहित्यिक परिवेशमा भन्दा काव्यको अर्को नाउँ वियोग र कविको अर्को नाउँ वियोगी आज थेगै जस्तो भएको छ। वियोग काव्यको उत्कृष्ट उदाहरण कालिदासको मेघदूत हो र यसका नेपाली औतार मध्ये अन्यतम हो लेखनाथको तरुण तपसी २०१०।

१९४१ सालमा जन्मेका लेखनाथलाई आफ्नो बाईस वर्षको कलकलाउँदो उमेर मै कान्ता वियोगको दारूण वज्रपात खप्नु पर्दछ। हुन त वियोगको बाह्रौं ग्रीष्म बिताए पछि त्यसलाई विर्सने उद्देश्यले अर्को विवाह पनि गर्दछन् कवि। तथापि दिव्य बाह्र वर्ष सम्म खपेको पत्नी वियोग बीजरूपमा उनमा रहि रहन्छ। जवानीमा एक छिन् सह्य र विस्मृत भए पनि यस वियोगले उमेर ढल्दा झन् झन् उग्र रूप लिन्छ। वियोगिनी विलाप, कुञ्ज वर्तिनी विप्रलब्धाप्रति, (सूक्ति सिन्धुमा) जस्ता रचनामा फाट् फुट् देखा पर्ने कविको अभिव्यक्ति तरुण तपसी २०१० मा आउँदा कालिदासीय मेघदूतको भाव धारामा कविको उत्तराभिमुखी जीवनको प्रतीक भएर देखा पर्छ।

त्यसैले तरुण तपसी नेपाली साहित्यको अर्को मेघदूत हो, कालिदासीय सन्देश काव्यको नेपाली अवतार। आफूलाई म कालिदासबाट प्रभावित छु भन्ने अभिप्राय व्यक्त गर्ने लेखनाथ पौड्यालका यस कृतिलाई बालकृष्ण सम लगायत अन्य साहित्यकार एवं समीक्षकहरूले पनि नेपाली मेघदूत भनेका छन्।

रामगिर्याश्रमेषुको कालिदासीय यक्ष र तरुण तपसीका भुवन कुटियाको तपसीमा निकै साम्य छ । आलो कान्ताको विरह जसरी तरूण तपसीमा छ, उस्तै कालिदासीय मेघदूतमा । जसरी यक्षको वियोग तीव्रता बढने समय आषाढस्य प्रथम दिवसे हो, त्यसै गरी तरुणतपसीमा कान्ताविरहको सन्ताप पनि गर्मी ऋतु बिताए पछि वर्षा शुरू हुँदा बढ्दछ । मेघदूतको यक्ष आकाशमा वप्रक्रीडापरिणतगजप्रेक्षणीय मेघलाई देख्दछ भने लेखनाथको तपसीले त्यहाँ सक्कली गगन-गुरूलाई भेटाउँछ—

वहाँ पुग्ना साथै ढकमक भयो जीवन कलि
मुटुले भेट्टायो गगन-गुरुको रूप सकली ॥

मेघदूतको कान्ताविरह सामयिक वा एक वर्षावधिको हो भने तरूण तपसीको कान्ताविरह कालिकसीमातिक्रमी विरह हो । त्यसैले यक्षमा विषय सुखका लालसाको तीव्रता छ भने, तरूण तपसीमा वैराग्य सुख वा आध्यात्मिक जीवनको ।

तरूलाई मानवीकरण गर्ने लेखनाथका काव्य प्रतिभालाई कसैले मौलिक मान्दछन् भने कसैले यूरोपीय कविका प्रकृतिलाई मानवीयकरण (Personification) गर्ने प्रवृत्तिको अनुकरण । आजीवन संस्कृत वाङ्मयको अध्ययन अध्यापन गर्दै संस्कृत र नेपालीमा मात्र रचना गर्ने कविलाई यूरोपीय कवि र उनका काव्यहरूबाट प्रभावित मान्नु भन्दा कालिदासीय रघुवंश कै द्वितीय सर्गमा देवदारुको स्तनन्धयीकरण, सिंह र नन्दिनीको मानवीकरण; कुमारसम्भवमा हिमालयको मानवीकरण तथा विशेषतः अभिज्ञानशाकुन्तलमा पाइने वृक्ष र लताहरूका मानवीकरणले, प्रभावित मान्नु राम्रो हुनेछ ।

यति मात्र होइन, यस बाहेक मेघदूत काव्यमा गरिएको सन्देशवाही मेघको मानवीकरणले पनि लेखनाथको कवि-हृदयमा दोहोरो-तेहोरो प्रभाव पारेको थियो । यहि प्रभाव उनको तरूण तपसीमा पनि परेको मान्नु यस पंक्तिका लेखकले उचित ठानेको छ ।

कालिदासको मेघ विज्ञान हो, भौतिक विज्ञान । आजको मानिस जसरी भौतिक विज्ञानलाई सर्वस्व ठानेर त्यस कै भरमा हातगोडा छोडेर बाँचिको छ, अर्को अर्थमा सर्वात्मना परतन्त्र पारेको छ यसले आफूलाई । यसै गरी जडलाई नै चेतन सम्झेर त्यसकै भरमा छ, कालिदासीय यक्ष पनि । भौतिक विज्ञानका चमत्कारमा रम्ने कवि लेखनाथ पनि जडवादी प्रवृतिको बढ्दो स्थितिमा कालिदासीय यक्ष झैं आँसू खसालेर रून्छन्—

कठै ? यसले गर्दा कठिन जडवादीपन बढ्यो
कुना कानी दैवी गुण जति थियो त्यो सब उड्यो ।

घुम्यो मेरो माथा गम अगमतामा बदलियो
बग्यो आँसू आँखा किन किन बिझायो धमिलियनो ॥

प्रस्तुत छन् तरुण तपसीमा अवतरित कालिदासीय मेघदूतका केहि छवि—

थियो आलो कान्ताजनविरहको चोट मनमा
फिका ठान्थे सारा विषय तिनि घुम्थे विजनमा…।
वहन्थिन् सामुन्ने कलकल नदी पुण्यसलिला
अनेकौं देखिन्थे तट निकटमा सुन्दर शिला…॥

[कश्चित्कान्ताविरहगुरुणा स्वाधिकारात् प्रमत्तः
शापेनास्तङ्गमितमहिमा वर्षभोग्येण भर्तुः ।
यक्षश्चक्रे जनकतनयास्नानपुण्योदकेषु
स्निग्धच्छायातरुषु वसतिं रामगिर्याश्रमेषु ॥]

सही चर्को ज्वाला नियति गतिले बन्धन परी
रही त्यस्तो चाला सित अधमरा जीवन धरी ।
विताएँ त्यो गर्मी ऋतु सकल, वर्षा सुरु भयो
मलाई त्यो भाग्योदय विधि विधाता गुरु भयो ॥

बजाई चौतर्फी विजय नगरा त्यो घनन्नन
उठी डाडैं गर्जी भुवन भर घुम्दै फनन्नन ।
खडा भो कृष्णात्मा जलद जब तेही वखतमा
चढ्यो मेरो शोकाकुल मन खुशीको तखतमा ॥

उज्यालो आशाको चहक चुहुदो चारु बिजुली
जति गर्थ्यो कालो घन पटल माथी झिलिमिली ।
उती हुन्थ्यो मेरो हृदय सहसा सर्र सरस
थियो मानूँ प्राणै उस घन घटाको परवश ॥

[…आषाढस्य प्रथम दिवसे मेघमाश्लिष्टसानुं
वप्रक्रीडापरिणतगजप्रेक्षणीयं ददर्श ।
प्रत्यासन्ने नभसि दयिता जीविता लम्बनार्थी
जीमूतेन स्वकुशलमयीं हारयिष्यन् प्रवृत्तिम् ॥…]

न थामिन्छन् आँसू न त छ अरु क्यै जीवन गति ।
कठै ! कस्तो पापी कति कुपित यो क्रूर नियति ॥

[अस्रैस्तावन्मुहुरुपचितैर्दृष्टिरालुप्यते मे
क्रूरस्तस्मिन्नपि न सहते सङ्गमं नौ कृतान्तः ।]

अवस्था यो मेरो सहन अथवा खप्न न सकी
न जाने त्यो ऐले वर पर कतै मूर्छित छ कि ?
मरी पो हाली वा प्रिय विरहले मार्ग विचमा…

[आधिक्षामां विरहशयने सन्निषण्णैकपार्श्वां
प्राचीमूले तनुमिव कलामात्रशेषां हिमांशोः…
…चक्षुः खेदात् सलिलगुरुभिः पक्ष्मभिश्छादयन्ती
साभ्रेऽह्नीव स्थलकमलिनीं न प्रबुद्धां न सुप्ताम् ॥]

(५) छाया मेघदूत : डी० श्रीप्रसाद उपाध्याय

त्रिशंकु लाम् जुङ (नेपाल) बस्ने डी० श्री प्रसाद उपाध्यायको प्रतिभा विविध विषयक देखिन्छ । छाया मेघदूत २०२२ बाहेक कविका अन्य पाँच कृतिहरू पनि प्रकाशित छन् । ती हुन्-एन्द्रीय चाँदनी (भाषा व्याकरण) वैराग्य कल्पतरु, मुहूर्त कल्पतरु, सुदामा नाटक र विषय वासना नाटक ।

२०२२ सालको हरिशयनीको पर्व दिवस पारी प्रकाशित यस काव्यमा कविले मन्दाक्रान्ता छन्द मैं मेघदूतको समानान्तर रूपान्तर गरेको देखिन्छ । पूर्व दूत र उत्तर दूत गरी यसमा मूल मेघदूतमा जस्तै ११५ पद्य छन्। प्रत्येक पद्यका अन्त्यमा एक देखि सात सम्मको शब्दार्थ टिप्पणीमा उल्लेख भएको यस काव्यलाई समच्छान्दस वा समश्लोकी पारेर प्रतिबिम्ब उतार्न कविलाई कति साह्रो साधना गर्नु परेको होला, सहजै अनुमेय छ । उदाहरणार्थ हरिबोधिनी एकादशी = श्री स्वभू-बोधिनी, सृष्टिराद्येव धातुः = लम्बरी सृष्टि-जस्ती, ज्योतिर्लेखावलयि = बालोवाला भ-गण द्युतिको जस्ता प्रयोगहरू द्रष्टव्य छन् ।

उपर्युक्त प्रयोगहरू देख्दा आफ्ना पूर्ववर्तीहरूले धेरै पल्ट गरिसकेको अनुवादका लागि कवि उपाध्यायको यस मरि मेद्नुले नेपाली साहित्यमा उस्तो महत्त्वपूर्ण उपलब्धि दिन सक्ने यो काव्य न ठानिएला यो कुरा अर्कै हो तर साचै भन्दा नेपाली साहित्यमा योगदान गरेको देखाएर पुरस्कार हत्याउने उद्देश्य मात्र राखेर श्रीप्रसाद उपाध्याय जस्ता कविले तिनताक रचना गर्दैन थे । इनीहरूका रचनाको उद्देश्य स्वान्तः सुख हुन्थ्यो, मात्र स्वान्त सुख । साथै तिरस्कार र पुरस्कारका ऐहलौकिक वितृष्णाको संसारदेखि पर विश्व वन्द्य कवि कालिदासका जगद्वन्द्य कृतिहरूको अगाध सरोवरमा आकण्ठ रमाउने र आफूलाई उसको समानान्तर रूपमा दाज्ने-दजाउने कि वा प्रतिबिम्बित हुने नितरां वैयक्तिक अभिलाषा ।

कृष्णका आत्माराम भक्त भक्तिनीहरू यदा कदा स्वयं आफूलाई नै राधाकृष्णवत् ठानेर लीला गर्दै रमाए झैं यी आत्माराम कविहरू पनि आफ्ना हिमवद्देशका विश्व

समाराधित महाकवि कालिदासका कृतिहरूमा स्वयं कालिदास जस्तै भएर रमाउँथे काव्य साधना गर्दथे—देवो भूत्वा देवं यजेत् । त्यसै कारण कतिपय नेपाली साहित्यका कालिदासीय औतारहरूलाई कविहरूले आफ्नो पूर्ण वा आंशिक मौलिकतालाई पनि विनम्रता तथा सहृदयतावश प्रकट हुन न दिएर अनुवाद कै रूपमा प्रस्तुत गरेका छन् । यस कुरालाई आज सम्मका साहित्यक इतिहासकारहरूले गहिरो संग न नियाली दिंदा इनका प्रयासले उचित सम्मान पाउन न सकेको कुरा आक्षेप युक्त भै लागे पनि न भनी भएको छैन ।

साच्चै भनौ भने आफूलाई धितमर्ने र अर्काका अगाडी धक् फुकाएर प्रस्तुत गर्न सकिने नेपाली भाषा र साहित्यको इतिहासै पो अहिले सम्म कहां लेखिएको छ र ? अब धेरै विषयान्तर तिर न जाऔं ।

श्री प्रसाद उपाध्यायको काव्यश्रीको शोभा पनि न हेरी भएको छैन—

जाँदा जाँदै पनि हतपते हातले टप्प पारी
तानी रागी पुरुषहरूले फुस्कँदा फ्वास्स सारी ।
हुन्छन् जस्मा विफल माणिका ती न बुक्तेर बत्ती
ती लज्जाले मृत युवतिका चूर्णले पूर्ण मुष्टि ॥५॥

मृत = नत (न बुक्तेर = न निभेर)

[नीवीबन्धोच्छ्वसितशिथिलं यत्र विम्बाधाराणां
क्षौमं रागादनिभृतकरेष्वाक्षिपत्सु प्रियेषु ।
अर्चिस्तुङ्गानभिमुखमपि प्राप्य रत्नप्रदीपान्
ह्रीमूढानां भवति विफलप्रेरणा चूर्णमुष्टिः । मेंग० उ०मे० ५ ॥]

राखी वीणा मलिन कपडा माथि वा काख माथि
मेरो पुस्तावलि सहितको संझदैमा प्रभाती
सार्दी वीणा पर तिर यसै आंसुले छ्याल-व्याल
कैयौं बाजी दलित पनि त्यो विर्सदीं राग ताल ॥२३॥ उत्तरदूत

उत्सङ्गे वा मलिनवसने सौम्य ! निक्षिप्य वीणां
मद्गोत्राङ्कं विरचितपदं गेयमुद्गातुकामा ।
तन्त्रीमार्द्रां नयनसलिलैः सारयित्वा कथञ्चित्
भूयो भूयः स्वयमपि कृतां मूर्च्छनां विस्मरन्ती ॥ २३ । उ० मे०]

(६) मेघदूत : मा० तुलसी प्रसाद ढुङ्गाना बी० ए०

मास्टर तुलसीदास ढुङ्गानाको मेघदूत (अनुवाद) सम्पादक सूर्यमानको प्रबन्ध बाट वि० सं० २००५ सालमा उद्योग कार्यालय ठहिटी, नेपाल द्वारा प्रकाशित भएको

छ। क्राउन आकारको ६१ पृष्ठमा छापिएका यस पुस्तकको मूल्य पचास पैसा छ। यसको भूमिका पण्डित हरिनाथ उपाध्याय ढुंगेल (पाटन हाई स्कूल) ले लेखी दिनु भएको छ। पं० ढुंगेलको सम्मतिमा अनुवादक उहाँको काका भएको कुरा उल्लेख छ। प्रस्तुत सम्मतिका प्रारम्भिक पंक्ति––

"श्रीयुत् पूज्य काकाजी तुलसी प्रसाद उपाध्याय ढुंगेलले लेख्नु भएको मेघदूत नामक खण्डकाव्यको नेपाली भाषामा भावानुवाद आद्योपान्त हेरें। यो उनै संसार-प्रसिद्ध कवि-कुलाग्रगण्य महाकवि कालिदासको कृति हो।"

पुस्तकको आवरण पृष्ठमा (बाहिरी भित्री दुवैं) अनुवादकको नाउँमा ढुङ्गाना छ। सम्मति लेखकले भने ढुंगेल लेख्नु भएको छ। यो मुद्राराक्षसको करामात हो कि ? हो भने यसले आफ्नो करामात आवरणमा देखायो कि, सम्मतिमा ? विवेच्य छ

यस खण्ड काव्यमा पूर्व र उत्तर भागमा गरी ६६+५४=१२० पद्य छन्। साधारणतः मेघदूतमा ११५ पद्यहरू पाइन्छन्। यसमा पाँच पद्य बढी छन्। अरू पुस्तकहरूमा यी पाँच पद्यहरूलाई क्षेपक भनिएको छ।

अनुवादक तुलसी प्रसादले यसलाई जस्ताको तस्तो छायानुवाद गरेर आफ्नो पाण्डित्य प्रदर्शन गर्नु भन्दा आफ्ना पाठकहरूले मूल पद्यको भाव सजीलो र स्पष्ट रूपमा बुझिने हुनु पर्ने तर्फ बढी चेष्टा राखें जस्तो पाइएको छ। त्यसैले कालिदासले मन्दाक्रान्ता छन्दमा रचना गरेको एउटा पद्यको तुलसी प्रसादले दु-दुई ओटा शार्दूल विक्रीडित छन्दमा अनुवाद गरेका छन्। यस मेघदूत अनुवादको यहि नै पहिलो मौलिकता हो। प्रस्तुत छ, काव्यको पहिलो पद्यको अनुवाद—

आफ्ना काम महा अलिक् चुकिदिँदा मालीक नाराज बनी
दीए श्राप त वर्ष दिन् तक रहेस् कान्तावियोगी भनी।
यस्तो दण्ड मिलेर रामगिरिका आश्रम विषे त्यो गई
बस्थ्यो यक्ष कुनै बडा विरहले निस्तेज बिल्कुल भई॥

आश्रम यो छ पवित्र रामगिरिको देख्दै मनोहर अति
छायाँ शीतल गर्न वृक्षहरूका पंक्ति त्यहाँ छन् कति।
स्नान् गर्दा वनवासका समयमा श्रीजानकीले जहाँ
साह्रै शुद्ध पवित्र स्वच्छ जल भो आश्रम भरिको यहाँ।

तुलसी कृति प्रसादज्यूको अनुवाद मात्र पनि होईन, भाव विस्तार मात्रै पनि होइन। कहिं कहिं त्यहाँ मौलिकता कै मूल रसाएको छ। नूतन निर्माण कै नया लहर उर्लेको छ। जस्तै—

तुलसी प्रसादको यो अनुवाद—

प्यारी साथ वियोगिदाँ विरहले हड्डी भएको छदो
हातको नाडि सुवर्ण कंकरण झरी रित्तो लिएको छँ दो।
त्यो कामार्त विलासी यक्ष विचरो तेही पहाड्मा अरे
वस्थ्यो मास विताई कैयन तहीं कस्तो अभागी हरे।

कालिदासको यो पद्यांश—

[तस्मिन्नद्रौ कतिचिदबलाविप्रयुक्तः स कामी
नीत्वा मासान् कनकवलयभ्रंशरिक्तप्रकोष्ठः ।]

कविको यस काव्यमा नेपालीपन निक्कै छ। मेघ जता जाओस्, जहाँ पुगोस्, त्यो यतै कतै नेपाल भित्रै छ, नेपाल कै पाखा पखेरी हुँदो घुम्दै छ, यहिं उकाली ओराली गर्दै छ जस्तो लाग्दछ। प्रस्तुत छ एउटा नमूना—

तुलसी प्रसाद—

याहाँ बाट चली विलम्ब न गरी सोझै सरासर बढे
थाक्यौ केहि गरी भने यदि तिमी पाहाड माथी अडे।
बाटो लामु हुँदा परिश्रम परी तिम्रो शरीरै खि (इ)ए
मिल्छन् पर्वतका अनेक छहरा पानी हलूका पिए।।

कालिदास—[खिन्नः खिन्नः शिखरिषु पदं न्यस्य गन्तासि यत्र
क्षीणः क्षीणः परिलघु पयः श्रोतसां चोपभुज्य ।। पू० १३]

कालिदासको मेघदूतमा छन्दोबद्धताले गर्दा हो अथवा किन हो कथानक, प्रवाहको आरोह अवरोह तथा यसले कता मोड लिदैं छ भन्ने कुराको अभिप्रायबोध सामान्य पाठकलाई पहिलो पल्टै हुन अप्ठ्यारो हुन्छ। कवि तुलसीप्रसादले यस्ता असजीला स्थलमा पाठकलाई सजीलो पार्न आवश्यक स्थानमा अतिरिक्त पद्य पनि दिएका छन् जस्तै—

यहाँ सम्म उता लाने समाचार सबै भनी।
उताको ल्याउने बारे यक्ष भन्दछ यो पनी।।

[उत्तर मेघ ५१ श्लोक पछि]

ज्ञातव्य छ—माथि उल्लेख गरे जस्तै कालिदासका एउटा मन्दाक्रान्ता पद्यको शार्दूल विक्रीडित छन्दका दु-दुई पद्यको दरले अनुवाद गरिएको यस पुस्तकमा श्लोक संख्या राख्दा मूल अनुसार राखिएको छ। प्रत्येक दुई पद्यलाई एक पद्य मानेर नै संख्या पनि छापिएको छ।

(७) मेघदूत : प्रा० शेषराज रेग्मी

भारतीयजगत्‌मा समेत विशिष्ट विद्वान्‌का रूपमा परिचित तथा संस्कृतका विभिन्न पाठ्यपुस्तकहरूका व्याख्याकार अनवरत अध्ययनाऽध्यापननिरत आचार्य शेषराजरेग्मी-को महत्त्वपूर्ण पुस्तक हो, मेघदूतको चन्द्रकला संस्कृत हिन्दी व्याख्या। चौखम्भा विद्या भवनबाट सन् १९८१ वर्षमा यसको पाचौं संस्करण छापिएको छ। यसका लोकप्रियताको यहि नै उदाहरण हो। रेग्मीज्यूले यस मेघदूतमा अग्घोर परिश्रम गरेका छन्। कालिदास र अश्वघोष मध्ये अश्वघोषलाई पश्चाद्‌वर्ती मान्ने तथा बुद्ध संग कालिदासको सन्दर्भलाई शत प्रतिशत अस्वीकार गर्नुका साथै चीनांशुक जस्तो कालि-दासको उक्तिमा परेको चीन शब्दलाई मात्र वसनार्थक मान्ने विषयमा आचार्य रेग्मीको मत संग यस पंक्तिका लेखकको वैमत्य भए पनि (एउटाको मत अर्को संग सर्वांशमा मिल्नै पर्छ भन्ने केहि छैन) मेघदूतको यो संस्कृत व्याख्या नेपाली ज्ञान-जगतमा पछि सम्मलाई एउटा महत्त्वपूर्ण योगदान हुने कुरा निर्विवाद छ। कालिदासीय साहित्यको टिप्पणी र व्याख्यालेखनमा मात्र होइन, अध्यापन कार्यमा पनि आचार्य शेषराज रेग्मीको यशोगान न केवल सम्पूर्ण नेपालमा, भारतमा पनि छ। बनारसका नेपाली-हरूमा कुलचन्द्र गौतम जस्ता विद्वान्‌ले धानीआएको संस्कृत वैदुष्यको परम्परा सर्वतो भावेन थाम्ने प्रयास गर्ने आचार्य शेषराज रेग्मीको अग्रिम कृति कादम्बरीको व्याख्या पढ्न संस्कृत जगत् लालायित छ।

(८) मेघदूत : माधव घिमिरे

देवकोटा र लेखनाथ युगको सिङ्गै प्रतिनिधित्व गर्ने हिमवद्‌देश नेपालका सग्ला सुकिला कवि माधव घिमिरेलाई कालिदासलाई झैं आफ्ना पिता गौरीशङ्करको आशी-र्वाद प्राप्त छ। कालिदासले सम्पन्न ससुरालीमा आएर अध्ययन प्रेरणा प्राप्त गरेको कि वदन्ती जस्तै धनी घरमा विहा भएका माधव घिमिरेको पनि आफ्नै ससुरालीमा आए पछि अध्ययनको भोक बढी जागेको जस्तो लाग्दछ। अनि त इनी रघुवंशको रसीलो गोरस संगै पाणिनि-सूत्रका उज्याला मकैका फुला चबाउन पल्किन्छन्। कहिं बिना सितनको मकैका ठेला चपाउन परेका भए अथवा त्यै पनि न पाएका भए नैन सुतको कविवरे फेटा बाँधी पाउने इनको धोको त्यत्तिकै रहने मात्रै होइन, आफू पनि पूरा कवि हुन न सक्ता आधी कवि कै लाममा आजन्म टङ्चिएको टङ्चियै रहनु पर्ने थियो होला।

सुट्टुक्क तीन रुपिया पचास पैसामा हात लम्काएर १९९३ सालको जेठ महीनाको थाप्लो सेक्ने घाममा कालिदासीय सोमत सिक्न काठमाडौं आएका माधव घिमिरेलाई तीनधारा संस्कृत छात्रावासले शरण दिन्छ। त्यहि रानी पोखरी संस्कृत पाठशालामा इनले साहित्य पढाउन खप्पीस कालिदास पराजुलीको टुप्लुक्क दर्शन पाउंछन्।

यसरी पशुपतिको नगरीमा मध्य कौमुदी र कालिदासीय साहित्यको अध्ययन गरेका कवि घिमिरे यसको पाठ बुझाउन विश्वनाथको नगरी काशी जान्छन् । भानुभक्त पोखरेल अनुसार बिरामी र बेखर्ची हुँदा बाबू माधव प्रसाद शर्मालाई आफ्नो 'उषा चरित्र' बेचेर त्यसैबाट पाएका दुई-चार पैसाले पेटको भोक र तनको रोग निको पारी तंग्रिनु परेका कवि घिमिरेलाई शास्त्रीमा केहि वर्ष एउटै खुट्टाले दहरिनु परे पनि परीक्षामा भने इनी लगातार फास्ट छन्, पहिला पास । ज्ञातव्य छ—सन् १९४१ मा बाबू माधव प्रसाद शर्मा द्वारा प्रकाशित चार आना मूल्य भएको 'उषा चरित्र' मा लेखकको नाउँ माधव प्रसाद शर्मा नैयायिक छापिएको छ । यसबाट दर्शनमा शास्त्री अध्ययन गर्ने घिमिरेको उहिले नैयायिक बन्ने इच्छा रहेछ भन्ने बुझिन्छ ।

सानै देखि कालिदास कै रटना, जपना र सपना गर्ने-देख्ने कविवर घिमिरेका धुक्धुकिमा पनि कालिदास छ । त्यसैले इनले लय हालेर कविता कुर्लदा पनि इनी भित्रको कालिदास कुर्लेको हुन्छ, यसमा सन्देह छैन । कालिदासीय भाव र लयका रियाज गर्ने सानै देखि वानी बसेका घिमिरेले कालिदासीय संस्कार मैं आफूलाई रँगाउने प्रयास गरेको देखिन्छ ।

जहाँ सम्म मेघदूत रचनाको प्रश्न छ, घिमिरेलाई पनि कालिदासीय यक्षलाई जस्तै कान्ता विरहको दारुण दु:ख खप्नु पर्दछ । इन्दुमतीको वियोगमा रुने रघुवंशका अज जस्तै इनले पनि गौरीको वियोग विलाप अलाप्नु पर्दछ । कुमारसम्भवकी पार्वतीको ''न ययौ न तस्थौंको स्थिति घिमिरेलाई त्यसवेला आई पर्दछ, जब इनो स्वयं रूनु न हास्नुको दोधारे स्थितिमा पर्दछन् र इनलाई त्यस बेला फाटी मर्नु हुन्छ । प्रस्तुत छ, गौरी खण्डकाव्यको यो पद्य—

यी रोए पनि दु:ख लाग्छ इनले सम्झे कि ? आमा भनी
यो हासे पनि सुक्ख छैन इनले बिर्से कि ? आमा भनी ।
को हेर्ला ? अब हर्ष साथ इनले हुर्केर खेले पनि
फाटी मर्नु छ पीर लाग्छ इनले फुर्की न खेले पनि ।।

सम्भवत: यस्तै पर्यावरणमा माधव घिमिरेको लेखनीबाट कालिदासीय मेघदूतले अर्को नेपाली अवतार लिन्छ ।

संयोग हो, इनको शकुन्तला प्रकाशित भै सक्ता सम्म पनि यो मेघदूत अप्रकाशित छ, कि वा अझै यसले झन-झन् परिष्कार पाँउदै छ । अप्रकाशित मेघदूतका सम्बन्धमा यहाँ केहि लेख्ने अवसर न मिले पनि गौरी काव्यमा लुकामारी खेल्ने कालिदासीय मेघदूतलाई भने यत्र तत्र देख्न पाइन्छ नै । प्रस्तुत छ, आषाढस्य प्रथमदिवसेको धितमार्ने उदाहरण गौरीबाट—

रुन्छिन् भ्याउँकिरी रुलाई वनमा आषाढका यी दिन
छाया आज दुर्गुछ यो कुन दिशा ओसारि मेरै मन ।
काला वादल भोलिएर गिरिमा वर्सी रहेछन् यहाँ
रोई-रोई बगाई गाजल उनी होलिन् वसेकी कहाँ ।

तानासर्मा गौरीलाई उछिन्ने कृति विश्व साहित्यमा कमै छन्, भन्दछन् । उनको यस उक्तिमा आफ्नो सहमतिको दर्शौली चाप्तै यहाँ के पनि गाँस्नु परेको छ भने गौरीले यस्तो उत्कृष्टता पाउनुमा एकमात्र कारण हो; यसले आफूलाई कालिदासीय नेमिवृत्तितालाई अँगाल्नु ।

समर्थ व्यक्तिले ढुङ्गो छोए पनि शालिग्राम हुन्छ, पित्तल लगाए पनि सुन हुन्छ । काव्यशिल्पी माधव घिमिरेको जुन सुकै रचनामा पनि कतै न कतै कालिदासले झुल्क्याए कै हुन्छ । कालिदासीय शिल्प शैलीका साधक तथा नेपाली ऋतुकोकिल लेखनाथका युगका सशक्त प्रतिनिधि कवि कविवर माधव घिमिरेका मेघदूतको प्रकाशन पर्खेका पाठकले उनको राजेश्वरी, गौरी र पाभिनी आमा जस्ता रचना पढेर त्यतिञ्जेल सम्म आफूलाई तिमाल्नु परेको कुरा यहाँ न लेखी वरै छैन ।

(६) अभिनवमेघदूतम् : रोहिणीवल्लभ शर्मा पोख्रेल

सगरमाथा अञ्चल अन्तर्गत पूर्व ३ न० ओखलढुङ्गाको चनौंटे गाँउमा पुर्ख्यौंली घर भएका कवि रोहिणीवल्लभ शर्मा पोखेलको वर्तमान निवास स्थल जनकपुर धाम हो । वि० सं० १९९५ साल भाद्र २८ गते जन्मेका कवि पोखेलको अध्ययन विहार संस्कृत समिति बाट साहित्याचार्य सम्मको छ । हाल त्रिभुवन विश्वविद्यालय संस्कृत अध्ययन संस्थान अन्तर्गत मटिहानी संस्कृत विद्यापीठ (याज्ञवल्क्य लक्ष्मी नारायण) मा साहित्य विषयको प्राध्यापन गर्ने पोखेलको यसै वर्ष एउटा संस्कृत कविता संग्रह विनति पुष्पाञ्जलिः (२०३९) प्रकाशित भएको छ । संस्कृत र नेपालीका अन्य लग-भग आधादर्जन बढी अप्रकाशित कृतिहरूका डालामा कविको प्रकासनोन्मुख एउटा "अभिनव मेघदूतम्" सन्देश काव्य पनि छ । कालिदासकृत मेघदूतको नेपाली प्रतिभा द्वारा संस्कृतमा लेखिएको यो नवावतार 'अभिनव मेघदूतम्' यस पंक्तिका लेखकको जानकारीमा यस किसिमको पहिलो संस्कृत सन्देश काव्य हुन पुग्ने जस्तो छ ।

'अभिनवमेघदूतमूले कालिदासीय मेघदूतमूको नेमिवृत्तिता कत्तिको अगालेको छ, भन्ने कुरा काव्यका शीर्षकले नै भन्दछ । शीर्षकस्थ दुई पदांश मध्ये पछिल्लो पदांश मेघदूतमूले यस काव्यमा कालिदासीय सन्देशकाव्यको समग्र प्रतिच्छाया परेको कुरा संकेत गर्दछ भने अघिल्लो पदांश 'अभिनवले यसमा नौलोपन कि वा मौलिक काव्य प्रतिभाको पनि झझल्को न दिई रहदैन ।

मेंघदूतमा जस्तै कार्यमा अनवधानताको फल स्वरूप यस काव्यको नायकले पत्नी वियोग खप्नु परेको छ। कालिदासीय सन्देश काव्यमा जस्तै यसमा पनि प्रवासमा रहने अवधि एक वर्ष छ। दुवै काव्यमा सन्देशवाही मेघ नै हो। कालिदासीय सन्देश काव्यमा जस्तै यसमा पनि वक्रः पन्थाःको आश्रय लिइको छ।

दुवै काव्यमा यक्षको गन्तव्य अलका हो र यो मानसरोवरको समीपमा पर्दछ। यो अभिनव मेघदूतमा परेको कालिदासीय मेघदूतको प्रतिबिम्ब हो।

कालिदासीय मेघदूतमा मन्दाक्रान्ता छन्द छ भने यसमा वसन्ततिलका। मेघ दूतम्को पद्य संख्या ११५ छ भने अभिनव मेघदूतम्ले आफ्नो शरीरलाई २०० भन्दा वढी पद्यहरूमा तन्काएको छ। पहिलो काव्यमा काव्यनायकको प्रवास स्थल रामगिरि छ भने यस काव्यमा काव्यनायकको प्रवास स्थल हो—वैद्यनाथ धाम (भारतको विहार राज्य)। यो नै काव्यको मौलिकता वा नवीनता हो, जसलाई कविले अभिनव पदले अभिव्यक्त गर्न खोजेको देखिन्छ।

प्रस्तुत छ, कालिदासीय मेघदूतकै समानान्तर भावाभिव्यक्त गर्ने पोखरेलका अभिनवमेघदूतम्को प्रारम्भिक पद्य—

कार्योद्यमेष्वनवधानतयात्मभर्तु-
राक्रोशनेन किल लुप्तमतिः स कोऽपि॥
···कामं वहन् निरवहन् क्वचिदाः? कृशाशः॥१॥

"निधा हराए गोर्खा जानू शास्त्र हराए काशी जानु" भन्ने पुरातन आभाणक अनुसार कवि पोखरेल वनारसको अविच्छिन्न शास्त्र परम्पराको संकेत यसरी दिन्छन्—

शास्त्रं कदाचिदितरत्र लयं किलेयात्
काश्यां नचैष दुरुदर्कमयः प्रसङ्गः॥

काव्यनायकको सन्देशवाही मेघ पोखरा पुग्दा त्यहाँ दिन भरि धान रोपेर राती घर फर्केका तरुनी-तन्नेरीका नाचगानको शब्द चित्र उतार्न कवि सफल देखिन्छन्—

धान्यावरोपणविधौ प्रयता वयस्काः
तौर्यत्रिकेण निशि तच्छ्रममानुदन्ति॥

काठमाडौंका स्वयम्भू मन्दिरको वर्णन प्रसंगमा प्रयुक्त—'तं च स्वयम्भुवमुदर्चिष-मत्रधिन्वन्' र मुक्तिनाथकी पातालगङ्गाको कान थाप्दा सुनिने ध्वनिलाई दिएको 'घरट्टघोषम्' शब्द निकै आकर्षक छ।

वैद्यनाथधामबाट प्रयाग हुँदै कपिलवस्तु, लुम्बिनी, नारायणघाट र त्यहाँ बाट जनकपुरधामको विहगावलोकन गर्दै त्रिभुवनराजपथमा पर्ने अग्लो पर्वतशिखर

दामनको बाटो काठमाडौं सम्म पुगी त्यहाँबाट फेरि आफूलाई पश्चिमाभिमुख पार्दै पोखरा, रीडी, मुक्तिनाथ र रारादह हुँदै मानसरोवर पुग्नु पर्ने मेघले कालिदासीय वक्रः पन्थाः लाई पनि उच्छिन्न पुगेको छ भन्न न मिल्ने केहि छैन। यस्तो द्रविड-प्राणायाम गर्नुं पर्दा कतै मेरो मेघले बाटो भुल्ने हो कि ? भन्ने पीर कवि पोखरेलको यक्षलाई पदे पदे पर्नु स्वाभाविक हो। त्यसैले कवि आफ्ना काव्यनायकलाई माध्यम बनाएर मेघलाई "बाटो न बिर्सिनु है ? भन्ने संकेत गर्दछन्--

यद् वाऽस्तु सौम्य ! मम भूमिमुपागतोऽसि
यावत् प्रियाऽऽदरणकृद्-विधिभिस्त्वमर्ह्यः।
किन्त्वस्मि दुर्गतकलस्तदपीह याचे
मा भूत् कदापि तव विस्मृत एष मार्गः॥

कवि पोखरेलले ग्रन्थान्ते च मङ्गलमाचरणीयम्को सिद्धान्त अनुसार 'शिवोऽस्तु पन्थाः' द्वारा काव्यको समाप्ति गरेका छन्।

एउटा विचार--अभिनव मेघदूतम्को यात्रा मार्गलाई कालिदासीय मार्ग अनुसार चित्रण न गरे पछि मेघलाई अयोध्याबाट सोझै अलका लाने जमर्को गरेका भए राम्रो हुने थियो कि ? अथवा काठमाडौं देखाउनै पर्ने उद्देश्य भए वरु मेघ वैद्यनाथ बाट सोझै उत्तर हानिएर पहिले काठमाण्डू पुगी त्यहाँबाट पश्चिम लागेको भए पनि राम्रो हुने थियो कि ? अतः काव्यको यात्रा मार्गमा कविले द्रविड-प्राणायाम गर्नुको स्पष्ट उद्देश्य परिलक्षित हुँदैन। आद्योपान्त काव्यको अध्ययन गर्दा कवि पोखरेलको अभिनव-मेघदूत प्रथमतः भारतभूमिलाई नै यात्रा मार्ग बनाएर टुङ्ग्याउने उद्देश्य भएको र पछि नेपाली भूमिको यात्रामार्ग यसमा गैंसुवा-थपुवा पर्न गएको जस्तो प्रतीति हुन्छ।

संस्कृत विश्ववाङ्मय हो। यसमा भने-लेखेका कुराहरूमा विश्वात्मकता हुन्छ, विश्वजनीनता हुन्छ। उदाहरणका लागि--अभिनव मेघदूतम् नाम सुन्दा साथ यसमा के कस्तो विषय होला भन्ने कुरा चार अरब जनसंख्यामा छरिएका संस्कृतज्ञहरूले मात्र होइन, पूर्वीय साहित्यमा लेशमात्र पनि चाखलिने असंस्कृतज्ञले पनि थाहा पाउँछ। अतः स्वभाषा वा मातृभाषामा लेख्नु कुनै कविको राष्ट्रसेवा हो भने संस्कृतमा लेख्नु उसको विश्वसेवा। अर्को अर्थमा यसले समस्त विश्वमा आफ्नो यशो वैभव फैलाउँछ हिमवद्देशका कालिदासले जस्तै।

त्यसैले संस्कृतका विद्वान् कविहरूले भाट साहित्य मात्र लेख्नु हुदैन, पिष्टपेषण क्रममा पुराना धार्मिक कथा उपकथाका अनुवाद गरे जस्तै गरी आफ्नो प्रतिभा र श्रमको दुरुपयोग गर्नु पनि हुदैन। विद्वत्ताको क्षेत्र शास्त्रीय हुनु पर्दछ तथा साहित्यको

क्षेत्र आफू र आफ्नो परिवेश वा समाज । यो कुरा कहिले पनि बिर्सिन न हुनै छ । यी तीन कुरालाई मन लिएर लेखिने संस्कृत काव्यले पाठक र प्रकाशक न पाएर थङ्‌चिनु-टङ्‌चिनु पर्दैन ।

जसरी साँचो प्रेम र प्रणयको कुनै स्थानविशेष, जातिविशेष, धर्म विशेष र भाषा-विशेष हुदैन । त्यो सजातीय र स्वदेशीय हुनुका साथै कहिं अन्तर्जातीय, अन्तर्भाषिक र अन्तर्धार्मिक हुन्छ । त्यसरी नै संस्कृतमा लेखिने सत्काव्यको पनि कुनै भाषाविशेष, धर्मविशेष, जातिविशेष, अथवा राष्ट्रविशेष हुँदैन । यस्तो काव्य अन्तर्राष्ट्रिय हुन्छ, यसमा विश्वात्मकता हुन्छ, यसले युग-बोध दिएको हुन्छ । अतः यो लोकप्रिय हुन्छ र यसैमा वस्तुतः कालिदासीय नेमिवृत्तिता दृष्टिगोचर हुन्छ भन्ने कुरा यहाँ न लेखी न हुने भएको छ ।

ज्ञातव्य छ, हालसम्म अप्रकाशित कवि पोखेलको 'अभिनवमेघदूमम्' त्रि० वि० संस्कृत अध्ययन संस्थान केन्द्रीय कार्यालयले प्रकाशित गर्दैछ । अस्तु

(१०) नया मेघदूत : लाटोसाथी

लाटोसाथीको नयामेघदूत खण्डकाव्य कालिदासीय मेघदूतको, यस पंक्तिका लेखकको जानकारी अनुसार सबै भन्दा कान्छो नेपाली अवतार हो । यसको गणना पनि कालिदासीय सन्देश काव्यका अप्रकाशित नेपाली नवावतारहरू मै हुनु पर्ने भएको देखिन्छ ।

काव्यमा रामागिरि भनेर कविले लुम्बिनी अन्चल नेपालको तमसा क्षेत्रलाई लिएको छ । यसमा वाल्मीकि आश्रम, रुरुक्षेत्र, रामदी, रिम्गा आदिलाई पनि कविले सिमल्ने प्रयास गरेको देखिन्छ । लाटोसाथीका नया मेघदूतको प्रवासी नायक मूलतः रामदीमा आफ्नो समय यापन गर्दछ । तर यदा कदा त्यो समीपवर्ती आश्रमहरूमा पनि जान्छ । पहिले रामगिरि----

वाल्मीकि ऋषि राम-नाम जपी तपस्या गर्दथे
यहिं नै वसी चौतारा माथि रामायण लेख्तथे
यहिं नै गाए कुश र लवले रामको कहानी
यो सारा क्षेत्र रामगिरि भयो त्यस कै निसानी ।

कालिदासीय "रामगिर्याश्रमेषु"को भाव विस्तार----

कहिले पुग्छु रेसुङ्गा-लेख कहिले भृगु-थुम्
कहिले पुग्छु नर्तनाचल, पर्णेना कहिले झन्
काट्‌तो छु कैद चारै र तिर खडा छन् दाह्ले-भीर
निसासिन्छ तन बतासिन्छ मन तमसा तीरै तीर ।

कालिदासको मेघदूत जस्तै यो काव्य दुई बिसौनीमा सकिन्छ । पहिलो विसौनीमा प्रवासी नायकको अवस्था र मेघलाई भाई रूपमा मानेर उसका हात गरिने सन्देश प्रेषण छ र यसमा मेघ मार्ग पनि वर्णित छ । दोस्रो विसौनीमा नायिकाको विरह चित्रण छ । काव्यको अन्त्यमा कविले आफ्नो अभिव्यक्ति, नाटकगत परिप्रेक्ष्यमा भए यसलाई भरत वाक्यम् भन्न सुहाउने थियो, यसरी गरेको छ----

नीरस-दुःख नियाल्दै हुन्छ सरस-सुखलाई
मर्दछ मान्छे जन्मेर फेरि तन्नेरी बन्नलाई
औंसीको रात पर्खेर बस्छ पूर्णेको जूनलाई
वियोग हुन्छ सबैको यहाँ संयोग हुनलाई ।

प्रवासी नायकले मेघलाई आफ्नो प्राचीन गौरवको परिचय दिलाउने उद्देश्यले पूर्वमा टिस्टा र पश्चिममा कागड़ा पुऱ्याउँछ । यस बीचमा गंगा-समुद्रसंगम, उज्जैन, पाणिनिको पुख्यौंली घर शलातुर (वर्तमान लाहौर) को यात्रा पनि मेघले गर्नु पर्दछ । प्रस्तुत छन्, यसका केहि टिपोटहरू---

मनुका वंशी आर्यका सन्तान हिमाली वीरले
पखाल्दा खाँडो सिम्रिके रातो विजय-रङ्गले
त्यो टिस्टा नदी नेपाली धाक देखेर जाउला
को रे छौं हामी ? के रे छौं हामो ? अनि थाहा पाउला ।

कवि आफ्नो देशलाई मुक्तिको क्षेत्र, ज्ञानको भण्डार, शिव र शान्तिको देश तथा महाप्रलयमा सृष्टिको बीज संरक्षण गर्ने ठाउँको रूपमा सम्झँदै नेपाली हुनु ठूलो पुण्यले पाइने कुरा व्यक्त गर्दछ----

विद्याको खानी हिमालीदेश धनको भण्डार
मुक्तिको थलो शिवको वास शान्तिको संसार
प्रलय हुँदा सृष्टिको बीज यहि नैं राखिन्छ
नेपाली हुन साह्रै नै ठूलो पुण्यले पाइन्छ ।

प्रवासी नायक तमसाको जल र केहि शालिग्रामको सौगात पत्नीलाई पठाउँछ । उसले उज्जैनको महाकाल मन्दिरमा पुगेर तमसा जलले नै रुद्री गर्ने र त्यहि शान्ति-जल अलका लगी आफ्नी प्रेयसीलाई अभिषेक दिने सल्लाहा दिन्छ---

उज्जयिनी शहर रमाइलो देखी त्यसैमा न भुल्नू
शान्तिको जल अभिषेक दिन झोलीभा राखनू
सखारै उठी बोकेर झिटी लाग्नु है अगाडी
फर्केर हेर्नु विदिशा, रेवा छोडिन्छन् पछाडी ।
[दृष्टे सूर्ये पुनरपि भवान् वाहयेदध्वशेषम् ।]

यस काव्यमा आफूलाई राम्रा लाग्ने अरु पनि केहि पद्यहरू टिप्-टाप् पारेर ओइऱ्याउने आफ्नो आह्रिसे बानीको संवरण यस पंक्तिको लेखकले गर्न सकेको छैन। अतः काव्यको पहिलो विसौनी बाट—

अगेनो भयो यो धर्ती सारा पखेरी ओधेन
आकाश भयो तातेको तावा पिल्सिने यो मन
दाहिने-बाँउ उँभै र ऊँधो जलनै जलन
यहाँ छ मेरो डढेको घाउ कहाँ छ मलम ?

वर्खा त आउँछ परदेशी भनी ती ढुक्कै भइहुन्
माईका थान धूप र धजो भक्कल गरीहुन्
आँसूको भेल उर्लिदै आयो डुँगिया हरायो
वारीका वारी पारीका पारी के बिजोक गरायो ?

कुसुमे हावा, छहरे पानी, हिमाली सुकिलो
स्वर्गको लिस्नु-यज्ञको धूआँ मिलेर भरिलो
के जानी सक्नु ? यो तिम्रा दिव्य देहको गरिमा
के बुझ्छ ? काग सुरिलो गाउने कोइलीको महिमा।

[धूमज्योतिः सलिलमरुतां सन्निपातः क्व मेघः ?]

झोलीमा राख तमसा जल शिरमा शालग्राम
न गर बेर लाग्नु छ बाटो डाडाँमा लागे घाम
जल-पर्साद दिनु मुखले भन्नु यो चिनु खसमको
न मान्नु पीर आउने छु म यो बोली कसमको।

अँजुली भरी मेघिलो जल कालीको उठाई
लगाउँदै शिर दिएर अर्घ्य गर्दछ विदाई
रामदीबाट दक्षिण लाग्यो त्यो कालो बादल
चौतर्फी दिशा सुनिन थाल्यो सगुने मादल।

[स प्रत्यग्रैः कुटजकुसुमैः कल्पितार्घाय तस्मै
प्रीतः प्रीतिप्रमुखवचनं स्वागतं व्याजहार।]

राता र सेता असारे फुल रिम्गाका लेखमा
दुई थुङ्गा टिपी चढाइदिनू पार्वती-शिवमा
सहस्रधारा अभिषेक दिनू वर्षदै घनघोर
ताण्डव-नृत्य देखाइदिनू गर्जिदै ठूलो सोर।

हरिया-बिउ फरिया-राता गहना लरक्क
गीतको रन्को रोपैंको चम्को देखिने सलंक्क
कृष्णाको घाट रामपुरे फाँट पारि श्रीनगर
तानसिने नानी जिस्किने बानी भुल्ने काम न गर ।

भेटौला केहि अगाडी पुग्दा बृहदारण्यक
धमिरे-भित्ता आकाश छुन भनेर उद्यत
अजङ्ग खडा सालका रूख लहरा नागवेली
पवित्र वन रमाउने मन एक झलक् जाऊ देखी ।

शोकले काली यमुना, गङ्गा पीरले फुस्री झन्
समुद्र भेटी काखमा लेटी नियास्रो मेट्दै छन्
पहरे छाती लहरे हात मार्दैछ अगाँलो
सम्झदा खेरी आँसूले मेरो पुरिन्छ भङ्दालो ।

कि देश घुम्नु ? कि विद्या पढनु ? र टाठो भइन्छ
संगत गर्नु बडाको अनि पो मान्छे भइन्छ ?
यो फेरो बाटो लगाई दिएँ एक पन्थ दुई काम
महाङ्काल दर्शन गर्नलाई अब उज्जैन तिर जाउँ ।

मन्दिर पुगी साँझको हेर्नु आरती-वन्दन
तमसा-जल अभिषेक दिनु नगाडे गर्जन
तीनै ताप हर्ने यो झोली भर्ने क्वै तिमी सिवाय
देख्तिन प्रभो ! शरण लेऊ 'ओं नमः शिवाय'

[कुर्वन् सन्ध्याबलिपटहतां शूलिनः श्लाघनीया–
मामन्द्राणां फलमविकलं लप्स्यसे गर्जितानाम् ।]

रमेका हुन्छन् ठिटा र ठिटी बार्दली अटाली
शहर घुम्नु रहर पुग्नु बचाई समाली
निस्कनू सोझै शलातुर गाउँ लाहुर आजको
देखेर जानू पुख्यौंली थलो पाणिनि मुनिको ।

[सौधोत्सङ्गप्रणयविमुखो मा स्म भूरुज्जयिन्याः]

आफूले बोल्ने बोलीको मूल खोज्नलाई भनेर
के, रे छ आर्य संस्कृति खास ? चिन्नलाई भनेर
ध्यानको भोक ज्ञानको तिर्खा मेट्नलाई यसैं ठाम
पच्छ्याउँदै आए हिमाली देश डुलेर दश गाउँ ।

प्राचीन आफ्नो, इतिहास माथि जो गुमान् गर्दैन
बैगुनी त्यै हो, त्यसबाट राष्ट्र उन्नत बन्दैन
अमर सिंङ् थापा संझदा खेरी यो मुटु उर्लिन्छ
नेपाली नाम सुनेरै मात्र दुश्मन थर्किन्छ।

देहरादून पारी त्यो नालापानी कलङ्गा दुर्गमा
फुकाई छाती डटेका वीर बलभद्र कुँवरमा
तर्पण दिनु तमसा जल अँजुली लिएर
मुक्तिका पदमा रमाओस् आत्मा त्यै जल पिएर।

एउटै भाषा एउटै राष्ट्र एउटै देश छ
एउटै सूर्य एउटै चन्द्र एउटै विश्व छ
गुमान गर्छ नेपाली-जाति गुमानी पन्तमा
'गोर्खाली राजा' गाउँदै हिड्ने ती राष्ट्र कविमा।

मानस पुगी उठाई शिर पूर्वमा हेरनु
विश्वको अग्लो सगरमाथा चिनेर ढोगनु
अलका पुरी देख्ने छौ तिमी त्यसैका काखमा
घर छ मेरो चिटिक्क सानु रमाइलो पाखामा।

सिम्रिक फुल्ने गुराँस फूल शङ्ख र कमल
सुकुन्दा, गाई, डाँफेको चित्र हेर्नलाई रहर
शिव र बुद्धको देश हो यो ? विस्तारै ओर्लिनु
तर्सेलिन् कहिं ती मेरी मायाँ हुदैन गर्जिनु।

त्यो शरीर आधा भएको होला शोकले तिखार्दा
पहेंली प्याउली रहेकी होलिन् पीरले निखार्दा
गहना भन्नु सौभाग्य सिंदुर सिउँधामा देखौला
आँसूका ढिक्का मोतीका माला भाउज्यू चिनौला।

[मुक्तास्थूलास्तरुकिसलयेष्वश्रुलेशा: पतन्ति]

गर्नु छ धेरै बाँच्नु छ अझै लामो छ जीवन
दुखमा आँखा चिम्लिनु पर्छ हुदैन रूदन
चारै र मैन्हा कसै र पनि यो कष्ट खप्टिनू
हे भाई मेघ ! उनलाई मेरो यो सम्चार भन्दिनू।

हरिबोधिनी कात्तिके पर्व राम्दीमा हुन्छ राम्
भक्तका भाग्य सङ्सङै जाग्छन् त्यसै दिन भगवान्

आउने छु मँ बीसासय वर्ष सौभाग्य लिएर
बसौंला अनि हजारौं जुनी यो दुःख बिर्सेर ।

[शापान्तो मे भुजगशयनादुत्त्थिते शार्ङ्गपाणौ]

तिमीलाई पनि मलाई जस्तै छट्-पटि हुदो हो
कहिले देखौं दुई आँखा भरी खट्-पटि हुँदो हो
पोलिन्छ जत्ति झोलिन्छ उत्ति त्यत्तिकै खारिन्छ
सूनको लाप्सो बन्नलाई मान्छे आगामा गालिन्छ ।

काव्यको दोस्रो बिसौनी बाट—

कठिंग्रे-मन सन्ताप परी जहिले पग्लिन्छ
विरह रह उम्लिन्छ, आँखा गाजले उर्लिन्छ
रसायो मूल असारे-फूल फक्रिन थालेछ
वर्ष दिन पुग्न चारै र मैह्ना लौ वर्खा लागेछ ।

यो लामो रात वितेको हुन्छ जाग्रत वसेर
लछप्पै भिज्छ सिरानी मेरो यो आँसू झरेर
सत्रासय फाँट फराक मेरो डसना भै दिन्छ
त्यसमै आफू 'कंठ्याग्री रन्छु चिसो मन कुलिन्छ ।

[तामुन्निद्रामवनिशयनाम्]

ताछेका आली, मलिलो माटो, ती गह्रा डब्-डबे
कलिला बीउ, कल्कले कुलो, त्यो हिलो दब्-दबे
कहिले रमला अँधेरी खोल्सी पाएर घमाइलो
रोपाका दिन आइदिए हुन्थ्यो परदेशी रमाइलो ।

मनले देख्छ उनको मुहार, आँखाले देख्दैन
सपनी बोल्छ चिम्लिदाँ आँखा, बिपनी बोल्दैन
नौरङ्ग आशा आँसूमा घुल्छ सुनकोशी बग्दछ
रूमाल थाप्छु उनको चित्र त्यसैमा खुल्दछ ।

[मत्सादृश्यं विरहतनु वा भावगम्यं लिखन्ती]

वीणामा मुटु रेटेर खोज्छु यो व्यथा गाउन
भक्काना छुट्छन् फुट्दैनन् वाक्य क्यै मेसै पाउन्न
न सहि सक्नु न कहि सक्नु यो पापी विरह
मन मै रह्यो नि कठै ? मेरा मनको रहर ।

[उत्सङ्गे वा मलिनवसने सौम्य निक्षिप्य वीणाम्]

पिँजरा भित्र पालेको मैना बोलीका सोखले
निन्याउरो भई बसेको हुन्छ उनैका सोकले
बन्धन खोलूँ उडी पो जाला आई के भन्ने हुन् ?
न खोलूँ, प्राण-पखेरू यसका त्यसै नै उड्ने छन् ।

[सारिकां पिञ्जरस्थाम्]

तीजका डाँडा ती रोटे पीङ रिङ्दछन् फनन्न
हाँस खेल ठट्टा जिस्किनु देख्दा यो मन रहन्न
मरूँ पो भनें अर्काको नासो कसरी ? मर्नु झन्
बाँचू पो भने, यी बाँच्ने आशा चुँडिदै जादैछन् ।

बीसासय आयु दशौंली ढोग जोर-केरा सगुन
दाहिने दुर्गा, अक्षता राता, जमरा सुवर्ण
वर र पर घरौंले माईती मामा र ससुरा
पर्वको राजा र माइलो चाड़ आइ पुग्यो दशरा ।

उडेरै गयो फूलको सुवास बसेन भवँरा
ठाउँ का ठावै सुर्ती झैं सुके सुनौला जमरा
हे दैव ? कस्तो मोहनी लाग्यो लाहुरे नशाले
दशैंलाई पनि टेकायो घुँडा विग्रेका दशाले ।

फूलवारी फुल्ने सयपत्री फुल लाइदिने क्वै छैन
त्यै फुल टिपी दिन गनी रन्छु आईदिने क्वै छैन
निभाल्न पुग्छु डोबाटो कुह्री रातो दिन् छिन् छिन
आँसूका घैंटा घप्लक्कै हुन्छन् क्यै पनि देख्तिन ।

[तां चावश्यं दिवसगणनातत्पराम्……]

जाँतामा पिस्नु फलेको गहूँ, चामल ढिकीमा
ठोकने बेल्नु चोकीमा, फीनी फल्याके पिर्कीमा
सात फेरे पत्री, गोल-घेरे दूना, तरकारी-अचार
असौज निख्यो कात्तिक उघ्यो लौ आयो तिहार ।

फर्सीका बिआ गराएकी छु दिन्नको दिन फोकेर
ओखरे घाँझी सगालेकी छु उनैलाई भनेर
जोगाएकी छु झालको काँक्रो चनौटे बारीमा
माल भोग केरा सुनौला कोशा हरियो घारीमा !

महमा सेल, खुदोमा अर्सा, अनर्सा चीनीमा
झिलिङ्गा, झर, पपरा, फीनी गनेर न सक्ना
नुन तेल मोली मटुली खाँद्ने कर्कली-अचार
आएनन् अझै ? के गर्नु दैव ? आई पुग्यो तिहार ।

एउटा भन्छ कठै र वरी के विजोक् भए छ ?
अर्कोले भन्छ ढीलो र चाडों आउनै पर्ने छ
तेस्राले भन्छ कर्मको लेखा न भोगी हुँदैन
ज्योतिषी हेर्छ चिह्ना र हात खोई दिन तोक्तैन ।

देउराली लाई धजो र धूप मालिकालाई दूध
नउ ग्रह दोष मेटियोस् भनी लगाएँ जाप खूप
नारानको कथा सुनौला उनी आए कै भोलिमा
अरुको भर न पाउदाँ मान्छे दैव कै भरमा ।

घ | "रघूणामन्वयं वक्ष्ये"

१ | महा काव्य

ऋतु संहार कालिदासको प्राथमिक काव्य हो । इनका कृति-सप्तक मध्येको शिशु-काव्य, ऋतुकाव्य । मेघदूत कविको सन्देश काव्य हो । यसमा यौवन छ, जीवनको सुन्दर तथा शृङ्गार पक्ष यौवन । यसमा छन्-यौवन जनित उद्वेग र प्रतिक्षण अननुभूत एवं नितान्त नवीन लाग्ने रमणीय आकांक्षा र इच्छाहरू—

क्षणे क्षणे यन्नवतामुपैति तदेव रूपं रमणीयतायाः ।

त्यसै हुनाले मेघदूतमा ऋतु संहारको जस्तो कालिदासीय शिशु-शिल्प देखिदैन । न त यसमा महाकाव्यगत समग्रता नै उपलब्धि हुन्छ । अतः यो खण्डकाव्य हो—'खण्ड काव्यं भवेत् काव्यस्यैकदेशानुसारि च ।

रघुवंश भने कालिदासको सर्वोत्कृष्ट काव्य हो, महाकाव्य । ऋतुसंहारमा प्रारम्भिक रूपका अंकुरित कविको यस काव्य प्रतिभाले मेघदूतका असह्य तपन, अजस्र वर्षा तथा संयोगको शारदिक आल्हादको अनुभव गर्दै यसमा आएर प्रौढता प्राप्त गरेको देखिन्छ, परिपक्वता आर्जन गरेको देखिन्छ । महान् वट वृक्षको रूप लिएको प्रतीति हुन्छ यसले । कविका पूर्व कालिक ऋतु, वियोग र सन्देश-शिल्पमा पूर्ण परिपाक भएको छ यस महाकाव्यमा । यी सबैको समग्रता र समन्विति छ यसमा । श्रुतिको स्मृतिहरूले अनुगमन गरे जस्तै अनुवर्ती काव्यहरूले पनि आफूमा समग्रता प्राप्त गर्न यस श्रव्य महाकाव्यको अनुगमन गरेका छन्—श्रुतेरिवार्थं स्मृतिरन्वगच्छत् ।

यी त भए काव्यका कुरा ।

ऋतु संहारका प्रारम्भिक कवि कालिदास, मेघदूत र कुमारसम्भव हुँदै रघुवंशमा आई पुग्दा न पुग्दै महाकवि कालिदास बन्न पुग्दछन् । किन भने कालिदासले यस रघु-वंश महाकाव्यमा आफ्ना अगणित काव्य-प्रतिभा र अपरिमित वैदुष्यको सफल प्रदर्शन गरेका छन् । यहा निर हठात् कवि रत्नाकारको हरविजय-महाकाव्यका यी पंक्तिको स्मरण हुन्छ—

अपि शिशुरकविः कविः प्रभावात् भवति कविश्च महाकविः क्रमेण ॥

पूर्वीय परम्परा अनुसार मोटा-मोटी रूपमा महाकाव्यको विभाजन गर्दा यसलाई उपजीवक र उपजीव्य गरी दुई विभागमा विभक्त गर्न सकिन्छ । यस अनुसार उप-जीवक कृतिहरूमा क्रमशः रामायण र महाभारत परिगणित हुन्छन् भने उपजीव्य कृतिहरूमा इनबाट प्रभावित अनुवर्ती महाकाव्यहरू ।

महाकाव्यको पाश्यात्य परम्परा अनुसार पनि यसका दुई मुख्य विभाग हुन्छन्-- (क) विकासशील महाकाव्य (Epic of growth) र (ख) दरबारी महाकाव्य (Epic of Court ।

महाकाव्यको पूर्वीय लक्षण अनुसार महाकवि कालिदासको रघुवंशमहाकाव्य उप-जीव्य महाकाव्य हो भने पाश्चात्य पंडितहरूले दिएका यसका परिभाषा अनुसार यो दरबारी महाकाव्य हो (Epic of Court) ।

हो, रामायण र महाभारत पछि यदि कुनै काव्य कृतिहरू उपजीवक काव्यका रूपमा परिगणित हुन सक्तछन् भने ती कालिदासीय कृति नै हुन सक्तछन् यो कुरा पनि यहाँ गाँस्नै परेको छ ।

कालिदासीय कृतिहरूले संस्कृत साहित्यमा देखाइ दिएको राजमार्गमा आफूलाई नेमिवृत्ति बनाएर हिंडाउने कवि र तिनका काब्य कृतिहरूको चर्चा गर्दा ऋतु विचार देखि थालिएको यो उपक्रम अहिले महाकाव्यको प्रसङ्गमा कुमारसम्भव र रघुवंशमा आई पुगेको छ, काव्य र खण्ड काव्यको लिस्नो उक्लेर महाकाव्यको भऱ्याङ् भेटेको छ, यसले ।

माथि उल्लेख गरिए जस्तै संस्कृत साहित्यमा मात्र होइन, विश्ववाङ्मय मैं पनि महाकाव्यको परंम्परा हिमवत् देश नेपाल कै महनीय विभूति आदि कवि वाल्मीकि र इनको आदि काव्य देखि नै मान्नु पर्ने टड्कारो हुन आउछ । २४००० पद्यमा समाप्य यस विशालकाय काव्यलाई आदि काव्यको संज्ञा नै सुहाउने र यसमैं रूढ पनि भैंसकेको हुनाले यसलाई पुन; महाकाव्यको संज्ञा दिंदा यसको आदि काव्यगत गौरव नै तिरो-हित हुन जाने स्थिति छ । किन भने वाल्मीकीय रामायणको ख्याति आदि काव्यको

रूप मैं विश्ववाङ्मयमा बहुचर्चित छ र यसैमा सम्पूर्ण नेपाली जातिले गौरवको अनुभव गर्दछ । आदि कवि वाल्मीकिबाट प्रारम्भ हुने महाकाव्यको यस युगानुयुगीन परम्परालाई जाम्ववर्ताजय तथा पाताल विजय जस्ता महाकाव्यका रचयिता, नेपाली भू-भागलाई नै आफ्नो कर्म क्षेत्र बनाउने महाकवि महर्षि पाणिनिले धानेका छन् भन्ने कुरा यहा कहिल्यै पनि बिर्सिन न हुने छ । यति मात्र होइन, नेपाली भू-भागबाटै विकसित महाकाव्य विधाको यस सुदीर्घ परम्परालाई अझ टक्-टकाउदो र अझ चह-चहाउदो पारे, हिमवत् देश कै विश्ववन्द्यकवि महाकवि कालिदासले ।

परवर्ती महाकाव्यहरूमा देखिने कालिदासीय प्रभावको चर्चा गर्दा इनका अनुवर्ती कवि महाकवि भट्टि र उनको महाकाव्य भट्टि काव्य/रावण वध (७०० ई०) को नाउँ पहिले लिनु पर्ने जस्तो देखिन्छ । ज्ञातव्य छ—महाकवि भट्टिका यस लोक विश्रुत कृतिले महाकाव्यत्वका दृष्टिले एर्कातर आफूलाई कालिदासको नेमिवृत्ति बनाए-को छ भने अर्कातिर यसमा पाइने व्याकरणगत वैशिष्ट्यका दृष्टिले हिमवद्देश नेपालका महान शब्द वैज्ञानिक महर्षि पाणिनिको ।

यसै गरी कालिदासको वैदर्भी शैली र उपमाअलङ्कारको नेमिवृत्तिता स्वीकार गर्ने ११ रौं शताब्दीका कवि पद्मगुप्त परिमल र उनको कृति नवसाहसाङ्कचरितलाई पनि यहाँ बिर्सिन न हुने छे । कालिदास कै गोरेटोमा आफूलाई डोयाएका कवि परि-मल गुप्तलाई कालिदासकै उपमा दिन खोज्छन् इनका प्रशंसकहरू—

प्रसाद-हृद्यालङ्कारैस्तेन मूर्तिरभूष्यत ।
अत्युज्ज्वलैः कवीन्द्रेण कालिदासेन वागिव ॥

कालिदासको नेमिवृत्तिता स्वीकार गर्ने संस्कृत साहित्यकी प्रसिद्ध कवयित्री विजयाङ्का, (६६० ई०) कसैले नामसाम्य हुन खोज्दा कवयित्री विज्जका (७५० ई०) पनि इनै हुन् भन्न खोज्छन्, इनको प्रसंसा गर्दै राजशेखरले यो पद्य भनेका छन्—

सरस्वतीव कर्णाटी विजयाङ्का जयत्यसौ
या वैदर्भगिरां वासः कालिदासादनन्तरम् ॥

यी त मात्र दिग्दर्शन हुन् । काव्य ख़ासगरी महाकाव्यको क्षेत्रमा नियन्ता महाकवि कालिदासका नेमिवृत्तिहरू यस बाहेक पनि कति छन् कति ? अग्निमित्रलाई नायक बनाउने, कुमारलाई जन्मदिने, मेघको रघु/लघुमालाकी उत्पादिका, भक्तवशंवदा महा-कालीलाई समेत आफ्नो अनुकूल बनाउने कालिदासलाई कालिदासीय कृतिहरू संगै श्लेष पारेर आफ्नो भावाभिव्यक्ति गर्ने आल्मोडा जिल्ला पटिया गाउँ वस्ने विश्वे-श्वरपाण्डेयका मन्दार मज्जन (वि०, १९९५ सं० पुस्तकप्रकाशनमण्डल काशी) बाट निम्न पद्य उद्धरणीय ठानेको छु । जस्तै—

नेत्रीकृताऽग्निमित्रा कुमारसूर्जनित-मेघ र/लघु माला
कवितामिषेण काली वशंगता कालिदासस्य ।

कालिदासीय महाकाव्यका विश्वव्यापी प्रभावको चर्चा गर्दा कम्बोडियाको भव वर्माको शिलालेखलाई उदाहरणको रूपमा लिन सकिन्छ । कालिदासीय महाकाव्य रघुवंशमा चतुर्थ सर्गका ४९ र ५४औं श्लोकहरूलाई तिनकै भावानुहरणमा आधारित उक्त कम्बोडियाली शिला लेखका दुइ पद्यहरू सगैं उद्धृत गर्नु उपयुक्त हुने देखिन्छ । पहिले भव वर्माको प्रशस्ति लेख—

शरत्कालाभियातस्य परानावृततेजसः ।
द्विषामसह्यो यस्यैव प्रतापो न रवेरपि ॥
यस्य सेनारजोधूतमुज्भितालङ्कृतिष्वपि ।
रिपुस्त्रीगण्डदेशेषु चूर्णभावमुपागतम् ॥

कालिदासीय पद्य—

[दिशि मन्दायते तेजो दक्षिणस्यां रवेरपि ।
तस्यामेव रघोः पाण्ड्याः प्रतापं न विषेहिरे ॥
भयोत्सृष्टविभूषाणां तेन केरल-योषिताम् ।
अलकेषु चमूरेणुश्चूर्णप्रतिनिधिः कृतः ॥]

अब आऔं हिमवद्देश तिर । यहाँका कविहरूमा पनि कालिदासीय महाकाव्यको प्रभाव प्रशस्त परेको छ । यस देशका संस्कृत कविहरूमा परेको कालिदासीय प्रभावको चर्चा गर्दा लिच्छविकालिक कविहरू र कविराजाहरूका हाल उपलब्ध प्रस्तर-अभिलेख हरूलाई नै पहिले उप्काउनु पर्ने देखिन्छ । यस कालका काव्यहरूमा कालिदासीय महाकाव्य कुमारसम्भवको झ-झल्को पाइन्छ । यस सम्बन्धमा प्रा० नयराज पन्तको, लिच्छविकालका काब्यहरूमा संस्कृत साहित्यका विशिष्ट काव्यहरूको तुलनात्मक अध्ययन गर्ने जमर्कोलाई यति खेर न सम्झि भएको छैन । यस बाहेक पनि अनुवर्ती लेखकहरूले यतातिर आफ्ना कलम उध्याए-तिखारेका प्रसंग एक-दुई ठाउ नेपाली पत्र-पत्रिकाहरूमा पनि देखा पर्छन् । यस संबन्धमा मधुपर्क, कविता विशेषाङ्क (२०३८) मा रामप्रसाद उपाध्यायको लेख पनि अनुल्लेख्य छैन । उपाध्यायले अनुपरम कविका कवितालाई कालिदासीय मेघदूत संग र कवि बुद्धकीर्तिका रचनालाई कुमारसम्भव महाकाब्य गत हिमवद्देशको वर्णन संग तुलना गर्न सकिने कुरा दोहोऱ्याएका छन् । अस्तु

नेपालका लिपि-शिल्पीहरूले लिपिबद्ध गरेका कालिदासीय महाकाव्यका प्रतिलिपि-हरू, त्यसै मध्ये पनि रघुवंश महाकाव्यका बढी प्रति कृतिहरू यहाँ शताब्दिऔं पुराना

सम्मका पनि यत्र तत्र पाइएका छन् । यसको चर्चा यथास्थान गरिएकै र गरिने पनि छ । यतिखेर नेपाली साहित्यमा कालिदासका नेमिवृत्ति-कविहरू र तिनले कुदें-कोरेका नेपाली नवावतारहरूतिर नै भ्यागुते-उफ्याई गर्नु परेको छ ।

(१) रघुवंश : पहलमानसिंह स्वाँर

कालिदासीय महाकाव्य रघुवंशले नेपाली साहित्यमा लिएका नवावतारको चर्चा गर्दा यसका पहिला शिल्पी अहिले सम्मको खोज-तलासीमा, कवि श्री पहलमान सिंह स्वाँर नै सम्भवतः फेला पर्दछन् । यस परम्परामा पहलान सिंह स्वाँरका कालिदासीय रघुवंशको पद्यानुवाद अपूर्ण नै भए पनि यसको महत्त्वपूर्ण स्थान भएको कुरालाई नकार्न मिल्दैन ।

संस्कृतलाई बाहुने भाषा भन्ने र संस्कृतविद्यालाई कर्मकाण्ड सम्ममा मात्र सीमित ठान्नेहरूको संख्या हामीहरूमा आज भोली निकै बढे जस्तो लाग्दछ । यसलाई हाम्रो ज्ञान वा अज्ञानको प्रतीक ठान्नु कि वा यस्तो प्रवृत्तिलाई विकासात्मक/विनाशात्मक जसो भन्नु उचित होला ? यस कुरालाई यहाँ न बढाऊँ । तर यहाँ यति भन्ने परेको छ—

संस्कृतलाई बाहुने भाषा तथा कर्मकाण्डमा मात्र सीमित भाषा फलाक्ने हामीहरू जस्ताका लागि पहलमानसिंह स्वाँरका रघुवंश जस्ता कृतिहरू निश्चय पनि एउटा चुनौती कि वा एउटा हाँकको रूपमा उभिएका छन् ।

हिमवत् देश नेपालमा संस्कृत वाङ्मयको अध्ययन वर्ण-जात्यतिक्रान्त छ । यहाँ किराती वाल्मीकिले पनि संस्कृत मैं आफ्नो जीवन खपाएका थिए । लिच्छवि कालिक राजाहरू तथा राजकुमारीहरू समेत संस्कृतका विद्वान, विदुषी र कवि एवं कवयित्रीहरू भएको तथ्य हाम्रा देशका पुरातन अभिलेखहरूबाट टड्कारै छ ।

मल्लकालका राजाहरूको संस्कृत वाङ्मय प्रतिको अगाध निष्ठा, विद्वत्ता र यस कालका काव्य एवं नाट्य कृतिहरूको विशाल ढुकुटीलाई बिर्सन सकिन्न । हत्केलाले सूर्यलाई छेके जस्तो गरी यस तर्फ आँखा चिम्लिन कत्ति मिल्दैन ।

यतिमात्र होइन, शाहकालिक नेपालका राजाहरूले गरेको संस्कृतको अध्ययन तथा ठेलीका ठेली ग्रन्थ रचना र सम्पादनले संस्कृत वाङ्मयको वर्णजात्यतिक्रान्त वैशिष्ट्यको परिचय दिएकै छ । यस प्रसङ्गमा श्री ५ महेन्द्रको संस्कृतको अध्ययन तथा कालिदासीय साहित्य प्रति विशेष चाख भएको कुराको उल्लेख न गरी न हुने छ ।

यति मात्र होइन, संस्कृत साहित्यका मर्मज्ञ विद्वानहरू नेपालका राणा परिवारमा पनि प्रशस्त भएका छन् । जस मध्ये बद्री नरसिंह राणा तथा धन समशेर ज० ब० रा० आदिको नाउँ बिर्सिन सकिदैन । यसमा पनि खास गरी कालिदासीय साहित्यका

मर्मज्ञ विद्वान् केशर समशेर ज०ब०रा०को नाउँ यस प्रसङ्गमा विशेष उल्लेखनीय छ। यसको चर्चा यथास्थान गरिने नै छ।

'यथा राजास्तथा प्रजाः' मनुको यो उक्ति र यस उक्तिलाई समर्थन गर्ने कालिदास एवं इनका हिमवद्देशका नागरिकहरू साथै हिमवद्देश बाहिर बसेका नेपाली जातिमा समेत यो नेमिवृत्तिता पदे-पदे दृष्टिगोचर हुन्छ भन्ने कुरामा नास्ति सन्देहः।

रेखामात्रमपि क्षुण्णादामनो वर्त्मनः परम्
न व्यतीयुः प्रजास्तस्य नियन्तुर्नेमिवृत्तयः ॥ रघु० २।१७

(२) रघुवंश : कोमलनाथ शर्मा

कालिदास साहित्यमा नेपाली प्रतिरूपका सफल तथा कुशल शिल्पी पण्डित कोमलनाथ शर्माको रघुवंश महाकाव्यले कालिदासीय साहित्यको नेपाली ढुकुटीमा रत्नको रूपमा आफ्नो प्रकाश-पुञ्ज फिजाएको छ। प्रस्तुत छ, महाकाव्यको पहिलो पद्य—

शब्दार्थ ज्ञानको निम्ति शब्दार्थ समयोजन।
विश्व-मातापिता गौरी-शिवको गर्छु वन्दन ॥१॥
[वागर्थाविव सम्पृक्तौ वागर्थप्रतिपत्तये
जगतः पितरौ वन्दे पार्वतीपरमेश्वरौ ॥१॥]

कवि कोमलनाथ शर्मले कालिदासीय सन्देश काव्य मेघदूतको जस्तै यस रघुवंश महाकाव्यको पनि सुकिलो र सुरिलो नेपाली रूपान्तर गरेका छन् भन्ने कुरा यस काव्यका थालनीको श्लोकले नै व्यक्त्याएको छ। इनका समवृत्तात्मक नेपाली रूपान्तरणको माधुर्य-सौष्ठवको आस्वादनका लागि यस महाकाव्यको अन्तिम पद्य पनि प्रस्तुत गर्नै पर्ने छ। टुप्पो र फेंद दुवै गुलियो र रसिलो भएका कोसेर उँखुको मिठास चाखी सके पछि वीचको भाग पनि त्यत्तिकै गुलियो र रसिलो हुनुमा शङ्का भइरहन्छ र?

रैतीको त्यो प्रसव तिरको चाहना पूर्ण गर्दी,
भित्री गर्भ क्षिति सरि नभो-बीजको मुष्टि धर्दी।
बूढा मन्त्री सँग मिलि जुली स्वर्ण सिंहासन-स्था
रानी गर्थिन् हुकुम जनमा, भर्तृमा राखि आस्था ॥

(तं भावार्थं प्रसवसमयाकाङ्क्षिणीनां प्रजाना-
मन्तर्गूढं क्षितिरिव नभोबीजमुष्टिं दधाना।
मौलैः साधं स्थविरसचिवैर्हेमसिंहासनस्था
राज्ञी राज्यं विधिवदशिषद्भर्तुरव्याहताज्ञा ॥५७॥ रघु० १९)

कोमलनाथ शर्माको रूपान्तरण शैलीले कालिदासीय पद्यको पदार्थ मात्र स्पष्ट्याउँदैन अपितु वास्तविक भावार्थको पनि अभिव्यक्ति दिन्छ। कहिले काहिं यसो गर्दा समवृत्तात्मकताले कविलाई निकै अप्ठ्यारो स्थितिमा पनि पारिदिन्छ। फलतः अघिल्लो पद्यमा कुनै पद्यांशको भावार्थ मात्र दिएर पछिल्लो पद्यमा गई पुनः त्यसको शब्दार्थ दिने जागर कविले देखाएका छन्। यो प्रयास कविको सराहनीय छ, जस्तै—

शिवले कुम्भोदर नामक आफ्नो सेवकलाई देवदारू वृक्षको रक्षार्थ सल्लेरी वनमा पठाएका छन्। उसले त्यो वृक्ष छोडेर कहिं पनि जानु हुदैन। चौबीसै घण्टा त्यहा पहरा दिनु पर्दछ, निगरानी राख्नु पर्दछ। शिवजीले दिएको आज्ञा अनुसार कुम्भोदर सिंहको रूप लिएर त्यस वनमा आएको छ। जसरी सिंहिका पुत्र राहु (सैंहिकेय) आफ्ना अगाडी आउने सूर्य या चन्द्रमालाई मात्र ग्रस्न पुग्छ र यसरी आफ्नो भोक तिर्खा मेटछ। त्यसै गरी कुम्भोदरले पनि सिंहको रूपमा (सैंहिकेय) राहुले जस्तै उसका अगाडी आउने जो सुकै होस्, त्यसलाई एकै गाँस पार्न खोज्दछ। किन भने आफ्नो भोक मेटाउनु छ उसले। यो आफ्ना मालिकले सेवकलाई तोकेको खानगी हो—सिंहत्वमङ्कागत-सत्त्ववृत्ति। कोमलनाथका शब्दमा—

अनी त तेसै-दिनदेखि भूप ! ती हात्ति तर्साउन सिंह-रूप।
बनाई भेजे शिवले मलाई रूङ्ने र खाने गरि जन्तुलाई ॥रघु० २।३८

[ततः प्रभृत्येवमतङ्गजानां त्रासार्थमस्मिन्नहमद्रिकुक्षौ।
व्यापारितः शूलभृता विधाय सिंहत्वमङ्कागतसत्त्ववृत्ति ॥३८॥]

कवि कोमलनाथले यहाँ "रूङ्ने र खाने गरि जन्तुलाई" पद्यको चौथो चरणले 'सिंहत्वमङ्कागतसत्त्ववृत्ति' कालिदासीय चतुर्थ चरणको भाव अभिव्यक्त गर्न सफल छन् तर यहाँ कविका उपर्युक्त पद्यमा कालिदासीय पद्यको भाव पूर्णतया उल्लेख हुन न सके जस्तो लाग्दछ। कता-कता यस पद्यांशको मात्र भावात्मक रूपान्तरणले कवि स्वयं पनि पूर्ण सन्तुष्ट छैनन् क्यार ?- फलतः उनले यो धोको यस पछि आउने पद्यमा भए पनि मेट्न प्रयास गरेको जस्तो देखिन्छ—

भोको र अङ्कागत-जन्तु-खाने, मलाई यो ईश-निगाह ठाने।
गो-रक्त नै पारण गर्छु खास चांद्री-सुधा झैं गरि राहु-गाँस ॥रघु०२३।६

[तस्याऽलमेषा क्षुधितस्य तृप्त्यै प्रदिष्टकाला परमेश्वरेण।
उपस्थिता शोणितपारणा मे सुरद्विषश्चान्द्रमसी सुधेव ॥]

कोमलनाथ शर्माको रघुवंशको रूपान्तगण शैली वारे यति।

(३) रघुवंश : मुक्तिनाथ तिमल्सिना

नेपाली साहित्यको गद्यका फाँटमा रम्ने मुक्तिनाथ तिमल्सिनालाई पनि कालि-

दासको रघुवंशले आकृष्ट न गरी छोडेन, इनलाई पनि मोहनी लायो यसले। फलतः इनले पनि कालिदासको काव्य साहित्यको छायानुवादी कि वा समवृत्तात्मक परम्पराबाट अलग रही रघुवंशको गद्यात्मक रूपान्तरण गरे। हुन त यस रूपान्तरणलाई अनुवाद नै भन्ने चलन छ तर कता-कता यसलाई यो कालिदासीय रघुवंशको उपन्यासात्मक नेपाली रूपान्तरण जस्तो हुन पुग्दछ र यस सन्दर्भमा सम्झिइन्छ, उपन्यासकार शिव प्रताप सम्शेर थापा र उनको उपन्यास शकुन्तलालाई। हुन पनि महाकाव्य पद्य उपन्यास हो भने उपन्यास गद्य महाकाव्य। के अन्तर पर्‍यो र दुवैमा।

लेखक तिमल्सिनाबाट कालिदास साहित्यले लिएका यस नेपाली नवावतारको प्रकाशन नेपाली भाषा प्रकाशिनी समितिबाट वि० सं० २००७ सालमा भएको छ।

(४) रघुवंश महाकाव्यम् : सोमनाथ शर्मा सिग्द्याल :

काठमाण्डूमा उपलब्ध प्राचीन तीन पाण्डुलिपिहरूका आधारमा सोमनाथ सिग्द्याल द्वारा सम्पादित यस रघुवंश महाकाव्यको प्रकाशन वि० सं० २०१५ सालमा तात्कालिक नेपाल एकेडेमी काठमाडौंबाट भएको छ।

पण्डितराजको उपाधि प्राप्त गरेका प्राज्ञ सिग्द्याललले स्वच्छ शान्त गभीर तथा पारदर्शक आफ्नो आदर्श संस्कृतिप्रतिबिम्बित नेपाली साहित्यको माधुर्यमा विस्तारै हुन-देखिन थालेको पश्चिमी साहित्यको खस्रो-ठर्रो र चर्को-नुनिलो प्रभावलाई सक्तो रोक-थाम गर्ने प्रयास गरेका छन्। पूर्वीय शैलीको सफल महाकाव्य आदर्श राघव, प्रतिसंस्कृता सिद्धान्त कौमुदी (पाणिनि व्याकरणमा भट्टोजिदीक्षित कृतिको प्रति संस्कृत संस्करण) साहित्य प्रदीप (नेपालीमा अलङ्कारशास्त्रको प्रतिनिधि ग्रन्थ) २०१६ साथै कालिदासीय कृति रघुवंश महाकाव्यम्को यो सम्पादन पनि पौरस्त्य विद्याको क्षेत्रमा इनले गरेका महत्त्वपूर्ण योगदान मानिन्छन् भन्ने कुरा यहा न लेखी भएको छैन।

कालिदास साहित्यको नया नेपाली अवतार खडा गर्ने धोको भने महाकवि सिग्द्याललले आफ्नो आदर्श राघव महाकाव्य बाटै मेट्ने प्रयास गरेको बुझिन्छ। केहि अझै पनि सेख साख बाँकी बक्यौता रहेको भए पनि त्यसको पनि कायेन वाचा वा सम्पूर्णता यसै रघुवंश महाकाव्यम्को सम्पादन बाट।

सम्पादित रघुवंश महाकाव्यम्मा नेपाल कै ग्रन्थागारमा संरक्षित तथा नेपाली मनीषीहरू कै व्यक्तिगत संग्रहमा सुरक्षित हाल सम्म नेपालमा उपलब्ध उपर्युक्त कालिदासीय कृतिका प्राचीनतम तीन पाण्डुलिपिहरूलाई नै सम्पादक सिग्द्याललले मुख्य आधार मानेका छन्। यी मध्ये पहिलो पाण्डुलिपि ताडपत्रमा नेवारी अक्षरमा लेखिएको छ। तिथि मिति फेला न पर्ने यो पाण्डुलिपि अन्य दुई पाण्डुलिपि भन्दा

पुरानो भएको कुरा लिपिवेत्ताहरूले ठम्याएका छन् । यस पाण्डुलिपिका आरम्भ देखि उन्नाइसौं सर्गका एक कम उन्नाइस पद्य मात्र छन् । बाकी अंश खण्डित छ । सम्पादकले यस पहिलो पाण्डुलिपिको स्रोत नेपाल राजकीय पुस्तकालय बताएका छन् ।

यस सम्पादनमा उपयोग गरिएको अर्को पाण्डुलिपि काठमाण्डौं पाशुपतक्षेत्र अन्तर्गत गौरीघाट निवासी पण्डित अनङ्गनाथ शर्माको वैयक्तिक संग्रहबाट उपलब्ध भएको छ । पाण्डुलिपि अनुसार यसको लेखन समय नेपाली सम्वत् छःसय अठषष्ठि (विक्रम सम्बत् १६५०) उल्लेख गरिएको छ । फलतः यो पाण्डुलिपि आज भन्दा चार शय चौंतीस वर्ष पुरानो हुन आउँछ--२०३९-१६०५=४३५ । ज्ञातव्य छ— सम्पादक सिग्द्यालको भनाईमा पहिलो पाण्डुलिपि आज भन्दा अन्दाजी सात आठ शय वर्ष अधिको हुन आएको छ ।

यसबाट यो कुरा निर्विवाद सिद्ध वा प्रमाणित हुन्छ-आज भन्दा सात-आठ शय वर्ष पहिले देखि नै हिमवद्देशमा कालिदासीय साहित्यको अध्ययनाऽध्यापन हुने परम्परा रहेछ । यत्ति मात्र होइन, यस बेला कालिदासीय कृतिहरूका लिप्यन्तरीकरणको प्रवृत्ति पनि विद्वानहरूमा प्रशस्त भएको पत्तो लाग्दछ । पुछारमा यहाँ के कुरा पनि जोडिनु उपयुक्त होला भने लुम्बिनी अञ्चल गुल्मी अन्तर्गत अमर भूमि इस्मामभुंङका अर्ज्यालोपनामा विद्वान्हरूका परम्परामा पनि यसरी कालिदासीय कृतिहरूको लिप्यन्तरीकरण तथा प्रतिलिपीकरण गर्ने परम्परा प्रतिलिपि शिल्पीहरूद्वारा शताब्दीऔं देखि चली आएको सुन्न देख्न पाइन्छ । अस्तु नाम ।

कालिदासीय रघुवंशको अर्को पाण्डुलिपि, जसको सम्पादक पण्डितराज सोमनाथले आफ्नो सम्पादित ग्रन्थमा उपयोग गरेका छन्, त्यो पुस्तक इनलाई नेपालका प्रसिद्ध पुरातत्व एवं इतिहासविद् मनीषी योगी नरहरिनाथका संग्रहबाट उपलब्ध भएको छ । यद्यपि यो दोस्रो पाण्डुलिपिमा पनि पहिलो पाण्डुलिपिका झै समय निर्देश न हुदा यसलाई यसै समयको हो भनेर किटानै गर्न अलि मिल्दैन । तथापि लिपि आदिको परीक्षणबाट यो पनि उपर्युलिखित प्रथम पाण्डुलिपिको समकक्षमा आउन सक्ने विश्वास लिपिविशेषज्ञहरूले लिएका छन् ।

ज्ञातव्य छ—यस ग्रन्थमा उपयोग गरिएका यी नेपाली रघुवंशहरू भारतमा हाल प्रकाशित रघुवंशका दृष्टिमा स्थल विशेषमा कहिं-कहिं विसंवादी छन् भने इनमा आफूमा भने परस्पर कुनै खास भेद देखिदैंन ।

(५) रघुवंशम् : पं० रश्मिराज अर्ज्याल

अष्टाध्यायी अमरकोश संगै कालिदासीय साहित्यका मर्मज्ञ विद्वान् पं० रश्मिराज अर्ज्यालको जन्म वि० सं० १९४३ मा भएको हो । दुराडाँडाका पं० कोमलनाथ अधि-

कारीलाई दुईपाठ मात्रैले भए पनि उछिनेका पं० अर्ज्यालका बाल सखाका रूपमा पाणिनीय तपोभूमि तूदीम (खिदीम)का पं० दधिराम मरासिनी पनि हुन् भन्ने कुरा लुम्बिनी अन्चलका बुढा पुरानाहरूले अझै पनि बिर्सेका छैनन् । काठमाण्डौं बस्दा लेखनाथलाई काव्य रचना तर्फ आकृष्ट गराउने दधिराम पण्डितले आफ्ना दमाली पं० रश्मिराज अर्ज्याललाई पनि काव्य लेख्ने प्रेरणा दिन खोज्दा "शास्त्रेषु भ्रष्टाः कवयो भवन्ति" भनेर जवाफ दिएको कुरा थाहा पाइएको छ ।

पाणिनीय अष्टाध्यायी, रघुवंश र अमरकोश तीनै ग्रन्थलाई आजीवन खारेका विद्वान् रश्मिराज अर्ज्यालले काठमाण्डौमा अध्ययन गर्न बस्दा देखि नै आफ्नो परम्परागत कुल विद्या अष्टाध्यायी र रघुवंशलाई वज्रलेप पारेको कुरा गुल्मीमान कोटका पं० श्री टेकराज उपाध्यायबाट आज पनि सुनिन्छ । रश्मिराज अर्ज्यालको व्याकरणगत वैदुष्यको चर्चाका प्रसंगमा सिद्धान्त कौमुदीका तत्त्वबोधिनी टीकाकार ज्ञानेन्द्र सरस्वतीको उक्तिलाई "त्यो ज्ञानेलाई व्याकरण के आउँछ ? त्यो फतौरे जे मन लाग्यो त्यै बोल्छ" रश्मिराज अर्ज्यालले भनेका भनेको यो कुरा पनि निज बाटै सुन्न पाइन्छ ।

हाम्रा ठूल्दाजी रश्मिराजले कालिदासको रघुवंश साह्रै नै रुचाउनु हुन्थ्यो । उहाँले साहिल्दाजी चेतोनाथ अर्ज्याल र मलाई समेत घर मै राखेर रघुवंश पढाउनु भएको हो । गुल्मी अर्ज्यै समीपस्थ अमरभूमि निवासी पं० रश्मिराज अर्ज्यालका कान्छाभाई पं० चिरञ्जीवी शर्मा अर्ज्यालको यो वृद्ध वाक्य हो । यसमा स्वयं लेखक ले पनि श्रोतृ-साक्ष्य दिन सक्तछ ।

विद्वद्वर पं० रश्मिराज अर्ज्यालको सोख थियो, आफै नेपाली कागत मझ्याई त्यसमा हरीताल लगाई, निगाला कलम तिखारी पाणिनीयाष्टक, अमरकोष तथा कालिदासीय साहित्य आदिका प्रतिलिपीकरण गर्नु र त्यसमा आफ्ना संक्षिप्त टिप्पणीहरू लेख्नु । आफूलाई एउटा पञ्चाङ्ग मुडे पात्रो प्रत्येक वर्ष तयार पार्ने नियम पनि निजको आजीवन नै रह्यो । साहित्य व्याकरण तथा धर्म शास्त्र एवं कर्मकाण्डका विषयमा पनि निर्णय दिन सक्ने विद्वान् पं० रश्मिराजको वाणीलाई त्यसबेला मात्र होइन, आज पनि अकाट्य प्रमाण मानिन्छ भन्ने कुरा तौलेश्वरनाथ संस्कृत प्रधान पाठशालाका प्रधानाचार्य पं० पुण्यप्रसाद अर्ज्यालबाट समय समयमा सुन्न पाइन्छ । अस्तु

रश्मिराज अर्ज्यालमा पाणिनीय व्याकरणका सूत्र शैलीको अत्यन्त गहिरो प्रभाव परेको थियो । सम्भवतः यसै प्रभावमा निजबाट प्रतिलिपीकृत रघुवंशमा संक्षिप्त टिप्पणी गर्ने कार्य भयो होला । पद्यहरूका माथि पट्टि अंकमा खण्डाऽन्वयाङ्कन गर्ने र श्लोकान्तमा आवश्यक र दुरूहस्थलहरूमा मात्र संक्षिप्त टिप्पणी गरी कालिदासीय

रघुवंश महाकाव्यलाई नेपाली प्रतिभा द्वारा सजाउने कार्य सर्वतः प्रशंसनीय भएको छ ।

अहिले यो प्रथम र द्वितीय सर्गको मात्र उपलब्ध छ ।

(६) रघुवंश : प्रा० शेषराज शर्मा रेग्मी

सरस र रोचक ढंगबाट साहित्य शास्त्रको अध्यापन कार्यमा बहुश्रुत प्रा० शेषराज शर्मा रेग्मीको तात्कालिक वाराणसेय संस्कृत विश्वविद्यालयको पाठ्य पुस्तकमा रहेका रघुवंश १३।१४ सर्गको हिन्दी व्याख्या परीक्षोपयोगी दृष्टिले छात्राध्यापक दुवैमा समादृत छ ।

घ | "स्थानान्तरं स्वर्ग इवाबभासे"

२ | महाकाव्य

कालिदासीय साहित्यका महाकाव्य फाँटको अर्को कृति कुमारसम्भव महाकाव्य हो । हिमवद्देशको वैशिष्ट्य प्रतिपादन गर्ने यो महाकाव्य नगाधिराज हिमालयलाई नायक बनाएर लेखिएको छ । प्रकृतिलाई मानवीकरण गर्ने दिशा तर्फ महाकविका सफलताको टड्कारो प्रमाण यसले उपस्थापित गर्दछ । यस महाकाव्यलाई कालिदासले औधि सिंगारेका छन् । आफ्नो राष्ट्रिय अभिव्यक्ति, देश प्रेम, राजा प्रजा तथा राज दरबारदेखि घर-झुपडी, सबैको यसमा मनोहर चित्रण गरिएको छ । आफ्नो जन्म भूमिको वर्णन गर्ने उद्देश्यले नै सम्भवतः कविका हृदयमा यो महाकाव्य लेख्ने हुट्हुटी जागेको हो ।

हुन त लेखनक्रमका दृष्टिले यस महाकाव्यलाई समीक्षकहरू रघुवंश भन्दा पहिलो मान्दछन् । यस दृष्टिले यसको चर्चा रघुवंश भन्दा पहिले हुनु उपयुक्त थियो, यहाँ पनि । तर महाकाव्यको क्षेत्रमा अग्रणी भनिने यस महाकाव्यको महाकाव्यत्व प्रति नै केहि समीक्षकहरूको विसंवादी दृष्टिकोण छ । अतः यसको चर्चा पछिबाट थालियो ।

कोमलता र शौष्ठव, माधुर्य र हृदयावर्जनमा आठै सर्गको भए पनि यस कुमारसम्भव महाकाव्यले यसका दौतरी रघुवंशलाई शैलीको दृष्टिले त उछिने कै छ, पूर्णताको दृष्टिले पछ्याए पनि । अब यस बारे धेरै गन्थन न गरी कुमारसम्भवका नेपाली औतार तिर नै हानिनु वेश होला ।

(१) कुमारसम्भव महाकाव्य : कोमलनाथ शर्मा

कोमलनाथ शर्माले कालिदासीय साहित्यका काव्यत्रयीको नेपाली रूपान्तरण गरेका छन् । जस मध्ये मेघदूत र रघुवंशको चर्चा माथि उठाइएको छ । यसै क्रममा अधिकारी कोमलनाथ शर्माको अर्को रूपान्तरण हो कुमारसम्भव महाकाव्य ।

यस महाकाव्यको रूपान्तरण नेपाल एकडेमीबाट २०१५ सालमा प्रकाशित भएको छ। संस्कृत ग्रन्थहरूको नेपाली ढाचामा रंगीन प्रतिच्छवि उतार्ने रूपान्तरणशिल्पी कोमलनाथ शर्माको कलात्मक शिल्प बारे प्रायः सबै परिचित नै छन्। इनका कुमार-सम्भवको रूपान्तरण पनि रघुवंशको जस्तै छ। त्यसभन्दा पनि कहि-कहि झन् मिठो झन् रमाइलो।

(२) तपस्विनी : भरतराज पन्त साहित्याचार्य

वि०सं० १९८६ आषाढशुक्लसप्तमीका दिन जन्मेका काठमाडौं कुसुले चौर निवासी श्री भरतराज पन्त साहित्याचार्य, नेपाली एम० ए०ले कालिदासीय महाकाब्य कुमार-सम्भवका पञ्चम सर्गको समवृत्तात्मक रूपान्तरण गरेका छन्। भरतराज पन्त नेपाली काव्य जगत्मा शास्त्रीय, त्यसमा पनि कालिदास प्रयुक्त छन्दमा कविता लेख्न खप्पीस छन्। यसको प्रकाशन २०२५ सालमा भइसकेको छ।

(३) गंगा गौरी : लेखनाथ पौड्याल

'गंगा गौरी' लेखनाथको परिपक्व लेखनीले थालेको महाकाव्य हो। यसमा पनि कालिदासले कुमारसम्भवमा जस्तै नगाधिराजको परिवार, उनकी छोरी गौरी तथा जुवाली शिव, मैनाक पर्वत आदिलाई यस काव्यमा पात्र बनाएका छन्। कालिदासीय कुमारसम्भवको प्रथम सर्गमा पाइने हिमाल वर्णन गंगा गौरीको दोस्रो सर्गमा प्रतिबिम्बित हुन आएको छ।

आवास योग्य सब तर्फ गुफा घनेरा
गर्छन् जहाँ विविध साधकि साधु डेरा
गाढा भए पनि त्यहाँ तमको निवास
झल्किन्छ पट्टल कसे घनचित् प्रकाश

[आमेखलं सञ्चरतां घनानां छायामधः सानुगतां निषेव्य।
उद्वेजिता वृष्टिभिराश्रयन्ते शृङ्गाणि यस्यातपवन्ति सिद्धाः॥]

खोल्चा र खोल्चीहरूको वसि वारि-पारी
खेल्छन् ठिठा संग टिठी गिदको जुहारी
जो घन्किदो गिरि-गुहाहरूमा विशेष
डुब्दो छ गीति रसमा सब त्यो प्रदेश।

[यः पूरयन् कीचकरन्ध्रभागान् दरीमुखोत्थेन समीरणेन।
उद्गास्यतामिच्छति किन्नराणां तानप्रदायित्वमिवोपगन्तुम्॥]

उड्दो कपासमय निर्जल मेघदण्ड
छाता छ इन्द्र धनुषै जसको छ दण्ड।

डोलाउँछन् चमर त्यो चमरी विशेष
देखिन्छ उज्ज्वल सबै नगराज भेष ॥

[लांगूलविक्षेपविसर्पिशोभैरितस्ततः चण्डमरीचिगौरैः
यस्यार्थयुक्तं गिरिराजशब्दं कुर्वन्ति बालव्यजनैश्चमर्यः ॥]

कालिदासीय कुमारसम्भवमा नगाधिराज हिमालयले पूर्वापरसमुद्रमा अवगाहन गरेको कुरा उल्लेख छ भने गंगा गौरी काव्यकी गंगाले पनि पूर्व पश्चिम स्पर्श गरेकी छन् । यति मात्र होइन, दुवैले आ-आफ्ना प्रकृति अनुसार आफ्नो भू-भाग वा प्रदेशको सीमा रेखाङ्कन पनि गरेका छन् भन्न नमिल्ने छैन । लेखनाथको यस काव्य अनुसार गंगाका जम्मा पन्ध्र कला मध्ये एउटा कला गौरीशिखराध्यासित भगवान् आशुतोषका जटा जूटमा रहेको छ । बाँकी चौध कला मध्ये सात कला पूर्व र सात कला पश्चिम तिर फिजिएका छन् । सप्तकोशीका सात र सप्त गण्डकीका सात गरी चौध धाराहरूका रूपमा उपत्यका तिर ओर्लिने यी चौध कला ज्योस्नाहरूले समस्त भारतवर्षलाइ नै अनुप्राणित र कृतकृत्य पारेका छन् भन्ने भाव पनि यसबाट अभिव्यक्त हुन्छ, जस्तो लाग्दछ—

कला क्रमैले सब पूर्व-पश्चिम
मिलाउँदै भारत-सेचन-क्रम
उपत्यका तर्फ झरे ससंभ्रम
विभिन्न पक्री पथ वा गति क्रम ।

[अस्त्युत्तरस्यां दिशि देवतात्मा हिमालयो नाम नागाधिराजः ।
पूर्वापरौ तोयनिधी वगाह्य स्थितः पृथिव्या इव मानदण्डः ॥]

भूस्वर्गको बहुविधाकृति सन्निवेश
मानूँ खडा छ सब गुप्त त्यहां विशेष ॥

[स्थानान्तरं स्वर्ग इवाबभासे ।]

अनन्तरत्नप्रभव कुमारसम्भवको मणिमय चाकचक्य पाएर सजीव भएको छ लेखनाथको गंगा गौरी ।

कालिदासको मात्र आठ सर्गे कुमारसम्भवको प्रभावलाई पाचौं सर्गको केहि अंश समेत जम्मा चार सर्गको अपूरो गंगागौरीमा चाहिदो रूपमा धक् फुकाएर खोज्न र लेखनाथको समस्त मनो भाव र उद्देश्य बुझ्न अप्ठ्यारो परे पनि आठ सर्गे अपूर्ण कुमारसम्भवलाई पूर्ण माने जस्तै गंगा गौरीलाई पनि पूर्ण मान्नु पर्ने बाध्यता हुन आएको छ । यतिमात्र होइन, सिङ्गै महाकाव्य लेख्न कसिएका लेखनाथको समस्त मनो भावना र उद्देश्य बुझ्न बाध्य हुनु पार्ने पाठकले मात्र आठ सर्गको अपूर्ण काव्य-

लाई पनि पूर्ण मान्नु पर्ने कुमारसम्भव संग तुलना गर्दा अपूर्णतामा उसको हृदय कोपरिन्छ र दुवैमा पर्न गएको काकतालीय साम्यता देख्दा उ स्वयं एक छिन् आश्चर्य-चकित न भैं रहन सक्तैन । अहिले यत्ति

साकेतका क्षत्रिय राजा दिलीपलाई कामधेनुका अवहेलनाजन्य अपराधको जस्तो खालको प्रायश्चित्त विधान बाण गंगा तीरका महर्षि वशिष्ठले बताएका छन्, त्यसलाई विचार गर्दा प्रेमनिधिपन्तका प्रायश्चित्त प्रदीपको सम्झना हुन्छ । दुवैको तुलनात्मक विवेचन गर्दा वशिष्ठले दिलीपलाई बताएको प्रायश्चित्त विधान नै हिमवद्देशको परम्परामा क्षत्रियले आफूलाई लागेका गवापराधको लागि गर्ने गरेको प्रायश्चित्त थियो होला भन्ने कुरा पनि अड्कल काट्न सकिन्छ । प्रस्तुत छन्, प्रेमनिधि पन्तको प्रायश्चित्त प्रदीप १७८० को सम्वद्ध स्थल र कालिदासीय महाकाव्य रघुवंशका दिलीपू-गो सेवाको प्रसंगका पद्यहरू—

प्रायश्चित्त प्रदीपमा प्रेमनिधि पन्त—

"क्षत्रिय की गाई मारिया माहा एक महिणा गोठ रहणू । गाईका सात वण जाणू आउणू । गाइका बैठिया वसनू । गाईका उठिया उठणू गाईकी छाला पैर्नु । पञ्चगव्य मात्र षाणू । ब्रह्मचर्य गर्नु । ए भाति महिणा व्रत गर्णु एक गोदान गर्नु शुद्ध हो ।"

रघुवंशको प्रथम सर्गमा कालिदास—

[प्रतिष्ठायां प्रतिष्ठेथाः स्थितायां स्थितिमाचरेः ।
निषण्णायां निषीदास्यां पीताम्भसि पिबेरपः ॥९२]

यो त वशिष्ठको आज्ञा मात्र भयो। दिलीपले यो सम्पूर्ण कृत्य कसरी गरे होलान् ? प्रजाले गरेका अपराधको क्षमा र पापको पतिया दिन सक्ने राजा दिलीपले एक महिना सम्म कसरी यत्रो कठोर प्रायश्चित्त कृत्यको निर्वाह गरे होलान् ? यसका लागि प्रस्तुत छन्, कालिदासीय पद्य रघुवंश द्वितीय सर्गबाट—

[स्थितः स्थितामुच्चलितः प्रयातां निषेदुषीमासनबन्धधीरः ।
जलाभिलाषी जलमाददानां छायेव तां भूपतिरन्वगच्छत् ॥६॥
तामन्तिकन्यस्तबलिप्रदीपामन्वास्य गोप्ता गृहिणीसहायः ।
क्रमेण सुप्तामनु संविवेश सुप्तोत्थितां प्रातरनूदतिष्ठत् ॥७॥
इत्थं व्रतं धारयतः प्रजार्थं समं महिष्या महनीयकीर्तेः ।
सप्त व्यतीयुस्त्रिगुणानि तस्य दिनानि दीनोद्धरणोचितस्य ॥८॥]

कालिदासका उपर्युक्त पद्यहरूले गाईलाई राष्ट्रिय जनावर मान्ने नेपालको गोधन संरक्षणका लागि गरिएका पुरातन परम्परा-प्रक्रियाहरू कै स्मरण हुन्छ र यसै परम्परा को प्रतीक हो, प्रेमनिधि पन्तको प्रायश्चित्त प्रदीप १७८० पनि ।

कवि कृष्ण प्रसाद रेग्मी नेपाली साहित्यको मध्ययुगीन प्रभातमा कुक्कुटरुत न्यायका लागि प्रसिद्ध छन् । इनका काव्यमा परेको कालिदासीय प्रभावको चर्चा माथि पनि गरिए कै छ । 'कुखुरा कराए' कवि रेग्मीको निक्कै नै लोकप्रिय कविता हो । यसका कवि माथि रघुवंशका पांचौं सर्गको प्रभाव परेको मान्न सकिन्छ ।

रघुवंशका युवराज अज इन्दुमतीको स्वयंवरमा जादां एक दिन इनलाई बीचैमा बास वस्नु पर्दछ । नया भावी ब्यौलीको कल्पना-रटना गर्दै इनी राती अवेला सम्म सुती रहन्छन् । अर्को दिन बिहान इनको निद्रा चाँडो खुल्दैन ।

त्यस बेला अजलाई बिउँझाउन विहानी कुखुरो वाँस्ने काम दरबारिया चलन अनुसार उनका चारण भाट एवं वैतालिक हरूले नै गर्दछन्, आफ्ना ललित बन्ध काव्य पाठ द्वारा—

रात्रिर्गता मतिमतां वर ! मुञ्च शय्याम्

राजकुमार अजलाई बिउँझाउन गरिएका उपर्युक्त प्रबोध स्तुतिको अनुकरण अनुवाद त्यस बेला शाही शिविरमा राखिएको पिंजराको सुगाले गरेको हुन्छ भन्ने कुरालाई पनि कालिदासले चारण भाट कै शब्दमा उल्लेख गरेका छन्—

भवति विरलभक्तिर्म्लानपुष्पोपहारः
स्वकिरणपरिवेषोद्भेदशून्याः प्रदीपाः ।।
अयमपि च गिरं नस्त्वत्प्रबोधप्रयुक्ता-
मनुवदति शुकस्ते मञ्जुवाक् पञ्जरस्थः ।।७४।।

कालिदासीय रघुवंश महाकाव्यका पञ्चम सर्गका यसै भावको सञ्चारी प्रभाव परेको छ, कुक्कुटरुतन्यायका नेपाली श्रृङ्गारी कवि कृष्ण प्रसाद रेग्मीमा पनि । कालिदासीय प्रतिबिम्ब परेका कवि रेग्मीका कवितामा त्यस बेला राजकुमारी इन्दुमतीको कल्पना-सानिध्य प्राप्त गर्ने रघुवंशी युवराज अजका ठाउँमा यहाँ प्यारा/दुलहा छ । यसैलाई चारण वा भाटको रूपमा आफ्नी प्यारी/पत्नीलाई मेला-पात जान हतार हुने हुँदा चाडै बिउँझाउने काम पनि गर्नु परेको छ । यति मात्र होइन, अजका कानका कुण्डलले उनको काँधमा डाम बस्नु, अङ्गरागहरूले विछौना लत्पतिनु, ओल्टे कोल्टे परी रहदा डसनाको खोल वा तन्ना माडिनु/खुम्चिनु, आदिको चित्रण पनि जसरी कालिदास गर्दछन् उसै गरी कृष्ण प्रसाद रेग्मी पनि । पहिले कालिदास----

त कर्ण-भूषण-निपीडित-पीवरांसं
शय्योत्तरच्छदविमर्दकृशाङ्गरागम् ।
सूतात्मजाः सवयसः प्रथित-प्रबोधं
प्राबोधयन्नुषसि वाग्भिरुदारवाचः ।।६५।।

कालिदासका रघुवंशको पञ्चम सर्गका उपर्युक्त पद्य तथा पद्यांश हरूको भावानुहरण मात्र होइन, वृत्तानुहरण पनि भएको छ, कवि कृष्ण प्रसाद रेग्मीका 'कुखुरा कराए, कवितामा। प्रस्तुत छ, कविको यो पद्य—

सिन्दूर लतपत छ कज्जल पूछ प्यारी
अल्छी हटाऊ अब केश समाल सारी।
शोभा विहीन भई चन्द्र पनी बिलाए
प्यारी ! उठौं कि ? अब ता कुखुरा कराए॥

आफू खिदीम (पाणिनि कालिक नाउ तुदीम) पाणिनितपो भूमि स्थित हरिहर संस्कृत पाठशालामा पढ्न बसे ताक रघुवंशका उपर्युक्त पन्चम सर्गस्थ पद्यहरूलाई कृष्ण प्रसाद रेग्मीका 'कुखुरा कराए' कविता साथै प्रत्येक पद्य मात्र होइन, प्रत्येक चरण समेतलाई तिल-चाम्ले पारेर घण्टौं भट्याई रहने, पाठमा भन्दा पनि उमेरमा आफू भन्दा बढी भएका छात्र दाज्यूरूका मधुर स्वरलहरीहरू आज पनि यस पंक्तिको लेखकका कानमा यदा कदा गुञ्ज छोड्दैनन्। यी स्वर लहरीहरूमा पनि गुल्मी धुर्कोट-का भागवत पुराणका मर्मज्ञ विद्वानका सुपुत्र नारायण प्रसाद पौड्याल शास्त्री तथा प्यूठान लुङ्का पं० शशिधरशर्मा रिजालका सुपुत्र एवं यस पंक्तिका लेखकका भानिज-काका डिल्ली राज रिजाल शास्त्रीका स्वरहरू अनुस्मृत र अविस्मरणीय हुन पुगेका छन्।

जीवन प्रवाहमा बग्नु मानवको अनिवार्य आवश्यकता हुन्छ। यस सन्दर्भमा यस प्रवाहले उसलाई कुन तीरमा वा कुन घाटमा लगेर उतारी दिन्छ ? केहि भन्न सकिदैन। हाल कालिदासीय साहित्यमा विशेष चाख भएका उपर्युक्त शास्त्रीहरूले निजामती सेवाको शाखाधिकारी भएर रहनु संयोग हो। त्यस वेलाका यस्ता प्रबुद्ध प्रतिभा शाली व्यक्तित्वहरूले भाषा साहित्यमा कामगर्न पाएका वा गरी रहेका भए कस्तो हुदो हो ?

कालिदासीय महाकाव्यको चर्चा गरिने यस क्रममा रघुवंश-महाकाव्यको अज-विलाप-सीता प्रवास तथा कुमार सम्भवको रतिविलाप समेतलाई एकैपल्ट अध्ययन गर्दा यसको सग्लो सुकिलो प्रभाव माधव घिमिरेमा परेको फेला पर्दछ—

घिमिरेकी राजेश्वरीलाई रघुवंशकी सीताले जस्तै अनीप्सित निर्वासन खप्नु पर्दछ निर्वासित जीवनको कष्टकर कहर काट्न सीता हिमवद्देशका उपत्यकारण्यमा पठाइएकी हुन्छिन्, वाल्मीकि आश्रममा। यस जन्ममा पतिको अनवरत सान्निध्य पाउन न सके पनि जन्मान्तरमा भए पनि यसको धोको भेट्न र रामलाई नै पति पाउन भनेर इनी तपस्या गर्न कसिएकी छन्।

घिमिरेकी राजेश्वरी पनि हिम-शिला खण्डमा तपस्विनी भएर एक्लै बस्न चाह-

न्छिन् । यहा निर घिमिरेका राजेश्वरीको पद्य कालिदासीय रघुवंशको चौधौं सर्गको पद्यसँग दुरुस्त मिल्न खोज्दछ । प्रस्तुत छ, घिमिरेको राजेश्वरीबाट यो पद्य---

आएँ बादलु-लेकमा विरहको छाया हिजै जो रुन
देऊ निर्जन यै नमेरू-वनमा आँसु सबै बर्सन ।
भोली निर्मल चाँदनी शरदको छोएर आनन्दमा
एक्लै ऊर्ध्वा तपस्विनी म वसुँला हिउँका शिला खण्डमा ॥

[साऽहं तपः सूर्यनिविष्टदृष्टि-
रूर्ध्वं प्रसूतेश्चरितुं यतिष्ये ।
भूयो यथा मे जननान्तरेऽपि
त्वमेव भर्ता न च विप्रयोगः ॥] रघु० १४।६६

कालिदासीय यस पद्यमा प्रवासिता सीता आफ्नो तपस्या गर्ने उत्कट अभिलाषा हुँदा हुदै पनि आफू गह्रुङ्गा जिउकी भएकी हुनाले पतिको भ्रूण संरक्षणका लागि पनि प्रसव न हुदा सम्म तपस्या गर्दिनन् । त्यसैले उनले सुत्केरी भए पछि मात्र तपस्यामा वस्ने निर्णय गरेकी छन् । माधव घिमिरे की राजेश्वरीलाई भने यस्तो कुनै समस्या छैन । माधव धिमिरेको यस उद्धृत पद्यमा ऊर्ध्वतपस्विनी शब्दले एकातिर कालिदासीय रघुवंशको अनुकरण गरेको टड्कारो हुन्छ भने अर्कोतिर यस पदको वास्तविक अर्थ के हो ? राम्रो खुलेको छैन ।

ङ | "नाट्यं भिन्नरुचेर्जनस्य वहुधाप्येकं समाराधनम्"

| नाट्य साहित्य

कालिदासीय नाटकले केवल नेपाल र भारत मात्र होइन, सम्पूर्ण जम्बू द्वीपका नाट्य साहित्यलाई आफ्नो झल्लरी छाता ओढाएको छ । यति मात्रै किन, जम्बूद्वीप र यस बाहेक समुद्र पारका अन्य महाद्वीपहरूमा पनि यसको झिलि-मिली न पुगेको छैन । कालिदासीय साहित्य, त्यसमा पनि खास गरी नाटक प्रति आकर्षण त्यसबेला देखि पाश्चात्यहरूमा प्रारम्भ हुन्छ जब सर्वप्रथम इनका नाटकको सर विलियम जोन्सले अंग्रेजी अनुवाद गरिदिन्छन् ।

नाटक क्रमले विचार गर्दा कालिदासका तीन रूपकहरू मध्ये मालविकाग्निमित्रम्-को प्रभाव हर्षचरित, प्रियदर्शिका, कर्पूर मञ्जरी र कर्ण सुन्दरी आदिमा परेको देखिन्छ । यस बाहेक "गौरी गुरीः पावनाः" जस्ता कालिदासीय पद्यांश प्रतीकको अनुहरण गर्ने भवभूतिलाई कालिदासीय नाट्य साहित्यबाट थेर-थोर प्रभावित न मानी न हुने स्थिति छ ।

कालिदासीय नाट्य साहित्यका विश्वव्यापी प्रभावको चर्चा गर्ने क्रममा जर्मन, फ्रेन्च, चेक, अंग्रेजी, रसियन आदि भाषाहरूमा पाइने यसका नवावतारको उल्लेख गर्नै पर्ने देखिन्छ। यस सम्बन्धमा क्रमशः जार्ज फौस्टर, वी० हेनरी, सी० र्वानिस, विल्सन र के० वाल माउण्ट, आदिका नाउँ पनि लिनै परेको छ। यस विषयको संक्षिप्त रूप मै भए पनि अलिक मात्र फराकिलो विवरण परिशिष्टमा दिइएको छ। तर हो ? पाश्चात्य साहित्यकार र कविहरू मध्ये पनि कालिदासीय साहित्यले विशेष लट्ठिएका जर्मनका विश्व प्रसिद्ध कवि यो हान् वोल्फ़ गांग गेटेको नाउँ भने यी सबैमा विशेषतः उद्धरणीय नै ठानिन्छ।

जर्मन कवि गेटेले हिमवत् देशका विश्व प्रसिद्ध कवि महाकवि कालिदासका अभिज्ञान शाकुन्तलम्' नाटकबाट प्रभावित भएर आफ्नो सुविख्यात नाट्य-कृति 'फाउस्ट' मा कालिदासले जस्तै पूर्वरङ्ग वा प्रस्तावना लेखेका छन्। प्रस्तुत छन्, कृतिको प्रारम्भमा यसका प्रस्तावनाको सूत्रधार, नाटककार तथा विदूषकको संवादबाट केहि अनूदित टिपोटहरू—

सूत्रधार :—खाँबा गाडी सकिए। रङ्गमञ्च पनि तयार भै सक्यो। प्रत्येक दर्शक आँखा तानी-तानी यतै मञ्च तिर हेर्दैछ। हुन त जनसाधारणको मन बहलाउने कलामा म अनभिज्ञ छैन। तै पनि आज किन-किन अलि बढी आत्तिएको जस्तो आफूलाई अनुभव गरेको छु।

मैले यस्तो विषय खोज्नु-रोज्नु परेको छ आज, जो एकदमै गहकिलो गहिरो र मनोरञ्जक पनि होस्। रङ्गमञ्चमा प्रवेश गर्ने यो साँघुरो कठ-द्वारलाई स्वर्गको प्रवेश द्वार जस्तै ठानेर दर्शकहरू चारै बजे देखि तँछाड-मछाड गरेका छन्। टिकट किन्ने हूलमा कुस्ती खेल्ने बलिया बाङ्गाहरूको थियो मिचोमा कति जना दुब्ला पातलाहरूको त अङ्ग भङ्ग पनि भएको छ। विभिन्न रूचि भएका यी दर्शकहरूमा त (तिमो जस्ता) कविको मात्र मोहनी लाग्न सक्छ। (नाट्यं भिन्नरूचेर्जनस्य बहुधाप्येकं समाराधनम्।) लौ न केहि गर्नु पर्‍यो ?

विदूषक—(कवि संग)·········साहस गर ! साहस। विवेक, स्मरण शक्ति, संवेदना र आवेगका साथै आफ्ना सुन्दर कल्पनाहरू सजाएर आज अरूहरूका लागि पनि उदाहरण प्रस्तुत गरी देऊ। तर न बिर्सिनु है ! त्यसमा कतै-कतै मूर्खताजन्य (हास्य) प्रसङ्ग चाहिं छुट्न हुदैन···'काव्य साधना यसरी थाल्नु—त्यसमा कुनै प्रेम प्रसङ्ग होस्। कुनै (प्रेमी वा प्रेयसी) को आँखा अगाडीबाट बाटो कटियोस्। मुटुमा कस्तो-कस्तो अनुभूति होस्। गति रोकियोस्। विस्तारै-विस्तारै प्रेमको जालोमा फँसियोस्। कहिले भाग्यको सूर्य उदाओस् त कहिले त्यस मै विघ्नको पातलो पर्दा

लागोस् । कहिले आनन्द विभोर भइयोस् भने कहिले होस् हृदयमा अनन्त पीड़ाको अनुभूति पनि ।……(फाउस्ट प्रस्तावना)

सूत्रधारः—……रङ्गमञ्चका पर्दा र अन्य साधनहरूको यथेच्छ प्रयोग गर ! विशाल आकाश र त्यहाँका साना-ठूला प्रकाशको स्वेच्छया उपयोग गर ! ओइर्‍याई देऊ ताराहरूलाई धर्तीमा ! यहाँ जल अग्नि, पर्वत श्रेणी, पशु-पक्षी जस्ता कुनै प्राकृतिक साधनको कमी छैन । म चाहन्छु, यस काष्ठ निर्मित रङ्ग शालमा आज समस्त सृष्टि-को दर्शन होस् ।" (अनुवादक-लाटोसाथी)

प्रस्तावनाका यी उद्धरणहरूले यहा के कुरा छर्लङ्ग हुन्छ भने गेटेले यसमा पूर्वीय नाटक लेखन शैली अपनाएको मात्र होइन, अभिज्ञान शाकुन्तलाके कथा वस्तुको पनि प्रभाव ग्रहण गरेको स्पष्ट संकेत पाइन्छ। कालिदासीय साहित्यका अनुभवी तथा सहृदय पाठकहरूले फाउस्टका माथि उद्धृत प्रस्तावनांशमा कालिदासीय अभिज्ञान शाकुन्तलम् को समस्त सार तत्त्व तथा सम्पूर्ण कथा वस्तुको संक्षिप्त प्रतिबिम्ब फेला पार्ने कुरामा लेश मात्र पनि सन्देह गर्ने ठाउँ छैन । माथि "कुन र कस्तो खालको नाटक प्रदर्शन गरेर दर्शकको मनोरञ्जन गरौं !" भन्ने गेटेका सूत्रधारको हुट्-हुटी र कालिदासीय अभिज्ञान शाकुन्तलम्का सूत्रधारका अभिव्यक्ति दुरूस्त उस्तै छन् भन्ने कुरा तलका उद्धृत पंक्तिहरूले स्पष्ट्याउछन्—

सूत्रधार—……"आर्ये……अहो, आलिखित इव सर्वतो रङ्गः । तत् इदानीं कतमं प्रयोगमाश्रित्य एनमाराधयाम ?" [शाकुन्तल प्रस्तावना]

जर्मन कवि गेटे कालिदासीय साहित्यबाट मन्त्र मुग्ध छन् । यो कुरा माथिका विवरणहरूबाट जाहेरै छ । यस बाहेक इनी अभिज्ञान शाकुन्तलम्को महिमा गाएर पनि कहिल्यै अघाउँदैनन् भन्ने कुराको संकेत पनि यहाँ गर्नु अप्रासङ्गिक न होला । गेटेले शकुन्तला-कामिनीका कमनीयतामा आफ्ना जीवनका सयौं-सयौं यामिनीहरू सानन्द बिताई दिएका छन् । इनी भन्छन्—"शकुन्तला जस्तो जून उदाई दिनाले मेरा रातहरू दिउँसोको उज्यालोहरू भन्दा कता-कता बढी आल्हादक एवं कान्तिमय हुन पुगेका छन् ।"

यति मात्र होइन, कालिदासीय अभिज्ञान शाकुन्तलको प्रशंशा गरेर कहिले न थाक्ने महाकवि गेटेको आफ्नो मातृभाषामा यस्तो पनि अभिव्यक्ति छ—

Willst du die Bluthe des fruhen, die Fru
Chte des Spateren jahres,
Willst du was reizt und entzuckt, willst
du was sattigt und nahrt,

Willst du den Himmel, die Erde Mit Einem
Namen begreifen,
Nenn' ich, Sakontala, dich und so ist alles
gesagt."

उपयुंक्त उद्धरणको नेपाली रूपान्तरण—

वसन्तका सौरभ ग्रीष्मका फल
सन्तृप्तिदायी असली सुधारस ।
ऐश्वर्य भू-स्वर्गसमष्टि पाउन
सखे ! तिमी नित्य शकुन्तला गुन ॥

[रूपान्तरक—लाटोसाथी]

कालिदासीय अभिज्ञानशाकुन्तलम् नाटकको विश्वजयी प्रभावको यस प्रसङ्गमा A. W. Ryder को निम्नलिखित अंग्रेजी पद्यलाई पनि कालिदासको संस्कृत मूल सहित उद्धृत गर्नु पनि सान्दर्भिक नै हुनेछ—

GOOD MEN

Fruit-Laden trees bend down to earth;
The water Pregnant clouds hang Low
Good men are not puffed up by power–
The unselfish are by nature so.

A Good man never lets grief get the upper hand
The mountans are calm even in a tempest.

[भवन्ति नम्रास्तरवः फलोद्गमैर्नवाम्बुभिर्दूरविलम्बिनो घनाः ।
अनुद्धताः सत्पुरुषाः समृद्धिभिः स्वभाव एवैष परोपकारिणाम् ॥]

नेपाली साहित्यमा त कालिदासका नाटकहरूको मनग्गे प्रभाव छ। प्रायः सबै जसो सफल नाटककारहरूले कालिदासको अनुसरण अभिसरण र अनुहरण गरेका छन् । यो कुरा इनलाई अँध्यारैमा छामे पनि थाहा पाइन्छ। हाल सम्म नेपालमा उपलब्ध र यथा शक्य अधीत मल्लकाल देखि आधुनिक काल सम्मका नाट्य साहित्यमा यत्र तत्र कालिदासीय प्रभाव दृष्टिगोचर हुन्छ । यसको समीक्षायो स्वल्पावधिमा गरेर परिलाग्दैन । अतः हिमवद्देश नेपालका नाट्य साहित्यको विशाल क्षेत्रमा यत्र तत्र परेका कालिदासीय प्रभावलाई एकेक गरी विवेचना वा समीक्षाको नाङ्लोमा केलाई-विचारी न गरी "चान चुने बा‌तको सिद्धान्त अनुसरण गर्दै मात्र कालिदासीय नाटकका नेपाली पूर्णावतार तर्फ नै भ्यागुते-उफ्याइं गर्न लेखक तम्सिएको छ ।

यहाँ टिपिएका कालिदासीय नाट्य साहित्यका नेपाली नवावतारका स्रष्टाहरूमा वर्णक्रम र मूल नाटकको रचना क्रमका दृष्टिले मालविकाग्निमित्रम्को भावभूमिमा उपन्यास लेख्ने लाटो साथी र विक्रमोर्वशीयम्को सफल रूपान्तरण गर्ने केशरसंशेर अवतार सिर्जने क्रममा अहिले सम्म आफ्ना विषयमा एक्ला परेका देखिन्छन् । जहाँ सम्म शाकुन्तल नाटकको नेपाली नवावतारको सम्बन्ध छ, नेपाली साहित्यका औतारी कवि तथा लेखकहरूको यस तर्फ ओइरो नै लागेको छ । यस पंक्तिको लेखकलाई ज्ञात भए सम्म यहाँ उल्लेख गरिने कालिदासीय नाटकका नेमिवृत्ति नेपाली कवि तथा लेखकहरूमा वर्णक्रमानुसार छन्, सर्व श्री—

(१) केशर संशेर (२) कृष्णप्रसाद ढुङ्गाना
(३) खड्गमान मल्ल (४) डिल्लीराम तिमसिना
(५) पहलमान सिंह स्वाँर (६) माधव घिमिरे
(७) मोतीराम भट्ट (८) लक्ष्मीप्रसाद देवकोटा
(९) लाटोसाथी (१०) लेखनाथ पौड्याल
(११) शम्भुप्रसाद ढुङ्गेल (१२) शिवप्रताप सम्शेर थापा
(१३) हरिनारायण उपाध्याय (१४) हीरा कुमार सिंह

यसको विस्तृत सूची परिशिष्टमा द्रष्टव्य छ ।

(१) विक्रमोर्वशी : केशर संशेर

राणा परिवारका विद्याव्यसनीहरूमा कालिदासीय नाटक विक्रमोर्वशीयम्का उल्था-शिल्पी केशर संशेरको नाउँलाई कान्छी औंली नै अघि सार्नु पर्दछ । कालिदासका यस नाटकको अध्ययन इनले त्रिभुवन चन्द्र कालेजका तात्कालिक प्राध्यापक अभयपद चटर्जीबाट गरेका हुन् ।

पुस्तक क्राउन आकारको छ । वि० ध० प्र० ने० स० अन्तर्गत नेपाली पुस्तकालय बनारसमा प्राप्त प्रतिमा यसको भित्री शीर्षकपृष्ठ (ईनर टाइटिल पेज) छैन । उल्थाकारको बिना शीर्षकको भूमिका-वक्तव्य अनुसार १९८२ वि० सं० मा प्रकाशित यस पुस्तकमा केशर सम्शेरले आफ्ना प्रोफेसर अभयपद चटर्जीलाई नाटक पढाए बापत, गुरूराज हेमराज पण्डित ज्यू सी० आई० ई० लाई उल्था सुधारी दिए बापत, मेजर शिवप्रताप सम्शेर थापालाई उल्था छपाउन तर्ताकिती गरे बापत, भाई श्री कर्णेल भूपाल संशेर जङ्गबहादुर राणालाई यो किताब उनको प्रेसमा छापिदिए बापत, यथोचित धन्यवाद दिँदै, ऊँच नीच देखिएकोमा पाठकहरूले जनाउ दिए दोस्रो पटक छाप्ता मद्दत हुने कुरा पनि उल्लेख गरेका छन् । नाटकका मुख्य पात्र र प्रसङ्गतया नाम परेका अन्य पात्रहरूको परिचय र भूमिका बाहेक यो पुस्तक १३३ पृष्ठको छ ।

रूपान्तरकारले अङ्क, नान्दी, दृश्य जस्ता संस्कृत शब्दहरूको अगाडी संकेत चिह्न

दिई पाद टिप्पणीमा इनका अर्थ दिएका छन् । यस नाटकका पात्रहरू दरबारी शैलीका नेपाली वाक्य भट्टयाउन निक्कै सिपालु देखिन्छन् । विदूषकलाई यस नाटकमा "बाजे ?" को पनि सम्बोधन छ । स्वयं बाजे पनि आफूलाई यदा कदा 'बाहुन-चरी' भन्दछन् । यसको नमूना यस प्रकार छ—

निपुणिका :—"कहां भन्नु हुन्छ बाजे ! जसको निम्ति महाराज कल्पी बक्सेको रहेछ, उही स्वास्नी मानिसको नाउँले महारानीलाई महाराजले बोलाई बक्सिए छ ।"

माणवक :—(मनमनै) "कसरी उहाँबाट आफ्नो भेद आफैले खोली बक्सेछ ? अब म बाहुन-चरीले जिब्रो सम्हाल्न सक्छु के ?" (विक्रमोर्वशी अङ्क २)

बग्नेको काँचुली (सर्पको काँचुली) भूजा पत्र (भूर्जपत्र) काठो (बाहुनलाई होच्याएर भनिने शब्द) सतो सत्, गृफ्तार, हम्मेसी, महँजुत (मौजूद) हाईसञ्चो, होसल्याङ्गे, लठूवा, तैनाथ, हविष्यराज भएका (हविष्य खाएका) रिङ्गै (चारैतिर) रछायाँ, घ्याउन्ना, सिर्तो, दर्फन्याउने, नाम-नामासी, जस्ता यस नाटकमा परेका तद्भव र साङ्केतिक शब्दहरू तिनताकाका भाषिक गतिविधिको अध्यनमा चाखलिने व्यक्तिहरुलाई महत्वपूर्ण हुन सक्तछन् ।

यस वाहेक 'दुःखको बेला सबैको हेला', खीरले पोलेको निम्ते बाहुन, जस्ता उखान र वाक्यांश प्रयोगहरूले पनि उल्थाकारको अनुवाद शिल्पलाई च्याईँ—चिटिक्क पारेको छ । केशर संशेरका विक्रमोर्वशीका अनुवादको एउटा नमूना—

चित्र लेखा :—"सखि ! हेर न हेर, यमुना सितको संगमले विशेष गरी पवित्र गरिदिने भएको पुण्यदायक भागीरथीको जलमा आफ्नो छायाँ हेरिरहेको हो कि ? भने जस्तो प्रतिष्ठानको शिरपेच जस्तो उनै राजर्षिको महल नेर आई पुग्यौं ।"

[सखि ! प्रेक्षस्व प्रक्षस्व ! एतद् भगवत्याः भागीरथ्याः यमुनासङ्गम-विशेष पावनेषु सलिलेष्वात्मानमवलोकयत इव प्रतिष्ठानस्य शिखाभरणभूतं तस्य राजर्षेर्भव-नमुपस्थिते स्वः । विक्रमोर्वशीय अङ्क २ । पद्य ९ पश्चात्]

कालिदासको उपर्युल्लिखित 'भागीरथ्याः यमुनासङ्गमविशेषपावनेषु' वाक्यांश वारे रूपान्तरकार केशर संशेरले यस्तो टिप्पणी दिएका छन्, जो विशेष उद्धरणीय छ—

'पुरुरवा' को पालामा गङ्गा तल झरि सकेको हुनुपर्ने त होइन तर रघुवंशका कर्ता आफै जाल्लान् ।'

केशर संशेरको यो टिप्पणीले इनले कालिदासीय साहित्यका साथै अन्य संस्कृत ग्रन्थको पनि गहिरो अध्ययन गरेको कुरा स्पष्ट हुन्छ । यति मात्र होइन, यस द्वारा रूपान्तरकारले विक्रमोर्वशीयम्को सफल नेपाली रूपान्तरण गरेको कुरा पनि निःसन्देह

टङ्कारो हुन्छ। यहाँ चन्द्रेश्वर दूबेको 'नेपाली शाकुन्तल महाकाव्य र विक्रमोर्वशीयम् (रूपरेखा १६.१, २०३२) लेखको पनि सम्झना गर्नु प्रासङ्गिक नै हुने लाग्द छ।

(२) शकुन्तला : कृष्णप्रसाद ढुङ्गाना

कालिदासीय अभिज्ञानशाकुन्तलको नवावतारमा लेखकहरूको वर्णक्रमानुसार शकुन्तला नाटक लेख्ने हरूमा 'क' को ठाउँ ओगट्ने नाटककारको नाउँ हो—कृष्णप्रसाद ढुङ्गाना। ढुङ्गानाको यो कृति पहिलो खेपमा एक हजार जम्ल्याहा लिएर सन् १९७३ मा बनारसमा देखा पर्छ। वाबू माधव प्रसाद शर्माको प्रकाशन बाट निस्केको चौवन्न पेजका यस किताबको मूल्य १।५० बढ्दै हाल रू २। पुगेको छ।

यस नाटकमा नाटककार ढुङ्गानाबाट कथानकको रूपमा कालिदासीय शाकुन्तल कै अनुसरण भएको छ भने यसलाई आफ्ना शैली र प्रतिभाको प्रयोग गरी मूल शाकुन्तलबाट बिछट्ट राख्ने नाटककारको अथक प्रयास पदे-पदे देखिन्छ। यो स्तुत्य छ। अत एव ढुङ्गानाको यस नाटकले आकार र छाँट-काटमा आफू सबै भन्दा सानो भए पनि बड़े-बड़े औतारीहरूलाई उफ्रेरै भए पनि पुग्ने-भेट्टाउने भर मग्दूर प्रयास गरेको छ भन्ने कुरामा नास्ति सन्देहः।

सातौं अङ्कलाई अन्तिम मान्नु पर्ने यस शकुन्तला नाटकको तेस्रो अङ्क कालिदासीय अभिज्ञान शाकुन्तलम्को भन्दा बढी संक्षिप्त छ। नाटकको सबै भन्दा सानो यो अङ्क एकै दृश्यमा समाप्त हुन्छ।

हुन त कालिदासीय अभिज्ञान शाकुन्तलम्का नेपाली अनुकृति वा प्रतिकृतिहरूमा लोक छन्दको अवतरण कुनै नौलो कुरा होइन। ढुङ्गाना भन्दा पहिले नै यसका प्रयोक्ता शम्भु प्रसाद ढुङ्गेल भएका छन्। गजल लोलुप मोतीराम भट्टको शकुन्तला नाटक हाल दुर्लभै भए पनि त्यसमा गजल जस्ता लोकलयको प्रयोग भएको हुनुपर्ने कल्पना गर्न सकिन्छ।

यहाँ निर नाटककार ढुङ्गानाको शकुन्तलामा कालिदासीय आर्याको प्रतिद्वन्द्वी रूपमा अवतरित नेपाली लोक छन्द झ्याउरेले यस नाटक्लाई अझ आकर्षक पारी दिएको छ। शास्त्रीय छन्दका कट्टर पक्षपातीहरूलाई यो झ्याउरेको प्रयोग ग्राम्य जस्तो लाग्ला? यो अर्कै कुरा हो। वस्तुतः स्वयं कालिदासले नै प्रसङ्गःलाई रोचक बनाउन नेपाली भाषाको संस्कृत समानान्तररूप प्राकृतमा आर्या गीतको प्रयोग गर्दछन् भने तिनकै नेमिवृत्तिता अगाल्ने नाटककार ढुङ्गानाले नेपालीमा झ्याउरे प्रयोग किन न गर्नु? प्रस्तुत छन्, शकुन्तलानाटकबाट केहि उद्धरणहरू—

शकुन्तला :—निठुरी तिम्रो मनको हाल जान्दिन कस्तो छ!
दिन र रात पोल्दछ मलाई कसरी बाँच्ने हो?

[तव न जाने हृदयं मम पुनः कामो दिवाऽपि रात्रावपि ।
निर्घृण ? तपति बलीयस्त्वयि वृत्तमनोरथान्यङ्गानि ।।

राजा— जुसरी पोल्छ दिन र रात तिमीलाई जलाई
उसरी पोल्छ मलाई पनि जिउ मेरो पिल्साई ।।
गाल्दैन उति कुमुदलाई जति कि दिनले
हे मेरी माया ! चन्द्रलाई गाल्छ त्यो आफ्ना करले ।।
[तपति तनुगात्रि ? मदनस्त्वामनिशं मां पुनर्दहत्येव ।
ग्लपयति यथा शशांङ्कं न तथा हि कुमुद्वतीं दिवसः ।।]
बिर्सिस् हैं क्या रे ? मञ्जरीलाई कमल खासामा
मञ्जरी चाहिं रोएर बस्छे पिल्पिले आशामा ।।
[कमल वसइ मेत्तणिव्बुदो महुअर विस्हरिओसि णं कहं]

केशर संशेरको विक्रमोर्वशीमा जस्तै ढुङ्गानाको नाटकमा पनि राजाका लागि दरबारी शैलीका शब्द प्रयोग भएका छन् ।

यस शकुन्तला नाटकको मुख्यतया औंल्याइनु पर्ने विशेषता हो–यसमा उल्लिखित स्थल विशेषका नामकरण । नाटककारले यस नाटकका घटनालाई मूलतः नेपाल भूमि मैं घटित देखाएका छन् । यहाँकी शकुन्तला नेपाली छन्, कण्व पनि नेपाली । यहाँ त माझी पनि नेपाली छ भने शकुन्तलाको औंठी खसेको ठाउँ पनि नेपाल । प्रस्तुत छ, नाटककार ढुङ्गानाको शकुन्तलाको पाचौं अङ्कबाट उद्धृत यी पंक्तिहरू—

शकुन्तला :—(औंठी छामेर) उः औंठी त कहाँ खसे छ ?
गौतमी :—पक्का पनि देउघाटमा पानी खाँदा खस्यो ।

× × ×

सिपाही :—चोर कहिंको ! कहाँ भेटिस् राजाको औंठी ! भन्
माझी :—न रिसाउनोस् न म यस्तो चोरी गर्ने होइन ।
सिपाही :—असल बाहुन भनेर दान पाइस् त !
माझी :—सुन्नोस् ! म देउघाटको माझी हूँ ।

[शकुन्तला पाचौं अङ्क । दोस्रो दृश्य । ३६ सौं पृष्ठ]

शकुन्तला नाटकको स्थल विशेषको चर्चा गर्ने यो क्रममा एउटा अर्को उद्धरण प्रस्तुत गर्ने लोभ पनि संवरण गर्न सकिदैन—

दूत :—(अगाडी बढेर) जय होस् सरकारको ?
राजा :—के समाचार छ ! मुस्ताङ्गी राजाको
दूत :—सुनि बक्सिओस् । तिब्बतमा दानवहरूको प्रभाव बढ्दै छ । कालनेमिको

छोरो दुर्जयले बडो उत्पात मच्चाएको छ। त्रिविष्टपेन्द्र भागेर मुस्ताङ् सवारी भएको छ। सहायतार्थ उहाँले हजूरमा निवेदन चढाउन पठाउनु भएको हो।

[शकुन्तला छैठौं अङ्क ४५ पृष्ठ]

नाटककार ढुङ्गानाका शकुन्तलाको रचनाविधान राम्रो छ। नेपाली पन छ यसमा। नेपाली राष्ट्रियता ओत-प्रोत छ यसमा। नेपाली वीरताको पायन चढेको छ यसमा। समाज सेवाको यज्ञमा आफूलाई आहुति दिन कृत संकल्प प्रातः स्मरणीय जगन्नाथ उपाध्याय गुरागाईंका पदचिह्नका सच्चा अनुयायी, विद्या धर्म प्रचारिणी नेपाली समिति वाराणसी द्वारा संचालित नेपाली संस्कृत महाविद्यालयका प्रधानाचार्य, यस भन्दा बढी नेपाली जातिको अस्तित्व र सम्मानका लागि विदेशमा पनि मरि मेट्ने 'सिद्धान्त-ज्यौतिषाचार्य पं० कृष्णप्रसाद ढुङ्गानालाई नेपाली भाषा सेवीको दृष्टिले कोषकारको रूपमा प्राय धेरैले जान्दछन्। शकुन्तला नाटकको यस नवावतारले नाटककारको रूपमा पनि उभ्याइदिएको छ। माथिका उद्धृत संकेतहरूले यो कुरा छर्लङ्ग्याएकै छ।

पहिलो साहित्यिक कृतिको रूपमा देखिएको यस नाटकले नाटककारकारका अरु कृतिहरू पनि भए प्रकाशमा आउने आशा गरिन्छ।

'आफू ताक्छ मूढो बञ्चरो ताक्छ घुँडो', भन्ने उखान प्रचलित छ। कुनै पनि लेखक आफ्नो कृतिलाई नया टाइपमा कम्पोज होस्, राम्रो कागजमा छापियोस्, शुद्ध किताप निस्कोस् र त्यो गुणी एवं अधिकारी पाठकको हातमा छिटो भन्दा छिटो पुगोस्, भन्न चाहन्छ। तर प्रकाशकले चाहि सस्तो थोरै खर्चमा बढी आमदानी हुने दृष्टिकोणले छापियोस् भन्न खोजेको देखिन्छ। फलतः कहिले काहि समाजोपयुक्त र समयोपयोगी सामग्री पनि छापिएर बाहिर आउँदा उस्तो आकर्षक हुदैन।

प्रकाशकीय अनुदारताको प्रभाव केहि अंशमा नाटककार ढुङ्गानाको शकुन्तलामा पनि परेको छ। यसमा गद्य-पद्य श्लोक झ्याउरे सबै एउटै टाइपमा एकै ठाउँ-सिन्की खादे जस्ता भएका छन्। 'दर्शौको पुन्युमा अर्वाको राम हेर्ने यात्रु' झैं शब्दले सास फेर्न पाएका छैनन् यसमा, वाक्यले विसाउन। कालिदासको विशालकाय संस्कृत अभिज्ञान शाकुन्तलम्को दृष्टिमा यो नेपाली नाटक स्वतः संक्षिप्त छ। त्यसमा पनि प्रकाशन क्रममा देखिने औदार्यको कमीले गर्दा नाटक कै गुणात्मकतामा खोट लागे जस्तो भान पर्न जान्छ। कहिले काहि प्रकाशकको त्रुटि नै लेखकले वेहोर्नु परेको पनि प्रतीति हुन्छ यसमा।

पुस्तकको गातो देख्दै पातो पल्टाउने इच्छा जाग्रत हुनु पर्दछ, प्रकाशनका दृष्टिले। पातो पल्टाउदै 'थपक्क वसेर पढी हाल्नु पर्‍यो' भन्ने कुतूहल भै हाल्नु पर्छ, विषयका दृष्टिले। त्यसै हुनाले एउटा सफल कृति र कृतिको सफलतामा विद्वान् तथा प्रतिभा-

शाली लेखक, उदार प्रकाशक तथा सहृदय र सुपात्र पाठकको योगदान महत्वपूर्ण हुने कुरा बिर्सिन सकिदैन । अतः ढुङ्गानाको शकुन्तलाले अर्को संस्करणमा आफ्नो कायाकल्प अझ बढी आकर्षक रूपमा गर्ने छ भन्ने आशा मात्र यहाँ गर्न सकिन्छ ।

(३) अभिज्ञान शाकुन्तल :—मा० खड्गमान मल्ल बी० ए०

'अभिज्ञान-शाकुन्तल' को अनुवाद कुन भाषामा होओइन ! हाम्रो नेपालीमा पनि कति विभिन्न संस्करण निस्किसकेका छन् । तर यसलाई चाहिं चोखो अनुवाद भने हुन्छ, किनभने यसमा अनुवादकले एक शब्द पनि आफ्नो तिरबाट बढाएको छैन, न घटाएकै छ ।"

उपर्युक्त पंक्तिहरू यस नाटकका रूपान्तरकार खड्गमान मल्लका 'दुई शब्द' बाट उद्धृत गरिएका हुन् । यसबाट मल्लको अभिज्ञान शाकुन्तल रूपान्तरकारको सफल रूपान्तरण मानिन्छ । श्री शरद् रञ्जन राय एम० ए० द्वारा सम्पादित एवं तात्कालिक बी० ए० परीक्षाका पाठ्यक्रममा निर्धारित संस्करणको आधारमा यस नाटकको रूपान्तरण भएको छ ।

मल्लले आफ्ना 'दुइ शब्द'मा एक शब्द पनि बढाउने घटाउने न गर्ने उद्देश्य लिए अनुसार यस नाटकका स्थल विशेषमा अलि विस्तृत रूपमा कतै केहि भनी हाल्नु पर्दा पनि त्यसलाई टिप्पणीमा नै राख्ने कार्य भएको छ । जस्तै—स्त्रीरत्नसृष्टिरपरा प्रतिभाति सा मे ।

यसको रूपान्तरण—"अर्को स्त्री-रत्नको सिर्जना भए जस्तो लाग्दछ" भनेर गरे पछि पनि त्यहाँको 'स्त्री रत्नका' पद निर १ चिह्न दिई त्यसलाई पाद टिप्पणीमा—'पहिले एउटी स्त्री रत्न तिलोत्तमाको सृष्टि भएको थियो ।' जस्ता वाक्यको उल्लेख गर्ने मल्लज्यू आफ्ना जिज्ञासुपाठकहरूलाई औधि गुन लाउन सफल देखिएका छन् । रूपान्तरको एउटा उदाहरण—

"यसरी राजकाज छाडेर यस्तो अनकण्टारको ठाउँमा कुसुण्डाको वृत्तिले हजूर राज भइ राखेको छ । सत्ते, दिनका दिन जीव-जानवरको पछि लाग्दा लाग्दा जोर्नीका गाँठाहरू खुकुला भएकाले अङ्गहरू आफ्ना हुदै होइनन् भने भस्ता भएका छन् ।

[एवं राजकार्याणि उज्झित्वा तादृश आकुलप्रदेशे वनचरवृत्तिना त्वया भवितव्यम् ! यत्सत्यम् प्रत्यहं श्वापदसमुत्सारणैः संक्षोभितसन्धिबन्धानां मम गात्राणामनीशोऽस्मि संवृत्तः । तत् प्रसादयिष्यामि विसर्जितुं मामेकाहमपि तावद् विश्रमितुम् ।]

(अभिज्ञान शाकुन्तलम् अङ्क २)

आकुलप्रदेशे = अनकण्टारको ठाउँमा, यत्सत्यम् = सत्ते, संक्षोभित = खुकुलो, सन्धिबन्ध = जोर्नी जस्ता शब्दहरूको मीठो नेपाली शब्द चयन साह्रै स्तुत्य छ ।

यसै गरी कालिदासीय शाकुन्तल चतुर्थ अङ्कका चौधौं पद्यको रूपान्तरण—

कश्यप—"नानी, जसको मुखमा कुशको टुप्पाले चिर्दा तिमी घाउ निको पार्न चिउरीको तेल खन्याउँथ्यौ। जसलाई तिमीले श्यामक धानका मुट्टीका मूट्ठी ख्वाएर हुर्कायौ। त्यही धर्म पुत्र मृगशावक तिम्रो बाटो छोड्दैन।"

[यस्य त्वया व्रणविरोपणमिङ्गुदीनां तैलं न्यषिच्यत मुखे कुशसूचिविद्धे।
श्यामाकमुष्टिपरिवर्द्धितको जहाति सोऽयं न पुत्रकृतकः पदवी मृगस्ते।]

अनुवादका क्रममा कहिं कहिं भद्रे संस्कृतको ठाउँ 'भद्रा'ले लिन पुगेको छ। यो नेपाली 'भद्रा' शब्द संस्कृत भद्रेको भावाभिव्यक्तिमा कत्तिको सक्षम छ, विचारणीय छ।

(४) शकुन्तला : डिल्लीराम तिमसिना

नेपाल भित्र र नेपाल बाहिर बराबर चर्चित एवं बहुश्रुत डा० डिल्लीराम तिमसिनालाई नेपाली साहित्यको साउँ अक्षर कोर्ने मात्र सम्मलें पनि न चिनेको छैन, तर तिमसिना द्वारा रचित शकुन्तला खण्डकाव्य सँग भने नेपाली साहित्यका बड़े-बड़े महारथीहरूपनि अपरिचित होलान् भन्ने कुरा लेख्दा यस पंक्तिको लेखकले धक फुकाएके छ। आज अवतार लिएको लगभग चार दशक पुग्दा सम्म पनि प्रकाशित हुने सौभाग्य न पाएको यस शकुन्तला खण्डकाव्यका शिलोकहरू कविका घर-परिवार र छर-छिमेकमा मुखाखर छन् भन्ने कुरा पनि पत्तो लागेको छ। लेखकका स्रोत पनि कविका इनै पारिवारिक सदस्यहरूका कण्ठाखर हुन्, मुख-पुस्तिका।

हाल काशी हिन्दू विश्वविद्यालयमा प्राध्यापकको रूपमा लगभग दुई दशक वसन्त खपाइ सकेका दर्शनाचार्य, एम० ए० नेपाली, जर्मन डिप्लोमा तथा संस्कृत विश्वविद्यालयबाट हिन्दी भाषामा नेपाली सँगको व्यतिरेकी अध्ययन बारे भाषा विज्ञानमा विद्यावारिधिको उपाधि समेत प्राप्त गरिसकेका डा० तिमसिनाबाट लेखिएका यस काव्यमा आज भन्दा पुग न पुग चालिस वर्ष पहिलेका छात्र डिल्लीराम तिमसिनाको काव्य प्रतिभा दृष्टिगोचर हुन्छ। ज्ञातव्य छ— आफ्ना अध्ययन कालमा संस्कृत छात्रावास तीन धारा काठमाडौंमा 'जयतु संस्कृतम्' को बिगुलमा स्वर मिसाउनेहरू मध्ये तिमसिनाको नाउँ पनि गाँसिएको छ।

शकुन्तला खण्डकाव्यको प्रारम्भ कण्व ऋषि र उनको आश्रमवर्णनबाट हुन्छ। प्रस्तुत छन्, काव्यका थालनीका पद्यहरू—

झोड़ी जंगल एक थ्या अति घना उसमा तलाऊहरू।
थीया सुन्दर ती अनेक तरहका लहर भएका तरू॥
एका छेउ महाँ सदा स्वर हरू झर्झर गरी निर्झर।
गर्थे कल्कल शब्दले मन पनी गराउँथे तुल्बुल॥

सोही जंगल बीचमा अति ठुला क्वै कण्व नामा ऋषि ।
साक्षात् ईश्वरको गरौं भनि सदा ठूलो ति गर्थे विधि ॥
उन्की पालित एक पुत्रि पनि थिन् शकुन्तला नामकी ।
ती गर्थिन् दिनहूँ सगाई सरि भै फुल्वृक्षको चाकरी ॥

'सगाई सरि भै फुलवृक्षको चाकरी' यस पद्यांशमा "सगाई सरि'को अर्थ सगाई दिने व्यक्तिको रूपमा भन्ने खालको ध्वनित भएको छ । कविको तात्पर्य अनुसार यहाँ शकुन्तलालाई सकी न सकी भए पनि पानीको घड़ा बोकेर जलसेचन गर्न फूलवारीमा जानै पर्ने बाध्यता भएकी चित्रण गरिएको छैन । प्रत्युत आफ्नी सगिनी हरूलाई सगाउने उद्देश्यले शकुन्तला आफू खुसी लता र वृक्षको सेवा सुसारमा लागेकी छन् भन्ने भाव भने सहजै ध्वनित हुन्छ ।

अहिलेका डा० तिमसिनालाई हेरेर त्यस बेलाका छात्र तिमसिनाको काव्य शैली दाज्नु र गुण दोष केलाउने गर्न खोज्दा कवि भन्दा बढ़ी पंक्तिको लेखकके गुण दोष केलाइने छ । कवि भन्दा बढ़ी लेखक नै आलोच्य हुन जानेछ । त्यसैले यस तर्फ न लागी यहाँ यतिमात्र न लेखी न हुने छ—

नेपाली साहित्यको भव्य मन्दिरमा एक दर्जन सुनौला ईट थप्ने कवि तिमसिनाका शैलीमा तथा कृतिहरूमा कालिदासीय छटाहरूले नै लुकामारी खेलेका छन् । खास गरी यो शकुन्तला खण्डकाव्यमा त कालिदास स्वयं नया अवतार लिन बाध्य भएका देखिन्छन्—

पानी सम्म पनि तिमीहरू न पी पिउँदैनथिन् प्रेमले ।
मायाले गरदा टपक्क ती टिपी लाउन्नथिन् पालुवा ॥
फुल् फूलोस भनि आसले दिन दिनैं हुन्थिन् बड़ो उत्सुक ।
अहिले सोहि शकुन्तला पति घरै जाँदा विदा लौ गर ॥

काव्यको प्रारम्भ देखि नै कवि तिमसिनाबाट आकर्षक तथा छिटो-छरितो रूपमा भावाभिव्यक्ति भएको छ । लाग्दछ, कालिदासीय अभिज्ञान शाकुन्तलको विशाल उपवन मा ढ़कमक्क फुलेका फूलहरूबाट कसैले आफनो चिटिक्क परेको सानो झोलीमा टप्-टप्-टप् मन चिन्ते फूल टिप्तैछ । फूल-आफूलाई चाहिने मात्र, फूल-आफूले रूचाएको मात्र, फूल-आंफूले टिप्न सक्ने मात्र र फूल-आफूले पुग्न सक्ने मात्र ।

अहिले लगभग ३६ वर्षको लामो अवधि सम्म समाधि लगाई सकेको छात्र तिमसिनाको यो खण्डकाव्यलाई डा० डिल्लीराम तिमसिनाले भए पनि छापी प्रकाशित गर्ने चाजो-पांजो मिलाइ दिए कालीदासीय साहित्यको यस नेपाली औतारले पनि पुस्तकाकारमा कायाकल्प पाउने थियो । पुस्तकले पाठक पाउने थियो, पाठकले पुस्तक । अनि दुवैले मिलेर आफ्ना कविलाई बीसासय आयुको आशीर्वाद दिने थिए ।

यस्ता आशीर्वाद पाउनु पर्ने लाममा केवल डिल्लीराम तिमसिनाको मात्र नाउ आउदैन। यस वाहेक अनेकौ कवि र साहित्यकारहरू छन् जसका लेखनीले कुदेका र प्रतिभाले गढेका कालिदासीय नेमिवृत्ति कृतिहरूले प्रकाशन यन्त्रको मुख देख्न पाएका छैनन् र यसै गरी दशाब्दिऔ-दशाब्दी सम्म इनले समाधिमय जीवनी बिताएका छन्।

अन्त्यमा-आफ्नी छोरी शकुन्तलालाई दरबारदेखि छाप्रा सम्म लोकप्रिय हुन आशीर्वाद दिने महर्षि कण्वका अभिव्यक्ति यस काव्यबाट उद्धृत गर्दै यस प्रसंगलाई यहि् छोटयाउनु वेस होला।

सासूको ससुरा र मान्य जनको आफ्ना पती देवको।
सुसार गर्नु र सौतिनी जन महाँ प्यारी संगीनी हुनु॥
स्वामीका रिसका कठोर ती वचन ढुङ्गा सरी भै सहू।
जे भन्छन् उहि सर्सरी गरिगरी प्यारी सबैकी हऊ॥

(५) अभिज्ञान शाकुन्तल : पहलमान सिंह स्वाँर।

अछाम जिल्लाको रीडीकोटमा जन्मेका पहलमान सिंह स्वाँरले आफ्ना गाउँ मै प्रारम्भिक अध्ययन थालेका थिए। यति मात्र होइन, आफ्नो सोह्र वर्षको उमेर सम्म इनले अछाम कै संस्कृतका पण्डितहरू संग संस्कृत साहित्यको अध्ययन गर्ने सौभाग्य प्राप्त गरेका थिए। गुरुमुखबाट बालक पहलमानको कोमल तथा उर्वर हृदयमा प्रतिरोपित कालिदासीय साहित्यका बीजहरू पछि लेखनी माध्यमले झाँगिएर पुष्पित-फलित भए। फलतः मेघदूत, रघुवंश र अभिज्ञान शाकुन्तल गरी तीन कृतिहरूले स्वाँरबाट नेपाली औतार पाए।

यहाँ पहलमान सिंह स्वाँरको यस अभिज्ञान शाकुन्तलले आफू एकतीस वर्षको लामो गुप्तवास वसीसकेको दावी गरेको कुरा यसका प्रकाशक जगदम्बाप्रकाशनको भूमिकामा देखिन्छ तर इतिहासज्ञ-शिरोमणि चाहिं यस अवतरित विग्रहको दर्शन ३६ वर्ष अगाडी पाई सकेको कुरा लेख्तछन्।

नाटककार स्वाँरले आफ्नो शाकुन्तला नाटकलाई नेपाली पनमा उतार्न निकै प्रयत्न गरेको देखिन्छ। अतः यो नाटक पनि सरासरै कालिदासीय शाकुन्तलको छायानुवाद भन्न न मिल्ने छ। कहिं कहिं कालिदासले प्रयोग गरेको छन्दलाई परिवर्तन गरी अर्को छन्दमा त्यो भाव उतार्ने सफल प्रयास नाटककारको देखिन्छ। पहिले प्रस्तुत छ कालिदासीय पद्य—

[उद्गलितदर्भकवला मृगयः परित्यक्तनर्तना मयूराः
अपसृतपाण्डुपत्रा मुञ्चत्यश्रूणीव लताः॥ शाकु० ४।१२]

यस पद्यको भावलाई स्वाँर अर्को छन्दमा यसरी व्यक्त गर्दछन्—

सब् दर्भका कवल यी मृग त्याग्न लागे
फेरी मयूरहरूले पनि नाच त्यागे।
पत्ता खसे यी लहराहरूका पहेंला
आँसू खसे सरि भए सब एस बेला ॥ अभि० ४।१२

'अनाघ्रातं पुष्पं' पद्यको स्वाँरले गरेको भावाभिव्यक्ति यसो हेर्दा छायानुवाद जस्तै देखिए पनि यसका पद संघटन र सरल तथा मिठास पूर्ण शैलीमा मौलिकताको झझल्को पाइन्छ। जस्तै नाटकको दोस्रो अङ्कको दशौं पद्य—

राजा—न सूघेंको राम्रो फल न टिपिएकी कलि सरी
न छेडेको मोती रस न झिकिएको मह सरी।
यिनी राम्रीलाई कुन पुरुषका पुण्य बलले
गराऊलान् भोग्नें खुशि सित अहो ? हेर विधिले।

विदूषक—"त्यसो भए सरकारबाट झट्टै विहा गरि बक्सियोस्। नत्र चिउलीका घिउले चिल्ला शिर भएका तपस्वीका हातमा पर्लिन्।"

प्रथम अङ्कको समाप्तिमा 'पहिलो अङ्क सकियो' भन्ने मेसो चले पछि त्यसै क्रममा कितापको पुछारमा लेखिएको छ—"सातौं अङ्क सकियो। शुभम्भूयात्"

कालिदासीय नेमिवृत्तिता सकारेका धेरै जसो नेपाली नवावतारहरूले आफू जरा-मरणको पुनरावृत्तिबाट जोगिन हो वा किन हो ? एक दशक, दुइदशक, तीन दशक सम्मको एकान्त तपस्या गरेको फेला पर्दछ। कुनैले त गर्भमा रहेर पनि लामो साधना गरि रहेकै छन् अझै सम्म पनि। यस साधनाक्रममा हाल अगुवा देखिन आएको कृति यस पंक्तिलेखकको जानकारीमा तिमसिनाको शकुन्तला नै हो। यसले लगभग चार-दशकको लामो साधना गरिसकेको छ, यसको माथि उल्लेख भैसकेको छ।

(६) शकुन्तला : माधव घिमिरे

कवि माधव घिमिरे माथि कालिदासीय सरणिका नेपाली नेमिवृत्ति महाकवि देवकोटा र लेखनाथको स्पष्ट प्रभाव परिलक्षित हुन्छ। तर फरक छ-लेखनाथ शास्त्रीय छन्दका विशुद्ध कवि हुन् भने माधव घिमिरे यसका लोकलयी कवि।

यसै गरी देवकोटा नेपाली वृहदरण्यका सिंह हुन्। इनी आफूले एकपल्ट लेखेको कुरालाई पछि फर्केर के कसो भयो? भनेर हेर्दैनन्; तर माधव घिमिरे प्रत्येक क्षण दायाँ बायाँ तल माथि हेर्दै हिड्छन्। इनी बाटाका न चाहिदा अवरोध पन्छाउँदै, ढुङ्गा-मुढा किनार लाउँदै हिडेका हुन्छन्। त्यसैले देवकोटाका कविताको अर्थ पाठकले लगाउनु पर्छ भने घिमिरेका कविताको अर्थ कविले स्वतः लगाइ दिई राखेका हुन्छन्। यस बारे पाठकले कपाल दुखाउनु पर्दैन। देवकोटा संगका तुलनामा माधव घिमिरे परिश्रमका कवि हुन्, परिष्कारका कवि। यो कुरा यसै तथ्यबाट स्पष्ट छ—

जहाँ कालिदासीय नेमिवृत्तिता अँगाल्ने देवकोटाको शाकुन्तल महाकाव्य तीनै महिनामा तयार हुन्छ त्यहिं २०३१ सालमा थालिएको माधव घिमिरेको शकुन्तला नाटिकाले २०३६को उत्तरार्ध तिर आएर मात्र पूर्णतः परिष्कार पाई सक्छ। ज्ञातव्य छ—घिमिरेका शकुन्तलाको पहिलो अङ्क, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान द्वारा प्रकाशित हुने 'कविता' शुभ-जन्मोत्सव विशेषाङ्क (पुनः प्रवेशाङ्क–१,२०३६) मा प्रकाशित भएको छ।

यति कुरा यहाँ भन्नै परेको छ—सात-सात अङ्कमा समाप्य कालिदासको विशाल-काय नाटक अभिज्ञान-शाकुन्तलमूले कविवर घिमिरेका लेखनीको शिल्पमा निखार-तिखार परिष्कार पाएर तन्वी नाटिकाको रूप लिएको छ। अर्को अर्थमा भन्दा-कालि-दासको अनाविद्ध रत्नको बडेमाको डल्लो नाट्य शिल्पी घिमिरेका प्रतिभाको नेपाली रेती लाग्न पाएर झन् चहकिलो र बढी लोभ लाग्दो भएको छ।

नेपालीसाहित्यका विशाल वटवृक्षको बीजवपन्न पूर्वीय संस्कृति र सभ्यताको उर्वर धरातलमा हुन्छ। यसैमा यो हुर्किन्छ पनि, हाँगिन्छ पनि र झाँगिन्छ पनि।

हो, यस विंशकमा आएर पाश्चात्य साहित्य र साहित्यकारको अन्धाधुन्ध प्रभाव ग्रहण गर्दै त्यसै प्रभावलाई ओइर्‍याएर आफ्नो साहित्यलाई चुल्याउने लोभ र उत्सुकता-वश चलाइएको पश्चिमी हुरी बतासले पूर्वीय धरातलमा हुर्केको नेपाली साहित्यलाई प्रभावित न पारी रहेन। फलतः पश्चिमाभिमुख नेपाली लेखक तथा साहित्यकारहरूले यसरी पिठ्यूँ फर्कन खोज्दा पूर्वमा ओझेल पर्न लागेको पनि लगभग पत्तौ न पाएको जस्तो भान हुन लागि सकेको थियो। यसै दोसाँधको वेला घिमिरेको शकुन्तला प्रका-शित हुन्छ। प्रस्तुत छ, नाटिकाको त्यो पद्य जसमा गौतमी शकुन्तलालाई अध्याराको साँझ-बत्ती बाल्न नेपथ्यबाट अह्राउँदै हुन्छिन्—

हे तपोवनकी बत्ती ! कण्वकन्या शकुन्तला !
फर्क पर्ण कुटी तर्फ बत्ती बाल्न न होस् ढीला ॥

कालिदासीय वाङ्मयका नेमिवृत्ति कवि माधव घिमिरेको यस नाटिकाले नेपाली साहित्यका सम-सामयिक लेखक तथा कविहरूलाई केहि ढीलै भए पनि आफ्नो अतीत को गौरव तर्फ पुनः एक पल्ट सिंहावलोकन गर्न बाध्य तुल्याएको छ, भन्न करै लाग्दछ। मोतीराम भट्टदेखि प्रारम्भ भएको कालिदासीय साहित्यले नेपाली अवतार लिने यस दीर्घ परम्परामा झुल्केको घिमिरेको शकुन्तला नाटिकाले आफ्नो परिवारमा कान्छो भए पनि परिपक्व सदस्यको भूमिका खेल्नु पर्ने टड्कारो देखिएको छ।

जस्तो माथि भनियो, घिमिरेको शकुन्तला नाटिका हो। त्यसै हुनाले यस तन्वी शकुन्तलाको आकारमा तनुता छ, वेदनामा तीव्रता छ, परिवेषमा राष्ट्रियता छ,

मिलनका लागि औत्सुक्य छ। यसको थालनी अनुष्टुप् छन्दमा भएको छ र यसमै यो अगाड़ी बढ़ेको छ। अस्तु

अहिले भर्खर शकुन्तला (गीतिनाटिका) लेख्ने माधव घिमिरे र उनको गीतिनाटक बारे केहि टिपोट माथि गरियो। इनका शकुन्तलामा कालिदास र उनको अभिज्ञान शाकुन्तलको समग्रता छदै छ। यस बाहेक इनका अन्य पूर्व प्रकाशित खण्डकाव्यहरूले पनि कालिदासलाई पच्छाएका छन् मात्र होइन, इनको शाकुन्तलगत मिठासको पूर्वानुभूति पनि पाठकले तिनमा पाएको हुन्छ। यसको उदाहरण प्रसंग लामिने भयले अहिलेलाई एउटा मात्र। कविको खण्डकाव्य राजेश्वरी बाट---

रानी लाई पुकार्छ शैल वनको एकलासको बाँसुरी
पन्छी झुक्किल लेकको पवनमा जो सुन्छ छक्कै परी
माँन्छे बाँच्छ सधै अपूर्व क्षणको संझेर यौटा कुरो
छाती भित्र उठी रहे छ इनका कैलासको टाकुरो ॥

उल्लिखित पद्यका आखर आखरमा कालिदास प्रतिबिम्बित छन्। प्रस्तुत छ, अभिज्ञान शाकुन्तलको यो पद्य—

[रम्याणि वीक्ष्य मधुरांश्च निशम्य शब्दान्
पर्युत्सुको भवति तत् सुखितोऽपि जन्तुः।
तच्चेतसा भवति नूनमबोधपूर्वं
भावस्थिराणि जननान्तरसौहृदानि ॥]

कहिले काहि त यस्तो पनि हुन्छ--माधव घिमिरेका एकै पद्यमा उनी भित्र समाहित कालिदासीय काव्य-शिल्प त-छाड मछाड गर्दै प्रतिविम्बित हुन थाल्छन्। अतः इनका कुनै कुनै पद्यले त कालिदासका एउटा कुनै काव्यको मात्र भाव होइन, अपि तु तीन तीन चार चार कृतिका भावतत्त्वहरू खर्लप्पै एकलै कुम्ल्याउन खोजेका हुन्छन्। कालिदासीय साहित्यका मर्मज्ञ पाठकका लागि माधव घिमिरेका काव्य त्यसैले झन झन् चाख लाग्दा हुन पुग्छन्।

(७) शकुन्तला नाटक : मोतीराम भट्ट

अहिले सम्मका कालिदासीय शाकुन्तलका नेपाली औतार मध्ये पहिलो हुने श्रेय युवक कवि मोतीराम भट्टको शाकुन्तल नाटकलाई जान्छ। हुन त यसको दर्शन पाएर कृत कृत्य हुने अवसर लेखकले पनि पाएको छैन र यस लेखक जस्ता अरू पनि धेरै छन् जसलाई यस बारे निकै उत्कण्ठा छ। तथापि शकुन्तला नाटकको अनुवाद मोतीराम भट्टले गरेको भन्ने बारे अविश्वास गर्ने व्यक्ति दुर्लभै होला भन्नु पर्दछ।

मोतीराम भट्टका जीवनी लेखक नरदेव अनुसार यस नाटकको रचनाकाल वि०

सं० १९४० हो । कमलदीक्षितका अनुसार भने यो नाटक वि० सं० १९४८ तिर लेखिएको मान्नु पर्ने देखिन्छ ।

तात्कालिक राणा प्रधान मन्त्री देव शमशेरका दरबारमा खेलाउने उद्देश्यले यो नाटक तर्जुमा गरिएको भनिन्छ । पाँच वर्षको उमेर देखि बनारसमा वसी लगभग एक दशाब्द सम्म संस्कृतको अध्ययन गरेका मोतीराम भट्टलाई कालिदासीय वाङ्मय ले निकै नै मोहनी लगाएको थियो भन्ने कुरा इनका ऋतु कविता तथा सन्देश काव्यले छर्लङ्ग पारेकै छ । अनुमान गर्न सकिन्छ—कालिदासीय साहित्यका दिव्या नायिका (अप्सरा) लाई तात्कालिक उर्दू प्रभावित समाजका संसर्गको फलस्वरूप हैदर नामकरण गरेर कविता लेख्ने मोतिराम भट्टलाई उर्दूबाट अप्रभावित थिए भन्न न मिले जस्तै इनको नाटकमा गजलले पनि प्रवेश न पाए होला भन्न सकिदैन । अड्कलका भरमा धेरै पाता रङ्गाउनु भन्दा यति मैं थामिनु उचित होला ।

"यस्तो पो गर्नु पर्दो रहेछ ?" यो उद्गार हो नेपालका तात्कालिक प्रधान मन्त्री वीर संशेरका । बालकृष्ण समको लिखित तथा अरु सुनी-बुझकीहरूका विभिन्न मौखिक श्रोत अनुसार मोतीराम भट्टको राष्ट्रियहृदय तात्कालिक राणा प्रधानमन्त्री तथा उनका अन्य भाई-भैयात् कहाँ हुने मुशलमानी नाच् गानले साह्रै दुःखित हुन्थ्यो । त्यसैले उनले उर्दूको व्यामोहलाई विर्साउन नेपालीमा गजल लेख्ने अभियानलाई झन् तीव्र पारेका हुन् भनिन्छ । हुन पनि ठीकै हो, उर्दू गजलमा रम्नु र फलाक्नु भन्दा त्यसको लय मात्र लिएर नेपालीमा गजल गाउनु कहिँ धेरै वेश हुन्थ्यो । भनिन्छ—वीर संशेरका दरबारमा ताज खाँ र दुन्दे खाँ जस्ता आयात हुने उस्तादको तालीम नेपाली दरबारिया ठीटी हरूलाई दिइने प्रक्रियाका घोर विरोधी थिए मोतीराम भट्ट । एकलो भट्टले हाँडी फोर्न के सक्थ्यो ?

तर मोतिरामले हिम्मत हारेनन् । उनले आफ्ना सहृदय दौंतरी तात्कालिक सेनापति देव संशेरलाई आफ्नो पक्षमा मिलाए । कालिदासीय अभिज्ञान शाकुन्तलको आफूले नेपालीमा गरेको अनुवाद 'शकुन्तला नाटक'को तालीम मोतीराम भट्टले देव सम्शेर के सुसारे हरूलाई दिन थाले । तालीम पुरा भै सके पछि स्वयं देव संशेरले पहिले आफूले त्यसलाई राम्रो संग हेरे । पछि कुनै एक दिन प्रधान मन्त्री वीर सम्शेर तथा उनका आफ्ना भाई भारदारहरूलाई समेत देखाए । त्यस दिन श्री ३ रिसाउँछन् कि ? भन्ने आशङ्काले देवसम्शेरको मुटुमा त नाटक समाप्त न हुन्जेल ढ्याग्रो ठोकिई रहेको थियो भने स्वयं नाटक लेखक तथा निर्देशक मोतीराम भट्टले पनि त्यस दिन छैंटी देखिको साहस सगाँल्नु परेको थिएन होला भन्न सकिदैंन ।

अब त यस नेपाली नाटकले नेपालमा खुला रूपमा प्रदर्शन हुन पाउने भयो । यति मात्र होइन, यसका लागि वीर संसेरले लाल दरबारमा एउटा ठेटर हल (रंग-

शाला) को पनि निर्माण थाली दिए। यद्यपि यो रंग शाला प्रयोज्य वीर संसेर र प्रयोजक युवक कवि मोतीराम भट्टको आसामयिक निधनले गर्दा पूरा हुन सकेन। तथापि नेपाली नाटक र ठेटरको इतिहासमा लाल दरबारमा थालिएको यो निर्माण-कार्यलाई महत्त्वको कदम भन्नै पर्दछ।

यस प्रसङ्गमा बिर्सिन न हुने कुरा के छ भने नेपाली साहित्यमा सर्व प्रथम सफल मञ्चन हुने नेपाली नाटक कालिदासकै अभिज्ञान शाकुन्तलको मोतीराम भट्टका प्रतिभा र लेखनी द्वारा अवतरित कि वा रूपान्तरित शकुन्तला नाटक हो। यो एउटा खुशीको कुरा, साथै यस्तो नाटक दुर्लभ तथा अप्रकाशित हुनु एउटा त्यत्तिकै खल्लो प्रसङ्ग।

मोतीराम भट्टका समयमा ऋतु कविता, श्रृङ्गार कविता र स्वर्वेश्याका मर्त्य लौकिक संस्करण, हैदर जस्ताको वर्णनमा कालिदासीय साहित्यको प्रभाव बारे माथि उल्लिखित कुरा न दोहोऱ्याई यहाँ फेरि एउटा के कुरा मात्र संभिनु पर्ने भएको छ भने—

मोतीरामले दिएका समस्याहरूमा मात्र होइन त्यस समयका समस्या पूरक कवि हरूका समस्यापूर्तिहरूमा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कालिदासीय प्रभाव देखिन्छ। उदाहरणार्थ—

"ल्यौ ल्यौ औंठी म दिन्छु राख तिमिले मेरो निशाना भनी।

मोतीराम भट्टले दिएका उपर्युलिखित समस्या र यसमा आफ्ना प्रतिभा र दक्षता प्रदर्शन गर्ने मोतीराम लगायत लक्ष्मीदत्त पन्त, नरदेव, भोजराज र गोपीनाथ आदि समस्या पूरक कविहरूले कालिदासीय शाकुन्तलका षष्ठ अङ्कको निम्नोद्धृत दुष्यन्तको उक्तिलाई नै समस्याको रूपमा लिएको र तदनुसार त्यसको पूर्ति गरेको मान्दा विगार परि हाल्ला जस्तो लाग्दैन—

राजा :—पश्चादिमां मुद्रां तदङ्गुलौ निवेशयता मया प्रत्यभिहिता—

एकैकमत्र दिवसे दिवसे मदीयं
नामाक्षरं गणय गच्छसि यावदन्तम्
तावत्प्रिये मदवरोधनिदेशवर्ती
नेता जनस्तव समीपमुपेष्यतीति। (अभि० ६।१२)

लक्ष्मीदत्त पन्तस्य—

यौटा खेद् मनमा पऱ्यो मकन ता तिम्लाई छोड्नु पऱ्यो
पर्देश आज न गै भएन मइले हा दैव यस्तो पऱ्यो।
दुई-चार दिन् तिमि दुःख काट पछि ता फिर्न्याछु चाँडो गरी
ल्यौ ल्यौ औंठी म दिन्छु राख तिमिले मेरो निशाना भनी॥

गोपीनाथस्य

पर्देस् जान भनी तयार हुन गयो कोई पियारो पनि
प्यारीका मनमा झसङ्ग पसि गो चीन्हो दिनूहोस् भनी
भन्न्या जिद्दि सुनी बडो खुशि भई झीक्यो अऊँठी पनि
ल्यौ-ल्यौ औंठि म दिन्छु राख तिमिले मेरो निशाना भनी

नरदेवस्य—

गर्थ्या भट्ट दरस् हवस् भनि मँ ता ध्यान् देवताको पनि
मन् चञ्चल हुन गो भनेर मइले खैचेर लिन्थ्याँ पनि
पायाको फल फेरि खोस्छ बुझ यो क्यारूँ विधाता खुनी
ल्यौ ल्यौं औंठि म दिन्छु राख तिमिले मेरो निशाना भनी।

मोतीरामस्य—

क्यै काल् सम्म धिरज् गरी तिमि रह्या फर्केर आउन् भनी
ल्यौ-ल्यौ औंठी मँ दिन्छु राख तिमिले मेरो नीशाना भनी

उपर्युल्लिखित समस्या र तात्कालिक कविहरूले गरेका त्यसका विभिन्न पूर्तिहरूमा कालिदासीय नाटक अभिज्ञान शाकुन्तलका प्रसङ्गको स्पष्ट प्रतिबिम्ब देखिदैंन र ? कालिदासीय काव्यको मोतिराम युगका कवि र तिनका रचनाहरूमा परेको प्रभावले गर्दा यस कालका साहित्यले कालिदासीय वाङ्मयको अध्ययनमा रूचि राख्नेहरूलाई निस्सन्देह घत लाग्दो मनोरञ्जन सामग्री दिन सक्ने आशा राखिन्छ।

(८) नेपाली शाकुन्तल महाकाव्य : लक्ष्मीप्रसाद देवकोटा

संस्कृत वाङ्मयमा लौकिक काव्यतत्त्वका प्रथम द्रष्टा वा प्रयोक्ताका रूपमा नेपाली महर्षि वाल्मीकिलाई आदिकविको सम्मान विश्ववाङ्मयले नै दिएको छ। अध्यात्म रामायणका अनुवादक भानुभक्तले नेपाली साहित्यमा आदिकविको उपाधि पाएका छन्, चलन चल्तीमा आनरेरी डी०लिट्। नेपाली महाकाव्यलाई आइसल्याण्डको सर्प भनिने ताका नेपाली साहित्यको वृहदरण्यमा जात जातका सर्प सृष्टि गरिदिए इनले-कुनै तीन महिनै गर्भवास बसेर जन्मिने त कुनै दश दिनको।

यो संजोग मात्र होइन, गौरवको पनि विषय हो—महाकवि कालिदासका हिमवद्देशको नेपाली प्राकृतले पहिलो महाकाव्य जन्मायो कालिदास कै विश्ववन्द्य कृति अभिज्ञान शाकुन्तलम्‌को उर्वर भाव भूमिमा। यसरी संस्कृत कै अभिज्ञान शाकुन्तलम् नाटकले नेपाली औतार लियो काव्यको रूपमा, महाकाव्यको रूपमा, नेपाली शाकुन्तल महाकाव्यका रूपमा। त्यसै हुनाले यसमा कालिदासीय नाटकको मधुर मनोरञ्जन छ भने, महाकाव्यगत हृदयाल्हादक चमत्कार पनि। शाकुन्तल महाकाव्यमा देवकोटाका

हृदयमा उर्लेको नेपालीपन छ, कुर्लेको कालिदासत्व छ र जुमुराएको महाकाव्यत्व। यो नेपाली साहित्यको पहिलो महाकाव्य हो, आदि महाकविको आदि महाकाव्य।

प्रारम्भिक अध्ययन नै संस्कृत बाट थालेका कालिदासीय रघुवंशका पद्य कण्ठस्थ पारी लयसाथ तिनलाइ भट्याउन समेत खप्पीस देवकोटाले संस्कृत काव्य रचना बाट नै आफ्नो साहित्यिक जीवनको श्रीगणेशाय नमः गरेका छन्। इनले मैले कालिदासको मूल शाकुन्तल नाटक पढेको छैन भने पनि कालिदासीय साहित्य कै आकण्ठ प्रभाव छ इनका कृतिमा, कालिदास कै अनुसरण छ इनका शैलीमा। त्यसैले यस पंक्तिका लेखकको दृष्टिमा देवकोटा भन्नु नेपाली साहित्यको कालिदास हो र नेपाली शाकुन्तल महाकाव्य नै कालिदासीय साहित्यको आमूल चूल प्रतिबिम्ब। अर्को अर्थमा समग्र कालिदासीय साहित्यको अभूतपूर्व एकी भवन छ यसमा।

कालिदासीय ऋतु संहारमा ऋतुवर्णन छ, कथानक छैन। विक्रमोर्वशीयम्मा नाटक छ, शाकुन्तलोपाख्यान छैन। रघुवंशमा महाकाव्यत्व छ, नाटक छैन। मालविकाग्निमित्रम्मा विदूषक वैदुष्य छ तर नायकको वैशिष्ट्य छैन। रघुवंश तथा कुमारसम्भवमा महाकाव्यत्व छ, नाटक गत आल्हादकता छैन। देवकोटाको नेपाली शाकुन्तल महाकाव्यमा भने कालिदासीय साहित्यका समग्र विधा छन्। त्यसैले यसमा अभिज्ञान शाकुन्तलम्को कथानक छ। मालविकाग्निमित्रम्को विदूषक वैदुष्य छ। विक्रमोर्वशीयम्को अप्सरोऽवतरण छ। विविध छन्दो विधान र वर्णनात्मकताले, आनखशिख पद्यबन्धताले यो महाकाव्य हो भने यसका कथोपकथन, सम्वादात्मकता, गीतिमयता र कथातीव्रताले गर्दा यो नाटक हो। त्यसैले नै देवकोटाका यस नाटकमा समष्टि छ। समष्टि-नाटक र महाकाव्यको। त्यसैले देवकोटा नेपाली शाकुन्तल महाकाव्यमा जहाँ सफल महाकवि देखिन्छन्, त्यहा नाटककारको पनि झझल्को दिन इनी पछि पर्दैनन्। अतः यसमा देवकोटा महाकवि मात्र होइन, नाटककार पनि देखिन्छन्। नाटककार मात्र होइन, महाकवि पनि देखिन्छन्। तर नाटककार थोरै महाकवि धेरै। त्यसैले इनको शाकुन्तल नाटक होइन महाकाव्य हो, नेपाली महाकाव्य, पहिलो नेपाली महाकाव्य। कालिदासीय शाकुन्तल रघुवंश-विधा विधामा।

शाकुन्तल महाकाव्यको प्रथम सर्गमा कालिदासीय महाकाव्य रघुवंशका प्रथम सर्गको बहुचर्चित पद्यांश उद्बाहुरिव वामनःको भाव यसरी रूपान्तरित भएको छ—

कालीदास भनेर कोकिलहरू काला भए ता पनि
कुँज्दै छन् वनमा न अड्छ तिनको आफ्नो वसन्ती ध्वनि
के मण्डूक कराउनु प्रकृतिले पापीपना हुन्छ र?
गौरीशंकरका नजीक चुचुरा उठछन् अरु वामन॥

शाकु० मा० १।२१

नेपाली शाकुन्तल महाकाव्यमा चौबीस सर्ग छन् । गौतमीलाई कण्वकी पत्नीको रूपमा उपस्थित गर्नु, शकुन्तलाले हरिणको साटो मेष शावकलाई खेलाउनु, कालिदासले प्रयोग गरेका र न गरेका छन्दहरूको समेत प्रयोग हुनु, विदूषकले हाडींको कथा सुनाउँनु आदि वैशिष्ट्य छन् यसमा । शाकुन्तल महाकाव्यको कथानक अभिज्ञान शाकुन्तलमा भन्दा विस्तृत छ । यसो हुनु यसको महाकाव्यत्वले गर्दा पनि होला । नाटकमा त सम्वाद द्वारा पूर्वकथाको परिचय कि वा जानकारी दर्शकले प्राप्त गर्दछन् तर पठ्य काव्यमा भने यो कुरा पाठकले अक्षरशः पढ्नै पाउनु पर्दछ । अतः यो कालिदासीय नाटक भन्दा लामिन गएको छ, कथानकका दृष्टिले । जहाँ शाकुन्तल नाटक दुष्यन्तको मृगयार्थ प्रस्थान देखि प्रारम्भ हुन्छ र त्यहाँ शकुन्तलालाई नव यौवनाको रूपमा कालिदासले प्रस्तुत गरेका छन् भने नेपाली शाकुन्तल महाकाव्य विश्वामित्रको तपोवन वर्णन देखि प्रारम्भ हुन्छ, जो यसको दोस्रो सर्गमा छ । प्रथम सर्गमा मात्र प्रस्तावना छ, भूमिका भाग । नेपाली शाकुन्तल महाकाव्यमा षष्ठ सर्गमा मात्र कण्व ऋषि आश्रममा देखा पर्छन् । दशम सर्गमा गएर मात्र दुष्यन्त मृगयाको लागि प्रस्थान गर्दछन् ।

तीन महिनामा तयार पारिएका यस महाकाव्यको लेखाईमा निकै गतिमयता छ । वाल्मीकि र कालिदासको देशमा लागेको 'महाकाव्य भन्नु नेपालीमा आइसल्याँडको सर्प हो' भन्ने यो अत्यन्ताभावको कलङ्क सदाको लागि मेट्न पनि देवकोटालाई महाकाव्यको सन्देशवाही हुनु परेको थियो । यसरी सन्देश वाहक भै न विसाई दुगुर्नं पर्ने भएको थियो । त्यसैले भाषिक सौष्ठव भए पनि यसमा व्याकरण प्रतिबद्धतालाई उस्तो ख्याल गरिएको छैन । महाकवि कै शब्दमा—

भाषा भासिन जान्छ भासहरूमा दौडेर चाँडो अलि
अड्दै टिप्न सिपालु छैन रसिला वास्ना भएका कलि
…बत्ती फूल समान शब्द हरूका जान्नन् धपक्कै बली ।

यसरी यस महाकाव्यमा गतिमयता छ, भावको । गतिमयता छ, कल्पनाको । द्रुततरता छ, चाडैं गन्तव्यमा पुग्नुको । त्यसैले कति ठाउँ यस्ता छन्, जहाँ कविको भावलाई शब्दले भेट्टाउन सकेका छैनन् । वरु पछ्याउन पुगेका छन् । यो दौडाईमा मनोवेगले अकाशिने भावलाई चारपाउ (दुइ खुट्टा दुइ लट्ठी) ले दहरो गरी टेक्ने पर्ने पद्यमय छन्दो विधानले भेट्न गाह्रै परेको छ । फलतः महाकविलाई मान्द्रिलो, उफर शावके, भुक्भुकेर, उप्साई, उछलिंदो, गोबरी, जस्ता शब्दहरूको नया आविष्कार पनि गर्नु परेको छ ।

कालिदासीय शाकुन्तल र देवकोटाका शाकुन्तलका भावहरू दुवै कण्व आश्रमका लता कुन्जमा कसरी लुकामारी खेल्छन् ? त्यसका एक दुई उदाहरण—

सशंक अलि भूप छन् अब मलाइ देख्छिन् तिनी
भनी कुसुम झाँगको निविड आड लिन्छन् तिनी ।
शरीर अलि खुम्चिई दुई कुना लगाईकन
अघिल्तिर बढूँ लुकूँ कि अब के गरौं लौ भन ?"

[राजा—"यावद् विटपान्तरेण अवलोकयामि (परिक्रम्य तथा कृत्वा सहर्षम्)
अये लब्धं नेत्रनिर्वाणम् ।" अभिज्ञान शाकुन्तल तृतीय अङ्क]

शकुन्तलाको विवाह गान्धर्व रीतिले हुन्छ । सनातन धर्ममा आस्थावान् पण्डित तिलमाधव देवकोटाका सुपुत्र लक्ष्मी प्रसादको विवाह भने ब्राह्म विधिले भएको थियो । यस प्रसङ्गमा आएर महाकविलाई आफ्नै विवाहको मधुर स्मृति भयो कि के भयो कुन्नि ? लताकुञ्जको गान्धर्व विवाहलाई उनले ब्राह्म विवाहको काल्पनिक रूप दिई हाले । कविका अनुसार—

तपोवन सम्पूर्ण विहाघर, यज्ञवेदी पहाडी ठाकुरा, ध्वजा पताका फिर्फिर गर्ने हावा, पाठ गर्ने ब्राह्मणबटु भवँरा, फूल अक्षर, ऋतुरङ्गको रेखी हालेर मण्डप वेदी सजाउने पुरेत वसन्त, विहग कण्ठ पञ्चैबाजा, रातो पाल आकाश, अघेलका क्षत्रियहरूको जस्तो स्वयम्बर गरेर पनि आगामा होम हाल्नै पर्ने नेपाली प्रथाको उल्लेख देवकोटाले यहाँ गरे भन्दा अत्युक्ति हुने जस्तो लाग्दैन ।

विहाघर बन्यो वनै तरुलता बने यज्ञ झैं
वने कलश फूल झैं हरित शैल वेदीहरू
वने रंग शिखा सरी प्रकृति बीचका अग्नि झैं
ध्वजा बहुल झुकिए पवन बीच भै फर्फर

पुरोहित वसन्तले लिखित रंग रेखाहरू
सिते मधुर वाद्यका विहगकण्ठ बोल्थे जहाँ
वितान पनि व्योमको मुदित भो अबीरै वनी
मुना शिशु मुसुक्क छन् मुदुल रंग नाना त्यहाँ

चले भ्रमर भुन्भुनी द्विज समान बाँची कन
मनोहर प्रसूनका मृदुल पत्रका अक्षर ।१६।२३-२५

यसरी हिमगिरिका उपत्यकारण्यमा कालिदासले वर्णन गरेको कण्वाश्रमलाई देवकोटाले पनि हिमाली पाखा पखेरी कै रमाइलो कानन भूमिमा वर्णन गरेका छन् । कालिदासको भावनाले पनि हिमगिरि कै उपत्यका अधित्यकाहरूमा फन्का मारेको देखिन्छ ।

(९) दुष्यन्त शकुन्तला भेट : लक्ष्मीप्रसाद देवकोटा

महाकवि देवकोटाको स्वयम्भू प्रतिभा तथा आशुलेखनी द्वारा एउटा हातका औंला भरि गन्न पुग्ने जति कालिदासीय कृतिहरूले लिएका औतार छन् । प्रकाशित एवं अप्रकाशित तथा अंग्रेजी र नेपालीका ती औतार मध्ये महाकविको प्रस्तुत 'दुष्यन्त शकुन्तला भेट' पनि दुइ हजार चौबीस वैक्रमाब्दमा साझा प्रकाशन द्वारा प्रकाशित खण्डकाव्य हो ।

जस्तो नाउँ बाटै गतार्थ छ, यस काव्यमा अभिज्ञान शाकुन्तलको त्यो प्रसङ्ग छ जसमा शकुन्तला र दुष्यन्त दुवैको कण्वका तपोवनाश्रममा भेट हुन्छ । यस दृष्टिले यस काव्यको कथाभूमि महाकविको नेपाली शाकुन्तल महाकाव्यको जस्तो छ । देवकोटाको साहित्य विषयमा लेख्ने हरूले यस काव्यलाई उनका नेपाली शाकुन्तलका १५औं सर्गको अपरिष्कृत पाठ हो पनि भनेका छन् । लेखकका दृष्टिमा भने शाकुन्तल महाकाव्यका बाह्रौं देखि पन्ध्रौ सर्ग सम्मका विस्तृत विवरणको संक्षिप्त संस्करण हुन पुगेको छ, यो खण्डकाव्य । वस्तुतः दुष्यन्त 'शकुन्तला भेट' जति हद सम्म नेपाली शाकुन्तल संग मिल्दछ उति हद सम्म यसको आफ्नो स्वतन्त्र वैशिष्ट्य भएको कुरालाई सोझै हेलचक्र्याई गर्न चाहिं मिल्दैन जस्तो लाग्दछ ।

त्यसैले नेपाली शाकुन्तल महाकाव्यको पन्ध्रौ सर्गको एकसय पचासी पद्यको विस्तृत वर्णन खर्लप्पै पढी सक्दा पनि पाठकको मन अग्रिम प्रसङ्ग पढ्नलाई उत्सुक भै रहन्छ । सम्भवतः यहि उत्सुकता कि वा कुत्कुति नै देवकोटाका महाकाव्यत्वको सूक्ष्म तन्तु पनि हो । संक्षेपमा भनौ भने उसमा त्यति लामो वर्णन पश्चात् पनि असमग्रता छ, यस 'दुष्यन्त शकुन्तला भेट'मा समग्रता ।

नेपाली शाकुन्तलको पन्ध्रौ सर्गमा छन्दो विविधता छ । हुन त राम्रो र घत् लाग्दो प्रसङ्गलाई छन्दोवैविध्य द्वारा अभिव्यक्त गर्ने परम्परा संस्कृतका प्राचीन कविहरूमा पनि प्रशस्त पाइन्छ तर यसको ठीक विपरीत दुष्यन्त शकुन्तला भेटमा त्यस्तो छन्दो वैविध्य छैन । यो खण्डकाव्यको गुण पनि हो ।

कालिदासीय अभिज्ञान शाकुन्तलको पहिलो भूमिका अङ्कलाई यस खण्ड काव्यले अगालेको छैन । यस बाहेक नाटकको दोस्रो र तेस्रो अङ्कको कथानकको सङ्लो सँगालो नै यस काव्यको लीला भूमि हो ।

काव्यको प्रारम्भमा राजा दुष्यन्त वसन्त वैंसे शकुन्तलालाई देखेर उत्सुक हुन्छन् । शकुन्तलाको वसन्ती वास्नाले प्रणय वासना जगाई दिन्छ उनमा, अतृप्तकामना जगाई दिन्छ—

पवित्र वास्ना मिही झिकेकी र आधि लज्जा बनी लुकेकी
प्रसून वैंसे झलक्क देखी अतृप्त आत्मा सुखी बनाऊँ ॥

शाकुन्तल महाकाव्यमा जस्तै यस खण्ड काव्यमा पनि आफ्नी प्रेयसी हाँडीको प्रणय ज्वर प्रसंग उपस्थापित गर्दछ, हास्य रसावतार विदूषक । जस्तै—

सरेर गाजल टलक्क टल्की उसै टिपूँ झैं सुदीर्घकोसे
कतै रिसाए समान राती कतै शरमले छ ठुस्स चोसे ।
मदनको ज्वरले रनक्क रन्की छ रापले त्यो फुलाउँदा ती
फुलेर उठ्छन् बनेर चाँदी जडाउ सुनमा फुकेर छाती ।

कालिदास प्रेमलाई क्षणिक फितलो र घृणित कुरा ठान्दैनन् । इनका दृष्टिमा प्रेम शाश्वत अमर तथा जन्मान्तर स्थायी तत्त्व हो । प्रेमको यस उदात्ततालाई महाकवि देवकोटाले पनि अक्षरशः बुझेका र समर्थन पनि गरेका छन् । प्रस्तुत खण्डकाव्यमा देवकोटाले गरेको प्रेमको परिभाषा—

छ प्रेम भन्ने जगत् जरामा हो सिर्जनाको प्रथम प्रकाश
छ ईशलाई जो सृष्टि प्रेरण छ प्रेमबाटै अनन्त खास ।
अभाव त्यसको छ विश्वनाश त्यहीं छ आत्मा लिंदो मिठास
त्यहीं छ फुल्दो सबै सुवास त्यही छ हाम्रो अनन्त आश ।

यस सन्दर्भमा पौरस्त्य प्रेमविज्ञानका पारखीहरूले दिएका परिभाषाको नक्कल उतारेर 'सत्य सौंन्दर्य हो, सौन्दर्य सत्य हो' भन्ने परिभाषा गर्ने पाश्चात्य विद्वान्‌को उक्तिलाई पनि पेट बोलीमा पार्दै देवकोटा अगाडी भन्छन्—

मनुष्य आत्मा छ सत्य भन्ने र सत्य हो जो उ जान ईश
र मोहनी त्यो छ प्रेम द्वारा खुली रहेको त्यहाँ हमेशा ॥

निःसन्देह सत्यम्-शिवम्-सुन्दरम् तीनै तत्त्व प्रतिबिम्बित छन् देवकोटाका उपर्यु-लिखित पंक्तिद्वयमा ।

महाकवि देवकोटाका छन्द कहि कहि अमिताक्षर हुन्छन् । यतिमात्र होइन, इनका पद्य पनि अमित चरण हुन्छन् । अमिताक्षरत्व र अमित चरणत्वको गाङ्ग-यामुन संयोग यस दुष्यन्त शकुन्तला भेट खण्ड काव्यमा पनि छ । साझा प्रकाशन बाट झुल्के-का बत्तीस पृष्ठका यस काव्यमा बत्तीसै चरण देख्न पाइन्छन् एउटा पद्यका । कुल पद्य संख्या भने सत्तरी छ ।

देवकोटाका कालिदासीय औतारी कृतिहरूको विस्तृत विवेचन अझ सम्म धित् मर्दो गरी इनका पाठकले पढन हेर्न पाएका छैनन् । प्रयास न गरिएको भन्दा त निश्चय नै पाप लाग्छ तर यो कुरा मुखाले भएर भन्नै परेको छ—संस्कृत साहित्य र त्यसमा पनि कालिदासमा अभिरुचि न भै देवकोटासाहित्यको चिकित्सित अध्ययन गर्न सकिदैंन । जब सम्म पश्चिमेली प्रभाव ग्रहण द्वारा नेपाली साहित्य सिंगार्ने र उचाल्ने सपना

हामीले देखेका हुन्छौं । त्यस बेला सम्म गवेषकको इच्छा संस्कृत वाङ्मयको अध्ययन तर्फ पलाउँदैन । सम्भवतः यसैले यो काम आज पनि बाँकी नै छ ।

(१०) मालविका : लाटोसाथी

लाटोसाथीको मालविका उपन्यास कालिदासको पहिलो नाटक मालविकाग्निमित्रम् को मूल भाव-भूमिमा आधारित उपन्यास हो । कालिदासीय साहित्यका नाट्य विधा अन्तर्गत पर्ने नेपाली औतारमा सम्भवतः सबै भन्दा कान्छो औतार भए पनि मालविकाग्निमित्रमूले लिने नेपाली औतारमा हाललाई यो पहिलो र कान्छो दुवै थरि माया पाउन तम्सिए जस्तो लाग्दछ—देवदत्तस्यैक पुत्रः स एव ज्येष्ठः स एव कनिष्ठः ।

यस अप्रकाशित उपन्यासको चर्चा कालिदासीय रचना क्रमका अनुसार पहिले गर्नु पर्ने भए पनि यहाँ लेखकका नाउँको अक्षरक्रमका आधारमा यो माझमा पर्न गएको छ । मालविकाका पाँच परिच्छेदहरू छन् । मूलकथा तत्त्व कालिदासीय नै हो, एउटै र उस्तै । स्थान र पात्रका नाउँ पनि उहि छन् तर परिवेश र पर्यावरण भने बिलकुलै नेपाली जस्तो । किं वा नेपाली नै ।

अग्निमित्रकी जेठी रानी धारिणीको मव्याहा पट्टिको भाई वीरसेन हो । आफ्ना सौतिनी आमा पट्टि क्या दाजु-भाईले धन सम्पत्तिमा हक न दिंदा उसले गरीप भएर जीवन यापन गर्नुं पर्छ । आजीत भएर 'हातमुख जोर्ने मेसो लाग्छ कि ? भन्ने उद्देश्यले विदिशाको राजदरबारमा उ आफ्नी दिदी भेट्न आउँछ । महारानी धारिणी माइती आएको देखेर प्रसन्न हुन्छिन् । यसको केहि मद्दत गर्न पाए हुने थियो भन्ने उनको भित्री इच्छा हुन्छ । वीरसेनले पनि जागिर खाने व्यवस्था मिलाइ पाउने इच्छा प्रकट गर्दछ ।

रानीले राजा संग भनेर उसलाई देशको सीमा चौकीको प्रमुख गराएर पठाई दिन्छिन् ।

यस पछि वीरसेन सीमाको सुरक्षा गर्ने सन्दर्भमा आफू भन्दा पहिलेका हरूले गरेका कार्य कै अनुसरण गर्दछ । विदर्भबाट लूट पाट गरेर सीमा पार गरी विदिशाको भयानक जंगलमा प्रवेश गर्ने डाँकाहरूलाई शरण दिन्छ । फलस्वरूप उसले चौकीमा वसीवसी केहि प्रतिशतको नित्य आम्दानी गर्दछ । त्यस आमदानीमा रूपिया पैसा मात्र होइन, सुन देखि सुन्दरीसम्म सबै पर्दछन् । यसै क्रममा एक पल्ट त वीरसेनले पाउने भागमा एउटी भर्खर यौवनको पहिलो लिस्नो र त्यसको पनि पहिलो खुडकिलो मात्र टेकेकी केटी पर्न आउँछे। उसको रूप सौन्दर्य र कुलीन स्वभावमा मुग्ध वीरसेनले उसलाई सिपाहीहरू लगाएर जस्ताको तस्तै चोखै पठाइ दिन्छ, आफ्नी दीदीको सेवा टहल गर्नुं भनेर । उपन्यासको कथा यसरी अगाडी बढ्द छ । यस भन्दा अगाडी लगभग कालिदास कै नेमिवृत्तिता उपन्यासले अँगालेको छ । प्रस्तुत छन् केहि उद्धरणहरू—

(१) "महारानी ? हुन त हामी एउटै बाबुका छोरा-छोरी हौं । तर के गर्नु ? म परे मध्याहा पट्टीको । माइती हूँ भनेर हुन्छ र ? हजूर र ममा अक्कास पत्तालको फरक छ—कहाँका राजा राम कहाँको गने भण्डारी । कहाँ त सुनको बालो कहाँ त फलामे कल्ली ।

(२) "हाम्रो बुबाको ल्याइते पट्टिबाट एउटा मात्रै सन्तान यहि वीरसेन हो । उ क्या त ? उहिले मेरो विहाको बेला हजूरको यज्ञमण्डपमा सवारी चलाइदा पाउपोस उतार्ने त्यै त हो नि वीरसेन ? पढे-लेखेको केहि छैन । साधाण चिठी तमसुक मात्रै हो दाजु भाईले अंशमा पनि खुत्रुक्कै मारेछन् । विन्ती छ, यस अनाथको टुङ्गो लगाई दी पाँऊ ।"

"के गनु पर्‍यो मैले ?

"कतै जागिरमा अल्झिन पाउँथ्यो कि ?

"न पढेकाको लागि के जागिर ? कस्ता-कस्ता पढे लेखेकाले त जागिर पाएका छैनन् । त्यै पनि···

"भै गो कतै सिपाही तिर अल्झाउन लगाई दिउँला ।"

"छिः कस्तो मर्जी हुन्छ हजूर त ? सिपाहीको जागीर खान उसले हजूर जस्तो भिनाज्यू धाउनु पर्छ र ? अलि मान पनि हुने जीवन पनि चल्ने बन्दोबस्त मिल्ला कि ? भनेर पो आएको छ विचरा ? 'खाए खा न खाए विच्, भएर सिपाहो जागीर खानु भन्दा त बैरङ चिठी झैं फनकक फर्केर जान्छ ।"

(३) "एउटी अलि भित्री काम काजमा सिपालु गुनीली सुसारे झिकाई दी वक्स्योस न ? भनेर कति पल्ट बिन्ती चढाएँ, केहि तातो पानी लागेन । आखिर वीर सेनले आफ्नी दीदीको दुःख देख्न न सकेर एउटी आंखामा हाल्दा न विझाउने जस्ती सुसारे मेरो सेवा टहल गर्न पठाई दिएको छ । साचै नै हो—'भाई भए भरोस्, गाई भए गोरस् ।'

'आंखामा हाल्दा पनि न बिझाउने जस्ती···? कस्ती सुसारे पठाई दिए छ वीर सेन ले ? हेरौं त एक झलक म पनि ?

'उः भनि हाले नि ? यो मर्दको जातलाई जति स्वास्नी भए पनि पुग्दैन । सत्ते ? यो नौली सुसारेलाई त हजूरको आंखा सामु पर्न किमार्थ दिने छैन ।

"भैगो भैगो न देउ ? ताल्चा मारेर राख ढुकुटीमा । होईन त्यो विदूषक कता गयो ?"

"कता जानु अन्त ! गयो होला नि फुलवारीतिर अशोक फुलाउन···कसलाई रिझाऊँ र बक्सीस पाउँ भन्छ ।"

'होइन तिम्री नौली पनि उतै गएकी पो हो कि ?'

'किन चाहियो हजूरलाई यस्ता न चाहिने कुरा ।'

(४) गौतम ! मालविकालाई अस्ति मैंले यसो झुलुक्क एक्कै पल्ट मात्र देखें को न अलि बेर बसेर उ संग गफ गर्ने चांजोपाजो मिलाऊँ न !'

''म माथि कुन जन्मको प्रतिशोध लिने इच्छा छ सरकारको ! महारानीलाई यसको सुईको मात्र लाग्यो भने मैंले उत्ति खेरै चार पाटे मुडिएर देश निकाला हुनु पर्दछ ।

'लः कबोलै भयो । यति गऱ्यौ भने तिमीलाई तत्तातो जुल्फी डकारुन्जेल खुवाउला ।'

''ए जुल्फी'''! यसको नाउँ सुन्दै मुख सरर रसाउँदै आयो ।

(५) गौतम ? मालविका कहां छ ।'

'झ्याल खानमा ? रानी ईरावतीले बडा महारानी (धारिणी) लाई कुरा लाई दिए पछि उसलाई सात ताल्चा मारेर गुफा राखिएको छ ।

(६) 'अहिले महाविद्यालयमा विदा हुने वेला त भएको छैन । विद्यार्थीलाई पढाउन छोडेर तपाई प्राध्यापक ज्यूहरू कता जान निस्कनु भयो ? चाकडीमा कि ! पण्यवृत्ति (ट्यूशन) मा ।'

प्राचीन तथा ऐतिहासिक परिवेषको नाटक मालविकाग्निमित्रम्‌ले आफ्नो भाव भूमिमा युगानुकूल नेपाली अवतार लिएको वकालत माथिका पंक्तिहरूले गरेकै छन् । लेखकको यस अप्रकाशित कृति बारे यस भन्दा बढी भन्नु लेख्नु भन्दा प्रकाशित भै सके पछि यसलाई सबैका अगाडी उज्यालामा निफन्नु-केलाउनु नै वेश होला कि ?

(११) अभिज्ञान शाकुन्तल भाषा : लेखनाथ पौड्याल

तात्कालिक नेपाल एकेडेमी अधुना राजकीय प्रज्ञा प्रतिष्ठान बाट २०१५ सालमा प्रकाशित कवि शिरोमणि लेखनाथ पौड्यालको अभिज्ञान शाकुन्तल (अनुवाद) को थालनी, प्रकाशन समय देखि अन्दाजी चार दशक पहिले भएको कुरा समीक्षक र विवेचक हरूले औंल्याएका छन् । आफ्नो काव्याराधनमा कालिदाससाहित्यबाट सक्दो प्रभाव ग्रहण गर्ने लेखनाथ पौड्यालले यस नाटकको अनुवादमा आफ्नो अनुवाद-कौशलको सफल परिचय दिएका छन्, भन्न संकोच मान्नु पर्ने छैन । नाटककार लेखनाथलाई कालिदासीय भावको यथार्थ अभिव्यक्ति गर्न र आफ्नो व्यक्तित्वलाई एउटा सफल अनुवादकको रूपमा निखार-तिखार गर्नु पर्दा नै चार दशकको अवधि लागेको हुनुपर्दछ । त्यसैले लेखनाथको यो नाटक इनका समवर्त्ती तथा पूर्ववर्त्तीहरूका अनूदित नाटक संगै जोरका तोर भएर पैठे जोरी खेल्न पुग्छ ।

लेखनाथले आफ्ना समयमा नाटककारका रूपमा प्रख्यात हुन निकै परिश्रम गरेका

थिए। धन कुबेर तेज सम्शेरलाई रिझाउन इनले पुरेत, पण्डित र जुवाडे हुनुको साथै नाच गुरु समेतको काम आफै खप्टिनु परेको थियो।

लेखनाथले यस नाटकमा कालिदासीय पद्यहरूको प्रायः सम वृत्तात्मक अनुवाद गरेका छन्। कहिं कहिं भने इनले विषम वृत्तलाई पनि अगाल्नु परेको छ। यहाँ बिर्सिन न हुने कुरा के छ भने, पद्य सम वृत्तात्मक होउन् वा विषम वृत्तात्मक, दुवैका भाव भने समानान्तर भएर गएका छन्। त्यसैले एउटा सफल अनुवादकको रूपमा लेखनाथ भावुकतामा छचल्किएका पनि छैनन्। प्रस्तुत छ इनका नाटकका केहि अंशहरूको कालिदासीय अंशहरूसंग तुलना—

टेढ्याई कण्ठ राम्रै पछि तिर रथमा हेरदै झट्ट झट्ट
खुम्च्याई त्यो पछिल्लो हर शर गडने त्रास लाग्दा विछट्ट।
छर्दै आधा टिपेका तृण पनि थुतुनूबाट स्याँ-स्याँ गरेर
थोरै नै टेक्छ भैमा बहुत गगनमा मात्र उफ्रन्छ हेर॥ अभि० १।७

[ग्रीवाभङ्गाभिरामं मुहुरनुपतति स्यन्दने बद्धदृष्टिः
पश्चार्धेन प्रविष्टः शरपतनभयाद् भूयसा पूर्वकायम्।
शष्पैरर्धावलीढैः श्रमविवृतमुखभ्रंशिभिः कीर्णवर्त्मा
पश्योदग्रप्लुतत्वाद् वियति बहुतरं स्तोकमुर्व्यां प्रयाति॥अभि०]

स्थाली पुलाकन्यायको आधारमा कालिदासका दुई पद्यको लेखनाथीय अभिव्यक्ति उद्धृत गरियो। यसबाट यो कुरा सहजै पैल्याउन सकिन्छ—लेखनाथ कालिदासको भावलाई लक्ष्मण रेखा मानेर हिंडेका छन्। संस्कृत शब्दका साथ नेपाली शब्दहरूको तारतम्य पनि इनको शिल्प हुन गएको छ।

लेखनाथका समानान्तर भावाभिव्यक्त गर्ने यी पद्यहरूमा समवृत्तात्मकताको पालन न भएको देखिदैन भन्ने कुरा माथि लेखिएकै छ। कालिदासीय अभिज्ञान शाकुन्तलको प्राकृत गद्यका सरल नेपालीमा लेखनाथले दिएको अभिव्यक्ति पनि उदाहरणका लागि प्रस्तुत गर्ने पर्ने भएको छ—

(i) विदूषक—'कहिले लौ मिर्ग उम्क्यो भन्दछन्, कहिले लौ बनेल फेला पऱ्यो भन्छन्, कहिले लौ बाघ देखियो भन्दै दगुर्छन्। दिनभरि रुखको छहारी सम्म न मिल्ने फाकट जमीनमा कुद्दै जंगलमा रहनु पर्छ।

[···अयं मृगः अयं वराहः, अयं शार्दूलः, इति मध्यान्हेऽपि ग्रीष्मविरलपादपच्छायासु वनराजीष्वाहिण्डयतेऽटवीतोऽटवी॥ अभि० अंक २। प्रारम्भ]

माथिल्लो पद्यानुवाद र पछिल्लो गद्यानुवादका उदाहरणले लेखनाथ पौड्यालका शिल्प र कौशलको परिचय पाउन सकिने आशा गरिन्छ।

मूल शाकुन्तलको छायानुवाद भनेर आक्षेप लाउन खोजिने यस लेखनाथको शाकुन्तल भाषामा ठाउँ हेरी नेपालीकरण भएको छ। यस प्रसंगमा धेरै जसो छायानुवाद

जस्तो देखिए पनि कतै कतै रूपान्तरकारले आफ्नो मौलिकतालाई बिर्सिन पुगेका छैनन् । एउटा उदाहरण––

शार्ङ्गरव––छक्का पञ्जा जुनि भर कुनै सिक्न जाने न उस्ले
जाली झुट्टा फतुर न हुदो बोल्छ रे आज कसले
जस्ले विद्या भनिकन जगद्वञ्चना मात्र ज्यादि
जानेका छन् अब सब उनै मात्र रे सत्यवादी ।

अभिज्ञान शाकुन्तल भाषा--५।२५

[शार्ङ्गरव––आजन्मतः शाठ्यमशिक्षितो यः तस्याप्रमाणं वचनं जनस्य
परातिसन्धानमधीयते यैर्विद्येति ते सन्तु किलाप्तवाचः । अभि० ५।२५]

शम्भु प्रसाद संग जीवन भरि नै प्रतिस्पर्धा राख्ने लेखनाथले कवि गनिएका आशु कविलाई जित्न खुपै प्रयास गरे । ढुङ्गेल आशुकवि मात्रै थिए तर इनी भए कवि शिरोमणि । खेद छ इनका चांद तोडा ढुङ्गेलले देख्न पाएनन् ।

कालिदासीय शाकुन्तलको हूबहू छायानुवाद गरेर कालिदास समानान्तर हुने जमर्को गर्ने लेखनाथ यस प्रयासमा कति ठाउँमा त आडम्बरी पनि देखिन पुगेका छन् । उदाहरणार्थ कालिदासीय अभिज्ञान शाकुन्तलमा द्वितीय सर्गको दशौं पद्य 'अनाघ्रातं पुष्पं···' को अनुवाद त्यति आकर्ष देखिन आउँदैन ।

फुलै चोखा हो वा नखुन न परेको किसलय
मणी वेदागी वा नव मधु अनास्वादित रस
अदोषी त्यो रूपै सुकृत फल हो वा निरवधि
न जाने त्यो भोग्ने अब कुन खडा गर्दछ विधि ॥

पूर्णतः वेदागी त चन्द्रमा पनि छैनन्, सूर्य पनि, मानिसकोके कुरा । लेखनाथका काव्यको सरसता धमिल्याउने उपर्युक्त अनुवादलाई सुकिल्याउने पनि कालिदासीय उक्ति नै छ–निमज्जतीन्दोः किरणेष्विवाङ्कः ।

कालिदासीय शाकुन्तलको लेखनाथमा प्रभाव यति औधि पर्‍यो कि इनले आफ्ना अन्य काव्य कविताहरूमा पनि कालिदासका यस नाटकका भावको अनुहरण न गर्न सकेनन् । प्रस्तुत छ, तपसीमा–अभिज्ञान शाकुन्तलको भाव तरुण तपसीमा–

एका पट्टी चरम गिरिमा औषधीनाथ निस्के
अर्को पट्टी अरुण सहितैं सूर्य विस्तार निस्के ।

अभिज्ञान शाकुन्तल भाग ४।२

यता जोड्छन् नाता उदय गिरिमा वासरमणि
यता छोड्छन् ताता सुखशयनको वासर मणी । तरुणतपसी ८।२६

उपर्युक्त दुवै पद्यांशको दुरुस्त भाव मिल्ने कालिदासीय अभिव्यक्ति—

[यात्येकतोऽस्तशिखरं पतिरोषधीना
माविष्कृतोऽरुणपुरस्सर एकतोर्कः ।
तेजोद्वयस्य युगपद् व्यसनोदयाभ्यां
लोको नियम्यत इवैष दशान्तरेषु ॥]

(१२) शकुन्तला : आशुकवि शम्भुप्रसाद ढुङ्गेल

महाकवि कालिदासले आशु कवि शम्भुप्रसाद ढुङ्गेललाई मोहनी लगाएका छन् भने आशु कविको शकुन्तलाले समस्त नेपाली समाजलाई । शम्भुप्रसाद ढुङ्गेलका लेखनीबाट नेपाली साहित्यमा दुई शकुन्तलाले नया अवतार लिएका छन् । ती मध्ये एउटा हो--शकुन्तलोपाख्यान १९७० र अर्को चाहिं हो–शकुन्तला नाटक । आशुकविको यो नाटक वि० सं० १९७३ तिरको गोर्खाली पत्रिकामा धारा वाहिक रूपमा अपूर्ण प्रकाशित भएको हो । यस नाटकको पुनः प्रकाशन जगदम्बा प्रकाशन द्वारा वि० सं० २०२३ मा कमल दीक्षितको सम्पादनमा भएको छ । नेपाली साहित्यमा छापिएका वा छापिन नभ्याएका समेत सेता काला अक्षरहरू भेटेभ्याए सम्म खलिकपूर पारेर बटुल्ने र त्यसलाई च्याईं-चिटिक्क सजाएर जन समक्ष प्रस्तुत गर्ने साधना शिल्पी कमल दीक्षितको गुन यहाँ नेपाली जगतले बिर्सिन सक्तैन ।

आशुकवि ढुङ्गेलको प्रतिभा गद्य भन्दा बढी पद्यमा फुरेको देखिन्छ । पद्यमा पनि विविधता छन् इनका । विविधता शास्त्रीय छन्दमा मात्र होइन, विविधता लौकिक लय का पनि । त्यसैले आशुकवि ढुङ्गेलको शकुन्तला नाटकमा शार्दूल विक्रीडित जस्ता शास्त्रीय छन्द मात्र होइनन्, गजल जस्ता उर्दू वृत्तहरूले पनि यसमा नेपाली आकार पाएका छन् । यति मात्र होइन; खेमटा, दादरा, होरी जस्ता लयात्मक लौकिक वृत्त-विधाको सफल प्रयोग गरेका छन्, आफ्ना नाटकमा आशु कविले । यसले गर्दा पनि उनको यो कृति यति लोकप्रिय हुन पुगेको हो ।

ढुङ्गेलले आफ्नो शकुन्तलामा 'अभिज्ञान शाकुन्तलम्को 'भ्रोऽन्तस्य भ्रोऽन्त एवार्थः पाराको अनुवाद मात्र गरेका छैनन् । कालिदासीय गद्यलाई पनि छन्दोबद्ध तथा लयात्मक पारेका छन् । यति मात्र भनेर पुग्दैन, कालिदासीय अभिव्यक्तिहरूलाई अझ स्पष्ट र अझ विस्तृत रूपमा व्यक्त्याएर आफ्ना कोमल हृदयी पाठकहरूलाई कृत-कृत्य पार्ने भरमग्दूर प्रयास पनि गरेका छन् इनले । फलतः एउटा कालिदासीय पद्यको ३।४ पद्यमा सम्म व्याख्या हुन पुगेको छ । भाव विस्तार हुन पुगेको छ मूल संस्कृतको । जसले गर्दा इनका कृतिमा एकातिर मौलिकता आएको छ, भने अर्कोतिर यसले आफूलाई नाटक भन्दा बढी काव्य र काव्य मात्र पनि किन ? महाकाव्यको आकार लिने जमर्को गरे जस्तो लाग्दछ । देवकोटाको नेपाली शाकुन्तललाई महाकाव्यत्वको रूपमा अव-

तरित हुन पूर्वरङ्गको भूमिका अथवा पृष्ठभूमिको प्रसङ्ग आशु कविका यसै शकुन्तलाले घेर-थोर रूपमा खेले उभ्याएको जस्तो लाग्नु यस लेखकको कोरा कल्पना हो अथवा यसमा केहि रहस्य छ। दुवैको तुलनात्मक विवेचन गर्ने काम पाठक र गवेषकका पोल्टामा जिम्मा लाउदैं यहाँ के कुरा लेख्नु परेको छ भने, शाकुन्तल काव्य भनि दिंदा पनि केहि नविग्रिने ढुङ्गेलको यो कृति शकुन्तला नाटक कै नाममा प्रकाशित छ, नाटक कै रूपमा वहुश्रुत छ र नाटक कै रूपमा चर्चित पनि । प्रस्तुत छ, आशुकविका नाटकको एउटा पद्य—

भुक्छन् वृक्ष सदैव फूल फलले भारी हुँदामा अति
भुक्छन् सज्जन पाइ मान मनमा सेखी न राखी रती ।
भुक्छन् मेघहरू पनी गगनमा पानी लिएका घडी
भुक्छन् जो उपकारि छन् जन सदा सम्मान भारी गरी ॥

[भवन्ति नम्रास्तरवः फलोद्‌गमैर्नवाम्बुभिर्दूरविलम्बिनो घनाः ।
अनुद्धताः सत्पुरुषाः समृद्धिभिः स्वभाव एवैष परोपकारिणाम् ॥]

शम्भु प्रसाद ढुङ्गेलको यो शकुन्तला नाटक तात्कालिक नेपालका राणा प्रधान मन्त्री श्री ३ चन्द्र समशेरको इच्छा अनुसार लेखिएको थियो । सिंह दरबारमा (त्यस बेला प्रधान मन्त्रीको निवासमा) यो अभिनीत भएको थियो भन्ने पनि घुइरो-घुइरो सुनिने गर्दछ । ढुङ्गेलले श्री ३ चन्द्रका सामु सिंहदरबारका बैठकको सफल वर्णन आफ्ना आशु कवितामा गरी दिए वापत इनले चन्द्र समशेरवाट आशु कविको पगरी गुँथ्न पाएका थिए । निजामतिमा जागिर खाने ढुंगेलले यसरी एकातिर आशु कविको मान पाउनुले उता इनका समकालिक कवि लेखनाथ पौड्यालमा ईर्ष्या उत्पन्न गराई दियो भन्ने कुरा नेपाली साहित्यमा बहुचर्चित छ । यो चर्चाको विषयं आज पनि नेपाली साहित्यका समालोचक तथा विश्लेषक हरूलाई आ-आफ्नो प्रतिभा विकास गर्ने एउटा माध्यम हुन गएको छ । बौद्धिक खजाना हुन पुगेको छ यसका पाठक हरूलाई ।

लेखनाथ पौड्यालको शम्भुप्रसाद ढुंगेल सँग मात्र प्रतिद्वन्द्विता थिएन। यस बाहेक बहुमुखी प्रतिभाका धनी कवि शिखरनाथ सुवेदी संग पनि यस्तै पैठे-जोरी खेल्नु पर्ने भएको थियो इनले । यस बारेका चर्चा गुल्मी मानकोट्का पण्डित टेकराज उपाध्याय ज्ञवाली तथा लुम्बिनी अञ्चलका प्रसिद्ध विद्वान कहलाएका पण्डित रश्मिराज अर्ज्याल सग पनि आफ्ना हितैषी र अभिन्न हृदयी भित्रका नाताले कवि पौड्याल गरी रहन्थे । यो कुरा आज पनि टेकराज उपाध्यायवाट थाहा पाइन्छ र यसको साक्षी बकन तम-तयार भएर बसेको छ कवि पौड्यालकै यो पद्य—

न त कवि गनिएको हूँ न ता भाष्यकार
न त बुझ्दछु केही काव्य संसार सार ।
बनिकन कवि जस्तै तै पनी फुर्ति साथ
अघि सरद छ सित्तै चञ्चले लेखनाथ । ऋतु०

शम्भुप्रसाद ढुंगेल र लेखनाथ बीच मात्र छैन यो प्रतिद्वन्द्विता । लेखनाथ र ढुंगेलका पक्षपाती समालोचक-समीक्षकहरू बीच पनि बढदो देखिन्छ यो प्रतिद्वन्द्विता। यसता प्रतिद्वन्द्विताहरू र प्रतिद्वन्द्विता जन्य गवेषण र अन्वेषणहरूले साहित्यको विकासमा योगदानै पुऱ्याउलान् तथा समालोचनाको क्षेत्रलाई आफ्ना स्वस्थ र प्रामाणिक तथ्य-हरू दिएर अझ फराकिलो पार्लान् भन्ने आशा लिन सकिन्छ । यस प्रसङ्गमा लेखनाथ र उनको साहित्यमा विशेषज्ञता हासिल गरी पी एच० डी० समेत लिई सकेका डा० वासुदेव त्रिपाठी तथा त्यत्तिकै सामग्री संकलन र विश्लेषण गर्ने काम मेट्न अझ केहि बढी समय खपाईनु पर्ने देखिएका युवा समालोचक पुष्कर लोहनीको शम्भुप्रसाद ढुंगेल प्रतिको चिन्तन र प्रकाशनले नेपाली साहित्यका पाठकहरूलाई बौद्धिक चमेना दिने कुरा अस्वीकार गर्न मिल्दैन ।

स्वस्थ र सभ्य समालोचक तथा स्पष्ट र तथ्यपूर्ण विश्लेषण गर्ने समीक्षक नै पछि सम्म दहरो रहन सक्ने कुरालाई पनि यहाँ विर्सन हुँदैन । यति मात्र होइन, चिन्तन गहिरो भएको र प्रतिपादन खँदिलो भएका समालोचक प्रति नै पाठकहरूको बढी सहानुभूति हुन्छ तथा यस बाटै समालोचनाको क्षेत्र स्वस्थ रहन्छ भन्ने कुरा पनि यहा न लेखी न हुने भएको छ, विषयान्तर हुन खोजे पनि ।

यस पंक्तिका लेखकको विचारमा त्यस बेला शम्भु प्रसाद ढुंगेल र लेखनाथ पौड्याल बीचको प्रतिद्वन्द्विता जागीर र दरबारको मात्र प्रतिद्वन्द्विता थिएन । प्रत्युत दुवैको हृदय-कुहरमा डुक्रिने कालिदासीय सिंहद्वय बीचको प्रतिद्वन्द्विता थियो, काव्य गत प्रतिद्वन्द्विता । त्यसैले यसको हार जीतको फैसला पहिले पनि हुन सकेन, हुन सक्तैन अहिले पनि । किनकि दुवै कालिदासाश्रित छन् । त्यसैले नेपाली साहित्यमा दुवै महान् छन् ।

अत एव शम्भुप्रसाद ढुंगेलका प्रतिभा-प्रसूत कालिदासीय नवावतार र लेखनाथका साहित्यमा प्रस्फुटित कालिदासीय प्रतिच्छवि, दुवैमा उनै कालिदास छन्, एउटै कालि-दास । उनै शकुन्तला छन्, एउटै शकुन्तला । उनै ऋतु छन्, उस्तै ऋतु । कालिदास बाटै कालिदासको के हार जीत ? ठूलो र सानो देख्नु समीक्षकको दृष्टि हो । उन्नाइस-बीस पार्नु लेखन शिल्प हो, लेखकको बौद्धिक विकास । अतः लेखनाथले शम्भुप्रसाद ढुंगेल भन्दा अलि पछि भए पनि 'कवि शिरोमणि'को उपाधि लिई छाडे । कालिदासीय श्रम गरे यसको लागि इनले पनि । आशुकवि ढुंगेलका शकुन्तलाको चर्चा गर्दा उठेका

यी अवान्तर प्रसङ्गलाई यहिँ छाडी आशु कविका शकुन्तलाबाट निम्न पद्य उद्धृत गर्दै यो प्रसङ्ग यहिँ टुङ्ग्याउनु उचित होला–

जस्तो मिल्ला कसोरी वर असल भनी ताप लाग्थ्यो मलाई
त्यस्तै पाई तिमीले पनि असल दियौ ताप मेरो छुटाई ।
यस्तो यो मल्लिकाले प्रिय गरि बहुतै आँपमा भुण्डिनाले
चिन्ता भाग्यो दुवैको भनि मकन अती ढाक्छ निश्चिन्तताले ।

(१३) शकुन्तला उपन्यास : शिवप्रताप शम्सेर

वृ०क० शिवप्रताप शम्सेर थापा वि.एस्सी.ले विज्ञानको उपाधि लिएका भए पनि शकुन्तला उपन्यासले साहित्यिक प्रतिभाका धनी भएको देखाएको छ इनलाई। लेखकको यो उपन्यास क्राउन पेजी आकारमा १६७ पृष्ठको किताब हो, त्यसमा सात परिच्छेद छन् । जस्तै—(१) शकुन्तलाको जन्म (२) राजा दुष्यन्तको शिकार यात्रा र तपोवन दर्शन (३) शकुन्तलाका साथ दुष्यन्तको गान्धर्व विवाह (४) दुर्वासाको श्राप र शकुन्तलाको पतिगृह गमन (५) शकुन्तलाको प्रत्याख्यान (६) मुद्रिका प्राप्ति र दुष्यन्तको देवलोक यात्रा (७) शकुन्तला र दुष्यन्तको पुनर्मिलन ।

उपन्यासकार शिव प्रताप शम्शेरका यस बाहेक अरू दुई उपन्यासहरू पनि छन् जसका नाउ हुन् शैव्या हरिश्चन्द्र (ई० १९२८) श्री कृष्ण चरितामृत (१९९८) ।

उपन्यासकार शिवप्रताप शम्शेरका यस कृतिमा कालिम्पोंगे हरिप्रसाद प्रधानको भूमिका अनुसार इनले कलकत्ता विश्वविद्यालयमा अध्ययन गरेका हुन्। पछि गएर इनी त्यसै विश्वविद्यालयका पेपर सेटर र इक्जामिनर समेत भएका थिए ।

यद्यपि शकुन्तला उपन्यासले कालिदासीय अभिज्ञान शाकुन्तल कै गोरेटो लिएको छ। तथापि यसले त्यस गोरेटोलाई आफ्नो विद्या र शिल्प अनुसार यसलाई अझै बढी फराकिलो पारी दिएको छ । उदहरणार्थ उपन्यासका यी पंक्तिहरू–

"उनी आश्चर्य मग्न भएर अनिमेष दृष्टिले उनैतिर हेर्दै विचार गर्न लागे' मुनिवर कण्वकी कन्या इनै रहिछन् । मुनि ता उच्च विचारवाला पुरुष हुन् । उनले यस्तो सुकुमार गाथमा किन यस्तो कर्कश बृक्षका बोक्रा पहिराई दिएको होला ! तर होइन ! यो बोक्राको पोशाकले इनको सौन्दर्यलाई केहि बिगारेको छैन ।

"यिनी पहिरनमा पनि परम सुन्दरी नै देखिन्छिन् । साच्चै हो, फुलेको कमलमा शिवाली लागे पनि राम्रै सुहाउँछ । पूर्णिमाका चन्द्रमामा कलंकै पनि प्यारो लाग्दछ । जसलाई ईश्वरले सर्वाङ्ग सुन्दर बनाएको छ उसलाई गहना कपडाको के प्रयोजन ! सो केही न भए पत्ति त्यो कहिल्यै न राम्रो देखिदैन । सुन्दर वस्तु जे सुकै पनि गहने हुन्छ । यिनी रूखकै बोक्राले पनि झन् राम्री देखिन्छिन् ।

[शकुन्तला उपन्यास द्वितीय परिच्छेद]

[राजा--काममनुरूपमण्यस्य वयसः वल्कलं न पुनरलङ्कारश्रियं न पुष्यति । कुतः ।]

सरसिजमनुविद्धं शैवलेनापि रम्यं
मलिनमपि हिमांशोर्लक्ष्म लक्ष्मीं तनोति
इयमधिकमनोज्ञा वल्कलेनापि तन्वी
किमिव हि मधुराणां मण्डनं नाकृतीनाम् । अभि० १।१८

शकुन्तला उपन्यासमा 'स्त्रियो हि सर्वानार्थमूलम्' (प्रथम परिच्छेद पृष्ठ ३) जस्तो संस्कृत उक्ति पनि भेटिन्छ । प्रायः सबै ठाउँ उपन्यासको भाषा परिमार्जित र आकर्षक पनि छ। एक-दुई ठाउँमा भने उपन्यासकारको शब्द प्रयोग रसिकहरूले खोट्‌-लाउने खालको जस्तो पनि देखिन्छ । जस्तै

"...आश्रमको नगीचै एउटी गर्भिणी हरिणीलाई देखेर गहभरी आँसू गर्दै भनिन्– 'पिताजी ! यस हरिणीले पेटबोकेकी छ । यो सुत्केरी भए पछि सम्झीकन मलाई खबर पठाई दिनु होला ।' (शकुन्तला उपन्यास चतुर्थ परिच्छेद बाट)

यस वाक्यमा भर्खरै नया व्यौंलीको रूपमा पतिगृह गैरहेकी शकुन्तला जस्तीका मुखबाट आफ्ना बाबुलाई 'यस हरिणीले पेटबोकेकी छ, जस्तो शब्द प्रयोग अलि ग्राम्य वा यस्तै न सुहाउने खालको जस्तो लाग्दछ । यसको ठाउँमा 'हरिणी गह्रुङ्गा जिउकी छ' अथवा 'दो-जिया छ' जस्तो प्रयोग उचित हुने थियो होला । यो पनि न भनी यो हरिणी सुत्केरी भए पछि सम्झीकन मलाई खबर पठाई दिनु होला; यत्ति भनेकी भए पनि यसले पूर्ण भावाभिव्यक्ति गरीदिने थियो होला । अस्तु

देवकोटाले 'मूल शाकुन्तल पढेको छैन भनेका छन् । 'पीनोऽयं देवदत्तः दिवा न भुंक्ते'को भनाई अनुसार महाकविले मूल शाकुन्तल न पढे पनि अनूदित शाकुन्तल अवश्य नै पढेका थिए, भन्नु पर्ने स्थिति टडकारै छ। यदि नेपालीमा अनूदित शकुन्तला पढेका भए अवश्य पनि उनले यहि शकुन्तला पहिले पढे होलान् भन्न सकिन्छ । किन भने यस उपन्यासको प्रभाव उनका नेपाली शाकुन्तल महाकाव्यमा परेको झझल्को लाग्दछ ।

(१३) अभिज्ञान शाकुन्तल : हरिनारायण उपाध्याय 'विद्याभूषण'

संस्कृतमा आचार्य परीक्षा उत्तीर्ण गरी आफ्नो अध्ययनको टुङ्गो लगाएका हरि-नारायण उपाध्याय नेपाल बाहिर नेपाली साहित्यका कर्मठ नेपाली हुन् । आसाम, तेजपुर अन्तर्गत विहाली निवासी 'विद्याभूषण' लाई हरिभक्त नवपानीयले आसामका पहिला साहित्यिक अधिष्ठाता मानेका छन् । यस कुरालाई अस्वीकार गर्न मिल्दैन पनि ।

हरिनारायण उपाध्याय, नियन्ता कालिदासका नेमिवृत्ति युवा कवि मोतिराम भट्टका परम्पराका अनुसरण गर्ने कवि हुन् । यो कुरा इनका फुटकर कविताहरूबाट पनि थाहा हुन्छ । संस्कृतका विद्वान् भएर नेपाली भाषामा मात्र होइन,नेपाली जातीय छन्दमा काव्य-साधना गर्ने कवि 'विद्याभूषण'का साहित्य सेवाको वखान जति गरे पनि थोरै नै हुन्छ । आसाममा नेपाली भाषा र साहित्यको प्रचार प्रसारमा अग्रणी भूमिका खेल्ने हरिनारायण उपाध्यायका ६ वटा नाटक-कृतिहरू पत्ता लागेका छन् । यी मध्ये अभिज्ञान शाकुन्तल पनि एउटा हो । आसामेली धर्तीमा नेपाली साहित्यको वगैंचा लगाउने कवि एवं नाटककार हरिनारायण उपाध्यायले त्यहा सर्वप्रथम शाकुन्तलकै विरूवा हुर्काएको कुरा यस प्रसङ्गमा उल्लेखनीय छ ।

सम्भवतः अप्रकाशित यस अभिज्ञान शाकुन्तल वारे यहा धेरै लेख्न न सकिए पनि लेखकका नेपाली जातीय लयमा रचना गरिएका इनका केहि कविता थुङ्गाहरूलाई 'गीत माला'मा गुँथेर सबैंका सामुन्ने राखि दिने श्रेय चाहि विपिन देव उपाध्यायलाई दिनै पर्छ ।

(१४) मार्डन शकुन्तला : हीरा कुमार सिंह

नेपाल वाहिर नेपाली भाषा साहित्यका विकासको चर्चा गर्दा पहिलो नाउँ बनारसको लिइने गरेको छ । प्रवासको मात्र कुरा होइन, नेपालका समेत पनि प्रायः साहित्यकार र लेखकहरूलाई बनारसले नै ताती गर्न सिकाएको मान्दा अत्युक्ति भै हाल्ला जस्तो लाग्दैन ।

बनारस आफ्नो साहित्यिक क्रिया कलापमा आजभोलि उदासीन जस्तो देखिदैं छ । यसलाई ग्राफिक चार्टमा हेर्दा यसका अतीतका ऊर्ध्वगामी रेखाहरू प्रत्यावर्तन तिर ओर्लिदैं गरेका जस्ता आभास हुन्छन् । सिर्जनाको केन्द्र भन्दा प्रकाशनको केन्द्र बढी हुन पुग्दैछ बनारस । काशी भाषे बोली कै रूपमा भए पनि ताती गर्न सिकाउने बनारसको भन्दा दार्जीलिङ्गको जातीय स्वर ठूलो चडको र टडकारो हुन खोज्छ । भौंती पर्छ पर्दैन भविष्य अगाडी छ ।

दार्जीलिङ्मा कालिदासीय वाङ्मयका नेपाली अवतारहरूको चर्चा गर्दा अहिले सम्म मडर्न शकुन्तलालाई नै अघि सानु परेको छ । यसका लेखक हुन्, हीरा कुमार सिंह । मडर्न शकुन्तला हास्य नाटिका हो । यसका सबै पात्रहरू हास्याभिनय गर्दछन् । लेखक द्वारा सन् १९४१–४४ सम्मको अवधिभित्र लेखिएका चार नाटकहरू मध्येको एउटा नाटक हो । अभिमञ्चित भए पनि अप्रकाशित रहेका यस नाटिकाको खोजीमेली गर्ने सन्दर्भमा इन्द्र बहादुर राईको गुन न सम्झी भएको छैन ।

नाट्य साहित्यको पूर्वीय परम्परामा धीरोदात्त नायकको मनोरञ्जनका लागि विदूषक जस्ता हास्य पात्रको सृजन-विधान छ । हुन त नाटकमा विदूषक राखिनुका

अरू पनि उद्‌देश्य छन् जसको अवहेलना गर्न मिल्दैन तथापि विदूषकको अभावमा धीरोदात्त नायक भएका नाटकहरूमा विदूषक जस्तो पात्र न भै दिए नाटकले सर्वसाधारणलाई आवश्यक मनोरञ्जन दिन न सक्ने कुरालाई पनि बिर्सिन न हुने छ।

कालिदासीय अभिज्ञान शाकुन्तलम्‌मा विदूषकको जे जस्तो भूमिका छ, महाकवि लक्ष्मीप्रसाद देवकोटाले यसलाई अझै विस्तृत र अझै आकर्षक पारेका छन्। अभिज्ञान शाकुन्तलम्‌मा कालिदासले विदूषकलाई एउटा विनोदी मित्र सम्म मात्र ठानेका छन्। आफ्नो प्रणय व्यापारमा विघ्न न परोस भनेर उसलाई आफूबाट अलग पनि गराई दिन्छन्। संक्षेपमा भनौ भने विदूषक नायकको लागि 'चाहिंदाको भाडो न चाहिंदाको ठाँडो' मात्र हुन्छ।

महाकवि देवकोटाले भने विदूषको चरित्रलाई एउटा विनोदी पात्रको रूपमा न उभ्याइ यसलाई समानान्तर नायकको रूपमा उभ्याई दिने चमत्कार देखाएका छन्। नेपाली शाकुन्तल महाकाव्यमा एकातिर दुष्यन्त शकुन्तलाको रूप र शीलमा लट्ठिएका छन् भने अर्कोतिर समानान्तर नायक विदूषक आफ्नो प्रेयसी 'ह्राडीं'को वियोगमा विकल छ। कालिदासको विदूषकलाई दुष्यन्तले—

परिहास विजल्पितं सखे ? परमार्थेन न गृह्यतां वचः'

भनेर छल्न सक्तछन्। तर देवकोटाको विदूषकलाई इनले छल्न सक्तैनन्। यहाको विदूषक दुष्यंन्त जस्तै बाठो छ। यो दुष्यन्त कै यथावत् अभिनय (क्यारिक्रेंचर) गर्न सफल छ। त्यसैले यो समानान्तर नायक हुन पुगेको छ तर प्रतिनायक चाहिं होइन। प्रतिनायक वा खलनायकको अभिप्रेत/लक्ष्य एउटै व्यक्ति वा वस्तु विशेष हुन्छ भने नायक र समानान्तर-नायका अभिप्रेत/लक्ष्यमा किञ्चिद् विविधता हुन्छ। ज्ञातव्य छ, देवकोटाको दुष्यन्तलाई शकुन्तलाको कामजरो आउछ भने इनको विदूषकलाई उसकी प्रेयसी 'हांडी'को कामजरो।

कालिदासले अभिज्ञान शाकुन्तलम्‌मा मोदकप्रिय विदूषकलाई आमोद प्रमोद र मन बहलाउको माध्यम बनाएर प्रस्तुत गरे। महाकवि देवकोटाले आफ्नो नेपाली शाकुन्तल महाकाव्यमा विदूषकलाई मनोरञ्जनको माध्यम सगै नाटकका मुख्य नायकको चरित्रानुकारी पात्रको रूपमा चित्रण गरे। मडर्न शकन्तलाका हीराकुमार सिंहले त स्वयं राजा दुष्यन्तलाई नै हास्य सम्राट् बनाएर प्रस्तुत गरी दिए।

मडर्न शकुन्तलामा विदूषकको वैदुष्याभिनय गर्ने पात्रहरू सबै छन्-दुष्यन्त पनि शकुन्तला पनि र अरू पनि। हीरा कुमार सिंहको यस नाटिकामा दुष्यन्तले आफूलाई हास्य नायकको रूपमा प्रस्तुत गरेको छ भने शकन्तलाले पनि उसैलाई सुहाउने हास्य र व्यङ्ग्यको प्रतिनिधि नायिकाको रूपमा। अत एव कालिदासको धीरोदात्त नायक यस नाटकमा हास्य र व्यङ्ग्यको स्रष्टा हुन पुगेको छ।

मडर्न शकुन्तलामा नायक-नायिकाको मिलन पछि दुवैको छुट्टिने समय आउँछ। आफ्नो परम्परा र कुल धर्म अनुसार शकुन्तलाले दुष्यन्तको खुट्टा ढोग्नु नैतिक कर्तव्य हुन जान्छ। तर नायकका मैला र हसक्क गन्हाउने गोडा ढोग्नका लागि निहुरिने नायिकाले भने दुर्गन्ध खप्न न सकी नाक थुन्नु पर्ने हुन्छ। हीरा कुमार सिंहकी मडर्न शकुन्तला दुष्यन्तलाई अर्को पाली भेट्न आउँदा सफा संग गोडा धोई-पखाली गरी आउने सल्लाह यसरी दिन्छिन्—

शकुन्तला :—"प्रिय अर्को पालि भेट्दा Kindly खुट्टा धोएर आउनु होला।"

नायक जे भए पनि पुरुष हो, कालिदासीय शाकुन्तलका दुष्यन्तको आधुनिक अवतार। यो 'हींग न भए पनि हींग बाधेको टालो' हो। यसमा कालिदासीय शाकुन्तलका धीरोदात्त नायकको लेशमात्र भए पनि स्वाभिमान छ, पौरुष छ। त्यसै हुनाले हीरा कुमार सिंहको दुष्यन्त आफ्नी प्रेयसी शकुन्तलाको प्रस्तावमा समर्थन वा विरोध दुवै मध्ये केहि पनि जनाउदैन। अपि तु मध्यम मार्गको अनुसरण गर्दछ। उ आफ्नी प्रेयसीको प्रस्तावलाई यसरी समर्थन गर्दछ—

दुष्यन्त :—"कोशिष गर्नेछु, प्रियतमे!"

जस्तो पहिले उल्लेख गरिसकिएको छ– कालिदासको प्रभाव ग्रहण गर्न वा कालिदासीय साहित्यको ज्ञान हुनको लागि कसैले संस्कृत पढेकै हुनु पर्ने आवश्यकता छैन, हिमवद्देशका यी महाकविको प्रभाव इनका अनुयायीहरूमा अरु माध्यमबाट पनि पर्न सक्दछ। अध्ययनको नाममा 'म्याट्रिकुलेसन' सम्म मात्र उत्तीर्ण गरेका नाटककार हीराकुमार सिंहलाई कालिदासीय शाकुन्तलले कति आकर्षण गरेको रहेछ भन्ने कुरा यसै मडर्न शकुन्तलाबाट टड्कारै हुन्छ। 'मडर्न शकुन्तला' को परिचयमा यत्ति।

मोतिराम भट्टबाट प्रारम्भ हुने शृङ्गार युग संगै कालिदासीय कृतिहरूले नेपालको साहित्यिक धरातलमा नया औतार लिन थाल्दछन् र यो परम्परा आज सम्म अक्षुण्ण छ भन्ने कुरा माथिका कालिदासका नेमिवृत्ति कवि र उनका कृतिहरूको संक्षिप्त विवरणले टड्कारो भएकै छ।

यति मात्र होइन, नेपालमा रङ्गमञ्चको इतिहास तर्फ सिंहावलोकन गर्दा राणाकालिक नेपालमा रंगमञ्चमा खेलिने नेपाली नाटकहरूमा पनि थिने कालिदासीय नाट्य कृतिका नेपाली नवावतारहरू कै पहिलो भूमिका रहेको कुराको पनि माथि संकेत गरिए कै छ।

नेपाली साहित्यको इतिहासमा महाकाव्यको परम्परालाई श्री गणेश गर्न पनि कालिदासीय कृति अभिज्ञान शाकुन्तलम्ले नै नेपाली औतार लिनु परेको तथ्यलाई पनि वे वास्ता गर्न कत्ति पनि न मिल्ने छ।

प्रकृति काव्यमा कालिदासीय प्रभाव र प्रतिच्छायाको समीक्षा पनि सम्बन्ध शीर्षक कै उपशीर्षक 'क' 'ख' मा गरिएको छ।

नेपाली साहित्यमा वियोग तथा सन्देश काव्यको बाढी पनि मेघदूतले नै ल्याई दिएका कुरालाई समेत पर्गेल्न सकिने स्थिति छैन । यस बाहेक—

"अहं राष्ट्री सङ्गमनी वसूनाम्
चिकितुषी प्रथमा यज्ञियानाम् ।"

उपर्युक्त वैदिक राष्ट्रगानको अनादि परम्परामा आएर यसै हिमवद्देशका नेपाली विभूति, विश्वका आदि कवि महर्षि वाल्मीकिले "जननी जन्म भूमिश्च स्वर्गादपि गरीयसी ।" भनेर स्वराष्ट्रको स्तुति गरे । यी दुवै तथ्यलाई हृदयङ्गम गर्दै 'सूत्रस्येवास्ति मे गतिः' का कवि हिमवद्देशका यशो विभूति महाकवि कालिदासले पनि

"स्थानान्तरं स्वर्ग इवाबभासे ।"
"दिवं यदि प्रार्थयसे वृथा श्रमः
पितुः प्रदेशास्तव देवभूमयः ॥"

भन्दै राष्ट्रिय महिमा गाएको कुरा कालिदासीय साहित्यको अध्ययन गर्ने वा यसमा चाख लिने व्यक्तिहरूमा लुके छिपेको छैन ।

यसरी वैदिक परम्परा देखि वाल्मीकि हुँदै कालिदास सम्म क्रमिक रूपमा आएको हिमवद्देशीय राष्ट्रिय गानको यस अविछिन्न परम्परालाई आज पनि कालिदासीय राष्ट्रवादी मनोवृत्तिका नेमिवृत्ति नेपाली राष्ट्रिय कविहरूले नै निर्वाह गरेका छन्, भन्न कत्ति पनि धक् मान्नु पर्दैन । फलतः आधुनिक नेपालमा प्रजातन्त्रको स्वर्णिम विहान संगै राष्ट्रियगानको विगुल फुक्नेहरूमा पं० माधव प्रसाद घिमिरे तथा पं० चक्रपाणि चालिसे दुवैले राष्ट्रिय गानको कालिदासीय परम्परालाई क्रमशः धानेका छन् । कालिदासीय साहित्यको नेपाली साहित्यमा परेका प्रभावको चर्चा गर्दा राष्ट्रिय गानको यस गौरवमय गरिमालाई पनि विर्सिन न हुने छ ।

यसरी श्रृङ्गार काव्य, ऋतुकाव्य, सन्देश काव्य, महाकाव्य तथा दृश्यकाव्यहरूका प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कालिदास प्रभावित कृतिहरूको विवरण यत्ति मात्रले टुङ्गिएको छैन ।

अतः नेपाली साहित्यको विकासमा कालिदास प्रभावित कृतिहरूले गरेका योगदानको चर्चा गरिने यस प्रसंगमा नेपाली साहित्यका उपर्युक्त नेमिवृत्ति कविहरूलाई र तिनका कृतिहरूलाई एक छिन पर्गेलेर हेर्ने हो भने नेपाली साहित्यमा के बाँकी रहन्छ ? कति बाँकी रहन्छ ? कस्तो बाँकी रहन्छ ? कल्पना मात्र गर्दा पनि मन खङ्ग्रङ हुन्छ । कालिदासीय साहित्यका नेपाली औतारहरूको महत्त्व पनि यसैबाट छर्लङ्ग छ ।

यहाँ के कुरा पनि न भनी न सकिने छ भने कालिदासीय साहित्यका नेपाली औतारहरूको आफ्नो साहित्यमा यति महत्त्वपूर्ण योगदान हुँदा-हुँदै पनि नेपाली साहित्यका समीक्षक तथा विश्लेषकहरूले यस विषयमा त्यति औदार्य र चाख देखाए को जस्तो देखिदैन । यसले गर्दा कालिदास साहित्यका यी अमूल्य नेपाली औतारहरूको

लोकप्रियता चाहिदो मात्रामा हुन-बढ्न सकेको छैन । फलतः इनीहरूमा जन्मै देखि बुढौली लागेको जस्तो कता-कता अनुभव हुन्छ । मेघदूतम् तथा अभिज्ञान शाकुन्तलम् जस्ता विश्वप्रसिद्ध कृतिहरूका नेपाली नवावतारहरू वर्षौं सम्म अप्रकाशित रहिरहनामा यो पनि एउटा मुख्य कारण हो जस्तो लाग्दछ । सम्भवतः अनूदित कृति भनेर मात्र प्रकाशक महोदय तथा समीक्षक अग्रजहरूले इनको उपेक्षा गरे अथवा यसमा अरु कुनै पूर्वाग्रह छ, विचारणीय छ ।

हो, नेपाली शाकुन्तल महाकाव्य बारे भने फाट्फुटे समीक्षात्मक लेखहरू यदा कदा देख्न पढ्न पाइने गर्छन्, ती पनि परीक्षोपयोगी स्थल तथा काव्यका प्रारम्भिक एक-दुई सर्गका मात्र । नेपाली महाकाव्यको इतिहासमा पहिलो हुन न आएको भए यति पनि उदारता हुने-देखिने थिएन होला कि भन्न पनि मन लाग्छ ।

अन्त्यमा कालिदासीय कृतिका यी नवावतारहरू प्रति समीक्षक र संमालोचकहरूको दृष्टि र पाठक को अभिरुचि बढदै जाने झीनो आशा लिंदै यस प्रसंगलाई धेरै न लम्ब्याउनु वेस होला ।

त्यस वेला नेपाली साहित्यको तथाकथित अन्धकार युगमा कालिदासीय साहित्यका नेमिवृत्ति नेपाली कवि तथा लेखकहरूले प्रतिभाको जुन ज्योति उकासेर गए त्यसको प्रकाशनले नै नेपाली साहित्य आज सम्म उज्यालो छ । यति मात्र होइन, यसले नेपाली साहित्यलाई अनन्त-अनन्त प्रकाशवर्ष सम्म दिन दोब्बर उकास्ने र उजिल्याउने छ, भन्ने कुरामा लेशमात्र शंका न लिदा हुन्छ । किन भने यस युगका कविवर मोतिराम भट्ट, पहलमान सिंह स्वाँर तथा कृष्णप्रसाद रेग्मीलाई कहिल्यै पनि कसैले पनि बिर्सिन सक्तैन । अस्तु ।

जनताको बौद्धिक विकास र आत्मोन्नतिलाई आफ्नो प्रशस्ति र स्वार्थ पूर्तिको साधन तुल्याउने प्रयासमा लागेको त्यस जहानियाँ शासनको युगमा जसमा "चन्द्रोदयमा बालकहरू रमाउँछन्" भन्दा मात्र लेखकले वीस रुपियाँ दण्ड तिर्नु परेको थियो, त्यस वेला साहित्यको विरुवा हुर्काउन कालिदासीय साहित्य नै एक मात्र संबल थियो, शरण्य थियो । अतः कालिदासीय वाङ्मयका नेमिवृत्तिहरूले दिएका नवावतारका अवदानहरूको वर्णन जति गरे पनि थोरै छ, जति लेखे पनि अपुग छ ।

परदारैषणा र तन्निमित्तक उपदेश कविले साहित्यमा गर्नु हुदैन । यस बाहेक काव्याङ्गको रूपमा शृङ्गारवर्णन गरिन्छ भने त्यो हेय हुनु साटो सहृदयहृदयहरूलाई प्रेय हुन्छ । यसमा कवि दोषभाक् छैन—

न हि कविना परदारा एष्टव्या नापि चोपदेष्टव्या ।
कर्तव्यतयाऽन्येषां न च तदुपायो विधातव्यः ॥
किन्तु तदीयं वृत्तं काव्याङ्गतया स केवलं वक्ति ।
आराधयितुं विदुषस्तेन न दोषः कवेरत्र ॥

नेपाली साहित्यको माध्यमिक कालिक कविहरूका श्रृंगार रचनाहरू पनि परदार्रैषणाका दृष्टिले लेखिए-छापिएका होइनन् । यसको मूल उद्देश्य मात्र भाषा साहित्यको विकास गर्नु थियो । साधारण जनलाई पनि काव्य रसास्वादन तर्फ प्रवृत्त गराउने एउटा प्रयास मात्र हो यो । यस बाहेक अरु केहि पनि होइन । यस तथ्यलाई अभिव्यक्ति दिने मोतिराम भट्टका उक्तिको जिकिर माथि गरिएकै छ। यस सम्बन्धमा श्लोक संग्रह प्रथम भाग (वि० सं० १९५६) मा मैनेजर पशुपति प्रेस नेपालको समर्पण (प्रकाशकीय वक्तव्य) का वाक्यहरू पनि यस प्रसङ्गमा उद्धृत गर्नु पर्ने छ—

"तपाञीहरूको भाषा श्लोकमा अत्यन्त प्रीति देखी यो श्लोक संग्रह भन्या पुस्तक (प्रथम भाग) जसमा ठूला २ कवीहरूले बनायाका रस वर्णन समस्या पूर्ती......इत्यादि गऱ्याको कविताहरू बहुतै परिश्रमले संग्रह गरी छापियो यस ग्रन्थको चाहगऱ्या पछी तपाञीहरूका निमित्त अरू भाग पनि छापने छौं ....आशा यस्तो छ कि मेरो उत्साह र गोर्खा भाषाको उन्नति दिन २ बढाउनू हुन्यै छ ।

तपाञीहरूको उत्साह बढाउन्या
मैनेजर "पाशुपत-प्रेस नेपाल

प्रस्तुत छन् यसै तथ्यलाई पुष्टि गर्ने सुन्दरीको पत्रिकाको "वर्ष समाप्ति" शीर्षक अन्तर्गतका यी पंक्तिहरू—

"प्रिय महोदय हो ! सुन्दरीको दूसरो वर्ष पनी पूरा भयो, पहीले वर्षका भनदा यस सालमा धेरही उपयोगी लेखले र कागजले, छपाईको सफाइले जो कुछ मनमोहन भयेको रसिकहरूले जानीयेकै छ, अब ग्राहक महोदयहरूबाट निगाह बनाई राखनू भयो भने तृतीय वर्षमा अरु संस्कार गराउँला भनने विचार छ, सब जनाले ऋषि जसता मुमुक्षु भई सुन्दरीको परवाह नगरे लाचारीले वन्द गरनूनै परने छ, यो काम केवल भाषाका उन्नतिका निमित्त उठायेको हो भनने रसिकजनलाई थाह ही छ, धेरै लेखनू फजूल छ । मैनेजर सुन्दरी ।"

कालिदासीय साहित्यको प्रभावमा मोतिराम भट्टबाट प्रारम्भ मानिने श्रृंगार युगलाई तथा कथित अन्धकार युगको नामकरण गर्दा यो कुरा न विर्सीकन मनमा लिनु पर्ने छ इत्यलम् ।

काव्येषु नाटकं रम्यं तत्र रम्या शकुन्तला ।
तत्रापि च चतुर्थोङ्कस्तस्य श्लोकचतुष्ट्यम् ॥

यो प्रसिद्ध उक्ति अनुसार शाकुन्तलका चतुर्थ अङ्कका चार पद्यहरू कालिदास साहित्यका सुन्दरतम पद्यहरू मानिन्छन् । ती चार मध्ये पनि "यास्यत्यद्य..." पद्य त्री सबै भन्दा पनि राम्रो छ, पद्यको राजा । कालिदासीय काव्यका नवावतारः को यो

प्रसङ्गलाई र विवेचन क्रममा आएको उनका नाट्यसाहित्यको उपप्रसङ्गलाई समेत धेरैं न बढाई अब पहलमानसिंह स्वाँर देखि हाल सम्मका कालिदासीय नेमिवृत्ति कवि-हरूहरूका लेखनीबाट अवतरित उपयुक्त पद्यको नेपाली रूपान्तरणलाई वर्णक्रमानुसार उद्धृत गर्दै यो सन्दर्भलाई पनि यहिं नै विदा दिनु वेश होला—

महाकवि कालिदास—

यास्यत्यद्य शकुन्तलेति हृदयं संस्पृष्टमुत्कण्ठया
कण्ठःस्तम्भितबाष्पवृत्तिकलुषश्चिन्ताजडं दर्शनम् ।
वैक्लव्यं मम तावदीदृशमपि स्नेहादरण्यौकसः
पीड्यन्ते गृहिणः कथन्नु ? तनयाविश्लेषदुःखैर्नवैः ॥

कृष्णप्रसाद ढुङ्गाना

जान्छिन् आज शकुन्तला पति गृहै भन्ने कुरोले गरी
भक्कानो मुटुमा उठेर गहमा आँसू भरी भो अनि ।
देख्नैमा पनि शक्ति कत्ति न भई अन्धो सरी भैं गए
हालै हुन्छ यसो तपस्वीजनको सामान्यको के कुरा ।

डिल्लीराम तिमसिना

जान्छिन् आज शकुन्तला घर भनी गांठो मुटूमा परी
चिन्ताले अति खिन्न भैं धुरु-धुरु रुँदै अँध्यारो भई ।
माईती घरको किलो हृदयको छोरी भनेकी अरे
... ...

धर्मराज थापा, जनकविकेशरी

जान्छिन् आज शकुन्तला घर भनी चिन्ता बल्यो दन्दनी
पिर्थौलि गह यी रसाउन पुगे रोकिन्न आँसू पनि
धक्यों दिल वनवासिको पनि भने साह्रै ठुलो पीर परी
गृहस्थीहरू झन् कसोरी रहलान् छोरी विदाई गरी ॥

पहलमानसिंह स्वाँर

जान्छिन् आज शकुन्तला घर भनी उत्कण्ठ मेरो भयो
रोकीयो गल नेत्रमा जल भरी क्यै मन्द दृष्टि भयो ।
त्यागी औ म तपस्वि भैं कन पनि यस्तो भयो यो घडी
होला धैर्य कहाँ गृहस्थिहरूमा पुत्री विदाई गरी ॥

भानुभक्त पोखरेल

जान्छिन् आज शकुन्तला घर भनी चस्किन्छ यो हिर्दय
भक्कानो मुटुमा छ, आँसु गहमा, यो चित्त चिन्ताकुल ।
हुन्छौं विह्वल, शोकव्याकुल भने हामी तपस्वी-जन
छोरीलाई पठाइ चित्त कसरी थाम्नन् गृहस्थी जन ॥

लाटोसाथी

जान्छिन् आज शकुन्तला घर भनी ओइलाउँदैगो मन
बोली अड्दछ घाँटी मै नयन यी थाले रसीला हुन ।
चिन्ताग्रस्त छु होश छैन कुटियावासी म जोगी हूँ ता
वज्रै खस्छ गृहस्थीमा मुटु चुडीं छोरी विदाई हुँदा ॥

लेखनाथ पौड्याल, कवि शिरोमणि

जान्छिन् आज शकुन्तला भनि भयो भित्री मनै खुल्दुल
अन्तर्बास्पनिरुद्धकण्ठ हुनगो भो दृष्टि चिन्ताविल ।
यस्तो विक्लवता म वन्य तकमा ल्यायो कठैं स्नेहले
को रोवैन गृही मनुष्य तनया अन्माउँदा शोकले ॥

शम्भुप्रसाद ढुंगेल, आशुकवि

जान्छिन् आज शकुन्तला घर भनी उठ्तो छ चिन्ता अती
प्रीतीको मनमा प्रवाह बह्दा रोकिन्न आँसू रती
हामी झैं वनवासीको पनि भयो यो गत भने यो घडी
वस्छन् धैर्य गरी गृहस्थ कसरी छोरी विदाई गरी ॥

●

नोपान्वयः पार्थिव एष यज्वा

"सम्पूर्णमपि भारतं सम्यग्विजानाति विजानाति चास्योपद्वीपानि किन्तु हिमा-
चले बद्धादरः ।" यो उक्ति कालिदासको परिचय दिने क्रममा डा० रेवा प्रसाद द्विवेदी
को हो । इनी कालिदासलाई हिमवद्देशका मान्दछन् ।

वागीश्वर विद्यालङ्कारले पनि कालिदासलाई हिमवद्देशका प्रतिपादन गरेका
छन् ।

गुप्तकाल अर्थात् चतुर्थ शताब्दीका कालिदासले हिमवद्देशको भूभागलाई 'नेपाल'
को नाउले जान्दथे भन्ने कुरा प्रयागमा पाइएको उत्कीर्ण लेखद्वारा पनि अनुमान गर्न
सकिन्छ । गुप्तकालिक कालिदासका रघुको विजय यात्रालाई समुद्रगुप्तको विजय यात्राको
प्रतिच्छाया मान्दछन् समीक्षकहरू । रघुले हिमाली राजा संग उपहारको आदान प्रदान
गर्नु आदि तथ्यले कालिदासले नेपाली भूभागलाई रघुबाट विजित भएको न देखाएको
संकेत माथि गरिएके छ ।

कालिदासलाई उनका काव्यगत प्रवृत्ति र प्रतिभाका आधारमा हिमवद्देशीय हुन्
मात्रै भन्दा न पुगेर नेपाली हुन् भन्ने कुरा मान्नेहरू यता आएर निकै भएका छन् ।
उहिले रानी पोखरी संस्कृत पाठशाला काठमाडौंका तात्कालिक पण्डितहरूले पनि
कालिदासलाई नेपाली भएको प्रसङ्ग यदा-कदा उठाउथे भनिन्छ ।
पण्डित रश्मिराज उपाध्याय १९४३–२०१४ ले रघुवंश द्वितीय सर्गको 'पुत्रोप-
भुङ्क्ष्व' जस्ता प्रतीकहरूका आधारमा महाकविलाई नेपालका हुनु पर्ने कुरा स्वीकार
गरेका छन् ।

कालिदासलाई 'नेपाली हुन्' भन्नेहरूमा पण्डित मुरलीधर भट्टराईको नाउ पनि
उल्लेख न गरी न हुने छ । इनले यस विषयमा ठाडो र टड्कारो गरी जिब्रो फट्कारे-
का छन् र आफ्नो कलम तिखारेका छन् ।
'शकुन्तला' नाटकका स्थान विशेषलाई नेपाल मै उल्लेख गर्ने नाटकार कृष्णप्रसाद
ढुङ्गानाको अन्तरात्माले पनि कालिदासलाई नेपाली नै भएको विषयमा साबिती
बयान दिइसकेको मान्दा न हुने छैन ।

कालिदासलाई नेपाली मान्ने वा मान्न खोज्नेहरूका पंक्तिमा एउटा अर्को व्यक्ति-
लाई पनि न औल्याई न हुने छ, इनी हुन् डिल्लीराम तिमसिना । काशी हिन्दू विश्व-
विद्यालयका नेपाली प्राध्यापक तिमसिनाले प्रसङ्गतः यस तथ्यमा आफ्नो स्वीकृति
जनाएका छन् । निजको 'प्रबन्धलता' पुस्तकको पच्चीसौं पृष्ठबाट यो वाक्य
उद्धरणीय छ—

"महाकवि कालिदास वेदव्यास र पाणिनिको जन्मस्थल पनि नेपाल नै हो भनी अनुसन्धान कर्ताहरू आफ्ना-आफ्ना दलील पेश गर्दै छन् ।"

'हाम्रा तीन मनीषीहरू' नामक प्रबन्ध अन्तर्गतको यस वाक्यले तिमसिना स्वयंले कालिदासलाई नेपाली स्वीकार गरेको मात्र होइन, यसका साथै व्यास र पाणिनिलाई समेत नेपाली भन्न पाउदा गौरव र अनुभव गरेको कुरा अभिव्यक्त पारेको छ ।

नेपाली कालिदासका कृति-सप्तक मध्ये त्यसै हुनाले प्रायः जसो स्थान विशेष हरूले नेपाल कै झझल्को दिन्छन्—रामगिरि नेपाल मैं छ, वशिष्ठाश्रम पनि नेपाल मैं । गौरी शिखर नेपाल मैं छ, महाकोशी पनि नेपाल मैं । तमसा नेपाल मैं छ, वाल्मीकि आश्रम पनि नेपाल मैं । रघुवंशका प्रथम द्वितीय सर्गले बाणगङ्गा तटवर्ती प्रदेश र त्यहा हुर्केका विश्व प्रसिद्ध अहिंसा-आदर्शको झ-झल्को दिन्छ । मेघदूतको प्रारम्भ तमसा (कृष्ण गण्डकी) को पावन भूमि र त्यहाँका वृक्षहरूको स्निग्ध छायामा हुन्छ । कुमारसम्भवले महाकोशी, गौरी शिखर तथा किरात प्रदेशको सेरो-फेरो र संस्कृति कै दिग्दर्शन गर्दछ । किरात कालिक भनेर औल्याइने वाराह क्षेत्रका शिवलिङ्ग द्वारा कालिदासको युगमा समेत त्यस क्षेत्रको प्रसिद्धि, प्रसिद्ध तीर्थ स्थलको रूपमा भएको कुरा टडकारो हुन आउछ ।

छिमेकी भारतमा मुसलमान र अंग्रेजहरूले आक्रमण गर्दा नेपाल स्वतन्त्र नै थियो। यों पावन भूमि विदेशी आक्रामकहरूका लागि सदा अजेय र दुर्गम रह्यो । यसमा नेपाललाई गौरव छ । तर विदेशीहरूका आंखामा र चित्तमा नेपालका महत्वपूर्ण कुराहरू यथार्थ रूपमा आउन सकेनन् । अत: रौं चिरा यूरोपेलीहरूले पनि नेपालका तीर्थस्थल, पुरातात्विक महत्वका ठाउँहरू, भाषिक तथा साहित्यिक विशेषताहरूका बारेमा केही विशेष लेख्न सकेनन्। जे जति लेखे त्यो सबै सेनामा भर्ती हुने फौजहरूका बोली व्यवहार बुझ्न र तिनीहरूमा आफ्नो धर्म ग्रन्थको प्रचार गर्ने उद्देश्यले मात्र लेखे । फलतः अरु कुराहरू संगै कालिदासको जन्मभूमि र पाणिनिको कर्म भूमिको रूपमा नेपाल र यहाँका महत्त्वपूर्ण स्थलहरूको त्यति साह्रो उल्लेख इनका रचनामा भएन । भनाउरी र सुनाउरीका आधारमा आफ्ना तर्कलाइ प्रतिरोपित गरेर अनुसन्धाताको दोसल्ला ओढने यी यूरोपेली-पण्डितहरूबाट कहिं-कहिं अर्थको अनर्थ पनि हुन-पर्न गएको जस्तो देखिन्छ यो कुरा न लम्ब्याउँ ।

सफल कवि र साहित्यकारहरू आफ्नो परिचय दिन वा नाम ग्रहण गर्न त्यति साह्रो हतार गर्दैनन् । महापुरुषहरू आफ्नो नाउँ गाउँको न त प्रत्यक्ष उल्लेख नै गर्दछन् न उच्चारण नै । श्रेयस्कामो न गृह्णीयात् ।

कालिदासले पनि आफ्नो लामो परिचय र इतिहास लेखेर गएनन् ।

आफ्ना प्रसिद्ध सात कृतिहरूमध्ये मात्र नाटकहरूमा इनले सूत्रधारका माध्यम बाट वल्ल वल्ल आफ्नो नाम ग्रहण सम्म गराएका छन् ।

सामान्य व्यक्ति र कविमा मूलतः यी दुइ कुरामा अन्तर हुन्छ—सामान्य व्यक्ति आफ्नो अभिप्रायलाई प्वाक्कै भन्छ, छरफष्टै पारिदिन्छ। कविले चाहिं यसरी सबै थोक प्वाक्कै भन्दैन। उसले त संकेत गर्दछ, मात्र संकेत। संकेतः शब्दः

सांचो कवि र कांचो कविमा पनि यस्तै फरक छ—साँचो कवि मात्र संकेतले नै रसिक जनमा भावोद्रेक ल्याई दिन्छ तर काँचो कवि नारा दिन्छ, मात्र नारा फलाक्छ। उत्तेजक हुन्छ कांचो कवि, उत्प्रेरक वा उत्-द्रावक हुन्छ सांचो कवि।

कालिदास सच्चा कवि हुन्, त्यसै हुनाले इनका साहित्यमा 'नेपाल' पाइदैन। तर नेपालको झ-झल्को पाइन्छ। 'नेपाल' कुनै एक ठाउँमा पाईदैन इनका कृतिहरूमा, तर चारै तिर व्याप्त छ नेपाल, इनका अन्तर-अन्तरमा, पद-पदमा र वाक्य-वाक्यमा। संक्षेपमा भनौ भने कालिदासले आफ्ना कृतिहरूमा 'नेपाल' पदको उल्लेख गरेका न भए पनि नेपाल पदको संकेत भनें अवश्य नै गरेका छन् यसको मूर्धाभिषेक उदाहरण हो—नीपान्वयः पार्थिव एष यज्वा।

शब्दानामनेकार्थः। केहि अपवाद बाहेक आफ्ना प्रवृत्ति र प्रयोग अनुसार शब्दहरू कुनै खास अर्थमा मात्र आबद्ध वा सीमित रहदैनन्। अतः विभिन्न शब्दका अर्थानुसारी विविध निर्वचन हुन सक्तछन्। 'नेपाल' शब्दको पनि भूतात्विक, जनतात्विक र धर्मतात्विक निर्वचन गर्न सकिन्छ। 'नेपाल' शब्दको निर्वचन प्रसङ्गमा नेप + पाल, नीप + पाल, नेमि + पाल, नें + पाल, नय + पाल, नृ + पाल आदि व्युत्पत्ति गरिएका पाईन्छन्। यहा भनें महाकवि कालिदासलाई 'नेपाल' शब्दको व्युत्पत्ति नीप + पाल नै ग्राह्य भएको जस्तो लाग्दछ।

माथि उद्धृत पद्यांशका नीप शब्दले 'नेपाल' शब्दका व्युत्पत्तिमा उल्लेख गरिएका 'नेप' शब्द संग तादात्म्य राख्त छ पाणिनि व्याकरण अनुसार 'नीप' वा 'नेप' शब्द एउटै धातुबाट समान प्रत्यय भएर निष्पन्न भएका छन्। √णी (न्) प्रापणे देखि 'प' प्रत्यय भएर बाहुलंकात गुण हुदा 'नेपः' शब्द बन्दछ, गुण न हुदा 'नीपः'। दुवैका अर्थमा कुनै फरक छैन। यथारुचि कसैले 'नीप' प्रयोग गर्दछन् भने कसैले 'नेप'। [पा-नी-विषिभ्यः पः/उ० सू० ४०५६ सिद्धान्तकौमुदी, क्षेमराज श्री कृष्णदास मुंबई पृष्ठ ६१६।]

हुन त आज भोलि देखिनें रघुवंशका प्रकाशित संस्करणहरूमा 'नीपान्वयः' यस्तो पाठ नै देखिन्छ। यस बाहेक काव्यका अन्य लेखोट् प्रतिहरूमा 'नेपान्वयः' को उल्लेख भएको पनि कतै पाइन्छ कि ? अन्वेष्टव्य छ। अथवा 'बाहुलकाद् गुणः'को पक्षलाई उति महत्व न दिएर कालिदासले 'नीपान्वयः' नै लेखेर आफूलाई पाणिनिको मौलिक नियम संग परिचित भएका देखिन देखाउन चाहे कि ? जे होस्।

'नीप' वा 'नेप' नेपालका आदि निर्माता हुन्, इनैबाट पालित भएको हुनाले नै हिमवद्देशका यस भू-भागको नाउ नेपाल भएको हो। गण्डकी माहात्म्य र गोपाल

वंशावलीमा समेत यसको उल्लेख भएको छ। गण्डकी माहात्म्य अनुसार प्राचीन कालमा 'नेप' नामक कुनै भक्तले शिवको आराधना गरे। इनबाट शक्ति प्राप्त गरे, अनि नेपालको निर्माण गरे—

पारस्य विजयी नेपः शिवभक्तो महामतिः।
समाराध्य शिवं तत्र नेपालस्तेन निर्मितः॥

गोपाल वंशावली अनुसार 'नेप' (नीप) नामक कुनै गोपालवंशीले पशुपतिको प्रतिष्ठा गरे। इनै नेप (नीप) द्वारा पालित भएको हुनाले यस पवित्र भू-भागको नाउ नेपाल भएको हो—

नेपनाम्ना गोपालेन पशुपतिः प्रतिष्ठाः कृतः। नेपपालितत्वान्नेपालः।'

आफ्ना पराक्रमी मूल पुरुष तथा नेपालका आदि निर्माता 'नेप' (नीप) का सन्तानहरूले नेपान्वयीका रूपमा प्रसिद्धि पाए। नेप कि वा नीप पुरुषको नाउ हो। सान्निध्यात् कि वा प्रसिद्धया त्यस भू-भागको नाउ पनि नीप वा नेप नै रहन गयो होला। अथवा यस पछि लाग्ने आलय वा अन्य परसर्गको लोप भएर नेप वा नीप मात्रले नै नेपाल वा नेपाली जस्ता पदको अर्थ बुझाउन सकेको थियो होला। 'विनापि प्रत्ययं पूर्वोत्तरपदयोर्लोपो वा वाच्यः।' (सिद्धान्त कौमुदी द्विरुक्त प्रक्रिया)

नेपालका आदि निर्माता 'नीप' (नेप) का संतानले डाँडा-कांढा ढाके। इनका भाषा बोलीहरूले पूर्वापर समुद्र छिचले। इनै नीपान्वयी क्षत्रियको एउटा शाखा पश्चिममा मथुरा (मधुरा) तर्फ बसाइ सऱ्यो। तिनताक मथुरा तथा शूरसेन प्रदेशमा इनै नेपालका नीपान्वयी क्षत्रियको हैकम चलेको थियो भन्ने कुरा कालिदासीय रघुवंशका छैठौं सर्गको सम्बन्ध प्रसङ्गमा गहिरिदाँ आभास हुन्छ।

महाकवि कालिदासले रघुवंश महाकाव्यका छैठौं सर्गमा इन्दुमती स्वयंवरमा भाग लिने क्षत्रिय राजकुमारहरूमा मथुराका नीपान्वयी पार्थिव सुषेणको पनि उल्लेख गरेका छन्। उल्लेख मात्र होइन, आठ-आठ पद्यमा वर्णन पनि।

ती मध्ये प्रारम्भका दुई पद्य मात्र—

सा शूरसेनाधिपतिं सुषेणमुद्दिश्य लोकान्तरगीतकीर्तिम्।
आचारशुद्धोभयवंशदीपं शुद्धान्तरक्ष्या जगदे कुमारी॥
नीपान्वयः पार्थिव एष यज्वा गुणैर्यमाश्रित्य परस्परेण।
सिद्धाश्रमं शान्तमिवेत्य सत्त्वैर्नैसर्गिकोऽप्युत्ससृजे विरोधः॥

रघुवंश षष्ठ सर्ग ४५-४६

उपर्युक्त पद्यका नीपान्वय शब्द द्वारा एकातिर कालिदासले इन्दुमती स्वयंवरमा नेपालीहरूको प्रतिनिधित्वको चर्चा गरेका छन्, त्यही नै त्यसै पद्यमा 'सिद्धाश्रमं शांतमिवैत्य' जस्ता प्रतीकले नर्तनाचलस्थित सिद्धाश्रम (सनकादि सिद्धहरूको तपस्थली) को समेत अप्रत्यक्ष रूपमा स्मरण गर्दछन्। माथिको 'सिद्धाश्रमं शांतमिवैत्य' अंशले

कुमारसंभवको 'रम्याणि यस्यातपवन्ति सिद्धाः' लाई पनि न सम्झाई रहदैन । ज्ञातव्य छ—मथुराका नीपान्वयी क्षत्रिय राजा सुषेण द्वारा इन्दुमती स्वयं वरमा भाग लिएको देखाउने कालिदासले त्यहाँ नेपालका राजकुमारले भागले लिएको कुरा सोझै उल्लेख गरेनन् । सर्प पनि मरोस् लट्ठी पनि न भाँचियोस । अवश्य नै यहि उद्देश्य थियो महाकविको । यस बाहेक नेपाल शब्दको उल्लेख गरेर आफ्ना देशका क्षत्रिय राजकुमारको प्रतिनिधित्व भएको देखाउने उद्योग कतै कालिदासले गरेका भए उनको नेपाली राजकुमार कसै पनि इन्दुमतीको वरमाला न पहिरी रित्तो स्वदेश फर्किने थिएन । तर यस्तो उल्लेख गरेका भए कालिदासले एउटा ठूलो ऐतिहासिक भूल गर्ने थिए । कथा तत्त्व विश्रृङ्खलित हुने थियो । स्वयं आफू पनि 'रघूणामन्वयं वक्ष्ये'को पूर्व प्रतिज्ञाबाट चुक्ने थिए ।—'विनायकं प्रकुर्वाणो रचयामास वानरम् ।' हुने थियो अस्तु

जहिले नीपान्वयी क्षत्रिहरू नेपालबाट पश्चिम मथुरा तिर लागे हुनन्, अवश्य पनि इनीहरूले आफू संगै आफ्नो राष्ट्रिय वेद शुक्लयजुर्वेद र तदनुप्राणित नेपाली मातृबोली पनि लिदै आए । मानिस जहाँ जान्छ आफ्नै मातृभाषा लिएर जान्छ ।

त्यहाँको बोलीमा इनै नीपान्वयीहरूले ल्याएका नेपाली प्राकृतको प्रभाव परेको थियो होला । फलतः शूरसेनिका वा शौरसेनीमा यसै नेपाली प्राकृतको आज पनि मनग्य प्रभाव देखिन्छ । तर के गर्नु ? यूरोपेली पण्डितहरूले आफ्ना अपूर्ण अध्ययनका भरमा उल्टो शौरसेनीलाई नै नेपालीको आधार भाषा मानिदिए । इनका तर्कले शौरसेनी बाटै भारतीय आर्य भाषाको विकास भएको स्वीकार गऱ्यो । वस्तुतः शौरसेनीको माऊ हो नेपाली प्राकृत । तर शौरसेनी कै छोराको रूपमा आज चर्चित हुनु पऱ्यो यसले । यो साह्रै खल्लो लाग्ने कुरा हो । सचेतसः कस्य मनो न दूयते ?

कुरोको चुरो के भने—कालिदास हिमवद्देशका हुन्, कालिदास नेपालका हुन् । कालिदासका सात कृति मध्ये कम्तीमा पनि चार कृतिहरू आंशिकवा पूर्णरूपमा नेपाल मैं लेखिएका हुन् ।

क्षण मात्र पनि नविसाई कालिदास ! कालिदास !! कालिदास !!! कोकिल-कूजन गर्ने पक्षीहरूले हिमवद्देशको यशो भूमिमा असमयमा पनि वसन्त बोलाई दिन्छन् बाह्रै महिना वसंत—आकालिकी मधु प्रवृत्ति ।

लता कुञ्जमा वसेर समस्त पाखा-पखेरी व्युझाउने र थर्काउने यस कालिदास-कूजनमा प्रस्तरहृदय पनि पग्लिन्छन्। हिमालयका चट्टान पनि अन्तर्द्रवित हुन्छन्, अन्तः प्रवाहित हुन्छन् हिमनदी भएर । अन्तः प्रवाहित यी हिमनदीहरूले पनि प्रपातका रूपमा आकार लिन्छन् । अग्ला-अग्ला शिखरहरूबाट कतै लामिदै कतै नागवेली पर्दै खस्ने यी धवलिम प्रपातहरू प्राकृतिक अक्षरमा लिपिबद्ध हुन्छन्, पहाड-पाटीमा सेतो खरीले लेखेको अक्षर झैं—कतै 'क' भएर, कतै 'ल' भएर, कतै 'द' भएर त कतै 'स' भएर । कतै कांधानी भएर कतै बाई मात्रा भएर, समष्टि रूपमा का लि दा स भएर ।

निर्झर लिपिका यी प्राकृतिक निनादहरूबाट सप्तकोशी रसाउँछन्, सप्त गण्डकी मुखरित हुन्छन् । इनका कल-कलमा कालिदास छ, इनका हलचलमा पनि कालिदास छ, इनका सुसेलामा समस्त कालिदासीय साहित्य तरङ्गित छ, सम्पूर्ण भारतवर्षीय वाङ्मय अनुप्राणित छ ।

यति मात्र होइन, सप्त कोशी र सप्त गण्डकीका गाङ्गयामुन स्वर-लहरीले विशाल समुद्रलाई पनि उद्वेलित पारिदिन्छ । स्वयं समुद्र पनि अशांत हुन्छ । छचल्किन खोज्छ तीरहरूबाट, उत्सुक हुन्छ, कालिदास भेट्न । यो समेत आफ्ना गगनचुम्बी ज्वार भाटाहरू द्वारा सगरमाथा तिर फुल्क्याउन थाल्छ—कालिदास खोज्दै, कालिदास अलाप्दै र कालिदासै उफ्न्याईं उफ्रिदैं ।

हिमवद्‌देशका ती प्राकृत (निर्झर) लिपि र तिनबाट प्रस्फुटित यी स्वरलहरीहरूले कालिदासीय वाङ्मयलाई तरङ्गित पार्दै समुद्र सम्म पुऱ्याए । समुद्रले फिजायो यसलाई महा समुद्र भरि र क्रमशः सम्पूर्ण विश्वमा—

लिपेर्यथावद् ग्रहणेन वाङ्मयं नदी मुखेनैव समुद्रमाविशत् ।

यस सम्बन्धमा A. W. Ryder को यो उक्ति सम्झि हाल्नु पर्ने छ—"कालिदासले पाचौं शताब्दीमा जति जानेका थिए यूरोपले उनाइसौं शताब्दीमा पनि जानेको थिएन । अहिले सम्म पनि उसले जे जति जानेको छ अपूरै जानेको छ ।

[साभार "महाकवि कालिदास"—रामशंकर तिवारी]

त्यसै हुनाले शेक्सपीयरमा कालिदास छन्, टेम्पेष्टमा उनको शाकुन्तल । शिलरमा पनि कालिदास छन् मेरिया स्टुअर्ट मा उनको मेघदूत । गेटेमा कालिदास छन् 'फाउस्टमा' उनको नाटकीय प्रस्तावना । ए० वी० कीथको भनाईमा कालिदास यूरोपेली कवि वर्जिल संग तुलनीय छन् ।

रामस्वामी शास्त्री भन्छन्—Out of a part of Shakespeare's brain you can creat a Kalidas.

कालिदासको रटना लाउँदा-लाउँदै पहाड पनि श्यामल शालग्राम भए । कोइली पनि काला भए । विहानीपखको पहिलो झुल्का देखि साँझ सम्म कालिदासीय प्रतिभामा मन्त्रमुग्ध विवस्वान् पनि इनको यशो वैभव फैलाउँदा-फैलाउँदै साझ सम्म थाकि सके । यो काम प्रेयसी यामिनीका जिम्मा लगाई यी पनि भुसुक्क निदाए ।

यामिनीले दीप शिखाको सुन टुडे कलम ध्वाँसे मसीमा चोप्तै कालिदासै-कालिदास लेखेर मान्द्रे ताउ रँगाइन् । तारा बुट्टे अक्षरले त्यत्रो आकाशमा तिल राख्ने सम्म ठाउँ रहेन । तर के अचम्म ? कालिदास लेखेर सकिएन । यामिनी पनि थाकिन् । जब उज्यालो भयो सूर्यले थाले फेरि आफ्नो काम ।

कालिदास विश्व वन्द्य भए, विश्व कवि भए, सर्वत्र छाए इनी । दशै दिशा सातै द्वीपमा । विश्वमूर्ति भए इनी—'न विश्वमूर्तेरवधार्यते वपुः ।"

अरुलाई उपमा दिने कवि स्वयं निरुपमेय भए, अनन्य सदृश भए--"चिच्छेद सादृश्य कथाप्रसङ्गम् ।"

कालिदास मूलतः कहाँका हुन् ? भन्ने प्रश्न आज झन् टडकारो छ । "काँ का" "काँ का" को रूपमा सुनिने वायस विरावको उत्तर "हिमालका र नेपालका" भन्दै कुर्लिने कोकिलरवले दिएको छ । यो क्रम यस्तै गरी चल्यो यसै गरी चल्ने छ ।

कालिदासले कविको 'क' फेला पारे । कालिदासका अनुवर्तीहरूले कालिदासको 'क' मात्रै । यस 'क' लाई वाइमात्रा दिए पनि दाहिने दिए पनि त्यहि 'क' हो । 'क' बाट 'क' घटाए पनि, बढाए पनि, गुणन गरे पनि र भाग दिए पनि त्यहि 'क' हो । त्यसैको अभिव्यक्ति, त्यसैको पुनरुक्ति । त्यहि पोख्नु, त्यहि उठाउनु—नेह नानास्ति किञ्चन ।

माथिका विवरण र उद्धरणहरूको चिन्तन मनन र गन्थन मन्थन गर्दा खाँटी कुरा यहि निस्कन्छ—

कालिदास हिमालयका हुन् हिमवद्देशका हुन् नेपालका हुन् । यो कुरा सत्य हो । कालिदास यस बाहेक अन्त कतैका हुन् यो तर्क हो, मात्र बौद्धिक व्यायाम हो, प्रतिभाशाली हरूका लागि प्रतिभा विस्तारको माध्यम मात्र । यस बाहेक अरु केहि होइन ।

अन्त्यमा कालिदास र नेपालको यस प्रसङ्गलाई कालिदास के रघुवंशीय षष्ठ सर्गको सम्बद्ध पद्य उद्धृत गर्दै यत्ति मैं बिसाइन्छ—

नीपान्वयः पार्थिव एष यज्वा
गुणैर्यमाश्रित्य परस्परेण ।
सिद्धाश्रमं शान्तमिवत्य सत्त्वै-
र्नैसर्गिकोऽप्यत्सृजे विरोधः ॥

आशास्यमन्यत् पुनरुक्तभूतम्

काव्य तीन थरि हुन्छन् । तीन थरि काव्य मात्र किन ! इनका रचयिता हरूलाई पनि काव्यकृतिका आधारमा तीन थरि मान्न सकिन्छ । एउटै कवि त्यो हो, जसको काव्यले उसको घरका अँध्यारा कुना मैं समाधि लगाई रहन्छ । त्यसले आफ्नो छर-छिमेकको सम्म दर्शन पाएको हुँदैन । अर्को अर्थमा भन्दा यसको लोकप्रियता शून्य जस्तै हुन्छ ।

अर्को थरि कवि त्यो हो, जसको काव्यले छर छिमेक र प्रशंसकहरूको आगन सम्म देखे कुल्चेको हुन्छ । आफ्ना इष्टमित्रहरू बीच यस्ता काव्यको चर्चा हुन्छ । तर यस भन्दा बढी त्यसको गति हुँदैन ।

तेस्रो तथा उत्तम कवि त्यो हो, जसको कृतिले रसिकहरूका वाङ्मार्गमा टेक्दै समस्त विश्वको यात्रा गरेको हुन्छ । अर्को अर्थमा विश्व भरि यस्ता कविको चर्चा हुन्छ प्रसिद्धि हुन्छ । यसलाई राजशेखरले आफ्नो काव्य मीमांसामा यसरी भनेका छन्—

एकस्य तिष्ठति कवेर्गृह एव काव्यं
अन्यस्य गच्छति सुहृद्भवनानि यावत् ।
न्यस्याविदग्धवदनेषु पदानि शश्वत्
कस्यापि संचरति विश्वकुतूहलीव ॥

उपर्युक्त पद्यको कस्य पदको संकेत यथार्थमा कालिदास तिरै हुनु वाञ्छित छ । किन भने विश्व कवि कालिदासका कृतिहरू नै विश्व वन्द्य छन् । विश्व कुतूहली छन् ।

आफ्ना कृतिहरू संगै कालिदासले पनि विश्वभ्रमण गरे । इनका यशः शरीरले पनि यूरोप अमेरिका देख्यो । एशियाका नगर नगर चाल्यो । त्यहाँ शेक्सपीयर वर्जिल र गेटेका रूपमा अवतरित भयो कालिदास ।

कालिदासलाई विश्वको जुन सुकै मुलुकमा पुग्दा पनि आफ्नै मुलुक मन पर्छ, आफ्नै हिमवद्‌देश मन पर्छ । त्यसैले विश्वका जुन सुकै कुनामा पुगे पनि इनी हत्त-पत्त हिमवद्देश मैं फर्किन खोज्छन्, नेपाल मैं। इनलाई हिमालय बाहेक केहि मन पर्दैन केहि राम्रो लाग्दैन । कतै सन्तुष्टि मिल्दैन । दशै दिशा सातै द्वीप डुलेर आफ्नो देशमा आफ्ना पाखा-पखेरीमा फर्किने कवि आफ्नी मातृ भूमिमा पहिलो पाइलो टेक्ना साथ भन्न पुग्छन् दुष्यन्तको शब्दमा—

"अहो ? स्वर्गादधिकतरं निर्वृतिस्थानम् ।
अमृतह्रदमिवावगाढोऽस्मि ।

त्यसैले कालिदास हिमवद्देशले छोड्न सक्तैनन् । हिमालय बिर्सन सक्तैनन् । इनी गुरांस फुल्ने देशको सदा बहार मौसममा खुल्दछन् । नेपाली माटो पानीमा हुर्कन्छन् बढछन् । कालजयी कालिदासको वास्तविक यशः शरीर आज पनि गौरी शिखरको सेरो फेरोमा छ, हिमालमा छ, नेपालमा छ । नेपाल बाहिर छ यसको सुवास मात्रै वास्ना मात्रै । जसबाट विश्व परितृप्त छ, विश्व साहित्य चिरजीवी छ ।

कालिदास कवि भए पनि गरीप थिएनन् । दरिद्र थिएनन् । "विद्वान् धनी हुदैन" का अपवाद थिए हिमवद्देशका यी महा कवि । किंवदन्ती अनुसार तीन तीन पत्नी-हरूलाई आजीवन मिलाएर राख्न सक्ने सामर्थ्य भएका कालिदासका घर लक्ष्मी र सरस्वतीको कल झगडा अथवा वैमनस्यको प्रश्नै थिएन । श्रम र शीपका धनी कालिदासलाई दारिद्र्यको स्पर्श सम्म भएको थिएन । आफूमात्र होइन, इनका कुनै पात्र पनि दारिद्र्य पीडित भएर बस्न बाध्य छैनन् । हिमवद्देशका यी सम्पन्न कविले आफूले दरिद्रताको दुर्दिन कहिले न देखेको कुरालाई एउटा कविले यसरी व्यङ्ग्य गरेको छ—

एको हि दोषो गुणसन्निपाते
निमज्जतीन्दोरिति यो बभासे ।
नूनं न दृष्टः कविनापि तेन
दारिद्र्यदोषो गुणराशिनाशी ॥

श्रीखण्ड वृक्षका सानिध्यमा रहने कुनै पनि वृक्षान्तर श्री खण्डमय हुन्छ । यसै गरी सर्वैश्वर्य सम्पन्न कालिदासका साहित्यिक पात्रहरू पनि कालिदास जस्तै सबका सबै सम्पन्न छन् । इनलाई जुनसुकै आशीर्वाद दिदा पनि पुनरुक्त जस्तै हुन्छ । अतः यी दुवैलाई आशीः साध्य केहि अवशिष्ट थिएन यस पृथ्वीमा, यस जीवनमा । आशास्यमन्यत् पुनरुक्तभूतम् ।

यदि केहि थियो भने त्यो थियो, कालिदासलाई जन्म जन्मान्तर स्थायी यशः शरीर र उनका पात्रहरूलाई लोक-लोकान्तर सुख प्राप्त्यर्थं कुलदीपक पुत्र । दुवैले [कालिदास र इनका पात्र] आफ्ना इनै उद्देश्यका लागि सतत प्रयास गरे, अनवरत साधना गरे । इष्ट देवता खुशी पारे । यशः शरीरको संरक्षण र वंशकुर्ता सन्ततिका लागि आ-आफ्ना दृष्टादृष्ट विघ्नको प्रशमन गरे । समस्त दुरितापसरण भए इनका । भगवान् आशुतोष र जगज्जननी पराम्बा दुवैले इनको यशः शरीरलाई शाश्वत राखिदिने दयालुता देखाउनु भयो । इनका पात्रहरू मध्ये पनि सबका सबै यशस्वी पुत्र पाएर कृत कृत्य भए । यस प्रसङ्गमा कौत्सले रघुलाई दिएको वरदान—

आशास्यमन्यत् पुनरुक्तभूतम्

काव्य तीन थरि हुन्छन् । तीन थरि काव्य मात्र किन ! इनका रचयिता हरूलाई पनि काव्यकृतिका आधारमा तीन थरि मान्न सकिन्छ । एउटै कवि त्यो हो, जसको काव्यले उसको घरका अँध्यारा कुना मैं समाधि लगाई रहन्छ । त्यसले आफ्नो छर-छिमेकको सम्म दर्शन पाएको हुदैन । अर्को अर्थमा भन्दा यसको लोकप्रियता शून्य जस्तै हुन्छ ।

अर्को थरि कवि त्यो हो, जसको काव्यले छर छिमेक र प्रशंसकहरूको आगन सम्म देखे कुल्चेको हुन्छ । आफ़्ना इष्टमित्रहरू बीच यस्ता काव्यको चर्चा हुन्छ । तर यस भन्दा बढी त्यसको गति हुँदैन ।

तेस्रो तथा उत्तम कवि त्यो हो, जसको कृतिले रसिकहरूका वाङ्मार्गमा टेक्दै समस्त विश्वको यात्रा गरेको हुन्छ । अर्को अर्थमा विश्व भरि यस्ता कविको चर्चा हुन्छ प्रसिद्धि हुन्छ । यसलाई राजशेखरले आफ्नो काव्य मीमांसामा यसरी भनेका छन्—

एकस्य तिष्ठति कवेर्गृह एव काव्यं
अन्यस्य गच्छति सुहृद्भवनानि यावत् ।
न्यस्याविदग्धवदनेषु पदानि शश्वत्
कस्यापि संचरति विश्वकुतूहलीव ॥

उपर्युक्त पद्यको कस्य पदको संकेत यथार्थमा कालिदास तिर हुनु वाञ्छित छ । किन भने विश्व कवि कालिदासका कृतिहरू नै विश्व वन्द्य छन् । विश्व कुतूहली छन् ।

आफ्ना कृतिहरू संगै कालिदासले पनि विश्वभ्रमण गरे । इनका यशः शरीरले पनि यूरोप,अमेरिका देख्यो । एशियाका नगर नगर चाल्यो । त्यहाँ शेक्सपीयर वर्जिल र गेटेका रूपमा अवतरित भयो कालिदास ।

कालिदासलाई विश्वको जुन सुकै मुलुकमा पुग्दा पनि आफ्नै मुलुक मन पर्छ, आफ्नै हिमवद्देश मन पर्छ । त्यसैले विश्वका जुन सुकै कुनामा पुगे पनि इनी हत्त-पत्त हिमवद्देश मैं फर्किन खोज्छन्, नेपाल मैं। इनलाई हिमालय बाहेक केहि मन पर्दैन केहि राम्रो लाग्दैन । कतै सन्तुष्टि मिल्दैन । दशै दिशा सातै द्वीप डुलेर आफ्नो देशमा आफ्ना पाखा-पखेरीमा फर्किने कवि आफ्नी मातृ भूमिमा पहिलो पाइलो टेक्ना साथ भन्न पुग्छन् दुष्यन्तको शब्दमा—

"अहो ? स्वर्गादधिकतरं निर्वृतिस्थानम् ।
अमृतह्रदमिवावगाढोऽस्मि ।

त्यसैले कालिदास हिमवद्‌देशले छोड्न सक्तैनन् । हिमालय बिर्सन सक्तैनन् । इनी गुरांस फुल्ने देशको सदा बहार मौसममा खुल्दछन् । नेपाली माटो पानीमा हुर्कन्छन् बढछन् । कालजयी कालिदासको वास्तविक यशः शरीर आज पनि गौरी शिखरको सेरो फेरोमा छ, हिमालमा छ, नेपालमा छ । नेपाल बाहिर छ यसको सुवास मात्रै वास्ना मात्रै । जसबाट विश्व परितृप्त छ, विश्व साहित्य चिरजीवी छ ।

कालिदास कवि भए पनि गरीप थिएनन् । दरिद्र थिएनन् । "विद्वान् धनी हुदैन" का अपवाद थिए हिमवद्‌देशका यी महा कवि । किंवदन्ती अनुसार तीन तीन पत्नी-हरूलाई आजीवन मिलाएर राख्न सक्ने सामर्थ्य भएका कालिदासका घर लक्ष्मी र सरस्वतीको कल झगडा अथवा वैमनस्यको प्रश्नै थिएन । श्रम र शीपका धनी कालिदासलाई दारिद्य्रको स्पर्श सम्म भएको थिएन । आफूमात्र होइन, इनका कुनै पात्र पनि दारिद्य्र पीडित भएर बस्न बाध्य छैनन् । हिमवद्‌देशका यी सम्पन्न कविले आफूले दरिद्रताको दुर्दिन कहिले न देखेको कुरालाई एउटा कविले यसरी व्यङ्ग्य गरेको छ—

एको हि दोषो गुणसन्निपाते
निमज्जतीन्दोरिति यो बभासे ।
नूनं न दृष्टः कविनापि तेन
दारिद्य्रदोषो गुणराशिनाशी ॥

श्रीखण्ड वृक्षका सानिध्यमा रहने कुनै पनि वृक्षान्तर श्री खण्डमय हुन्छ । यसै गरी सर्वैश्वर्य सम्पन्न कालिदासका साहित्यिक पात्रहरू पनि कालिदास जस्तै सबका सबै सम्पन्न छन् । इनलाई जुनसुकै आशीर्वाद दिदा पनि पुनरुक्त जस्तै हुन्छ । अतः यी दुवैलाई आशीः साध्य केहि अवशिष्ट थिएन यस पृथ्वीमा, यस जीवनमा । आशा-स्यमन्यत् पुनरुक्तभूतम् ।

यदि केहि थियो भने त्यो थियो, कालिदासलाई जन्म जन्मान्तर स्थायी यशः शरीर र उनका पात्रहरूलाई लोक-लोकान्तर सुख प्राप्त्यर्थं कुलदीपक पुत्र । दुवैले [कालिदास र इनका पात्र] आफ्ना इनै उद्‌देश्यका लागि सतत प्रयास गरे, अनवरत साधना गरे । इष्ट देवता खुशी पारे । यशः शरीरको संरक्षण र वंशकुर्ता सन्ततिका लागि आ-आफ्ना दृष्टादृष्ट विघ्नको प्रशमन गरे । समस्त दुरितापसरण भए इनका । भगवान् आशुतोष र जगज्जननी परास्बा दुवैले इनको यशः शरीरलाई शाश्वत राखिदिने दयालुता देखाउनु भयो । इनका पात्रहरू मध्ये पनि सबका सबै यशस्वी पुत्र पाएर कृत कृत्य भए । यस प्रसङ्गमा कौत्सले रघुलाई दिएको वरदान—

आशास्यमन्यत् पुनरुक्तभूतं
श्रेयांसि सर्वाण्यधिजग्मुषस्ते
पुत्रं लभस्वात्मगुणानुरूपं
भवन्तमीड्यं भवतः पितेव ।

प्रस्तुत छन्—यस पद्यमा उल्लिखित "पुनरुक्तभूतम्" लाई शीर्षक रूपमा अघि सार्दै कालिदासीय साहित्यका केहि पुनरुक्तिहरू—

समस्त कालिदास वाङ्मयमा छत्तीस हजार पाँचशय पैतीस शब्द छन् । यी मध्ये संस्कृत शब्दहरूको संख्या सत्ताईस हजार एकशय पचहत्तर छ र प्राकृत शब्दहरूको संख्या नौ हजार तीन शय साठी । दुवैलाई मिलाएर छत्तीस हजार पाँच शय पैतीस ।

+२७१७५
९३६०=३६५३५ [साभार-कालिदास कोशः]

यसरी साढे छत्तीस हजार भन्दा बढी शाब्दी खजाना छ कालिदासीय साहित्यमा । उपर्युक्त शब्दहरू मध्ये कुनै शब्दको त पचास भन्दा पनि बढी आवृत्ति भएको छ, पुनरुक्ति भएको छ । सामान्यतया पदावृत्तिको विवरण यहि हो । कुन पदको, कसरी, कहाँ र कति ठाउँ आवृत्ति भयो ? भन्ने कुराको विशेष जानकारी यहाँ गराई सक्नु असम्भव भए पनि यति अवश्य हो—सबै भन्दा बढी आवृत्ति च, अपि जस्ता अव्यय शब्दको भएको छ । यस बाहेक कालिदासलाई प्रभावित पारेका कि वा इनलाई राम्रो लाग्ने शब्दहरूको इनले आफ्ना कृतिहरूमा यथास्थान आवृत्ति गर्छन् उल्लेख गर्छन् । जस्तै—

कालिदासीय हिमवद्देशका हुनाले इनलाई चीनसंग पनि उस्तै आत्मीयता थियो दक्षिण देश संग पनि । इनका देशमा त्रिविष्टप (तिब्बत) र चीन दुवैको मैत्री थियो बन्द वेपार थियो । फलतः महाकविले आफ्नो काव्यमा चीन देशीय कपडाको उल्लेख गरेका छन् आवृत्ति गरेका छन्—

(१) चीनां शुकैः कल्पितकेतुमालम् । कुमार० ७।३
(२) चीनांशुकमिव्र केतोः प्रतिवातं नीयमानस्य । अभि० १।३१

कालिदास गुप्तकालका हुनाले यस वेला नेपालको चीनसंग काम्रो दौत्य सम्बन्ध रहेछ भने कुरा स्पष्ट हुन्छ । नेपाल र चीन सम्बंधको उल्लेख गर्दा कालिदास साहित्यको एउटा अर्को शब्दलाई पनि न सम्झी भएको छैन । त्यो हो 'कीचक' शब्द ।

भाषा शास्त्रीहरू 'कीचक' शब्दलाई चिनिया भाषाबाट संस्कृतमा आगत शब्द मान्दछन् । यति मात्र होईन, कालिदासीय वाङ्मयका महारथीहरू यसलाई गुप्तकाल मैं चीनबाट भारत वर्षमा आयात भएको मान्दछन् । त्यस बेला हिमवद्देशको राजभाषा संस्कृत थियो । अतः यो शब्द संस्कृत भाषा माध्यम बाटै आयात भएको हुनु

पर्दछ। त्यसैले कीचक शब्दको अर्थ चिनियाँ भाषामा जस्तै संस्कृतमा पनि कुनै एउटा वंश विशेष हो, जसका प्वालमा हावा छिर्दा वासुरीको जस्तो आवाज हुन्छ।

"कीचकाः वेणवस्तेस्युर्ये स्वनन्त्यनिलोद्धताः।" अमरसिंह बांडाले वनौषधि वर्गमा यसको परिभाषा दिएका छन्।

'कीचक' शब्द चिनिया भाषाको हुनाले नै यो संस्कृत धातुबाट सोझै निष्पन्न हुर्दैन। √चीक मर्षणे अथवा √चक तृप्त्यादौ जस्ता धातुबाट कथंचित् निष्पन्न गर्नु पर्दछ यसलाई। द्रष्टव्य छ—अमरकोष रामाश्रमी पृ० २३४ चौखम्भा संस्कृत सिरीज १९७०]

चिनिया भाषामा KICAK [की चाक] शब्दले 'की' जातिको कुनै वांसको अर्थबोध हुन्छ। यसबाट कालिदास गुप्तकालका हुन् भन्ने कुरा तर्फ पनि संकेत हुन सक्ने भारतीय विद्वान्हरूले पनि ठानेका छन्।

ख—(१) यः पूरयन् कीचकरन्ध्रभागान्। कुमा० १:८

(२) स कीचकैर्मारुतपूर्णरन्ध्रैः रघु० २:१३

(३) शब्दायन्ते मधुरमनिलैः कीचकाः पूर्यमाणाः। मेघ० १:५६

पदावृत्ति र गुप्तकालको प्रसंगमा एउटा अर्को शब्दको पनि उल्लेख न गरी न हुने छ। त्यो हो—अप्रतिरथ शब्द। कालिदासलाई यो शब्द मात्र होइन, यसको भाव पनि निकै राम्रो लाग्दछ। त्यसैले आफ्ना कृतिहरूमा यसका पदावृत्तिको लोभ संवरण गर्न महाकवि सक्तैनन्। पदावृत्ति वा पद पौनरुक्तय सम्बन्धमा प्रसंगतः पर्न आएको यस शब्दले पनि कालिदासलाई गुप्तकालको मान्न कुरामा साक्ष्यदिन्छ।

ज्ञातव्य छ—अप्रतिरथ शब्द पनि गुप्तकालमा अत्यन्त प्रचलित थियो। समुद्रगुप्तको प्रयाग प्रशस्तिमा पनि अप्रतिरथः जस्ता शब्दको प्रयोग देखिन्छ—'पृथिव्यामप्रतिरथस्य।'

प्रस्तुत पदावृत्तिको प्रसङ्ग निकै लामो हुन्छ। यति साँघुरो ठाउँमा कालिदासीय पद पौनरुक्तिहरू सबका सबै उल्लेख गरेर पार पाउन गाह्रो छ यद्यपि, तथापि यसका अन्य केहि उदाहरणहरू----

ग—(१) तस्यै भर्तुरभिज्ञानमङ्गुलीयं ददौ कपिः। रघु० १२।६२

(२) प्रत्यभिज्ञानरत्नञ्च रामायादर्शयत् कृती। रघु० १२।६४

(३) अभिज्ञानाभरण दर्शनेन शापो निर्वतिष्यते···। अभि० ४।१०

(४) अभिज्ञान दानाद्विदित्वा···। मेघ० २।४९

(५) साभिज्ञानप्रहितैः कुशलैः। मेघ० २।५०

घ—कालिदास उपमाका लागि प्रसिद्ध छन्—उपमा कालिदासस्य। उपमामा पनि इनले राजकुमारी इन्दुमतीलाई दिएका दीपशिखाको उपमाले गर्दा त झन् लोकप्रिय भए इनी। इनको प्रसिद्धि नै दीपशिखा कालिदासको रूपमा भयो। यतिमात्र होइन, यसै दीपशिखाले इनलाई बौद्धदर्शनका जानकार र बुद्धमा आस्थावान् देखाउन मद्दत

पुऱ्याएको छ, जसको उल्लेखमाथि गरिएको छ। प्रस्तुत छ, यहाँ 'दीपशिखा' पदको कालिदासींय कृतिहरूमा उपलब्ध पुनरुक्तिहरू----

(१) सञ्चारिणी दीपशिखेव रात्रौ···। रघु० ६।६७

(२) न खलु अक्षि दुःखितस्य प्रमुखे दीपशिखा सहते। विक्रम० २।२१

(३) प्रभा महत्या शिखयेव दीपः। कुमा० १।२८

ङ--समालोचक तथा समीक्षकहरूका भनाईबाट मात्र होइन, कालिदासीय कृतिहरूको भाषिक वैशिष्ट्यहरूबाट साधारण व्यक्तिले पनि जान्न सकिने कुरा हो--कालिदासको भाषा गुप्तकालिक संस्कृतको अतिनिकट छ। यतिमात्र होइन, गुप्तकालको संस्कृतले पूर्णतया पाणिनीय शैलीको अनुकरण गरेको छ। यसबारे माथि एउटा सिङ्गै परिच्छेदमा दिग्दर्शन गरिएकै छ। कालिदासले गुप्तकालिक संस्कृतको प्रतिनिधित्व गरेका छन् भन्नुको अर्थ हो इनी आफ्नो देशका वाग्विभूति पाणिनिका अनुवर्ती छन्। जहाँ कतै कतै यसको अपवाद भेटिन्छ, त्यहाँ इनी नेपाली कवि वाल्मीकिले गरेका आर्ष प्रयोगका निकट हुन पुग्दछन्। यस प्रसङ्गमा प्रस्तुत छ कालिदास र पाणिनिको सम्बन्ध उपस्थापित गर्ने 'अपवाद' 'उत्सर्ग' शब्द र तद्गत भावको समेत पुनरुक्ति—

(१) अपवादैरिवोत्सर्गाः कृत व्यावृत्तयः परैः। कुमा० २।२७

(२) अपवाद इवोत्सर्गं व्यावर्तयितुमीश्वरः रघु० १५।७

च—कालिदासले आफ्नो परिचय र प्रशंशाको लामू सेतु बाँधेनन्। कवित्वको दृष्टिले आफ्नो घमण्ड कहिले देखाएनन्। वरु इनले गरे आफूलाई "मन्दः, वामनः" जस्ता शब्दको प्रयोग। इनका "मन्दः" शब्दलाई जुम्राको भैंसी पारी दिए, अनुवर्ती समालोचकहरूले। "मन्दः" शब्दमा किंवदन्ती गाँस्दा गाँस्दा इनलाई "जुनरुखको हागांमा वस्यो त्यसैलाई काट्ने" सम्म भन्न आइतवार मानेनन्। आफू वसेको हांगै काट्ने खालका मूर्ख चाहिं त अवश्य पनि थिएनन् होला कालिदास। अस्तु।

आफ्नो गाउँ ठाउँको प्रत्यक्ष परिचय न दिए पनि इनले आफ्नू नाउको उल्लेख भने सूत्रधार आदिका माध्यमबाट नाटकमा गराएका अवश्य छन्। आफ्ना मुखले आत्मनाम ग्रहण न गरे पनि आफूलाई लिखिताक्षर द्वारा अभिव्यक्त पारेकै छन् इनले—आत्मानमक्षरपदैः कथयाम्बभूव (रघु० ९।७६)

(१) पारिपार्श्विक :--···वर्तमानकवेः कालिदासस्य क्रियायां कथं बहुमानः ?

[माल० प्रस्तावना]

(२) सूत्रधार :--मारिष ! ···अहमस्यां कालिदासग्रथितवस्तुना नवेन······

[विक्र० प्रस्तावना]

(३) शृणुत जना अवधानात् क्रियामिमां कालिदासस्य। [विक्र० प्रस्तावना]

(४) सूत्रधार :—आर्ये ! ···अत्र खलु कालिदासग्रथितवस्तुना

[अभि० प्रस्तावना]

छ—कालिदास पशुपतिका देशका हुन्, भगवान् शिव र माता पार्वतीको छत्र-छायामा उन्मुक्त विचरण गर्ने महाकवि हुन् । त्यसैले यत्र तत्र इनका कृतिहरूमा पशुपति पद भेटिन्छन् । यत्र तत्र पशुपति कै दर्शन गर्छन् इनी महाकालेश्वरका रूपमा, इनकै भजन गाउं छन् । प्रस्तुत छन् पशुपति पदका केहि आवृत्तिहरू----

(१) नृत्यारम्भे हर पशुपते रार्द्र नागाजिनेच्छाम् । मेघ० १।३६

(२) संगीतार्थो ननु पशुपते स्तत्रभावी समग्रः ।

(३) पतिः पशूनामपरि ग्रहोभूत् ।

(४) पशुपतिरपि तान्यहानि··· । कुमा० ६।९५

पदपौनरुक्तचका यस्ता अनेकौं उदाहरण छन्, जसको यहां दिक्प्रर्शन मात्र गरिएको छ । कालिदासीय साहित्यका यी पदावृत्तिहरूले कविका देशकाल र परिवेशको अध्ययनमा सामल दिन्छन् ।

अब आऔं पादावृत्ति तथा वाक्यावृत्ति तिर । जहां कालिदास आफूलाई मन परेका र घत् लागे शब्दहरूको यथास्थान सन्दर्भ मिलाएर आवृत्ति गर्न चुक्दैनन् । त्यहि इनी धेरै ठाउं एक ठाउं प्रयोग गरेका पद्यांश वा पद्य चरणहरूको तथा वाक्यांश वा खण्ड वाक्यहरूको पनि प्रसङ्गानुसार आवृत्ति गर्न पछि पर्दैनन् । यस्ता पादावृत्ति वा पद्यांश पौनरुक्त्यका केहि उदाहरणहरू यहां प्रस्तुत छन् । यी पादावृत्तिहरू मध्ये कुनै कुनैमा अक्षरशः पाद पौनरुक्तच भएको देखिन्छ भने कुनैमा चाहि २।४ अक्षरको मामूली परिवर्तन संगै यस्तो भएको देखा पर्छ । जस्तै----

(क)

(१) बहुगुणरमणीयः कामिनीचित्तहारी
तरुविटपलतानां बान्धवो निर्विकारः ।
जलदसमय एष प्राणिनां प्राणभूतो
दिशतु तव हितानि प्रायशो वाञ्छितानि ।। ऋतु० २।२९

(२) बहुगुणरमणीयो योषितां चित्तहारी
परिणत-बहुशालि-व्याकुल-ग्राम-सीमा ।
विनिपतति तुषारः क्रौञ्चनादोपगीतः
प्रदिशतु हिमयुक्तो वः सुखं काल एषः ।। ऋतु० ४।१९

(ख)

(१) सम्पन्नशालिनिचयावृतभूतलानि
स्वस्थस्थितप्रचुरगोकुलशोभितानि ।
हंसैः ससारसकुलैः प्रतिनादितानि
सीमान्तराणि जनयन्ति नृणां प्रमोदम् ।। ऋतु० ३।१६

(२) प्रभूतशालिप्रसवैश्चितानि
मृगाङ्गनायूथविभूषितानि ।
मनोहरक्रौञ्चनिनादितानि
सीमान्तराण्युत्सुकयन्ति चेतः ॥ ऋतु० ४।८

(ग)

(१) निष्कम्पवृक्षं निभृतद्विरेफं
मूकाण्डजं शान्तमृगप्रचारम् ।
तच्छासनात् काननमेव सर्वं
चित्रार्पितारम्भ इवावतस्थे ॥ कुमार० ३।२२

(२) वामेतरस्तस्य करः प्रहर्तु-
र्नखप्रभाभूषितकङ्कपत्रे ।
सक्ताङ्गुलिः सायक पुङ्ख एव
चित्रार्पितारम्भ इवावतस्थे ॥ रघु० २।३१

(३) चित्रारम्भ विनिश्चलं हरिशिरस्यायामवच्चामरं : वि० १।५

(घ)

(१) क्लृप्तोपचारां चतुरस्रवेदीं
तावेत्य पश्चात् कनकासनस्थौ
जायापती लौकिकमेषणीयां
आर्द्राक्षतारोपणमन्वभूताम् ॥ कुमार० ७।८८

(२) तौ स्नातकैर्बन्धुमता च राज्ञा
पुरन्ध्रिभिश्च क्रमशः प्रयुक्तम्
कन्या-कुमारौ कनकासनस्थौ
आर्द्राक्षतारोपणमन्वभूताम् ॥ रघु० ७।२८

(ङ)

(१) ततः समानीय समानितार्थी
हस्तौ स्वहस्तार्जितवीरशब्दः
वंशस्य कर्तारमनन्तकीर्तिम्
सुदक्षिणायां तनयं ययाचे ॥ रघु० २।६४

(२) ततः प्रियोपात्तरसेऽधरोष्ठे
निवेश्य दध्मौ जलजं कुमारः ।
तेन स्वहस्तार्जितमेकवीरः
पिबन् यशोमूर्तमिवाबभासे ॥ रघु० ७।६३

(च)

(१) मखांशभाजां प्रथमो मनीषिभि-
स्त्वमेव देवेन्द्र ! सदा निगद्यसे ।
अजस्रदीक्षाप्रयतस्य मद्गुरोः
क्रियाविघाताय कथं प्रवर्तसे ॥ रघु० ३।४४

(२) अमोच्यमश्वं यदि मन्यसे प्रभो !
ततः समाप्ते विधिनैव कर्मणि
अजस्रदीक्षाप्रयतः स मद्गुरुः
क्रतोरशेषेण फलेन युज्यताम् ॥ रघु० ३।६५

(छ)

(१) नास्त्यगतिर्मनोरथानाम् । विक्रमो० २।११ पश्चात्

(२) यथाश्रुतं वेदविदां वर ! त्वया
जनोयमुच्चैः पदलङ्घनोत्सुकः
तपः किलेदं तदवाप्तिसाधनं
मनोरथानामगतिर्न विद्यते । कुमार० ५।६४

(ज)

(१) तथेति तस्यावितथं प्रतीतः
प्रत्यग्रहीत् संगरमग्रजन्मा ।
गामात्तसारां रघुरप्यवेक्ष्य
निष्क्रष्टुमर्थं चकमे कुबेरात् ॥ रघु० ५।२६

(२) तथेति तस्याः प्रणयं प्रतीतः
प्रत्यग्रहीत् प्राग्रहरो रघूणाम् ।
पूरप्यभिव्यक्तमुखप्रसादा
शरीरबन्धेन तिरो बभूव ॥ रघु० १६।२३

(झ)

(१) शशिना सह याति कौमुदी
सह मेघेन तडित् प्रलीयते
प्रमदाः पतिवर्त्मगा इति
प्रतिपन्नं हि विचेतनैरपि ॥ कुमार० ४:३३

(२) शशिनं पुनरेति शर्वरी
दयिता द्वन्द्वचरं पतत्रिणाम् ।
इति तौ विरहान्तरक्षमौ
कथमत्यन्तगता न मां दहेः ॥ रघु० ८।५६

(ञ)

(१) पपौ वशिष्ठेन कृताभ्यनुज्ञः
शुभ्रं यशोमूर्तमिवातितृष्णः ॥ रघु० २:६९

(२) तेन स्वहस्तार्जितमेकवीरः
पिबन् यशोमूर्तमिवावभासे ॥ रघु० ७:६३

यति मात्र होइन, पादावृत्तिका उदाहरणहरू कालिदासीय साहित्यमा अरु पनि पाइन्छन् इनको केहि खाँचो छैन । प्रस्तुत उदाहरण मात्र नमूना प्रदर्शन हो ।

अब लागौं पद्यावृत्ति तिर । महाकवि कालिदासले पदावृत्ति र पादावृत्ति सँगै पद्यावृत्ति पनि गरेका छन् आफ्ना कृतिहरूमा ।

हुन त पुनरुक्तिलाई कतिपय आलङ्कारिकहरूले दोषमा परिगणन गरेका छन् । काव्यमीमांसाकारले भने यसलाई पूर्ण समर्थन गर्दैनन् । समर्थ कवि आफ्नो अभीष्ट कुरालाई विभिन्न प्रसङ्ग वा मौका पर्दा बान्की पारी, भाका मिलाई अनुस्यूत गर्न कहिल्यै चुक्दैन । वस्तुतः निरुद्देश्यक पौनरुक्त्य नै दोषाधायक हुन्छ। तर पाठकहरूको हृदयावर्जनार्थ, वर्ण्य विषय परिपाकार्थ तथा प्रसङ्ग किं वा संदर्भ समूहनाय गरिने र हुने पौनरुक्त्य दोषाधायक हुँदैन । यतिमात्र होइन, एउटा कृतिमा वर्णित विषय, पद्य वा पद्यांश अर्को कृतिमा वा प्रसङ्गान्तरमा दोहोरिन जान्छ भने त्यसलाई पनि दोषाधायक पौनरुक्त्य मान्नु हुँदैन । हो निरुद्देश्य पुनरुक्ति छ भने सहृदय पाठक तथा श्रोताको कमलो मनलाई त्यसले धेरै थोरै आघात पुऱ्याउँछ नै ।

पद्यावृत्ति लाई यहा दुई रूपमा छिलंग्याउनु पर्ने छ—

(१) पदात्मक [पद्यावृत्ति] (२) भावात्मक [पद्यावृत्ति] ।

पदात्मक पद्यावृत्ति त्यो हो, जसमा कविले कुनै पद्यको अक्षरशः आवृत्ति वा पुनरुक्ति गर्दछ । यस्तो खालको आवृत्तिमा भाव दोहोरिनु त छदै छ, पद्य नै पनि जस्ताको तस्तै दोहोरिन्छ । भावात्मक पद्यावृत्ति त्यो हो जसमा कुनै पद्यको आंशिक होइन, सम्पूर्ण भाव किं वा अर्थको यथावत् आवृत्ति हुन्छ । यसमा अक्षर साम्य वा पद साम्य हुदैन । कालिदासीय साहित्यमा उपर्युक्त दुवै उदाहरण उपलब्ध छन् ।

प्रस्तुत छन् पद्यावृत्ति (पदात्मिका) का उदाहरण----

(१) आलोक मार्गं सहसा व्रजन्त्या कयाचिदुद्वेष्टनवान्तमाल्यः ।
बन्धुं न सम्भावित एव तावत् करेण रुद्धोऽपि न केशपाशः ॥ कुमार० ७।५७

यसै पद्यको अक्षरशः आवृत्ति रघुवंशको पनि सातौं सर्गको छैठौं पद्यको रूपमा भएको छ ।

(२) प्रसाधिकालम्बितमग्रपादमाक्षिप्य काचिद् द्रवरागमेव ।
उत्सृष्टलीलागतिरागवाक्षादलक्तकाङ्कां पदवीं ततान ॥ कुमार० ७।५८

यसै पद्यको अक्षरशः आवृत्ति रघुवंशका सातौं सर्गको सातौं पद्यको रूपमा भएको छ ।

(३) विलोचनं दक्षिणमञ्जनेन सम्भाव्य तद्वञ्चितवामनेत्रा ।
तथैव वातायनसन्निकर्षं ययौ शलाकामपरा वहन्ती ।। कुमार ७।५९

उपर्युक्त पद्यको अक्षरशः आवृत्ति रघुवंश सातौं सर्गको आठौं पदका रूपमा भएको छ ।

(४) जालान्तरप्रेषितदृष्टिरन्या प्रस्थानभिन्नां न बबन्ध नीवीम् ।
नाभिप्रविष्टाभरणप्रभेण हस्तेन तस्थावलमम्ब्य वासः ।। कुमार० ७।६०

यस पद्यको अक्षरशः आवृत्ति पनि रघुवंशको सातौं सर्गको नवौं पद्यका रूपमा भएको छ ।

(५) अर्द्धाचिता सत्वरमुत्थितायाः पदे पदे दुर्निमिते गलन्ती ।
कस्याश्चिदासीत् रसना तदानीमङ्गुष्ठ मूलार्पितसूत्रशेषा ।।कुमार० ७।६१

उद्धृत पद्यको यथावत् अवतरण रघुवंश सप्तम सर्गको दशौं पद्यको रूपमा भएको छ ।

(६) तासां मुखैरासवगन्धगर्भैर्व्याप्तान्तराः सान्द्रकुतूहलनाम् ।
विलोलनेत्रभ्रमरैर्गवाक्षाः सहस्रपत्राभरणा इवासन् ।। कुमार० ७।६२

उल्लिखित पद्यको पुनरुक्ति रघुवंशका सातौं सर्गको एघारौं पद्यका रूपमा भएको छ ।

(७) परस्परेणं स्पृहणीयशोभं न चेदिदं द्वन्द्वमयोजयिष्यत् ।
अस्मिन् द्वये रूपविधानयत्नः पत्युः प्रजानां विफलोऽभविष्यत् ।।कुमा० ७।६६

उद्धृत पद्यको पुनरुल्लेख रघुवंश सातौं सर्गको चौधौं पद्यका रूपमा भएको छ । यहाँ यस पद्यको 'विफलः' पदको ठाउँमा त्यहां 'वितथः' पाठान्तर छ ।

(८) दुकूलवासाः स वधूसमीपं निन्ये विनीतैरवरोधदक्षैः ।
वेलासमीपं स्फुटफेनराजिर्नवै रुदन्वानिव चन्द्रपादैः । कुमा० ७।७३

उपर्युल्लिखित पद्यको पुनरवतरण रघुवंश चौधौं सर्गको उनाइसौं पद्यको रूपमा भएको छ ।

(९) प्रदक्षिणप्रक्रमणात् कृशानोः रुदर्चिषस्तन्मिथुनं चकासे ।
मेरोरुपान्तेष्विव वर्तमानमत्योन्यसंसक्तमहस्त्रियामम् ।। कुमा० ७।७९

यस पद्यको अक्षरशः आवृत्ति रघुवंशका सातौं सर्गको चौबिसौं पद्यका रूपमा भएको छ ।

भावात्मक पद्यावृत्तिका उदाहरण प्रचुरतया उपलब्ध छन् । इनमा यदा कदा पदावृत्ति पनि प्रशस्त पाइन्छन् । यसलाई उद्धृत गरी रहनु मात्र कलेवर बढाउनु हुने भयले अब सोझै भावावृत्ति किं वा विषयावृत्ति तिर नै फड्को मार्नु परेको छ—

आँसू---कालिदास सबै जसो नायक नायिकाहरू वियोगमा पहेलिन्छन्, पातलिन्छन् पग्लिन्छन् र खारिन्छन्, सुन झैं । अजस्र अश्रुधारा छुट्छन् इनका आखाँबाट ।

आँसूले आँखा डब्-डबिदा इनीहरू स्पष्ट देख्न पनि सक्तैनन् । यस्तो स्थितिमा वियोगी हरूलाई आत्मीयजनको फोटो हेरेर मन तिमाल्ने मौका सम्म दिदैन, वाम विधाता । प्रस्तुत छन् यस भावका पुनरुक्तिहरू----

(१) शरीरं क्षामं स्यादसति दयितालिङ्गनसुखे
भवेत् सास्त्रं चक्षुः क्षणमपि न सा दृश्यत इति ।। माल० ३।१

(२) प्रजागरात् खिलीभूतः तस्याः स्वप्ने समागमः
बाष्पस्तु न ददात्यैनां द्रष्टुं चित्रगतामपि । अभि० ६।२२

(३) अस्रैस्तावन्मुहुरुपचितैर्द्दष्टिरालुप्यते मे
क्रूरस्तस्मिन्नपि न सहते सङ्गमं नौ कृतान्तः ।। मेघ० २।४२

हृदयमिषुभिः कामस्यान्तः सशल्यमिदं सदा
कथमुपलभे निद्रां स्वप्ने समागमकारिणीम्
न च सुवदनामालेख्येपि प्रियामसाप्यताम्
मम नयनयोरुद्धाष्पत्वं सखे ? न भविष्यति । वि० ६।१०

उत्पक्ष्मणोर्नयनयोरुपरुद्धवृत्तिं बाष्पं कुरु स्थिरतया विरतानुबन्धम् ।
अस्मिन्नलक्षितनतोन्नतभूमिभागे मार्गे पदानि खलु ते विषमी भवन्ति ।
अभि० ४।१५

यी त आखाँबाट आसू खस्नुका विविधता भए ।

पीरले दुब्लाउनु----कालिदासका पात्रहरू मध्ये प्रायः सबका सबै दुब्लाउँदा तिनका हातका बालाहरू खसिरहन्छन् । नायक नायिकाहरूलाई पटकै पिच्छे त्यसलाई माथि सार्नु पर्दछ । यस्तै क्रममा औलामा खुकुलो भएको शकुन्तलाको औंठी त शचीतीर्थमा खस्छ पनि । प्रस्तुत छन् औठी र बाला खस्नुका यी पुनरुक्तिहरू---

(१) हस्तभ्रंशिनो मृणालवलयस्य कृते प्रतिनिवृता ।

(२) हस्ताद् भ्रष्टमिदं विसाभरणमित्यासज्जमानेक्षणो
निर्गन्तुं सहसा न वेतसगृहादीशोऽस्मि शून्यादपि ।। अभि० ३।२३

(३) अनतिलुलितज्याघाताङ्कं मुहुर्मणिबन्धनात्
कनकवलयं स्रस्तं स्रस्तं मया प्रतिसार्यते । अभि० ३।१०

(४) प्रत्यादिष्टविशेषमण्डनविधिर्वामप्रकोष्ठेश्लथं
बिभ्रत्काञ्चनमेकमेव वलयं श्वासोपरक्ताधरः । अभि० ६।६

(५) दिव्येन शून्यं वलयेनबाहुमुपोढ नेपथ्यविधिर्ददर्श । रघु० १६।७३

(६) शचीतीर्थे सलिलं वन्दमानायाः प्रभ्रष्टमङ्गुलीयकम् । अभि० ५
तस्मिन्नद्रौ कतिचिदबलाविप्रयुक्तः स कामी
नीत्वा मासान् कनकवलयभ्रंशरिक्तप्रकोष्ठः ।। मेघ० १।२

अनिद्रा—कालिदासीय वाङ्मयका प्रेमी-प्रेमिकाहरू वियोगमा अत्यधिक आर्तिएका हुन्छन् । इनका दिनहरू त कथंचित् बाहिरी वातावरणमा अल्मलिदा विती पनि हाल्छन् । रात बिताउनु भने साह्रै गाह्रो कुरा भएको छ, इनी हरूलाई । कसरी हाल्नु यी पोल्ने रातहरू ? पिरोल्ने यामिनीहरू ? प्रस्तुत छन् यस भावका पुनरुक्ति—

(१) कार्यान्तरितोत्कण्ठं दिनं मया नीतमनतिकृच्छ्रेण
अविनोददीर्घयामा कथं नु ? रात्रिर्गमयितव्या ॥ वि० ३।४

(२) एषापि प्रियेण विना गमयति रजनीं विषाददीर्घतराम् ॥ अभि० ४।१६

(३) तव कुसुमशरत्वं शीतरश्मित्वमिन्दो-
र्द्वयमिदमयथार्थं दृश्यते मद्विधेषु
विसृजति हिमगर्भैरग्निमिन्दुर्मयूखै
स्त्वमपि कुसुमबाणान् बज्रसारीकरोषि ॥ अभि० ३।३

(४) पत्युर्वियोगविषदग्धशरक्षतानां
चन्द्रो दहत्यतितरां तनुमङ्गनानाम् ॥ ऋतु० ३।३

(५) सव्यापारामहनि न तथा पीडयेन्मद्वियोगः
शङ्के रात्रौ गुरुतरशुचं निर्विनोदां सखीं ते
यत्सन्देशैः सुखयितुमलं पश्य साध्वीं निशीथे
तामुन्निद्रामवनिशयनां सौधवातायनस्थः ॥ मेघ० २।२५

(६) नीता रात्रिः क्षण इव मया सार्धमिच्छारतैर्या
तामेवोष्णैर्विरहमहतीमश्रुभिर्यापयन्तीम् ॥ मेघ० २।२५

(७) अनुपगतमनोरथस्य पूर्वं शतगुणितेव गता मम त्रियामा
यदि तु तव समागमे तथैव प्रसरति सुभ्रु ! ततः कृती भवेयम् । वि० ३।२२

प्रियातोषण—यस्ता प्रेमी प्रेमिकाहरूका चित्रणले कालिदासीय वाङ्मय सिगारिएको छ । सबै नायिकाहरू यहाका दिव्य वा दिव्यादिव्य योनिका छन् त्यसैले त इनका अलौकिक रूपसौन्दर्यमा लट्ठिएका नायकहरूले आफूलाई दासको रूपमा ठान्न पनि कत्ति संकोच मान्दैनन् । प्रस्तुत छन्, कालिदासीय साहित्यबाट उद्धृत यस भावका पुनरुक्त स्थलहरू—

(१) अद्यप्रभृत्यनवताङ्गि ! तवास्मि दासः । कुमा० ५।८६

(२) अलमावेगेन । नन्वयमाराधयिता जनस्तव समीपे वर्तते—
किं शीकरैः क्लमविमर्दिभिरार्द्रवातं संचारयामि नलिनीदलतालवृन्तम्
अङ्के निधाय करभोरु ! यथा सुखं ते संवाहयामि चरणावुत पद्मताम्रौ ।
अभि० ३।१८

(३) प्रसादमाकाङ्क्षति यस्तवोत्सुकः स किं त्वया दासजनः प्रसाद्यते । वि०३।१३

(४) अपराधी नामाहं प्रसीद रम्भोरु ! विरम संरम्भात्
सेव्यो जनश्च कुपितः कथन्न दासो निरपराधः। वि० २।२०

(५) आर्द्रालक्तकमस्याश्चरणं मुखमारुतेन शोषयितुम्
प्रतिपन्नः प्रथमतरः सम्प्रति सेवावकाशो मे। माल० ४३

सार्वभौम राजाहरूले समेत दास जस्ता भएर सेवा गरिने कालिदास वाङ्मयका नायिकाहरू साच्चै नै अलौकिक सौन्दर्यशालिनी छन्। इनको निर्माण विधाताले सिर्जनाका विशेष उपकरणहरू द्वारा गरेका छन्। लम्बरी सुन जस्ता यी कालिदासीय वाङ्मयका नायिकाहरू सबै ब्रह्माका स्वयंका रचना हुन्। उनका आफ्नै कलात्मक हातले इनको निर्माण भएको छ। जस्तै—

(१) सा यत्र स्याद् युवतिविषये सृष्टिराद्यैव धातुः। मेघ० २१९

(२) अस्याः सर्गविधौ प्रजापतिरभूत्। मेघ० २।१९

(३) चित्ते निवेश्य परिकल्पितसत्त्वयोगा रूपोच्चयेन मनसा विधिना कृता नु।
स्त्रीरत्नसृष्टिरपरा प्रतिभाति सा मे धातुर्विभुत्वमनुचिन्त्य वपुश्च तस्याः।
अभि० २।१०

(४) सर्वोपमाद्रव्यसमुच्चयेन यथाप्रदेशं विनिवेशितेन
सा निर्मिता विश्वसृजा प्रयत्नादेकत्र सौंदर्यदिदृक्षयैव। कुमार० १।४२

(५) परिकल्पितो विधात्रा बाणः कामस्य विषदिग्धः। माल० २।१३

आव्याजसौन्दर्य—त्यसै हुनाले कालिदासीय साहित्यका सबै नायिकाहरू स्वतः राम्राछन्, अव्याजसुन्दरी छन्। दस पाथी पाउडर र चारमाना क्रीमे घस्नु पर्दैन इनीहरूलाई। लिपिस्टिक दलेर नीला ओठ राता पार्नु छैन इनीहरूलाई। सुनलाई पर्दैन खोल हाल्नु—

(१) शरकाण्डपाण्डुगण्डस्थलेयमाभाति परिमिताभरणा।
माधवपरिणतपत्रा कतिपयकुसुमेव कुन्दलता। माल० ३८

(२) अव्याजसुन्दरीं तां ललितविधानेन योजयता
परिकल्पितो विधात्रा बाणः कामस्य विषदिग्धः। माल० २।१३

(३) काममनुरूपमस्या वल्कलं न पुनरलङ्कारश्रियं पुष्यति—

(४) सरसिजमनुविद्धं शैवलेनापि रम्यं मलिनमपि हिमांशोर्लक्ष्म लक्ष्मीं तनोति।
इयमधिकमनोज्ञा वल्कलेनापि तन्वी किमिव हि मधुराणां मण्डनं नाकृतीनाम्
अभि० १।१८

(५) आभरणस्याभरणं प्रसाधनविधेः प्रसाधनविशेषः
उपमानस्यापि सखे प्रत्युपमानं वपुस्तस्याः। वि० २।३

पछिल्ला पद्यले त यी अव्याज सुन्दरीहरूलाई गहनाका पनि गहना बनाएको छ, उपमानका पनि उपमान।

आत्माभिव्यक्ति—कालिदास साहित्यका दिव्यादिव्यनायिकाहरू यति राम्रा भएर पनि शालीन छन्, सुशील छन्, उत्ताउला छैनन् । भिन्न भिन्न प्रिय मिलनको औत्सुक्य भए पनि शालीनतावश यसलाई उत्ताउलो र मापाको देखिने गरी अभिव्यक्ति हुन दिदैनन् । कुलबालाका झैं इनमा संयम छ, लज्जा छ र अनुशासितपन छ । त्यसै हुनाले आफ्नो औत्सुक्यलाई इनी विषयान्तरबाट प्रकट गर्न सिपालु देखिन्छन् । जस्तै–

क— अभिमुखे मयि संवृतमीक्षितं हसितमन्यनिमित्तकथोदयम् ।
विनयवारितवृत्तिरितस्तया न मदनो विवृतो न च संवृतः ।

ख—वाचं न मिश्रयति यद्यपि मद्वचोभिः कर्णंददात्यभिहितं मयि भाषमाणे
कामं न तिष्ठति मदाननसंमुखीनां भूयिष्ठमन्यविषया न तु दृष्टिरस्याः ।
अभि० १।३७

ग— कामंप्रिया न सुलभा मनस्तु तद्भावदर्शनाश्वासि ।
अकृतार्थेऽपि मनसिजे रतिमुभयप्रार्थना कुरुते । अभि० २

घ— हस्तं कम्पयते रुणद्धि रसना व्यापारलोलाङ्गुलि
स्वौ हस्तौ नयति स्तनावरणतामालिङ्ग्यमाना बलात्
पातुं पक्ष्मलनेत्रमुन्नमयतः साचीकरोत्याननं
व्याजेनाप्यभिलाषपूरणसुखं निर्वर्तयत्येव मे । माल० ४।१५

ङ— एवं वादिनि देवर्षौ पार्श्वे पितुरधोमुखी
लीलाकमलपत्राणि गणयामास पार्वती । कुमा० ६।८४

च— सा यूनि तस्मिन्नभिलाषबन्धं शशाक शालीनतया न वक्तुम्
रोमाञ्चलक्ष्येण स गात्रयष्टिं भित्वा निराक्रामदरालकेश्याः । रघु० ६।७१

कालिदासका नायकहरूका यस्ता छन् नायिकाहरू ।

चिरन्तन प्रेम—हुन त प्रेम अन्धोहुन्छ । यसले उचित अनुचितको विवेक गर्न सक्तैन भन्दछन् । तर कालिदासका नायकहरूले प्रेम विवाहलाई क्षत्रियोचित विधिको रूपमा स्वीकार गरेका छन् र जन्म-जन्मान्तर संग अटूट रहने दृष्टिले । इनले गरेको प्रेम अथवा इनका हृदयमा जागृत आकर्षण कुपात्रमा वा कुठाउमा परेको हुदैन । स्वयं इनका पवित्र मन यसका साक्षी छन् जस्तै—

क— अशंसयं क्षत्रपरिग्रहक्षमा यदार्यमस्याभिलाषि मे मनः
सतां हि सन्देहपदेषु वस्तुषु प्रमाणमन्तः करणप्रवृत्तयः । अभि०

ख— रतिस्मरौ नूनमिवावभूतां राज्ञां सहस्रेषु तथा हि बाला
गतेयमात्मप्रतिपरूमेव मनो हि जन्मान्तरसङ्गतिज्ञम् । रघु० ७।१५

ग— अथावमानेन पितुः प्रयुक्ता दक्षस्य कन्या भवपूर्वपत्नी
सती सतीयोगविसृष्टदेहा तां जन्मने शैलवधूं प्रपेदे । कुमा०

घ–रम्याणि वीक्ष्य मधुराणि निशम्य शब्दान् पर्युत्सुकी भवति यत्सुखितोऽपि जन्तुः
तच्चेतसा भवति नूनमबोधपूर्वं भावस्थिराणि जननान्तरसौहृदानि ।

शाकु० ५।२

कालिदास साहित्यका नायिकाहरूको निर्माण अलौकिक रूपराशि बाट भएको कुरा माथि औंल्याइयो। यतिमात्र होइन, इनका निर्माणमा स्वयं ब्रह्मा आफैं अघि सर्नु परेको कुरा पनि उल्लेख गरियो । त्यसै हुनाले कालिदासीय साहित्यका नायिकाहरूको तुलना अरु कुनै संग हुन सक्तैन । यी सबै उपमानका पनि प्रत्युपमानछन् । जस्तै––

क–– नागेन्द्रहस्तास्त्वचि कर्कशत्वादेकांतशैत्यात् कदलीविशेषाः
लब्ध्वापि लोके परिणाहि रूपं जातास्तदूर्वोरुपमानबाह्याः । कुमा० १।३६

ख–– श्यामाश्वङ्गं चकितहरिणीप्रेक्षणे दृष्टिपातं
वक्त्रच्छायां शशिनि शिखिनां वीचिषु भ्रूविभागान्
उत्पत्स्यामि प्रतनुषु नदी बर्हभारेषु केशान्
हन्तैकस्मिन् क्वचिदपि न ते चण्डि ! सादृश्यमस्ति । मेघ० २।४१

ग—– आभरणस्याभरणं प्रसाधनविधेः प्रसाधनविशेषः ।
उपमानस्यापि सखेः प्रत्युपमानं वपुस्तस्याः । वि० २।३

संस्कृत साहित्यको कविपरम्परामा महाकवि कालिदास उपमाका कवि हुन्–उपमा कालिदासस्य । तर इनले आफ्ना कृतिहरूमा नायिकाहरूलाई निरुपमेय राखे, अनुपमेय राखे । यस कुरालाई महाकविका कृतिहरूमा पाइने उपर्युक्त पुनरुक्तिहरूले स्पष्ट पारे के छन् । अझै पनि यस बारे शाकुन्तलको यस पद्यलाई पनि न सम्झी भएको छैन—,

अनाघ्रातं पुष्पं किसलयमलूनं कररुहै रत्नाविद्धं रत्नं मधु नवमनास्वादितरसम्
अखण्डं पुण्यानां किमिव हि च तद्रूपमनघं न जाने भोक्तारं क इह समुपस्था
स्यति भुवि ।

उपमाका कविलाई अन्यत्र भने पाइलै पिच्छे उपमा भेटिन्छन् उपमाको प्रयोग पदे पदे गरेका छन् इनले । उपमा मध्ये पनि इनलाई दीपशिखाको उपमा राम्रो लाग्दछ यसको विषयमा प्रारम्भ मैं उल्लेख गरिए के छ ।

नायक नायिकाहरूको परस्पर माया प्रीति बस्छ । मायाप्रीति बस्दैमा के गर्नु ? लोक विधान पूरा भैसकेको हुदैन । टीका टालो बाकी नै रहन्छ । त्यसै हुनाले अनवरत सानिध्य पाउन सकिदैन । विवाह भैसके पछि पनि सधै मात्र संगै कहा भई रहन्छ र ? संयोग-वियोगको धाम-छाया सधैं हुन्छ। अतः प्रेमी प्रेमिका वा पति पत्नी दुवै स्थितिमा हुने क्षणिक वियोगमा कालिदासका नायक-नायिका पत्र लेख्छन्, चिठी पठाउँछन्––

क––उर्वशी :—तत्प्रभावनिर्मितेन भूर्जपत्रेण लेखं सम्पाद्य अन्तराक्षेप्तुमिच्छमि
[उर्वशी नाट्येन ससम्भ्रममभिलिख्यान्तरा क्षिपति ।]

विदूषक :----ननु अदृष्टया उर्वश्या भवतः परिदेवितं श्रुत्वा समानानुरागसूचकानि अक्षराणि विसृष्टानि स्युः । वि० ११ प०

ख----शकुन्तला :----''हला ! चिन्तितं मे गीतवस्तु न, सन्निहितानि पुनर्लेखसाधनानि ।

प्रियम्वदा----''ननु एतस्मिन् शुकोदरसुकुमारे नलिनीपत्रे पत्रच्छेदभक्तया नखैर्निक्षिप्तवर्णं कुरु'''।

''''''देवतापदेशेन सुमनो गोपितं कृत्वा तस्य हस्तं प्रापयिष्यामि ।

चित्रलेखन तथा दर्शन

क—''मत्सादृश्यं विरहतनु वा भावगम्यं लिखन्ती । मेघ० २।२२

ख—''त्वामालिख्य प्रणयकुपितां धातुरागैः शिलायाम्
आत्मानं ते चरणपतितं यावदिच्छामि कर्तुम् । मेघ० २।४२

ग----''न च सुवदनामालेख्येपि प्रियामसमाप्यताम् : वि० ६।१०

घ----विदूषक :----''तर्कयामि ? यैषा शिथिल केशबन्धनेनोद्वान्त कुसुमेन, उद्भिन्न स्वेदबिन्दुना वदनेन, विशेषतोपसृताभ्यां बाहुभ्यांम्, अवसेकस्निग्धतरुणपल्लवस्य चूतपादपस्य पार्श्वे ईषत् परिश्रान्तेव आलिखिता शकुन्तला ।

राजा----निपुणो भवान् । अभि०

ङ—सादृश्य प्रतिकृतिदर्शनैः प्रियायाः स्वप्नेषु क्षणिकसमागमोत्सवैश्च ।
रघु० ८।९२

पुत्रप्राप्ति—कालिदासका नायकहरू विवाह गर्दथे । विवाहको मुख्य उद्देश्य हुन्थ्यो—सन्तानप्राप्ति, पुत्रप्राप्ति । प्रजायै गृहमेधिनाम् । प्रस्तुत छन् कालिदासीय काव्यमा देखा परेका पुत्रप्राप्तिका पुनरुक्तिहरू----

कुमारसम्भवको मुख्य उद्देश्य पुत्रोत्पत्ति हो । शिवकुमारको आवश्यकता थियो देवताहरूका लागि । दिलीपलाई रघुवंशमा रघु चहिएको थियो यसै गरी । शकुन्तलालाई दौष्यन्ति भरत र पुरुरवा उर्वशीलाई चाहिएको थियो कुमार आयु । कालिदास साहित्यमा यत्र तत्र पुत्र प्राप्तिका आशीर्वादका प्रसंग पाइन्छन् । इनका सम्पन्न तथा दिव्यादिव्य नायकहरूमा कुनै किसिमको असम्पन्नता वा केहि कमी देखिन्छ भने त्यो हो पुत्र प्राप्ति । संतानकाम नायक र नायिकाहरूको यस इच्छालाई आशीर्वाद द्वारा पूरा गरिदिइएको छ । समस्त कालिदासीय साहित्यमा यसैको पुनरुक्ति छ, यहि छ बीजरूपमा----

(क) पेलव :–'''महेन्द्रेण पुनः प्रेक्षणावसाने लज्जावतमुखी सा एवं भणिता----यस्मिस्त्वं बद्धभावासि । तस्य मे रणसहायस्य राजर्षेः प्रियमत्र करणीयम् । तत् तावत् त्वं यथाकामं पुरुरवसमुपतिष्ठस्व यावत् स त्वयि दृष्टसंतानो भवेत् ।

ख—परिव्राजिका :----भर्त्रासि वीरपत्नीनां श्लाघ्यानां स्थापिता धुरि
वीरसूरिति शब्दोऽयं तनयात् त्वामुपस्थितः ।

धारिणी :----भगवति परितुष्टास्मि यत् पितरमनुजातो मे वत्सकः । माल० ५।१६

ग—काश्यप :--वत्से ! श्रूयताम्

भूत्वा चिराय चतुरन्तमही सपत्नी दौष्यन्तिमप्रतिरथं तनयं प्रसूय ।
भर्त्रा तदर्पितकुटुम्बभरेण सार्धं शान्ते करिष्यसि पदं पुनराश्रमेऽस्मिन् ।
अभि० ४।२०

घ—मारीच :--आखण्डलसमो भर्ता जयन्तप्रतिमः सुतः ।
आशीरन्या न ते योग्या पौलोमीसदृशी भव ।

ङ—अत आहर्तुमिच्छामिपार्वतीमात्मजन्मने ।
उत्पत्तये हविर्भोक्तुर्यजमान इवारणिम्
तामस्मदर्थे युष्माभिर्याचिताव्यो हिमालयः
विक्रियायै न कल्पन्ते सम्बन्धाः सदनुष्ठिताः । कुमा० ६।२८,२९

च----ततः समानीय समानितार्थी हस्तौ स्वहस्तार्जितवीरशब्दः
वंशस्य कर्तारमनन्तकीर्तिं सुदक्षिणायां तनयं ययाचे ॥ रघु० २।६४

छ---- आशास्यमन्यत् पुनरुक्तभूतम्
श्रेयांसि सर्वाण्यधिजग्मुषस्ते
पुत्रं लभस्वात्मगुणाऽनुरूपं
भवन्तमीड्यं भवतः पितेव ॥ रघु० ५।३४

परिशिष्ट

[क] कालिदासीय कृतिहरूका नेपाली अवतार—"मेघदूतम्"

संख्या	कृतिकार	कृति	विविध
१	कोमलनाथ शर्मा अधिकारी	मेघदूत	प्रकाशित, नेपाल-भारत मैत्री संघ काठमाण्डू
२	गुणराज उपाध्याय	मेघदूत	प्रकाशित
३	गोविन्द विमल[डोरकेश्वर]रामेछाप	मेघदूत पद्यानुवाद	अप्रकाशित
४	चक्रपाणि चालिसे	मेघदूतच्छाया	नेपाली भाषा प्रकाशिनी समिति नेपाल
५	तुलसीप्रसाद ढुङ्गाना	मेघदूत	प्रकाशित वि० सं० २००५ उद्योग कार्यालय ठहिटी नेपाल
६	पहलमान सिंह स्वाँर	,,	समश्लोकी
७	भरतराज मन्थलीय	,,	अप्रकाशित
८	माधव घिमिरे	,,	
९	रोहिणी वल्लभ शर्मा पोखरेल	अभिनव मेंघदूतम्	प्रकाशनोन्मुख
१०	रोहिणी वल्लभ शर्मा पोखरेल	पूर्वमेंघदूतम्	अप्रकाशित
११	लक्ष्मी प्रसाद देवकोटा	नेपाली मेंघदूत	,,
१२	लाटोसाथी	नया मेंघदूत	यसै पुस्तकमा आंशिक प्रकाशित
१३	शेषराज रेग्मी	मेंघदूतम् (व्याख्या मात्र)	प्रकाशित, चौखम्भा, वाराणसी
१४	श्रीप्रसाद उपाध्याय	छाया-मेंघदूत	प्रकाशित, वि० सं० २०२२

[ख] कालिदासीय कृतिहरूका नेपाली अवतार—"रघुवंशमहाकाव्यम्"

संख्या	रूपान्तरकार/सम्पादक	कृति	विविध
१	कोमलनाथ शर्मा/सं० सोमनाथ सिग्द्याल	रघुवंश	प्रकाशित, नेपाल एकेडेमी वि० सं० २०१५
२	पहलमान सिंह स्वाँर	,,	पद्यानुवाद
३	मुक्तिनाथ तिमल्सिना	,,	गद्यानुवाद, नेपाली भाषा प्रकाशिनी समिति वि०सं० २००७ साल
४	रश्मिराज अर्जंय्यालय	,,	अप्रकाशित (टिप्पणी प्रथम र द्वितीय सर्ग मात्र)
५	शेषराज रेग्मी	,,	प्रकाशित (हिंन्दी गद्यानुवाद १३, १४ सर्गको मात्र)

[ग] कालिदासीय कृतिहरूका नेपाली अवतार—"कुमारसम्भवमहाकाव्यम्"

संख्या	कृतिकार	कृति	विविध
१	कोमलनाथ शर्मा	कुमारसम्भव	वि० सं० २०१५ नेपाल एकेडेमी, काठमाण्डू
२	भरतराज पन्त	तपस्विनी	समवृत्तात्मक रूपान्तरण, वि० सं० २०२५ (प्रकाशित)

[घ] कालिदासीय कृतिहरूका केहि नेपाली अवतार—"मालविकाग्निमित्रम्"

१	लाटोसाथीं	मालविका (उपन्यास)	२०३९ अप्रकाशित

[ङ] कालिदासीय कृतिहरूका केहि नेपाली अवतार—"विक्रमोर्वशीयम्"

१	केशर सम्शेर	विक्रमोर्वशीय (नाटक)	प्र०सं० १९८२ साल, भूपाल सम्शेर जबराको प्रेसबाट

[च] कालिदासीय कृतिहरूका केहि नेपाली अवतार—"अभिज्ञान शाकुन्तलम्"

संख्या	कृतिकार	कृति	विविध
१	कृष्णप्रसाद ढुङ्गाना	शकुन्तला (नाटक)	१९७४ ई० । बाबू माधव प्रसाद शर्मा वाराणसी–१
२	मा० खड्गमान मल्ल बी० ए०	अभिज्ञान शाकुन्तल ,,	वि० २००७ साल । नेपाली भाषा प्रकाशिनी समिति
३	डिल्लीराम तिमसिना	शकुन्तला (खण्डकाव्य)	अप्रकाशित वि० सं० २००३ साल
४	पहल्मान सिंह स्वाँर	अभिज्ञान शाकुन्तल ,,	जगदम्बा प्रकाशन २०१६ ।
५	माधव घिमिरे	शकुन्तला (गीति नाट्य)	कविता (२०३६) पुनः प्रवेशाङ्क, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान
६	मोतीराम भट्ट	शकुन्तला नाटक	अनुपलब्ध
७	लक्ष्मी प्रसाद देवकोटा	नेपाली शाकुन्तल (महाकाव्य)	प्रथम २००२ वि० सं०/ने०भा०प्र०स० द्वितीय २०१९ कार्तिक २१ गते ने०भा०प्र०स० काठमार्डौ
८	,, ,,	Shakuntala (अंग्रेजीमा शकुन्तला महाकाव्य)	अप्रकाशित
९	,, ,,	दुष्यन्त शकुन्तला भेट (खण्डकाव्य)	२०२४ साझा प्रकाशन
१०	,, ,,	Shakuntala & Priyamvada (शकुन्तला र प्रियम्वदा, अंग्रेजी कविता)	
११	लेखनाथ पौड्याल	अभिज्ञान शाकुन्तल (नाटक)	२०१५ रायल नेपाल एकेडेमी
१२	शम्भु प्रसाद ढुंगेल	शकुन्तलोपाख्यान	१९७०
१३	शम्भु प्रसाद ढुंगेल आशुकवि	शाकुन्तल नाटक वि० १९७३	गोर्खाली/२०२३ वि० जगदम्बा प्रकाशन सं० कमल दीक्षित
१४	शिवप्रताप संसेर थापा B.Sc.	शकुन्तला (उपन्यास)	
१५	हरिनारायण उपाध्याय	अभिज्ञान शाकुन्तल	अप्रकाशित
१६	हीराकुमार सिंह	माडर्न शकुन्तला	हास्य नाटिका (१९४२ ई० तिर) अप्रकाशित, मञ्चित

[क] कालिदासीय कृतिहरूका केहिं यूरोपेली अवतारहरू

संख्या	कृति	सम्पादक/अनुवादक	भाषा	वर्ष	विविध
१.	मेघदूतम्	सरविलियम जोन्स	अंग्रेजी	१८१३ ई०	
२.	,,	म्याक्समूलर	जर्मन	१८४७ ,,	
३.	,,	सी० स्केट्स	जर्मन	१८५९ ,,	
४.	,,	डा० विल्सन	अंग्रेजी	१८६७ ,,	
५.	,,	ए० एफ० स्टेन्जलर	ल्याटिन	१८७८ ,,	
६.	,,	जी० एफ० रूकर्ट	जर्मन	१८७९ ,,	
७.	,,	टी० क्लार्क		१८८२ ,,	
८.	,,	वोल्भोत्सकी	रसियन	१८९० ,,	
९.	,,	प्रो० रित्तूर	यूक्रेनी	१९२८ ,,	
१०.	,,	आर० एच० ए० पम्पिग्लेव	फ्रेञ्च	१९५५ ,,	
११.	,,	गिल्ड माइस्तर			
१२.	,,	हुल्स			
१३.	,,	सेमादन			

[ख] कालिदासीय कृतिहरूका केहि यूरोपेली अवतारहरू

१.	कुमारसम्भवम्	ए० एफ० स्टेन्जलर		१८२८ ई०
२.	,,	टी० एच० ग्रीफिथ	अंग्रेजी	१८७९ ,,
३.	,,	ओ० वाल्टर	जर्मन	१९१३ ,,
४.	,,	प्रो० रित्तूर	रसियन	

[ग] कालिदासीय कृतिहरूका केहि यूरोपेली अवतारहरू

संख्या	कृति	सम्पादक/अनुवादक	भाषा	वर्ष	विविध
१.	रघुवंशम्	ए० एफ० स्टेञ्जलर		१८३२ ई०	
२.	,,	जी० एच० रूकर्ट	जर्मन	१८३३ ,,	(अजविलाप)
३.	,,	एफ० एफ० वोन शाक		१८९० ,,	(अजविलाप)
४.	,,	वोल्मोत्सकी	रसियन	१८९० ,,	
५.	,,	ओ० वाल्टर	जर्मन	१९४४ ,,	(अजविलाप)

[घ] कालिदासीय कृतिहरूका केहि यूरोपेली अवतारहरू

संख्या	कृति	सम्पादक/अनुवादक	भाषा	वर्ष
१.	मालविकाग्निमित्रम्	विल्सन		१८२७ ई०
२.	,,	ए० वेबर	जर्मन	१८५६ ,,
३.	,,	वी० हेनरी	फ्रेञ्च	१८८९ ,,
४.	,,	सी० एच० टोनी		१८९१ ,,

[ङ] कालिदासीय कृतिहरूका केहि यूरोपेली अवतारहरू

संख्या	कृति	सम्पादक/अनुवादक	भाषा	वर्ष
१.	विक्रमोर्वशीयम्	डा० विल्सन	अंग्रेजी	१८२७ ई०
२.	,,	केविल		१८५१ ,,
३.	,,	आर० पिशेल		१८५७ ,,
४.	,,	फ्रीट्स		१८८० ,,

[च] कालिदासीय कृतिहरूका केहि यूरोपेली अवतारहरू

संख्या	कृति	सम्पादक/अनुवादक	भाषा	वर्ष	विविध
१.	अभिज्ञान शाकुन्तलम्	सर विलियम जोन्स	अंग्रेजी	१७८८ ई०	
२.	,,	जार्ज फॉस्टर	जर्मन	१७९१ ,,	
३.	,,	मोनियर विलियम्स			
४.	,,	डी० एच० रूकर्ट	जर्मन	१८७६ ,,	
५.	,,	एन० एम० क्यामजिन	रसियन	१८७२ ,,	
६.	,,	आर० पिशेल		१८७७ ,,	
७.	,,	ए० एल० शेजी	फ्रेञ्च		
८.	,,	सी० विनिस	चेक	१८७३ ,,	
९.	,,	एलेक्से पुत्याना		१८७९ ,,	
१०.	,,	ए० बाटलिक			
११.	,,	के० बालमाउण्ट	रसियन	१९५५ ,,	
१२.	,,	ए० डब्ल्यू० राइडर	अंग्रेजी		
१३.	,,	फ्रीटस		१८७६ ,,	
१४.	,,	वोल्भोत्सकी	रसियन	१८९० ,,	

परिशिष्ट

कैहि सन्दर्भ ग्रन्थ र पत्र-पत्रिकाहरू

संख्या	कृति	लेखक/सम्पादक/अनुवादक/प्रकाशक
	(अ) आधार ग्रन्थ	
१.	ऋतुसंहारम्	महाकवि कालिदास
२.	मेघदूतम्	,,
३.	कुमारसम्भवम्	,,
४.	रघुवंशम्	,,
५.	मालविकाग्निमित्रम्	,,
६.	विक्रमोर्वशीयम्	,,
७.	अभिज्ञानशाकुन्तलम्	,,
	(आ) संस्कृत अंग्रेजी र हिन्दी सन्दर्भ ग्रन्थ	
८.	अष्टाध्यायीसूत्र पाठः	पाणिनि
९.	अथर्वप्रातिशाख्य	
१०.	अमर कोशः	अमरसिंह
११.	इण्डिया इन कालिदास	बी० एस० उपाध्याय
१२.	ऋक् प्रातिशाख्य	बनारस संस्करण
१३.	एन्सेन्ट ज्योग्राफी	कनिंघम
१४.	एन्सेन्ट इण्डिया	राप्सन
१५.	कादम्बरी	बाणभट्ट
१६.	कामसूत्र	वात्स्यायन
१७.	कालिदास	अरविन्द
१८.	कालिदास	जयकृष्ण चौधरी
१९.	कालिदास	राजबली पाण्डेय
२०.	कालिदास	वासुदेव विष्णु मिराशी
२१.	कालिदास	के० एस० आर० एस० शास्त्री
२२.	कालिदास	हिल ब्राण्ड
२३.	कालिदास का भारत	भागवतशरण उपाध्याय

संख्या	कृति	लेखक/सम्पादक/अनुवादक/प्रकाशक
२४.	कालिदास और उसकी काव्यकला	वागीश्वर विद्यालङ्कार
२५.	कालिदास की कृतियों में भौगोलिक स्थलोंका प्रत्यभिज्ञान	डा० कैलाशनाथ द्विवेदी
२६.	कालिदासचे कुन्तलेश्वर दौत्य	वासुदेव विष्णु मिराशी
२७.	कालिदास ग्रन्थावली	डा० रेवा प्रसाद द्विवेदी
२८.	कालिदास ग्रन्थावली	पं० सीताराम चतुर्वेदी
२९.	कालिदास ग्रन्थावली [बंग लिपि]	पं० राजेन्द्रनाथ विद्याभूषण [बं० १३६०]
३०	कालिदास ए स्टडी	ए० सी० झाला
३१.	कालिदास और उनका युग	भागवतशरण उपाध्याय
३२.	कालिदास के रूपकोंका नाट्य शास्त्रीय विवेचन	डा० कुसुम भूरिया
३३.	काव्य मीमांसा	राजशेखर
३४.	काशिका	जयादित्य वामन
३५.	किन्नर देश में	राहुल साङ्कृत्यायन
३६.	कुन्दमाला	आचार्य दिङ्नाग
३७.	कुशलवोदयम्	छविलाल सूरि
३८.	केदार खण्ड	[स्कन्दपुराण अन्तर्गत]
३९.	कैलाश दर्शन	शिवनन्दन सहाय
४०.	ज्योग्राफिकल डाटा इन रघुवंश एण्ड दशकुमार चरित	माक कालिन्स
४१.	ज्योतिर्विदाभरण कालिदास	सीताराम शर्मा
४२.	द वर्थ प्लेस ऑफ कालिदास	लक्ष्मीधर कल्ला
४३.	द डेट ऑफ कालिदास	के० पी० चट्टोपाध्याय
४४.	धातुपाठः	पाणिनि
४५.	नलोदयकाव्यम्	कालिदास
४६.	नेपाल द वर्थ प्लेस आफ कालिदास	मुरलीधर भट्टराई
४७.	नाट्य शास्त्र	आचार्य भरत
४८.	पवनदूतम्	धोयी कवि [सं० चक्रवर्ती १९२६]
४९.	प्लवङ्गदूतम्	डा० वनेश्वर पाठक
५०.	पाणिनि कालीन भारतवर्ष	वासुदेव शरण अग्रवाल
५१.	पार्वतीखण्ड	

संख्या	कृति	लेखक/सम्पादक/अनुवादक/प्रकाशक
५२.	प्राचीन भारतीय वैयाकरणों के ध्वन्यात्मक विचारोंका विवेचनात्मक अध्ययन	डा० सिद्धेश्वर वर्मा
५३.	फाउस्ट	गेटे
५४.	बुद्धचरितम्	महाकवि अश्वघोष
५५.	मेघदूतविमर्श	रामदाहिन मिश्र
५६.	मेघदूतम् व्याख्या	शेषराज रेग्मी
५७.	रघुवंश विमर्श	आर० कृष्णमाचार्य
५८.	राजतरङ्गिणी	कल्हण
५९.	वाजसनेय प्रातिशाख्य	
६०.	विक्रम स्मृति ग्रन्थ	सूर्यनारायण व्यास
६१.	विश्वकवि कालिदास	सूर्यनारायण व्यास
६२.	शुक्लयजुर्वेद माध्यन्दिन संहिता	
६३.	श्रीमद् वाल्मीकि रामायण	
६४.	श्रीमद्भागवत महापुराण	
६५.	श्रुतबोधः	कालिदास
६६.	शृङ्गार तिलक	कालिदास
६७.	सम एन्शेन्ट सिटीज आफ इण्डिया	स्टुअर्ट पीगार्ट
६८.	संस्कृत साहित्यका इतिहास	बलदेव उपाध्याय
६९.	संस्कृत के ऐतिहासिक नाटक	
७०.	संस्कृत व्याकरण शास्त्रका इतिहास	युधिष्ठिर मीमांसक
७१.	सांख्य कारिका	ईश्वरकृष्ण
७२.	सिद्धान्त कौमुदी	भट्टोजिदीक्षित
७३.	सेक्रेट बुक आफ दी ईस्ट	म्याक्स मूलर
७४.	सौन्दरनन्दम्	महाकवि अश्वघोष
७५.	हरिवंश पुराण	व्यास
७६.	हिमवत्-खण्ड	
७७.	हिमालय दर्शन	कृष्णनारायण गोस्वामी
७८.	हिमालय परिचय	राहुल सांकृत्यायन
७९.	हिमालयन माउण्टेन	फ्रेजर
८०.	हिष्ट्री आफ संस्कृत पोइटिक्स	डा० एस० के० दे
८१.	हिष्ट्री आफ इण्डियन लिटरेचर	डा० विन्टरनित्स
८२.	हिष्ट्री आफ संस्कृत पोइटिक्स	म० म० पी० वी० काणे

संख्या	कृति	लेखक/सम्पादक/अनुवादक/प्रकाशक

(इ) नेपाली सन्दर्भ ग्रन्थ

८३.	अक्षर माला	शिखरनाथ सुवेदी
८४.	अभिज्ञान शाकुन्तल	खड्गमान मल्ल बी० ए०
८५.	अभिज्ञान शाकुन्तल	पहलमान सिंह स्वाँर
८६.	अभिगान शाकुन्तल	लेखनाथ पौड्याल
८७.	आधुनिक नेपाली साहित्यको झलक	रत्नध्वज जोशी
८८.	ऋतु मञ्जरी	पं० टीकाराम शर्मा मरासिनी
८९.	ऋतु विचार	लेखनाथ
९०.	ऋतु विचार र लेखनाथ	रत्नध्वज जोशी
९१.	कालो अक्षर	कमल दीक्षित
९२.	कुमारसम्भव महाकाव्य	कोमलनाथ अधिकारी
९३.	गौरी	माधव घिमिरे
९४.	चहकदार मइन्टोल र पिलपिले लालटिन	पुष्कर लोहनी
९५.	तरुण तपसी	लेखनाथ पौडयाल
९६.	तरुण तपसी मीमांसा	चूडानाथ भट्टराय
९७.	देवकोटा	चूडामणि बन्धु
९८.	दुष्यन्त शकुन्तला भेट	लक्ष्मीप्रसाद देवकोटा
९९.	नेपाल बाहिर	हरिभक्त नवपानीय
१००.	नेपाली भाषाको बनोट	गोपाल निधि तिवारी
१०१.	,, भाषाको उत्पत्ति	चूडामणि बन्धु
१०२.	,, भाषाको उत्पत्ति र विकास	पारसमणि प्रधान
१०३.	,, साहित्यको इतिहास	ताना शर्मा
१०४.	,, साहित्यका केहि पृष्ठ	दयाराम श्रेष्ठ सम्भव
१०५.	,, कविताको प्रवृत्ति	रमेश श्रेष्ठ
१०६.	,, काव्य र कवि	राममणि रिसाल
१०७.	,, भाषा गोष्ठी २०३०	सं० चूडानाथ भट्टराय
१०८.	पन्ध्र तारा र नेपाली साहित्य	कृष्णप्रसाद पराजुली
१०९.	पाँच सय वर्ष	बालकृष्ण पोखरेल
११०.	पिकदूत	मोतीराम भट्ट
१११.	प्रियदर्शिका	मोतीराम भट्ट
११२.	बसि बियाँलो	डिल्लीराम तिमसिना

संख्या	कृति	लेखक/सम्पादक/अनुवादक/प्रकाशक
११३.	बाह्रमासा	पं० कवि शिखरनाथ शर्मा
११४.	बुईंगल	कमल दीक्षित
११५.	भोटकोसवाई लालवहादुर आउँमासी	बाबू माधवप्रसाद शर्मा
११६.	महाकवि कालिदासको जीवनी	राष्ट्रिय अभिलेखालय
११७.	मुना मदन	लक्ष्मीप्रसाद देवकोटा
११८.	मेघदूत	डि० श्री प्रसाद उपाध्याय
११९.	,,	गुणराज उपाध्याय
११०.	,,	तुलसीप्रसाद ढुङ्गाना
१२१.	मेघदूतच्छाया	चक्रपाणि चालिसे
१२२.	मेची देखि महाकाली	
१२३.	मोतीराम भट्ट	बालकृष्ण सम
१२४.	रघुवंशमहाकाव्य	कोमलनाथ शर्मा
१२५.	राजेश्वरी	माधव घिमिरे
१२६.	राष्ट्रभाषा	बालकृष्ण पोख्रेल
१२७.	लिच्छबि कालका अभिलेख	धनवज्र वज्राचार्य
१२८.	लेखनाथ पौडयालको कवित्वको विश्लेषण र मूल्यांकन	डा० वासुदेव त्रिपाठी
१२९.	विक्रमोर्वशी	केशर सम्सेर
१३०.	शकुन्तला	शिवप्रताप शम्सेर
१३१.	शकुन्तला	कृष्णप्रसाद ढुंगाना
१३२.	शाकुन्तल नाटक,	शम्भुप्रसाद ढुङ्गेल सं० कमल दीक्षित
१३३.	साहित्यकार पहलमान सिंहको पुनर्मूल्यांकन	डा० वासुदेव त्रिपाठी

(ई) केहि पत्र पत्रिकाहरू

संख्या	कृति	लेखक/सम्पादक/अनुवादक/प्रकाशक
१३४.	कविता	नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान नेपाल
१३५.	नेपाली	मदन पुरस्कार पुस्तकालय
१३६.	प्रज्ञा	नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान नेपाल
१३७.	पूर्णिमा	संशोधन मण्डल नेपाल
१३८.	मधुपर्क	गोरखापत्र संस्थान काठमाण्डौं नेपाल
१३९.	रूप रेखा, दुई सय	रूपायन प्रेस काठमाडौं
१४०.	वाङ्मय	नेपाली साहित्य संचयिका प्रका०, दार्जीलिङ
१४१.	सरस्वती सुषमा	सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय
१४२.	सागरिका	सागर विश्वविद्यालय

परिशिष्ट

सौजन्य र सहयोगका लागि कृतज्ञता ज्ञापन गर्नु पर्ने महानुभावहरू

नाम	ठेगाना
१. आचार्य शेषराज रेग्मी	दुर्गाघाट वाराणसी
३. श्रीमती आर्या आत्रेय	रश्मिनिलय, कपिलवस्तु नेपाल
२. डा० अरुण भारती	अक्कोर मायूरम् तमिलनाडु
४. डा० कमलेश दत्त त्रिपाठी	कालिदास अकादमी उज्जैन
५. श्री कमल दीक्षित	श्री दर्बारटोल ललितपुर नेपाल
६. श्रीमती कमलारत्नम्	संस्कृत नाट्य मञ्च एफ० १।५ हौजखास-एन्क्लेव, दिल्ली
७. डा० काशीराज सुवेदी	वि० ध० प्र० ने०स० नेपाली संस्कृत महा-विद्यालय वाराणसी
८. पं० कृष्णप्रसाद ढुङ्गाना	विधप्रनेस नेपाली संस्कृत महाविद्यालय वाराणसी
९. श्री गुमानसिंह चामलिङ	दार्जीलिङ
१०. पं० चिरञ्जीवी शर्मा अर्ज्याल	मभुंङ, रमाले, गुल्मी लुम्बिनी अञ्चल नेपाल
११. पं० टेकराज उपाध्याय शवाली	मानकोट, गुल्मी लुम्बिनी अञ्चल नेपाल
१२. डा० डिल्लीराम तिमसिना	भारतीय भाषा विभाग, काशी हिन्दू विश्व-विश्वविद्यालय वाराणसी
१३. प्रो० तोयनाथ पाण्डेय	अध्यक्ष संस्कृत अध्ययन संस्थान त्रिभुवन विश्वविद्यालय नेपाल
१४. प्रा० दीर्घराज घिमिरे	संस्कृत अध्ययन संस्थान त्रिभुवन विश्व-विद्यालय नेपाल
१५. पं० धनञ्जय मरासिनी	पाणिनितपोभूमि, खिदीम अर्घाखाँची नेपाल
१६. जनकवि केशरी धर्मराज थापा	पोखरा गण्डकी अञ्चल नेपाल
१७. नेपाली लालमोहरिया पण्डा	केदारनाथ मन्दिर उत्तर प्रदेश भारत
१७. परमेश अधिकारी	दुराडाँडा लमजुङ गण्डकी अञ्चल नेपाल
१८. पं० पुण्य प्रसाद अर्ज्याल	प्रधानाचार्य तौलेश्वरनाथ संस्कृत प्रधान-पाठशाला कपिलवस्तु नेपाल

नाम	ठेगाना
२१. श्री बद्रीचन्द्र खनाल	प्रज्ञा मुद्रण, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान कमलाद्री काठमाण्डू
२२. श्री बाबुराम शर्मा	लक्ष्मीडाँडा नुवाकोट् अर्घा खाँची लुम्बिनी अञ्चल नेपाल
२३. प्रा० भानुभक्त पोखरेल	मानविकी अध्ययन संस्थान त्रिभुवन विश्वविद्यालय
२४. लक्ष्मण प्रसाद वर्मा	कठौतिया शिवपुर वाराणसी
२५. डा० रेवा प्रसाद द्विवेदी	प्राच्य विद्या तथा धर्म विज्ञान संकाय काशी हिन्दू विश्वविद्यालय वाराणसी
२६. डा० वासुदेव त्रिपाठी	अध्यक्ष नेपाली विभाग त्रिभुवन विश्वविद्यालय नेपाल
२७. हरिराज शर्मा धिमिरे	भर्तापुर कपिलवस्तु नेपाल
२८. श्री विपिन देव ढुंगेल	विराट नगर नेपाल
२९. डा० हान	पश्चिम जर्मनी
३०. विष्णु प्रसाद अधिकारी	पुस्तकालयाध्यक्ष नेपाली पुस्तकालय दुधविनायक वाराणसी

परिशिष्ट

शीर्षकका लागि उद्धृत अंशका कालिदासीय पद्यहरू

अस्त्युत्तरस्यां दिशि देवतात्मा हिमालयोनाम नगाधिराजः ।
पूर्वापरौ तोयनिधी वगाह्य स्थितः पृथिव्या इव मानदण्डः ॥कुमार० १।१

तं सन्तः श्रोतुमर्हन्ति सदसद्व्यक्तिहेतवः ।
हेम्नः संलक्ष्यते ह्यग्नौ विशुद्धिः श्यामिकाऽपि वा ॥ रघु० १।१०

नायं देव्या भाजनत्वं न नेयः सत्काराणामीदृशानामशोकः ।
यः सावज्ञो माधवश्रीनियोगे पुष्पैः शंसत्यादरं त्वत्प्रयत्ने ॥ माल० ५।८

●

वक्रः पन्था यदपि भवतः प्रस्थितस्योत्तराशां
सौधोत्सङ्गप्रणयविमुखो मा स्म भूरुज्जयिन्याः
विद्युद्दामस्फुरितचकितैस्तत्र पौराङ्गनानां
लोलापाङ्गैर्यदि न रमसे लोचनैर्वञ्चितोऽसि ॥ मेघ० १।२७

[१]

किमप्यहिंस्यस्तव चेन्मतोऽहं यशः शरीरे भव मे दयालुः ।
एकान्तविध्वंसिषु मद्विधानां पिण्डेष्वनास्था खलु भौतिकेषु ॥ रघु० २।५७

[२]

आश्वास्य रामावरजः सतीं तां आख्यातवाल्मीकिनिकेतमार्गः ।
निघ्नस्य मे भर्तृनिदेशरौक्ष्यं देवि ! क्षमस्वेति बभूव नम्रः ॥ रघु० १४।५८

[३]

वागर्थाविव सम्पृक्तौ वागर्थप्रतिपत्तये ।
जगतः पितरौ वन्दे पार्वती परमेश्वरौ ॥ रघु० १।१

[४]

अस्तिकश्चित् वाग्विशेषः ? (भोजप्रबन्ध)

[५]

मूढं बुद्धमिवात्मानं हैमीभूतमिवायसम् ।
भूमेर्दिवमिवारूढं मन्ये भवदनुग्रहात् ॥ कुमार ६।५५

[६]

अनन्तरत्नप्रभवस्य यस्य हिमं न सौभाग्यविलोपि जातम् ।
एको हि दोषो गुणसन्निपाते निमज्जतीन्दोः किरणेष्विवाङ्कः ॥कु० १।३

[७]

श्मश्रुप्रवृद्धजनिताननविक्रियांश्च
प्लक्षान् प्ररोहजटिलानिव मन्त्रिवृद्धान् ।
अन्वग्रहीत् प्रणमतः शुभदृष्टिपातै
र्वार्तानुयोग मधुराक्षरया च वाचा ॥रघु० १३।७१

[८]

प्रणयिषु वा दाक्षिण्यादथवा सद्वस्तुपुरुषबहुमानात् ।
शृणुत जना अवधानात् क्रियामिमां कालिदासस्य ॥ विक्र० प्रस्ता० २

[९]

अथवा कृतवाग्द्वारे वंशेऽस्मिन् पूर्वसूरिभिः ।
मणौ वज्रसमुत्कीर्णे सूत्रस्येवास्ति मे गतिः ॥ रघु० १।४

[१०]

गुर्वर्थमर्थी श्रुतपारदृश्वा रघोः सकाशादनवाप्यकामम् ।
गतो वदान्यान्तरमित्ययं मे मा भूत्परीवादनवावतारः ॥ रघु० ५।२४

[११]

तस्याः किञ्चित् करधृतमिव प्राप्तवानीरशाखम्
नीत्वा नीलं सलिलवसनं मुक्तरोधोनितम्बम् ।
प्रस्थानं ते कथमपि सखे लम्बमानस्य भावि
ज्ञातास्वादो विवृतजघनां को विहातुं समर्थः ॥ मेघ० १।४१

[क]

द्रुमाः सपुष्पाः सलिलं सपद्मं स्त्रियः सकामाः पवनः सुगन्धिः ।
सुखाः प्रदोषाः दिवसाश्च रम्याः सर्वं प्रिये! चारुतरं वसन्ते ॥ऋतु० ६।२

[ख]

मार्गं तावच्छृणु कथयतस्त्वत्प्रयाणानुरूपं
सन्देशं मे तदनु जलद श्रोष्यसि श्रोत्रपेयम् ।
खिन्नः खिन्नः शिखरिषु पदं न्यस्य गन्तासि यत्र
क्षीणः क्षीणः परिलघु पयः स्रोतसां चोपभुज्य ॥ मेघ० १।१३

[ग]

(१) रघूणामन्वयं वक्ष्ये तनुवाग्विभवोपि सन्
तद्गुणैः कर्णमागत्य चापलाय प्रचोदितः ॥ रघु० १।९

(२) सन्तानकाकीर्णमहापथं तच्चीनांशुकैः कल्पितकेतुमालम् ।
भासोज्ज्वलत्काञ्चनतोरणानां स्थानान्तरस्वर्ग इवाबभासे ॥कु० ७।३

[घ]

देवानामिदमामनन्ति मुनयः शान्तं क्रतुं चाक्षुषं
रुद्रेणेदमुमाकृतव्यतिकरे स्वाङ्गे विभक्तं द्विधा
त्रैगुण्योद्भवमत्रलोकरचितं नानारसं दृश्यते
नाट्यं भिन्नरुचेर्जनस्य बहुधाऽप्येकं समाराधनम् ॥ माल० १।४

[ङ]

नीपान्वयः पार्थिव एष यज्वा गुणैर्यमाश्रित्य परस्परेण
सिद्धाश्रमं शान्तमिवेत्य सत्त्वैर्नैसर्गिकोऽप्युत्ससृजे विरोधः ॥ रघु० ६।४६

[१२]

आशास्यमन्यत् पुनरुक्तभूतम् श्रेयांसि सर्वाण्यधिजग्मुषस्ते ॥
पुत्रं लभस्वात्मगुणानुरूपं भवन्तमीड्यं भवतः पितेव ॥ रघु ५।३४

[१३]

परिशिष्ट

घटकर्परकाव्यम्

[महाकवि कालिदासको भनिने यो लघुकाव्य बाईस पद्यको छ । यसमा यमक श्लेष तथा रूपकादि अलङ्कारको प्राचुर्य छ । बम्बई संस्करण तथा काश्मीर संस्करण यसका प्रमुख संस्करण मानिएका छन् । अन्दाजी एक दर्जन टीकाहरू यसका गरिएका थाहा पाइएका छन् । प्रस्तुत काव्य तौलिहवा निवासी अमर भूम्यभिजन अर्ज्यालयोपनामा पं० देवराज उपाध्यायको हस्तलिखित प्रतिबाट प्रकाशित गरिदैं छ । आज भन्दा चालिस वर्ष पहिले वि० सं० १९९८ मा निजबाट प्रतिलिपि गरिएको यो काव्य बाँसका कागतमा लेखिएको छ । यो प्रतिलिपि काश्मीरी संस्करण सगै मिल्दो जुल्दो देखिन्छ ।]

छादिते दिनकरस्य भावने खाज्जले पतति शोकभावने ।
मन्मथे च हृदि हन्तुमुद्यते प्रोषितप्रमदयेदमुच्यते ॥ १ ॥

सर्वकालमतिवाह्य तोयदा, आगताः स्थ दयितो गतो यदा ।
निर्दयेन परदेशसेविना, मारयिष्यथ हि तेन मां विना ॥ २ ॥

ब्रूत तं पथिकपांसुलं घना, यूयमद्य पथि शीघ्रलङ्घनाः ।
अन्यदेशरतिरद्य मुच्यतां, साऽथवा तव वधूः किमुच्यताम् ॥ ३ ॥

हंसपंक्तिरपि नाथ ! सम्प्रति प्रस्थिता वियति मानसम्प्रति ।
चातकश्च तृषितोऽम्बुयाचते, दुःखिता पथिक! सा प्रिया च ते ॥ ४ ॥

नीलशष्पमभिभाति कोमलं, वारि विन्दति च चातकोऽमलम् ।
अम्बुदैः शिखिगणोपि नाद्यते, का रतिर्दयितया विनाऽद्यते ॥ ५ ॥

मेघशब्दमुदिताः कलापिनः, प्रोषिताहृदयशोकलापिनः ।
तोयदागमकृशा च साऽद्य ते, दुर्धरेण मदनेन साद्यते ॥ ६ ॥

किं क्षमापि तव नास्ति कान्तया, पाण्डुगण्डपतितालकान्तया ।
शोकसागरजले च पातितां, त्वद्गुणस्मरणमेव पाति ताम् ॥ ७ ॥

कुसुमितकुटजेषु काननेषु, प्रियरहितेषु समुत्सुकाननेषु ।
द्रवति च कलुषं जलं नदीनां किमिति च मां समवेक्षसे न दीनाम् ॥८॥

मार्गेषु मेघसलिलेन विनाशितेषु, कामो धनुः स्पृशति तेन विना शितेषु ।
गम्भीरमेघरसितव्यथिता कदाहं, जह्यां सखि ! प्रियवियोगजशोकदाहम् ॥ ९ ॥

सुसुमन्धितया वने जितानां स्वनदम्भोधरवातवीजितानाम् ।
मदनस्य कृते निकेतनानां प्रतिभान्त्यद्य वनानि केतनानाम् ॥ १० ॥
तत्साधु यत्त्वां सुतरुं ससर्ज प्रजापतिः कामनिवास सर्ज ।
त्वं मञ्जरीभिः प्रवरो वनानां नेत्रोत्सवश्चासि सयौवनानाम् ॥११॥
नवकदम्बशिरोऽवनतास्मि ते वसति वो मदनः कुसुमस्मिते ।
कुटज किं कुसुमैरवहस्यते प्रणिपतामि च दुष्प्रसहस्य ते ॥ १२ ॥
तरुवर विनतास्मि ते सदाहं हृदयं मे प्रकरोषि किं सदाहम् ।
तव पुष्पनिरीक्षितापदेहं विसृजेयं सहसैव नीपदेहम् ॥ १३ ॥
कुसुमैरुपशोभितां सितैर्घनमुक्ताम्बुलवप्रहासितैः ।
मधुनः समवेक्ष्य कालतां भ्रमरश्चुम्बति यूथिकालताम् ॥ १४ ॥
निचितं खमुपेत्य निरदैः प्रियहीनाहृदयावनीदवैः ।
सलिलैर्विहतं रजः क्षितौ रविचन्द्रावपि नोपलक्षितौ ॥ १५ ॥
हंसा नदन्मेघभयाद् द्रवन्ति निशामुखान्यद्य न चन्द्रवन्ति ।
नवाम्बुमत्ताः शिखिनो नवन्ति मे घागमे कुन्दसमानदन्ति ! ॥ १६ ।
मेघावृतं निशि न भाति नभो वितारं निद्राऽभ्युपैति च हरिं शुभसेवि तारम् ।
सेन्द्रायुधश्च जलदोऽद्य रसन्निभानां संरम्भमावहति भूधरसन्निभानाम् ॥१७॥
सतडिज्जलदार्पितं नगेषु नददम्भोधरभीतपन्नगेषु ।
परिधीररवं जलं दरीषु प्रपतत्यद्भुतरूपसुन्दरीषु ॥ १८ ॥
क्षिप्रं प्रसादयति सम्प्रति कोऽपितानि कान्तामुखानि रतिविग्रहकोपितानि ।
उत्कण्ठयन्ति पथिकान् जलदाः स्वनन्तः शोको विवर्धति च तद्वनितास्वनन्तः ॥१९॥
तासामृतुः सफल एव हि या दिनेषु सेन्द्रायुधाम्बुधरगर्जितदुर्दिनेषु ।
रत्युत्सवं प्रियतमैः सह मानयन्ति मेघागमं प्रियसखि श्वसमा नयन्ति ॥२०॥
एतन्निशम्य विरहानलपीडितायास्तस्या वचः खलु दयालुरपीडितायाः ।
स्वस्वारवेणुकथितं जलदैरमोघैः प्रत्याययौ स गृहमूनदिनैरमोघैः ॥२१॥
भावानुरक्तललनासुरतैः शपेयकालम्भ्यचाम्बुतृषितः करकोशपेयम् ।
जीयेय येन कविना यमकैः परेण तस्मै वहेयमुदकं घटकर्परेण ॥२२॥

इति श्री कालिदासकृतं घटकर्परकाव्यं समाप्तम् ।

इस्मामण्डलान्तर्गतामरभूम्य भिजनेनार्जय्यालयोपनाम्नः रश्मिराजसूरिणस्तनूजेन तौलिहवानिवासिना देवराजोपाध्यायेन १९९७ वैक्रमाब्दे लिखितमिदम् ।

शुभम्भूयात् सिद्धिरस्तु

परिशिष्ट

ज्योतिर्विदाभरणम्को बाइसौं अध्याय

[यो काशी हिन्दू विश्वविद्यालयको केन्द्रीय पुस्तकालयस्थ हस्तलिखित विभागको C. N. 2103 नम्बरको ग्रन्थबाट उतारिएको हो । यो नेपाली कागतमा लेखिएको छ । पूर्ण ग्रन्थ नागरी लिपिमा दुईशय छयालिस पत्रको छ । यहाँ पाण्डुलिपिका केहि पद तथा सन्धिगत त्रुटिहरूलाई यथा शक्य संशोधन गरी प्रस्तुत गर्ने प्रयास गरिएको छ । सन्धि गरिएका स्थलहरूको संकेत भने गरिएको छैन । यो पाण्डुलिपि कहिले कसले उतार गर्‍यो भन्ने कुरा थाहा हुन सकेन सम्भवतः यसको अन्तिम पत्र हराएको छ ।]

अथेह पर्व-व्रत-कालनिर्णयादनन्तरं ग्रन्थनिरूपणक्रमम् ।
ब्रुवे तथा विक्रममेदिनीविभोरतिप्रजानन्दकरस्य वर्णनम् ॥ १ ॥
मानान्त्ययोगधुभयुग्गुणरूपसंज्ञाः पञ्चाङ्गजाः करणरूपगुणावबोधः ।
वातायनभ्रमणगोचरसर्वभेदाः संस्कारकालनयशुद्धि[1]रि(री) षन्निषेकात् ॥२॥
षट्कर्म-बाहुज-विशामुपवीतकर्म विद्याजपव्रतविधेः समुपक्रमश्च ।
राजाभिषेकदवनाखिलराज्यसत्ता दिग्भेदवद्गमनतीतिरशेषनीतिः ॥ ३ ॥
अध्याययुग्ममुपयामविधानभेदं सर्वाम्बराभरणधारणमङ्गभाजाम् ।
दुर्गं चतुर्विधमनेकविभेदरूपं चानेकभेदगृहनिर्मितिरार्यरीत्या ॥ ४ ॥
गेहप्रवेशननयादिसुरप्रतिष्ठा वह्नेः परिग्रहविधिर्व (ब) हुमिश्रकर्म ।
वर्णक्रियाचरणधर्मनयोनुकिञ्चित् सत्कालनिर्णयविधिर्व्यवहारसिद्धय ॥ ५ ॥
अध्यायकर्मविनिरूपणरीतिरित्थमध्यापकेषु कृतमाकृतिसम्मितेषु ।
श्लोकै[2]श्चतुर्दशःशतैः सजिनैर्मयैव ज्योतिर्विदाभरणकाव्यविधानमेतत् ॥ ६ ॥
वर्षे श्रुतिस्मृतिविचारविवेकरम्ये श्रीभारते [3]ख-धृतिसम्मितदेशपीठे ।
मत्तोऽधुना कृतिरियं सतिमालवेन्द्रे श्रीविक्रमार्कनृपराजवरे समासीत् ॥ ७ ॥
शंकुः सुवाग्वररुचिर्मणिरंशुदत्तो जिष्णुस्त्रिलोचनहरी घटखर्पराख्यः ।
अन्येऽपि सन्ति कवयोऽमरसिंहपूर्वा यस्यैव विक्रमनृपस्य सभासदोऽमी ॥८॥

१—यहाँ ईषत् शब्दको 'ई' कारलाई ह्रस्व पारेर लेखिएको छ । दीर्घ राख्ता छन्दो-भङ्ग हुने स्थिति छ । अपि माषं मषं कुर्यात छन्दो भङ्गं न कारयेत् ।

२—चतुर्दश शतैः सजिनैः = १४२४

३—१८०

सत्यो वराहमिहिरश्श्रुतसेननामा श्री वादरायण मणित्थकुमारसिंहाः ।
श्री विक्रमार्कनृपसंसदि सन्ति चैते श्रीकालचक्रकवयस्त्वपरे मदाद्याः ॥ ९ ॥
धन्वन्तरिक्षपणकाऽमरसिंह शंकुर्वेतालभट्टघटखर्परकालिदासाः ।
ख्यातो वराहमिहिरो नृपतेः सभायां रत्नानि वै वररुचिर्नव विक्रमस्य ॥ १० ॥

अष्टौ यस्य शतानि मण्डलधराधीशाः सभायां सदा ।
स्युः संसत् परिणाहकोटिसुभटा (ः) सत्पाण्डिताः शोडष ॥
दैवज्ञा दश षणिमताश्च भिषजो भट्टास्तथा ढङ्गिनो (दण्डिनो)
वेदज्ञा रसचन्द्रमा विजयते श्रीविक्रमः सोऽधिभूः ॥११॥
यस्याष्टादश योजनानि कटके पादातिकोटित्रयं
[४]वाहानामयुतायुतञ्च [५]नवतेस्त्रिघ्नाकृतिर्ह स्तिनाम् ॥
नौका लक्षचतुष्टयं विजयिनो यस्य प्रयाणेऽभवत्
सोऽयं विक्रमभूपतिर्विजयते नान्यो धरित्रीतले ॥ १२ ॥
येनाऽस्मिन् वसुधातले शकगणान् सर्वादिशः संगरे
हत्वा पञ्चनवप्रमान् कलियुगे शाकप्रवृत्तिः कृता ।
श्री मद्विक्रमभूभुजा प्रतिदिनं मुक्ता-माणि-स्वर्ण-गो-
सप्तीभाद्यपवर्जनेन विहितो धर्मः सुवर्णाननः ॥१३॥
उद्दामद्रविडद्रुमैकपरशुर्लाटाटवी पावको
वल्गद् बंग भुजङ्गराजगरुडो गौडाब्धि कुम्भोद्भवो (वः) ॥
गर्जद्-गुर्ज्जरराजसिन्धुरहरिर्धारोपकारार्यमाः
काम्बोजाम्बुजचन्द्रमा विजयते श्रीविक्रमार्को नृपः ॥१४॥
येनाप्युग्रमहीधराग्रविषये दुर्गाण्यसह्याण्य (न्य) हो ?
नीत्वा यानि नतीकृतास्तदधिपाः दत्तानि तेषां पुनः ।
इन्द्राम्भोध्यमरद्रुम-स्मर-सुरक्ष्माभृद् गुणेनांजसा
श्रीमद्विक्रमभूभृताखिल[६] (खल) जनाम्भोजेन्दुना मण्डले ॥१५॥

यद् (तद्) राजधान्युज्जयिनी महापुरी सदा महाकालमहेशयोगिनी ।
समाश्रयिप्राण्यपवर्गदायिनी श्रीविक्रमार्कोऽवनिपो जयत्यपि ॥१६॥
यो रुम देशाधिपतिं शकेश्वरं जित्वा गृहीत्वोज्जयिनीं महाहवे ॥
आनीय सम्भ्राम्य मुमोच तन्त्वहो ? सविक्रमार्कः समसह्यविक्रमः ॥१७॥
तस्मिन् सदा विक्रममेदिनीशे विराजमाने समवन्तिकायाम् ॥
सर्वं प्रजामण्डलसौख्य सम्पद् व (ब) भूव सर्वत्र च वेदकर्म ॥१८॥

४—१०००००००० ५--२४३०००

६—चन्द्रातपले जलकमल ओइलाउछन् भन्ने रूढि छ ।

शङ्क्वादि पण्डितवराः कवयस्त्वनेके ज्योऍर्विदः समभवंश्च वराहपूर्वाः ।
श्रीविक्रमार्कनृपसंसदि मान्य वु(बु) द्धिस्तैरप्यहं नृपसखा(खः)किल कालिदासः॥१९
काव्यत्रयं सुमतिकृद् रघुवंशपूर्वं पूर्वं ततो ननु कियच्छ्रुतिकर्मवादः ।
ज्योतिर्विदाभरणकालविधान शास्त्रं श्री कालिदासकवितो हि ततो बभूव ॥ २० ॥

वर्षैः७ सिन्धुर-दर्शनाम्बर गुणैर्याते कलौ सम्मिते
मासे माधव-संज्ञि (ज्ञ) के च विहितो ग्रन्थक्रियोपक्रमः ।
नानाकालविधानशास्त्रगदितज्ञानं विलोक्यादरात्
ऊर्जे ग्रन्थसमाप्तिरत्र विहिता ज्योतिर्विदां प्रीतये ॥ २१ ॥

इति श्री कालिदासोदिते ज्योतिर्विदाभरणं नाम ग्रन्थे ग्रन्थाध्यायनिरूपणक्रमं नृपविक्रमवीरवर्णनं नाम द्वाविंशतमोऽध्यायः ।

समाप्तोऽयं ज्योतिर्विदाभरणं नामग्रन्थः ।

परिशिष्ट

राक्षसकाव्यम्

[कालिदास रचित राक्षस काव्य यहाँ प्रस्तुत गरिदैं छ। नैयायिक सार्वभौम श्री पद्म प्रसादोपाध्यायका शिष्य श्री नवकिशोर शास्त्रीको किशोरकेलि व्याख्या समेत वि० १९९५ मा यो काव्य प्रकाशित पनि भएको छ। यसको प्रारम्भमा टीकाकारले आफ्ना गुरु पद्म प्रसादको यसरी स्तुति गरेका छन्----

न्याय वैशेषिकाचार्यं ब्रह्मविद्यामहार्णवम्।
श्रीमत् पद्मप्रसादाख्यं सद्गुरुं पर्युपास्महे ॥]

कश्चिद्वनं बहुवनं विचरन्वयस्थो वश्यां वनात्मवदनां वनितां वनार्द्राम्।
तर्णयरिप्रदमुदीक्ष्य समुत्थितं खे ना गामिमां मदकलः सकलां बभाषे ॥ १ ॥

पश्याब्जदृग्गिरितटेषु कुमातृसाह्वान् भूदेवराजरिपुशत्रुसमावधूतान्।
वैश्वानरारिजरिपुघ्नशराभिभूतैर्दृक्श्रोत्रशत्रुभिरुपासितपुण्यशोभान् ॥ २ ॥

पश्याद्रिसारसदृशीभिरमूभिरद्भिराप्लावयत्यमरगुब्धरणीमहिघ्नः।
अब्दः सिताभिरसितः शबलं खगाभिर्वाजैः सितैरिव विभाति वनं प्रबुद्धैः ॥ ३ ॥

गोष्ठं धृतं सुघृतवद्भिरमीभिरग्र्यं गोभिः समुद्धरति यद् बहुधा हिमघ्नः।
तद्गव्यमम्बरगतं शिखिजात्मसंस्थं निस्यन्दमानमभिवर्धयतीह गोजान् ॥ ४ ॥

अब्रूत्पलाशनिभदृग्घनजात्मवक्त्रा वाचंस्वरेभनिभगा गजदोःसमोरूः।
सौरिध्वजप्रसवतुल्यविषाह्वदासौ त्रा सङ्गता प्रमुदिता प्रसमीक्ष्य वार्दम् ॥ ५ ॥

सूर्यांशुनामपतिरुन्नतदृक्षगामी वाङ्नामभिः परिवृतो विषनामदाभिः।
उस्राधरः प्रमुदितः प्रतिनानदीति गर्जन्तमीक्षणहितोच्चयतुल्यरूपम् ॥ ६ ॥

एनं पयोदपतिरुन्नमितं पयोदं स्वस्थं महीतलगतः प्रतिगर्जतीव।
भित्वावनिं वनरुहाक्षि ! शिरोरुहाभ्यां सम्प्रस्थितोऽमृतधरैरभिषिच्यमानः ॥ ७ ॥

स्रोतोजविक्षतजभूधरधातुरूपाः खस्थाः पयोजदलदृक्शुचिशुक्रमासे।
मासोर्नभस्यनभसोरतिसम्पतन्तस्तीव्रं विषं विषधराः परिनिर्वपन्ति ॥ ८ ॥

स्वयोनिभक्षध्वजसम्भवानां श्रुत्वा निनादं गिरिगह्वरस्थः।
तमोरिबिम्बप्रतिबिम्बधारी विरौति कान्ते पवनाशनाशः ॥ ९ ॥

गोष्ठश्च कुङ्कुमवपुः प्रतिराजतेऽसौ सप्त्यद्रिदैत्यभुजगोत्तमशत्रुगोपः।
उर्वीधराभमचिरोत्थितमम्बरं खे दृष्ट्वाहिहा प्रमुदितो हिमहाह्वयानः ॥१०॥

कृष्णोऽम्बरः क्षरति तोयमसावजस्रमन्याविमौ रणगताविव चेभराजौ ।
अन्ये त्वमी द्विरदवृन्दनिभाः क्षरन्तः प्रच्छादयन्त्यमरसिद्धविमानमार्गम् ॥११॥
वार्दाः खगाः क्षितिधरागमनप्रकाशा नेमीभरासभतुरङ्गमतुल्यघोषाः ।
वाय्वीरिताः खमवतत्य वनं क्षरन्तो वार्भिः क्षितिं घृतधराः परिनिर्वपन्ति ॥१२॥
एषोऽङ्घ्रिपाशनरिपुघ्नसुतारिसाह्वमारुह्य तिष्ठति सुगात्रि ! भुजङ्गमारिः ।
यस्य स्वनैः प्रमुदितस्य ममाद्य बाले तालध्वजावरजसूनुशराः पतन्ति ॥१३॥
उस्राविषं स्थलगतोऽस्ति विसृष्टवार्भ्यो वार्जो द्विजः स्वपितृभीरुविषप्रहीणः ।
वाताशनः खशयनः स्मरति स्थलस्य चक्षुःश्रवा वनभयात्सुरशत्रुनामा ॥१४॥
पक्ष्याश्वमेधतुरगप्रतिमोऽष्टवर्णा वार्दं न बह्वति समाह्वयते ह्यहिघ्नः ।
भेकस्तथैव खशयाशयवेद्यवाणिः शब्दं करोत्यतिभृशं विषराशिमग्नः ॥१५॥
ना विष्किरावनमुपेत्य कुमातृसाह्वमाक्रीडते मधुकलोऽङ्गनया समेतः ।
अन्यः स्वयं मणिवराभमुपेत्य गोजं ना रामया सह पयः पतिजां वृणीते ॥१६॥
सूत्रं महत्क्षतजवर्णनिभं नरोऽसौ बिभ्रत्यमूनि च भिनत्ति सरोरुहाणि ।
तज्जेन चापि रजसा वनितां वयस्थोऽप्यभ्युद्धरत्यवकिरत्यभिषिच्यमानः ॥१७॥
पङ्के निमग्नमिभवृन्दमदः सवारि गर्जत्तिमिक्षयदवृन्दमिवावभाति ।
वार्यात्मनामशतचित्रतनुः सुपर्णो योषिद्धृतः समदनः प्रतिरोरवीति ॥१८॥
विस्फोटिताम्बररवेण रिरंसुरेव सन्त्रासितो हरिरनोकहनिष्कुटीषु ।
संलीयते तडितमाभिमुखीं च दृष्ट्वा खं खान्महत्तरमसौ समनुप्रविष्टः ॥१९॥
एतावदुत्तमवचः सुमनाः स उक्त्वा रन्त्वा दिनं सह तया प्रियया ह्यदीनः ।
युक्तं चतुर्भिरनडुद्भिरदीनवद्भिरारुह्य यानमथ सम्प्रययौ स्वगेहम् ॥२०॥

०

मंजुलामेनकाद्यङ्गनामानिते भैरवैरष्टभिर्वेष्टिते देवि वामादिभिः शक्तिभिः सेविते धात्रिलक्ष्म्यादिशक्त्यष्टकैः संयुते मातृकामण्डलैर्मण्डिते ।
यक्षगन्धर्वसिद्धाङ्गनामण्डलैरर्चिते पंचबाणात्मिके ।
पञ्चबाणेन रत्या च सम्भाविते प्रीतिभाजा वसन्तेन चानन्दिते ।
भक्तिभाजां परं श्रेयसे कल्पसे योगिनां मानसे द्योतसे छंदसामोजसा भ्राजसे गीत विद्याविनोदातितृष्णेन कृष्णेन सम्पूज्यसे । भक्तिमच्चेतसा वेधसा स्तूयसे। विश्व-हृद्येन वाद्येन विद्याधरैर्गीयसे ।

॥ ४ ॥

श्रवणहरणदक्षिणक्वाणया वीणया किन्नरैर्गीयसे यक्षगंधर्वसिद्धाङ्गनामण्डलै-रर्च्यसे सर्वसौभाग्यवांछावतीभिर्वधूभिः सुराणां सामाराध्यसे । सर्वविद्याविशेषान्वितं चाटुगाथासमुच्चारणं कण्ठमूलोल्लासद्वर्णराजित्रयं कोमलश्यामलोदारपक्षद्वयं तुण्डशोभा-तिदूरीभवत्किंशुकं तं शुकं लालयन्ती परिक्रीडसे । पाणिपद्मद्वयेनाक्षमालामपि स्फाटिकीं ज्ञानसारात्मकं पुस्तकं चांकुशंपाशमाबिभ्रती येन संचिन्त्यसे तस्य वक्त्रांतराद्गद्यपद्या-त्मिका भारती निस्सरेत् ।
येन वा यावकाभाकृतिर्भाव्यसे तस्य वश्या भवन्ति स्त्रियः पुरुषाः ।
येन वा शातकुम्भद्युतिर्भाव्यसे सोऽपि लक्ष्मीसहस्रैः परिक्रीडते ।
किं न सिद्धयेद्वपुः श्यामलं कोमलं चन्द्रचूडान्वितं तावकं ध्यायत । :तस्य लीला-सरो वारिधिस्तस्य केलीवनं नन्दनम् तस्य भद्रासनं भूतलम् तस्य गीर्देवता किंकरी तस्य चाज्ञाकरी श्रीः स्वयम् ।
सर्वतीर्थात्मिके सर्वमंत्रात्मिके सर्वतंत्रात्मिके सर्वयंत्रात्मिके सर्वचक्रात्मिके सर्व शक्त्यात्मिके सर्वपीठात्मिके सर्वतत्त्वात्मिके सर्वविद्यात्मिके सर्वयोगात्मिके सर्वनादात्मिके सर्ववर्णात्मिके शर्वशब्दात्मिके सर्वविश्वात्मिके सर्वदीक्षात्मिके सर्वसर्वात्मिके सर्वगे हे जगन्मातृके पाहि मां पाहि मां पाहि माम् ।

देवि तुभ्यं नमो देवि तुभ्यं नमो देवि तुभ्यं नमः ।

॥ ५ ॥

इतिश्री महाकविकालिदासप्रणीतम् श्यामलादण्डकम् सम्पूर्णम् ।

परिशिष्ट

समुद्रगुप्तको प्रयाग स्तम्भलेख

प्राप्तिस्थान—इलाहाबाद उत्तरप्रदेश भारत

समय —ई० सं० ३५० तिर

भाषा —संस्कृत

लिपि —ब्राह्मी लिपि

रचना —हरिषेण

सौजन्य —भारतकला भवन, काशी हिन्दू विश्वविद्यालय वाराणसी

१. ···कुल्यैः (?)···स्वै·····ातस··········

२. (यस्य ?)··········(॥x) (१x)

३. ···मुं (?) व··········

४. (स्फु) रद्वं (?)······क्षः स्फुटोद्ध (ं) सित······प्रवितत······(॥x) (२x)

५. यस्य प्र (ज्ञानु) षङ्गोचित-सुख-मनसः शास्त्र-त (त्व) ार्थ-भर्तुः
— —स्तब्धो० — — ० नि ०००० —नोच्छ— –०– —(।x)

६. (सx) त्काव्य-श्री-विरोधान्बुध-गुणित-गुणाज्ञाहतानेव कृत्वा
(वि) द्वल्लोके (ऽx) वि (ना) (शिx) स्फुटबहु-कविता-कीर्त्ति-राज्यं भुनक्ति
(॥x) (३)

७. (आx) र्य्यो हीत्युपगुह्य भाव-पिशुनैरुत्कर्णितै रोमभिः
सभ्येषूच्छ्वसितेषु तुल्य-कुलज-म्लानाननोद्वीक्षि (त) ः (।x)

८. (स्ने)ह-व्यालुलितेन बाष्प-गुरुणा तत्त्वेक्षिणा चक्षुषा
यः पित्राभिहितो नि(रीक्ष्य) निखि(लांx) (पाह्येवx) (मुर्वी) मिति ॥४॥

९. (दृx) ष्ट्वा कर्माण्यनेकान्यमनुज-सदृशान्य (द्भु) तोद्भिन्न-हर्षा
भ (।x) वैरास्वादय (न्तःx) ००००००— —०— —० (केx)
चित् (।x)

१०. वीर्योत्तप्ताश्च केचिच्छरणमुपगता यस्य वृत्ते (ऽx) प्रणामे-
(ऽx) प्य (र्त्ति ?)- (ग्रस्तेषु ?) -– —० ० ० ० ० ०— —०
— —०— —(॥x) (५x)

११. संग्रामेषु स्व-भुज-विजिता नित्यमुच्चापकाराः
श्वः-श्वो मान-प्र०००० — —०— —०— —[।x]

१२. तोषोत्तुङ्गैः स्फुट-बहु-रसस्नेह-फुल्लैर्म्मनोभिः
पश्चात्तापं व ० ० ० ०— —० म [?] स्य [ा] द्वसन्त [म् ?] । ६ ।

१३. उद्वेलोदित-बाहु-वीर्य-रभसादेकेन येन क्षणा-
दुन्मूल्याच्युत नागसेन-ग०— — —०— —०—[x]

१४. दण्डैर्ग्राहतयैव कोतकुलजं पुष्पाह्वये क्रीडता
सूर्ये [?] नित्य [?]-०-० तट – – –०– –०– [।।x] ७x]

१५. धर्म्म-प्राचीर-बन्धः शशि-कर-शुचयः कीर्त्तयः स-प्रताना
वैदुष्यं तत्त्व-भेदि प्रशम००० कु—य—० मु [सु ?]—० तार्त्थम्

१६. [अद्ध्येयः] सूक्त-मार्ग्गः कवि-मति-विभवोत्सारणं चापि काव्यं
को नु स्याद्यो [ऽx] स्य न स्यादगुण-मति [वि] दुषां ध्यानपात्रं य एकः
[।।x] [८]

१७. तस्य विविध-समर-शतावतरण-दक्षस्य स्वभुज-बल-पराक्क्रमैकबन्धोः पराक्क्रमांकस्य
परशुशर-शङ्कु-शक्ति-प्रासासि-तोमर-

१८. भिन्दिपाल-न [ा] राच-वैतस्तिकाद्यनेक-प्रहरण-विरूढाकुल-व्रण-शताङ्क-शोभा-
समुदयोपचित-कान्ततर-वर्ष्मणः

१९. कौसलकमहेन्द्र-माह [ाx] कान्तारकव्याघ्रराज-कौरालकमण्टराज-पैष्टपुरक-
महेन्द्रगिरिकौट्टूरकस्वामिदत्तैरण्डपल्लकदमन-काञ्चेयकविष्णुगोपावमुक्तक

२०. नीलराज-वैङ्गेयकहस्तिवर्म्म-पालक्ककोग्रसेन-दैवराष्ट्रककुबेर-कौस्थलपुरक-धनञ्जय-
प्रभृतिसर्व्वदक्षिणापथराज-ग्रहण-मोक्षानुग्रह-जनित-प्रतापोन्मिश्र-महाभाग्यस्य

२१. रुद्रदेव-मतिल-नागदत्त-चन्द्रवर्म्म-गणपतिनाग-नागसेनाच्युत-नन्दि-बलवर्म्माद्यनेक-
कार्यावर्त्तराज-प्रसभोद्धरणोद्धृत-प्रभाव-महतः परिचारकीकृत-सर्व्वाटविक-राजस्य

२२. समतट-डवाक-कामरूप-नेपाल-कर्त्तृपुरादि-प्रत्यन्त-नृपतिभिर्म्मालवार्जुना-
यनयौधेय-माद्रकाभीर-प्रार्जुन-सनकानीक-काक-खरपरिकादिभिश्च सर्व्व-
कर दानाज्ञाकरण-प्रणामागमन-

२३. परितोषित-प्रचण्ड-शासनस्य अनेक-भ्रष्टराज्योत्सन्न-राजवंश-प्रतिष्ठापनो-
द्भूतनिखिल-भु [व] न-[विचरण-शा] न्त-यशसः दैवपुत्रषाहिषाहानुषाहि
शकमुरुण्डैः सैंहलकादिभिश्च

२४. सर्व्व-द्वीप-वासिभिरात्मनिवेदन-कन्योपायनदान-गरुत्मदङ्कस्वविषयभुक्तिशासन[या]
चनाद्युपाय-सेवा-कृत-बाहु-वीर्य-प्रसर-धरणि-बन्धस्य पृथिव्यामप्रतिरथस्य

२५. सुचरित-शतालङ्कृतानेक-गुण-गणोत्सिक्तिभिश्चरण-तल-प्रमृष्टान्य-नरपतिकीर्त्तेः

साद्धवसाधूदय-प्रलय-हेंतु-पुरुषस्याचिन्त्यस्य भक्तयवनति-मात्रमृदुहृदययस्यानु-
कम्पावतो [Sx] नेक-गो-शतसहस्र-प्रदायिन [ः]

२६. [कृप] ण-दीनानाथातुर-जनोद्धरण-संत्रदीक्षाभ्युपगतमनसः समिद्धस्य विग्रहवतो
लोकातु ग्रहस्य धनद-वरुणेन्द्रांतक-समस्त स्वभुज-बल-विजितानेक-नरपति-विभव-
प्रत्यर्प्पणानित्यव्यापृतायुक्तपुरुषस्य

२७. निशितविदग्धमति-गांधर्व्वललितैर्व्रीडित-त्रिदशपतिगुरु-तुम्बुरुनारदादिविद्वज्जनोप-
जीव्यानेक-काव्य-क्रियाभिः प्रतिष्ठित-कविराज-शब्दस्य सुचिर-स्तोतव्यानेकाद्भुतो-
दार-चरितस्य

२८. लोकसमय-क्रियानुविधान-मात्र-मानुषस्य लोक-धाम्नो देवस्य-महाराज-श्री-गुप्त-
प्रपौत्रस्य महाराज-श्री-घटोत्कच-पौत्रस्य महाराजाधिराज-श्री-चंद्रगुप्त-पुत्रस्य

२९. लिच्छवि-दौहित्रस्य महादेव्यां कुमारदेव्यामुत्पन्नस्य महाराधिराज-श्री-समुद्र-
गुप्तस्य सर्व्वपृथिवी-विजय-जनितोदय-व्याप्त-निखिलावनितलां कीर्त्तिमितस्त्रिदशपति-

३०. भवन-गमनावाप्त-ललित-सुख-विचरणामाचक्षाण इव भुवो बाहुरयमुच्छ्रितः स्तम्भः
[।x] यस्य ।
प्रदान-भुजविक्रम-प्रशमशास्त्रवाक्योदयै-
रुपर्य्युपरि-सञ्चयोच्छ्रितमनेकमार्ग्गं यशः [।x]

३१. पुनाति भुवनत्रयं पशुपतेर्ज्जटांतर्गुहा-
निरोध-परिमोक्ष शीघ्रमिव पाण्डु गाङ्गं [पयःx] [।।x] [९x]
एतच्च काव्यमेषामेव भट्टारकपादानां दासस्य समीप-परिसर्प्पणानुग्रहोन्मीलित-मतेः

३२. खाद्यटपाकिकस्य महादण्डनायक-ध्रुवभूति-पुत्रस्य सांधिविग्रहिक-कुमारामात्य-म
[हादण्डनायx] क-हरिषेणस्य सर्व्व-भूत-हित-सुखायास्तु ।

३३. अनुष्ठितं च परमभट्टारक-पादानुध्यातेन महादण्डनायक-तिलभट्टकेन ।

कृतिकारको परिचय

विष्णुराज आत्रेय

उपनाम —लाटोसाथी

जन्मतिथि —१०-१-१९४६ ई०

अध्ययन —व्याकरणाचार्य, एम० ए० नेपाली एवं राजनीति शास्त्र

व्यवसाय —अध्यापन

प्रकाशित कृति संस्कृतमा—

१. किमुपहरामि (अत्याधुनिक कविता संग्रहः)
२. सरला (सामाजिक उपन्यास)
३. व्यथाविधा (खण्डकाव्य)

नेपालीमा—

४. कपिलवस्तु (खण्डकाव्य)
५. ढाक्रे (खण्डकाव्य)
६. हामी भित्रका म (उपन्यास)
७. आऊ गाऔं एकसाथ (अनूदित कविता संग्रह)
८. हिमालयो नाम नगाधिराजः (नेपाली पृष्ठभूमिमा कालिदासविषयक अध्ययन)

तथा

पत्र-पत्रिकाहरूमा स्फुट रचना

शीघ्र प्रकाश्य—

(i) भू-भाषिकी (भाषा भौगोलिक अध्ययन)
(ii) अधुनातनाः कवयः
आधुनिक्यः कविताः (संस्कृत कविताको अन्तराष्ट्रिय पत्रिका)